# जनरव फिराद

# མི་མང་གི་འབོད་སྐུལ།

# JANARAV FIRAD

एन बी गिरी
**N B GIRI**

**अम्बर पब्लिकेशन हाउस**
**नयाँ दिल्ली**





एन बी गिरी

# भुटान

**“भुटानमा सकल राष्ट्रिय आनन्द छैन”**

**“जनता लखेट्ने शासकमा मानवता हुँदैन”**

**“भुटान, मानिसलाई चोट पुऱ्याउन बन्द गर”**




भुटानी शरणार्थीहरू स्वदेश फर्कन संयुक्त राष्ट्रसघंलाई न्याय माग्दै ।



टासीछोजोङ, थिम्पु भुटान



फुन्चोलिङ भुटान प्रवेशद्वार-भारत जयगाउँ

# सादर समर्पण

विश्वका विभिन्न देशका शासकहरूद्धारा शोषण र दमन गरी देश विहीन बनाईएका लाखौं मानिसहरू, तिनै शासकहरूका वैमनष्यता र शक्तिको हुङ्कारका कारण युद्धमा होमिएका देशहरू, बारूदको चपेटामा परेका दुवै तर्फका त्रसित र भयभित लाखौं शोकाकुल परिवारहरू र देश फर्कन न्याय मांग्दै जादाँ सहिद भएका विभिन्न देशका सबै नरनारीहरूप्रति सादर समर्पण ।

# जनरव फिराद

## “संसारका सबै देशका जनतालाई न्याय होस्”

## People's Democracy Vs King Top Democracy: Bhutan

“राजतन्त्र तानाशाहको अखाडा हो । यो अधिनायकवाद र सामन्ती सोचमा स्थापित राजनीतिक सिद्धान्त हो । यो एउटा व्यक्तिदेखि बढ्दै गएर यसले परिवार, जाति, समाज, देश र विश्वमा आफ्नो कुटनीतिक दाउपेच फैलाउने गर्दछ। त्यसैगरी भुटानको राजतन्त्र र राजाद्वारा स्थापित प्रजातन्त्र दुवै एकै हुन् । एउटा कुटनीतिक चाल हो र यो वाङ्चुक राजपरिवारको सुरक्षा कवच मात्र हो । भुटानी राजतन्त्र देशमा असल प्रतिफल ल्याउने र मानव-जगतलाई मनपर्ने अनुशासित सिद्धान्त होइन ।

मानिस धरतीमा भएको दिनदेखिनै अधिनायकवादीहरूको रूपरंग देखा परेको छ। विश्वका विभिन्न देशहरू लगायत नेपालमा राजतन्त्रको अवसान भएको छ तर, भुटानमा भने जिवित छ। विश्वका केही देशहरूमा राजतन्त्र र राजपरिवारका अवशेषहरू अझै छन् तर उनीहरूको शासकीय शक्तिहरू निष्क्रिय छन्। राजाको लागि विवेकशील वर्ग र परिवर्तनशील सोच-विचार चुनौति हुन्छ, यस्ताहरूलाई मासिदिन्छन् । जाति, धर्म र राष्ट्रियता उसको लागि देखावटी साधानहरू मात्र हुन् । राजाले जनताको छोरालाई आफ्नो छोरा भन्दा ज्ञानी विशिष्ट हैसियत भएको देख्न चाहदैंन । राजाको छोरा राजा नै हुन्छ चाहे नालायक पाखण्डी नै किन नहोस् । तर जनताको छोरा जतिसुकै धर्मशील, इमान्दार र योग्य भएपनि उसलाई राजा बनाईदैन । राजाले आफ्नै छोरालाई राजा बनाउँछ। यसको विपरीत संसदीय शासन प्रणाली वा राजाबिनाको देशमा साधारण जनताका छोरा-छोरीहरू सक्षम र राष्ट्रको सेवा गर्ने विशुद्ध आकाङ्क्षा भए राष्ट्रप्रमुख बन्न सक्छन् । त्यस्ता देशहरूमा वैज्ञानिक, शिक्षितवर्ग तथा प्रगतिशील विचारधाराहरूको मूल्याङ्कन हुन्छ । तर राजा भएको देशमा प्रगतिशील विचारधारा भएका मानिसहरूले निस्फिक्री जीवन जिउन पनि पाउँदैनन् ।”

**एन बी गिरी**

# जनरव फिराद

## एन बी गिरी

**प्रकाशक** : अम्बर पब्लिकेशन हाउस
२/१५ सेकेण्ड फ्लोर, अन्सारी रोड,
दरियागञ्ज, नयाँ दिल्ली
फोन : +९१-११-३५४४५०३२
इमेल : ambarpublicationhouse@gmail.com

**प्रकाशित मिति** : अप्रिल २०२४ (प्रथम)

**आवरण डिजाइन** : एस ग्राफिक्स, बागबजार, काठमाडौं
✆ ९७७ ९८४१४५६७९१


**सर्वाधिकार** : लेखकमा सुरक्षित

**ISBN** : 978-93-942-80-86-1

**सन्देसा** : यस पुस्तकको बिक्रीबाट प्राप्त आम्दानी विश्वमा निरङ्कुश शासकहरूद्वारा शोषित पीडित भई देशविहीन बनाईएका तथा न्यायबाट बञ्चित मानिसहरू र भुटानी शरणार्थीको मानव-अधिकार र न्यायको अभियानमा खर्च गरिनेछ ।

***Janarav Firad by N B Giri***

# जनरव फिरादः सङ्घर्षको घोषणापत्र



**नरेन्द्रजंग पिटर**
काठमाण्डौ, नेपाल

सभ्यताको विकाससँगै मान्छे घुमक्ड बन्दै गयो । समूहको रक्षा/शिकार जोहोका कारण समाज बन्दै गयो । अभिभावक अगुवा र मुखिया फेरिँदै गए। शिकार र मलिलो भूमिको खोजीमा मानवजाति घुमन्तेबाट सभ्य समाजमा फेरिँदा राष्ट्र, राज्य र देश बन्दै गए । मान्छे सबै प्रवासी हुन्, रैथाने कोही पनि छैनन् । कालखण्डको फरक मात्रै हो । कालान्तरमा शक्तिका उपासक र युद्धका कारण धरतीमा साँध लाग्दै गए र देश बन्दै गए । युद्धमा विजेता र पराजितहरू देवता/राक्षस, मालिक/दासमा फेरिँदैजाँदा प्रतिरोधीको हत्या सामान्य बन्दै गयो । शक्तिका द्वन्दमा सत्ताको भोकले **धरती टुक्राटुक्रा** हुँदैगए, हुँदैछन । जसले शक्तिको वर्चश्व स्वीकारेनन्, ती मानव **बागी** बने। मारिनु पऱ्यो । दास बन्नु पऱ्यो । जेलमा सड्नु पऱ्यो । शरणार्थी बनेर अन्यत्र भैतारिनु पऱ्यो । तर पनि बहुसंख्यकवादी शासकको प्रतिकारमा स्वाभिमानी आन्दोलन संसारभर चल्दै गए । मान्छेले सबै सह्यो तर हेपेको, चेपेको सहन वाध्य पारिएर द्वयम दर्जा स्वीकार्न भने ऊ तयार भएन । तव राष्ट्रियता र देशभक्तिका फरक अर्थ लाग्न थाले। स्वाभिमान मान्छेको त्यो अन्तरनिहित उर्जा हो जसले मान्छेलाई पशुबाट छुटयाउछ। तव  प्रस्तुत कृति प्रतिकारको घोषणा पत्र बन्यो **-जनरव फिराद** ।

बहुसंख्यकवादी शासन नस्लवादी बनेर क्रूर बन्छ । संस्कृतिको टेको लिँदै मनमोजी तरिकाले ओठे कानुनले शासन चलाँउछन् । सामान्यजनलाई ऊ चुप गराउन सक्छ तर मान्छेबाट स्वाभिमान खोस्न भने सक्दैन । हरेक उत्पीडितका मौनता भित्र सुनामी लुकेको हुन्छ । त्यही स्वाभिमानी ललकारे तुफानी पोको हो, प्रस्तुत पुस्तक -जनरव फिराद ।

केही अद्भुत सच्चा नायक, योद्धा, रक्षक निर्मल मन र ऊर्जावान मष्तिक मानिसहरूले आफ्ना मातृभूमिका निम्ति बलिदान दिए । उनीहरू मध्ये केही अहिले नागरिक बन्न देश विहीन मान्छे बनेर विश्वमा भौतारिरहेका छन् । हरेक वीरहरूका सुन्दर सपना हुन्छन्, स्वाभिमान हुन्छ र मातृभूमिका स्मृतिहरू हुन्छन् । जीवनको कठिन र अँध्यारो समयमा पनि आफ्नो उद्देश्यप्रति समर्पित हुने मानिसलाई इतिहासले माया गर्नेछ । त्यही हो - जनरव फिराद ।

**जनरव फिराद** - आक्रोस, सपना, स्वाभिमान, संवेदना र प्रेमकत्त मानवीय दायित्वको शैन्य अफिसरकृत दस्ताबेज हो । एउटा शैन्य अफिसरको देशभक्तिमा प्रश्न उठाउने नस्लवादी सत्ताविरोधको हुँकार हो, ललकार हो, चुनौति हो । सभ्य दुनियाँसामुको मानवीय चित्कार हो । सुविधाले स्वाभिमान शिकार गर्न सकिँदैन भन्ने मान्छेको उदघोष हो । नेपाल, भारत र विश्वका शासकहरूको भुटान सम्बन्धी अमानविय व्यवहारको दुनियासामु ऐना हो । देशविहीन नागिरकको रोदन नभै विश्वजनमतसँग फिराद हो । संसारका शरणार्थीसँगको पीडा र स्वभिमानी संघर्षसँग ऐक्यबद्धता हो । देशसहितको नागिरक हुँन पाउने अन्दोलनसँग सहकार्य जनाउने अपिल हो ।

के देश भूगोलमा कैद भएको नक्सा मात्रै हो ? हैन.. हैन देश, एउटा भूगोलमा सगेँटिएको नक्साको भूभागमात्रै हैन । आखिर देश के हो त ? ब्रह्माण्डमा असंख्य सौरमण्डल छन । त्यहाँका ग्रहमा जीवन पनि होलान् । सचेत प्राणी पनि होलान् । धरतीमा भविष्यका सन्तानले देख्न र संगत गर्न पनि सक्लान् । कल्पनामा रहेका एलियन वास्तविकतामा हुन पनि सक्लान् । विज्ञान र प्रविधिको विकाससंगै अन्तरिक्षमा पनि देश बन्न सक्ला ।

आखिर देश भनेको के हो त ? जमिनको टुक्रामा सीमित भूगोल र माटो मात्र हैन । जन्मभूमिको अर्थ र मर्म आखिर के हो ? जहाँ जल, जंगल र जमिन

मात्रै हुँदैन त्यससँग जोडिएर सिरसिरी बहेको हावाको संवेगात्मक वास्ना हुन्छ। बगेका नदीनालाका कलकलाहट, पहाड, मैदान, रूख, बिरुवा र चराचुरुङ्गीका चिरिबिरि-चिहाट, पशुपन्छीको रनबनको रमाइलो, आफ्नै भाषा बोल्ने छिमेकी, जिँउदामा जन्ती र मर्दाका मलामी हुन्छन। सुस्ताएको चौतारी, नाभी गाडिएको थलो, पुर्खाका चिहान, आफ्नै वर्ण र सोचका सँधियार, पर्व, त्यौहार, जात्रा, गीत र भजन। छहरा र पहराका गुन्जन संगीत बनेर सुनिन्छन। आफ्नै झ्याँउकिरीको अवाज सुरिलो गीत बन्छ। देउता, पुर्खा, कूलपुजा हुन्छन। नांगै खेलेको रमेको थलो र जोडिदार हुन्छन्। माटो र हावासँग पुर्खौली संवेदना र नाता जोडिएको हुन्छ। कथा, व्यथा र सपना गाँसिएका हुन्छन्। ती सबै एउटै ठेकीमा मत्था नौनी मौलिक संस्कृति बन्छ। हो, त्यही संवेदना जोडिएको माटो र भूभाग देश बन्छ, मातृभूमि बन्छ।

देशमा बाजे-बराजुका चिहानबाट आइरहेका स्वरले जीवनको अर्थ बुझ्न लल्कारिरहेको हुन्छ। प्रवासिँदा, देशबाट खेदिँदा, खुशी बेचेर सुख खोज्दा पनि भौतिक सुविधा सुसम्पन्न असन्तुष्ट मान्छे पितृभूमिमै चिहान खोज्छन। तव जन्मिन्छन् **-जनरव फिराद** कृति। अनि देशवासीका दुःखसँगै जोडिने स्वर्गीय रोङ्थाङ किन्ले दोजी, डा. भम्पा राई र किशोर राईहरू सुखको पर्याय बनेका देशमा शरणार्थीका बिल्ला बोकेर अन्यन्त्र भौंतारिन चाहँदैनन् र मुक्तिका सपना देख्दै बरु जीवनलीला समाप्त पार्छन।

बालापनमा खित्खिताएका स्वर, साथी संगीहरूसँगका हँस्सी, ठट्टा, तगडा झगडा, सवै याद आँउछ। बगेका पसिनाका गन्ध, आँसु र हाँसो कानमा गुन्जिन्छन्। मस्तिष्कमा झट्का हान्छ। बाँझो धरतीका चपरा पल्टाएर अन्न उमार्दै झुलेका बाला, लटरम्म फलेका फल, सोरठी भाकामा गुन्जेको भाकामा खेलिएका गीतका लयले डा. भम्पा राई र एन बी गिरीको दिउँसोको चैन र रातको निन्द्रामा  झस्काँउछ। त्यही स्वर सुनिन्छन्। सुगन्ध वास्ना आउँछ। शरणार्थीको बिल्लाले मन र मस्तिष्क चिथोर्न थाल्छ। तिमी को हौ ? भन्ने प्रश्नले जव झट्का दिन्छ तब, प्रतिकारका हुङ्कार बनेर जन्मिन्छन् एउटा सपनाको घोषणापत्र - **'जनरव फिराद'** बनेर।

अहिले विश्व भूगोललाई शक्ति र युद्धपिपासुहरूले मानवतालाई साँध लगाएर टुक्रा बनाउँदैछन्- देशहरू। त्यहाँ पाखण्डीहरू राष्ट्रवादका झण्डा

गाढ्छन । हित अनुसार नचल्नेलाई निस्कासन गरेर शरणार्थी बनाउँछन् । मानवता रित्तिएका पाखण्डीसंग के संवेदना जोडिएको हुन्छ ! उनीहरू आमालाई आईमाई मात्रै सोच्छन । उनीहरूलाई देश नक्सामा समेटिएको किन्न र बेच्न सक्ने एउटा भूगोल मात्रै लाग्छ । सभ्य दुनियाँमा मान्छेलाई शरणार्थी बनाउने लाइसेन्स शासक र शक्तिले कहाँबाट पाँउछन ? हो, त्यसैको अस्वीकार र प्रतिकारको घोषणापत्र हो- जनरव फिराद ।

**बसाइ सर्नु र शरणार्थी हुनु फरक विषय हुन् ।** बसाइ सर्नु सम्भावनाको खोजी हो भने जर्बजस्ती देशबाट निकालिनु शरणार्थी हुनु हो । स्वेच्छाले बसाइ सर्ने मानिसहरूको म यहाँ कुरा गरिरहेको छैन । सुखको खोजीमा बसाइ सर्नु मानवीय स्वभाव नै हो । तर उनीहरूसँग पनि विस्थापनको आत्मिक पीडा र स्थापनाको सङ्घर्षले इस्पातिलो बनाईरहेको भने हुन्छ । तन नयाँ ठाँउमा भए पनि मन भने जन्मथलोमै रहन्छ । शरणार्थीको  आत्मा भने जन्मभूमिसँगै जोडिएको हुन्छ । किन मान्छे शरणार्थीको तक्मा भिर्न बाध्य हुन्छ ? युद्ध शरणार्थी उत्पादन गर्ने कारखाना हो भने नस्लवाद अल्पमतको स्वाभिमान कुल्चने मनोभाव हो । क्रूर शासकले लखेटेका, स्वाभिमान रक्षा गर्न परदेशिएका, देश हडपिएका वेदना वा युद्धले लघारिएकाहरूले शरणार्थी बन्ने नियति भोग्नुपर्छ । अझ जनरव फिराद शरण लिएको देशका शासकवर्गले पनि नक्कली शरणार्थी बनाएर आफ्नै नागरिक बेच्ने संस्कृतिको तिरस्कार हो ।

म **जनरव फिराद**को चर्चा मार्फत देशबिनाका नागरिकका मर्म, आन्दोलन, स्वाभिमानको संघर्षसँग एक्यवद्धता जनाउँदै छु । अहिले सयुक्त राष्ट्रसंघमा १ सय ९३ सदस्य राष्ट्र छन् । प्रत्यक्ष युद्ध वा शीतयुद्धको यस शताब्दीमा युद्धमा घायल मानवता र शरणार्थीका कथाव्यथा  भनिसाध्य भएन । शक्ति राष्ट्रका हित अनुसार जातीय, भाषिक कारणले शरणार्थी संख्या बढदो छ । अहिले विश्वमा झण्डै ७ करोड भन्दा ज्यादा शरणार्थी छन् ।  भुटान त्यस मध्ये एक हो ।

आखिर किन धरतीमा सीमा लाग्छन् ? किन देश विहीन नागरिक हुँनुपर्छ ? किन मान्छे मातृभूमि छोडेर अन्यत्र भौतारिन वाध्य हुन्छ ? नागरिकता कागजको खोस्टो त हैन ।

शरणार्थी लखेटिएर आफ्नै माटोबाट बेदखल हुन सक्छन् तर देशको सपना र माटोसँग जोडिएको उनीहरूको संवेदना कस्तै क्रुर शासकले पनि मेटाउन भने सक्दैन । अमेरिकी फिलिस्तिनी कवि **नाओमी शिहाब नाई**को कविता पढेर खोसिएको देशको पीडा बुझ्न सकिन्छ । शताव्दियौसम्म देशविहीन नागरिक बनेर विश्वमा भौतारिरहेका यहूदी आफैँ इजरायली शासक बनेपछि कसरी फिलिस्तिनी स्वाभिमान माथि आक्रमण हुँदैछ भनेर नियाल्न गाँजापट्टी नियाल्नुपर्ने हुन्छ । हिटलरका ग्यास च्याम्बरबाट उम्केको शक्ति **जातीय** शासक बनेपछि मानवतावादी वैज्ञानिक **अलवर्ट आइन्स्टाइन**ले राष्ट्रपति बन्ने प्रस्ताव अस्वीकार गरे ।

विश्वका महानतम विद्वान मध्ये एक प्रोफेसर **एडवर्ड सइद** देश विहीन फिलिस्तिनी नागरिक हुन् । उनी ६५ वर्षको उमेरमा लेबनान-इजरायल सीमामा पुगेर जुलाई ४,२००० मा इजरायली ट्याङ्कमा प्यालेस्टाइन युवाहरूसँगै ढुङ्गा हाने । **प्रो.सइद**को यो कार्य विश्वभरि प्रशंसा साथै आलोचना पनि भयो । गार्जियन पत्रिकाले **'प्रोफेसर अफ टेरर'** सम्मको ट्याग लगाइदियो ।

संसारकै सबैभन्दा धेरै देशविहीन जातिमा **कुर्द** पर्छन् । उनको पनि आफ्नो देश भन्ने कुनै छैन । तुर्की, इराक, इरान र सिरियामा छरिएर रहेका कुर्द जनसंख्या ३ करोड लगभग छ । यिनीहरू देशको लागि **कुर्दस वर्कर** पाटीको ब्यानरमा लडिरहेका छन् । टर्कीमा भएको गायकहरूको आमरण अनशनमा श्रृङ्खलाबद्ध मृत्युले **रिसब तैयव अर्गोदान** को मात्रै हैन् विश्वका शक्ति राष्ट्रहरूको पनि भुटानको जस्तै हृदय पग्लेन ।

बुद्धका अनुयायी भुटानी राजा, भारत र नेपाली शासकहरूको नेपाली भाषी भुटानी शरणार्थी देखेर हृदय पग्लिएको थियो र ? भुटानी शरणार्थी समस्या नभएर भुटानी शक्ति केन्द्र बहुसंख्यक वादले पैदा गरेर भारतले टेकाइएको विषय हो । भारतले चाहेको खण्डमा त्यो तत्काल हल हुन सक्छ । त्यसैलाई अर्थ्याएर लेखक एन बी गरीले **जनरव फिराद** मार्फत फेरि विश्वसामु ल्याएका छन् ।

अघाएकाले भोक थाहा नभएझै, अल्छीलाई स्वाभिमान थाहा नभएझैं भद्र मनुवालाई शरणार्थी देश विहीन नागरिकको पीडाको महसुस हुँदैन । आईया थाहा पाउन त चोट लाग्नुपर्छ । त्यही चोटको आक्रामक घोषणापत्र हो- जनरव फिराद ।

मार्ने र उत्पीडन गर्ने कानुनी अधिकार राज्यसँग मात्रै हुन्छ तर राज्यले पनि केही मानिसको हत्या सिधा नगरेर हत्याराद्वारा गराँउछ र उस्का प्रचारकहरूले हत्याको औचित्य प्रमाणित गर्ने गर्छन । त्यस्ता हत्याराको संरक्षण स्वयं राज्यले नै गर्छ । त्यो विस्मृतिको गर्भमा पुरिएका चिहानका चिच्याहटका स्वरको सङ्कलन पनि हो -जनरव फिराद । एक भाषा, एक देश एक जाति, एक संस्कृति, एक भेषको उत्पीडनको सांस्कृतिक स्वाभिमान र पहिचानको आत्मिक संघर्ष गाथा पनि हो -जनरव फिराद ।

साना शासकका ठूला सपनाले भुटानी शरणार्थी समस्या जन्मायो भने भूसंवेदनशीलताले भुटानको भूराजनीतिक अवस्था, भारतको विस्तारवादी नीतिले त्यहाँका राजालाई बफादार बनाउने नियतले भुटानी शरणार्थी समस्या पैदा भए । नेपालको कुटनीतिक असफलता र अन्तर्राष्ट्रिय समुदायको संवेदनहीनता समस्या हल गर्नु भन्दा पनि अझै अल्झाइरह्यो । त्यस उनी विरूद्धको सशक्त घन्किएको सङ्घर्षको घोषणापत्र भनेर मैले **जनरव फिराद** लाई बुझ्ने गरेको छु ।

**नरेन्द्रजंग पिटर**

(संयोजक)

सामाज्यवाद विरोधी मोर्चा, नेपाल च्याप्टर

काठमाडौं, नेपाल

मितिः ०२ सेप्टेम्बर २०२३

# भुटानी शरणार्थी र भारतको अपराधिक उदासिनता



आनन्द स्वरूप वर्मा
नयाँ दिल्ली, भारत

भुटानी शरणार्थीबारे एन बी गिरीको पुस्तक **जनरव फिराद** अत्यन्त महत्वपूर्ण पुस्तक हो । किनकि यो पुस्तक त्यस्ता व्यक्तिले लेखेका हुन् जो शाही भुटानी सुरक्षातन्त्रका अभिन्न अंग थिए उनैले राजतन्त्रको दमन झेल्नु पऱ्यो । गिरीले पूर्ण निष्ठासाथ राजाको सेवा गरे । सबै नियमहरू माने । सबै आदेशहरू पालना गरे । तर, लोत्सम्पा (दक्षिण भुटानी) अथवा नेपाली मुलका नागरिक भएको हुनाले न्यूनतम मानव-अधिकार र लोकतन्त्रको माग राखेकै कारण उनलाई प्रताडित गरियो । यो पुस्तकमा दु:खको सागर तरेर आएका भुक्तभोगीहरूको कथा समेटिएको छ । सिङ्गो पुस्तक दमन र उत्पीडन भोगेको एउटा व्यक्तिको मात्र नभई भुटानका २२ प्रतिशत आममानिसको त्रासद इतिहासको जीवन्त दस्तावेज हो । यो पुस्तकमा भुटानी तानाशाहको निरङ्कुशताको बयान, मानवतामाथि भईरहेको क्षेत्रीय र अन्तर्राष्ट्रिय त्रासदिको साथ धर्म र भगवानको नाममा भुटान लगायत विश्वका देशहरूमा भईरहेको रानीतिक शोषण, अत्याचार, दमन र आपद्को पनि वर्णन गरिएको छ ।

सन् १९९१ मा पहिलो पटक म भुटानी शरणार्थीहरूसँग जोडिन पुगेँ । त्यसपछि उनीहरूसँगको यो

सम्बन्ध झण्डै दुई दशकसम्म कायम रह्यो । सन् १९९० मा भुटान प्रहरी र शाही सेनाले जब उनीहरूलाई आफ्नै थातथलोबाट लखेट्यो उनीहरू भुटानको सीमा नाघेर भारतको धरतीमा आईपुगे । भारत विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देश भएकै कारण शरण पाईनेमा उनीहरू ढुक्क थिए । तर, उनीहरूले भारतमा शरण पाएनन् । भारतको प्रहरी र अर्धसैनिक बलले उनीहरूलाई गाई-भैंसीलाई झै ट्रकमा कोचेर नेपालको सीमामा ल्याएर छोडी दिए । ट्रकबाट ओर्लिएसँगै उनीहरूले स्वयंलाई झापा जिल्लाको कन्काई (माईधार) खोलाको किनारमा असहाय अवस्थामा पाए । उनीहरूका लागि एक छाक खान र बास बस्नको लागि कुनै व्यवस्था थिएन । कुनै कुराको केही निश्चित थिएन । यत्तिकैमा स्थानिय मानिसको सहयोगमा केही छाप्रा हाले र त्यहीँ ओत लाग्न थाले । केही समयपछि शरणार्थीहरूका लागि काम गर्ने संयुक्त राष्ट्र संघको संस्था युएनएचसीआरले उनीहरूलाई सहयोग गरे । त्यसपछि विस्तारै नेपालको झापा र मोरङ जिल्लामा सातवटा शरणार्थी शिविरहरू निर्माण गरिए जहाँ यी शरणार्थीहरूले जीवनका टिठ लाग्दा तीन दशक बिताए । यी शरणार्थीहरूको बारेमा एउटा लामो कथा छ, जसको बारेमा नेपाली, भुटानी र पश्चिमी देशका लेखकहरूले पुस्तक र अनेकौं लेखहरू लेखेर उपलब्ध गराएका छन् । भारतमा भने भुटानी शरणार्थीबारे लेखिएका सामाग्री नगन्यप्राय: छन् । यो आफैमा उदेकलाग्दो विषय हो किनभने भुटानको छिमेकी मुलुक भारत हो, नेपाल होइन । अनि भुटानी शरणार्थीहरूलाई यो दुर्दशासम्म पुर्‍याउन जति ठूलो भूमिका भुटानी राजाको छ झण्डै त्यति नै ठूलो भूमिका भारतको ‘लोकतन्त्र’ को पनि छ ।

भुटानीहरूको दुर्दशाका बारे सबै भन्दा पहिले हामीलाई नेपालका मानव अधिकारवादी (दिवंगत) प्रकाश काफ्ले र सुशील प्याकुरेलले विस्तृत रूपमा जानकारी गराए । त्यसपछि मैले आफ्ना साथीहरूसँग मिलेर ‘तीसरी दुनियाँ अध्ययन केन्द्र’को झण्डामुनि २७ सेप्टेम्बर १९९१ मा नयाँ दिल्लीमा एउटा सम्मेलनको आयोजना गरें । त्यसैको फलस्वरूप ‘भुटान सोलिडारिटी इण्डिया’ गठन भयो, जसको संरक्षकमा न्यायमुर्ति बीआर कृष्णा अय्यर हुनुहुन्थ्यो अनि संयोजकमा ‘म’ आनन्द स्वरूप वर्मा ।

भुटानी शरणार्थी आजसम्म स्वदेश फर्किन सकेका छैनन् । भुटानी राजाले आजसम्म एउटा पनि शरणार्थी भुटान फर्कन सक्ने अधिकार सम्पन्न र योग्य भएको

पाउनु भएन । यहाँसम्म कि शिविरमा बसोबास गर्दै गरेका व्यक्तिको छानविनका लागि नेपाल-भुटानबीच संयुक्त समिति समेत बन्यो । समितिले 'वास्तविक भुटानी' का लागि मानकहरू तय गऱ्यो । तर, यति गर्दा पनि राजाले भुटान फर्किने व्यक्ति फेला पार्न सकेनन् । वास्तवमा उनी देश निकाला गरिएका कसैलाई पनि आफ्नो नागरिक मान्न तयार थिएनन् । जहाँसम्म भारतको कुरा छ, यो नेपाल-भुटानको द्विपक्षीय मामिला हो भन्दै भारत पन्छियो । यति मात्र होइन पराष्ट्र मन्त्री प्रणव मुखर्जीले के सम्म भने कि - यी शरणार्थीहरूलाई भुटानको सीमाभित्र जान दिने हो भने यसले त्यहाँको 'जनसंख्या को सन्तुलन' (डेमोग्राफिक ब्यालेन्स) बिग्रने छ । भुटानी नागरिक आफ्नो सीमा नाघेरै भारतसम्म आएका थिए र उनीहरूलाई भारतले नै नेपाल पुऱ्याएको थियो । भारतले जति-जतिबेला शरणार्थी मुद्दा 'नेपाल र भुटानको द्विपक्षिय मामिला हो' भनि रह्यो त्यति बेला अन्तर्राष्ट्रिय समुदाय आश्चर्य चकित भई भारतलाई रोषपूर्ण नजरले हेरी रह्यो ।

भुटानी राजा स्वर्गीय जिग्मी दोर्जी वाङचुक प्रजातान्त्रिक सुधारका पक्षधर थिए । उनले सुधारका पक्षमा निकै काम पनि गरेका थिए । उनले सन् १९५६ मा दास र कमैया प्रथा उन्मुलन गराई देशमा भूमि सुधारको कार्यक्रम लागू गराएका थिए । देशको राजनीतिक तथा प्रशासनिक संरचनामा महत्वपूर्ण फेरबदल ल्याएको श्रेय उनैलाई छ । स्वर्गीय जिग्मी दोर्जी वाङचुकले सहिष्णुताको परिचय दिँदै लोत्सम्पा र ङालोङ समुदायलाई मिलाउन उनीहरू एकआपसमा विवाह गरे बापत विवाहित जोडीलाई सरकारले आर्थिक सहयोग समेत दिने गरेको थियो । तर, उहाँको निधनपछि सन् १९७२ मा उत्तराधिकारीका रूपमा शासन सत्तामा आएका उहाँका पुत्र जिग्मी सिङ्गे वाङचुकले राष्ट्रिय पहिचानलाई भिन्न ढंगले प्रोत्साहन गरे । सन् १९८० को दशकपछिको भुटान भिन्न थियो । त्यहाँ त्यस्तो राष्ट्रिय पहिचानलाई सम्बर्द्धन गर्न थालियो, जुन मुलतः **ङालोङ संस्कृति**बाट प्रभावित थियो ।

सरकारी नीतिहरूमा यसरी आएका परिवर्तनका पछाडि कारण के थियो त ? के भारतीय गोर्खाहरूको आफ्नो पहिचानको अवधारणा लिएर अघि बढेको छुट्टै राज्य गोर्खाल्याण्ड आन्दोलनले यसमा कहीँ-कतै ग्रेटर नेपालको भूमिका खेलिरहेको थियो ? सन् १९७५ मा भारतले सिक्किमलाई आफूमा विलय गराएपछि भुटान सरकारलाई आफ्ना नीतिहरू परिवर्तन गर्नैपर्ने बाध्यता आई लाग्यो

कि ? लोत्सम्पा समुदायले सत्तामा हिस्सेदारीको आकांक्षा राखेसँगै राजाले खतरा महशुस गरेका हुन् त ? लोत्सम्पा समुदायको बढ्दो जनसंख्यासँगै सत्ताधारी **ड्रलोङ** समुदायमा हामी अल्पमतमा पर्न थाल्यौँ भन्ने चिन्ताले पो घर गर्न थालेको थियो कि ? यी त्यस्ता सवालहरू हुन्, जसको एउटै उत्तर नहुन सक्छ । तर, के कुरा स्पष्ट छ भने भुटानी राजाको नीतिले आतंक र दमनको त्यस्तो ताण्डव पैदा गरिदियो, जुन भुटानी जनताले न त पहिले कहिल्यै महशुस गरेका थिए न कल्पना गरेका थिए ।

भुटानी शरणार्थीहरूको समस्या त समाधान हुन सकेन तर यस प्रकरणले भारतीय राज्यको पाखण्डलाई पूर्ण रूपमा उजागर गरिदियो । **दुनियाँको सबै भन्दा ठूलो लोकतन्त्र भएको दावी गर्ने देशले आफ्नो छिमेकी मुलुकको सबै भन्दा सडे-गलेको राजतन्त्रलाई 'जिओ-पोलिटिकल कम्पल्सन' को नाममा समर्थन दिईरह्यो भन्नु आफैमा अकल्पनीय थियो ।** अनि यो समर्थन पनि कसको मूल्यमा ? देशको २२ प्रतिशत जनताको मूल्यमा ! आखिर त्यही भारत, जसले बिगतमा तिब्बत, बर्मा, अफगानिस्तान सहित अनेकौँ देशका शरणार्थीलाई आफ्नो देशमा शरण दिई रहेको थियो, भुटानी शरणार्थीहरूप्रति उसको नीतिमा एक्कासी त्यस्तो परिवर्तन किन भयो र भुटानी शरणार्थीहरूप्रति भारत पूर्ण रूपले उदासिन देखिनुका पछाडि के कारण हुन सक्छ !

आफ्नै देशका नेपाली मुलका नागरिकसँग राजालाई केही खतरा महशुस भई रहेको थियो भने त्यसका पछाडि पक्कै केही कारण थिए होलान् तर त्यस्ता कारणहरूलाई मनोवैज्ञानिक भनेर किन खारेज नगर्ने । आफ्ना पक्षधर राजनीतिज्ञको जमात खडा गरेर भारतले सन् १९७५ मा जसरी सिक्किमलाई भारतमा विलय गऱ्यो त्यस घटनाले स्वाभाविक रूपमा नेपाल र भुटानभित्र भारतप्रति मात्र होइन, आफ्नै नागरिकप्रति पनि संदेहको वातावरण सृजना गराई दिएको थियो । सिक्किममा काजी लेण्डुप दोर्जीले सिक्किमका छोग्यालका खिलाफ नेपाली मुलका नागरिकलाई संगठित गरे र त्यहाँको संसदमा बहुमतका आधारमा भारतमा विलय गराउने प्रस्ताव पारित गरिदिए । यो घटना आफैमा यति भयावह थियो कि आज झण्डै ५० बर्षपछि पनि भारतीय शासक वर्गप्रति यी देशहरूमा, त्यो डर मेटिन सकेको छैन । यी देशका नागरिकको मनमा बसेको त्यो डर र आशंकालाई मेटाउनुपर्छ भनी भारतले कहिल्यै प्रयास पनि गरेन । बरु भारतको व्यवहारले उनीहरूको मनमा बसेको डरलाई झनै गम्भीर बनाई दिएको छ ।

भारतको सत्ताधारी वर्ग, छिमेकी देशको सम्प्रभुतालाई आफ्नो सम्प्रभुता भन्दा न्यून आंकलन गर्ने परिपाटीमा अभ्यस्त भई सकेको छ । मैले पहिले पनि कयौँ पटक यो कुरा भनेको छु । लेखेको छु । भारतले छिमेकी मुलुकको सम्प्रभुतालाई उसको भौगोलिक आकार र आर्थिक हैसियतका आधारमा व्यवहार गर्ने गर्छ । सानो देश सानो सम्प्रभुता । तर, वास्तविकता के हो भने कुनै पनि मुलुकको सम्प्रभुतालाई उसको क्षेत्रफल र आर्थिक हैसियतले मापन गर्न सकिँदैन । नेपाल र भुटानका सन्दर्भमा त के पनि भन्न सकिन्छ भने यी दुबै देश कहिल्यै कसैको उपनिवेश भएनन्, जबकी भारत दुई सय बर्षसम्म अंग्रेजी शासनको उपनिवेश थियो । त्यसैले यहाँका शासकहरूको मनमा औपनिवेशिक मानसिकता खँदिलो गरी भरिएको छ । त्यसैले सम्प्रभुताबारे उनीहरूको दृष्टिकोण रतन्धोग्रस्त छ । मैले भारतको कुनै पनि एउटा राजनीतिक दलको बारेमा भनिरहेको छैन, सबै यही रोगले ग्रस्त छन् ।

भुटानकै सन्दर्भमा हेर्नुहोस् । सन् १९९० मा शरणार्थी समस्या सुरु भयो र सन् २००८ मा उनीहरूलाई अमेरिका, अस्ट्रेलिया, क्यानाडा, डेनमार्क, निदरल्याण्ड, न्युजिल्याण्ड, नर्वे र न्यून संख्यामा ब्रिटेनमा बसोबास गराइयो । ९० हजार भन्दा धेरै मानिसलाई अमेरिकाले आफ्नै भूगोलमा बसोबासको व्यवस्था मिलायो । यी १८ बर्षहरूमा भारत सरकारले भुटानसँग एक पटक पनि शरणार्थीहरूलाई आफ्नो देश फर्किन दिनुस भनेर भनेन । त्यति मात्र होइन, जब अत्यन्त निराश भएर झापाका शिविरबाट शरणार्थीहरू सन् २००६ तिर भुटान जान भनेर शान्ति यात्रा गर्दै अघि बढ्न थाले नेपाल-भारत सीमामा तैनाथ भारतीय सुरक्षाकर्मीहरूले उनीहरूलाई मरणासन्न हुने गरी कुटेर जेलमा कोचे । दुईजना शरणार्थीलाई गोली हानियो, जसमा एकजनाको मृत्यु भयो । यी १८ बर्षहरूमा भारतका सबै राजनीतिक दलहरू सत्तामा रहे । तर, कसैले पनि शरणार्थी समस्यालाई आफ्नो एजेण्डामा स्थान दिएनन् । यिनमा वामपन्थी, मध्यमार्गी र दक्षिणपन्थी सबै पार्टी पर्छन् ।

यी १८ बर्षहरूमा **विश्वनाथ प्रताप सिंह, चन्द्रशेखर, पी.वी. नरसिंह राव, अटल बिहारी वाजपेयी, एच.डी. देवगोडा, इन्द्रकुमार गुजराल र मनमोहन सिंह** भारतको प्रधानमन्त्रीको पदमा विराजमान भए । विश्वनाथ प्रताप सिंह भन्दा पहिले पाँच बर्षसम्म राजीव गान्धी प्रधानमन्त्री थिए । *'द दार्जिलिङ*

*क्रोनिकल'* ले ३० नोभेम्बर २०१८ मा भीम भुर्तेलको एउटा रिपोर्ट प्रकाशित गरेको छ, जसमा नेपाली दैनिक *नयाँ पत्रिका*लाई उद्‌त गर्दै भुटानका राजा जिग्मे सिङ्गे वाङचुकको उक्त भनाई उद्‌त गरिएको छ । उनी भन्छन्, 'भारतका प्रधानमन्त्री राजीव गान्धी र भारतीय गुप्तचर निकायको दबाबका कारण लोत्सम्पाहरूलाई देश निकाला गरियो ।' नयाँ पत्रिकाले भुटानका राजाको यो कथनलाई हरि शर्मामार्फत उद्‌त गरेको थियो । शर्मा नेपालका पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र पछि नेपालका प्रथम राष्ट्रपति रामवरण यादवका निजी सहायक थिए । यो कथनका पछाडि के दलिल दिइएको छ भने भारतका गुप्तचर अधिकारी र रणनीतिकारहरूलाई के भय थियो भने जसरी सन् १९९० मा विद्रोहमार्फत नेपालमा निरंकुश राजतन्त्रको अन्त्य भयो त्यसैगरी भुटानमा पनि हुन सक्छ । उनीहरूलाई सिक्किम, दार्जिलिङ, कालिम्पोङ, दुवर्स र दक्षिणी भुटानका नेपालीभाषी एक भएर छुट्टै स्वतन्त्र राष्ट्रको माग गर्न सक्छन् भन्ने डर थियो । किनभने भुटानका लोत्सम्पाले सन् १९८९ को उत्तरार्धदेखि नै मानवअधिकार र प्रजातन्त्रको माग गरिरहेका छन् । यस्तो परिस्थितिमा भुटानमा गठन हुने नयाँ सरकारले स्वतन्त्र राष्ट्रको रूपमा स्वयंलाई विकास गर्न चाहने छ र यसरी भुटानमा भारतको प्रभाव क्षिणप्रायः हुनेछ । राजीव गान्धीले भुटानका राजालाई यस्तो सल्लाहा दिएका हुन् वा होइनन् स्पष्ट ढंगले भन्न सकिँदैन । तर, यसलाई पूर्ण रूपमा खारेज गर्न पनि सकिँदैन ।

उल्लेख्य कुरा के छ भने जतिबेला भुटानका प्रजातन्त्रवादी नेता रोङथोङ किन्ले दोर्जीलाई भारतीय प्रहरीले पक्राउ गरेको थियो, केन्द्रमा देवगोडाको सरकार थियो । त्यतिबेला भारतको परराष्ट्र मन्त्री इन्द्रकुमार गुजराल थिए । तिनताका उनले आफ्नो छवि मानव अधिकारवादी नेताका रूपमा विकास गर्न भरपूर समय खर्चिरहेका थिए । यो भन्दा ठूलो आश्चर्यको विषय के हो भने यो सरकारमा गृहमन्त्री कम्युनिस्ट पार्टी अफ इण्डिया (सीपीआई) का नेता इन्द्रजीत गुप्ता थिए । यो पार्टीले पहिलो पटक केन्द्रीय सत्तामा आउने अवसर पाएको थियो । कमरेड इन्द्रजीत गुप्ता पश्चिम बंगालका असाध्यै इमान्दार कमरेडहरू मध्ये एक थिए । तर, उनले पनि दोर्जीको पक्षमा बोल्ने साहस गरेनन् । यसैलाई 'राजकाज' वा 'स्टेटक्राफ्ट' भनिन्छ । यिनीहरू जहिलेसम्म सत्तादेखि टाढा थिए मानवअधिकारका चैम्पियन हुन्थे तर सत्तामा आएसँगै यिनीहरूको

क्यामेस्ट्री नै फेरिन्थ्यो । इन्द्रकुमार गुजराल, वीपी सिंह वा जर्ज फर्नान्डीज जो सुकै हुन् ।

म यहाँ आरके दोर्जी पक्राउ परेको प्रसङ्गलाई यसकारण महत्वका साथ उल्लेख गर्दैछु किनभने यो भारतीय राजनीतिकै महत्वपूर्ण परिघटना हो । यसले संसारकै सबै भन्दा ठूलो भनिने लोकतन्त्रको पाखण्डलाई नङ्ग्याई दिएको छ । दोर्जेलाई १७ अप्रैल १९९७ मा गिरफ्तार गरिएको थियो । खासमा उनलाई दुई दिनअघि नै पक्राउ गर्ने तयारी गरिएको थियो । तर, दोर्जीले अचानक आफ्नो कार्यक्रममा फेरबदल ल्याए र दुई दिन ढिला पक्राउ परे । ठ्याक्कै भन्ने हो भने भुटानको गुप्तचर निकायले उनी १५ अप्रैलमा नेपालबाट नयाँ दिल्ली आउन लागेको सूचना दिएको थियो । यो सूचना पाउनासाथ भुटानी गृहमन्त्री **दागो छिरिङ** विमानबाट तत्काल दिल्ली पुगे । १५ र १६ अप्रैलमा दिल्ली विमानस्थलमा प्रहरीले जबर्जस्त नाकाबन्दी गरेको थियो । खासमा दोर्जीलाई पक्राउ गरी तत्काल दागो छिरिङलाई सुम्पिने अघोषित सहमती थियो । संयोगबस दोर्जीले विमानबाट दिल्ली जाने कार्यक्रम रद्द गरेर बस तथा ट्रेन हुँदै १७ अप्रैलका दिन दिल्ली पुगे । दिल्लीमा उनी 'एम्स' नजिकैको गौतम नगरमा रहेको फ्ल्याटमा गए, जहाँ उनका राजनीतिक साथीहरू बस्ने गर्थे । त्यहीँबाट उनलाई दिल्ली प्रहरीले दिउँसो झण्डै ३ बजे तिर गिरफ्तार गर्‍यो र डिफेन्स कलोनी प्रहरी स्टेशनमा ल्याएर थुन्यो ।

राङथोङ किन्ले दोर्जीलाई भुटान सरकार समक्ष सुपुर्दगी गर्नबाट कसरी रोकियो र कसरी भुटानका राजाको षडयन्त्र विफल भयो यसको एउटा छुट्टै कथा छ । तर, यो पूरै प्रकरणमा भारत सरकारको भूमिका भने निकै लाज्जास्पद रह्यो । सरकार भन्दा पर बसेर मानवअधिकारका लागि संघर्ष गर्ने शक्ति क्रियाशील हुँदैनथे भने दोर्जीलाई सुपुर्दगी हुनबाट रोक्न सम्भव थिएन । यति हुँदाहुँदै पनि उनले दिल्लीको तिहाड जेलमा एक बर्ष भन्दा धेरै समय बिताउनु पर्‍यो । यहाँ उल्लेख्य कुरा के छ भने दिल्ली उच्च न्यायालयले १४ मे १९९७ मा दोर्जीलाई जमानतमा रिहा गर्ने आदेश दिई सकेको थियो । १४ मे कै दिन भुटानका राजा दिल्ली यात्रामा रहेकाले उनलाई रिहा गरिएन । यति नै बेला दोर्जीलाई रिहा गर्दा भुटानी राजा समक्ष राम्रो सन्देश नजाने अड्कल गरेर सरकारले उनलाई रिहा गरेन । परिणाम स्वरूप २१ मे १९९७ को दिन फरेनर्स

रिजनल रजिस्ट्रेसन अफिसर धर्मेन्द्र कुमारको आदेशमा दोर्जीमाथि थप प्रतिबन्ध लगाइयो। यसै आदेश अनुसार दोर्जीको जमानत बस्ने दुईजना व्यक्ति हुँदाहुँदै पनि उनी रिहा हुन सकेनन् । दुईजना मध्ये एकजना **म थिएँ भने अर्का भू-वैज्ञानिक अरुणकुमार सिंह** थिए । तर, अधिकारीहरूका अनुसार जमानत बस्न चाहने ती दुबै व्यक्ति उनका नातेदार होइनन् । वास्तवमा उनीहरू भुटान र नेपालमा चलिरहेको प्रजातान्त्रिक आन्दोलनको समर्थन गर्ने राजनीतिक एक्टिभिस्ट हुन । त्यसैले दोर्जीको आर्थिक वा शारीरिक जिम्मेवारी उनीहरूले लिन सक्दैनन् । अधिकारीहरूले भने, 'हामीलाई लाग्छ दोर्जीले तपाईंहरूको कुरा त्यति बेलासम्म मात्रै स्विकार्ने छन्, जतिबेलासम्म उनको लक्ष्य प्राप्तिमा कुनै बाधा हुँदैन । र, उनका राजनीतिक लक्ष्य पूर्ण रूपमा भारत सरकारको नीति विपरीत छन्... त्यसैले सम्भवतः उनी छुटे लगत्तै भूमिगत हुनेछन् अनि त्यस्ता अवान्छित गतिविधिमा लाग्ने छन्, जुन भारतको राष्ट्रिय सुरक्षा र हित विपरीत हुनेछ ।'

भुटानी राजासँग मिलेर दोर्जीलाई प्रताडित गर्नु भारत सरकारको मनसाय थियो । तर, भारतको प्रजातान्त्रिक समुदाय दोर्जीको पक्षमा उभिएको थियो । प्रजातान्त्रिक शक्तिहरूकै दबाबले पत्रिकामा पनि दोर्जीसँग सम्बन्धित समाचार देखिन्थे । तथापि त्यस्ता समाचारको संख्या न्यून नै थिए । २९-३१ जुलाई १९९७ मा **भुटान सोलिडारिटी-इण्डिया** र ग्रिनसो नेपालद्वारा **'साउथ एशियन पीपुल्स कान्फ्रेन्स अन भुटान'** सम्मेलनको आयोजना गरियो । कार्यक्रमको उद्देश्य भुटानी जनताको संघर्ष र उनीहरूको अवस्थाका बारे मन्थन गर्नु थियो । यस सम्मेलनमा भारतबाट न्यायमुर्ति वीएम तारकुण्डे, न्यायमुर्ति अजित सिंह बेन्स, जर्ज फर्नान्डीज, डी. प्रेमपति, स्वामी अग्निवेश, डा. दलीप स्वामी लगायत म सहभागी थिएँ । त्यसैगरी नेपालबाट सीपी मैनाली, जेपी आनन्द, डा. मथुरा श्रेष्ठ, प्रमोद काफ्ले सहभागी थिए । त्यस्तै बांगलादेशबाट न्यायमुर्ति केएम सुभान, रोसालिन कोस्टा, मुईउद्दीन अहमद, पाकिस्तानबाट श्रीमती खदीजा गौहर, श्रीलंकाबाट सांसद बासुदेव ननयक्कारा, निमालका फर्नान्डो र हङकङबाट एशियन ह्युमन राइट्स कमीशनका अध्यक्ष बेसिल फर्नान्डोले सहभागिता जनाएका थिए । यसै बैठकमा समता पार्टीका अध्यक्ष जर्ज फर्नान्डीजले आगामी १४-१५ अगस्टमा रातभरी तिहाड जेल अगाडि धर्ना दिने र दोर्जीसँग आफ्नो एक्यवद्धता जाहेर गर्ने भनेर घोषणा गरे । त्यस दिन एकातर्फ संसदको संयुक्त अधिवेशन रातभरका लागि जारी थियो भने अर्कोतर्फ स्वतन्त्रताको ५०औँ बर्षगाँठ मनाईंदै थियो । ठीक

त्यति नै बेला झण्डै २० जना सांसद र सयौँको संख्यामा सामाजिक राजनीतिक कार्यकताहरू तिहाड जेल बाहिर धर्ना दिई रहेका थिए । दोर्जीको पक्षमा निकै ठूलो संख्यामा दिल्लीका बुद्धिजीविहरू पनि गोलबद्ध भएका थिए ।

उदेक लाग्दो के छ भने दुई वर्ष अघि मात्रै सीपीएमले आफ्नो राष्ट्रिय सम्मेलनबाट भुटानको प्रजातान्त्रिक आन्दोलनको पक्षमा प्रस्ताव पारित गरेको थियो । तर, त्यस रातको धर्ना कार्यक्रममा सीपीआई, सीपीएम, फारवर्ड ब्लक, आरएसपी जस्ता वामपन्थी र आफूलाई वामपन्थको नजिक देखाउने जनता दल जस्ता पार्टीका एक जना सांसद पनि त्यो कार्यक्रममा न आई पुगे न त उनीहरूले समर्थन नै जनाए । जहाँसम्म सीपीआईको कुरा छ, त्यो पार्टीबाट इन्द्रजीत गुप्ता तिनताका गृहमन्त्री थिए । कम्युनिस्ट इन्द्रजीत गुप्ता भुटानी जनताका साथमा थिए, दोर्जीको समर्थनमा थिए र राजतन्त्रको अन्त्य चाहन्थे । तर, केन्द्रीय गृहमन्त्रीका हैसियतमा उनी भुटानी जनताको आन्दोलनका खिलाफ थिए, दोर्जी जेलमै रहनुपर्छ भन्ने पक्षमा थिए र भारतको भूराजनीतिक बाध्यताका कारण भुटानमा राजतन्त्रको पक्षमा थिए । तपाईं यो द्वन्द्ववाद (डायलेक्टिक्स) बुझ्न असमर्थ हुनुहुन्छ भने बुझ्नुस । दक्षिण एशियाई जन-सम्मेलनमै सीपीआईका नेता एम फारुकीले पहिलो पटक कुनै मञ्चबाट भुटानी जनताको आन्दोलनलाई समर्थन गरेका थिए र दोर्जीको गिरफ्तारीको भर्त्सना गरेका थिए । उनले आफ्नो मन्तब्यका क्रममा भनेका थिए- म यहाँ जे बोली रहेका छु त्यो व्यक्तिगत हैसियतमा होइन पार्टीको तर्फबाट बोली रहेको छु ।

नेपालको राजतन्त्रका खिलाफ निरन्तर सक्रिय रहेका भुतपूर्व प्रधानमन्त्री चन्द्रशेखर सिंह समेत यस मामिलामा खोई कता हो गुमनाम थिए । हुन सक्छ उनलाई पनि गुजराललाई जस्तै राजतन्त्र समाप्त भएसँगै यस क्षेत्रमा 'सिनो-अमेरिकन एक्सेस' सक्रिय हुन्छ भन्ने लागि रहेको थियो ! सामाजिक न्यायको विगुल बजाई रहने वीपी सिंहले पनि दोर्जीलाई भारत सरकारले किन जेलमा थुनेको हो भनेर चासो राखेनन् । बिना सङ्कोच सीपीआई (एमएल) ले खुलेर भुटानको प्रजातान्त्रिक आन्दोलनलाई समर्थन जनायो र दोर्जीलाई रिहा गर्नु पर्ने माग गऱ्यो । १४ अगस्तको राति तिहाड जेलका अघिल्तिर गरिएको धर्ना कार्यक्रममा त्यस पार्टीका कार्यकर्ताले भाग पनि लिएका थिए ।

लामो अदालती प्रक्रियापछि २ जुन १९९८ का दिन दिल्लीको चीफ मेट्रोपोलिटन मजिस्ट्रेटले केही सर्त राखेर दोर्जीलाई जमानतमा रिहा गरिदिए । झण्डै १४ महिना तिहाड जेलमा बिताएपछि दोर्जी जमानतमा रिहा भए । तर, मृत्यु भन्दा केही अघिसम्म उनलाई दिल्लीको सीमा भित्र कैद गरेर राखिएको थियो । **२१ अप्रैल २०१०** का दिन भारत सरकारले अन्तिम रूपमा प्रत्यार्पणको मुद्दा फिर्ता लियो र दोर्जी आफूमाथि लगाइएका सबै प्रतिबन्धबाट मुक्त भए । भारत सरकारले भुटानका राजासँग साँठगाँठ गरेर दोर्जेलाई दिल्लीको सीमामा कैद गरेर राखेको थियो । उनलाई दिल्ली भन्दा बाहिर जाने अनुमती दिइएको थिएन । प्रतिबन्धका बावजुद उनले आफूलाई भुटानको प्रजातान्त्रिक आन्दोलनका लागि समर्पित गरेका थिए र दिल्लीको लाजपत नगरबाट सबै काम गर्थे । यतिन्जेलसम्म उनले आफ्नो विचार, देश भित्र बसोबास गर्ने जनता समक्ष पुऱ्याउन सकिएन भने राजालाई हाम्रो आन्दोलनले केही तातो लाग्दैन भनी बुझी सकेका थिए ।

झण्डै यस्तै प्रताडना भुटानका अर्का नेता टेकनाथ रिजालले पनि झेल्नु परेको थियो । उनले दिल्लीमा बसेर आफ्नो उपचार गराउन सकेनन्, जबकी उनलाई एम्सका डाक्टरहरूले निकै सहयोग गरेका थिए । भारतीय गुप्तचरहरू उनको पछि लागेका थिए कि उनले राजाको नीतिका खिलाफ भारतमा केही गतिविधि नगरुन् भन्ने उनीहरूको मनसाय हुन्थ्यो । भारत सरकारको यो नीति नेपाली जनताको राजतन्त्र विरोधी संघर्षको विल्कुलै विपरीत थियो । नेपालको राजतन्त्रका विरुद्ध भारतमा रहेर त्यहाँका राजनीतिकर्मीहरूले धेरै काम गरेका थिए । तर, भुटानका सामाजिक, राजनीतिक कार्यकर्तालाई यस्तो अनुमती थिएन । यो नचिताएको अचम्मको परिघटना भुटानका सन्दर्भमा हामी स्पष्ट देख्न सक्छौं ।

अमेरिकाले शरणार्थीहरूलाई तेस्रो मुलुकमा बसाउने योजना अघि सारेसँगै भारतको मौनताले आममानिसलाई स्तब्ध बनाईदियो । अन्ततः अमेरिकासँगै अस्ट्रेलिया, क्यानाडा, डेनमार्क, निदरल्याण्ड, न्युजील्याण्ड, बेलायत र नर्वेले शरणार्थीहरूलाई आफ्नो देशमा लगेर बसाउने जिम्मेवारी लिए । तर, पनि शरणार्थीहरूलाई के लाग्थ्यो भने जुन-जुन देशहरूले उनीहरूलाई आ-आफ्नो भूमिमा बसोबास गराउने उदारता देखाए, उनीहरूले भुटानका राजालाई दबाब सृजना गर्थे भने पक्कै पनि समस्याको समाधान खोज्न सकिन्थ्यो । तर, अमेरिकाको प्रस्तावसँग सहमत हुनेहरू थिए भन्नेमा कुनै शंका छैन । जसले भुटान देखेकै

थिएनन् अथवा जो देशबाट निष्कासित हुने बेला निकै साना थिए उनीहरूको स्मृतिमा भुटान छँदै थिएन । तर, शरणार्थीहरूको व्यापक समुदायले यसको विरोध गऱ्यो । टेकनाथ रिजालले त स्पष्ट शब्दमा भने, गुलामीको यो प्रस्तावलाई हामीहरू कदापि स्वीकार गर्दैनौं । उनले यसलाई अमेरिकी षडयन्त्रको एउटा नमुना बताए ।

भुटानी युवाहरूको ठूलो तप्का शरणार्थी शिविरबाट निस्केर पश्चिमा देश जान पाउँदा निकै खुसी छन् तथा उनीहरूको भविष्य पनि सुखद हुन्छ भनेर प्रचार गर्नेहरूलाई टेकनाथ रिजालको विरोधले ठूलो झटका लाग्यो । खासमा तमाम प्रलोभनका बावजुद मानिसहरू पश्चिमी मुलुकमा जानु भन्दा आफ्नै देश फर्किन चाहन्थे । भलै त्यहाँ अप्ठेरो नै किन नपरोस् । यस्तो मानसिकता प्रौढहरूमा मात्रै होइन युवाहरूमा पनि थियो, जो 'शान्ति मार्च' का माध्यमबाट भुटान फिर्ती अभियान चलाई रहेका थिए ।

के 'पुनर्वास' साँच्चै अमेरिकी षडयन्त्रको एउटा नमुना थियो त ? शरणार्थी शिविरलाई नजिकदेखि नियाल्ने भुटान सोलिडारिटी सहित विभिन्न संगठनहरूको अध्ययन प्रतिवेदन हेर्ने हो भने युवाहरूको मनमा भुटान र भारत दुबै सरकारप्रति ठूलै असन्तुष्टिले घर गरिरहेको थियो भन्ने थाहा हुन्छ । आरम्भिक दिनहरूमा यो असन्तुष्टि भुटानका राजाप्रति थियो । तर, जसै समय बित्दै बत्दै गयो खासगरी शान्ति मार्चमा भारत सरकारले गरेको हिंसात्मक दमनपछि, खलनायकका रूपमा राजाको स्थान भारत सरकारले लिई सकेको थियो ।

सन् २००६ मा शरणार्थी शिविरमा बसोबास गर्ने समुदायको यथार्थ बुझ्नका लागि भुटान सोलिडारिटीको एउटा टोलीसँग म पनि त्यहाँ पुगेको थिएँ । पछिल्लो डेड दशकमा शरणार्थी शिविरमा एउटा नयाँ पिँढी विकसित भई सकेको पाएँ मैले । १७ देखि ३६ बर्ष उमेर समूहका युवाको संख्या झण्डै ४० हजार थियो । त्यति मात्रै होइन शरणार्थी शिविरमा बस्दै गरेका शरणार्थीहरू नेपालीमूलका **लोत्सम्पा** भएकै कारण उनीहरू नेपालमा हुने घटनाहरूलाई मसिनो गरी केलाई रहेका थिए । माओवादीको नेतृत्वमा भएको १० बर्षे सशस्त्र संघर्षले नेपालमा राजतन्त्रको समुल अन्त्य गरिदिएको उनीहरूले नियाल्न पाएका थिए । तर, उनीहरूले सञ्चालन गरेको शान्तिपूर्ण संघर्षले परिणाम दिन नसकेको पनि उनीहरू विचार गरिरहेका थिए । अब सशस्त्र संघर्षबाटै भुटानको निरंकुश

राजतन्त्रलाई झुकाउन सकिन्छ भन्ने विचारले तिनताका शरणार्थी शिविरमा ठाउँ पाई रहेको थियो ।

काठमाडौंबाट प्रकाशित हुने कान्तिपुर दैनिकको ७ नोभेम्बर १९९६ मा प्रकाशित समाचारमा भनिएको थियो- सशस्त्र संघर्षमा विश्वास राख्ने भुटान कम्युनिस्ट पार्टीको गठन भई सकेको छ । र, त्यो पार्टी देशभित्र तथा शरणार्थीहरूमाझ गोप्य ढंगले सक्रिय छ । कान्तिपुरमा प्रकाशित समाचारमा भुटान कम्युनिस्ट पार्टीका केन्द्रीय समिति सदस्य नवीनले भने- भुटानको निरंकुश राजतन्त्रले हामीलाई हतियार उठाउन बाध्य बनाई दियो । यति मात्रै होइन, राजतन्त्रका विरुद्ध हाम्रो पार्टीले गरेको तयारी देखेर नै अमेरिकाले ठूलो संख्यामा शरणार्थीहरूलाई यहाँबाट विदेश लैजान खोजी रहेको छ । वासिङटन प्रस्तावको मुख्य उद्देश्य छिटो भन्दा छिटो शरणार्थी शिविरलाई खाली गराउनु र भुटानका राजालाई राहत पुऱ्याउनु रहेको छ । त्यही अमेरिकाको दुरगामी हितमा छ । हिमालयमा अवस्थित देशमा खुट्टा जमाएर 'भारतको निगरानी गर्ने तथा चीन घेर्ने' अमेरिकी षडयन्त्रको पछिल्लो घुम्ती यही हो ।

२७ डिसेम्बर २००६ मा भुटानका परराष्ट्र मन्त्रीले नेशनल एसेम्बलीमा शरणार्थी शिविरमा माओवादी तत्व र विचारले आफ्नो बाहुपास फैलाउँदै लगेको सुनाए । आफ्नो मन्तव्यका क्रममा उनले राजनीतिक विचारधाराले ओतप्रोत त्यस्ता व्यक्तिहरूलाई 'भुटानमा प्रवेश गर्ने अनुमति दिनु भनेको रेडीमेट आतंकवादीलाई आयात गर्नु सरह हो' भने । उनले थपे, 'उनीहरूले हिंसा, आतंक र अस्थिरताको त्यही खेल खेल्ने हुन्, जुन नेपालमा खेलिएको थियो ।'

उपरोक्त सबै घटनाहरूलाई पृष्ठभूमिमा राखेर हेर्ने हो भने निश्चय नै अमेरिकी उदारता र मानवीयताको पर्दा पछाडि कुनै गहिरो षडयन्त्रको आभास हुन्छ । वास्तवमा नेपालमा आफ्नो प्रारम्भिक विफलतापछि अमेरिका भुटानतर्फ लहसिएको थियो । उसले लाख प्रयत्न गर्दा पनि नेपालमा राजतन्त्रलाई जोगाउन सकेन । बरु त्यहाँका माओवादी सत्ताको झन्-झन् निकट पुग्दै गए । के पनि संयोग होइन भने, भुटानका राजा जिग्मे सिङ्गे वाङचुकले अप्रत्यासित ढंगले १५ डिसेम्बर २००६ मा आफ्ना जेठा छोरा जिग्मे गेसर नाम्गेल वाङचुकलाई पूर्ण रूपमा सत्ता सुम्पिदिए । जबकी पूर्व घोषित कार्यक्रम अनुसार सन् २००८ मा सत्ता परिवर्तन हुने भनिएको थियो । यसले सबैलाई आश्चर्यचकित तुल्याई

दियो । तर, भुटानी राजाले समय अगावै सत्ता सुम्पिनुको कारण के थियो भनेर केही खुलासा गरेनन् । युवराज गेसर अमेरिकासँग धेरै नै निकट मानिन्थे । र, के पनि चर्चा थियो भने नयाँ संविधानको मस्यौँदा युवराज गेसरकै निगरानीमा अमेरिकी विशेषज्ञले तयार पारेका हुन् । यसको उद्देश्य राजतन्त्रलाई थप मानवीय छवि प्रदान गर्नु थियो ।

डिसेम्बर २००६ मा भारतका चर्चित तथा प्रतिष्ठित पत्रकार कुलदीप नय्यरले नेपाल स्थित अमेरिकी राजदुत जेम्स एफ. मोरियार्टीलाई भेटे । एउटा समाचार एजेन्सीका अनुसार नय्यरले शरणार्थी शिविरमा रहेका शरणार्थीहरूलाई उनीहरूको आफ्नै देश भुटान पठाउनुको सट्टा अमेरिकाले यति ठूलो संख्यामा उनीहरूलाई आफ्नै देश लैजाने प्रस्ताव किन राखेको भनेर जान्न चाहे । जवाफमा मोरियार्टीले भने, 'शरणार्थी शिविरमा आतंकवादी गतिविधि देखिएका छन् । यसको असर भारतको पूर्वी राज्यहरूमा पर्छ । हामी भारतलाई सहयोग गर्ने प्रयास गरिरहेका छौँ ।'

भुटानको राजतन्त्र कपटी र कुटनीतिक रूपमा घोर अवसरवादी छ । यसले भारतको 'भौगोलिक-राजनीतिक बाध्यता' (जिओ-पोलिटिकल कम्पल्सन) को फाइदा उठाउँदै भारतको भरपुर दोहन गर्ने गरेको छ, जुन आज प्रयन्त जारी छ । भारतमा जुनै पार्टी सरकारमा आउँदा पनि उनीहरूले भुटानका राजासँग मधुर सम्बन्ध स्थापित गर्ने प्रयास गरे । सन् २००३ सम्म कस्तो अवस्था थियो भने यसले एकातर्फ भारतीय सत्ताका साथ तालमेल स्थापित गरेको थियो त अर्कोतर्फ असम तथा उत्तर-पूर्वका आतंकवादीहरूसँग आफ्नो सम्बन्धलाई निरन्तरता दिई रहेको थियो । र, खासमा उनीहरूलाई खतराका रूपमा प्रदर्शित गर्दै भारतलाई ब्लैकमेल गरिरह्यो ।

असम र उत्तर-पूर्वका उग्रवादीहरूले सन् १९९० देखि नै भुटानमा ओहोर दोहोर गर्न थालेका थिए । यति मात्रै होइन लोत्सम्पा समुदायलाई तह लगाउनका लागि राजाले यी उग्रवादी समूहको सहयोग लिएका थिए । उग्रवादीहरूलाई राजाका तर्फबाट 'अवान्छित तत्व' (लोत्सम्पा) हटाएर उनको घर-जग्गामा कब्जा गर्दा हुन्छ भनी अनुमति दिईएको थियो । दक्षिणी भुटानमा यस्ता घटनाहरू न्यून देखिए पनि असमसँग जोडिएको सान्द्रुपजोन्खरको भू-भागमा यस्ता कयौँ घटना भएका छन् । जून १९९७ मा कोलकाताबाट प्रकाशित हुने अंग्रेजी दैनिक 'द

टेलिग्राफ' ले उल्फाको सैन्य संगठन असम लिबरेसन आर्मीको तीन युनिट भुटानको सान्द्रुपजोन्खरमा रहेको समाचार प्रकाशित गऱ्यो । यसै समाचारमा के पनि भनिएको थियो भने मार्च १९९६ मा उल्फाको एउटा बैठक यसै क्षेत्रमा सम्पन्न भएको थियो । बैठकमा भाग लिन संगठनका अध्यक्ष अरविन्द राजखोवा र यसका कमाण्डर-इन-चिफ परेश बरुआ आएका थिए । *असमका तत्कालिन मुख्यमन्त्री प्रफुल्ल कुमार महन्तले एउटा प्रसङ्गमा कुरा गर्दै भुटान सरकारको डिप्लोमेटिक वैगका माध्यमबाट दक्षिण-पूर्व एशियाका देशहरूबाट हतियार खरिदगर्न उल्फा र बोडो उग्रवादीहरूले पैसा पठाउने गरेको प्रमाण आफूसँग रहेको बताए । मुख्यमन्त्री महन्तले उल्लेख गरेको कुराको पुष्टि १ जुलाई २००० को 'द सेन्टिनल' पत्रिकामा प्रकाशित विस्तृत रिपोर्टबाट हुन्छ । समाचारको शीर्षक 'भुटान गवर्नमेन्ट एक्टिवली एडिङ उल्फा ऐक्टिविटिज'* थियो ।

संसारमा कहीँ स्वर्ग छ भने त्यो भुटानमा छ भन्दै **सकल राष्ट्रिय आनन्द** (ग्रास नेशनल हैपीनेश) को अवधारणा विश्वभर प्रचारित गर्नु भुटानी सत्ताको धुर्तता र पाखण्डको सबै भन्दा ठूलो प्रमाण हो । जुन देशको १/६ जनसंख्याले न्यूनतम मानवअधिकारको माग गरेकै कारण भिषण दमन र उत्पीडनको शिकार हुनुपऱ्यो, देशबाट लखेटिनुपऱ्यो, उनीहरूको जमिन र सम्पत्तिमाथि कब्जा गऱ्यो त्यस देशले आफूलाई सकल राष्ट्रिय आनन्द भएको मुलुक भनी प्रचार गर्नु भन्दा ठूलो पाखण्ड के हुन सक्छ ? नेपाली पत्रकार सीके लाल र अनुराग आचार्यले 'ग्रास नेशनल मिजरी' र 'ग्रास नेशनल शेम' भनेको ठिकै हो ।

मार्च १९९८ मा भाजपा नेता अटल बिहारी वाजपेयी देशको प्रधानमन्त्री बने र गृहमन्त्रीको पदमा लालकृष्ण आडवाणी आईपुगे । यसअघि पनि वाजपेयी प्रधामन्त्री बनी सकेका थिए । त्यति बेला उनी १६ मे १९९६ देखि जून १९९६ सम्म जम्मा १६ दिनका लागि प्रधानमन्त्री पदमा थिए । तर, यसपटक भने उनीसँग राम्रो बहुमत थियो । यो एनडीएको सरकार थियो र यसको संयोजक जर्ज फर्नान्डीज थिए । यस सरकारमा जर्ज फर्नान्डीज रक्षामन्त्री थिए । स्वभाविक रूपमा भुटानी शरणार्थीहरूको नेतृत्वले यो सरकारसँग आश गरेको थियो । यसको ठूलो कारण भनेकै नेतृत्व वर्गको ठूलो हिस्सा हिन्दू थियो । त्यति मात्रै होइन हिन्दूत्वको कट्टरपन्थी मानसिकताबाट ग्रस्त थियो । भाजपा सत्तामा आएसँगै उसलाई लाग्यो अब शरणार्थी समस्या समाधान भयो । यिनका नेताहरूले भाजपाको शीर्ष नेतृत्वदेखि विश्व हिन्दू परिषदका अध्यक्ष अशोक सिंघलसम्मलाई

कयौँ चोटी भेटे । केही नेताहरूले त यतिसम्म भने कि शरणार्थी शिविरमा सहायता पुऱ्याउने नाममा आएका अन्तर्राष्ट्रिय संस्थाहरूले धर्म परिवर्तन गराई रहेका छन् । त्यसो त दक्षिणी भुटानमा हिन्दू आवादीलाई प्रताडित गरिएको सूचना उनीहरूले पहिलेदेखि नै पाई रहेका थिए ।

सन् १९९६ मा भाजपाको सरकार गठन भएको पाँच दिन पछि २१ मईमा विश्व हिन्दू परिषदको एउटा प्रतिनिधि मण्डलले राजधानी थिम्पुमा भुटानका राजासँग भेट गऱ्यो तर यसमा शरणार्थीको विषयमा केही कुरा भएन । प्रतिनिधि मण्डलको नेतृत्व विश्व हिन्दू परिषदका कार्यकारी अध्यक्ष अशोक सिंहलले गरेका थिए । प्रतिनिधि मण्डलमा संगठनका उपाध्यक्ष श्रीशचन्द दीक्षित र आचार्य गिरीराज किशोर शामिल थिए । सन् १९९० मा पनि विहिपको प्रतिनिधि मण्डलले भुटानको राजासँग भेट गरेको थियो । दक्षिणी भुटानका केही क्षेत्रहरूमा सञ्चालित संस्कृत पाठशालालाई बन्द गरेर त्यसको ठाउँमा सेनाको ब्यारेक बनाइएको छ भन्ने सूचना प्रतिनिधि मण्डललाई थियो । अनेकौं गाउँका नाम फेरिएका थिए । त्यसमा पनि संस्कृत अथवा हिन्दू संस्कृतिको गन्ध आउने गाउँका नाम पनि फेरिएका थिए । लामीडाँडा गाउँमा पहिले एउटा संस्कृत पाठशाला थियो तर हाल त्यसको सांस्कृतिक परिचय कतै भेटिदैन्थ्यो । लामीडाँडाको नाम फेरेर **मण्डेय** राखियो र त्यहाँबाट अधिकांश नेपाली मूलका भुटानीहरूलाई गाउँ छाड्न बाध्य बनाइयो । अशोक सिंहल यिनै मुद्दाहरूमा भुटानका राजासँग कुरा गर्न चाहन्थे तर उनले केही भन्नु अगावै शाही सरकारका तर्फबाट राजाले अयोध्यामा प्रस्तावित राम मन्दिरका लागि चाँदीको एउटा अलङ्कृत इट्टा उनलाई उपहार स्वरूप दिए । प्रतिनिधि मण्डलका सदस्य आफ्नो गुनासो दर्ज नगराई गद्गद् भावका साथ फर्किए । सन् १९९६ मा पनि यस टोलीले भुटान नरेशसँग भेट्ने औपचारिकता पूरा गऱ्यो ।

मृत्यु भन्दा केही महिना अघि ९ सेप्टेम्बर २०१५ मा अशोक सिंहलले अमेरिकाको वर्सेस्टर (म्यासाच्यूसेट्स) मा 'हिन्दू सनातन सेवा समाज' को एउटा समारोहमा भाग लिए । कार्यक्रमको आयोजना अमेरिकामा बसेका भुटानी शरणार्थीहरूले गरेका थिए । त्यहाँ आफ्नो सम्बोधनका क्रममा उनले भने, 'नेपालीभाषी भुटानी नागरिकलाई हिन्दू धर्मको पालना गरेकै आधारमा उनीहरू देशबाट निकालिएका हुन् ।' त्यसपछि उनले नेपालमा स्थित शरणार्थी शिविरमा शरणार्थीहरूले सामना गर्नु परेको अप्ठेरोबारे वर्णन गरे । त्यसपछि

उनले 'अनेकौँ कठिनाईका बावजुद आफ्नो संस्कृतिलाई जोगाएको र हिन्दू धर्मको मार्ग नछोडेको' भन्दै नेपालीभाषी भुटानीहरूको प्रशंसा गरे । त्यसपछि उनलाई कसैले ६ बर्षसम्म सन् १९९८ देखि २००४ सम्म उनकै विचारधारामा चलेको वाजपेयीको सरकार हुँदाहुँदै पनि शरणार्थीहरूलाई भारत सरकारले सहयोग किन नगरेको भनेर सोध्यो ।

भारतका हिन्दूवादी नेताहरूलाई प्रभावित पार्नका लागि टेकनाथ रिजालको १०२ पृष्ठको पुस्तक प्रकाशित भयो, जसको शिर्षक थियो- *विश्व हिन्दू जगतले ध्यान देओस: लोकतान्त्रिक दक्षिण एशियामा भुटानी राजाको बर्बरता ।* आवरण पृष्ठको तल्लो भागमा टेकनाथ रिजाल भन्दा माथि दुई पंक्तिमा लेखिएको थियो- 'भूटानबाट निष्कासित १० बर्ष जेल यातनाभोगी हिन्दू सांसद' । पुस्तकमा अन्य विषयका साथै हिन्दूहरूमाथि भई रहेको अत्याचारलाई विशेष गरी उल्लेख गरिएको छ। तर, भारतका हिन्दूवादी नेताहरूलाई यसले खासै प्रभाव पार्न सकेन। भुटानमा उनीहरूको रुचि राजासम्म मात्रै सीमित थियो । यसै कारण 'दुश्मन कम्युनिस्ट चीनसँग भारत जोगिएको छ' भन्ने भाष्य त्यसको मुख्य धार हो ।

सन् २००८ सम्ममा शरणार्थीहरूको समस्या लगभग समाप्त भयो । शिविरमा मुस्किलले ६ देखि ७ हजार बाहेक अन्य सबै विदेशमा स्थानान्तरित भए । एकजना शरणार्थी पनि भुटानद्वारा बनाइएको त्यस वर्गमा पर्न सफल भएनन्, जुन वर्ग 'वास्तविक भुटानी' भनेर परिभाषित गरिएको थियो ।

सन् २०१४ मा भारतमा नरेन्द्र दामोदर दास मोदी प्रधानमन्त्री तथा सरकार प्रमुख र गृहमन्त्री अमित शाह भएको बेला खुबै जोशका साथ भारतको नागरिकता कानुनमा संशोधनको घोषणा गरे । यस अन्तर्गत पाकिस्तान, अफगानिस्तान र बंगलादेशका हिन्दू, बौद्ध, सिख धर्मका व्यक्तिलाई भारतमा नागरिकता दिइने छ भनी कानुन बनाए । तर, यसमा भुटानको कतै पनि उल्लेख छैन, जबकि उनीहरूकै परिभाषा अनुसार एक लाख भन्दा धेरै हिन्दूहरूलाई भुटानका राजाले जवर्जस्ती देशबाट लखेटेका थिए । उनीहरूको नागरिकता समाप्त गरिदिएका थिए र उनीहरूले विदेशमा शरण लिनु परेको थियो । **यहीँनेर 'हिन्दूहरूलाई हित-रक्षा' गर्ने मोदी-शाहको पाखण्ड पनि छताछुल्ल हुन पुग्छ ।** वास्तवमा यो 'हिन्दू हितरक्षा' को पर्दा पछाडि मुसलमानहरूप्रति घृणा फैलाउने राजनीतिले काम गर्ने गर्छ। यहाँ के विषयलाई प्राथमिकता साथ हेरिन्छ भने यस 'हित-रक्षा' षडयन्त्रमा कुन हदसम्म मुसलमान समुदायको भर्त्सना गर्न सकिन्छ। भुटानका

असहाय नागरिकलाई प्रताडना गर्ने सत्ता यदि कुनै मुसलमानका हातमा हुन्थ्यो भने उनीहरूलाई यहाँ राख्नुको फाइदा पनि हुन्थ्यो होला । थाहा भएकै कुरा हो भुटानी नागरिक हिन्दू हुनुसँग वर्तमान भारतीय सत्ताधारीलाई कुनै सरोकार छैन । उनीहरूको खास सरोकार यिनीहरूबाट हिन्दूत्वको मुस्लिम विरोधी एजेण्डालाई बल पुग्छ कि पुग्दैन भन्ने नै हो ।

भुटानी शरणार्थी, जो आज प्रयन्त आफ्नो देश फर्किन सकिन्छ कि भन्ने आशमा शिविरमा छन्, उनीहरूले फेरि एकचोटी आफ्ना नेताहरूसँग, भविष्यका लागि के योजना छ ? अबको संघर्षको मार्गचित्र के हो ? भनेर सोध्नु पर्ने हुन्छ । हिन्दू भएकै आधारमा भारतले कुनै न कुनै दिन सहयोग गर्छ भन्ने भ्रमबाट जबसम्म उनीहरू मुक्त हुन सक्दैनन्, त्यतिन्जेलसम्म उनीहरूले संर्घसको नेतृत्व गर्न सक्ने छैनन् । यसैकारण भुटानी जनताको संघर्षमा रोङथोङ किन्ले दोर्जीको प्रासंगिकता झनै बढ्न जान्छ । यसैकारण भारतका सत्ताधारीले पहिले नै उनलाई थ्रेट महशुस गरिसकेका थिए । भारतका हिन्दुहरूलाई अरुसँग भन्दा धेरै खतरा दोर्जी नामक व्यक्तिसँग थियो । र, उनैसँग धार्मिक पन्थ र कर्मकाण्ड भन्दा अगाडिको दृष्टिकोण थियो । संसारको जुनसुकै फासिस्ट सत्तालाई कुनै पनि कालखण्डमा तपाईं विचारधारा-शून्य हतियारले पराजित गर्न सक्नु हुन्न किनभने फासिवाद आफैमा एउटा विचारधारा हो । र, त्यसको सामना विचारधाराले नै गर्न सक्छ ।

**आनन्द स्वरूप वर्मा**
नोएडा, नयाँ दिल्ली, भारत ।
५ अप्रैल २०२३

## परिचय

**आनन्द स्वरूप वर्मा** भारतका एक वरिष्ठ पत्रकार तथा सामाजिक कार्यकर्ता । भुटानी शरणार्थीको संघर्षमा एक्यवद्धता व्यक्त गर्न तथा शरणार्थीहरूको समस्यालाई व्यापक ढंगले जनमानसमा पुर्‍याउनका लागि सन् १९९१ मा गठित **'भुटान सोलिडारिटी इण्डिया'** का संस्थापक । *समकालीन तीसरी दुनियाँ* का सम्पादक । तेस्रो विश्वका देशहरूमा भई रहेका साम्राज्यवाद विरोधी संघर्षका अध्येता । अफ्रिका, नेपाल र भुटानको प्रजातान्त्रिक संघर्षमा विशेष दखल । विश्व विख्यात कयौँ पुस्तकको अनुवाद र सम्पादन ।

# किताबको आधारभूमि

मानिसको चोला लिएर यस धरतीमा जन्मिनु र प्रकृतिको सुन्दर रचनाहरूसँग खेल्न, रमाउन र उपभोग गर्न यो अनमोल जीवन वरदान स्वरूप पाएकोमा आफूलाई धन्य ठान्दछु। यस धरतीमा भएका मानिसका मनोवाञ्छित आकांक्षाहरू र मानव-जीवन सम्बन्धका दार्शनिक विचारधाराहरूबाट प्राप्तव्य बौद्धिक लाभ एकतर्फ र अर्कोतर्फ सोही मानिसमाथि मानिसद्वारा नै हुनेगरेको शत्रुता, शोषण र अत्याचारका ताडनहरू झेल्दै अप्ठेरो समस्याहरू पार गर्दै मानिसको सग्लो उद्देश्यप्रेरित भावना र सर्वजित चाहाना, प्रेम एवं आत्मीय सम्बन्धहरूको अनुभूति गर्न पाएकोमा जन्मदिने **बाबा-आमालाई** धन्यवाद चढाउँछु । जन्मेदेखि अनेकौँ चुनौतीहरूको सामना गरी हिड्दै जादाँ यो मानिसको जुनी **'जन्म र मृत्यु'** दुवै सत्यतालाई मेरो साधारण ज्ञान र शक्तिको पराकाष्ठातक बुझ्न सक्ने भएकोछु। केही हदसम्म आफूलाई सम्हाल्न सक्ने बौद्धिक लाभ पनि बटुलेको छु। त्यसैले यति सुन्दर, पराक्रमी र सौभाग्यप्राप्त मानिसजातिको सृष्टिकर्ता त्यो सर्वज्ञाता वैज्ञानिक, सर्वशक्तिमानको अनुग्रहलाई धन्यवाद ज्ञापन गर्दछु।

यो पुस्तक विश्वका नरनारीहरूप्रति विशेष रूपमा समर्पित छ । यद्यपि, यो पुस्तक जीवन दिने बाबा-आमा, शिक्षा दिने मेरा गुरुजनहरू र समाजप्रति पनि समर्पण गर्न चाहान्छु। **भुटान** लगायत लेवनाम, सुडान, सोमालिया, कोङ्गो, अफगानिस्तान, प्यालेस्टाईन, म्यानमार, बंगलादेश, सिरिया, बुरुण्डी, युक्रेन आदि देशहरूबाट बर्बरतापूर्वक लखेटिएका मानिसहरू आफ्नो देशमा फर्केर न्यायसङ्गत जीवन जिउन पाउन भन्ने पनि मेरो पुस्तक लेखनको अभिप्राय हो।

मानिसको यस धरतीको माटोसँग जसरी नाता-सम्बन्ध रहेको हुन्छ त्यसरी नै भुटानको माटोसँग नेपाली जातिको सम्बन्ध छ । हाम्रो जाति लोत्सम्पाको

इतिहास भुटानसँग सम्बन्धित छ । तर विडम्बना, भारत अधीनस्थ भुटानको शाही सत्ताले हाम्रो जातिको पहिचानलाई मास्ने प्रयास गरिरहेको छ । त्यसैले यस्ता शासकको बर्बरता सामना गर्दै पुर्खाहरूको रासोबासो गाथाले गुञ्जिएको देश भुटानको निश्चयताको इतिहास लेखिरहेको छु । किनकि 'यही माटोको मलजलबाट मेरो जीवनको उद्भाव भएको हो ।' परन्तु समयको भवितव्य कसले जानेको हुँदो रहेछ र, आज म जस्ता हजारौं भुटानीहरू देशबाट लखेटिएका छन् । हेर्दा-हेर्दै भुटानका रमाइला गाउँघरहरू स्वेच्छाचारीको दुष्कर्मले उजाड बनेका छन् ।

सरकारको दमनकारी कदमले देशविहीन बनाईएका शरणार्थीहरू अन्ततोगत्व विभिन्न देशहरूमा पुनर्वासित भएका छन् । जुगानुजुग अन्धकूप व्यवस्थामा रहेका भएपनि भुटानीहरूलाई पश्चिमी मुलुकका मानिसहरूसँग बराबरीमा आउन समय लाग्ने छैन, कारण मानव-जीवनको महिमा एवम् बुद्धितत्वमा लोत्सम्पाहरू सभ्य छन् । सभ्य छन् भन्नुको अर्थ सभ्यता र विकास दुई भिन्न निजी विशेषता भएका यस ब्रह्माण्डका प्राकृतिक वृत्ति **सत्व, रज र तम गुणहरू हुन्** । वस्तुत हामी सत्वगुणको रसपानसँग जीवनलाई सही अर्थमा जिउन चाहाने मानवजाति हौं । हामीमा मानवताको परिमाण कमि हुनु अस्वभाविक हुनजान्छ । निश्चित रूपमा भुटानबाट लखेटिएका नेपालीभाषी शरणार्थीहरू मानवीय कर्म तत्वमा सभ्य छन् भनी कथन गरिएको हो ।

मानिसको शुद्ध अन्तर्रात्माले रज र तमका गुण र अवगुणहरू भिन्न हाम्रो जीवनलाई सात्विक मार्गमा चल्न निर्देशित गर्दछ । यसमा सामान्य भाव-विचार यस्तो छ- 'विकासको उत्कर्ष अवस्थामा भएर पनि भौतिक वस्तुको आडको दम्भमा जहाँ मानिसले मानिसकै अवहेलना गर्दछ, जहाँ मानव-जीवनप्रति करुणा छैन, जहाँ व्यस्तताकासाथ एकलकाँटे समाजिक परिवेश छ, उसको सुरक्षाको लागि मानिसहरू आधिकारिक रूपमा नै किन नहोस बन्दुक बोक्छन् त्यस्तो परिवेशमा 'सत्व' गुणको आभास हुँदैन । अरुको अस्तित्वलाई स्वीकर गर्न नसक्नेहरू असभ्य, असत्य र अमानवीय हुन्छन् ।'

मानिस कुनै पनि देशका हुन सक्छन्, उनीहरूसँग विकासका उचाई र सुख-सुबिधाहरू प्रशस्त हुन सक्छ, नेपाल र भुटान जस्ता अल्पविकसित देशका मानिसले विकासका सुविधाहरू देखेका पनि नहोलान् तर पनि विकसित देशका

मानिसहरू सभ्य हुन्छन् भन्ने मनमाफिक भरोसा गरिहाल्न सकिदैन । मानिस-मानिसबीच प्रेम, बन्धुत्वको श्रेष्ठ भावना, चौतर्फी शान्ति-सुरक्षा र सुखको अभिलाषा विद्यमान् हुनु र हाँसी खुशीको साथ जीवन बिताउने संस्कृति बोकेको समाज नै सभ्यताको पहिलो परिचायक हो । भुटानीहरू, विशेष गरी नेपालीभाषी-गोर्खा-जनसमुदायहरू सभ्य छन् भन्नुको आशय मानिसका अमर्त्य मानवीय चिन्तन र सद्गुणहरू उनीहरूमा पाईन्छ । तदनुसार भुटानका गाउँहरू देवी देउराली, बालककालमा पढ़ेको सिब्सुको पिन्जुली प्राईमरी स्कुल, सिमानाको जलढाका-नदी अनि मलाई हुर्काउने कुमाईको माटोले पनि यही दीक्षा दिएको छ।

म सानो छँदा हजुरबाको जन्मस्थान कुमाईमा आफ्नो मातृभाषा, संस्कृति र समाजको परम्परासंग हुर्कंदै गएँ। बालापनमा सिब्सुको पिन्जुली प्राईमरी स्कुल छोडेर कुमाई जानुपऱ्यो । स्कुलमा मित्रहरू विभिन्न जातिहरूबाट थिए । उनीहरूसगंको हितैषी सम्बन्ध आज पनि छ । भुटानका विभिन्न जनसमुदायहरूबीच हितकारी सम्बन्ध थियो । हामी जोङ्खा, नेपाली, हिन्दी र अंग्रेजी भाषाहरू बोल्न सक्थ्यौं । जोङ्खा र सार्छोप बोल्नमा नेपाली जाति लोत्सम्पालाई अलिक कठिन भएपनि सिक्ने प्रबल-इच्छा थियो । विविधतामा एकता नै भुटानीहरूको परिचय थियो । हामीबीच कुनै पनि प्रकारको भेद्भाव थिएन । उत्साह, उमंग र हौसलाकासाथ विभिन्न निकायहरूमा आफ्नो दक्षता अनुसार राष्ट्रको सेवामा थियौं । यद्यपि, साधारण जनताका छोरा-छोरीहरू जतिसुकै ज्ञानी, सक्षम र ईमान्दार भएपनि एकल हुकुमी शासन भएको भुटानमा दरबारका परिचरहरू अतिरिक्त साधारण नागरिकहरू राजाको आर्शीवादबिना महत्वपूर्ण स्थानमा पदोन्नति हुँदैनथ्यो ।

देशमा लागु गरिएको कानुन 'चावासुम' (राजा-राजतन्त्र-राज्य) बमोजिम जनताले सरकारको कुनै पनि नीतिमाथि प्रश्न गर्न नपाउने भएकोले सरकार व्यवस्थाका सबै निर्देशक सिद्धान्तहरू दरबारको आवश्यकता अनुसार हुन्छ । 'चावासुम' भुटानको व्यवस्थापिका सभाद्वारा पारित विधेयकहरू जस्तै कानुनले बाँधिएको प्रतिज्ञा-प्रथा भई भुटानी जनतामा स्थापित छ जसको विरोध गर्नेलाई देशद्रोहीको अभियोग लाग्छ, उसलाई मृत्यु दण्ड हुन सक्छ । यस्ता नीतिहरूको अभिप्राय स्पष्ट छ कि राजा नागरिकहरूको सुरक्षा र उत्तरोतर प्रगतिमा विचारणीय छैन । बेला-बखत राजा-रानी खेल मैदानमा, चाडपर्वमा गाउँलेहरूसँग रमाईरहेको, भात बाँडेको दृश्यहरू देख्नमा आउँछन् तर यी सबै

अन्तर्राष्ट्रिय समुदायलाई छकाउने धन्दाहरू हुन्, सत्य होईनन् । भुटानीहरू विवश छन् दरबारप्रति गुनासो पोख्न सक्दैनन् । भुटान दासत्वको अन्धकूपमा भएको परिदृश्य यहीबाट छर्लङ्ग हुन्छ ।

भुटानका विभिन्न जात-जातिका नागरिकहरू सन् १९८४ पहिला एक अर्काप्रति कुनै पनि प्रकारको द्वन्द्व नभएको शान्त कालखण्डमा आफ्नै कलाकौशल र अन्तर प्रज्ञामा आश्रित निर्भिकतापूर्वक जीवन बिताउँदथे । यसको अर्थ भुटानीहरू सुशासित व्यवस्थाका साथ आधुनिक सुविधाहरू सहस्र उपभोग गर्न पाएका, प्रचुर शिक्षित र प्रशन्नतामा छन् भन्ने होइन । आफ्नै घरभित्र हृदयका अन्तस्करणमा चर्किएका विक्षेपलाई बुझाएर मौन अवस्थामा शिष्ट र सौम्य प्रकृतिमा रहन्थे । संसारका परिवर्तनहरूसँग अनभिज्ञ थिए । आज विगतका ती दिनहरू सम्झेर मूल्याङ्कन गर्दा भुटानीहरूको जीवन अत्यन्तै दुखद थियो । दरबारीयहरू बाहेक साधारण जनता निरूपाय अवस्थामा थिए । सरकारमाथि भरोसा नराखी आफ्नै आयस्रोतमा रहन्थे, यो उनीहरूको बाध्यता थियो । सन् १९९० मा जनताले निरङ्कुश नीतिहरूको विरुद्ध आवाज उठाउन साहास गरेपछि मात्र अन्धकूप देशको पर्दा खोलिएको हो । त्यसैको प्रभावमा आज केही परिवर्तन भएको छ । तर आजको परिवर्तनले देशमा नक्कली प्रजातन्त्रको हुङ्कार गर्ने एउटा वर्गलाई मात्र आनन्द भएको छ र त्यही वर्गको कारण देशमा अन्यौलको वातावरण सिर्जना गरिएको छ ।

म एक सरकारी जागिरे मान्छे भएकोले पोस्टिङ हुँदै जाँदा साम्डुपजोङखर, याङ्फुला, दामथाङ, हा, थिम्पु, लुङतेन्फु, गेलेफु आदि रमाईलो ठाउँहरूमा पुगें । त्यहाँ विभिन्न अवस्थाहरूबाट आएका मित्रहरूसँग मिलेर काम-कर्तव्य पूरागर्दै रमाईलो परिवेशभित्र थिएँ । विभिन्न जातिहरू भएको देशमा भाषा, संस्कृति र धर्महरू पनि फरक-फरक हुन्छन् तर भुटानीहरूबीच एकता र सद्भावना थियो । सबै भुटानीहरू गाउँको रमाईलो वातावरण र सुन्दरतासँग खुलेर रमाउँथे । आफ्नो पारिवारिक अवस्था जस्तो भएपनि देशको उत्तरोत्तर प्रगतिका उद्देश्यले सबै पक्षका बुद्धिजीवीहरूसँग आफ्ना सङ्कल्पका कुराहरू गर्थ्यौं । देशलाई सुन्दर बनाउन सके गौरवान्वित हुन्थ्यौँ भन्ने सपना देख्थ्यौं । देशको सेवामा जीवनलाई उच्चस्तरमा पुऱ्याउने सपना बोकेर आफ्नो कर्तव्य पूरा गरिरहेको थिएँ । परन्तु सन् १९९० मा देशमा ठूलो विध्वंस हुनेछ, सरकारले जनतामाथि

घोर अत्याचार गर्नेछ भन्ने नियोजित षड्यन्त्र थाहा थिएन। *घरपरिवार बिल्लीबाठ पार्ने, नागरिकता खोस्ने, घर जलाउने, छोरी-चेली बलात्कार गर्ने, सम्पति लुट्ने, जेलमा यातना दिएर मार्ने र देशबाट लखेट्ने अत्याचारी सरकारको कमाण्डर आफूले श्रद्धासँग पुजेका राजा नै हुनेछ भन्ने भुटानीहरूले कल्पना पनि गरेका थिएनन् ।*

जन्मेपछि एकदिन मर्नैपर्छ। जन्म र मृत्यु बीचको समय मानिसको लागि महत्वपूर्ण हुन्छ। यही समय अवधिभित्र संसारमा उसको परिचय हुन्छ। मानिसले अग्रगामी संसारको परिकल्पना गर्न सक्छ, त्यसको सिर्जना गर्न सक्छ संसारलाई शान्त र सुन्दर राख्न सक्छ । आजको विश्व परिवेश र विकासका उचाईहरू यसका ज्वलन्त उदाहरणहरू हुन् । कमजोरहरूलाई सहयोग गर्नु मानिसको धर्म र कर्तव्य पनि हो । संसारका विद्वानहरू, लेखकहरू, गौतम बुद्ध जस्ता महात्माहरू सबैले मानिसको सेवागर्नु सर्वश्रेष्ठ कर्म हो भनेका छन् । गौतम बुद्धले *'संसारमा जन्मेपछि भोग्नुपर्ने अनेकौं प्रकारका पीडाहरूको बन्धनबाट मुक्तहुन मानिसले रिसराग, शंका, डाह, लोभलालच र आडम्बर त्याग्नुपर्छ भनेका छन् । मानवजीवनको अर्थ हाम्रो कर्मले निर्माण गर्ने हुनाले कर्मप्रति ध्यानमग्न हुनु परमावश्यक छ'* भन्नु भएको छ। बुद्धले मानव प्रेम र सद्भावको जीवनसगैं मुक्तिको मार्गमा चल्न संसारलाई सन्देश दिएका छन् ।

भुटानमा 'वाङचुक राजतन्त्र' हुनुभन्दा शताब्दिऔं पहिलादेखि विभिन्न उद्योग पेशाका शिल्पकलामा निपुणहरू, कृषि क्षेत्रका विज्ञहरू नेवार, गुरुङ, मगर, तामङ, गिरी, पुरी, भारती, भोटे, सेर्पा, डोया, भुजेल, सुब्बा, लेप्चा, किरात राई, छेत्री, बाहुन, कामी, दमाई, उराव, सार्की, सार्छोप लगायत तिब्बती मूलका मानिसहरू भुटानमा थिए **भन्ने** प्रमाण इतिहासमा पाईन्छ। सन् १९०७ मा **'उगेन वाङचुक'** राजा हुनुमा यही मानिसहरूको सहयोग थियो । तर आज उहीँ मानिसहरूको जीवन प्रताडनाले दुखिरहेको छ। भविष्य समयले बताउने हो तर भुटानका अवसरवादी शासकले पहिले देखिनै निमुखा नागरिकहरूमाथि अमानवीय व्यवहार गरी देशबाट लखेट्न षड्यंन्त्र गरिरहेको थियो ।

बौद्ध धर्मगुरु **साब्डुङ**को मृत्युपछि देशको शासन व्यवस्था कमजोर हुनगयो। टोङसा पेन्लप् **उगेन वाङचुक** धेरै महत्वाकांक्षी थिए । सन् १९०७ मा बृटिशको दावेदारीमा उनी भुटानको राजा भए । शासक जो भएपनि सबै सुरक्षित रहुन भन्ने भुटानीहरूको चाहाना थियो । तर भुटानमा सन् १९०७ पछि साधारण

जनताले खुलस्तरूपमा बोल्न पनि नपाईने अवस्थाको सिर्जना भयो । साब्ड्रुङपछि भुटानमा निरङ्कुश शासन सुरु भयो । सार्छोप जातिलाई राजनीतिक क्षेत्रमा दमन गर्न अवतारी साब्ड्रुङलाई एकपछि अर्कोको हत्या गर्न थाले । **सातौं** साब्ड्रुङलाई **दोस्रो** राजा जिग्मी वाङचुकले सन् **१९३१** मा **तालो गुम्बा** पुनाखामा सबैको सामु हत्या गरे । **आठौं** साब्ड्रुङलाई **तेस्रो** राजा जिग्मी दोर्जी वाङचुकले सन् **१९५४** मा टासिगाङमा रहष्यपूर्ण तरिकाले हत्या गरे । **चौथो** राजा जिग्मी सिगें वाङचुकको शासन कालमा **नवौं** साब्ड्रुङको सन् **२००३** मा भारतको पश्चिम-बगांल राज्यको मालबजारमा खाना खाएपछि विमार हुदाँ भेल्लोरमा उपचारको क्रममा मृत्यु भयो । भेल्लोरका डाक्टरहरूको विष सेवनको कारण वहाँको मृत्यु भएको हो भनी रिर्पोटले पुष्टि गरेको छ । यो रहस्यमय मृत्युको पछि को होला ? सत्य अझै ओझेलमा छ । सार्छोप जातिले दरबारका षड्यन्त्रहरू बुझेका छैनन् । सार्छोपहरू विशेष गरी बौद्ध धर्मवालम्बी भएकाले उनीहरूको धर्मसंस्कृति ङालोङ जातिको मौलिक स्वभावसँग पनि मिल्ने हुनाले सार्छोप जातिले ङालोङ समुदायलाई साथ दिनेछ भन्ने राजनीतिक आरक्षण र विश्वासमा ङालोङ राजाले हिन्दु धर्मावलम्बी (लोत्सम्पा) नेपाली जातिमाथि अत्याचार गरेको बुझिन्छ । राजदरबारको यस्तो आशय देखिएतापनि भित्री **वशीकरण** भने सार्छोपलाई राजनीतिक रूपमा कमजोर बनाउनु नै हो भन्ने कुरा यी सबै घटनाक्रमहरूबाट स्पष्ट हुन्छ ।

सरकारको अत्याचारमा निमुखा जनताले देश गुमाएका छन् । सन् १९९० को अत्याचारमा केहीको देशभित्र मृत्यु भएको थियो भने धेरै मानिसहरू देशबाहिर शरणार्थी शिविरमा मर्नु परेको थियो । तर बुद्धिस्ट राजाको हृदयमा बुद्धत्व देखिएन । देशको सेवामा आनन्दित जीवन बिताउने मेरो सर्ब सपना पूर्णखग्रासको चन्द्रझैं भएको छ । यस्ता आपदहरू सम्झँदा छातिमा बग्ने रगतको कण-कणले तानाशाहको विरोध गरिरहेको महसूस हुन्छ । छोरा-छोरीहरूको आँसुले पोतिएको अनुहार सम्झदा बिद्रोहको ज्वाला उठ्छ । सरकारले निहत्था जनतामाथि बन्दुक चलाउँदा जनताले पनि प्रतिरक्षा र न्यायको लागि हतियार उठाउन सक्छ भन्ने तर्कहरूको आवाज मनको अन्तःस्करणमा सुनिन्छ । मनमा बिद्रोहका तरङ्गहरू उब्जिए तापनि जनताले न्याय पाऊन भन्ने मात्र आशय हो । खोई हाम्रो आवाज सुनेको ? विश्व किन नबोलेको ? छिमेकी भारत किन मौन छ ? हामी यिनै प्रश्नहरूको उत्तर खोजी रहेका छौं । यही हो भुटानीहरूको हृदयमा चर्किरहेको अन्तरआत्माका फिराद ।

भुटान आफैले सिर्जना गरेको शरणार्थी समस्या समाधान गर्न चाहिरहेको छैन । सत्ताको सिंहासनमा बस्नेले शक्तिमत्ता भई जनताका समस्या पन्छाउनु ठीक होइन । यसको न्यायोचित निवारण हुनुमा देशको भलो हुन्छ । नेपाल, यू.एन.एच.सी.आर. र अन्तर्राष्ट्रिय समुदायले भुटानलाई सुझाव र सहयोग गर्दापनि भुटानले नागरिकहरूमाथि गरिएको अत्याचारलाई बेवास्ता गरी यथास्थिति राख्ने नीति अवलम्बन गरेको बुझिएको छ । जबसम्म जनतामाथि उचित न्याय हुँदैन, देश सोही विषयमा उदि्वग्न रहिरहनेछ । सरकारका भ्रष्ट पदाधिकारीहरूको कारण देशको सार्वभौमसत्ता र जनता पनि सङ्कटग्रस्त घेरामा पर्नेछन् ।

भुटानीहरूले शिर खडा गरेर बाँच्नको लागि देशमा सकल प्रजातन्त्र स्थापित हुनुपर्छ । नक्कली प्रजातन्त्रले देश र जनताको भलो गर्दैन । सरकारमा राजदरबारको संलग्नताले जनताको अधिकार खोस्नु र देशको ढुकुटी रित्याउने कार्य गर्छ । भुटानीहरूले जानेर-बुझेर पनि बुझ् पचाउनु ठीक हुँदैन । राजा आफ्नो जातिको छ भनेर कुनै पनि जनसमुदाय मक्ख र ढुक्क भएर बस्नु पनि ठीक होइन । राजाका यातना भोग्नेहरू सबै जातिहरूमा छन् । आफन्त भेट गर्न गएका शरणार्थीहरूलाई कैद गरिएको छ । मानवअधिकार कार्यकर्ताहरूलाई जेल हालिएको छ । परिवर्तनशील सोच भएका ङालोङ बुद्धिजीवीहरूलाई रातारात गायब गरिएका छन् । उनीहरूका परिवारजन भयाकूल अवस्थामा बर्षौंदेखि जेलमा छन् । भोग्नेहरूलाई थाहा छ भुटानमा सनकी तानाशाह छ । हामीलाई सौम्य सक्कली सङ्घीय भुटान चाहिएको हो । जहाँ जाति, भाषा, रंग र धर्मको आधारमा कसैलाई पनि भेद्भाव हुनेछैन । दु:खदायी निरङ्कुशता हटाएर देशमा शान्ति ल्याउन भुटानीहरू एक हुनैपर्नेछ । सबै जटिलताहरूको मूल्याङ्कन गरी बौद्धिक समाजले देशप्रति सेवा पुऱ्याउन बोल्नुपर्ने हुन्छ । भुटानबाट लखेटिएका नागरिकहरू विभिन्न देशहरूमा पुगे अब सन्चो भयो भनी सोच्नु ठीक होइन ।

माथि उल्लेखित् सन्दर्भसँग **नेपालको बारेमा** पनि दुई शब्द जोड्न चाहान्छु । **नेपाल** नेपालीहरूको देश हो । नेपाललाई चोट लाग्दा विश्वमा रहेका सबै नेपालीहरूलाई दुख्छ । भुटानबाट लखेटिएका नेपालीभाषी शरणार्थीहरूको नेपाल, भुटान र भारतसँग अटूट सम्बन्ध छ । यी देशहरूसँग पूर्वजहरूको रगत र पसिनाले रुझेको माटोको नाता छ । जसलाई विस्तारसँग लेखिरहनु पर्दैन । विश्वमा भुटान र भारत देशको नाम उत्पति हुन अगावै हाम्रा पूर्वजहरू यी

भूभागहरूमा थिए । तदनुसार जसरी विभिन्न जातजातिका मानिसहरू मिलेर एउटा देश समृद्ध हुन्छ त्यसरी नै नेपालीहरू मिलेर नेपाल सुसम्पन्न र शक्तिशाली हुन सक्छ ।

मेरो विवेक अनुसार यदि नेपालीहरू साँच्चि नै नेपाल देशको सुरक्षा गर्न चाहान्छन् अनि विकसित, समृद्ध एवं उच्च छवि भएको नेपालमा बाँच्न चान्छन भने भ्रष्ट र **पराश्रित** दलाल राजनीतिज्ञहरूलाई देशबाट निर्मूल गर्नुपर्छ अनि देशको कानुन व्यवस्था सुस्पष्ट उदेश्य र इच्छाशक्तिले अगाडि बढाउनु पर्दछ । नेपालको समस्याको जड 'अयोग्य, स्वार्थी तथा **देशद्रोही** राजनीतिज्ञहरू नै हुन्' । देशप्रतिको माया भन्दा साँघुरो स्वार्थमा लिप्त नेताहरूका कारण नेपालको सामरिक अवस्था कमजोर भएको र देश विकासमा विभिन्न बाधा र अडचनहरू आईपरेको कुरा बुझ्न गाह्रो छैन ।

देश, काल र परिस्थिति अनुसार सादृश्य भएका दृष्टान्तलाई बुझेर हिमाल, पहाड, तराई-मधेशमा बस्ने नेपालीहरूले आफ्नो देशको लागि विवेकपूर्ण विधिमा एकतावद्ध हुनुपर्छ । भ्रष्टाचारमुक्त नेपाल, राजनीतिक विशुद्धता एवं एकताको जग बसाउनुपर्छ । राजनीतिज्ञहरूले देश र जनताको सेवक बनेर सेवागरे विश्वमा नेपालको सान, मान अवश्य झल्कनेछ । नेपालले भुटानी शरणार्थी बारेमा भुटानसँग सशक्त रूपमा कुरा गर्न नसक्नुको मूल कारण राजनीतिक नेतृत्वमा नैतिकता नहुनु हो ।

विश्वमा जगजाहेर छ - 'भुटान दोषी छ' । तर पनि नेपाल सरकारले भुटानी शरणार्थीलाई स्वदेश फर्काउने सम्बन्धमा केही गर्न सकेको छैन । यी सबै विषयहरूले नेपालमा ईमान्दार र सक्षम नेतृत्वको अभाव प्रष्ट हुन्छ । भुटानलाई उसको जिम्मेवारी बोध गराई शरणार्थी फिर्ता गराउन सकिने माध्यमहरू धेरै छन् तर, नेपालले दरिलो कुटनीतिक कदम चालेन । भारत र चीन असल छिमेकीहरू हुन् । उनीहरूबाट सहयोग माग्न सकिन्छ तर नेपालका नेताहरू छिमेकी देशका नेताहरूसँग आँखा जुधाएर बात गर्न पनि सक्दैनन् । भारतको मलजलमा हुर्केका राजनीतिक नेताहरूले भारतसँग भुटानी शरणार्थी समस्या छलफल गर्न नसकेर भुटानको निरङ्कुश सरकारसँग घुँडा टेक्नु भनेको नेपालको लागि शरमको कुरो हो ।

भुटानले लखेटेका शरणार्थीहरूमध्ये ९८ प्रतिशत नेपालीभाषी र लगभग २ प्रतिशत छ्याङ्लाभाषी सार्छोपहरू छन् । लोत्सम्पाहरू नेपालीजाति अवश्य हुन् तर उनीहरू युगौंदेखि भुटानमा बसोबास गरिरहेका नागरिकहरू हुन् । सातौं शताब्दीका **लिच्छवी वशंका राजकुमारी भृकुटीको विवाह तिब्बतका राजा श्रोङचोङ गेम्पोसँग भएको र 'गुरु रिम्पोछे पद्मसम्भव'** आदिको इतिहास साक्षी छन् । यदि लखेटिएका भुटानीहरू हिन्दीभाषी भारतीय मूलका भए उनीहरूलाई स्वदेश फिर्ता गर्नुमात्र होईन भारतले राजतन्त्र नै मासिदिने थियो । भारतीय मूलका जनताहरू पाकिस्तान, नेपाल, बगंलादेश, मरिसियस, श्रीलकां, फिजी लगायत विभिन्न देशहरूमा छन् । उनीहरूमाथि कष्ट आईपर्दा भारतले जरुरत अनुसार कडा कदम उठाउँछ । भुटानले नेपालीभाषी जनताको नागरिकता खोसी सम्पति हडपेको, बलात्कार, विभत्स हत्या, यातना, घर आगो लगाउँदै देशबाट लखेटेको दर्दनाक दृष्टान्तहरू विश्वलाई थाहा भएको हो । मन्त्रीहरू वार्ताको लागि थिम्पु गएर मनचिन्ते झोली तुम्बा सम्हालेर फर्केको कथाहरू थाहा छ ।

*नेपालका राजनीतिक दलका नेताहरू, नागरिक समाज र राजनीतिक विश्लेषकहरू २००० बर्ष पहिला भएका विश्व इतिहासका घटनाहरू वर्णन गर्न सक्षम छन् । माक्सवाद, समाजवाद र पूँजीवादलाई तराजुमा राखेर तौलन सक्छन् । तर वास्तवमा उनीहरू आफूले बोलेका कुरा आफैं बुझ्दैनन । राजनीतिक तर्कहरू व्यवहारमा देखिदैन । भारत र अमेरिकालाई विस्तारवादी र साम्राज्यवादी भनी गाली गरेर नेताहरू जनताको अघि देशभक्त भएको ढोङ गर्छन् । नेताहरू इमान्दार छैनन् । भ्रष्टाचार गरी अकुत सम्पति आर्जन गर्न, अनि राजनीतिक स्वार्थ हाँसिल गर्न वाह्य शक्तिसँग जुनसुकै प्रकारको राष्ट्रघाती सम्झौता गर्न पनि तयार हुन्छन् ।*

भुटानी शरणार्थीको पीडा पोख्दै नेपालप्रति अन्तमा लेख्दछुः 'परचक्रीको अभिप्राय र सङ्केतमा राजनीति गरी देशको शासन चलाउनु देशलाई धोका दिनु हो । नेताहरू देशको गरिमामय पदहरू राष्ट्रपति, प्रधानमन्त्री आदिमा नियुक्त भएर पनि आफूलाई गौरवान्वित् महसुस गर्न सक्दैन, खुशी हुन सक्दैन अनि ईमान्दारीताकासाथ निस्वार्थरूपमा देशको विकास र उत्तरोतर प्रगतिमा कार्य गर्नुको बदला देशहित विपरीत घृणित स्वार्थमा लिप्त रहन्छ भने त्यो मान्छे जस्तो नीच, तुच्छ र मानसिक कंगाल अर्को व्यक्ति यो दुनियाँमा अर्को हुन सक्दैन ।

यस पुस्तकमा मैले महसुस गरेको अर्को विषय पनि राख्न चाहन्छु । जो यस पुस्तकको आधारभूमि पनि हो । मनमा स्वयम् उब्जाईएका तथ्यहीन विवेचना होईनन् । *भुटान केवल एउटा जातिको देश हो अन्य जातिका विरुद्ध पक्षपाति कानुनहरू बनाएर या अत्याचार गरेर देशबाट लखेट्ने हो भने भविष्यतः यो भुटानको अस्तित्वको लागि घातक हो ।* लोत्सम्पामाथि अत्याचार हुँदा अन्य जातिहरू बोलेनन् । बोल्न सक्ने अवस्थामा हुनेहरू पनि बोलेनन् । सरकारमा पनि ङालोङ मित्रहरू छन् । अलग्गै पहिचान भएका लोत्सम्पालाई पनि बराबर न्याय हुनुपर्ने हो । हामी मिले देश बलियो हुन्छ तर यसको पनि मूल्याङ्कन भएन । हामीले आफूलाई ङालोङ मित्रहरूबाट कहिल्यै पनि अलग्गै महसुस गरेनौं । देश विरुद्ध थिएनौं । नागरिकता विषयमा न्याय मांगेका हौं । 'म' लगनशील भई आफ्नो काम-कर्तव्यमा थिएँ । सन् १९९० दिसम्बर २० तारिक टोङ्साबाट आफ्नो काम कर्तव्य पूरा गरी फर्केकै राति मलाई जेल हालेकोले कहीँ कतै पनि मेरो चित्त बुझाउने ठाउँ छैन । मेरो के गल्ती थियो ? मैले जेलबाट सबैले सुन्ने गरी भनेको थिएँ 'मित्रहरू हो, ममाथि अन्याय भईरहेको छ, मैले गल्ती गरेको छैन ।' एकदिन जोङ्दा लाक्पा दोर्जी, ले.जेनरल भाटु छिरीङ, किप्चु नामगेल (भुतपुर्व प्रहरी प्रमुख) लगायत केही अधिकृतहरू मलाई भेट्न आउनुभयो । मित्र किप्चु नामगेल जेलभित्र आउनु भएन । अन्यले मेरो कुरा सुने, कोही बोलेनन् । हामीलाई जेल हाल्दा, हाम्रा चेलीहरू बलात्कार गर्दा, घरमा आगो लगाई लखेट्दा, स्कुलका पाठयपुस्तकहरू जलाउँदा मित्रहरूको हृदयमा बुद्धत्व देखिएन । देश फराकिलो भएछ कि कसो तमासा हेरेर बसे । देशबाट लखेटिएको धेरै भई सक्यो तर पनि भुटानका सञ्चार माध्यमहरूले लखेटिएका परिवारजनहरूप्रति अझ निर्दयी भएर कटाक्ष प्रहार गरिरहेको पाउँदा, बुद्ध धर्मावलम्बीहरूले नै बुद्धलाई कुल्चेको पीडा हुन्छ ।" परन्तु यो मनले भन्छ 'भुटानभित्र रहेका भुटानीहरू दरबारको निगरानीमा रहेका हुनाले यस्तो अमर्यादित कार्य भएको हुन सक्छ । **यो म बाट सिर्जित विचार होईन । एउटा मानिसको हृदयमा समसामयिक परिस्थितिअनुसार उत्पन्न भावना हो ।**

जनताको कल्याण र देश विकासको लागि कसैको स्वार्थमा होइन, जनआकाङ्क्षा अनुसार जनताकै अगुवाईमा प्रजातन्त्र हुनुपर्छ । प्रजातन्त्रको सकल गुण र मान्यतामा सरकार निर्देशित हुनुपर्छ । भ्रष्टाचार र आर्थिक अनियमितताका जडहरू निर्मूल गरिनुपर्छ । देशको राजस्व र विकासको लागि आएका सहयोगहरू

दरबारका भण्डारेहरूमा खर्च भईरहेको छ, त्यो बन्द हुनुपर्छ। विश्व बैंकको सन् २०२० को मापदण्ड अनुसार भुटानको कूल विकास उत्पादन २.८९ बिलियन डलर बताउँछ । जसले थोरै जनसंख्या भएको भुटान एक धनी र विकसित राष्ट्रका रूपमा परिचित गर्दछ । परन्तु संयुक्त राष्ट्र संघको अध्ययनमा भुटान अति अल्पविकसित देशमा पर्दछ । राष्ट्र संघको तथ्याङ्कबाट भुटानीहरूको वस्तुत परिस्थिति नाजुक छ । कतिपय सवालमा यो तथ्य हो तर, राजनीतिक कारणले मात्र भुटानको विकास पूर्णतः तहसनहस भएको हो ।

भुटानी जनताले विकासका उपलब्धिहरू टेलिभिजन, कम्प्युटर र मोबाइल फोनसमेत धेरै पछिमात्र उपभोग गर्न पाएका हुन् । सर्वसाधारण जनताका छोराछोरीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरका चेतनामूलक शिक्षाका स्रोत र सुबिधाहरूबाट वर्जित गरिएको छ । सेना, प्रहरी र राष्ट्रिय सुरक्षा निकायहरूमा नेपालीभाषी युवाहरूलाई निषेध गरिएको छ। उनीहरू इमान्दारिता, शिक्षा र शारीरिक कमजोरीका कारण अयोग्य ठहरिएका होईनन् '**जातको कारण'** अयोग्य ठहरिएका हुन् । दुनियालाई छल्न केहीलाई मन्त्री बनाएका छन् तर ती नेपालीजाति मन्त्रीहरूले आफ्नै जातिमाथि भएका भेद्भावहरूको विषयमा बोल्न सक्दैनन् । धेरैलाई नागरिकताबाट बञ्चित् गरिएको छ तर, यस्ता विषयलाई पनि संसदमा उठाउन सक्दैनन् । जातिय पहिचानको लुगा लगाउने जोङ्खाभाषीलाई भने नागरिकता चाहिँदैन । उनीहरू खाँट्टी नागरिक ठानिन्छ । ङालोङलाई सन् १९५८ भन्दा पहिला भुटानमा बसोबास गरेको प्रमाणपत्रहरू चाहिन्दैन जातले उनी शुद्ध भुटानी ठहरिन्छन् । सरकारको नीतिमा ङालोङ बाहेक अरु अशुद्ध हुन् । ङालोङ जनसमुदायप्रति मेरो श्रद्धा र विश्वास छ । उहाँहरू पनि सरकारद्वारा उद्भव जनविरोधी गतिविधिहरूबाट प्रभावित छन् । ङालोङ, लोत्सम्पा, सार्छोप सबै एकछत्त भुटानी हौं तर सरकारले हामीलाई अलग्गै अनि तपाईहरूलाई अलग्गै व्यवहार गरेकोले मैले मूल्याङ्कनसहित विषय प्रस्तुत गरेको हूँ ।

भुटानले 'फुटाऊ अनि शासन चलाऊ' को नीति चलाई आएको छ । आज धेरै समय बितिसकेको छ, नदीहरूबाट धेरै पानी बगिसकेको छ । परिवर्तन धरतीको नियम हो । यसलाई रोक्न र मोड्न कोसिस गरे देश अराजकतातिर धकेलिनेछ । आज समय फरक छ । देशमा दिगो शान्ति स्थापित गर्न जनतामाथि उचित न्याय गर्नुपर्छ ।

मानवजातिको अस्तित्व र योगदानका इतिहास बहुधासत्य र आधारभूत भएपनि परिजनको मात्र भलो चाहने शासकवर्गले त्यस्ता इतिहास मास्ने गरेका छन् । भुटानका नेपालीजाति (लोत्सम्पा) र सार्छेपहरूको इतिहास दरबारका दलालहरू, विदेशी र छिमेकीको अधिनायकवादी कलमले लेखेका इतिहासमा दबाईएको छ। सौरेनीको बाहुन्न ढोका दरबारको इतिहासका पानाहरू मासिएका छन् । साब्डुङ र रामशाह बीच भएका 'ताम्रपत्र' सन्धिहरू मासेका छन् । यस्ता इतिहासहरू मास्नको लागि दलालहरूद्वारा इतिहास लेखाइएका छन् । जनतालाई माया गर्ने शासक कुनै पनि परिवार वा वर्गबाट किन नहोस देशको संविधानभित्र रही उदाहरणीय रूपमा असल अभिभावक भए मात्र शोभनीय हुनेछ । यस्ता विषयहरू र शरणार्थीको जीवन-वृत्तान्त सँगसँगै, भुटान लगायत विश्वका शासकहरूले मानिस विरुद्ध गरेका शोषण दमन र अत्याचारका दृष्टार्थहरू **"जनरव फिराद"** नामक यो पुस्तकमा मैले ईमान्दारीताकासाथ सुगम र सरल भाषामा लेख्ने प्रयास गरेको छु । देशभित्र र प्रवासमा रहेका भुटानी जनताको आवाजले पूर्णता पावोस् भन्ने मेरो जिकिर पनि छ। यसप्रकार लेखिएका विधर्भ तथ्यहरू पढेर पुस्तकको उपयोगिताप्रति सारभूत विचार राखिदिनु हुन सबै पाठकहरूमा विनम्र अनुरोध गर्दछु ।

यो पुस्तक तयार गर्न हौसला र सहयोग प्रदान् गर्नुहुने चन्द्रदेव जोशी (भूतपूर्व मन्त्री), लक्ष्मी जोशी, नरेन्द्र जंग पिटर संयोजक, साम्राज्यवाद विरोधी मोर्चा नेपाल च्याप्टर (राजनीतिक विश्लेषक); डा. खगेन शर्मा, सित्तम मोक्तान; रिन्छेन छिरिङ (सेना अधिकृत); गोपालसिंह विश्व (साहित्यकार, विश्लेषक); स्व. डाक्टर भम्पा राई, अरुण देव जोशी (फिल्म निर्माता) र कमल गिरी प्रति विशेष धन्यवाद टक्र्याउन चाहान्छु ।

अन्तमा जीवनको हरेक मोडमा मलाई साथ र सहयोग गर्ने मेरी श्रीमती प्रतिभा शर्मा (गिरी); छोरा-छोरी र मित्रहरू सबैलाई मुरीमुरी धन्यवाद टक्राउँदछु ।



**एन बी गिरी**

*****

# विषयक्रम


| | | |
|---|---|---|
| १. | श्रद्धाञ्जली र शुभकामना ................................................ | १ |
| २. | आमाको सम्झना ................................................ | ८ |
| ३. | शरणार्थी फिराद ................................................ | १५ |
| ४. | गोर्खाजाति तथा भुटानी-लोत्सम्पा ................................................ | ३५ |
| ५. | भुटानीहरूलाई सत्य निस्तार चिट्ठी ................................................ | ६० |
| ६. | पुनर्वास तानाशाहलाई उन्मुक्ति होइन ................................................ | ७९ |
| ७. | सकल राष्ट्रिय आनन्दः सन्दर्भ भुटान ................................................ | ९१ |
| ८. | भुटान-भारत ................................................ | ९९ |
| ९. | धर्म-भगवान र राजनीति ................................................ | ११७ |
| १०. | ईश्वर र धर्ममाथि कोभिड-१९ को प्रहार ................................................ | १६० |
| ११. | सत्य अभिव्यक्ति र मनोविज्ञान................................................ | १६७ |
| १२. | जीवनको यात्रा यहाँसम्म ................................................ | १७८ |
| १३. | प्रश्न र उत्तरहरू ................................................ | २१५ |
| १४. | नक्कली भुटानी शरणार्थी प्रकरण ................................................ | २३२ |
| १५. | शब्दार्थ/परिशिष्ट ................................................ | २३८ |
| १६. | सन्दर्भ सूची ................................................ | २४० |


*****

# श्रद्धाञ्जली र शुभकामना

श्रद्धेय भुटानी जनता एवं भुटानी जनताका शुभचिन्तकहरू सर्वप्रथम म, हाम्रा स्वर्गीय पूर्वजहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । यसमा मैले व्यक्त गरेका विषयहरू मेरा विचारका अतिरिक्त अनुभव, दुःख र भुटानी राजशाहीको क्रुरताको अभिलेख पनि हुन् ।

अबोध बाल-बालिकाहरू, दिदी-बहिनी र दाजु-भाईहरू जसले संसारमा सुखमय आनन्दित जीवनको सपना देखेका थिए उहाँहरू जो जति सहिद भए सबैलाई श्रद्धाञ्जली अर्पण गर्दछु । मेरो श्रीमती अनुका गिरी भुटान सरकारको भयानक मानसिक र शारीरिक यातनाको कारण धेरै समय अस्वस्थ भई असामयिक निधन भयो उनलाई श्रद्धाञ्जली अर्पण गर्दछु । राजनीतिक दलले टाउको काटी निर्मम हत्या गरेका कैलाश दाहाल र बलराम गिरी जस्ता विद्धान् मानिसहरू, भारतको गैरगण्डा र भुटानभित्र पनि तिनै राजनीतिक दलले मारेका दर्जनौं मानिसहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

राजा जिग्मी सिगें वाङचुक स्वयम्को उपस्थितिमा गोली हानी हत्या गरिएका उहाँकै एक होनाहार अंगरक्षक (ADC to King) क्याप्टन तरुण छेत्री (NDA/56) र फरेस्ट रेन्जर मनबहादुर देवानप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । साम्चीका विद्यार्थी मन बहादुर छेत्री, चिराङको टेकनाथ अधिकारी र डासो लिङ्पेन रिन्छेन छिरीङ जस्ता सबै सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । जेलमा मारिएकाहरू र देशबाट लखेटिएपछि नेपालको कन्काई नदीको माईधार र शरणार्थी शिविरहरूमा अघोर पीडा र अकल्पनीय दुःखकासाथ ज्यान गुमाउनेहरूको सम्झना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु ।

तदुपरान्त भुटानका जेलहरूमा यातना भोगीरहेका मानिसहरू जो अत्याचारको विरोध गर्दा कैद गरिएका छन्, उनीहरूको त्यागको कारण भुटान

तानाशाहको कैदबाट मुक्त होस् भन्ने कामना गर्दछु । त्यसरी नै विश्वका विभिन्न देशहरूमा निर्वासित भएका भुटानीहरू र नेपालको शरणार्थी शिविरहरूमा भुटान फर्कने आशा साँचेर बाँचिरहेका आमा-बुबा तथा सबै भुटानीहरूप्रति र अन्यायका विरुद्ध आवाज उठाईरहेका सबै-सबैलाई हृदयबाट धेरै धेरै शुभकामना व्यक्त गर्दछु ।

**श्रद्धेय भुटानी आमा बाबाहरू हो,**

सृष्टिको मूल माटोबाट टाढा भई बाँच्नु परेको भएतापनि दुःखी नहुनुहोला । संसारबाट विदालिने अवस्थामा राजाले देशविहीन बनाएकोमा विचलित नहुनुहोला । सन्तानका दुःखहरू अझै कति देख्नुपर्ने होला भनी मनमा पिर नलिनुहोला । आफ्नो घरमा फेरि कहिले पुगिएला, राजाले कहिले असल व्यवहार गर्ने हुन भनेर आशा पनि नगर्नु होस् । जहाँ कहीँ यो माटोमा विलाएपनि, जुनसुकै देशमा शरण लिएको भएपनि अथवा शरणार्थी शिविरमा ठहर न ठेगाना बिना अव्यवस्थित भई मर्नु परे पनि तपाईंका आत्माहरूले भुटानमा शान्ति र न्याय छाओस् भनी छोरा-छोरी र भावी सन्तानलाई आत्माबलको आर्शीवाद दिइरहनु होला । सबै मानिसहरू एकदिन मर्नुपर्छ मरेपछि राजा होस् या रङ्क सबै एकै माटो हुन्छन् । त्यसैले हामीले शिर झुकाउनु पर्ने छैन । निहत्था जनतालाई सरकारले देशबाट लखेटेको हो तर हामीले देशको माया मारेका छैनौं । हाम्रो सङ्घर्षको मूल्याङ्कन् होस्, भुटानीहरू स्वतन्त्र भएर सम्मानकासाथ शिर खडागरी जिउन पाउन भन्ने हाम्रो चाहना हो । अग्रगामी विश्वले यही उपलब्ध देख्न पाओस् । यही आर्शीवाद दिनुहोला भुटानीहरूलाई । यो लडाई एउटा जातिले मात्र लड्नुपर्ने छैन । यो लडाइँ सबै भुटानी नागरिकहरू जसले भुटानीहरूको एकतामा नै देशको सुरक्षा र विकास हुन्छ भन्ने यथार्थतालाई बुझेका छन् उनीहरूले लडनु पर्नेछ । हामी सबैलाई एउटै आशिष दिनुहोस् 'हामीले पुकारेका प्रार्थनाहरू पूरा होऊन् ।'

श्रद्धेय भुटानी विद्वान् जनसमुदायहरूमा विनम्रतापूर्वक देशको सार्वभौमिकता र सबै भुटानीहरूको कल्याणको लागि केही गर्नुपर्ने भएकोले सारगर्भित विषयहरू राखेर अनुरोध गरिरहेको छु: 'हामी एक-भई उभिनु पर्ने समय आएको छ' । देशमा कार्यरत मित्रहरू, बुद्धिजीविहरू, सेना, प्रहरी र अङगरक्षकहरू, कृषक बन्धुहरूमा सादर सम्बोधन गरी लेखिरहेको छु । यसलाई पढेर अनि बुझेर साथ दिनुहुनेछ भनी विश्वास गरेकोछु ।

**भुटानभित्रका बन्धुहरू हो,**

हामी प्रवासमा शरणार्थी हुँदा पनि तपाईँहरूलाई बिर्सेका छैनौं । तपाइँ हामी सँग-सँगै पढयौं । सँगै जीवन सुरु गऱ्यौं । मीठा-मीठा कल्पना र सपना साँचेर देशका विभिन्न निकायहरूमा लगनशील थियौं । राजा र राजतन्त्रको सेवामा जीवन समर्पित गऱ्यौं । हाम्रो मनमा यो जीवन जिउने र देशको गौरवको लागि असल कर्मगर्ने स्वच्छ भावना मात्र थियो । हामीबीच आडम्बरी मित्रता थिएन, बिरानो थिएनौं, सबै प्रेमिला मनोभाव भएका खुलस्त दिलका थियौं । सार्छोप, ङालोङ वा लोत्सम्पा सबै एक थियौं हामीबीच विश्वासको सम्बन्ध थियो । विभिन्न भाषा, धर्म र संस्कृति भएका जनसमुदायहरू भएतापनि एकै परिवारका जस्ता थियौं वैमनस्यता कतै थिएन । तर स्वेच्छाचारी शासकले तपाइँ हामीबीचको चेतनशील एवं प्रगाढ नाता सम्बन्ध तोडने, देश विखण्डन गर्ने, हाम्रो सार्वभौम सत्ता नै सङ्कट्मा पर्नेगरी 'एक राष्ट्र एक जाति' जस्तो देश-भक्षक नीति ल्याएर तपाइँ हामीलाई विभाजन गरी एक-आपसमा वैरभाव गराउने कार्य गरेको छ । दक्षिण भुटानमा बसोबास गर्ने नेपालीभाषी-लोत्सम्पाहरू जसले भुटानको सुरक्षा र विकासमा महत्वपूर्ण स्थान स्थापित गरेका छन्, जो भुटानको प्रगतिमा अग्रगामी भूमिका पूरा गर्न सक्षम् छन् उनीहरूमाथि षडयन्त्रपूर्ण आक्रमण गरी देशबाट लखेट्नुको कारण देशलाई उन्नतिको बाटोका डोऱ्याउनु होईन । तानाशाहले राजगद्दी बचाउन र देशमा आफ्नो बर्चस्व कायम राख्न जनताका अधिकारलाई सेना र प्रहरीद्वारा दबाउँछ । जनता आफ्नो कायलमा नआए अग्रगामी सोच भएकाहरूलाई षड्यन्त्रपूर्ण तरिकाले हत्या गर्छ । भुटानमा यस्ता धेरै घटनाहरू छन् जसमध्ये सावड्डङ नावाङ नामगेल, गर्जमान गुरुङ, जिग्मी पाल्देन दोर्जी, महासुर छेत्री, काङ्लुङ सेखताला, नारफुङ कोत्सा, गोमछेन कर्म, रिन्छेन छिरिङ जस्ता विद्वान्हरूको हत्या भएको छ ।

**यस सन्दर्भमा तानाशाहहरूको क्रुरताको सिलसिलामा भुटानी तानाशाही राजाको क्रुरताको लामो ऐतिहासिक तथ्यको फेहरिस्त पनि म उजागार गर्न चाहान्छु ।**

सन् **१९३०** को दशकतिर दालचन्द गुरुङको छोरा गर्जमान गुरुङ साम्ची जिल्लाका एक प्रभावशाली विद्वान् थिए । त्यो बखत टोङसा पेन्लप र पारो पेन्लप एक-आपसमा मिल्दैन थिए । उनीहरूबीच कटाक्ष दुश्मनी थियो । पारो पेन्लपको अभिमान घटाउन राजा जिग्मी वाङचुकले गर्जमान गुरुङलाई पनि पेन्लप बराबरको

पदमा नियुक्त गरे । तर पारो पेन्लप 'छिरीङ पेन्जोर' खुशी भएनन् । गर्जमानको नियुक्तिले उनी अत्यन्तै क्रुद्ध देखिए । तत्पश्चात पारो पेन्लपद्वारा गर्जमानलाई समाप्त पार्ने षडयन्त्र सुरु भयो जुन षड्यन्त्र गर्जमानलाई थाहा थिएन । पारो पेन्लपले गर्जमान गुरुङलाई हामी एक-आपसमा मिल्नुपर्छ । हामी आ-आफ्नो क्षेत्रको राजाहरू हौं । यसकारण राजा-राजा मिल्नुपर्छ भनी सर-सल्लाहको लागि सौहाद्रपूर्ण वातावरणमा सन् १९३० दिसम्बर महिनामा गर्जमानलाई **उगेन पेल्री थाङ** दरबारको उद्धघाटन्मा निमन्त्रणा भयो । पेन्लप **'छिरीङ पेन्जोर'** को निमन्त्रणा स्वीकारेर आफ्ना सहयोगीहरू लिएर गर्जमान गुरुङ १८ दिसम्बर १९३० को दिन पारो जानुभएको थियो भन्ने तथ्याङ्क छ ।

दरबारभित्र गर्जमानका सहयोगीहरूलाई एउटा कोठामा राखेर गर्जमानलाई पेन्लपसँग गोप्य वार्ता गर्न भनी अर्को कोठामा लगे । घण्टौं बितिसक्दा पनि नेता नआउँदा गर्जमानका सहयोगीहरू सोधपुछ गर्न थाले । पारो पेन्लपका सिपाहीहरूले तिमीहरूको राजा अलिक विमार हुनुहन्छ सन्चो भएपछि हामी आफै लिएर आउँछौं भनी सम्झाएर साम्ची फर्काइदिए । तर गर्जमान गुरुङ त्यो दिनदेखि कहिल्यै साम्ची फर्केनन् । त्यतिनैबेला गर्जमानलाई जोडभित्र मारेर छिपाई सकेका थिए । यो घटनाले गर्जमानको छोरा **जसराज गुरुङ** क्रोधित भए । यसप्रकारको घटनाले अनिष्ट निम्त्याउन सक्ने हुनाले राजा जिग्मी वाङचुकले जसराज गुरुङको चित्त बुझाउन साम्ची जिल्लाको **दिवान** बनाए । तर जसराज चुपचाप बस्न सकेनन् । केही त गर्नै पर्छ भनी सहयोगको लागि दौढधुप गर्न थाले । अखिल भारतीय गोर्खा लीगका अध्यक्ष श्री डम्बरसिंह गुरुङलाई कालिम्पोङमा भेटेर पारो पेन्लप्ले पिताको हत्या गरेको बारेमा बताउनु भयो । डम्बरसिंह गुरुङले अपराधीहरूलाई ठीक पार्न प्रजातान्त्रिक ढङ्गमा राजनीतिक दल निमार्ण गरी अघि बढ्न सल्लाह दिनुभएको हुनाले सन् १९४७ मा श्री सहविर राईको अध्यक्षतामा जसराज गुरुङ, हजुरसिंह राई मिलेर "जय गोर्खा" नामक राजनीतिक दल स्थापना गरे । सहविर राई "जय गोर्खा" को संस्थापक अध्यक्ष, डा. भम्पा राईको मामाली हजुरबुबा हुनुहुन्छ भने हजुरसिंह राई डा. भम्पा राईको खुदै हजुरबुबा हुनुहुन्छ । यसरी "जय गोर्खा" राजनीतिक दलले प्रजातन्त्रको माग गरेको इतिहास छ । यस्ता गहन् विषयहरू राजाका दलालहरूद्वारा लेखिएका इतिहासमा हुँदैनन् । सत्यले पाप भण्डाफोर गर्दछ भनेर नै दुनियाँको जानकारीबाट तथ्यहरू लुकाईएको छ ।

भुटानका **सातौं** धर्मगुरु साब्डुङ जिग्मी दोर्जी अत्यन्तै प्रभावशाली थिए । उहाँलाई पनि दोस्रो राजा जिग्मी वाङचुकले ५०० सशस्त्र सेना प्रयोग गरी सन् १९३१ मा तालो गुम्बामा सबैको सामु निर्ममतापूर्वक हत्या गरे । त्यसपछि सन् १९३९ मा पूर्वी भुटानको मानला गाउँमा पुनर्जन्म पाएका भनिएका **आठौं** धर्मगुरु साब्डुङ जिग्मी छयोकी गेल्पोलाई १४ वर्षको उमेरमा सन् १९५३ मा डाक्टर बाबु कार्चुङ र उसको भाई फुन्चोले तेस्रो राजा जिग्मी दोर्जी वाङचुकको हुकुममा टासीगाङमा भालाले रोपेर हत्या गरे । त्यसरी नै सन् १९५५ मा जन्मेका **नवौं** धर्मगुरु साब्ड्रुङ जिग्मी नावाङ नामगेल ६ वर्षको उमेरमा सन् १९६१ मा प्राण जोगाउन भारतको कुलुमैनाली, हिमाञ्चल प्रदेशमा शरण लिई बस्नुभयो । उहाँको पनि सन् २००३ मा पश्चिम-बंगालको मालबजारमा खाना खाँदा अचानक बिमार भएर भेल्लोरमा उपचार गर्दागर्दै मृत्यु भयो । भेल्लोरका डाक्टरले खानामा विष भएको कारण उहाँको मृत्यु भएको भनी प्रमाणित गरे । मालबजारमा खाना खाँदा उहाँको साथमा भुटानबाट आएका लामाहरू पनि थिए । खानामा विष कसरी र कसले हाल्यो जान्ने प्रयास गर्न सकेका छैनन् । साब्ड्रङ जिग्मी नावाङ नामगेलको मृत्यु प्रकृतिभित्र छिपेर रहेको रहस्य बनेको छ । यस्ता हत्याहरू तेस्रो राजाले धेरै गरेका छन् ।

प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीलाई प्रभावशाली सार्छोप व्यक्तित्वहरूको हत्या गर्न लगाएर सार्छोपहरूको अघि राजा जिग्मी दोर्जी वाङचुक आफू निर्दोष देखिने कोसिस गरेको इतिहास स्पष्ट छ । सार्छोप जनसमुदायहरूको धार्मिक आस्था निङ्मापा समाप्त गर्न निङ्मापा केन्द्र र गुम्बाहरू बन्द गरिए । निङ्मापा लामाहरूलाई जबर्जस्ती सेनामा भर्ना हुन हुकुम गरियो नमान्नेलाई सजाय तोकियो । राजा जिग्मी दोर्जी वाङचुकले यी कार्यहरू पूरागर्न प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीलाई नै प्रयोग गरेका थिए ।

राजाले सार्छोप र नेपालीभाषी लोत्सम्पालाई दाससरह थिचेर शासन गर्न चाहन्छ भन्ने कुरा **सन् १९६४** मा प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीको हत्याबाट स्पष्ट भएको हो । जिग्मी पाल्देन दोर्जी जसलाई **कुमार साहेब** भनेर पनि चिनिन्छ । उनी भुटानमा मात्र नभएर भारतमा पनि लोकप्रिय थिए । उनी अंग्रेजी, नेपाली, हिन्दी र बंगाली भाषाहरू बोल्थे । उनी वाङचुक राजपरिवारको प्यारो पात्र भएकोले बडामहारानी आजी केजाङ वाङचुकको नजिक थिए । त्यसैले उनलाई प्रधानमन्त्री पदको जिम्मेवारी दिईएको थियो । सार्छोपका नेताहरूलाई

समाप्त गर्न राजा जिग्मी दोर्जी वाङ्चुकले प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीलाई प्रयोग गर्नुको मुख्य उद्देश्य 'जिग्मी पाल्देन दोर्जीलाई सार्छोपहरूको नजरमा जातिय दुश्मन ठहराउनु र आफू निर्दोष देखिनु थियो' ।

कागलुङ सेखताला, नारफुङ कोत्सा जस्ता उच्च विचार भएकाहरू जसले १९५२-५३ मा **कर्जा** सम्बन्धमा ल्याईएको जन-विरोधी नीतिहरूको सुधारको माग गर्दै आवाज उठाएका थिए । तर, न्यायको साटो उनीहरूलाई हातखुटा बांधेर जिउँदै पुनाखा खोलामा बगाएर मार्नु भनी राजा जिग्मी दोर्जी वाङ्चुकले प्रधानमन्त्रीलाई हुकुम गरेका थिए । सार्छोपका प्रभावशाली व्यक्तिहरूको हत्या गराएपछि सार्छोपलाई अन्धकारमा राख्न र प्रमाणहरू नष्ट पार्न अनि जिग्मी पाल्देन दोर्जीको भारतका जवाहरलाल नेहरू परिवारमा असल सम्बन्ध भएकाले भोलिको भुटानमा दरबारलाई चुनौति आउन सक्ने महसूस गरेपछि राजा जिग्मी दोर्जी वाङ्चुकको हुकुममा प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीलाई पनि फुन्चोलिङको आर्मी गेष्ट हाउसमा सन् १९६४ मा सेनाप्रमुख **ब्रिगेडियर-छब्दा**द्वारा हत्या गराईएको थियो ।

भुटानका वाङ्चुकहरूले राजतन्त्रको स्थापना हुन अगावैदेखि र आज पनि अवतारी धर्मगुरु साब्डुङ र सार्छोप जातिका प्रभावशाली नेताहरूलाई मार्दै आएको ईतिहास छ । सन् १९७४ मा राजा जिग्मी दोर्जीका कान्छी श्रीमती याङकीले आफ्नो छोरालाई राजा बनाउने षड्यन्त्र गरेको आरोपमा सेनाका निर्दोष अफिसरहरू लगायत केही सार्छोपहरूले ज्यान गुमाउनु परेको थियो । सन् १९९७ मा गोमछेन् कर्मलाई जोड्दा लाक्पा दोर्जीले कञ्चटमा गोली हानी हत्या गऱ्यो तर, उनका परिवारले यसबारे अदालतमा आवाज उठाउन सकेनन् । किनकी जसले आवाज उठाउँछ उसको पनि त्यही हालत् हुने स्पष्ट थियो ।

यदि देश विकास सम्बन्धमा कुनै पनि भुटानी नागरिक, समुदाय वा संगठनहरूले समय सान्दर्भिक विचार राख्यो भने त्यसलाई राजाको अनादर भएको ठानिन्छ । त्यो व्यक्ति वा समुदाय देशद्रोही ठहरिन्छ र रातारात गायब गरिन्छ । भुटानका राजाहरूले यसरी नै देशमा शासन चलाईरहेका छन् । वर्तमान समयमा लोत्सम्पाहरू राजाको शिकार भएका छन् । भोलि पनि जसले अत्याचारको विरोधगरी न्यायको अपिल गर्दछ उनीहरू शिकार हुनेछन् । यसरी विभिन्न अवस्थामा देश र जनताको लागि सहिद हुने भुटानीहरूप्रति श्रद्धाञ्जली

अर्पण गर्दै उनीहरूको बलिदानले भुटानी जनताले कालान्तरमा मुक्ति पाउनेछन् भन्ने दृढ विश्वास पनि छ ।

जुन शासकलाई जनताको माया छैन त्यसले देशको पनि माया गर्दैन । भुटानको ७५३८ मिटर अग्लो कुलाकागरी पहाड सन् २००७ देखि भुटानको मान्‌चित्रबाट हटाईएको छ । दोकलम्‌को बारेमा खुलस्त बोल्न नसक्नु पनि सरकार पराश्रयी हुनु हो । *विदेशीको अधीनमा भुटानीहरू स्वाभिमान् विहीन बाँच्नुपर्ने हो भने देशको अस्तित्वको के नै अर्थ हुन्छ र ?* राजाले जसो गर्दा पनि हुने तर जनताले न्याय र नैसर्गिक अधिकारको आवाज उठाउँदा देशद्रोही ठानिने कुरा यो धरतीमा कहाँको न्याय हो ? यस्तो कपटी व्यवहार कसैले सहन सक्दैन । देशको शासन व्यवस्था एवं राजनीतिक शक्ति जनतामा निहित हुनबाट रोक्न प्रगतिशील सोच भएका जनतालाई देशबाट लखेटेको हो । भुटानमा सिक्किमको छोग्याल र विश्वका अनेक फासीवादी तानाशाहहरूको भन्दा पनि बढ्ता अत्याचार भईरहेको छ ।

भुटानी जनताको खुशीको बाधक 'तानाशाही राजतन्त्र' हो । तानाशाह हटाएर जनताको सार्वभौम सरकार बनाउनुपर्छ । भुटानीहरूको रगत धेरै बगिसकेको छ । जनताको रगतको बदलामा तानाशाहले पनि त्यस्तै पीडा भोग्नु नपरोस् भन्ने हाम्रो भावना हो । यसका लागि राजाले सत्ता पूर्णरूपमा जनतालाई सुम्पनु पर्दछ । माटोमा लागेको दाग रगतले होइन पश्चाताप र प्रेमको मलमले पखाल्नु पर्दछ । जब भुटानीहरू राजाको प्रजा नभएर देशको जनता हुनेछौं, राजा पनि नागरिक सरह संविधानभित्र रहन तयार हुन्छ, र यो ङालोङ, त्यो लोत्सम्पा र यो सार्छोप, खेङ, मदिसे र ब्रोक्पा' इत्यादिमा हुने भेद्‌भावको अन्त्य हुन्छ । तबमात्र भुटानमा बसोबास गर्ने सबै मानिसहरू एक-आपसमा मिलेर देश सेवामा जुट्न सक्छन् अनि भुटान वास्तविक रूपमा सार्वभौम सम्पन्न देश हुनेछ । जनतामा खुशीयाली छाउनेछ र सुखमय संसारको उदय हुनेछ । त्यसपछि मात्र भुटानमा सकल राष्ट्रिय आनन्दको उदय हुनेछ । यसको लागि सबैको अगाडि अहम् जिम्मेवारी छ । यसैबीच कथङ्काल हाम्रो जीवन नरहे पनि हाम्रा सन्ततिहरूले आफ्ना माता, पिता र पुर्खाहरूले भोगेका असंख्य पीडा, अन्याय र अत्याचारको लागि न्याय दिलाउन देशमा केही गर्नुपर्छ ।

*****

# आमाको सम्झना

आमा ! धेरै समयपछि तपाईंको सम्झनामा खैखबर लेखेर पठाईरहेको छु । आज हामीलाई आफ्नै राजाले देशबाट निर्ममतापूर्वक तपाईंको काखबाट लखेटेको छ । **राजा** भनेको सबै मानिसहरूलाई एउटै दृष्टिले हेर्ने, सबैलाई ईश्वरीय प्रेम गर्ने महात्मा हुन्छन् । विष्णु भगवानका अवतार हुन्छन् भनी तपाईंले कथा सुनाउनु हुन्थ्यो । कसैबाट अन्याय भए राजालाई बिन्ती गर्नुपर्छ भनेर भन्नुहुन्थ्यो । मैले पनि राजा भनेको ईश्वरीय वरदान पाएको, सद्गुणी, प्रेमिलो, सत्धर्मी, न्यायकर्ता तथा मानवीय हृदय भएको व्यक्ति हुन्छ भन्ने धर्मग्रन्थहरूमा पढेको, सुनेको र बुझेको थिएँ । तर त्यसो होइन रहेछ, त्यो त भ्रम रहेछ धोका रहेछ । धर्मग्रन्थहरू, स्कुल र कलेजका किताबहरूमा राजाहरूका विशेषताहरू पढाइँन्थ्यो तर त्यो त अझ मानिसको मनमा छारो हाल्न पढाईदो रहेछ र यो कुरा दुनियाँलाई धोका रहेछ । पाप लुकाउन इतिहासमा राजाले आफ्नो गुणगान लेखाएका हुँदा रहेछन् । देश भनेकै राजाले आफ्नो राजपरिवारको भोग-विलासको लागि मात्र हो भन्ने ठान्दा रहेछन् । राजा र उसका परिवार बाहेक देशका अन्य जात-जातिका मानिसहरूको महत्व नहुँदो रहेछ । देशका जनता राजपरिवारका कमारो रहेछन् । राजाको लागि जनता खोरमा पालेको खसी-बोका बराबर जतिबेला काटेर खाए पनि हुने रहेछ ।

राजा समक्ष हामीले बोल्नै नहुने, गुनासो पोख्नै नहुने, बाघले मृगलाई झम्टेझैं झम्टिँदा रहेछन् । हामीलाई खेतमा काम गरिरहेका अवस्थामा तिमीले हेर्दाहेर्दै पक्रेर लगे । मलाई टोड्सा जिल्लाबाट बाटो बनाउने कार्य गरी थाकेर आएको राती सुतिरहेको बेला अपराधीलाई जस्तो पक्रेर जेल हाले । मलाई जस्तै अरूलाई पनि सुतिरहेको अवस्थामा टिपेर लगे । धेरै दुःख पायौं, हामीले के गऱ्यौं

र राजा विरोधी भयौं ? हामीलाई जुलुस गर्ने भनी कुट्पीट गरे । प्रहरीले कब्जामा लिएर हाम्रो छोराछोरी र श्रीमतीमाथि दुर्व्यवहार गरे । जेलमा तडपाई-तडपाई यातना दिएर शरीर छिन्नभिन्न बनाईदिएको छ । आमा ! हामीमा आफ्नो प्राण रक्षागर्ने बल, बुद्धि र नशामा रगत नभएको त होइन, डरले अघि नसरेको पनि होइन । जे जस्तो भएपनि राजाले हाम्रो रक्षा गर्नुहुन्छ भन्ने आशामा थियौं तर, हामी आफ्नै राजा र सरकारको षड्यन्त्रमा पर्‍यौं । राजनीति गर्ने बी.पी.पी.का नेताहरूले सबै जिम्मेवारी लिएका छन् भनी बुझाईएको थियो तर, त्यहाँबाट पनि हामीलाई धोका भयो । कहिल्यै नगरेको कार्य जुलुस गर्न लगाए, जिन्दावाद र मुर्दावाद भन्न लगाए तर नेताहरूले सरकारसँग बात गरी समस्या समाधान गर्न हिम्मत् नै गरेनन् र हामीलाई छोडेर भागेछन् । राजाले पार्टीका नेताहरूलाई नभेटेपछि हामीलाई देशबाट लखेटे । देशविहीन भयौं, अर्को देशमा शरणलिई बाँच्नु परेको छ । हामी शक्तिविहीन भई काँतर झैं कमजोर परिस्थितिसँग जुझिरहेका छौं । यतिका दिनसम्म शरणार्थी भएर बस्दा पनि कुनै चमत्कार पो भइहाल्छ कि भनी आफूलाई सम्हाल्दैछु आमा !

आमा ! यो पत्रमा धेरै कुराहरू अटाउन नसकुँला, मेरो मनमा भएका कुराहरूका केही अंश भने अटाउने प्रयास गर्छु ।

मनमा शरणार्थी भएर के बाँचिरहनु जस्तो पनि लाग्छ । भुटानबाट मन-भाचिँएर खिन्न चित्त लिएर निस्कदैं गर्दा 'जन्मेपछि एकदिन मर्नैपर्ने यो जीवन किन बारम्बार मर्दै बाँचिरहनु बरु ज्यान लिन चाहाने दुष्टलाई नै यो शरीर सुम्पेर मरेको उत्तमोत्तम' जस्तो लाग्थ्यो । यद्यपि, जीवनमा केही त गर्नैपर्छ भन्ने प्रवल मनोबल सहित उच्च दृष्टिमा सोच्न थालें ।

सन् १९९२ को फेब्रुवरी महिनामा जेलबाट मुक्त भएको दिनदेखि भेटेजति तपाईंका सन्तानहरू सबै भुटानीहरूसँग मैले आफ्नो विचारहरू व्यक्त गर्दै हिँडेको हुँ । राजनीतिक दलका नेताहरू, ज्येष्ठहरू लगायत सबैलाई मुक्तिको लागि लड्ने भावना पोख्दै हिडें । भुटानबाट निरङ्कुश शासन हटाई असल शासन व्यवस्था बनाउन भुटानीहरू सबै एक हुनुपर्छ जसको लागि देशभित्र आवाज उठाउने योजना बनाई कार्य सुरु गरौं भनी आफ्नो विचारलाई स्पष्ट पारेको थिएँ । भुटानीहरू ङालोङ, सार्छोप, लोत्सम्पा सबै मिल्नुपर्छ साथै परिस्थिति र आवश्यकता अनुसार कार्ययोजना सुरुवात गर्नुपर्छ भन्दै आफ्ना विचारहरू व्यक्त गरें । भूतपूर्व सैनिकहरूको लागि संगठनको आवश्यकता देखेर भूतपूर्व सैनिक

संगठन स्थापित गऱ्यौं । देशको आवश्यकता अनुसार मिल्दोजुल्दो राजनीतिक विचार पनि हुनुपर्ने भएकोले भुटानलाई प्रगतिशील मार्गमा डोऱ्याउन वर्तमान परिवेशमा सबैभन्दा उपयुक्त हुनसक्ने प्रजातान्त्रिक समाजवादको सिद्धान्त हामीले अपनाउनुपर्छ भन्नेमा सबै पक्षमा सहमत भएर समाजवादी राजनीतिक विचारधारा अघि साऱ्यौं । अन्तर्राष्ट्रिय समुदायमा हाम्रो विचार राख्यौं । केही देशहरूले साथ दिने भनी पत्र पठाएका थिए । त्यतिबेलाको कुरा हो भुटान पिपल्स पार्टीका अध्यक्ष आर.के. बुढाथोकीलाई केही गरौं न भनी प्रष्टसँग विचार पोखेको थिएँ । उहाँले पनि प्रयास गर्नुभयो, तर उहाँको कदम पूरा हुन पाएन । उहाँको हत्या भयो, आज उहाँ हामी माझ हुनुहुन्न । आफ्नै पार्टीका नेताहरूको षड्यन्त्रमा पर्नुभयो । उहाँको जीवन त्यति नै रहेछ । यसरी एकपछि अर्को गर्दै हाम्रा शक्तिहरू क्षीण हुन थालेको देखेर अझ पीडा हुन थाल्यो ।

आमा ! हाम्रो बिछोड भएको सुरुका दिनहरूमा भुटान सिमानाको जलढाका नदीलाई हेर्दै तोदे, ताङ्ता, झोलुङ, चाल्सा, कुमाई, नगरकाटा, माल, विरपाडा, कालिम्पोङ, फुन्चोलिङ, जैगाउँ र नेपालका शिविरहरूमा भडकिँदै हिँडिरहें । यसरी हिँडदा-हिँडदै भारत-भुटान मैत्री सम्बन्ध, भुटानी राजपरिवारको भारतका नेहरू परिवारसँगको सम्बन्ध र हामी भुटानका साधारण नागरिकहरूमाथि यी सरकारहरू कतिसम्म माया गर्दा रहेछन् भन्ने विषयहरू बुझ्ने प्रयास गरेँ । राजा र राजपरिवारका सदस्यहरू देश र जनताको अगाडि जति नै सुकिला, चम्किला, हिरा-मोती र सुन जडेका सुन्दर पहिरनमा काल्पनिक स्वर्गको देव-देवी जस्तै देखिए पनि भित्री हृदयमा कतिसम्म नारकीय चरित्रका हुँदा रहेछन् भन्ने कुराहरू देखेर मलाई ज्यादै दु:खी बनाएको छ ।

वाङचुक राजाको नेहरू परिवारसँगको सम्बन्ध भुटानी जनतालाई माया गर्नु थिएन । बदलामा जततालाई कसरी थिचेर राख्नु अनि जरुरत परे देशबाट कसरी लखेट्नु भन्ने विचारहरू आदान्-प्रदान् भएका रहेछन् । सत्य कुरा हो उनीहरूले षड्यन्त्र रचेका छन् तर, के गर्नु आफू त्यो अवस्थामा छैन । म एक असहाय शरणार्थी र शक्ति विहीन छु । छिमेकी देश जो धेरै विशाल शक्तिशाली छ जसको आडमा नै भुटानमा अत्याचार भईरहेको हो भन्ने स्पष्ट छ । उनीहरूको भेद खोलेर दुनियाको अघि कसरी राख्न सकुँला ? कसरी छोरा-छोरीहरूको पालन-पोषण गर्ने, कहाँबाट मुक्ति पाईएला ? म जस्तो कमजोर र समस्याले थिचिएको मान्छेले के नै पो गर्न सक्छु र भन्दै चिन्ताले ग्रसित भई हिँडिरहें । बोल्ने शब्दहरू र केही गर्ने ज्ञान र आँट भएर पनि थिचिएर बसिरहेको छु ।

शरणार्थी भएको दिनदेखि तानाशाहबाट जनताको मुक्ति र भुटानको सर्वोपरि विकासकोलागि 'क्रान्ति' हुनैपर्छ भनेर हिँडिरहेको थिएँ । यस्तो सोच र चिन्तन बोकी हिँड्दै गर्दा वाङचुक र राजीव गान्धी बीचको सम्बन्ध भुटानी जनताको लागि घातक विष भएको थाहा भयो । भारतीय र भुटानी जनताबीच विश्वास र प्रेमको सम्बन्ध प्रगाढ बनाउन यी दुइ परिवारभित्र रहेको कलुषित सम्बन्धलाई सुधार्ने कार्य गर्नुपर्छ भनी महसुस गरेको थिएँ । यसरी आफ्ना विचारहरू भन्सुन गर्दै घुम्ने क्रममा भारतको दिल्ली गएँ । बिहार, पुना, हैदराबाद, पश्चिम-बंगाल र सिक्किमका नेताहरूलाई भेटें । भेटेजति सबैसँग आफ्ना विचारहरू राखेँ । भारतीय मित्रहरूसँग पनि भुटानको अत्याचार बारेमा आफ्नो कुराहरू राखेको छु ।

तर कसैले पनि निरङ्कुश सरकारलाई क्षमा दिने कुरा गरेनन् । सबैले अत्याचारीको विरुद्ध कार्य गर्नेलाई साथ दिन्छौं भन्नुभयो । यसरी म विचारको अभियानमा हिडिरहेको छु । आर्थिक रूपमा कमजोर थिएँ तर, निरङ्कुश शोषकवर्गलाई रूपान्तरण गर्न सकिन्छ कि भन्ने विचारमा मेरो आत्मबल बलियो थियो । अहिले पनि शिष्ट एवं जिम्मेवार नेपाल र भारतीय नेताहरू तथा मित्रहरू जसले भुटान सम्बन्धी कार्य गर्छन र अध्ययन पनि गरिरहेका छन् । उनीहरूलाई सम्पूर्ण विषयहरू ध्यानमा राखेर सहयोग गरिदिन भनी निवेदन पनि गरिरहेको छु ।

आमा ! जसको कुरा गरे पनि भुटानमा बसोबास गर्ने सबै तपाईंका सन्तान्हरू हुन् । केही नकारात्मक सोच भएका सन्तानहरू पनि रहेछन् । जसको कारण हामीमा भएको अनुभव, विवेक र दक्षताको सही उपयोग हुन सकेको छैन । सशक्त रूपमा केही गरौं भनी अघि सर्दा राजनीतिक नेताहरूसँग नै डराउनु पर्ने भयो । धरती र आकाशको झ्याम्टा बजाउने गफहरू सुन्नमा आए । हाम्रा विचारहरू सुनेर धेरैले डर देखाए । शरणार्थी समुदायहरूबीच असाधारण विचार भएकाहरू पनि फेला पऱ्यो । भुटानको निरङ्कुश सरकारको विरोधमा उभिनेहरू भन्दा कसरी आफ्नो स्वार्थ सिद्ध हुन्छ भन्ने विचार भएकाहरू अधिक थिए । भुटानबाट सम्पत्ति लिएर आउन सफल भएका टाठा-बाठाहरू जो सामाजिक एवं राजनीतिक संगठनहरूमा लिप्त थिए प्रायःजसो भुटान सरकारको विरुद्धमा भन्दा आफ्नो स्वार्थको लागि खटिरहेका थिए । विदेश भ्रमण गर्न सक्नेहरूले आफ्नै झोला भर्ने कार्य गरेको पाइयो । उनीहरूका छोरा-छोरी, साला-साली, भान्जा-

भान्जी तथा आफन्तजनहरू कोही अमेरिका, कोही अष्ट्रेलिया, क्यानाडा गएको धेरै वर्ष भईसक्यो भन्ने गफहरू साधारण हुन थाले ।

अवसरवादी अधिकारवादीहरूको प्रभावले शरणार्थीहरूको शिथिल अवस्थामा झन् कमजोरी थप्ने कार्य गऱ्यो । एक-अर्काप्रतिको विश्वास टुटेर मानसिक रूपमा शरणार्थीहरू कमजोर हुन थाले । विभिन्न समस्याहरूले जटिल मोड लिइसकेको थियो । मानिसहरूलाई शिविरमा मर्न दिनु हुँदैन भन्ने विचार मनमा उत्पन्न हुन थाल्यो । कसैले भुटानी शरणार्थीहरूलाई बास दिन्छ भने उनीहरूलाई त्यो देशमा पुनर्वास गराउनु हाम्रो जिम्मेवारी हो भन्ने सुझावहरू आउन थाले । केही गर्न नसके पनि असुरक्षित शरणार्थीहरूलाई सुरक्षित देशमा व्यवस्था गर्नसके एउटा राम्रो कर्म हुनेछ भन्ने मैले पनि सोचेँ । यस विषयलाई धेरै समयसम्म बुझ्ने प्रयास गऱ्यौं । यु.एन.एच.सी.आर. र विभिन्न देशका राजदूतावासमा सम्पर्क गरी पुनर्वासलाई बुझेपछि यसलाई सहयोग जनाउँदा म र काठमाडौँमा कार्यरत भुटानी शरणार्थी शिक्षकहरूलाई आन्दोलनको विरुद्धमा कार्य गरिस् भनेर चेतावनी आउन थाल्यो । मार्ने धम्की समेत खेप्नु पऱ्यो । जोखिम सहेर अभियान जारी राख्यौं । यसैबीच नेपाल सरकारले मन परेको तथाकथित मानवअधिकारवादीलाई काखी च्यापेर घरद्वार, पैसा र सुरक्षा समेत दिएर राखेको देख्दा अनौठो लाग्छ ।

आज त्यस्ता आन्दोलनका धाक पिट्नेहरू, जो भुटान बाहेक अर्को कुरा सुन्न चाहांदैन थिए, जसले पुनर्वास समर्थकहरूलाई आक्रमण गरेका थिए उनीहरू नै पुनर्वास हुनुमा प्रथम भए । ती राजनीतिक नेताहरू जसले पुनर्वास समर्थकहरूलाई मार्छु भन्थे हतार-हतार अमेरिका पुगेका छन् । मानवअधिकारवादीका छोराछोरीहरू सटाक सुटुक पुनर्वास भए । यिनीहरू सबै अन्तिम चरणमा पुनर्वास हुदाँ पनि हुन्थ्यो तर उनीहरूनै नारदजस्ता भए । आज २०२४ मा शरणार्थी शिविरमा लगभग ७००० शरणार्थीहरू रहेका छन् । एकलाख सोह्र हजार भन्दा बढी पुनर्वास भएका छन् ।

राजनीतिक दलका नेताहरू र अमेरिका, अफ्रिका, बेलायत घुम्ने मानव-अधिकारका विद्वान्हरू जसले विभिन्न समयमा शरणार्थीहरूलाई अनेक विश्वासका बाचा दिएका थिए ती सबै पलायन भईसकेका छन् । केही शरणार्थीहरू भने सके आफ्नै देश फर्किने नत्र भए यत्तिकै मर्ने भनी मन बनाएर बसेकाहरू छन् । सोझा भुटानीहरू देखेर ज्यादै गौरव लाग्छ । अमेरिका पुगेका गाउँलेहरू घर,

बिल्डिङ, गाडी किनेर आनन्दले बसेका समाचारहरू उनीहरूले सुनिसकेका छन् । त्यहाँका आनन्दित जीवन, छोरा-छोरी पढ्ने असल वातावरण, नोकरी, नागरिकता र आर्थिक रूपमा पनि सम्पन्न भई धेरैले सफलता पाएको समाचारहरू शरणार्थी शिविरहरूमा पूराना भईसकेका छन् ।

विश्वका शक्तिशाली देशको नागरिक हुँदा महसूस हुने गौरवको बेवास्ता शिविरमा रहेका शरणार्थीहरूले गरेका पनि होईनन् । अमेरिकाको सुन्दर फोटोहरू देख्दा मनै लोभ्याउने भएपनि आकर्षित भएका छैनन् । देशको गौरव र मायालाई बिर्सन नसक्ने यी साधारण भुटानी शरणार्थीहरूलाई साष्टाङ्ग अभिवादन गर्दछु । माननीय, धनी र सम्पन्न भएर के नै भयो र जबकि साधारण शरणार्थीहरूले जस्तो देशको मूल्य पनि बुझ्न नसक्ने भएपछि ? आफ्नो लागि पढ्नेहरूबाट समाजलाई केही योगदान् हुँदैन । लोभी-पापी मन भएका पढेका र टाठा-बाठाहरू जति पुनर्वासित भईसकेका छन् । उनीहरू आर्थिक रूपमा सम्पन्न भई माथि पुगे पनि आफ्नो सृष्टिको इतिहास र मातृभूमिप्रति बफादार हुन सक्दैनन् । उनीहरूले जनताको संघर्षप्रति सहयोग गर्नुको साटो सहयोग गर्न चाहनेहरूलाई पनि निरुत्साहित् बनाउँछन् ।

तर पनि मन मारेका छैनौं, आशाको दियो बली नै रहेको छ । भुटानी शरणार्थीहरू जो वास्तवमै परिवारको सुरक्षाकालागि पुनर्वास भएका हुन् जसले आफ्नो देशलाई भुल्न सकेका छैनन् उनीहरूबाट आवाज उठ्नेछ । भुटान सरकारले गरेको अपराधको न्याय माग्ने छन् । ठूलो शक्ति नभए पनि शक्ति सम्पन्नहरूलाई चुनौति दिन र निरङ्कुश राजतन्त्रको संजाल हटाउन एकदिन अवश्य सफल हुनेछौं भन्ने विश्वास छ । आशा र विश्वास पूरा हुन्छ वा हुदैन, देख्न पाउँछु वा पाउँदिन भन्न सक्दिन तर, भुटानीहरू शोषणबाट मुक्त भई अन्य मानव-समुदायहरू जस्तै बराबर खुशी भई जीवन जिउन पाऊन; मेरो जीवनको लक्ष्य, उद्देश्य र काम-कर्तव्य यही हो ।

आमा ! मेरो मनमा विद्रोह, आक्रोस र आफ्नो देशमा पुनर्स्थापनाको भावना उर्लिरहेको छ । बाँचेछु र ऐतिहासिक कर्म गर्न सकेछु भने नयाँ इतिहासको रचना होला । मरी गएछु भने पनि आफ्नो भावनाप्रति गौरवान्वित नै रहने छु । आमा ! म शरणार्थी भएको छु, मसँग केही छैन । एकदिन मरेर जान्छ यो सन्तान तर तिम्रो नामको सहारा लिएर पुनर्वास भएको देशमा आफ्नै सुख र सुविधामा बिलाई जानेछैन । पराई देशमा शरण लिएकोछु तर मन पराई भएको छैन, तिम्रो

र मेरो माटो र रगतको सम्बन्ध छ, मरे पनि हाम्रो सम्बन्ध मर्दैन । तिरस्कार र दुःख खेप्नु परोस तर म आफ्नो स्वाभिमानसँग मिठो साटेर खान्न आमा । बाँच्नको लागि पूर्वजहरूको देशमा शरण लिएको छु ।

शरण दिने देशप्रति मेरो कर्तव्य हो यो देशलाई हृदयबाट धन्यवाद दिनसकुँ । यो माटो र त्यो माटो भनेर धरतीलाई विभाजन गरेर मानिसले भुल गरिरहेका छन् । जुन देशमा बास भएपनि त्यहाँको माटोलाई श्रद्धा-सेवा गर्नु धरतीमाताको सन्तानको कर्तव्य हो । जुन माटोमा छोरा-छोरीहरू साथमा लिई बसेको छु, यो माटो पनि तपाइँजस्तै न्यानो र आत्मीय छ आमा । तपाइँमाथि कुल्चेर शासन चलाउने भुटानको एउटा वर्गमात्र कपटी, पातकी मानवताविरोधी छ । हामी, जस्तो र जुन परिस्थितिमा भएपनि देखेको सपना पूरा गर्न सङ्घर्षमा गतिशील रहनेछौं । 'मानिसको जीवनको अर्थ जन्मदिने बुबा-आमाको इच्छा अभिलाषा अनुसार लेखिएको हुँदैन, जीवनको अर्थ र यो जुनीमा भोग्नुपर्ने जेजति कर्महरू छन् त्यो मानिसको आफ्नो आकाङ्क्षा र कार्य समायोजना अनुसार नै हुन्छ' भनी न्यानो स्पर्शद्वारा दीक्षा दिनुहुन्थ्यो । 'न्याय र सत्यको बाटोमा गरिएको सङ्घर्षमा ढिला सुस्ती भएपनि सत्यको नै जीत हुन्छ' भनेर हिम्मत प्रदान गर्नु हुन्थ्यो त्यसैले त म आशावादी छु आमा ।

सिमानामा पाईला पुग्ने वित्तिकै तिम्रो मुहार हेर्न पाऊँ । मानिसको यो शरीर त नश्वर छ त्यसैले मरेपछि इतिहासमा आमासँगै सबैले नाम लेखाउन पाऊँन । 'म' मरेपछि आमामै मिल्न पाऊँ । यदी हामीहरू सबै निर्वासित भुटानीहरू तपाइँको काखमा बास बस्न आई नपुगे पनि तपाइँका तमाम सन्ततिहरूको सपना पूरा होऊन् । आमा ! म तपाइँसँग विनयपूर्वक पार्श्वसम्वाद गररहेछु । सादार नमन गर्दै आशिष मागिरहेको छु । आमा मलाई संघर्ष र बलिदानीको भावनाले अभिशेष र अभिप्रेरित गर ।

*****

# शरणार्थी फिराद

शरणार्थी भनेको त्यो व्यक्ति वा परिवार हो जो सतावट, युद्ध वा हिंसाको कारण आफ्नो देश छोड्न बाध्य भएका हुन्छन् । कुनै देशका जनताहरू जाति, भाषा, धर्म, राजनीतिक विचार वा विशेष सामाजिक समूहको सदस्यताको कारण शरणार्थी भएका छन् । त्यस्तै प्रकारले युद्ध, जातीय द्वन्द र धर्मका संगठनहरूका हिंसाका कारणले जनताहरू आफ्नो देशबाट भागेका उदाहरणहरू पनि प्रशस्तै छन् । तर एशिया महाद्विपमा दक्षिण भुटानी (लोत्सम्पा) नेपालीभाषी जनताहरू जाति, भाषा, धर्म र संस्कृति भुटानी शासकवर्गको भन्दा फरक पहिचान भएकै कारण लखेटिएर शरणार्थी भएका हुन् । यी भुटानी शरणार्थीहरू घर फर्कन सक्दैनन् मारिने हुनाले डराउँछन् । विश्वव्यापी रूपमा भएको शरणार्थीहरूको दुई तिहाई सङ्ख्या केवल छ वटा देशहरूबाट आएका छन् । सिरिया, अफगानिस्तान, दक्षिण सुडान, म्यानमार, सोमालिया, भुटान र युक्रेन आदि प्रमुख देशहरू छन् । भुटानले देशको कुल जनसंख्याको लगभग २१ प्रतिशत जनतालाई शरणार्थी बनाएको छ तर पनि धेरैले भुटानको यो तथ्याङ्कलाई छिपाएका छन् ।

यस वैभवका सृष्टिकर्ताले पूर्ण विश्वासकासाथ पृथ्वीमा भएका सबै थोकहरू, प्राणीहरू र सृष्टिहरूमाथि अधिपत्य जमाएर सुशासन र संरक्षण गर्न अनि हरेक थरी र जातिका मानिस-मानिसहरूबीच प्रेम र मिलापमा रहन तथा प्रकृतिलाई स्वच्छ र सुन्दर राख्न मानिसलाई सर्वोच्चताको स्थानमा राखिदिएको छ । तदनुसार प्रकृतिमाथि मानव-जातिको सृष्टिदेखि नै आधिपत्य रहेको देखिन्छ । जुनसुकै सन्दर्भमा यस विषयलाई बुझ्ने प्रयास गरे पनि मानिस यस पृथ्वीको मालिक हो र यसलाई सुरक्षित र सुन्दर राख्न उसको अहम् जिम्मेवारी छ ।

मानिसले आफ्नो घर-परिवार, गाउँ, समाज, देश तथा पृथ्वीमा भएका सबै सृष्टिहरूको नेतृत्व गरेको छ । धरतीको माटो, हावा, पानी, वन-जंगलका

अपार सम्पदा तथा प्रकृतिको संरक्षक मानिस हो । यी सबै कुराहरू मानिसकैलागि हुन् तर पनि यहाँ भएका सुख, शान्ति, आनन्द र प्रकृतिद्वारा सजिएको सुन्दर वरदानहरूको साथमा रमाईलो जीवन जिउन मानिसले पाइरहेको छैन । यस धरतीमा स्वर्ग पनि छ, यहाँ सबैले रमाईलो जीवन जिउने बराबर हक्-अधिकार छ तर पनि विश्वका अधिकतम देशका मानिसहरू यस धरतीको प्राणी नभएझैं राज्यविहीन अवस्थामा अन्याय र अत्याचार सहेर अति निकृष्ट जीवन बाँचिरहन बाध्य छन् ।

म एक दुःखी पीडित भुटानी शरणार्थी हूँ । म र मेरा सन्तानहरू आफ्नो देशमा बस्न नपाउँदा धेरै दुःख लाग्छ । आफ्नै देशको शाही सरकारले कुनै कारणबिना मलाई जेलमा थुन्यो, श्रीसम्पति र गाउँमा भएको घर-जग्गाहरू सर्वस्व लुटेर देशबाट लखेटेपछि नेपालमा शरण लिएर बसेको छु । आफ्नो देशले लखेटेपछि म त कोही पनि होइन रहेछु भन्ने मनमा धेरै पीडा महसुस भईरहेको छ । 'शरणार्थी बस्ने धरती कहाँ छ र जीवन बिताउँ, छोरा-छोरीहरूको भविष्य कस्तो होला भन्ने सोचेर यो मन चिन्ताकूल छ । कसले बास देला, कसले हाम्रो न्याय गरिदेला भनी विचलित छु । हामी जस्ता शरणार्थीहरूको जीवन बिताउने ठाउँ र सहारा अनिश्चित् छन् । यसप्रकारका अनेकौं पीडा र आक्रोस मनमा लिएर तडपिरहेको छु ।

आजको विश्व म जस्ता लाखौं शरणार्थीहरूका पीडाहरूले भरिएको छ । यहाँ मानिसहरू मानिसकै डर त्रासमा बाँच्नु परिरहेको छ । मानिसले भोगी सकेको विषय हो कि विश्वका धेरै देशमा उही जनताद्वारा स्थापित सरकारहरू नै त्यस देशका मानिसहरूका दुश्मन सरह भएका छन् । सर्वेसर्वा राजादेखि प्रजातान्त्रिक देशका शासकहरूले राज्यका शक्तिहरू मानिसलाई नै दबाउन प्रयोग गरिरहेका छन् । धरतीको माटोमा सबैभन्दा दुष्ट स्वभाव भएको विपत्ति निम्त्याउने अनिष्टकारक पनि मानिस नै हो भन्ने विषय प्रमाणसिद्ध छ । मानिसमा हुने मानवीय भावनाहरू, बन्धुत्व, प्रेम र उसका सद्‌गुणहरू हराउँदै छन् उसलाई वैमनस्यताका अवगुणहरूले ढाकेको महसुस हुन्छ ।

अल्बर्ट आईन्सटाइन, मदर टेरेसा, रुडोल्फ जोसेफ हिट्लर, जोसेफ रोबिनेट बाईडेन, शेरबहादुर देउवा, जिग्मी सिगें वाङचुक, जिग्मी गेसार नाम्गेल वाङचुक, नरेन्द्र दामोदरदास मोदी आदि विभिन्न कालखण्ड र भूभागका शासकका नामहरू हुन् । हामीलाई सबैको बारेमा थाहा नभएता पनि अल्बर्ट आईन्सटाइन र मदर

टेरेसा बाहेक अन्य सबै शासनकर्ताहरू हुन् । अनि यहाँ नाम लिईएकाहरू जस्तै हामी पनि मानिस हौं । विश्वमा आतङ्कवादी हमला गर्नेहरू र मर्नेहरू पनि यिनीहरू जस्तै मानिसहरू नै हुन् । शासनकर्ताहरू विनीत-असहाय जनतामाथि अत्याचार गरी संयुक्त राष्ट्रसंघको खिल्ली उडाउँदै मानव-अधिकार र धार्मिकताको भाषण-प्रवचन गर्ने राजा, राष्ट्रपति र प्रधानमन्त्रीहरू पनि मानिस हुन् । यहाँ उद्धृत गरिएका मानिसहरू सबैले ईश्वरको नाममा प्रार्थना गर्छन् । शान्तिको कामना गर्छन तर, यी शासकहरूले अरूको भलो भन्दा आफ्नै मात्र भलो सोचेका हुन्छन् ।

माथि लेखिएको नामहरूमध्ये अल्बर्ट आईन्सटाइन सन् १८७९ मार्च १४ तारिक एक यहुदी परिवारमा जर्मनमा जन्मेका थिए । उनले पनि देश विहीनताको पीडा भोग्नुपरेको थियो । हामीजस्तै शरणार्थी हुँदा सन् १९०१ मा स्वीट्जरल्याण्डको नागकिता लिएका थिए अनि त्यहाँको जुरिच विश्वविद्यालयबाट विद्यावारिधी पास गरे । त्यसपछि सन् १९४० मा ६१ वर्षको उमेरमा विज्ञानका उपलब्धिहरू हाँसिल गररिहेको अवस्थामा अमेरिकाका नागरिक भए । उनले इजरायलको प्रथम राष्ट्रपतिको पद्भार ग्रहण गर्न गरिएको प्रस्तावलाई अस्वीकार गरे । उनले संसारलाई विकासको उचाईमा पुऱ्याई मानिसलाई उज्यालोमा ल्याएर बिदा भए ।

मदर टेरेसाले पनि दुःख र पीडामा भएका मानिसहरूको सेवामा जीवन बिताएर यस संसारबाट बिदा भईन् । अल्बर्ट आईन्सटाइन र मदर टेरेसा जस्ता धेरैले मानव-समाजलाई सुख र सुबिधा दिएका छन् । तर विडम्बना, माथि उल्लेख भएका शासनकर्ताहरूले मानव-समुदायलाई दुःख दिएका छन्, असल काम गरेका छैनन् । देशको सुरक्षाको नाममा अन्य देशका मानिसहरूलाई बिचल्लीमा पारेका छन् । यहाँ लिखित सच्चाईलाई यिनीहरूले जतिसुकै अस्वीकार गरेर दलालहरूद्वारा आफ्नो इतिहास सिँगारेर लेखाउलान् तर, ती सत्य होइनन् । यिनै नामका र यस्तै शासनकर्ताहरूले मानिसलाई यस धरतीमा शरणार्थी बनाएका हुन् ।

**सन् १९९०** को सेप्टेम्बर महिनामा भुटानमा बी.पी.पी.को जुलुसमा गाउँका धर्मशील कृषकहरूलाई जबर्जस्ती ल्याईएको थियो भन्ने कुरा सरकारलाई जानकारी थियो । राजनीतिमा अपरिपक्व बी.पी.पी.ले जनतालाई उक्साएको हो । यसबारे सरकारले संवेदनशील भएर कार्य गर्नेछ भन्ने आशा थियो । देशमा जनताले समस्या भोगीरहेका थिए, जसलाई सकारात्मक रूपमा समाधान

गरिनुपर्ने थियो । जस्तोसुकै परिस्थितिमा पनि राजाले जनहितमा न्याय गर्नेछन् भन्ने आशा जनतामा रहेको हुन्छ । तर विडम्बना, राजाद्वारा मनोनित प्रतिनिधि, टेकनाथ रिजाल र केही व्यक्तिहरूद्वारा समस्याप्रति चिन्ताले उद्विग्न भई तयार गरिएको निवेदन अन्य सांसदहरूको बेवास्ता गरी सल्लाह र सहमति नलिई मानसिक उत्तेजनाको प्रभावमा परेर गैरजिम्मेवारी साम्प्रदायिक दृष्टिकोणमा राजा समक्ष प्रस्तुत गरिएको थियो । यहींबाट राजाले कोल्टे नीति फेरेको हो । जसको उदाहरण टेकनाथ रिजालको **निवेदन** राजा जिग्मी सिगें वाङ्चुकको **अपमान** भएको ठहर भयो ।

यद्यपि, राजाले सबै पक्षलाई ध्यानमा लिएर संवेदनशील भई न्याय गर्नुहुनेछ भनी विश्वास गरेका थियौं । जनताको समस्या समाधान गर्न राजा सचेत छन् भन्ने सबैले सोचेका थिए । तर राजा यति धेरै क्रुर भएर जनतामाथि दुश्मनलाई जस्तो आक्रमण गर्नेछन् भन्ने कसैको मनमा थिएन । भुटानी जनताहरू जुनसुकै धर्म र जातिका भएपनि सबै बराबर नागरिक हौं । राजाबाट बराबर माया पाउनेछौं, सबै कुराहरूमा बराबरमा रहनेछौं भनी मैले बुझेको थिएँ । तर त्यसो भएन । **मान्छे र मानव फरक हुन् अनि एउटा मानिसभित्र धेरै मान्छेहरू हुन्छन् भन्ने विचार शृङ्खला राजा जिग्मी सिगें वाङ्चुकमा प्रष्ट देखियो ।** उभित्र मानव थिएन त्यसैले राजाबाट आशा गरिए जस्तो न्याय भुटानी जनताले पाएनन् । यसको प्रतिकारमा जनताहरूबीच शङ्का, भय र अविश्वासको वातावरण सिर्जना गरियो । राजाका पराश्रयी दासानुदास जिउने दुराचारीहरूले नेपालीजाति भुटानी नागरिकहरूमाथि आक्रमण गरे । जनगणना अधिकारीहरूले पनि नागरिकता खोस्न परिवार-परिवारबीच फाटो ल्याउन अफवाह रचे ।

बी.पी.पी.पार्टीले मान्छे अपहरण गरी फिरौती माग्ने, गाउँमा लुट्पाट् गर्ने, राजाको चम्चा भन्दै खसी काटे जस्तै मान्छे काटेर हत्या गर्ने, नेपालीजाति अधिकृत्हरूमाथि झुटो आरोप लगाई जेल हाल्ने कुकर्म सुरु गरे । बी.पी.पी. को यस्तो आतङ्कहरूको कारण जनताका मागहरू ओझेलमा पर्न गयो । 'बी.पी.पी.का नेताहरूले जस्तोसुकै ढाकछोप गर्ने प्रयास गरे पनि, उनीहरूले प्रजातन्त्र र मानव-अधिकारका जतिसुकै गुड्डी हाँके पनि यस पार्टीका धेरैजसो सदस्यहरू अपराधिक क्रियाकलापमा संलग्न छन् । निहत्थाहरूको हत्या गरेको प्रमाण दिने पीडित परिवारहरू धेरै छन् ।

भुटानी जनता शरणार्थी हुनु र दुःखको सागरमा डुब्नुमा यो पार्टी पनि एउटा कारण हो ।' आफ्नो शक्ति प्रदर्शन गर्न र आतङ्क फैलाउन यस पार्टीले मलाई पनि अपहरण गरी हत्या गर्ने प्रयास गरेको थियो । **सन् १९९० सेप्टेम्बर २८** को बेलुकी गेलेफुको ड्र्यागन् होटलमा मलाई अपहरण गर्न आउने बी.पी.पी. का चारजना अपहरणकारीहरूमध्ये एकजना 'आर्मी वेलफेर प्रोजेक्टको' स्टाफ थियो जसको पहिचान् ड्र्यागन् होटलका म्यानेजरले गरेका थिए । मलाई संयुक्त राष्ट्रसंघको स्टाफ William Eddy Gaddabore (Ghana) र SMEC Australia का J. Whyne Carnie, Louden and Patric मित्रहरूले बचाएका हुन् । त्यो रातको घटना सम्झदा आज पनि डर लाग्छ । 'तपाईंजस्तो चारजना गिरीहरू मरिसके तपाईंको के विचार छ, तल जाने कि नजाने ...?' भनी धम्कीपूर्ण सोधेको प्रश्नहरूले अझै त्रसित पार्छ । त्यो रात त म बाँचे तर यस पार्टीले मलाई दुःखदिने प्रयास गरी रह्यो ।

**२० दिसम्बर १९९०** को राती १० बजे तिर गेलेफुमा म बसेको घरलाई चारैतिरबाट घेराहाली आर्मी र पुलिस अफिसर सहित करीब १२ जनाको सशस्त्र टोलीले मलाई बिनाकारण आतङ्कारीलाई जस्तो गिरफ्तार गरी लगे । त्यसैदिन साँझमा विभिन्न क्षेत्रहरूमा निर्माणाधीन अवस्थामा रहेका बाटोहरूको अवस्था, टोङ्सामा कार्यरत स्टाफहरूको समस्या र कामको प्रगति बुझेर साथै 'सडक निर्माण उपकरणहरू' निरीक्षण गरी एक हप्तापछि फर्केको थिएँ । 'मैले के गरें, म अपराधी होईन, मलाई किन यसरी जेल हालेको' भनी सोध्दा आर्मी अफिसर **लेफ्टनेन्ट कर्नल सोनाम रिन्छेन्‌ले** 'हामीलाई अभियोग थाहा नभएपनि माथिको आदेश छ' भन्नुभयो । मैले सोधेका सबै प्रश्नहरूको उत्तर दिएँ । आफू निर्दोष भएको बारेमा स्पष्टसँग बताएँ तर, मेरो ईमान्दारिताको सुनवाई भएन । मलाई जेल हाल्न कसैले षडयन्त्र गरेको रहेछ भनी थाहा भयो । यो जीवनको यस्तै दुःखमय अन्त्य रहेछ भन्दै पीडाहरू मनभित्रै लुकाएँ । काट्न लगेको पशुलाई जस्तो मलाई जेलभित्र हुले । गेलेफुको 'विश्व स्वास्थ्य संगठनद्वारा' निमार्ण गरिएको (NIFH) स्वास्थ्य केन्दलाई यातना केन्द्र जेलमा परिणत गरिएको थियो जहाँ महिला, पुरुष र केटाकेटीहरू रोएको सुनिन्थ्यो । कैद गरिएका मानिसहरूलाई प्रहरी, डुङपा र जोङ्दाहरूले पशुलाई जस्तो निर्ममतापूर्वक कुटपीट गरेको दृश्यहरू देखें । सरकारी गुण्डाहरू गाउँमा पसेर महिलाहरूलाई बलात्कार गरेको दर्दनाक समाचारहरू सुनियो । सिपाहीहरूले जनताको धनसम्पति लुटेको र

लोत्सम्पाहरूलाई बेईज्जत गरेको करुणादायक खबरहरू सुनियो । आफ्नै देशको सरकार दुस्मन भएपछि हामी जेलमा कैद गरिएकाहरूको त झन् बचाऊको लागि भाग्ने ठाउँ पनि थिएन । हतकडीले दुबै हातहरू बाँधेको अवस्थामा जेलको अँध्यारो कुनामा दिन बित्न थाल्यो ।

गेलेफु जेलमा रहँदा गाउँका मानिसहरूसँग परिचय भयो । सुरे ब्लकका पण्डित गौरीशंकर नेपाल अहिले अमेरिकामा हुनुहुन्छ । त्यसैगरी पण्डित खगेन्द्र न्यौपाने अष्ट्रेलियामा हुनुहुन्छ । जेलभित्र धर्मबारे बहस हुन्थ्यो । हिन्दुधर्मबारे बहस गर्नको लागि जेलमा रहँदा भागवत गीता पढेर कण्ठ गरेको थिएँ । धनपति न्यौपाने निकै बहस गर्नुहुन्थ्यो । उहाँ पनि अमेरिकामा हुनुहुन्छ । जेलमा लगाएको मित परशुराम घिमिरे मिलनसार हुनुहुन्थ्यो जेलबाट रिहा भएपछि उहाँ भुटानमै बस्नुभयो । यातनाको कारण उहाँको धेरै पहिला मृत्यु भईसक्यो भन्ने खबर सुने । सुरे ब्लककै पदमलाल लुइटेल अनि ललाई गाउँ निवासी खड्ग बस्नेत 'मत्स्य प्रबन्धक' जेलबाट रिहा भएपछि भुटानमै हुनुहुन्छ । गेलेफु निवासी 'कस्टम अधिकारी' सोनाम छिरीङ १६ वर्ष जेल सजाय काटेर रिहा हुनुभयो उहाँको स्वास्थ्य ठिक थिएन । बुद्धजीत कठेयात मेरो फुपाजू पनि जेलमा हुनुहुन्थ्यो उहाँ अहिले डेनमार्कमा निर्वासित हुनुहुन्छ । भुर गाउँका सरमान भट्टराई र जागिरमान राईसँग पनि जेलमा भेट भयो । दानाबारीका मण्डल गिरी, तकलाईका मण्डल गुरुङ, रामबहादुर बिष्ट, बलराम घिमिरे मित भाई अनि एडीओ धनबहादुर सुबेदीको छोराहरू डी.बी. सुबेदी र प्रदीप सुबेदी पनि हुनुहुन्थ्यो । एकजना एउटा हात नभएको भाई लक्ष्मी अधिकारीलाई पनि जेल हालेका थिए । कति निष्ठुरी सरकार । लक्ष्मी अधिकारी भाई अत्यन्तै मिलनसार अनि रमाईलो व्यक्ति हुनुहुन्थ्यो । उहाँले भक्तराज आर्चायको मिठो मिठो भजन गाएर आनन्दित पार्नु हुन्थ्यो । चेतबहादुर वाग्ले, दुर्गा अधिकारी, पुरुषोत्तम महत, यादबहादुर गुरुङ, आर. के. धिताल पनि मसँग जेलमा हुनुहुन्थ्यो ।

हामी केही न केही गरेर समय बिताउँथ्यौं । एकदिन बसु घले र लोकनाथ आर्चायलाई घिसारेर ल्यायो अनि हामी बसेको कोठाको शौचालय नजिक लडाईदियो । उनीहरूको अवस्था देखेर साह्रै डर लाग्यो । शरीरको लुगा रगतले भिजेको थियो । राम्ररी बोल्न सक्दैनथे । बाँच्छन जस्तो लाग्दैनथ्यो । मैले राती कम्बल ओडाईदिँदा त्यहाँ भएको सिपाहीहरूले चाल पाएर मलाई कुट्न आए । मलाई डर लाग्दैन्थ्यो । उल्टो गाली गर्थे उनीहरूलाई । हामी सबै मिलेर उनीहरूको

ख्याल गर्‍यौं । आज बसु घले निदरल्याण्डमा र लोकनाथ आर्चाय अमेरिकामा पुनर्वासित भएका छन् । मेरो सहगोत्री भाई पुष्पलाल पोखरेलसँग पनि जेलमा नै भेट भयो । उहाँ अहिले डेनमार्कमा हुनुहुन्छ । पुष्पलाल भाई गेलेफुको माऊ गाउँमा जन्मेर लोद्राई गाउँमा हुर्केका बुवा ददीराम पोखरेल र आमा धनमाया पोखरेलको माईला छोरा हुन् । पुष्पलालको पीडा धेरै छ । जेलमा कैदी भएको ८ महिनापछि पुष्पलाल भाईको श्रीमतीले घरमा छोरी जन्माएको खबर सुनेपछि हामी खुशी भयौं । तर त्यहाँका अधिकृतहरूले पुष्पलाललाई यातना कोठामा निर्ममतापूर्वक कुटे । तँ जेलमा हुँदा पनि सन्तान जन्माउने भन्दै अपशब्दमा गाली गर्दै बाँसको भाटाले जननेन्द्रियमा निर्दयी तरिकाले कुटेछन् । पीडाले छट्पटाईरहेको अवस्थामा कोठामा ल्याएर छोडिदियो । यसरी धेरैलाई संवेदनशील अङ्गहरूमा कुटेको थाहा भयो । यस्ता अनेकौं प्रकारका अमानवीय यातना बारेमा धेरैलाई थाहा पनि नहोला । देशका सञ्चार माध्यमहरू लेख्न सक्दैनन, अन्तर्राष्ट्रिय मिडियाहरू भुटानबारे अनभिज्ञ छन् । सरकारले लोत्सम्पाहरूमाथि गरेको अत्याचारबारे बाहिरी दुनियाँलाई जानकारी छैन, जसको कारण कहीँ कतै प्रश्न उठेको पनि छैन ।

दक्षिण भुटानका गाउँहरूमा जताततै लुट्पाट् हुन थालेपछि सरकारी कर्मचारीहरूको विश्वास जिती आफू बर्वादीबाट बाँच्न एकले अर्कोलाई झुटो अभियोग लगाई अप्रिय जालहरू पनि रचिए । साना-तिना कुराहरूको मतभेद लिएर लोत्सम्पाहरू एक-आपसमा भिडन थाले । राजा जिग्मी सिँगे वाङ्चुकले लोत्सम्पालाई अरू जातिहरूबाट अलग्याएर आक्रमण गरी देशबाट लखेट्न रचेको षड्यन्त्रलाई लोत्सम्पाहरूले बेलैमा बुझेनन् । भुटानी राजाको षडयन्त्र मात्र होईन संसारका मानिसहरूको साधारण चतुर्‍याइलाई पनि लोत्सम्पा-नेपालीभाषी जनसमुदायले बुझ्न नसकेको जस्तो लागिरहेको छ ।

नेपाली जातिलाई 'एकतामा कुनै पनि ऐतिहासिक लक्ष्य हाँसिल गर्ने शक्ति हुन्छ भन्ने सामान्य ज्ञानसम्म सम्झाई रहनुपर्छ जस्तो छ ।' हाम्रा कमजोरीहरूलाई जानेर बुझेर भुटानको तानाशाही सरकारले सेना प्रयोग गरी हामीलाई लखेट्न सकेको हो । राजा जिग्मी सिँगे वाङचुकलाई गलेफु यातना-केन्द्रमा केही वृद्धा कैदीहरूसँग बात गरेको अवस्थामा देखेको छु तर, उहाँको आँखामा पनि हृदयमा पनि दया देखिएन । त्यहाँ सेतै केश फुलेका वृद्धाहरू थिए । ७०-८० वर्षका हिन्दु पण्डितहरूले *'आफू कुनै कुरामा दोषी नभएको सरकार महाराजा'* भनी

दश औँला जोडी राजालाई ढोगगरी आँखाभरि आँसु लिएर बिन्ती गरेको दृश्यहरू जेलको खिडकीबाट प्रष्टसँग देखेको छु । वृद्धाहरूको बिन्ती सुनेर पनि नसुनेको झैं गरी आफूलाई हतार भएको जस्तो गरी अस्पष्ट कुरा गरेर राजा जानुभयो । मलाई राजासँग भेटगर्न प्रतिबन्ध लगाईएको थियो । राजालाई गुनासोहरू सुनाएर समस्या निम्त्याउँछ भनेर होला । आँखाभरी आँसु देखेर पनि ती वृद्धाहरूको पीडा राजाले बुझ्नु भएन, राजाको हृदयमा अलिकति पनि दया देखिएन ।

आँखा नदेख्ने वृद्धालाई बम बनाउने भनी आरोप लगाईएको थियो । राजनीतिक विषयमा केही नजान्ने कृषकलाई लडाकु ट्रेनिङ गराउने ओस्ताद भनी परिचय गराईएको थियो । त्यहाँ खटिएका सुरक्षा अधिकृतहरूले जस्तो-जस्तो पोल लगाए त्यसै-त्यसै गर्नुभयो राजाले । बृद्धा, नाबालक, महिला, बिमारीहरू कसैमाथि पनि दया थिएन । भन्नु र देखाउनुको लागि राजा-रानी स्वर्गकै पहरी जस्तो दयालु हुन्छन् भनिन्छ, धर्मशील राजा-रानी भनी प्रचार हुन्छ । तर राजा-रानीहरूको बाहिरी रूप मात्र जनताले देखेका हुन्छन् । उनीहरूको असली रूप देखेका हुँदैनन् बुझेका पनि हुँदैनन् ।

राजाको इच्छा र आवश्यकता अनुसार धार्मिक कार्यक्रमहरूको आयोजना गरेर जनताको मनमा राजाको अघि सदैव शिर झुकाउनु पर्ने डर उत्पन्न गराईन्छ । भुटानीहरू यही विषयले प्रभावित छन् कि ऊ राजाको दयामा बाँचिरहेको मानिस हो । उसले राजालाई भुँइमा लम्पसार परेर ढोग्नुपर्छ नत्र राजाको अपमान हुन्छ । राजा खुशी भएपछि आशीर्वाद दिनुहुन्छ भन्ने भ्रममा बाँचेका हुन्छन् । सरकारका प्रमुख पदहरूमा राजाको बफादार नातेदारहरू नियुक्ति हुन्छन् । जतिसुकै अनुभवी, विद्वान्, ईमान्दार र योग्य भए पनि राजाको दया नपाएसम्म कसैको विद्या र क्षमताको कदर हुँदैन ।

सन् १९९० देखि चलेको अत्याचारको आँधीले हजारौं भुटानीहरू शरणार्थी बन्नपुगे । भुटानीहरूले अमानवीय यातना भोग्नु परेको थियो । सम्पति लगे, घर रहेन, देश पनि रहेन सबै उजाड भयो । धेरैले ज्यान गुमाए, स्त्रीहरू बलात्कृत भए, बाल-बालिकाहरू टुहुरा-टुहुरी भए । त्यसबखत दक्षिण भुटानमा धेरै रगत बगेको थियो तर त्यसलाई देख्ने, सुन्ने, फोटो खिच्ने र समाचार लेख्ने सरकारको क्युनसेल पत्रिका र उसको फोटोग्राफरहरू बाहेक अरू कोही थिएनन् । उनीहरूले जुन दृश्यको फोटो खिचे, जे लेखे सबै सरकारको निर्देशनमा गरे । छिमेकीहरू

आउने बाटो बन्द भयो । उनीहरूलाई भुटान पस्न प्रतिवन्ध थियो । जनताका आवाजहरू सार्वजनिक गर्ने पत्र-पत्रिका र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू, बी.बी.सी., अलजजिरा, सी.एन.एन. का रिर्पोटरहरू भुटानमा थिएनन् ।

भारतीय पत्र-पत्रिकाहरूले भुटानको समाचार लेखेनन् । आफ्नो देशसँग सिमाना जोडिएको भुटानीहरूमाथि अत्याचार हुँदा, घर जल्दा, गोली चल्दा, मानिसको हत्या हुँदा नदेखेको र नसुनेको जस्तो गरी सञ्चार-माध्यमहरू कसरी चुप-चाप बस्न सक्छ र ? भारतीय सञ्चार-माध्यमहरू पनि भुटानी जनताप्रति मूकदर्शक बनेको थियो । यो कस्तो विडम्बना ? भुटानले गरेको अत्याचारलाई विश्वसामु देखाउँदा भारतीय मिडियालाई के को असुविधा हुन्छ र ? विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक देशले छिमेकी देशका जनताप्रति प्रजातन्त्र र मानव-अधिकारको समर्थक र मार्गदर्शक बन्नुपर्ने हो । भुटानमा जनतालाई न्यायदिने न्यायलय, सञ्चार-माध्यम र मानव-अधिकारका आवाजहरू छैनन् भन्ने कुरा भारतलाई पनि थाहा छ । राजाको कार्वाहीमा पर्ने डरले आफ्नो अधिकार र अन्यायबारे भुटानीहरू बोल्न सक्दैनन् । मानव-अधिकारको मान्यतालाई प्रयोगमा ल्याउन डराउँछन् । यस्तो परिस्थितिमा भुटानी जनताले कहीँ कतैबाट पनि साथ पाएनन् । भुटानमा भएका सञ्चार माध्यमले सरकारको साधारण विषयमा पनि आलोचना गर्न सक्दैन, उसले जनताका कुराहरू उठाउन सक्दैनन् । सम्पूर्ण दुष्कर्महरू देखिरहेको, प्रत्यक्षदर्शी भारतीय सञ्चार माध्यमको वाङचुक दासताको पनि परिचय भएको छ ।

मलाई गलेफु यातना केन्द्रमा कैद गरेको दिनदेखि मेरी श्रीमती रिहाईकोलागि गुहार मागी हिँडिरहेकी थिईन् । तर उसलाई गेलेफु डुङपा छिमी दोर्जीबाट थर्काउने, धम्काउने, मानसिक यातना दिने र अन्तमा बलपूर्वक देशबाट लखेट्ने कार्य भयो । त्यहाँ कार्यरत एकजना भारतीय स्टाफले यसबारे मलाई सत्य-तथ्य बताउनु भएको छ । नाबालक छोरा-छोरीहरू भोकै मरुन् भनेर श्रीमतीसँग भएका सुनका गहनाहरू पनि खोसेछ । श्रीमतीलाई कुटेछ । मलाई यी खबरहरू जेलभित्र नै थाहा भएको थियो ।

**सन् १९९२ को फेब्रुवरी ४** तारिक जेलबाट रिहा भएँ । शरीर गलिसकेको थियो, बाँचिएला जस्तो लाग्दैनथ्यो । छोरा-छोरीकोलागि बाँच्ने आशा लिएर जेलबाट निस्किए । मलाई जेलबाट छोडदैछ भन्ने खबर श्रीमतीले सुनेपछि मलाई लिन फेरि गेलेफु आएका रहेछन् । जेलबाट निस्केपछि तीन दिनसम्म हामी

गेलेफुमा हुने एकजना दाजू-भाउजूकोमा बास बस्यौं । त्यसपछि फेब्रुवरी ७ तारिखमा अस्पतालमा चेकअप गराई दबाई लिएर मनलाई दरिलो राखी खाली हात् दुःखका कथाहरू लिएर गेलेफुबाट बाहिरिएँ ।

सरकारले जनतामाथि गरेको र्दुव्यवहारको वर्णन गर्न पनि शरम लाग्छ । सगैं हुर्केका सेना र प्रहरीका मित्रहरू, एकै हाडका सन्तान् समेतका चरित्रहरूको बारेमा के लेखौं आफ्नै हृदयलाई पीडा हुने कुराहरू । कैदी जीवन बिताईरहेको बखत् आफ्नैले बहिष्कार गरेको सुन्दा घाऊमा नुन छर्केझैं हुन्थ्यो । परिवारका सदस्यहरूबीच समेत शंका र ईष्या उत्पन्न गराउन सरकार सक्षम् थियो । 'राजा भएको देशका जनताले शान्तिसँग जीवन जिउन पाउँदैनन्' भन्ने ज्ञान् जेलबाटै प्राप्त भयो । *राजाकोलागि देशका जनता खोरमा पालेको खसी-बोका जस्ता रहेछन् जतिबेला काटेर खाए पनि हुने ।*

जनतालाई दमन गर्दा देश पतन हुनसक्छ भन्ने मनश्चक्षु विद्वता अहंकारी राजामा हुँदैन भन्ने कुरा सिक्किम भारतमा विलय भएको विषयले उद्धृत गर्दछ । सिक्किमका अन्तिम छोग्याल, पाल्देन थोण्डुप नाम्गेल नागरिकलाई भेदभावपूर्ण दमन गर्दा राजगद्दी मात्र गुमाएनन्, देश नै भारतलाई सुम्पनु परेको इतिहास पूरानो होइन । सिक्किमको इतिहास साक्षी छ, अन्य जाति नभएर सिक्किमका छोग्याल आफ्नै नश्ल काजी लेण्डुप दोर्जीको षडयन्त्रमा परेका थिए, जसले सिक्किम भारतमा विलय गराउन प्रमुख भूमिका खेलेका थिए । त्यस्तै प्रकारलेः "गम्भीर सङ्कटमा परेका सीमान्तकृत भुटानी जनसमुदायहरूको सुरक्षा र संरक्षणकालागि राजनीतिक परिस्थिति जनभावना अनुकूल नहुञ्जेल भुटानलाई भारतको संरक्षणमा राख्दा संयुक्त राष्ट्र संघको बडापत्र र धरतीको नियम विपरित हुँदैन" भन्ने राजा जिग्मी सिगें वाङचुकको सौतेनी आमा महारानी आजी याङ्कीले सन् १९७४ मा व्यक्त तात्पर्यप्रति भुटानका ङालोङ राजा सतर्क रहनु पर्छ ।"

जेलबाट छुटेपछि सन् १९९२ फेब्रुवरी ७ तारिक फुन्चोलिङ आईपुग्यौं । फुन्चोलिङमा दिदी-भेनाजुसँग पी.डब्लु.डी. क्वाटरमा दुईदिन बस्यौं । भेनाजु सिब्सु शिवालय गाउँ निवासी हुनुहुन्छ । उहाँको हजुरबुवा **सेतु गिरीले धर्मगुरु सावड्डुङको** समयमा सिब्सुको मण्डल पद्भार सम्हाल्नु भएको हो । सेतु गिरी पछि भिनाजुको हजुरआमा तुलसीमाया गिरीले मण्डली कार्यभार सम्हाल्नु भयो । **गर्जमान गुरुङको** हत्या भएको १० वर्षपछि सन् १९४१ मा साम्ची जिल्लाको

ब्लक मण्डलहरूको चुनाव भयो । भिनाजुको बुवा **नरबहादुर गिरीले** सिब्सु ब्लकको चुनाव जित्नु भयो । सिब्सु ब्लक प्रमुख ठानिन्थ्यो । खुबै ईमान्दारीताका साथ सिब्सुको मण्डली कार्यभार सम्हालेकोमा **राजा जिग्मी वाङचुक** खुशी भएर उहाँलाई पारोमा बोलाई **गिरी** परिवारको नाम गरेर **कासो** दिनु भएको इतिहास छ । **सन् १९४३** मा **बुवा**को असामायिक निधनपछि बुवाको निजै दाजु **पदमलाल गिरीले** मण्डल कार्यभार सम्हाल्नु भयो । सन् १९७० को दशकसम्म भिनाजुको परिवारलाई मण्डली परिवार भनिन्थ्यो । तर बिडम्बना भिनाजुको आमाले पनि छाडेर गएपछि दुःखै दुःखमा हुर्कनु परेको थियो । परिश्रम गरी खानु पर्दथ्यो । मेरो दिदीलाई उहाँका काकाहरूले मंगनी गरी सन् १९६८ मा उहाँसँग विवाह गरिदिएको दिनदेखि भिनाजुको जीवनमा खुशियाली छाएको हो । दाजु रितुमानले भिनाजुलाई Postal Department मा साधारण कर्मचारीको जागिर लगाइदिनु भएको थियो । त्यसको केही वर्षहरु पछि माईला दाजुको सल्लाहमा उहाँले पी.डब्लु.डी.मा जागिर गर्नुभयो । हाम्रो परिवारबीचको प्रेमिलो सम्बन्ध र आपसी सहयोग सदैव असल रहेको छ । शरणार्थी जीवनको यात्रामा दिदी धनकुमारी र भिनाजु डिल्लीराम गिरी र भाञ्जा भाञ्जीहरू आज सकुशल अमेरिकामा हुनुहुन्छ ।

फुन्चोलिङसम्म आउन र केही दिन खानकोलागि गेलेफु अस्पतालका भारतीय डाक्टर **पावल**ले केही पैसा दिनुभएको थियो, त्यसैले मेरो खर्च चलिरहेको थियो । फुन्चोलिङ शहर पुगेकै दिन मलाई नजिकबाट जान्ने, आजी पेमा वाङचुक (राजा जिग्मी सिगें वाङचुकको दिदी) को पति डासो पासाङ थिन्लेसँग भेट भयो । सन् १९७८ मा राष्ट्रिय सुरक्षा अकादमीमा भेट भएदेखि हामीबीच घनिष्ट मित्रता बनेको थियो । उहाँ राजकुमारीसँग विवाह भएपछि फौजीको जागिर छोडी आफ्नै व्यवसायमा लाग्नु भएको थियो । सन् १९९० को दशक राजाले उहाँलाई पुनः आर्मीमा फर्काई क्याप्टनको पदमा राखिएको रहेछ । मेरो कहानी सुनेर उहाँ दुःखी हुनुभयो । 'तपाईंको लागि राजासँग कुरागर्छु, देशबाट बाहिर जानुपर्दैन' भन्नुभयो । 'हामी सबै बराबर भुटानी हौं, अत्याचार गर्ने माथि कार्वाही हुन्छ' भनेर सम्झाउने प्रयास गर्नुभयो । उहाँको कुराले केही आशा जाग्यो तर राजाको छेकाबारमा शिकार गर्नेहरूको जालमा परिने डरले म सतर्क भएँ । भुटानमा न्यायको आवाज उठाउने तथा सरकारको नीतिहरूको विरोधगर्ने मान्छेहरू जतिनै निर्दोष, ज्ञानी र देशको लागि उपयोगी भएपनि उसलाई कसैले चाल नपाउने गरी गायब गरिन्छ । तत्कालीन अवस्था देशमा बस्नु सुरक्षित थिएन । मलाई सहयोग

गर्न चाहाने डासोको विचार ठीक थियो तर पनि म बस्न सकिन । ममाथि देखाउनु भएको दया र सुझावप्रति धन्यवाद भन्दै यतिमात्र भन्नसकेँ । *'डासो, आमा-बुबालाई हेर्न सिब्सु जानुपर्नेछ त्यसपछि के हुन्छ थाहा छैन, हाम्रो फेरि भेट होला कि नहोला तर म तपाईँलाई कहिल्यै बिर्सिन्न, देशमा शान्ति होस् म फर्केर आउनेछु ।'* यति भनेपछि उहाँबाट बिदा लिएँ ।

गाउँ-घरको खबर राम्रो थिएन । बेलबोटेबाट आमा-बुवा र छिमेकीहरू लखेटिइँदै छन् भन्ने खबर पाउनासाथ रात-साँझ गरेर गाउँ पुग्ने निश्चय गऱ्यौं । उहाँहरू कुन अवस्थामा होलान् भनी चिन्तित् भएँ । जसो-तसो गरेर **१९९२ फेब्रुवरी ९** तारिकको राति बेलबोटे घर पुग्यौं । घरमा बसिरहने अवस्था थिएन । हामी पुग्नासाथ आमा-बुवालाई लिएर सबै भुटानको सिमाना पार गर्ने तयारीमा रहेछन् । मनमा उथुल-पुथुल भईरह्यो । आर्मी अफिसर भएकोले मलाई कुनै पनि चुनौतिको सामना गर्नु हिम्मत थियो । मृत्युदेखि डर थिएन । ईमान्दार र निष्कलङ्क भई देशको लागि खटिरहेको देशप्रेमीलाई दुर्जनहरूबाट यस्तो अत्याचार सहनुपर्दा मनमा ज्यादै आक्रोश पैदा भएको थियो । *तर बाँच्नु थियो, मरिगएँ भने श्रीमतीले नाबालाक छोरा-छोरीहरू सम्हाल्न नसक्ला कि भन्ने चिन्ता थियो । बुबा-आमालाई देखभाल गर्न दाजु-भाईहरू थिए । मन विद्रोहको भावनाले उथुलपुथुल भईरह्यो । काम तमाम गरेर देशबाट बिदालिने झोक चलेको थियो तर, मेरो परिस्थिति मेरा भावनाहरू विपरीत थियो । दुःखेका पीडाहरू बोलिरहेका थिए, मनले कसैको कुभलो चिताएको थिएन । जेलको यातना, कुटाई, थुकाई र अस्वस्थ खानाले शरीर कमजोर थियो । मनभित्र ठूलै कोलाहल भए तापनि त्यसतर्फ लाग्ने अवस्था थिएन । प्राण बचाउन सबकुरा त्यागी अन्यत्रै जानु परिरहेको थियो ।* त्यो रात घरमा धेरै मानिसहरू हामीलाई बिदा गर्न आएका थिए । केही कुराकानी गर्दागर्दै बिहानको ३ बज्यो हामीलाई लैजाने ट्रक पनि आईपुग्यो । सबै त्यसैमा बस्यौं । **सन् १९९२ को फेब्रुवरी १०** तारिख बिहानको करीब ४:३० बजे हामी भुटानको सिमानाबाट बाहिर निष्कियौं । हामी देशविहीन शरणार्थी भयौं । हेर्दा-हेर्दै बुबा-आमाको आँखाहरू आँसुले भिजे ।

भुटानको सिमाना काटेपछि उज्यालो भयो भारत पुग्यौं । आफन्तहरूको खोजीमा रहेका धेरै भुटानीहरूलाई बाटोमा भेट्यौं । उनीहरू भुटानबाट लखेटिएपछि भारतीय बन्धुहरूसँग बसेका रहेछन् । हामी भारतको बाटो हुँदै शरणार्थी शिविरतिर जाँदै गर्दा बीपीपी पार्टी र भुटान सरकारले गरेको भक्कानो

छुट्ने अत्याचारका दृष्टान्तहरू धेरै सुनियो । कसैको छोरालाई जोङ्दाले कञ्चटमा गोली हानी मारेको, जेलमा कुटेर मारेको, कसैलाई झुण्डयाएर मारेको रहेछ । धेरैको सम्पति लुटेर घर आगो लगाईदिएको रहेछ । छोरी-चलीहरूलाई बलात्कार गरेको कुराहरू सुन्दा झनै मन पोल्थ्यो । हामी विवस थियौं । हाम्रो दयनीय अवस्था र दु:खेको शरीर बोकी दु:खकै कहानी झल्झली आँखामा रसाएर बृद्ध आमा-बुवा, बिमारी श्रीमती र छोराछोरी लिएर फेरि पनि बाँच्ने आशा मनमा साँचेर 'म' नेपालमा शरणार्थी भएर कन्काई नदी पुलको किनारा माईधार पुगें ।

मैले '**नेपाल**' देश र यसको राजधानी काठमाडौंको नाम सुनेको मात्र थिएँ, पुगेको थिईन । भुटानबाट लखेटिएपछि शरणलिन म नेपाल आईपुगें । छिमेकी भारतले शरण दिनुको साटो नेपालमा शरण लिन हामीलाई प्रहरी लगाएर नेपाल लखेट्यो । भारतले कुनै पनि छिमेकी देशका जनतालाई माया गर्दैन । राजा वाङ्चुक रिसाएर कतै चाईनातिर ढल्किने हो कि भनेर भारत सारथी बनेको अवश्य हो । हामीलाई थाहा छ- भारत-चीन सीमा सम्बन्ध, भौगोलिक परिवेश र त्यसप्रति भुटानी राजाको भारतसँगको सम्बन्ध र झुकाव बारेमा । भुटान सरकारको मानवता विपरीत कार्यप्रति समर्थन जनाउँदै गोर्खा जनसमुदायहरू माथि गरिएको अत्याचारप्रति भारत चुपचाप बस्न तयार भयो । विगतलाई अध्ययन गरेर हेर्दा भारत स्वतन्त्र भएपछिको भारतीय राजनीति गोर्खाजातिलाई दास सरह प्रयोग गर्नमा लक्षित छ । नेपाल, दार्जीलिङ देहरादुन आदि क्षेत्रहरूबाट गोर्खा युवाहरूलाई गोर्खा रेजिमेन्टमा भर्ना गरिन्छ, युद्धमा मारिएका गोर्खाहरूको विरताको प्रशंसा हुन्छ तर, गोर्खाजातिमाथि आईपरेको आपद विपदमा भारत मौन रहन्छ । उल्टो उसले दमन गर्छ । भारत सरकार गोर्खाजातिको सामाजिक, आर्थिक र राजनीतिक अवस्थामा प्रगति भएको चाहँदैन ।

भुटानी शरणार्थीहरू सुरुमा कन्काई नदी किनारा माईधारमा स्याउलाको छानो बनाई बास-बसे जहाँ उनीहरूको दर्दनाक दृश्यहरू माईधारको बाटो आउने-जाने मानिसहरूले महिनौंसम्म हेरिरहे । दु:खका असंख्य बिलौनाहरू बोकेर बुवा-आमाहरू मरेका सन्तानहरूप्रति आँसु बगाउदै जिउँदा रहेकाहरूलाई बचाउँन र बाँच्न कोसिस गरिरहेका वेदनापूर्ण दृश्यहरू थिए । डाक्टर भम्पा राई हातमा स्टेथेस्कोप, जीवनजलको प्याकेट, दबाईहरू र बिष्कुट बोकेर बिमारीलाई उपचार गर्न र वृद्धहरूलाई हतोत्साही हुनबाट जोगाउन दौडधुप गरिरहेको देखिन्थ्यो । उहाँसँग केही सहयोगी मानिसहरू पनि देखिन्थे ।

*माईधार किनारामा भुटानी बाल-बालिकाहरू, बृद्धाआमा-बाबाहरू, चोट लागेका बिमारीहरू, बलात्कार पछि मृत्यु भएका चेलीहरू, आत्माहत्या गरेका, रात्रि बसले किचेर मारेका बच्चाहरू तथा अकालमा मरेकाहरूको लाशहरू जलिरहेको हृदयबिदारक दृश्य आज पनि यो आँखाअघि झल्झली आईरहन्छ ।* महिनौंसम्म भुटानी शरणार्थीहरूको लाशहरू माईधार किनारामा जलिरह्यो, लाशहरू जलेको दुर्गन्ध आईरह्यो । एकैसाथ ४० वटासम्म लाशहरू जलिरहेको दृश्य देख्नेहरू कसको मन दुःखले आहात भएन होला र ? धेरैले यी दृश्यहरूको तस्वीर खिचेका छन् यसबाट डकुमेन्ट्री सिनेमा बनाएका छन् । यो त अरूको लाशहरू जलेको दृश्यहरू थिए । आफ्नो मरण कहाँ कस्तो होला, आफ्नो लास जलेको हेर्नेहरू को होलान् अनुमान थिएन । माईधार किनारापछि बेलडाँगी, टिमाई, पथरी, गोल्ढाप, खुदुनाबारी हुँदै भुटानी शरणार्थीहरूको देशबिनाको अनिश्चित् जीवन सुरु भयो ।

भारत सरकारले शरणार्थी सम्बन्धी कानुनको पालना गर्दैन । सयुंक्त राष्ट्रसंघले सन् १९५१ र १९६७ मा घोषणा गरेको शरणार्थी सम्बन्धी महासन्धिहरूको भारतले तारिफ गर्छ कानुनको व्याख्या गर्छ तर यी महासन्धिहरू अनुमोदन गरेको छैन । त्यसैले भारतको शरणार्थीप्रतिको व्यवहार स्पष्ट छैन । आफूलाई पायकपर्ने कार्यमात्र गर्छ । भारतीयहरूमा सङ्कटमा परेका मानिसहरूको उद्धार गर्ने धार्मिकताको बिन्दु पनि पाईदैन । भारतीय राजनीति स्वार्थपरायण मार्गमा हिँड्दछ, धार्मिकता र मानवताको भाषणहरू गर्छन् तर सबै भाषणमा नै सिमित छन् । छिमेकीहरूप्रति भारतको राजनीतिक आचरण र व्यवहार गोहीको आँसुजस्तो कपटी छ । भारतले छिमेकीलाई गर्ने प्रायः सबै सहयोगहरूमा शोषण गर्ने योजना हुन्छ । भारतले सन् १९५९ देखि हजारौं तिब्बती शरणार्थीहरूलाई शरण र सहुलियत दिएर राखेको छ । यसको मूल उद्देश्य चीनलाई चुनौतिदिनु अनि आवश्यक परे चीन विरुद्ध तिब्बतीहरूलाई प्रयोग गर्नु हो । तिब्बतीहरूलाई शरण दिनसक्ने, तिब्बतीहरूको आन्दोलनलाई सरकारले सहयोग गर्नहुने तर भुटानीहरूलाई नहुने, कस्तो भारत ? यहीँबाट भारत सरकार छिमेकी देशका जनताप्रति कतिसम्म निर्दयी र निरङ्कुश छ भन्ने प्रष्ट हुन्छ ।

भुटानको राजनीतिक दल बीपीपी र तानाशाहको आक्रमणबाट भागेर ज्यान जोगाउन भारतमा शरण मागिरहेका भुटानी जनतालाई भारतले लखेटेर नेपाल पुर्‍याउनुको कारण तानाशाहलाई उनमुक्ति दिनु हो । भारत र भुटानको जे-जस्तो सन्धि सम्झौता भएपनि सङ्कटमा परेका मानिसलाई शरण दिनुमा

देश र विश्वमा भएका कुनै पनि कानुन वा सन्धि-सम्झौताहरू बाधक हुने कुरा उठ्दैन । तर भारतीय नेताहरूले प्रवचन छाट्ने गरेका **'वसुधैव कुटुंबकम्'** देखौटा मात्र हो । भारतको असलियत यो प्रवचनको विपरीत छ । म्यानमारबाट ज्यान जोगाई भागेका रोहिङगा शरणार्थीहरू भारतमा शरण मागिरहेका छन् । उनीहरू नाजुक अवस्थामा छन् तर भारतले रोहिङगा शरणार्थीलाई शरण नदिने कारणहरू देखाएको छ । भारत र म्यानमारका शासकहरूमा भएको मानवताप्रतिको बिटुलो प्रभाव नै यसको मूल आधार हो । रोहिङगा शरणार्थीहरू विशेष गरी ईस्लाम धर्मवालम्बी हुनाले भारतलाई पाच्य भएन, जसको मूल आधार हो ईस्लाम धर्मप्रति भारत शङ्का गर्छ । कहीँ कतै उग्रवादीहरूले रोहिङ्गाहरूलाई भारत विरुद्ध प्रयोग गर्लान कि भन्ने शङका र अर्कोतिर म्यानमारका शासक रिसाउलान कि भन्ने डरले रोहिङगा शरणार्थीलाई शरण नदिएको हो । पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो घृणित राजनीति बचाउन र गोर्खा जनसमुदायहरूलाई दबाउन तथा बंगालमा आफ्नो राजनीतिक बर्चस्व कायम राख्न देशको सुरक्षाको समेत बेवास्ता गरी रोहिङ्गा मुश्लिम शरणार्थीहरूलाई दार्जीलिङ जिल्लाको जमीनमा स्थायी रूपमा पुनर्वास गराउन कार्य गरिरहेकी छिन् । यो भारतकोलागि राम्रो कदम होईन । रोहिङ्गा शरणार्थीहरू म्यानमारबाट आएका हुन् । उनीहरूले शरण पाउनु र म्यानमार सरकारले उनीहरूलाई ससम्मान स्वदेश फिर्ता गर्नुनै सर्वमान्य समाधान हो ।

शरणार्थी सम्बन्धी महासन्धि (धारा १, च) बमोजिम यदि कुनै व्यक्तिले शान्ति विरुद्धको अपराध वा मानवता विरुद्ध अपराध गरेको, शरणार्थीको रूपमा सम्बन्धित देशमा प्रवेश गर्नुअघि शरणदिने मूलुकभन्दा बाहिर कुनै गम्भीर गैरराजनीतिक अपराध गरेको वा संयुक्त राष्ट्रसंघको उद्देश्य एवम् सिद्धान्तको प्रतिकूल हुने कार्यगरे वापत निज दोषी छ भन्ने कुरा मान्नसक्ने कारणहरू भएको खण्डमा त्यसतो व्यक्ति अन्तर्राष्ट्रिय संरक्षणको लागि लायक हुनेछैन । उपरोक्त कानुन सबैले मान्नुपर्छ । तर मानिसमाथि अपराध गर्ने देशको शासक विरुद्धको कानुन खोई कहाँ छ ? कानुन एक पक्षीय हुनुहुदैन । यदि शासकले देशका कुनै पनि अवस्थाका जनतालाई सैन्यबलद्वारा नृशंष आक्रमण गर्छ र देशबाट लखेट्छ भने त्यस्तो अपराध गर्नेमाथि पनि अन्तर्राष्ट्रीय कानुन हुनुपर्छ । जबसम्म कानुन सबैकोलागि बराबर हुँदैन विश्वबाट शरणार्थी समस्या निर्मुल हुनसक्दैन । संयुक्त राष्ट्रसंघको शरणार्थी सम्बन्धी उद्देश्य एवं महासन्धिका कानुनहरूमा अनुकूल सुधार हुन अतिनै आवश्यक देखिएको छ ।

जबसम्म सरकार र शासकहरूको वैमनष्यताहरू रोकथाम गर्ने र अपराधहरूको कार्वाही गर्ने कानुन देश र अन्तर्राष्ट्रिय रूपमा स्थापित हुँदैन कुनै पनि देशका जनताहरू सुरक्षित् हुँदैनन् । छाडा छोड्यो भने गौतम बुद्धलाई भगवान मान्नेहरूले पनि भयानक पाप गर्छन् जुन पाप दानवले पनि नगरेको होला भन्ने कुरा प्रष्ट भएको छ । बुद्धिष्ट देश म्यानमारका बौद्ध भिक्षुहरूले रोहिङ्गा जातिमाथि गरेको अत्याचारलाई देखेर कुनै पनि मानव हृदय दुःखका वेदनाले छियाछिया हुन्छ । लाखौं रोहिङ्गा शरणार्थीहरू बंगलादेश र भारतको सिमानामा अलपत्र परेर शरणको भीख मागिरहेका छन् । भुटानको बुद्धिष्ट राजाले विशेष गरी गोर्खाजाति-हिन्दुहरूमाथि नृशंष हमला गरी लखेटेर शरणार्थी बनाएको छ । त्यसैगरी नेपाल, भुटान र भारतका हिन्दु धर्मवालम्बी राजनीतिज्ञहरूले अल्पसंख्यक इसाई र मुश्लिम् धर्मवालम्बीहरूलाई दबाउन राजनीतिक शक्ति र धर्म दुवैको दुरूपयोग गरिरहेका छन् ।

नेपाललाई हिन्दु राज्य बनाउनुपर्छ भनी मानिसहरू आन्दोलित् छन् । हिन्दुहरूको बाहुल्य भएको देशमा विद्वान् नेताहरूले राम्रो कार्य गर्लान् भनी आशा गर्नु व्यर्थ देखिन्छ । उनीहरूको राजनीतिक एवं धार्मिक क्रियाकलाप अनुसार आफ्नो धर्म ठूलो अरूको धर्म सानो भन्ने हीनभावनाको पराकाष्ठा देखिन्छ । धर्मले मानव हृदयमा प्रेम र बन्धुत्वको सद्गुण जगाउनु पर्नेमा यहाँ त एउटा धर्मले अर्को धर्मलाई सिध्याउने राजनीतिक क्रीडा चालिएको छ । धर्मबाट मानिसबीच प्रेम, सद्भावना, सद्गुण, शान्ति, सुरक्षा र एकताको आशा गर्न सकिदैन, किनकि यो आफैंमा स्वार्थी छ, तानाशाही छ । यसले मानव-समाजलाई लङ्गडो बनाएको छ । मानव-समाजमा अनेकता ल्याएको छ । धर्मका नाममा रूपरंग परिर्वतन गर्नेहरूले मानिसलाई शोषण गर्छन् । आसाराम, गुरमित राम रहिम, निर्मल बाबा, विरेन्द्रदेव दीक्षित जस्ता सयौं ढोगींहरू राजनीतिक नेताहरूको संरक्षण पाएर मानिस विरुद्ध पाखण्ड मच्चाईरहेका छन् । शासनकर्ताहरूले यस्ताहरूको आडमा चढेर जनतामाथि शोषण गरिरहेको देख्दा ज्यादै दुःख लाग्छ । राजनीतिज्ञहरूको यस्ताहरूसँगको घनिष्टता देखेर मानिसहरू किङ्कर्तव्यविमुढ छन् । यस्ता ढोगींहरूको चरणमा लम्पसार परेर राजनीति गर्नेहरूबाट देशका जनताले के नै राम्रो आशा गर्न सक्छन् र ? यस्ताहरूको हातमा देशको शासन व्यवस्था भएको कारणले विश्वमा शरणार्थीको सख्या बढिरहेको छ ।

**राज्यविहीनता तथा शरणार्थी उन्मूलन गर्न नसके वा शरणार्थी समस्या अन्त्य नहुन्जेल विश्वमा शान्ति छ भन्नु अर्थहीन हुन्छ ।** "नागरिकता खोसिनु विश्व सभ्यताबाट अलग्याइनु हो । यो असभ्य वा जंगली मान्छे आफ्नै जंगली गुफाको जीवनमा फर्किनु जस्तै हो । यो मानिसको केही नभएको अवस्था मात्र नभई उसलाई अन्य व्यक्तिहरूले मानिस सरह व्यवहार गर्ने गुण नरहेको अवस्था हो । उनीहरू यो संसारलाई कुनै योगदान नगरी पहिचान बेगर बाँच्न वा मर्न सक्छन्" भनी हान्ना एरेण्डले सर्वसत्तावादका उत्पत्तिहरूमा भनेका छन् । शरणार्थी जीवनमा मैले आजसम्म भोगेका तीता-तीता दिनहरूको वास्तविक सारवस्तु आफ्नै शब्द र शैलीमा लेखिरहेको छु ।

म एक साधारण किसान परिवारमा जन्मेको भए तापनि यो संसार त्यति अप्ठयारो र बुझ्नै नसकिने भनेर म भन्दिन । पृथ्वीमा भएका सबै जात-जातिका मानिसहरू एक-आपसमा खुशीकासाथ जिउन चाहन्छन् तर, मानिसको चाहाना र भावना विपरीत छ आजको विश्व परिवेश । ठूलो र सानो, धनी र गरीब भनेर एक-अर्कालाई हेप्ने, अर्कोलाई मारेर राजतन्त्र बचाउनेहरू, अन्य धर्म र जातिका जनतालाई देशबाट लखेट्ने, जनतामाथि गोली चलाउनेहरूको राज छ । यस्ता सर्वसत्तावादीहरूको पनि मृत्यु हुन्छ अरू जस्तै मरेर माटोमा नै मिल्छन् । सबै खाली हात यस संसारबाट बिदा हुन्छन् । कोही पनि अजम्बरी छैनन् भन्ने सामान्य वुद्धितत्व सबैमा भएर पनि संसारलाई हेर्ने शासकहरूको आँखा र विवेक-वुद्धिलाई अहंकार र घमण्डले छोपेको छ उनीहरूको अन्तस्करणमा अनिष्टकारक सैतानी छ ।

उन्नाईसौं शताब्दीमा भएका दुईवटा विश्व युद्धबाट र इतिहासको विभिन्न कालखण्डहरूमा भएका द्वन्द्वहरूका कारण नै विश्वमा अन्याय, अत्याचार र लडाई रोक्न **राष्ट्रसं**घको स्थापना गरियो । प्रजातन्त्र र मानव-अधिकारको संरक्षणको लागि कानुन बेनका छन् । विभिन्न कारणवश राज्यविहीन अवस्थाका शरणार्थी सम्बन्धमा महासन्धि र कानुनहरू तयार भएका छन् । तर पनि मानिस विरुद्ध संसारमा पापहरू भईरहेको छ । पृथ्वीमा राम्रा कुराहरू हुँदाहुँदै पनि यहाँ पापको भण्डार छ । पृथ्वीमा गरिएका सबै पापहरू राजा र शासनकर्ताहरू, धनीहरू, सरकारहरू, धर्म गुरुहरू, शान्तिका दूत र सन्तहरूद्वारा भएका छन् । पृथ्वीको सुन्दरता नष्टगर्ने साधारण मानिसहरू हुँदैनन् । समाजका धेरैजसो तथाकथित बुद्धिजीवीहरू र शासकहरू आफू गुणी र मावन संरक्षक भएको हुङ्कार गर्छन ।

तर उनीहरूले नै संसारको उन्नति गर्ने किसान, मजदुरहरू र वैज्ञानिकहरूको शोषन् गर्छन् । राजा र राजनीति गर्नेहरू र धर्मका नाममा रंग लगाउनेहरूले नै परिश्रमिहरूको ज्ञान बुद्धी र बल्लाई शोषण गर्छन् । *त्यसैले भुटानका राजाले जतिसुकै घोप्टो परेर वुद्धको मुर्तीलाई ढोगे पनि ऊ कहिल्यै धर्मात्मा हुनसक्दैन ।* उसका पापहरू पखालिने छैनन् । जबसम्म भुटानी राजाले पश्चाताप गर्दैन तवसम्म उसलाई राजा भनी सम्मान गर्न पनि सकिँदैन ।

भुटान अहिले राजपरिवार र उसका आततायीहरू बाहेक अरूले शान्तिसँग जीवन जिउन नसकिने देश बनेको छ। सत्यलाई असत्यले ढाकेको छ। राजालाई सघाउने तथा 'हँ मा हैंसे' गर्ने अर्को असल व्यक्ति नभएर दुष्टहरू नै छन् । छिमेकी देश भारतले निरङ्कुश वाङचुक राजालाई साथ दिन्छ । अत्याचार र सङ्कटमा परेर कराईरहेका भुटानी शरणार्थीको आवाजलाई भारतले सुन्दैन । जनतालाई मारेर भुटानी राजाको चाकडी गर्छ । भोलि त्यही जनताको छोरा भारतको सुरक्षाकोलागि विश्वसनीय हुनु आवश्यक हुन्छ भन्ने वास्तविकतालाई बुझिरहेको छैन । एउटा राजाको स्वार्थकोलागि हजारौं मानिसहरूको जीवनलाई बर्बाद गर्न छिमेकी भारत तयार छ। मैले यही देखें र यही भोगें। भुटानी वाङचुक राजपरिवार पापी हुन् र उनीहरू पापी हुनुमा भारतको राजनीतिक स्वार्थ दोषी छ' ।

जबसम्म म अज्ञानतामा थिँए 'भुटानी राजपरिवार वास्तवमै बुद्धिष्ट एवं धार्मिक रहेछन्, मानव जातिकोलागि विश्वमा शान्ति चाहना गर्दा रहेछन्' भनी सोचेको थिएँ र यही विश्वासमा बाँचिरहेको थिएँ। तर धेरैपछि मेरो आँखा उघ्रिएको छ । यिनीहरूभित्र मानवताको अंश रहेनछ । जनतामाथि आधिपत्य जमाई राख्न धर्मको मुकुट ओडेर राज्य शक्तिको दुरूपयोग गरिरहेका छन् । जनतालाई थाहा भईसकेको छ 'जबसम्म राजतन्त्रको अवशेषहरू रहिरहन्छ त्यसले मनोमानी गरिरहनेछ' । थोरै बुझाई र थोरै ज्ञानमा यो कुराहरू लेख्ने आँट र अठोट गरेको होइन । मैले धेरै देखें, अध्ययन गरेँ, बुझेँ र अनुभवहरूले यी कुराहरू लेखेको हूँ ।

जेलमा कुटाई, थुकाई, मानसिक यातना र बेइज्जती सहेर देशबाट निष्कासित भए पश्चात र राज्यविहीन भई धेरै समय बिताई सकेपछि जीवनको अर्थ बुझ्न थालेको छु । जीवनको अर्थ लगाउन र यसलाई जान्नकोलागि सबै सुख, खुशी, आनन्द गुमाएको छु । आँखाहरूबाट धेरै आँसु बगेको छ । वेदनाको आँसु र पसिनासँगै जेलमा रगत बगेको छ । म जस्ता धेरै छन् । उनीहरूका

पनि आफ्नै अनुभवहरू छन् । धेरै परिश्रम गरी स्थापित भएको परिवार सुखमय जीवनको कल्पना गरेर सम्मानपूर्वक जीवन बिताउन चाहनेहरूको सपना छताछुल्ल भएको छ । राज्यविहीन भई शरणार्थी हुँदाको पीडालाई कसैले दिएको बाँसको छाप्रो, बाँच्नकोलागि एकमुट्ठी चामल र कसैको सहानुभूतिमा शक्तिशाली देशहरूमा पुनर्वासले मलम लगाउन सक्दैन । 'अवसरवादीहरूकोलागि शरणार्थी भएर अमेरिकाजस्तो देशमा पुनर्वास हुन पाउनु अहोभाग्य होला तर आफ्नो स्वाभिमान बिक्री गर्न नसक्ने र इतिहास रच्न चाहने सच्चा भुटानीहरूकोलागि त्यो जीवन निरर्थक जीवन हो ।

जबसम्म मानवताको उपहासक शोषकवर्गको निर्मुल हुँदैन ती देशहरूमा शान्ति हुनेछैन । भुटानीहरू देशमा उत्पन्न गम्भीर समस्याहरू बारेमा चिन्तित छन् । जनघातक नीति र तानाशाही व्यवहारले उत्पन्न समस्याको जिम्मेवारी राजा स्वयम्ले लिनुपर्छ । उसैले समाधान गर्नुपर्छ भन्ने जनभावना पनि छ । शासकले जनताको भित्री आशय र मर्मलाई नबुझेको खण्डमा सँगठित भएर जनताले उठाउने कदमले उग्ररूप लिनसक्छ जसको विसर्जन उद्देश्य प्राप्त भएपछि मात्र हुन्छ । भुटानी जनताले धेरै समय न्यायको प्रतिक्षामा बिताई सकेका छन् । जनताको मन-मष्तिकमा राजतन्त्र विरोधी आन्दोलनको जन्म भईसकेको छ । यसको प्रस्फुटन हुन समय लाग्न सक्छ तर अवश्य हुन्छ । शरणार्थी जीवन भोग्नेहरूले जीवन र जगतका पीडा मात्र भोगेका हुँदैनन्, मानवीय ज्ञान पनि पाएका हुन्छन् । त्यसैले सामन्त राजाले यो कुरा चाँडै बुझोस् ।

दुःख, भोक-प्यास, अवहेलना, तिरस्कार, वृद्धावस्था र पीडाहरू आफू स्वयमले नभोगेको मानिसले अरूको दुःख महसुस गर्न जान्दैन । शारीरिक र मानसिक रूपमा त्याग र तपस्याबिना बहुमूल्य उपलब्धीहरू हाँसिल गर्न सकिदैन । आईन्सटाइन, न्युटन, टेरेसा, राम, अब्राहम, येशु ख्रीष्ट, सिद्धार्थ गौतमजस्ता व्यक्तिहरूको कर्मलाई बुझ्ने प्रयास गर्नुहोस् । उहाँहरू सबैले असंख्य दुःखहरू भोगेर मानव जीवनको आदर्श बनेका हुन् । मानिसको धर्म बनेका छन् । त्यसैले देशका शासक हुनेहरूले असल अभिभावकको काम कर्तव्य पूरा गर्नुपर्छ । यदि उसले यहाँ माथि उल्लेख भएका कुनै पनि नाममा आस्था विश्वास गर्दछ भने भुटानको राजामा पनि यही चेतना आओस भनी कामना गर्दछु । राजा र जनता दुवै यस धरतीमा बराबर पहिचान र अस्तित्व भएका मानिसहरू हुन् । दुवैको जीवनमा शान्ति, सम्मान र सुखका अभिलाषाहरू बराबर हुन्छन् ।

आज विश्वमा शरणार्थी समस्याले संयुक्त राष्ट्र संघलाई चिन्तित बनाएको छ । विभिन्न देशहरूबाट मानिसहरू लखेटिने कार्य रोकिएको छैन । यसरी देश विहीन बनाईएका मानिसहरू खान, बस्न र उपचारको अभावमा अकालमै मरिरहेका छन् । शासकले दानवीय व्यवहार गरी मानिसलाई दु:ख दिएका छन् । जाति, धर्म र राजनीतिक विचारधारामा फरक मत राखेका कारण मानिसहरू देशबाट लखेटिएका छन् । यसरी आतङ्क फैलाएर देशबाट लखेटिएका मानिसहरूले न्याय पाउनुपर्छ । **भुटान** लगायत लेबनान, सुडान, सोमालिया, कोङ्गो, अफगानिस्तान, प्यालेस्टाईन, म्यानमार, बंगलादेश, सिरिया, बुरुण्डी आदि देशहरूबाट लखेटिएका, ज्यान जोगाउन भागेका मानिसहरूले आफ्नो देशमा न्यायसङ्गत् जीवन जिउन पाउनु पर्छ ।

नेपालमा भएका सबै भुटानी शरणार्थीहरू तेस्रो देशमा भलै पुनर्वास होलान् हालमा भुटान फर्कन पनि नसक्लान् तर जबसम्म सरकारले गरेको अत्याचार र पापहरूको इन्साफ हुँदैन तबसम्म शरणार्थीको फिराद लेखिनै रहनेछ । जनताले न्याय खोजीनै रहनेछ । प्रकृति जो सर्वशक्तिमान् छ ,उसले यही दर्शाउँछ 'शरणार्थी उत्पत्ति गराउने देशले जबसम्म अन्याय गरिरहन्छ तबसम्म त्यो देशमा शान्ति हुँदैन ।'

देशबाट लखेटिएका शरणार्थीहरूको न्याय नहुन्जेल यो फिराद बुलन्द रहिरहनेछ । शरणार्थी समस्याले देशका जनतामा अन्योलको वातावरण सृजना नगराओस । जनताको हृदयमा विद्रोहको भावना उत्पन्न नगराओस् । देशविहीन जनतामाथि आईपरेको यो समस्याको समाधान गरियोस् भन्ने सबैको कामना छ । कुनै पनि प्रकारको ढाँट्छल नगरी भुटान र अन्य देशहरूबाट निरङ्कुश शासन हटाइनुपर्छ शासकका अपराधहरूको सजाय हुनुपर्छ ।

समयको यही सेरोफेरोमा बाँचिरहेको म एक शरणार्थी, यो शरणार्थीको फिराद लेखिरहेको छु ।

*****

# गोर्खाजाति तथा भुटानी-लोत्सम्पा

*(दक्षिण भुटानका नागरिक-लोत्सम्पाहरूको वास्तविक इतिहास धेरै पूरानो हो । नेपालका लिच्छवी वंशका राजा अंशुवर्माका राजकुमारी भृकुटी देवी र तिब्बती राजा श्रोङचोङ गम्पोको सन् ६३८ को इतिहास, गुरु पद्मसम्भवसँग नेपाली कालीगढहरू ८ औं शताब्दीमा भुटान प्रवेशको इतिहास, गोर्खाका राजा रामशाह र भुटानका साब्डुगंको सन् १६२४ को सम्बन्ध, आधुनिक विश्व इतिहासमा र सन् १९४७ पछि भारत स्वतन्त्र भए लगत्तै आसाम, दार्जीलिङ र डुर्वसबाट भुटान लगिएका भारतीय नागरिकहरू बारे भारत-भुटान सम्बन्धका क्षेत्रीय र राष्ट्रिय दस्तावेजहरूमा पनि लोत्सम्पाहरूको इतिहास लेखिएको पाइन्छ । आज पनि भुटानमा नेपाली वंशानुक्रम नश्लको इतिहास हाम्रा बाउबाजे अग्रजहरूबाट सुन्न पाईन्छ । नेपाली वंशजहरूको इतिहास धेरै पूरानो र चर्चा गर्न योग्यको विषय छ। वास्तविक अर्थमा भुगोल, प्रकृति, धर्म र मानव विकास सम्बन्धी वर्णन गरी विश्वका कुनै पनि इतिहासविद् वा विद्वान् व्यक्तिले लेखेका इतिहास, लेख वा ग्रन्थहरूमा सबै मानव नश्लहरूको सृष्टि र सभ्यताका सत्य तथ्य विवरण पूर्ण रूपमा पाईंदैन । धेरै कुराहरू छुटेका छन् । मानव सभ्यता शुरु भएपछिका दृष्टान्तहरू भने धेरै मात्रामा समेटिएका पाउँछौं । यद्यपि, धेरै इतिहासविद्हरूले यसबारे सम्भावित विश्लेषण र वैज्ञानिक दृष्टिकोण व्यक्त गरेको पाईन्छ। मैले यहाँ संक्षिपमा उल्लेख गर्न चाहेको विषय भने, नेपाली जनसमुदायको चित्रलिपिहरू वा नेपाली वंशजहरूको बारेमा सम्भावित ज्ञानका तार्किक कुराहरू एउटै वाक्यमा सुचित गर्न चाहेको छु । मानव सभ्यतामा आधारित इतिहासहरूबाट यो पनि पुष्टि हुन्छ कि मानव जातिले पत्तो लगाएका वा आविष्कार गरेका जीवन रक्षक खाद्यान्नहरू, वनस्पतिहरू, प्रयोग गरेका अस्त्रहरू, कन्दमूल र औषधिहरू, निर्माण*

*गरेका सामग्रीहरू आदि इत्यादिले त्यो नश्ल वा मानव जाति त्यस भुभागमा उपस्थिति रहेको र त्यहाँको बासिन्दा भएको प्रमाणहरू हुन् । तदनुरूपः नेपाली जनसमुदायहरू विभिन्न जातजातिहरूको मिश्रणमा बनेको र यो मानव वंशजको मिश्रण आधुनिक मानव सभ्यताको इतिहास लेखिनु करीब ४००० इस्वी पूर्व हिमाली भेग विशेष गरी आजको नेपाल, तिब्बत, कञ्चनजङ्घा माला, सिक्किम, भुटान, चुरे वा शिवालिक श्रङ्खलाको माथिल्लो भाग, आसाम, अरूणाचलप्रदेश, कोहिमा र बर्मासम्म छरिएर बसोबास गरेको प्रमाण भेटिन्छ । तसर्थ, यो एउटा छुट्टै अध्ययनको विषय रहनेछ ।)*

गोर्खा जातिको बारेमा लेख्नुपर्दा सन्त गोरखनाथको यश-ख्यातिलाई पनि हामीले बुझ्नुपर्ने आवश्यक हुन्छ। तदनुरूप इतिहासका सत्यतथ्य अनुसार एघारौं शताब्दीमा भारत अस्तित्वमा आउनुभन्दा धेरै पहिला गर्वागिरी-महाराष्ट्रका हिन्दु योद्धा **'सन्त गोरखनाथ'** नेपाल आएका थिए । **गोरखनाथले** कुनै खास मानव-सम्बन्धित सिद्धान्त् वा विशेष सत्यको अन्वेषण गरेनन् तर सत्य र आध्यात्मिक जीवनको खोजी मानववंशको मूल्यवान् लक्ष्य हो भनेर जोड दिएका छन् । उहाँको सौष्ठव सामरिक विज्ञानसँग मानिसहरू प्रभावित थिए । नेपालका हिन्दु जनसमुदायहरूको सन्त गोरखनाथसँग उच्चतम आध्यात्मिक सम्बन्ध दर्शाउन पनि 'गोर्खाजाति' परिचायक जोडिएको देखिन्छ ।

गोरखनाथलाई धेरै पहिला नेपालको राष्ट्र देवताको रूपमा पनि मानिन्थ्यो । राजा पृथ्वीनारायण शाहले विभिन्न जातिहरूको सम्मिश्रणमा सेना गठन गरेर मल्ल राज्य कब्जा गरी नेपाल एकीकरण गरेका थिए । गोर्खा राज्यबाट सेना गठन गरेर युद्ध गरेका हुनाले राजा पृथ्वीनारायण शाहको सेनालाई 'गोर्खा' सेना भनिन्थ्यो । यसरी विभिन्न ऐतिहासिक तथ्यहरूबाट गोर्खाजातिको परिचय गराउन सकिन्छ । तदनुरूप नेपाली-भाषासँगै धेरै रसिला र कर्णप्रिय स्वकीय भाषाहरू बोल्ने शूरा प्रकृतिका विभिन्न मानव वंशहरूको मिश्रणले बनेको मानवसमुदायलाई नै **गोर्खा'** भनिन्छ ।

'गोर्खा र नेपाली' पर्यायवाची शब्दहरू हुन् । जसरी 'नरबहादुर' नाम, 'गिरी' थर अनि नेपाली 'गोर्खा' मेरो जाति भनेर म परिचित छु, त्यसैगरी दक्षिण भुटानमा बसोबास गर्ने नागरिकलाई जोङ्खामा **लोत्सम्पा** भनिन्छ । ईमान्दार, असल स्वभावको प्रेमिला र मानवीय गुणहरूले भरिएको आफ्नै पसिनाको कमाईमा रमेर जिउने मानवजाति भनेर पनि हामी परिचित छौं । गोर्खा-जातिको

इतिहास गौरवमय गाथाहरूले सजिएको छ । यस पृष्ठभूमिमा गोर्खा-जातिको बहादुरीको इतिहास दोहोऱ्याईरहन आवश्यक पर्दैन । विश्वका अन्य देशहरू लगायत एशियामा गोर्खा-जाति हिमालयको फेदी काश्मीर, लद्धाक, सिमला, हिमाचलप्रदेश, उत्तरप्रदेश, देहरादुन, बिहार, नेपाल, सिक्किम, दार्जीलिङ, पश्चिम-बंगाल, डुवर्स, आसाम, मणिपुर, मिजोराम, अरूणाचलप्रदेश, मेघालय, म्यानमार र भुटानमा युगौंदेखि बसोबास रहेको इतिहास छ ।

गोर्खा तथा नेपालीजाति तीन प्रमुख मानव वंशहरूको मिश्रणले बनेको छ ।

(क) अष्ट्रोड्राविड जो ऋसब्रिडिङबाट अस्तित्वमा आएको हो, तराई क्षेत्रमा बसोबास गर्छन्

(ख) मंगोल वा जो केही होचा, चेप्टो नाक भएका सुरा र विर प्रकृतिका आदिवासी जनजातीहरू अनि

(ग) आर्यन (ककेशियन) जो केही अग्ला, नाक अलिकति लामो भएका उनीहरू विशेष गरी भारत र दक्षिण नेपालको शितल-समतल भूभागमा बसोबास भएको पाइन्छ ।

त्यसैगरी धार्मिक सम्बन्धमा गोर्खा समाजभित्र अधिकतम हिन्दु र बौद्ध त्यसपछि किरात, ईसाई, सिख, मुस्लिम आदि धर्मवलम्बीहरू पाइन्छन् । गोर्खा जाति जहाँ बसोबास गर्छन् त्यहाँ भएका अरू जातिका मानिसहरूसँग उत्तिकै प्रेम र सद्भावनाका साथ मिलेर जीवन बिताउँछन् ।

गोर्खा जातिले कसैमाथि कुभलो र अन्य जातिहरू विरुद्ध दुश्मनी गर्दैन । ईमान्दारिता, सहिष्णुता र मित्रता गोर्खा जातिको शक्ति हो । दुश्मनप्रति नझुक्ने हाम्रो पहिचान हो । मनुष्योचित कार्यहरूप्रति हामी सदैव उत्सुक रहन्छौं । अरूलाई दिएर खाने हाम्रो संस्कार छ, ईमान्दारीको कमाईमा जीवन बिताउने सत्कर्म हाम्रो अस्तित्वको मार्ग रेखा हो । साधारण जीवन, अलिकति सुख, अलिकति खुशीमा नै सन्तुष्ट भई रमाउने हाम्रो स्वभाव छ । दुःख, कष्ट र बिछोड़मा पनि हाँस्न-सक्ने, सुनगाभा झैं कठिन परिस्थितिमा पनि बाँच्न-सक्ने, पीरको पहाडले थिच्दा पनि बिचलित नहुने हाम्रो महानता छ । देश र जनधनको सुरक्षागर्न ईमान्दारीका साथ कर्तव्य पूरा गर्न जस्तो-सुकै दुश्मनको सामना गर्न सक्ने हाम्रो छाती छ । विश्वले विर-गोर्खा भनी हामीलाई चिन्दछ । विशेष गरी आर्यन, किरात-मंगोल र अष्ट्रोड्राविडहरू मिलेर बनेको हाम्रो समाज अन्य जाति, धर्म, भाषा र संस्कृति

भएका जनसमुदायहरूप्रति हितैषी भावना राख्दछौं । आफूले पीडा सहेर अरूको कल्याण गर्ने हाम्रो रगत छ । मानव जीवनको सुरक्षा गर्न प्राण समेत बलिदान गर्नसक्ने ईमान्दार सेवक हौं हामी । गोर्खाजातिको बारेमा जतिनै वर्णन गरे पनि कम हुन्छ ।

भुटानमा भएका नेपाली भाषी नागरिकहरूको इतिहास वर्तमान वाङ्चुक राजसंस्था भन्दा धेरै पुरानो छ । सातौं शताब्दीमा तथा सन् ६३८ मा नेपालका **लिच्छवी वंशका राजा अंशुवर्मा**ले नेपाल र तिब्बत-बीच सुमधुर सम्बन्ध कायम गर्ने उद्देश्यमा छोरी **राजकुमारी भृकुटी देवी**को विवाह तत्कालीन तिब्बतका यारलुङ वंशका २३ औं **राजा श्रोङचोङ गेम्पो**सँग गरिदिएका थिए । **बौद्ध धर्मवालम्बी राजकुमारी भृकुटी** अत्यन्तै प्रगतिशील विचारकी सबैको भलो चाहाने सभ्य र सद्गुणी मनोभाव भएकी थिईन । राजा श्रोङचोङ गेम्पो राजकुमारी भृकुटीसँग विवाह गर्न पाउँदा ज्यादै खुशी भएका थिए । तिब्बतको विकास कार्यमा उहाँले रानी भृकुटीको भरपुर सल्लाह लिन्थे । तिब्बतमा पोताला दरबार बनाउन रानी भृकुटीले नेपालबाट दाईजोको रूपमा लगेकी नेपाली कालिगडहरू प्रयोग गरेकी थिईन । **'सिल्भा लेवी'** फ्रान्सका प्रसिद्ध इतिहासविद्द्वारा लिच्छवी वंश सम्बन्ध लिखित पुस्तक **'लि. नेपाल'** मा यसबारे उल्लेख गरिएको छ । अर्का एक प्रख्यात् इतिहासविद् **'पर्सिभल ल्यान्डनको' नेपाल भाग १** मा पनि रानी भृकुटीबारे स्पष्टरूपमा उल्लेख गरिएको छ । नेपालका प्रसिद्ध इतिहासविद्हरू तथा विद्वानहरू मध्ये **ढुण्डीराज भण्डारी, बालचन्द्र शर्मा,** लिच्छवी वंशका **इतिहासविद् हितनारायण झा, जगदीशचन्द्र रेग्मी, सुर्यबिक्रम ज्ञवाली** आदिले नेपालको भृकुटीदेवी र तिब्बतका शासक श्रोङचोङ गेम्पोको विवाह र नेपाल-तिब्बत सम्बन्धबारे लेखेका छन् । तिब्बतको तथ्यपूर्ण पवित्र ग्रन्थमा पनि **भृकुटी (ठ्रिम्चुङलाची) र श्रोङचोङको विवाह** सम्बन्धमा भक्तिकासाथ वर्णन गरिएको पाईन्छ ।

बौद्ध धर्मगुरु रिम्पोछे **"पद्मसम्भव"** आठौं शताब्दिको अन्ततिर तिब्बतमा भएका यिनै नेपाली कालिगडहरूलाई साथमा लिएर भुटान प्रवेश गरेका थिए । तदनुरूप, नेपाली मूलका मानिसहरू भुटानमा भएका अन्य तिब्बती मूलका मानिसहरू जस्तै भुटानका बासिन्दा भएका थिए । त्यसपछि सन् **१६२४** मा गोर्खा राजा रामशाह र भुटानका भिक्षु शासक साब्डुङ नावाङ नाम्गेलको लिखित् सहमतिमा नेपाली कालिगडहरू भुटान लगिएको थियो । सन् १९०५ को बृटिश

अभिलेखमा **जेसी ह्वाइट्सको** मिसन अनुसार 'नेपालीहरू' भुटानको वाङचुक राजसंस्था सुरुहुन अगावै सन् १८९० देखि नै भुटानको 'हा' जिल्लामा बसोबास गर्दै आएका थिए भनेका छन् । बेलायतका **चार्ल्स वेल्सले** सन् १९०४ को आफ्नो लेखमा भुटानको सिब्सुमा काजी नन्दलाल छेत्री, दालचन्द गुरुङ, गर्जमान गुरुङ, लालसिंह गुरुङ जस्ता नेपालीहरू ठेकेदारको रूपमा कार्यरथ थिए भनी लेखेका छन् ।

नेपाल, तिब्बत र भुटानबारे त्यतिबेला लेखिएका विश्व प्रख्यात इतिहासविद्हरूबाट प्रष्ट हुन्छ 'भुटानमा भएका व्यवसायिक वाङचुकहरू नेपाली कालिगडहरू भुटान प्रवेश गरेको धेरै समय पछि भुटानमा व्यापार व्यवसाय गर्दा राम्रो आर्थिक लाभ हुनसक्ने देखेपछि मात्र तिब्बतको रालुङबाट भुटान बसाई सरेका थिए' । भुटानका नेपाली नागरिकहरूको यस ऐतिहासिक सत्यतथ्य लाई १२ दिसम्बर १९९२ मा तत्कालीन परराष्ट्रमन्त्री **दावा छिरिङले** सार्वजनिक सभाबाट पुष्टि गरे "भुटानमा नेपालीभाषी नागरिकहरू सातौं शताब्दीदेखि बस्दै आएका हुन्, उनीहरू धेरै मेहनती छन्" भनेका छन् ।

त्यस्तै प्रकारले सन् १९४७ मा भारत स्वतन्त्र भएको केही वर्षपछि तथा सन् **१९५१** देखि सन् **१९६७** सम्म **भारत-चीन-भुटान** बीचमा रहेको महत्वपूर्ण सिमाना **'चुम्बी भेल्ली'** र अन्य क्षेत्रहरूमा **भारतीय सेनाको गोला-बारुद, हातहतियार र खाद्य सामग्री** पिठ्चुँमा बोकेर पुऱ्याउने आवश्यक जनशक्तिको अभाव भएको कारण भारत-भुटान मैत्री सम्बन्ध अनुसार भुटान सरकारले कुनै पनि प्रकारको भुक्तानी बिना घर-जगगा, खेती गर्न जमीन र नागकिताको प्रलोभनमा लगभग १०० भारतीय नागरिकहरूलाई आधिकारिक रूपमा भुटानमा बसोबास गराएको इतिहास छ, जसमा नेपालीभाषी भारतीयहरू पनि थिए । यसरी **भारतीय सेनाको गोला-बारुद, हातहतियार र खाद्य सामग्री** पिठ्चुमा बोकेर पुऱ्याउनेहरूको दर्दनाक कहानी हामीसँग आलै छ । धेरै मानिसहरू घर फर्केर आउँदैन्थे । **भारीसँगै भीरबाट खसेर मर्नेहरू** र घाईतेहरू उपचार नपाएर मर्नेहरूका परिवारहरूको कहाली लाग्दो कहानी बेग्लै छ । तर भुटान सरकार यो कुरा स्वीकार गर्न तयार छैन किनकी भुटान सरकार अत्यन्तै निर्दयी छ । उसका मुखहरू झुटो बयान गर्नमा माहिर छन् । भारत सरकारले पनि यस विषयलाई गम्भीरतापूर्वक अध्ययन गर्नुपर्छ किनभने यो कुरा भारतसँग पनि सम्बन्धित छ । भुटानको राजपरिवारलाई खुशी राख्न विदेशी कुटनीतिज्ञहरूद्वारा लेखिएको भुटान

बारेको किताबमा यस्ता सत्य-तथ्य नलेखेर राजपरिवारको बढीबढाऊ मात्र गरिएको छ । राजाहरूद्वारा लेखाईएको किताबमा कतिसम्म त्याग र मेहनत गरी राजसंस्था स्थापना भएको थियो भनी **आफ्नो पौरखको बयान मात्र** गरिएको पाइन्छ । अल्पसंख्यक जातिको इतिहास मास्ने प्रयास भएको छ ।

इतिहासमा मनासिब तथ्य स्पष्टसँग लिखित छ, भुटानको उत्तरतर्फका गाउँहरूमा भोटेहरू बसोबास गर्थे जो अहिलेका डालोङजाति हुन् । अनि दक्षिणमा नेपालीभाषी लोत्सम्पाहरू बसोबास गर्थे । यी दुवै समुदायहरूले आफ्नो क्षेत्र छुट्याउन ठाउँठाउँमा भएका गौंडोहरूमा ढुंगाको पर्खाल लगाएर सीमाना तोकेका थिए । विभिन्न ठाउँहरू, गाउँ, जिल्ला, नदी र पहाडलाई दुवै पक्षले आफ्नै जातिको पहिचान गर्नेगरी आफ्नै भाषामा नाम राखेका थिए । आजभन्दा शताब्दिऔं पहिला दुवै पक्षका मानिसहरूले सीमानाका गौंडोहरूमा बनाएका पर्खालहरू भग्न अवस्थामा आज पनि छन् । दक्षिण भुटानका प्राय सबै गाउँहरू, खोलानाला, नदीहरू र जिल्लाका नामहरूले लोत्सम्पाहरूको भाषा, धर्म, जाति र सांस्कृतिक पहिचान बोकेको छ । यो भुटानमा लोत्सम्पाको अस्तित्वको एतिहासिक तथ्यको प्रमाण पनि हो । तर, अचम्भको कुरा के छ भने लोत्सम्पाको इतिहास मेटाउन अनि दुनियाँको आँखाँमा पट्टी बाँध्ने उद्देश्यले आजकल भुटान सरकारले दक्षिण भुटानका सम्पदा, जिल्ला, खोला-नाला र गाउँहरूको नाम परिवर्तन गर्न थालेको छ । **सारा जगतलाई थाहा भएकै कुरो हो, दक्षिण भुटानका यी नामहरू नै भुटानको पहिलो नामहरू हुन् जुन नामहरू भुटान अस्तित्वमा आउँदा विश्व मानचित्रमा थाहा लागेका हुन् ।** यी नामहरू भुटानको पूराना मानचित्रहरूमा पनि पाईन्छ । विश्व समुदाय, राष्ट्र संघ र बृटिश सरकारले यसबारे निष्पक्ष न्याय गरिदिन पर्छ ।

भुटानका गाउँ, जिल्ला र केही स्थलहरूको एतिहासिक नाम परिवर्तन गरी सरकारले नयाँ नाम जोङ्खा भाषामा परिवर्तन गरेको छ । जानकारीको लागि केहीलाई यहाँ प्रस्तुत गरिएको छ ।

| **क्र.सं.** | **पूरानो नाम** | **परिवर्तन गरिएको नाम** |
|---|---|---|
| १. | दानाबारी | छुजाङ |
| २. | दोभान | छुजोम्सा |
| ३. | बिमिरे | शेलथाङ |
| ४. | डाडागाउँ | साम्तेन्फु |

| | | |
|---|---|---|
| ५. | गैरीगाउँ | चिबिगाङ |
| ६. | घुङसिरिङ | गलेथाङ |
| ७. | रमिते | पेलरिगाङ |
| ८. | बाह्रघरे | चुन्यथाङ |
| ९. | खरगाउँ | नोर्बुगाङ |
| १०. | मगरगाउँ | मोङ्गरलिगं |
| ११. | पाथीभरा | शेराबलिङ |
| १२. | तरखर्क | थोङ्जाबी |
| १३. | फेदी | रिजुगाङ |
| १४. | तिरखोला | ड्राछु |
| १५. | पङ्खे | जाङ्चुब्लिङ |
| १६. | माऊ खोला | मउतसाङ्छु |
| १७. | बीच खोला | बाच्छुथाङ |
| १८. | माझ खोला | न्याछु |
| १९. | न्यौपाने | डेछेन्लिङ्ग |
| २०. | रानी खोप | आजीथाङ |
| २१. | लेऊपानी (ब्लक) | देकिदलिङ |
| २२. | बीचपानी | मण्डेलगाङ |
| २३. | चुवाबारी | जिग्मीदलिङ |
| २४. | गैरीगाँउ | डोलङगाङ |
| २५. | रातेपानी | डेकिलिङ |
| २६. | डोल्पानी | नुबगाङ |
| २७. | दुधे/कटुसे | दाङ्लिङ |
| २८. | सुखाटार | दर्बिथाङ/लुङटेन्बी |
| २९. | लेउखोप | हामलिङ्फु |
| ३०. | लाम्पाते | ताहिलिङ |
| ३१. | काफ्लेटार | गवाई/नोर्बुथाङ येन्चेन्फु |
| ३२. | हिले (ब्लक) | गाकिदलिङ |
| ३३. | बेलखोला | बलछाङ्छु |
| ३४. | गङ्गटे | ड्रागफुचेन |

| | | |
|---|---|---|
| ३५. | खार्पानी | मयेनछुलम |
| ३६. | मुगा | जाछ्छु |
| ३७. | रातेपानी | सङ्खा |
| ३८. | नुनपानी | रेइलाङथाङ |
| ३९. | कागते | चुर्सिनी |
| ४०. | लारिङ | गतेम्खा |
| ४१. | बिस्टी | बुनाखा |
| ४२. | कुवापानी | ओमछुगाङ |
| ४३. | हात्तीसर | गेलेफु (ब्लक) |
| ४४. | लोदराई | पेल्रीथाङ |
| ४५. | मैनाटार | जालिङथाङ |
| ४६. | समिटार | पेमाथाङ |
| ४७. | लकिटार | लेकिदथाङ |
| ४८. | सुरे (ब्लक) | जिग्मीछोलिङ |
| ४९. | बाबजुङ्गे | तागजोगाङ |
| ५०. | ढुङ्गे | दोरिङफु |
| ५१. | गैरीगाउँ | होकालिङ |
| ५२. | ग्वाङ्डरा | गोङ्त्सेखा |
| ५३. | मगरगाउँ | मोनचुखा |
| ५४. | असिने | सेरबुगाङ |
| ५५. | भिरगाउँ | मेन्द्रेलगाङ |
| ५६. | खोलाटार | गदिकलिङ |
| ५७. | गलेचु | गलेग्छु |
| ५८. | समखरा | सिङ्खरथाङ |
| ५९. | बीचगाउँ | बर्स्थाम |
| ६०. | दागागाउँ | खामेद |
| ६१. | बेतिनी | पाछाखा |
| ६२. | सौदले | जङ्छुगाङ |
| ६३. | सिरानगाउँ | खतोड |
| ६४. | तातोपानी | छाछु |

| | | |
|---|---|---|
| ६५. | पाखे | पेमाङ |
| ६६. | सुकुम्बासीटोल | छोटेङ्खार |
| ६७. | तोर्मे | तोर्माफुग |
| ६८. | भुर (ब्लक) | सामतेन्लिङ |
| ६९. | डुङ्मिन्द्रा | खेङ्पागाङ |
| ७०. | झुप्रे | सामतेन्थाङ |
| ७१. | जरुवा | दिछेन पेल्री |
| ७२. | मजुवा | छोखोरलिङ |
| ७३. | सरभाङटार (ब्लक) | सोमपाङ्खा |
| ७४. | खरपानीटार | कोइन्छोलिङ |
| ७५. | पाखेगाँव | थोङ्गाजोर |
| ७६. | सर्भाङ बजार | गडानछोलिङ |
| ७७. | पाटाबारी | दरेथाङ |
| ७८. | सिँगी (ब्लक) | सेङ्गेइ |
| ७९. | लाबरबोटे | तसित्से |
| ८०. | फिब्सु | वाङ्चुलिङखार वोङछिलुङ |
| ८१. | पिङ्खुवा | चिवालिङ |
| ८२. | कोप्चे | पेन्जोरलिङ |
| ८३. | देवराली | लब्तसखा |
| ८४. | चारघरे | दोर्जित्से |
| ८५. | डाडागाउँ | पेमाछोलिङ |
| ८६. | लिम्बुटार | वोङछिलु |
| ८७. | ललाई | उमलिंग गेवोग |
| ८८. | चिसोपानी | छुबरथाङ |
| ८९. | तोरीबारी | साम्त्सी |
| ९०. | लामीडाँडा | मण्डेय |
| ९१. | च्याङ्मारी | नोर्बुगाङ |
| ९२. | सिब्सु | टासीछ्योलिंग |

यसप्रकारले भुटानका नेपालीभाषी-लोत्सम्पा युगौंयुगदेखि बसोबास गरिरहेका भुटानी नागरिकहरू हुन् । जसरी भुटानी राजाको वंशज तिब्बतसँग जोडिएको छ । जसरी ड्रालोङ जाति तिब्बतबाट आएका हुन् त्यसैगरी भुटानका गोर्खा-जाति तथा लोत्सम्पाहरूको वंशज नेपाल र भारतसँग जोडिएको छ। यस्ता

ऐतिहासिक पृष्ठभूमिप्रति कसैको पनि आपत्ति हुने कारण बन्दैंन । ढिलो छिटोको कुरा मात्र हो भुटानका राजपरिवार लगायत सबै बासिन्दाहरू आप्रवासीहरू हुन् । भुटानमा बसोबास गर्ने कसैले पनि जात-जातिहरूको परिचय र इतिहासप्रति गलत बुझाई राखिनु हुन्न । गोर्खाहरू सिधा-साधा हुनुकै कारण सरकारले पक्षपात गरी आक्रमण गरेको हो । जुन राजाको सेवामा थियौं, जसको हुकुममा मर्न तयार थियौं, जसलाई लम्पसार परेर ढोग गर्थ्यौं उसैले भुटानी गोर्खालाई निमिट्यान्नै पार्न सेना परिचालन गर्‍यो । सरकारले सापत्न्य नीतिहरूमा परिवर्तन गर्नुपर्ने थियो तर जनताको धन-सम्पति, जग्गा-जमीन लुटयो, घर आगो लगाएर बर्बरतापूर्ण देशबाट लखेटेको छ । हामीमाथि आरोप लगायो, राजतन्त्र विरोधी, देशद्रोही भनेर प्रचार गरियो । मिथ्याचारी किताब छापेर 'उग्रवादी' भनी बदनाम गराउने कार्य गर्‍यो । भुटान सरकारको यो दुष्कार्य आज पनि जारी छ ।

भुटानका नेपाली-लोत्सम्पा हिन्दु भएकै कारण सरकारले दमन गरेको हो । हामीलाई 'ज्यागा' भन्ने जसको अर्थ 'भारतीय' दलाल, जस्ता कटु शब्दहरूले अझै घोची रहेको छ । कुनै सत्यताबिना लोत्सम्पाहरूले देशको सत्ता लिएर बृहत नेपाल बनाउन योजना तयार गरेको छ भनी भारतलाई किर्ते प्रतिवेदन चढाएर राजाले दुर्जन चरित्र देखाएको छ । राजाको यस्तो चरित्रप्रति भारत सतर्क रहनुपर्छ । छिमेकी देशका सरकारहरू आफ्नो पक्षमा राख्नु भारतकोलागि आवश्यक हुन्छ तर यस विषयमा भारतले चालेका कतिपय कदमहरू गलत छन् । भुटान राजाको प्रतिवेदन सत्य नभएता पनि भारत चुपचाप छ । आजसम्म भुटानी शरणार्थीलाई कुनै पनि प्रकारको मानवीय सहयोग गरेको छैन । अन्ततोगत्व पीडित शरणार्थीहरूप्रति यस्ता अमानवीय कपटी कदमले भारतको छविलाई नै नोक्सान गरिरहेको छ ।

**सन् १९८४ मा दोक्लमदेखि साक्तेसम्म** चीनिया सेनाहरूको बृहत् उपस्थिति हुँदा छरिथाङ, सिन्चुलुम्बा र Wing II दामथाङ र हा भुटानसम्म यसको प्रभाव देखिएको थियो । त्यसैको मूल्याङ्कन गर्न सन् १९८५ मा भारतीय प्रधानमन्त्री स्व राजीव गान्धी भुटान आएका थिए । राजा जिग्मी सिगें वाङचुक र गान्धीको बुमथाङमा निकै लामो कुरा भएको थियो । उक्त तीनदिने बासमा दोक्लम विषय मात्र नभएर "राजनीतिक" विषयमा पनि बुझाबुझ भएको थियो । 'नेपालीजातिका **लोत्सम्पा'** भविष्यमा राजतन्त्रलाई चुनौति दिनसक्ने राजनीतिक शक्तिको रूपमा देखिएको हुनाले राजा जिग्मी सिगें वाङचुक

अधिकांश लोत्सम्पालाई कुनै राष्ट्रिय मुद्धा बनाएर देशबाट लखेट्ने दाउमा थिए । अन्तर्राष्ट्रिय समुदायलाई राजीव गान्धीको भारतले छेक्नेछ भनी ढुक्क भएका राजाले सन् **१९९० मा मौका** पाउनासाथ लोत्सम्पा लखेटेको हो । जानेर र बुझेर होस या अन्जानमा यसकोलागि वातावरण तयार गरिदिने र मौका दिनेहरू महत्वाकांक्षी **टेकनाथ रिजाल** र **भुटान पिपल्स पार्टी**का उग्र विचार धाराका नेताहरू नै हुन ।  यसबारे जानकारी गराउने उद्देश्यमा मैले निम्न अनुच्छेदमा केही लेखेको छु ।

दक्षिण भुटानका मनोनित पार्षदहरू मध्ये टेकनाथ रिजाल एक भएता पनि समस्या समाधानको विषयमा उहाँ अपरिपक्व, राजनीतिमा अशिक्षित व्यक्ति भएकोले उहाँले दीर्घकालीन असर र परिस्थितिहरूको सिर्जना हुनसक्ने विषयहरूको मूल्याङ्कन नगरीकन आवेगमा आएर राजालाई निवेदन चढाउनु भयो । तदनन्तर न्यायकोलागि लेखिएको निवेदन राजाको लागि प्रतिहिंसक हतियार बन्यो । रिजाललाई राजद्रोहको आरोप लगाउन हतियार साबित भयो । धैर्यता कायम गरी राजनीतिक विवेक प्रयोग गरी अन्य क्षेत्रका ङालोङ र सार्छोप जातिका पार्षदहरू समेतको अगुवाईमा काम गरेको भए राजाको नजरमा सबै एक हुने थियौं । हामी (लोत्सम्पाहरू) एक्लो हुने थिएनौं । किनकि सामन्ती राजाहरूले जारी गरेका नीतिहरू विरुद्ध जनताले जतिसुकै मलिन भएर निवेदन लेखे पनि त्यो राजा विरुद्धनै ठहरिछ । त्यसैले सावधान रही राजाको दोष नदेखाई उत्पन्न राष्ट्रिय समस्यालाई नियमपूर्वक छलफल गरी राजा समक्ष प्रस्तुत गरिएको भए हामीलाई राजाले देशबाट लखेट्न सजिलो हुने थिएन । मैले यस विषयमा आफूले जानेबुझेको कुराहरू दाजु **रनबहादुर बस्नेत**लाई बेलैमा सतर्क गराएको थिएँ ।

चाङलिमिथाङ टेनिस कोर्टमा राजा जिग्मी सिगें वाङ्चुक बेला बखत् टेनिस खेल्न आउनु हुन्थ्यो । कोही बेला हामी राजासँगै टेनिस खेल्थ्यौं । एकदिन दाजु र म टेनिस खेलिरहेको बेला राजा आईपुग्नु भयो र हामीले तुरन्त कोर्ट खालि गरिदियौं । त्यही समय हो, दक्षिण भुटानमा नागरिकता, भेषभुषा र भाषा सम्बन्धमा पनि समस्या उत्पन्न भएको थियो । दाजु रनबहादुर बस्नेत पनि रिजालको निवेदन तयार गर्ने मस्यौदा समितिमा हुनुहुन्थ्यो र नै मैले जानेबुझेको कुराहरू तथा उपरोक्त विचारहरू दाजुलाई भनेको थिएँ । दाजुले पनि म रिजालसँग कुरा गर्छु भन्नु भयो । त्यस दिनदेखि भुटानमा हाम्रो भेट भएन । म गेलेफु फर्किएँ । पाँच वर्षपछि बिर्तामोडमा भेट हुँदा दाजु बस्नेतसँग यस

विषयमा जानकारी गर्दा उहाँले भन्नुभयो **"टेकनाथ रिजाल आफ्नो पदको दम्भले मातेको थियो। हाम्रो सल्लाह नसुन्ने भईसकेको थियो। हामी बर्वाद भयौं भाइ। त्यसैको कारण हामी केही साथीहरू देश छोड्न बाध्य भएका हौं"** भन्दै आफ्ना दुखेसोहरू सुनाउनु भयो। भुटानबारे राजनीतिक विश्लेषकहरूले जे जस्तो विचार राखे पनि सत्य यही हो। आफ्नैले जरोकिलो खनेर धराशायी बनाएपछि त्यसैको चक्रव्यूहमा हामी पर्‍यौं। जस्तो सुकै षड्यन्त्र भएपनि सामन्तीहरू जतिसुकै बलवान भएपनि त्यो नाकाम गराउन सकिन्छ यदि जनताको राष्ट्रिय एकतामा देशको परिवेशबारे बुझेर विवेकपूर्ण ढंगमा काम गरेको भए।

भुटानको सत्य इतिहास बारेमा हाम्रा पिता-पुर्खाहरू जो धेरै पहिलादेखि भुटानमा थिए उनीहरूबाट थाहा भए अनुसार भुटानको उत्तरी भागमा ब्रोक्पा, खेङ्पा र तिब्बतीहरू धेरै पहिलादेखि आठौं शताब्दीतिर नै आएर बसेका थिए। उगेन वाङचुकको पिता **देसी जिग्मी नाम्गेल** उपनाम **गब खिला वाङचुक** सन् १८२५ मा लुन्सीमा जन्मेका थिए। उहाँहरू सन् १८०२ मा तिब्बतबाट स्थायीरूपमा भुटान बसाई सरेका थिए। भुटानमा व्यापार धेरै पहिलादेखि भएतापनि वाङचुक परिवार अरू तिब्बतीहरू भन्दा धेरैपछि भुटानको आर्थिक अवस्था राम्रो देखेपछि तिब्बतको रालुङबाट **स्थायी** रूपमा भुटानमा बसेका हुन्। उहाँहरू भुटानको उत्तरी भाग जहाँ अन्य तिब्बतीहरू बसोबास गर्थे त्यहीं बसेका थिए। जेजति मानिसहरू आज भुटानमा छन् ती सबै वरपरका क्षेत्रहरू पश्चिम-बंगाल, कोचबिहार, सिक्किम, अरूणाचल प्रदेश, आसाम, म्यानमार, नेपाल र तिब्बतबाट आएका हुन्। इतिहासले यही कुरा दोहोर्‍याएको छ। गब खिला वाङचुकका परिवार सन् १८३० मा भुटानको नागरिकको रूपमा परिचित भएका थिए। त्यसबखत्‌देखिनै तिब्बती र सार्छोपहरूबीच धार्मिक र राजनीतिक सम्बन्धमा वैमनस्यता बढेको थियो। सन् १८६२ मा गब-खिला वाङचुकको दोस्रो पुत्र **उगेन वाङचुकको** जन्म भएपछि भुटानको राजनीतिमा परिवर्तन आएको थियो। भुटान पसेको समयदेखि वाङचुक परिवारको अगुवाईमा तिब्बतीहरूले सार्छोपहरूलाई कमजोर बनाएर धर्मगुरु सावड्ड नावाङ नाम्गेल र धार्मिक आस्था निङमापा समाप्त गरी भुटानमा आफ्नो अधिपत्य जमाउने योजना बनाएका थिए। प्रयास र लक्ष्य अनुसार सन् १८८२ मा २० वर्षको उमेरमा नै उगेन वाङचुक, टोङसा पेन्लप भएका थिए।

उगेन वाङचुक टोङसा पेन्लप भएको बखत् 'भुटान' धर्मगुरु **सावड्डङ नावाङ नाम्गेल**को शासन अधीनस्थ थियो । सावड्डङले तिब्बतका दलाई लामा र गेलुक्पाहरूको आक्रमणबाट बाँच्न अनि दलाई लामाबाट मुक्ति पाउन आफ्नो अलग्गै धार्मिक व्यवस्था अनुसार १७ औं शताब्दीमा इश्वरशासित सरकार (Theocratic Government) धर्मराजा र देवराजा गठन गरेका थिए । १८ औं शताब्दीको अन्तसम्म धर्मगुरु सावड्डङले भुटानमा असल शासन चलाएका थिए भन्ने भुटानीहरूको दावी छ ।

भुटानको शासन हत्याउन उगेन वाङचुक कमजोर राजनीतिक अवस्थाको प्रतिक्षामा थिए । उगेन वाङचुक टोङसा पेन्लप् भएको बखत् सावड्डङको मृत्यु भएको धेरै समय बितिसकेको थियो । सावड्डङको अनुपस्थितिमा धर्मराजा पनि कमजोर भएको काल र परिस्थितिमा त्यहाँ भएका केही प्रभावशाली मानिसहरूको रक्तपात गरेपछि उगेन वाङचुक बृटिशको सहयोगमा राजा भए । यसरी सन् १९०७ मा भुटान स्वेच्छाचारी राजतन्त्रमा परिणत भएको हो । भुटान राजतन्त्रमा रूपान्तरित भएदेखि राजतन्त्रको अव्यवहारिक नीतिप्रति असन्तुष्टी प्रकट गर्नेहरूको हत्या भईरहेको छ । त्यो समयदेखि आज पनि भुटानी जनता जाति र धर्ममा भेद्भाव नगर्ने सरकार चाहन्छन् । जनताको सुरक्षा, भेद्भाव-विहीन शासन, वैज्ञानिक प्रगतिशील व्यवस्थाको परिकल्पनामा वाङचुक वंशीय राजतन्त्रलाई भुटानीहरूले स्वीकारेका हुन् । तर युगौं भयो भुटानीहरूले राजतन्त्रको दमनलाई सहेर बसेको छ ।

भुटानको प्रारम्भिक इतिहास पौराणिक कथाहरूले भरिएको छ र धेरै अस्पष्ट छ । केही विद्वानहरूले यस क्षेत्रमा २००० ईस्वी पूर्वदेखि मानिस बसोबास गरेको तर्क गरेका छन् । उक्त समय **भुटान,** (आसाम) **कामरुपका राजा नराकसुरा** र उनका छोरा **भगदत्त** को अधिनमा रहेको उल्लेख छ । एक पौराणिक कथा अनुसार भुटान ७ औं शताब्दीतिर **कोचबिहारका राजा संगलदीप**द्वारा शासित रहेको उल्लेख छ । जब ८ औं शताब्दीमा तिब्बतमा धर्मका कारण अशान्ति फैलियो तब बौद्ध धर्मगुरु दलाई लामाका विरोधीहरु जो आसुरी प्रबृत्तिका समुदाय थिए भागेर भुटान पसेका थिए । आज **तिनै आप्रवासी तिब्बतीहरु** आफुलाई तिब्बती नभनेर **ड्रालोङ** जाति भनी भुटानमा परिचित छन् । **ड्रालोङ** कसरी भनियो भन्ने बारेमा केही तर्कहरु छन् । एउटा तर्क छः - 'एकदिन उनीहरुका भिक्षुले पुर्खाको चिहान्बाट "ड्रालोऊ" भनेको आवाज सुनेछ । तब यी तिब्बतीहरुले आफुलाई

पनि **ङालोऊ** भन्नथाले र समय अनुसार ङालोङ जाति भनी परिचित भएका हुन् भनिन्छ।' तिब्बती छ्योकी लिपिमा ङालोऊ को अर्थ **'म उठे'** वा **'म जीवित भएँ'** हुन्छ। अर्को किम्बदन्ती पनि छः 'तिब्बत देश वा तिब्बती शासक दलाई लामाको विरोध गर्नेलाई देशद्रोही तथा **'ङोलोप'** भनिन्थ्यो। दलाई लामाको गेलुक्पाहरुबाट बाँच्न यी भगौटे तिब्बतीहरुले 'ङोलोप' शब्दलाई सुधारेर ङालोङ भनी पहिचान बनाएका हुन्' भन्ने कथन तथा विचार विमर्श सही देखिन्छ।

तिब्बतबाट भुटानमा स्थायी रूपमा बसोबास गर्न आउने लामाहरू खेती-पाती गर्न जान्दैननथे। जंगलको कन्दमूल, फल फुल, तरुल खोजेर खान्थे। दक्षिण भुटानमा धान, मकै, कोदो, गहुँ तथा विभिन्न अन्नबाली र फल्फुलहरू पाईन्छ भन्ने थाहा पाएपछि उनीहरू दक्षिणतिर आउँन थाले। यी लामाहरू आस्थाको विपरीत आचरण भएका हुन्थे। मौकाको फायदा उठाई सामान, खानेकुरा चोरेर भाग्न सिपालु थिए। राती घोडा, खच्चर लिएर आउँथे र एकान्तमा भएको घरमा कोही नभएको मौका हेरेर गोठमा राखेको आलु, फर्सी, गहुँ, कोदो अनि आँगनमा भएको थाँक्राको मकै चोरेर लान्थे। उनीहरू पहेंलो लुगाको भेषमा घण्टी बजाउँदै माग्न आउँथे। आफ्नै भाषामा मन्त्र भट्याउँथे। उनीहरूको रूपरंग र व्यवहार जस्तो भएपनि लोत्सम्पाहरूले भगवान बुद्धको नाममा श्रद्धाकासाथ खाना दिन्थे र चामल, मकै, पीठो, पैसा आदि दिएर बिदा गर्थे। उनीहरू दान-दक्षिणा र खाना पाएर पनि खुशी व्यक्त गर्दैनथे हिंस्रक व्यवहार देखाउँथे। उनीहरूको तर्साउने खालको भेष-भुषा र रूप देखेर बाल-बालिकाहरू डराएर भाग्थे। छिमेकी भारतीय गाउँका मानिसहरू पनि यिनीहरूदेखि वाक्क-दिक्क भईसकेका थिए।

सन् १९४७ मा भारत स्वतन्त्र भएपछि जब उत्तरकाहरू दक्षिणतिर आउन थाले तबमात्र उनीहरूले बाहिरी संसार र आफ्नो देशको बारेमा बुझ्न थालेका हुन्। *भुटान सरकारलाई देशको सिमाना कहाँसम्म छ, देशमा जनता कति छन् कुन्-कुन् जातिहरू छन्, जनताको अवस्था कस्तो छ भन्ने बारेमा ज्ञान थिएन।* हाम्रा पुर्खाहरूले राखेको सिमाना र विभिन्न ठाउँहरूको नाममा नै देशको मानचित्र बनेको थियो जो अहिले पनि यथावत छ। म स्वयंलाई पनि थाहा छ, सन् १९७० को दशकसम्म पनि सरकारी मान्छेहरूको उपस्थिति दक्षिण भुटानमा विरलै हुन्थ्यो। यस वास्तविकताबाट बुझ्न सकिन्छ कि सन् १९४७ मा भारत स्वतन्त्र भएपछि मात्र भुटान सरकारले देशको सिमा र विभिन्न जात जातिका जनताहरूको बारेमा बुझ्ने र सोच्ने प्रयास गरेको हो।

दक्षिण भुटानका जनतालाई लखेटेपछि आज त्यहाँको कृषिक्षेत्रको अवस्था नाजुक छ । धान, मकै, गहुँ, कोदो, फल-फुल तथा सबै कृषि उत्पादनहरूको अवस्था राम्रो छैन । फल् फूलका बृक्षहरू रोप्न र त्यसबाट फल् पाईन्छ भन्ने साधारण ज्ञान् पनि नभएका उत्तरमा बसोबास गर्ने तिब्बती मूलका मानिसहरूले रिसले हो या मुर्खताले हो लोत्सम्पाहरूले रोपेको फल्फूलका बोटहरू ढालेर त्यसको फल् टिपेर खान थाले। नतिजाः आज दक्षिण भुटानमा भएका फल्फूलका बघैंचाहरू नष्ट भईसकेको छ । एक समय भुटानको सुन्तला र अलैंची भारत, बङलादेश र अन्य मूलुकहरूमा निकाशा गरिन्थ्यो तर आज यी सबै बन्द भएको छ । भुटानको राजतन्त्र कृषि विज्ञान र माटोबाट के के उत्पादन गर्न सकिन्छ भन्नेप्रति भन्दा जनतालाई कसरी कमजोर राख्नेप्रति बढी उत्प्रेक्षक देखिन्छ । कृषिविज्ञान क्षेत्रमा सहयोग नपाएपछि कृषकहरूमा नैराश्य छाएको छ । यसबाट हामी स्पष्ट बुझ्न सक्छौं भुटान सरकार जनतालाई सुखी सम्पन्न बनाउन होईन आफू बलियो हुने र जनतालाई आफ्नो दास बनाई थिचिराख्ने नीतिमा प्रतिबद्ध छ ।

तिब्बती मूलका राजाले भुटानको माटो तिब्बतबाट ल्याएको जस्तो व्यवहार गरिरहेका छन् । यहाँको माटो, पानी, बन-जंगल, खनीज तथा प्राकृतिक सम्पदाहरू कहींबाट पनि ल्याएको होइन यी सबै यहीं नै थिए, यहीं कै हो, तर पनि यहाँ बसोबास गर्ने मानिसहरू यहाँका संरक्षकहरूमाथि वाङचुक राजा तिब्बतबाट ल्याएको माटोमा हामी बसेको जस्तो व्यवहार गरिरहेका छन् । दक्षिण भुटानका नागरिकहरू आफ्नो खुन पसिनाले सिञ्चिएको माटोमा जन्मेर हुर्केका हुनाले यहाँका बासिन्दा भएका हुन् । लोत्सम्पाहरू कसैको दास भएर शासित हुनुपर्ने अवस्था छैन । हामीले कसैको हक्-अधिकार र माटो खोसेका छैनौं । हामीमाथि षड्यन्त्र रचेर हामीलाई देशबाट लखेट्नु पहिला राम्रो-नराम्रो जे जस्तो भएपनि वाङचुक राजपरिवारको सेवागरी बसेका सोझा, ईमान्दार र विश्वासी जनसमुदाय थियौं । लोत्सम्पाहरू भुटानी राजपरिवारलाई धेरै माया र सम्मान गरी बसेका हुन् ।

असमान नीति र नागरिकता कानुनको हेरविचार गरी सच्याउनका लगि बिन्ती गर्दा नागरिकमाथि दानवीय रूपमा आक्रमण भयो । जनताले राजा समक्ष न्याय माग्दा राजा अहङ्कारी नहुनुपर्ने हो । देश र जनताको हितमा राजाले न्याय गर्न सक्नुपर्छ । जनताको माया गर्ने राजाले जनताले उठाएको विषयहरूलाई

सम्बोधन गर्नुपर्छ। कुनै पनि कानुन र नीति-नियमले देशमा समस्या ल्याउँछ भने त्यसलाई हटाउनुपर्ने हुन्छ र न्यायसँगत कानुन व्यवस्था कायम गर्नुपर्ने हुन्छ । देशको सेना, प्रहरी र छिमेकी भारत पनि साथ छदैंछ भनी आतङ्कवादीले जस्तो जनतामाथि आक्रमण गर्नु देश बर्वाद गर्नु हो । अर्को देशले दिएको राजनीतिक मन्त्र भन्दा आफ्नो देशको गरिब नागरिकले दिएको सहारामा देशको सुरक्षा हुन्छ भन्ने सत्यलाई राजाले बुझ्नु पर्दछ । तर यी सबैको विपरीत भुटानी राजतन्त्र दीर्घकालीनरूपमा आफ्नो सामन्ती सत्ता दमन कै भरमा टिकाइरहन खोज्दैछ । यसप्रकारको जनविरोधी शासनको कारण विश्वमा देशहरूको अस्तित्व गुमेको उदाहरणहरू धेरै छन् । जब माटो र माटोको सन्तानलाई शान्ति हुँदैन तब माटोले यी सबैबाट मोक्ष प्राप्त गर्न आफू र आफ्नो सन्तानहरूको सरक्षणको रूप, तरिका र परिवेश परिवर्तन गरी आफ्नो अस्तित्व रक्षाका लागि निर्ममतापूर्वक अग्रसर हुनेछन् । जुन अग्रसरताले राजसंस्थालाई अपूरणीय क्षति व्यहोर्नु पर्ने छ ।

भुटान सरकारले लोत्सम्पा युवाहरूलाई सेना, प्रहरी र सरकारका उच्च पदहरूमा नियुक्त गर्न बन्द गरेको छ । उनीहरूमा शैक्षिक, शारीरिक योग्यता नभएर होईन, मात्र लोत्सम्पामाथिको भेदभाव हो । हाम्रो जातिमाथि सिधा प्रहार हो, बेईज्जती हो । यसबाट सोझै थाहा हुन्छ राजसंस्था कतिसम्म जनतामाथि अनिष्ट गर्न चाहान्छ । राजाले आफ्नो देशका जनतालाई दुश्मन सरह व्यवहार गर्दछ भने त्यस्तो राजा दानव प्रबृत्तिका मान्छे हुदों रहेछ भनी बुझ्न कठिन हुँदैन । भुटानको राजसंस्थालाई सभ्य, शिक्षित, सचेत र अग्रगामी सोच भएका नागरिकहरूको आवश्यकता छैन । चाहे त्यो आफ्नै जातिभित्रको नै किन नहोस् । यसकारण पनि परिवर्तित एवं प्रगतिशील दुनियाँमा सुख र शान्तिसँग बाँच्नको लागि भुटानी जनताले राजतन्त्रको बिकल्प सोच्नु पर्नेछ । निरङ्कुश शासक बिनाको देश मात्र मानिस बस्नसक्ने देश हुनेरहेछ भन्ने अनुभव भुटानीहरूले बुझ्नु पर्नेछ । यो कुनै एउटा जातिको मात्र विषय होईन । यो राजाको अधीनमा बाँचिरहेका ङालोङ, सार्छोप, लोत्सम्पा तथा सबै भुटानीहरूको हो । जनतालाई धर्म, भाषा, भेष-भुषा र राजाको जाति र अन्य जातिमा विभाजन गरी शासन गर्ने दुराचारी हुन्छ । हामी मानिस हौं, सबैसँग बराबर मिलेर जीउन चाहान्छौं । मित्रवतरूपमा सामाजिक सद्भावना कायम गरेर बसेका जनतालाई जातीय रूपमा विभाजित र भेद्भावपूर्ण व्यवहार गरेपछि कालान्तरमा यस्तो संस्थाको अन्त्यका लागि र देशलाई सामन्तीको अखडाबाट मुक्त राख्न जनता सँगठित हुनुपर्छ ।

भुटानले नेपाली-भाषी जनतालाई भारत विरोधी भनी जतिसुकै जाल रचे पनि, अफ्वाह फैलाए पनि यो झुट् कहिल्यै सत्य साबित हुनेछैन । विभिन्न प्रकारका भ्रामक प्रचारका किताबहरूमा छापेर एजेन्टंहरूद्वारा भारत सरकारलाई बुझाउँछ भने त्यसप्रति भारत सरकारको पनि ध्यान आकर्षित हुनुपर्छ । तर हामीलाई विश्वास छ भारतका विद्वानहरू देशकोलागि सदैव सचेत छन्, उनीहरू स्थिर छन्, भ्रममा पर्ने छैनन् । नेपाल, भुटान, भारत तथा विश्वमा बसोबास गर्ने गोर्खाली-जनसमुदायहरू भारत विरोधी कदाचित हुँदैनन् । भुटानको वाङ्चुक-राजालाई थाहा होस् कि गोर्खा जाति भारतको अभिन्न अङ्ग हुन् । गोर्खा-जाति भारतको विरुद्ध छ भन्दै प्रचार गर्नु भुटानी राजाले उसको अशोभनीय कार्यलाई ढाक्छोप् गर्ने प्रयास मात्र हो । यसरी विभिन्न षड्यन्त्र रचि हामीलाई भारतविरुद्ध खडागर्ने कोसिस गरे पनि अन्ततोगत्वा राजाको आफ्नै असली रूप देखा पर्नेछ ।

गोर्खाहरू भारतको सुरक्षाकोलागि दिनरात सिमानामा तैनाथ छन् । यो भारतीय इतिहासमा मात्र भएको दृष्टान्त होइन । यो भारतको माटोसँग जोडिएको सम्बन्ध र साईनो हो । यो अत्यन्त पूरानो इतिहास हो । गोर्खाल्याण्डको माग त्यसै भएको होईन । यस्तो माग केवल भारतीय नागरिकले मात्र गर्नसक्छन् भन्ने कुरा भुटानी राजालाई स्पष्ट होस् । यी कुराहरू भारत सरकारका मान्छेलाई खुशी पार्न यहाँ लेखिएको होईन । सबै सत्य छन् यसमा कुनै पनि तथ्यको छानविनको आवश्यकता पर्दैन । भुटानमा बसोबास गर्ने गोर्खा-जातिहरूको भारतप्रति उत्तिकै माया छ जति एउटा नागरिकले आफ्नो देशको लागि गर्छ । भारतको माटोसँग गोर्खाजातिको जीवन्त इतिहास अनन्त कालदेखि जोडिएको छ । यो सम्बन्ध प्राकृतिक हो । यसलाई कुनै पनि शक्तिले छुट्याउन सक्दैन ।

हाम्रो वंश, भाषा, संस्कृति, धर्म, परम्परा, रीतिरिवाज र भेषभूषा नेपालमा रहने मानिसहरूसँग मिल्न सक्छ तर हामी नेपालको नागरिक होइनौं । त्यसरीनै हाम्रो भाषाको लिपी, संस्कृति, धर्म, रीति-रिवाज, जीवनशैली, विचार र व्यवहार भारतका अन्य जनसमुदायहरूसँग पनि मिल्न सक्छ । त्यसो त भारतका प्रधानमन्त्रीहरू देखि लिएर सबै भारतीयहरूको धेरै कुरा पाकिस्तानीहरूसँग पनि त मिल्छ । हामी सबै जात-जातिहरू एक-आपसमा शदिऔंदेखि मिलेर बसेका छौं । भारतका विभिन्न जात-जातिहरू बिहारी, बंगाली, मारवाढी, पंजाबी, मदेशी, राजवंशी, थारु आदि जातिहरू नेपालमा एकआपसमा मिलेर बसेका छन् । त्यस्तै

प्रकारले गोर्खा जाति भारतमा शदिऔंदेखि छन् । भुटानी राजाले गोर्खाजातिलाई विभिन्न षडयन्त्र गरी जसरी भारत विरुद्ध उभ्याउने प्रयास गरेको छ त्यसले यही संकेत गर्दछ कि कालान्तरमा “ड्रयागन्-किङ्ग” को भारतप्रति पनि राम्रो विचार छैन ।

मानिसको घरद्वार आगो लगाईदिएर देशबाट लखेट्नु, आर्मी र पुलिसद्वरा जघन्य अपराध हत्या, बलात्कार र लुट्पीट गरी देशमा आतङ्क फैलाउनु जस्तो महापाप दानवहरूले पनि गरेका छैनन् । भुटानी-राजा जसले आफूलाई “**बुद्ध धर्मवालम्बी राजा**” भनी विश्वमा चिनाउन खोज्छन् उनले यस्तो असमान काम गरेर विश्वलाई चकित पारेका छन् । “म स्वयं दोषी होईन, मैले जनतामाथि अत्याचार गर्नु र देशबाट लखेट्न भनी हुकुम दिएको होइन, नेपाली लोत्सम्पाहरूप्रति मेरो कुनै पनि प्रकारको दुष्ट भावना छैन । मैले सोचेको जस्तो सरकारमा हुनेहरूले हुकुम पालन नगरिदिँदा लोत्सम्पाहरूमाथि अत्याचार भयो र ममाथि दोष लागेको हो” भन्ने राजाका अडानहरू हुन् भने दोषीलाई कारवाही गर्नु र देशबाट लखेटिएका जनताहरूमाथि न्याय गरी फेरि अन्याय र अत्याचार देशमा उत्पन्न नहोस् भन्ने आधारमा भेद्भाव बिहीन कानुन र जनपक्षीय नीतिहरूको व्यवस्था गरी राजाले न्याय गर्नसके देशमा आई पर्नसक्ने चुनौतिहरू टरेर जानेछन् । जब राजाले पुण्य काम गर्छन् तब जनतामा राजाप्रतिको विश्वास, प्रेम र भरोसा हुनेछ । जनतामाथि भएको अत्याचारहरूको छानविन गरी न्याय दिनु शासनकर्ताको कर्तव्य हो । भेद्भावपूर्ण कानुनहरू हटाएर स्वतन्त्र र निष्पक्ष रूपमा जनहित्मा रहने सरकार देश र जनतालाई आवश्यक हुन्छ । शास्त्रमा यस्तो लेखिएको छ *“सूर्यमुनि गरिने सबै कामलाई विचार गरेर हेर्दा मैले यी सबै देखें । यस्तो एक समय हुन्छ, अर्कामाथि कठोर शासन गर्ने मानिसले आफ्नै हानी गर्छ” ।* अवश्य नै धार्मिक, प्राकृतिक र वैज्ञानिकताको आधारमा पनि नराम्रोको प्रतिफल नराम्रो हुन्छ र राम्रोको फल राम्रोनै हुन्छ ।

**मेरो जीवनको अनुभवः** मैले देखें र भोगे पनि कि राजा भन्ने पद र प्राणी कठोर हृदय भएको आडम्बर प्रेमी हुदोरहेछ । यो पद र प्राणीलाई अरूको पीडा, आँसु र जीवनको कठिनाईहरू देख्दा भित्रभित्रै खुशी लाग्दो रहेछ । रोईरहेका जनताप्रति गोहीको आँसु बगाउने अवसर पाउँनु राजाकोलागि शुभ लक्षण रहेछ । विभिन्न अवसरहरूमा राजाले भारदारहरूको सहयोगमा भेट्घाट, भोज-भत्तेर र धार्मिक कार्यको आयोजना गरी जनतालाई भात पस्किन्छ, उपदेश दिन्छन् देशको

कहानीहरू सुनाउँछन् । यी सबै जनताका आँखामा छारो हाल्ने कार्यहरू मात्र हुन् । अनाथ झैं बाँचिरहेका भुटानका सिधासाधा निमुखा जनता शदियौंदेखि बाहिरी दुनियाको विकासदेखि अलग बाँचेका, त्यसैपनि राजालाई सिधा आँखाले हेर्न पनि डराउँछन् । उनीहरूमाथि योजनाबद्ध तरिकाले मानसिक प्रभाव बडाईन्छ । **'चावासुम'** तथा राजा-राज्य-राजतन्त्र सबैभन्दा मूल्यवान र पवित्र हुन् । यसको विरुद्ध बोल्ने देशद्रोही हुन्छ भनी राजाका मन्त्रद्रष्टाद्वारा मानिसको चैतन्य तत्व आत्मालाई नै अकर्मण्य बनाई लगाम लगाईन्छ । वास्तवमा मानिस सबैको माथि छ । मानिस भन्दा अग्लो अर्को केही छैन न देश, न धर्म, न राजा, न सत्य कोही हुँदैन । मानिस मात्र पूर्णरूपमा सत्य छ ।

भुटानी जनतालाई थाहा भएर पनि भन्न नचाहेको हुनसक्छ तथा कुरा के हो भने जब राजपरिवारका सदस्यहरू सरकारको काम इत्यादि भनेर विदेश भ्रमणमा जान्छन् । तब उनीहरूको रूपरंग, रहन-सहन, खाना-पिना ऐसआराम तथा भ्रमण अति खर्चालु आडम्बरी हुन्छ । आफूलाई मन परेको चीज किन्नु र आफ्नो सन्तुष्टिका लागि खर्चगर्न देशको ढुकुटी उनीहरूको हातमा हुन्छ । भुटानी जनताको जीवन जतिनै दुःखदायी किन नहोस् अन्धकार र अन्धविश्वासमा खुम्चिएर किन बाँच्नु नपरोस, वैज्ञानिक दुनियाँको विकास र सभ्यतादेखि टाडा किन नहोस् तर, "देशका जनता खुशी छन्" भनी राजपरिवारको जयजयकार गरिन्छ। सत्य-तथ्यको जानकारी गराउन कसैलाई पनि अनुमति छैन। भुटानीहरू यसबारे प्रश्न उठाउने हिम्मत गर्दैनन् । भुटानी राजपरिवारको रूप नाटकीय तवरमा परिवर्तन भईरहन्छ । विदेशबाट फर्किएको वखत देशको अवस्थाका विषयमा ज्यादै चिन्तित रहेको स्वाङ पार्छन् । भ्रमण सफल भएको भनी हुकुमी सन्देश बाँढ्दै जनतालाई देशको सुरक्षाप्रति ईमान्दार हुन आज्ञा गर्छन । जनताका विषयहरू केही पनि पूरा हुँदैनन् र जनताका कुनै पनि प्रकारको प्रतिक्रिया राजालाई स्वीकार्य पनि हुँदैन ।

कति बिचित्रको छ यो संसार ? यहाँ शोषण गर्नेहरूकै कुरा ठूलो हुन्छ। देशमा न्यायलय र अदालत छन् तर त्यहाँ साधारण जनताको न्याय हुँदैन राजपरिवारको हुकुम चल्छ । राजाले देशका जनतामाथि यति धेरै शोषण, अन्याय र अत्याचार गरेका छन् जसको फेहरिस्त पीडाले भरिएको भुटानी जनताको जीवनमा देख्न सक्छौं । देशमा भएको भ्रष्टाचारलाई जनताले जानेर र बुझेर पनि केही गर्न सक्दैनन् । एकातर्फ राजपरिवारका सदस्यहरू देशको विकास, कानुन, ईज्जत,

मान-मर्यादा, सुरक्षा र शान्तिको कुरा गर्छन् भने अर्को तर्फ लागू औषधको व्यापार, पशुपक्षीको अंगहरू जस्तै गैडाको खाग, मृग र बाघको छाला, भालुको पित्त, कस्तुरीको बिना र सुन तस्करी गर्नेहरू पनि राजपरिवारका सदस्यहरू नै हुन्छन् । यसबारे कसले प्रश्न गर्नसक्छ ? यस्ता अपराधी कार्यहरू राम्रो मन भएका मानिसहरूले गर्दैनन् । बोल्नेहरूलाई देशद्रोही (ङोलोप) भनिन्छ, आजीवन काराबास हुन्छ, कसैलाई हत्या गरिन्छ । तर पनि निरङकुश राजालाई भारतले रातो कार्पेट ओछ्याएर स्वागत् गर्छ । देशका नागरिकलाई यमराजले जस्तो व्यवहार गर्ने, मार्ने, लखेट्ने बलात्कार गर्ने राजालाई काखी च्याप्छ ।

एक असल छिमेकीले गर्नुपर्ने सहयोग र सुझावको साटो उही तानाशाहको बिनसित्तिका कथा-कहानीहरू 'सकल राष्ट्रिय आनन्द' जस्तोलाई अनुभवद्वारा प्रतिपादित सिद्धान्त भनी ताली बजाउँछन् । 'सकल राष्ट्रिय आनन्द' कुन किसिमले अनुमान गर्न सकिन्छ भन्ने जिग्मी सिगें वाङचुक राजाको सूत्र अन्य देशको लागि लाभदायक हुनसक्ला । तर भुटान भने आज पनि दासत्वको चपेटामा छ । दुनियाँमा यसप्रकारको हावादारी हल्ला फैलाएर जनता शोसण गर्ने राजाज्ञा फरमान गरिरहने चतुरङ्गिनी खेल हो यो ।

देशका नागरिकहरूलाई मारकाट गरी आतङ्कित बनाएर देशबाट लखेटी सकल राष्ट्रिय आनन्दको तर्कगर्ने राजालाई पत्याउने विश्वका नेताहरू पनि मानवजाति कलङ्कहरू नै हुन् । भुटानी राजाले गरेको अपराधहरूको वास्ता नगरी मानव-अधिकार, न्याय र शासन व्यवस्थाको मूल्याङ्कन नगरी राजालाई सहयोग गर्नेहरू मानवता विरोधीहरू मात्र होइनन्, उनीहरूले विश्यव्यापीरूपमा स्वीकार गरिएको संयुक्त राष्ट्रसंघको पनि उपहास गरेका छन् । संसारमा कसैले पनि कुनै पनि अवस्थामा अपराधीलाई साथ दिनु हुँदैन । मैले यहाँ काल्पनिक घटनाहरू लेखेर दुनियाँलाई भ्रममा पार्ने प्रयास गरिरहेको छैन । भुटान विभिन्न जात-जातिहरू मिलेर बनेको थोरै जनसंख्या भएको देश हो । यहाँको सरकारले एउटा जातिमाथि सेना, प्रहरी र मिलिटचान्ट् लगाएर आक्रमण गर्छ अनि त्यो जातिलाई देशबाट लखेट्ने दानवीय शासकको कुरा गरिरहेको छु । सामन्ती सरकारलाई कुनै पनि देशमा टिकिरहन दिनुहुँदैन ।

*प्रकृति एवं मानिस जातिको सुख-सुबिधा, स्वतन्त्रता, विकास र शान्तिका विरोधीहरू तथा मानिसको खुसी लुट्ने शासकवर्गको यस धरतीबाट मूलोच्छेदन हुनुपर्छ । मलाई यस्तो कुराहरू यहाँ लेख्न किन आवश्यक पऱ्यो भन्ने जिज्ञासाहरू*

*हुनसक्छ। जसमा बुझ्नुपर्ने विषय यस्तो छ कि राजाको सरकारबाट नेपाली-भाषी लोत्सम्पा विरुद्ध जुन षडयन्त्र भइरहेको छ त्यसलाई साधारण रूपमा स्वीकार गर्न नसकिने हुनाले थोरै भएपनि लेख्न आवश्यक ठानेको छु। हाम्रो जातिमाथि दुश्मनी किन उत्पन्न भयो यसबारे हामी गम्भीर हुन जरुरी छ। भुटानमा लोत्सम्पाहरूको पहिचान स्वच्छ र निष्कलङ्क छ । त्यस्तो कुनै नकारात्मक अवस्था थिएन र छैन पनि । लोत्सम्पाहरूको साथमा राजनीतिक शक्तिहरू जन्मन्छन् र विरोधको सामना गर्नुभन्दा जसरी हुन्छ लोत्सम्पाहरूको जनसंख्या घटाउने काम गर्नुपर्छ भन्ने उद्देश्यमा हामीलाई मारकाट गरी देशबाट लखेटेर देशमा मनमानी गर्ने योजना हो भने त्यसले राजसंस्थाको अस्तित्व मेटाउने विचार, ज्ञान, बुद्धी र राजनीतिक विद्रोह साम्तेलिङ महलको आँगनबाट नै पैदा हुनेछ।*

भुटानका राजपरिवारले ङालोङ जनसमुदायलाई अरू जाति विरुद्ध खडा गरी शासन चलाउने हो भने पनि त्यो धेरै समय रहदैंन। ङालोङ जाति पनि अरू जातिको जस्तै सोच र स्वतन्त्र विचारधारा भएका मानिसहरू हुन्, उनीहरू पनि मानिसहरूसँग मिलेर आनन्दित र खुशी भई जिउन चाहान्छन्। राजतन्त्र देशका जनताको चाहाना तथा ङालोङ जातिको चाहानामा स्थापित भएको होइन । राजतन्त्र कुनै जात र धर्म पनि होइन। यो एउटा शक्तिको भरमा स्थापित सामन्ती प्रथा हो । एउटा परिवारको ढाल बनेर अरू जातिहरू विरुद्ध खडा भएर कुनै पनि व्यक्ति, परिवार वा जातिको भलो हुँदैन । बुझ्नुपर्ने कुरा यो छ कि राजाले आफ्नो स्वार्थकोलागि जनतालाई प्रयोग गर्छ । हामी आफ्नै आफ्नै पौरखमा बाँचेका छौं, राजाद्वारा हाम्रो पेट भरिदैन, हाम्रो दिनभरिको भोजन राजाले दिँदैन। देशमा बसोबास गर्ने विभिन्न जातिहरू विरुद्ध भेदभावपूर्ण नियम र कानुन बनाई जातिवादको झगडा उत्पन्न गराई जनमानसमा अविश्वास र दुश्मनीको वातावरण सृजना गराई आफ्नो स्वार्थ पूरागर्ने राजाको षड्यन्त्रलाई बुझ्नुपर्छ। अबको समय अन्धकार र अन्धविश्वासमा र राजाको दासत्व व्यवस्थामा रहने होईन स्वतन्त्र र वैज्ञानिक दुनियासँग रहनु हो ।

भुटानी राजाले जनसंख्या घटाएर निस्फिक्रीसँग राज गरुँला भन्ने उद्देश्यमा लोत्सम्पालाई देशबाट लखेट्न यस्तो भयानक अपराध गरेका स्पष्ट छ। वास्तवमा लोत्सम्पाहरू राजतन्त्रको विरोधी थिएनन् । लोत्सम्पाहरूले 'भेद्भाव र अन्याय भयो राजाले न्याय गरिदिनु पर्‍यो' भनी बिन्ती गरेका मात्र हुन् । आज पनि लोत्सम्पाहरू राजाप्रति उत्तिकै श्रद्धा र प्रेम गर्छन्। राजाको आफ्नै सौतेला भाइले

एक समय राजगद्दी हत्याउने प्रयास गरेको घटना बाहेक भुटानका कुनै पनि जाति वा जनसमुदायहरूले राजा विरोधी क्रियाकलाप गरेका थिएनन् सबैलाई बराबर कानुन र सुरक्षाको लागि अपिल गरेका मात्र हुन् । लोत्सम्पाहरूको के गल्ती थियो र सेना लगाएर शत्रुलाई जस्तो आक्रमण गरेको ? के अन्याय हुँदा न्याय माग्न पाइन्दैन ? आफूसँग सबै शक्तिहरू छन् भनेर त्यसैको आडमा जनताका घरपरिवार उजाड पारी देशबाट लखेट्ने राजा कसरी दयालु हुन्छ र जनता खुशी भई चुप लागेर बस्छन् ? नेहरू परिवारसँग वाङचुक राजपरिवारको घनिष्टता छ भन्दैमा त्यसैको आडमा आफ्ना देशका जनतामाथि अत्याचार गर्नु बुद्धीमानी हो र ? धेरै समय नेहरू परिवार या भारतको आड अडेसो रहन्छ जस्तो छैन ।

वर्तमान अवस्थामा भुटानको राजा सज्जन छ भनेर पत्याउन सकिदैन । भुटानमा प्रजातन्त्र स्थापित भईसकेको अवस्थामा पनि सरकारले लोत्सम्पाहरूमाथि भेद्भाव गरिरहेको छ । स्कुलमा लोत्सम्पाका छोरा-छोरीहरूलाई अरूलाई जस्तो सुबिधा छैन, धेरैले पढ्न पाएका छैनन् । उच्च सरकारी निकायहरूमा लोत्सम्पाहरूलाई नियुक्त गरिदैन । 'तेरो मान्छे शरणार्थी भएको छ यसकारण तैंले पाउँदैनस' भनी ठाडो निषेधः हुन्छ । दुनियाँलाई देखाउन केहीलाई भने त्यस्तै ठाउँमा नियुक्ति गरेका छन् । सरकार स्वयंले दिएको नागरिकता प्रमाण-पत्र प्रयोगमा आउन सकेको छैन । धेरै लोत्सम्पाहरूले विदेश यात्रा गर्न राहदानी पाएका छैनन् । भुटानीहरू कुनै काम विषय भारतको जयगाँव, सिलिगुढी, जलपाईगुढी, दार्जीलिङ तथा नेपाल गएको समयमा उनीहरूमाथि शङ्कास्पदरूपमा निगरानी गरिन्छ । नेपालमा भएको भुटानी शरणार्थी शिवीरमा गएर त्यहाँका शरणार्थीहरूसँग भेटघाट गरेको थाहा पाए देशद्रोहीको अभियोग लगाई जेल सजाय हुन्छ । यसरी जेल सजाय पाउनेहरू धेरै छन् । भुटानमा विदेशबाट फोन आउँदा डर हुन्छ । तेस्रो मुलुकमा भएका भुटानीहरूलाई देशद्रोही ठान्छन् ।

देशभित्र भएकाहरूलाई देशद्रोहीको सन्तान भन्छन् । त्यसैले तेस्रो मूलुकमा पुनर्वास भएकाहरूले आफन्तजनहरू समस्यामा फस्छन् भनेर फोन गर्न चाहाँदैनन् । हाम्रा हरेक क्रिया-कलापको चियो-चासो गरिन्छ । पाहुना आएको बखत् परिवारमा शान्ति हुँदैन । त्यसरीनै कोही भारतीय मित्रहरू भेटघाट गर्न आएको जासुसले चालपाए क्रुरताले भरिएका चम्चा र सुरक्षाकर्मीहरूको कार्वाहीमा पर्छन । कार्वाहीमा पर्नुभन्दा उनीहरूले पाहुनालाई राति नै बिदागरी

सिमाना कटाएर आउने गरेका छन् । लोत्सम्पाहरूलाई भुटानमा राम्रो छैन । यसको मूल उद्देश्य देशमा शान्ति, सुरक्षा कायम गर्नु र सार्वभौमिकता रक्षा गर्नु होईन तर निरङकुशताको अखडा बलियो पार्नु मात्र हो । यस्ता निरङकुश राजतन्त्रले देशको भलो गर्दैन ।

भुटान सरकार लोत्सम्पा विरुद्ध यति क्रुर हुनुको कारण अत्याचारलाई सहेर बसेकोले गर्दा हो । प्राणघातक आक्रमण हुँदा पनि केही गर्न नसक्नु जनताको कमजोरी हो, कायरता हो । नेपाल र भारतमा अर्द्धमृत अवस्थामा धेरै वर्षहरू बित्यो तर पनि हामीमाथि भएको अत्याचार, पीडा, रोदन, बेइज्जती र अमानवीय व्यवहारको लागि केवल बोलेर र लेखेर मात्र न्याय मागिरह्यौ । हाम्रो पुकारहरू सुनेर सहयोग गर्ने कोही निस्केनन्, तर पनि हामी शान्तिपूर्ण अवस्थामा न्यायको प्रतीक्षामा बसिरह्यौं । हामीले पनि राजाको अत्याचार विरुद्ध बन्दुकै उठाउनु पर्थ्यो । हामी आफ्नै कमजोरी, परिस्थिति र निरङकुश सरकारको षडयन्त्र र छिमेकी देश भारत शैतान राजाप्रति नतमस्तक भईदिनाले पीडा सहनु परेको छ। यो शरीर, मन् र आत्माले सकेजति सबै पीडाहरू सहेर बसेको छ। सुरक्षा मागदै भारतको जयगाउँदेखि सिलिगुडी, जलपाईगुडी, आसाम, दार्जीलिङ, बिहार तथा विभिन्न राज्यहरू र दिल्लीसम्म दौडधुप गरिरहेका भुटानी शरणार्थीहरूलाई भारत र भुटानका एजेन्टहरू मिलेर पक्राउ गरी खसी बाखा किनेर लगेको जस्तो बाँधेर लान्छन् र भुटानको जेलमा अत्याचार गर्छन् । यसरी पक्राउ गरे वापत प्राप्त पैसा भारत र भुटानका एजेन्टहरूले बाँडेर खान्छन् । यो कस्तो बिडम्बना एउटा मान्छेले अर्को मान्छेलाई बिक्री गरेर कमाएको पैसाले आफ्नो सन्तानको पेट भर्छन् र भुटानका बुद्ध धर्मवलाम्बीहरू बुद्धलाई अनि भारतका हिन्दुहरू रामलाई धन्यवाद दिन्छन् । कुन शब्दले विरोध गरुँ सुन्दा दिक्क लाग्ने पशुले पनि यस्तो गर्दैन । *यस्तो राजा र उसका दलालहरू गिरेको देखेर धरतीको माटोलाई पनि शंका लाग्दो हो मानिस गिरेका हो कि कुनै पातकी भनी आफैलाई प्रश्न गर्दो हो ।*

भुटानी जनताहरू भारतीय समाज, धर्म, संस्कृति तथा सबै क्षेत्रबाट प्रभावित छन् । भारतको राजनीतिक चहलपहलले भुटानको राजनीतिलाई पनि असर पारेको छ । भारतकै आश्रयमा भुटान निरङ्कुश बनेको हो । आम भारतीय जनता शान्ति चाहन्छन् सोझा र ईमान्दार छन् र भुटानी राजाले गरेको अपराधको विरोधमा छन् । अन्याय अत्याचारको छानबिन हुनुपर्छ भनिरहेका छन् । तर भारतका नेताहरू ले नै निरङ्कुश राजालाई साथ दिईरहेका छन् । छिमेकीबाट दुष्ट राजालाई जबसम्म साथ भईरन्छ तबसम्म उसले अत्याचार

गरिरहनेछ । जबसम्म हामी यसलाई रोक्न तयार हुँदैनौ र हाम्रो मानप्रतिष्ठा तथा हाम्रो जातिमाथि लगाईएको दागहरू हटाउन अघि बढदैनौं तबसम्म हाम्रो जाति विरुद्ध शासकले अत्याचार गरी रहनेछ । भुटानभित्र भएका अल्पसंख्यक लोत्सम्पाहरूमाथि सरकारले शोषण, दमन र लुटपाट् अझ तीब्र पार्नेछ । यदि मैले लेखेका कुराहरू र मेरो भनाईहरू झुटो भए, कसैको चित्त नबुझे मेरो जीवन रहेसम्म म आफूलाई यस विषयमा देश, जनता र सम्पूर्ण विश्वको सामु समीक्षा गर्न र परीक्षाकोलागि खडा हुन् तयार छु । यदि गलत कुराहरू लेखेर भुटानको वाङचुक राजाको विरोधगरिरहेको छु भने यदि मैले भुटानी जनताको हृदयमा विद्रोहको भावना उक्साउने काम गरिरहेको छु भने अथवा यदि मैले देशमा शान्ति-श्रृङखला भङ्ग गर्ने काम गरेको छु भने म कुनै पनि सजाय भोग्न तयार छु । म भन्न चाहान्छु 'एकदिन सत्यको विजय हुनेछ र निरङ्कुशहरू मासिनेछन्' त्यसैले सत्यको बाटो हिडंन कठिन भएपनि म हिडिनै रहनेछु ।'

आफ्नो सत्ता स्वार्थमा केन्द्रित भुटानी राजा तथा निर्दोषहरूको ज्यान लिन निपुर्ण निरङ्कुश सरकारबाट अकालमै मारिएला कि भन्ने चिन्ता लाग्छ । प्रजातन्त्र र न्यायको लागि आवाज उठाउनेहरू काङलुङ सेकताला, नरफुङ कोत्सा, मासुर छेत्री, जिग्मी पाल्देन दोर्जी, गर्जमान गुरुङ, गुलिङ गजमेर, गोम्छेन कर्म आदिको हत्या गरियो, धर्मगुरु सावड्डङ नावाङ नामगेल तथा प्रत्येक अवतारी सावड्डङलाई बारम्बार मारे, शाही अंगरक्षक राजाका ए.डी.सी. डासो क्याप्टन तरुण छेत्री (५६/एन.डी.ए.), फरेष्ट रेन्जर मनबहादुर देवान, विद्यार्थी मनबहादर छेत्रीलाई निर्ममतापूर्वक हत्या गरे । सन् १९९० मा न्यायको लागि निवेदन गर्ने जनतालाई यातना दिएर हत्या गरे र करीब १ लाख ३० हजार जनतालाई देशबाट लखेटे । त्यसैले सहारा बिनाको म जस्तालाई भुटानी राजाले गुप्तचरद्वारा हत्या गर्नु ठूलो कुरा होईन ।

मेरो एउटै इच्छा र आकांक्षा छ त्यो हो भुटानी जनता विभिन्न भाषा, धर्म, संस्कृति र आचरण भएकाहरू शान्तिसँग जिउन पाउँन् । ङालोङ, सार्छोप, लोत्सम्पा (गोर्खा), मदिसे, ब्रोक्पा विभिन्न-भाषी, वंश आदि-ईत्यादि भनेर भेदभाव नहोस् । सबै जातजातिहरूले आफ्नो भेषभुषा, धर्म, संस्कृति र मातृभाषा बोल्न, पहिरन र व्यवहारमा ल्याउन पाऊन् । सरकारले नेपाली भाषालाई पनि राष्ट्रिय भाषाको स्तरमा स्कुल र कलेजहरूमा मान्यता दिनुपर्छ । सरकार जनहितकोलागि होस् । कसैमाथि अन्याय नहोस् । **यही पुण्य कार्यको लागि मेरो कर्मण्य कलम बोलिरहेको छ ।** यो कलमले यहाँ थोरै लेखेको भए तापनि बुझ्ने र सचेत

मानिसलाई यो पर्याप्त हुन्छ । मेरो यस कलमका शब्द र शैलीहरूको एउटै लक्ष्य भुटानको निरङ्कुश शासनमा थिचिएर बाँचिरहेका मानिसहरू मुक्त भई उनीहरूमा पनि स्वतन्त्र र सुन्दर जीवनको उदय गराउनु हो । लोत्सम्पा तथा गोर्खाजातिको इतिहास सारा विश्वमा उच्च छ । भुटानमा पनि त्यस्तै उच्चता रहोस् भनी कर्तव्य पूरा गर्नु हो । यस्तै कर्महरू गर्दै हामी नेपालीजाति-गोर्खाहरू यस धरतीभरि सजिएर रहनुछ ।

*****

# भुटानीहरूलाई सत्य निस्तार चिठ्ठी

**देशभित्र र प्रवासमा रहेका भुटानी बन्धुहरू,**

सबैलाई नमस्कार टक्राउँदै एउटा 'सत्य निस्तार चिठ्ठी' लेखिरहेको छु । यसलाई पढेर देश, जनता र मानवताप्रति आफ्नो रितअनुसार सहभागी बनिदिनुहोला ।

देशमा शिर खडा गरी स्वाभिमानपूर्वक बाँच्नका लागि सबै मिलेर तानाशाह र बदनियतबाट देशलाई मुक्त गर्नुपर्छ । भुटानीपनलाई चिनाउने विभिन्न जातजातिका थरी थरीका कला, संस्कृति, सभ्यता र दर्शनको सामान्जस्यतालाई सुरक्षित राख्नुपर्छ। यस पुण्यभूमिको पवित्र माटोको एकएक कणप्रति श्रद्धा र आस्था जगाउनु पर्छ । मानवीय विचार र धार्मिक आचरणको संस्कार बोकेको सचेत जनशक्ति निर्माण हुनुपर्छ । भुटानीहरूमाथि उत्पन्न संकटले जटिल जिम्मेवारी निम्त्याएको छ । विकास र सभ्यताको प्रथम खुड्किलो प्रवेश गर्न लागेको यस भूमिको स्वतन्त्रता र स्वच्छताको आर्दशलाई हामीले प्रज्वलित पार्नुछ । देशको सिमाना र देशभित्र आफ्नै शक्तिमा सक्रिय रहनुपर्छ, परायको आडमा होईन । कोही ङालोङ, कोही सार्छोप, कोही लोत्सम्पा भएर पृथक-पृथक भावना बोकेर तानाशाहको दमन सहेर जिउने होइन । तानाशाहले देशको गरिमालाई कलङ्क लगाउने मात्र होइन यसले हाम्रो सार्वभौमिकता समाप्त गरी देशलाई असफल बनाउनेछ, जसकोलागि यसले हामीलाई विभाजन गरी एक-आपसमा दुश्मन बनाउने कार्य गरिरहेको छ । यस्ता विषयहरूलाई गम्भीरतापूर्वक अध्ययन गरी देशको बृहत् हितलाई ध्यानमा राखी मुक्तिको मार्गमा अग्रसर हुनुपरेको छ ।

भुटानको जेलबाट असंख्य पीडाकासाथ निस्केको दिनदेखि जीवनको अभीष्ट अनिश्चित मोडमा पुगेको छु । बितेका तीन दशकमा कहिल्यै नसोचेको विषयमा

दिव्य परीक्षा दिन परिरहेको थियो, छ । विश्व-विद्यालयहरूमा पढेका मानव-समाज सम्बन्धित विषयहरूको ज्ञानले केही हदसम्म आफ्नो सोच विचारलाई सचेतना दिएकोले मेरो मन स्थिर थियो । मानिसमाथि आपद्-बिपद् आईलागेको खण्डमा समुचित रक्षागर्न प्रकृतिले नै सिकाउँछ भन्ने कुरा सत्य रहेछन् । विभिन्न ठाउँहरूमा मानव-अधिकारका गोष्ठीहरूमा भुटानी शरणार्थीका विषयहरू उठ्थे । नेपालका पत्रिकाहरू, टेलिभिजन र विभिन्न संस्थाका पर्चा र पुस्तिकाहरूमा भुटानी जनतामाथि भएका बर्वर दमनका खबर पढ्न र सुन्न पाइन्थ्यो । अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले भने भुटानी राजाको अपराधहरू लेखेनन् । उनीहरू तानाशाहको अपराध ढाक्छोप गर्न उन्मुख थिए । भुटानी शरणार्थीहरू नेपालको शिविरहरूमा भरिन थालेपछि नेपालमा पनि मानव-अधिकारवादी संस्थाहरूको जन्म हुन थाल्यो । CVICT, INSEC, INHURED जस्ता संस्थाहरू आज पनि छन् । नेपालका संस्थाहरूले भुटानीहरूमाथि भएको अत्याचारलाई विश्वसामु प्रष्ट्याउन प्रयास गरे । तर जब यी संस्थाहरू आर्थिकरूपमा स्थापित भए तब भुटानी शरणार्थी विषय उनीहरूबाट हराएको छ । भुटानी राजनीतिक दलहरू पनि सबै मृततुल्य थिए । तैपनि नेताहरूले कागजी अभियान जारी राखेका थिए । यो चिट्ठीमा यसरी लेखिएका जेजति कुराहरू छन् सबै सत्य छन् ।

सन् १९९३-९४ को कुरा हो, केही मित्रहरू मिलेर एउटा दरिलो फड्को मार्ने सल्लाह गर्‍यौं । भुटानीहरूलाई न्यायकोलागि संघर्ष गर्न सिकाउन र भुटान सरकारलाई जनताको घेरामा उभ्याउने विषयमा छलफल गर्‍यौं । हामीसँग विद्यमान परिस्थितिसँग जुझ्न सक्ने राजनीतिक अनुभव र भौतिक शक्तिको अभाव भएतापनि ‘अन्तर्राष्ट्रिय सस्थाहरू र केही देशहरूमा भुटानको विषय स्पष्ट रूपमा राखौं र त्यसपछिको परिस्थिति अनुसार अगाढि बढौं’ भनी सल्लाह गरी मानसिक रूपमा तयार भई कार्यगर्न थाल्यौं । भूतपूर्व सैनिकहरू तथा सुरक्षाकर्मीहरूको साझा संगठन स्थापना गरी ‘भूतपूर्व सैनिक संगठन भुटान’ (FESB) नामाकरण गर्‍यौं । भुटानको परिस्थितिसँग मिल्दो-जुल्दो राजनीतिक व्यवस्था स्थापना गराउन प्रजातान्त्रिक समाजवादको सिद्धान्तमा आधारित राजनीतिक दल स्थापना गरी विभिन्न देशहरूमा भुटानको राजनीतिक आन्दोलनलाई सहयोग गरिदनुहुन भन्दै पत्रहरू पठायौं । राजनीतिक कामकाजलाई सहज पार्न र भुटानको मानव-अधिकारको अवस्था बारे विश्वव्यापी रूपमा न्याय माग्न मानव-अधिकार संस्था स्थापना गर्‍यौं । सुरुमा हामीलाई नर्वेबाट आर्थिक सहयोग प्राप्त भएको थियो ।




नर्वेको AVISA नामक मानव-अधिकार संस्थासँग अन्तर्वार्ता: १९९६

भुटान सरकारले गरेको जातीय-सफायजस्तो राजनीतिक आतङ्कबारे धेरै राष्ट्रहरूलाई जानकारी गराई न्यायको लागि सहयोग गरिदिन अपिल गऱ्यौं । अमेरिका, जापान, अष्ट्रेलिया, नेदरल्याण्ड्स, डेनमार्क, नर्वे साथै भारतका केही राज्यहरू र नेपालबाट हामीलाई प्रजातन्त्र र मानव-अधिकारको बारेमा सहयोग हुने वचन प्राप्त भएको थियो । भारतका केही नेताहरूले भुटानको समस्या समाधानमा केन्द्र सरकारले पहल गर्नुपर्छ भनेका थिए । हाम्रो पत्रहरूको जवाफ आउने क्रममा हामीलाई सन् १९९६ को मार्च महिनामा नेपाली कांग्रेसका सभापति गिरीजा प्रसाद कोइरालाले उहाँको कार्यालयमा औपचारिक भेटवार्ता भयो । उहाँले हाम्रो समस्यालाई समाधान गर्ने ठाउँमा पुऱ्याउन साथदिने वचन दिनुभएको थियो । मैले उहाँसँग धेरै कुराहरू गरेको थिएँ । 'भुटानका राजनीतिक दलहरू धेरै छन्, जसलाई जसरी भएपनि भुटानी जनताको मानव-अधिकारको मागलाई साथ दिनुहोस् । भुटानको निरङ्कुश राजाले गरेको अत्याचार र अपराधहरूको छानविन होस् र शरणार्थीहरूले न्याय पाऊन् भनी आफ्नो कुराहरू उहाँ समक्ष राखेको थिएँ । '**म, नरबहादुर गिरीलाई** हुँदैन भने कुनै पनि राजनीतिक दलका नेतालाई जस्तै आर.बी. बस्नेत, आर के. बुढाथोकी, रोङथोङ किन्ले दोर्जी वा तँपाईहरूको निर्णय अनुसार कसैलाई पनि ठोस् सहयोग गरिदिनु पऱ्यो' भनी गम्भीरताका साथ भनेको थिएँ । उहाँले भुटानी नेता वुद्धिजीविहरूले न्यायको लागि केही गर्नुपर्छ भनी मलाई धेरै हौसला दिनु भएको थियो । त्यतिबेला मलाई सहयोग गर्ने भूतपूर्व प्रधानमन्त्री स्व. सुशील कोइराला पार्टीको महासचिव हुनुहुन्थ्यो अनि चक्रप्रसाद बास्तोला र अन्य केही नेताहरू साथमा हुनुहुन्थ्यो ।

यसप्रकारको हौसला पाउँदा खुशी लागेको थियो । हामी अवश्य सफल हुनेछौं भन्ने आशा जागेर आएको थियो । यो भेटवार्तापछि हामी धैर्यता राखेर कार्यगर्दै अगाडि बढ्न थाल्यौं ।

**सन् १९९६** मा अन्तर्राष्ट्रिय समाजवाद (SI) का महासचिव, Luis Ayala सँग भुटानको राजनीतिक समस्याहरूबारे कुराकानी भएको थियो । हाम्रो पत्रहरूमा उठाईएका विषयहरूको आधारमा उहाँहरूले हामीलाई न्युयोर्कमा हुने १९९६ को अन्तर्राष्ट्रिय समाजवादको सभामा भुटानको राजनीतिक प्रसङ्गहरू राख्न सुझावको साथ निमन्त्रणा पठाउनु भएको थियो । भुटानी शरणार्थीहरूकोलागि यसप्रकारको अवसर पाउनु ठूलो उपलब्धि थियो । यो अवसरलाई राम्ररी उपयोग गर्न हामीले सबैसँग सल्लाह गर्दै आवश्यक सामग्रीहरू तथा विषयमूलक जानकारी बटुल्ने कार्य सुरु गर्‍यौं ।



अन्तर्राष्ट्रिय समाजवाद महासभा विषय माईधारमा जनसभाः १९९६

अन्तर्राष्ट्रिय समाजवाद महासभामा प्रस्तुत गर्ने विषयहरूका बारेमा भुटानी बुद्धिजीवीहरूसँग विचार विमर्श गर्‍यौं । बी.पी.पी., बी.एन.डी.पी., डी.एन.सी. सबैलाई हामी अन्तर्राष्ट्रिय समाजवादको महासभामा जादैछौं भनी जानकारी गरायौं । उहाँहरूबाट पनि सल्लाह र सुझाव माग्यौं । जान र आउनमा लाग्ने खर्चको बारेमा हामीले नेपाली कांग्रेससँग कुरा गरेका थियौं । उहाँहरूले सहयोग गर्ने वचन दिनुभएको थियो । नेपाली कांग्रेसका लालकाजी गुरुङ र सुशील कोईरालासँग सम्पर्कमा थियौं । हामी 'केही गर्ने' बाटोको पहिलो खुडकिलो टेक्न लागिरहेका थियौं । हामीमा जोश, जाँगर र हिम्मत बढेको थियो । तर विडम्बना, केही महिनापछि, न्युयोर्क जानभन्दा करिब एक महिना अघि लुयिस

आयलाबाट अर्को चिट्ठी आयो । त्यसमा लेखिएको थियो, *'.... भुटानको युवासंघ र केही राजनीतिक दलहरूले तपाइलाई निमन्त्रणा गरेकोमा विरोध गरेको छ । ती संगठनहरूको भनाई अनुसार उनीहरू अग्रगामी स्थापित दल भएकाले यो स्थान उनीहरूले पाउनुपर्ने हो । यसकारण यो निमन्त्रणा एन बी गिरीलाई होईन हामीलाई दिनुहोस् भन्ने माग छ । ....यद्यपि, भविष्यमा तपाईँहरूलाई स्थान दिइनेछ ....'* भनी लेख्नु भएको थियो । पत्र पढेर त्रसित भयौं । हामी अत्यन्तै दुःखी भयौं । तानाशाह भन्दा अनिष्टकारक दुष्टहरू वरिपरी रहेछन् भन्ने थाहा भयो । हाम्रो अभियानलाई आफ्नैले कुल्चिएको कुरा लेख्दा कति दुःख लाग्छ, सबैले महसुस गर्न सक्नुहुन्छ । यसरी एकपछि अर्को गर्दै हाम्रो प्रयासहरू विफल भए, अघि बढनुको साटो खुम्चिएर बस्नु परेको थियो । केही गर्ने यो मेरो मन पनि भाचिँदै जान थाल्यो ।

दिनहरू बित्दै गए । अन्तर्राष्ट्रिय समुदायहरूबाट ठोस् सहयोग लिने कार्यहरू हराएर गयो । देशबाट लखेटिएर शरणार्थी बन्नु र केही पनि गर्न नसक्दा म अति नै दुःखी थिएँ । मनमा शान्ति थिएन । भविष्य अन्धकार छ, न देश छ, न त काम गरेर खाने ठाउँ छ, सबैतिर नैराश्य छाएको छ । तानाशाहको अत्याचारबाट भुटानी जनतालाई मुक्त गराउनकोलागि आफ्नो परिवारको देखरेख र भविष्यलाई पनि पर पन्छाईयो । देश र जनताकोलागि भनेर दौडिरहें । जबसम्म जिउँदो रहन्छु तबसम्म अत्याचारको विरुद्ध संघर्ष गरिहने संकल्प त छँदै थियो । शिविरमा रहेका अगुवाजनहरूले आ-आफ्नो परिवारको लागि जोरजाम गर्नथालेको बुझियो । कोही नोकरी गर्नथाले, कोही व्यापार गर्नथाले त्यस्तैप्रकारले टाठा-बाठाहरू विभिन्न संस्थाहरूबाट आर्थिक रूपमा लाभान्वित भए । मैले त्यसो गरिन । सरकारले गरेको अत्याचारको विरुद्ध केही त गर्नै पर्छ भनी निस्वार्थ रूपमा हिँडीरहें । भारतका मित्रहरूसँग फेरि भेटाघाट सुरु गरेँ । एकदिन न्याय पाउँछौं त्यसबखत अपराध गर्नेलाई जनताले ठेगान लाउँछन् भन्ने विश्वासकासाथ हिँडिरहें र हिँडिरहेको छु । मैले यहाँ धेरै कुराहरू लेख्न बाँकी छ तर केही अंशलाई भने जानकारीका लागि समावेश गर्न प्रयास गरेको छु जसद्वारा हाम्रा सन्तान्हरूले भुटानको परिवेश बुझ्न सकुन् र आफूलाई त्यसै अनुसार खडा गर्न सकुन् भन्ने दृढ इच्छा राखेको छु ।

हाम्रो कार्यक्रम अन्तर्राष्ट्रिय समुदायसँग अपिल गर्नमात्र नभएर देशभित्र पनि विद्रोह संचालित हुनुपर्छ भन्ने सोचले जनसम्पर्क-जनचेतना अभियान सुरु

गऱ्यौं । कुन शक्तिले, कसरी तानाशाहको विरुद्ध संघर्ष गर्ने, हामी कतिसम्म अघि बढन सक्छौं, आफूसँग भएको साधन-स्रोत् र सहयोगमा कतिसम्म भरोसा गर्न सकिन्छ भन्ने बारे छलफल गर्दै सँगठित हुन थाल्यौं । हामीलाई कुनै पनि भुटानी शरणार्थीहरूले आर्थिक सहयोग गरेका थिएनन् । आफ्नै तर्फबाट खर्चहरू जुटाएर कागजपत्रहरू तयार गर्न थाल्यौं ।

धेरैले हाम्रो अभियानलाई सकारात्मक ठानी साथ दिन्छौँ भनी हौसला बढाईदिए । केही बुद्धिजीवीहरूले अन्य देशहरूमा सहयोगकोलागि पत्रचार गर्ने सल्लाह दिनुभयो । हामीले त्यसै गऱ्यौं । समय सहयोगको प्रतिक्षामा बितिरहेको थियो । तर हामीलाई कहीँ कतैबाट पनि आर्थिक सहयोग प्राप्त भएन । पत्रहरूको कुनै मूल्याङ्कन भएन तर पनि केही न केही अवश्य हुन्छ, हामी गर्नसक्छौं भन्ने आत्माविश्वास थियो ।

हामीले कार्ययोजना सुरु गरेको महिना नबित्दै विभिन्न क्षेत्रका मानिसहरूले हामीमाथि अनावश्यक रूपमा खोज-तलास सुरु गर्नथाले । हामीले करोडौं रूपैंया आन्दोलनकालागि प्राप्त गरेका छौँ र त्यसको स्रोत खुलाउनुपर्छ भन्ने प्रश्नहरू आउन थाले । गाउँमा भएको एउटा सानो कोठाको भाडा तिर्ने ३०० रुपिया समेत हामीसँग हुँदैन थियो । यद्यपि, हामीलाई असफल बनाउन किन यस्तो षड्यन्त्र भएको ? आफ्नै घरभित्र यस्तो हुन्छ भने अरूबाट झन् कस्तो होला भन्ने पीडा भित्री हृदयमा महसुस भयो ।



भारत-भुटान मैत्री समाजको सभा ।
कन्स्टिट्युसन क्लब, नयाँ दिल्लीः २००१

धरणीधर शर्मा (नेपाल), लेफ्टेनेन्ट डी.बी. पक्वाल, लेफ्टेनेन्ट अजय बरदेवा, क्याप्टन बुद्दविर सुब्बा, डी.बी. गिरी, नरवीर चुव्हान, ड्रिम्पेन पिर्थीलाल पकवाल, सुरेश राई, जे.एन. गौतम, taranidhi गौतम, रूपनारायण शर्मा, कालीबहादुर तामङ, गुणानाथ भारती, मणि कुईकेल, डम्बर गौतम,

मानध्वज गुरुङ, तारा भट्टराई, एन.के. छेत्री, धनबहादुर भट्टराई, दलजीत राई, बलिधान राई, धनवीर राई, डि.बी. काफ्ले, रामबहादुर तामङ, टि.बी. चुव्हान्, डाक्टर आर दोर्जी र अन्य धेरैले कागजपत्र तयार गर्न र कोठाको भाडाकोलागि सहयोग गरिरहेका थिए । केही महिना धैर्य गरी छलफलमा रह्यौं । हामीलाई सघाउँछौं भन्नेहरू धेरै देखिए । आश्वासन् दिनेहरू पनि धेरै भेटिए । काम गर सघाउँछौं भन्नेहरू प्रशस्त थिए । नोकरी गरे वापत दिएको ज्याला जस्तो उहाँहरूको सहयोग हुने बुझियो । कस्तो विडम्बना ! भुटानीहरूको कुरा सुनेर आफै अपमानित भएको महसुस भयो । हृदयमा कहिल्यै नहुने पीडाको अनुभव भयो । काम भएपछि किन चाहियो हामीलाई सहयोग ? के हामीले तलब मागेको हो र ? मनमा यस्ता धेरै प्रश्नहरू उब्जिएका थिए ।

हामी आफ्नो देशभित्र थिएनौं । हामी शरणार्थी कसैको सहयोगबिना सरकारसँग लड्नसक्ने स्थितिमा थिएनौं । हामी पराधीन हुन विवश थियौं, जीवनको कठोर परीक्षा भोगिरहेका थियौं । यस्तो शिथिल अवस्थामा पनि सामान्य योजनाहरू बनाएर प्रतिज्ञाको अभियानलाई बढाउन थाल्यौं । भारतका केही राज्यहरूमा सम्पर्क गरी त्यहाँका राजनीतिक नेताहरूसँग कुरा राख्यौं । भुटानको राजाले गरेको अपराध र जनतालाई नृशंस आक्रमण गरी देशबाट लखेटेकोमा छान्विन भई भुटानी शरणार्थीहरू स्वदेश फिर्ता हुनुपर्छ र उनीहरूले न्याय पाउनुपर्छ भन्ने उहाँहरूको पनि विचार थियो । हामीलाई सहयोग गर्ने वचन दिनुभएको थियो । हामीले सल्लाह गऱ्यौं कि अब केही सशक्त कदमहरू सुरु गरौं अनि त्यसले बनाएको बाटो जस्तो हुन्छ त्यसमा केन्द्रित होऔँ भनी कार्यक्रमहरू बनायौं । हामीसँग भएका सबै कार्यकर्ताहरूमा उत्सुकता देखिन थाल्यो । भूतपूर्व सैनिक संगठनका ५० जना कार्यकर्ताहरू भुटानभित्रका जनतालाई आन्दोलन्को बारेमा जागरण गराउन जान तयार भए । आवश्यक खर्च र सामग्रीहरू क्यामेरा, मानव-अधिकारका किताबहरू, राजनीतिक विचारहरू र आन्दोलन्को आवश्यकतामा लेखिएका पुस्तिकाहरू सबै लिएर 'भूतपुर्व सैनिक संगठन' का स्वयंसेवक सदस्यहरू देशभित्र प्रवेश गर्न थालेका थिए । जनताको अवस्था बुझ्न र उनीहरूलाई तयार गर्न टोलीहरूले कार्य थालिसकेका थिए ।

यसरी लक्ष्य प्राप्तिकोलागि शुरु गरिएको अभियान सँगसँगै विभिन्न प्रकारका डर, शंका र समस्याहरू पनि उत्पन्न भए । अन्तर्राष्ट्रिय समुदायको भावनाको पनि मूल्याङ्कन गरी अघि बढिरहेका थियौं । भुटान सरकारद्वारा कस्तो

प्रतिक्रिया आउनेछ, कतिसम्म न्याय गर्नेछ, जनतामाथि उसको व्यवहार कस्तो हुनेछ भन्ने अनुमान नभएपनि हामीले उठाएको कदम र हाम्रो प्रजातांन्त्रिक आवाजमा जितको आत्माविश्वास थियो, यसको मूल तत्व हामीमा कसैमाथि कुनै पनि प्रकारको वैरभाव थिएन । हामीमा केवल देश र जनताको सुन्दर भविष्यको सपना थियो ।

**सन् १९९६ सेप्टेम्बर ९** को बिहान करीब ११ बजेतिर एकहुल नेताहरू हाम्रो दमकमा भएको सम्पर्क कोठामा आउनुभयो । बी.पी.पी., बी.एन.डी.पी., डी.एन.सी.का नेताहरूः आर.के. बुढाथोकी, आर.बी.बस्नेत, रोङथोङ किन्ले दोर्जी, एस.के. प्रधान, रिन्जीन दोर्जी करीब दशजना जति आएर हामीसँग धेरै कुराकानी गर्नुभयो । करिब एक घण्टाको कुराकानी पश्चात उहाँहरूको मूल आशय थाहा भयो । एउटा नयाँ मोर्चा बनाउने जसको नाम 'भुटानमा प्रजातन्त्रका लागि संयुक्त मोर्चा' (यु.एफ.डी.) हुनेछ भन्नु भयो । आर.के. दोर्जीको नेतृत्वमा आन्दोलन गर्ने र तत्काल हामीले कार्यक्रम स्थगित गरेर मोर्चालाई अगाडि बढाउनुपर्नेछ भन्ने सबैको सल्लाह र सुझाव आयो' ।

त्यतिबेला रोङथोङ किन्ले दोर्जीले भन्नु भएको याद छ *'ठूलो भारीलाई सानो-सानो भारी बनाएर बोके हलुंगो हुन्छ र सजिलै बोक्नु सकिन्छ, .... कुरा बुझ्नु भयो होला नि डासो गिरी ।'* त्यसैगरी आर.बी. बस्नेत दाजुले भन्नु भयो 'एन.बी. गिरी भाईले जुन कार्यगर्न चाहनु भएको छ त्यसलाई समर्थन गर्छु । अब त्यही कार्य यु.एफ.डी. मार्फत् गर्दा अझ बलियो हुन्छ भन्ने मेरो विचार छ' । एस के प्रधान र अन्यले पनि यसै भने । उहाँहरूको कुरा सुन्दा अनुचित लागेन तर राजनीतिक खिचातानी सुरु भयो भने केही हुँदैन भन्ने शकां उत्पन्न भयो । म, उहाँहरूको सामु उमेरमा कान्छो थिएँ । आफूभन्दा अग्रजहरू, ठूलो ओहदाका अनुभवीहरू भएकाले उहाँहरूको सल्लाह नमान्नु उचित हुने भएन । सत्ताको लागि आन्दोलन थिएन, साथीहरूको मनोभाव पनि त्यस्तै बुझियो । सबैले यु.एफ.डी. लाई संयुक्त रूपमा आन्दोलन गर्नसक्ने मोर्चा बनाऊँ र देशभित्र सशक्त आन्दोलन गरौं भन्ने विचारहरू राख्नु भयो । केही छलफल पश्चात् उहाँहरूको सल्लाह अनुसार यु.एफ.डी. का अध्यक्ष आर.के.दोर्जीको नेतृत्वमा अघि बढ्ने कुरामा सहमत भई यु.एफ.डी. मा सामेल हुने स्वीकृती जनायौं । उहाँ खुशी भएर बिदा हुनुभयो । उहाँहरूले केही हप्तापछि यु.एफ.डी. स्थापना भएको घोषणा सँगसँगै कार्यक्रम शुरु हुन्छ भनी प्रेस विज्ञप्ति जारी गर्नुभयो ।

‘भुटानमा प्रजातन्त्रका लागि संयुक्त मोर्चा’ (यु.एफ.डी.) **११ अक्टोबर १९९६** को दिन उत्साहकासाथ घोषणा भयो । आर.के. दोर्जी अध्यक्ष अनि आर.बी. बस्नेत, आर.के. बुढाथोकी, केजाङ दोर्जी, एस.के.प्रधान आदि यसमा सामेल भए । अन्य सामाजिक संस्थाका सदस्यहरू पनि यु.एफ.डी. मा सामेल भएका थिए । ‘भूतपुर्व सैनिक संगठन’ का सदस्यहरूलाई पनि यु.एफ.डी. मा सदस्यता दिएका थिए । मलाई यु.एफ.डी. को कार्यक्रम, यसको लक्ष्य, यसमा भएका नेताहरूको जिम्मेवारीको बारेमा पूर्ण जानकारी थिएन । एउटै कुराको चासो थियो, भुटानभित्र कार्यक्रम हुनुपर्छ । यु.एफ.डी. मा मेरो आधिकारीक पद नभएता पनि उहाँहरूले बोलाएको ठाउँमा उपस्थित हुने र आफ्नो जिम्मेवारी पूरागर्न म लागिरहें ।

**रोङथोङ किन्ले दोर्जी**प्रति भुटानीहरूको ठूलो आशा थियो । उहाँको नेतृत्वमा देशमा परिवर्तन आउन सक्छ भन्ने धेरै आधारहरू देखेका थियौं । मैले उहाँसँग केही समय बिताउने मौका पाएँ । उहाँको विचारधारा, देशप्रतिको राजनीतिक दर्शन कस्तो छ भन्ने बारेमा बुझ्ने प्रयास गरें । उदारनीति मनपराउने क्रममा भुटानको भेदभावपूर्ण नियम र कानुनहरू तथा निरङ्कुश राजतन्त्रलाई हटाएर अर्थपूर्ण प्रजातान्त्रिक व्यवस्था हुनुपर्छ भन्नु हुन्थ्यो । उहाँले भन्नु भएका केही कुराहरू मैले यो चिट्ठीमा लेख्नैपर्छः “राजा कहिल्यै पनि आफ्नो जाति र धर्मको भएपनि आफ्नो कहिल्यै हुँदैन” । राजा र सर्प साथी पनि नहुने र भरोसा पनि गर्न नसकिने मानिसका दुस्मनहरू हुन् भन्नु हुन्थ्यो । भुटान-भारत र चीनसँगको सिमाना विवाद र पूर्वमा सार्छोप जनसमुदायहरूका बारेमा पनि धेरै सोच्नु भएको थियो । वाङचुक राजाहरूको शासन सुरु भएको दिनदेखि साब्ड्ुङ र सार्छोपहरूलाई राजतन्त्र विरोधी समुदाय भनी दमन गरिरहेको इतिहास सुनाउनु हुन्थ्यो । भुटानी राजाहरूले सार्छोप विरुद्ध षड्यन्त्र गर्दै आईरहेको बताउनु भयो । रोङथोङ किन्ले दोर्जीले धर्मगुरु साब्ड्ुङ नावाङ नामगेलको पद्चिन्हमा देशलाई बनाउनुपर्छ भनी निरङ्कुश सरकार विरुद्ध उत्रिएका थिए । उहाँ राजतन्त्रको कट्टर विरोधी हुनुहुन्थ्यो । तानाशाहलाई उन्मूलन गर्नुपर्छ भन्ने उहाँको आत्मबल बलियो थियो । तर उहाँको विचार र कार्य योजनालाई बी.पी.पी., बी.एन.डी.पी., पी.एफ.उच.आर.बी., ह्युरोब तथा सँगै मिलेर काम गर्छौं भन्ने नेताहरूले कालान्तरमा पूर्णरूपमा साथ दिएनन् ।

जसरी अँध्यारोले उज्यालो ढाकिदिन्छ, असत्यले सत्यलाई छोपेको हुन्छ र षड्यन्त्रकारी स्वार्थीहरूले इमान्दारको खिल्ली उडाउँछन् त्यस्तै प्रकारले यु.एफ.डी.मा कार्यरत नेताहरूको असली रूप बाहिर आउन थाल्यो । फलस्वरूप रोङथोङ किन्ले दोर्जीले साथ र सहयोग पाउन सकेनन् । बी.पी.पी., बी.एन.डी.पी., डी.एन.सी. का नेताहरू जो यु.एफ.डी. मा थिए सबै आ-आफ्नो स्वार्थको बाटो लागे । साना-तिना कुराहरूमा मत भिन्नता देखियो । कतैबाट आर्थिक सहयोग आएमा त्यसको भागबण्डा गरी नेताहरू आफू-आफूले खर्च गर्नथाले । सिक्किमबाट यु.एफ.डी.को कार्यक्रमलाई सघाउन भनी दिईएको आर्थिक सहयोगको विषय लिएर आपसमा झगडा भएको थियो । सिलिगुडीमा बसेर पैसा बाँढनुपर्छ भन्ने एकथरी थिए । यु.एफ.डी.को कार्यक्रममा खर्च गर्नुपर्छ भन्ने अर्को पक्ष थियो । प्राप्त आर्थिक सहयोगहरू पत्तै नपाई गायब भयो । यसबारे रोङथोङ किन्ले दोर्जी लगायत केही नेताहरूलाई विर्तामोडमा भेट हुँदा मैले प्रश्न गर्दै भनैं "यदि तपाईंहरूबीच यस्तै भईरहन्छ भने मोर्चा छोडिदिनुहोस् अनि सबै आ-आफ्नै तरिकामा कार्य गर्नुहोस् । हामी पनि आफ्नै योजना अनुसार कार्य गर्छौं" । मैले यसरी सन्देह जनाईरहेको बेला 'त्यसो होइन हामी मिलेर काम गर्नुपर्छ' भनी रोङथोङ किन्ले दोर्जीले मलाई विश्वस्त पार्ने प्रयास गर्नुभयो । 'केही हप्तापछि मोर्चाको टिम मेरो नेतृत्वमा दिल्ली जानेछ अनि भारतीय नेताहरूसँग हाम्रो भेटघाटपछि विशेष दरिलो काम सुरु गर्नेछौं' भनी मोर्चाका अध्यक्ष रोङथोङ किन्ले दोर्जीले सम्झाउनु भयो ।

मोर्चाका अध्यक्ष रोङथोङ किन्ले दोर्जी **१५ अप्रिल १९९७** को दिन दिल्ली पुग्नुभयो । भारतका केन्द्रीय नेताहरू समक्ष आफ्नो कुरा राख्ने र भुटानको समस्या समाधान गर्न सहयोग माग्ने उद्देश्य थियो । भारत विश्वकै ठूलो प्रजातान्त्रिक देश भएकोले प्रजातन्त्र र मानव-अधिकारका आस्था बोकेर संघर्ष गर्ने भुटानी प्रजातान्त्रिक नेता दोर्जीलाई अवश्य पनि सकारात्मक रूपमा लिनेछन् भनी हामीले आशा गरेका थियौं । तर भारतको दिल्लीले त्यसो गरेन । दिल्लीलाई राजा जिग्मी सिँगे वाङचुकले कान फुकिसकेको रहेछ । दिल्लीले Foreigners Regional Registration Office (FRRO) Act अर्न्तगत दोर्जीलाई १८ अप्रिल १९९७ को दिन गिरफ्तार गऱ्यो र दिल्लीले दोर्जीलाई कुनै कारणबिना जेल हाल्यो । भुटानी राजा र दिल्ली बीचको मानवता र प्रजातन्त्र-प्रतिका सम्बन्ध वारे विश्वलाई यहींबाट थाहा पत्तो लाग्न सक्छ । **भारत विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक देश**

**हो तर व्यवहारमा भारतमा प्रजातन्त्र र मानव-अधिकार भएको अभास भएन।** भुटानी राजाको स्वार्थ पूरागर्न भारतीय नेताहरूले जसरी कार्य गरिरहेका छन् त्यसले उनीहरूको नराधम हृदयलाई प्रष्टाएको छ। भारतका प्रधानमन्त्रीहरूले जतिसुकै उच्च स्तरका भाषण गरुन्, विश्वभरी प्रजातन्त्र र न्यायको पक्षधर भनी ठोकुवा गरुन् तर, आजसम्म छिमेकी देश भुटानी जनताको प्रजातान्त्रिक मागलाई नसुन्नु र अपराध गर्नेको सारथी बन्नुमा उहाँहरूको असली रंगरूप निरङ्कुशताले भरिएको छ भन्ने बुझिन्छ। उहाँहरूका शान्ति र सुरक्षाका कुरा, प्रजातन्त्र, मानव-अधिकार र न्यायका कुराहरू, विकास र विश्वबन्धुत्वका सन्देशहरू सबै आडम्बरपूर्ण देखौटा मात्र छन्। यद्यपि, भारतीय जनसमुदायहरूमाथि विश्वास छ एकदिन उहाँहरूले न्यायकोलागि साथ दिनेछन् भन्ने कुरामा द्विविधा छैन।




भारत-भुटान मैत्री समाजको सभा पश्चात् डी.एन.सी. अध्यक्षसँग तस्वीरः २००१

भारत स्वतन्त्र संग्रामको इतिहासका पानाहरूमा हाम्रा पूर्वजहरू अनगन्ती सख्यामा सहिद भएका गाथाहरू छन्। गोर्खाजाति भारतीय सुरक्षाको एक महत्वपूर्ण अंग हो। भारतका आसुरी प्रवृत्तिका नेताहरूले नेपाली-भाषा बोल्नेलाई नेपालसँग जोडेर हेर्ने गरेका छन् तर उनीहरूले बंगलाभाषी उग्रवादीहरूलाई बंगलादेशसँग जोडेर बोल्न पनि डराउँछन्। एउटै धर्म र भाषा भएका करोडौं भारतीयहरूको सन्तान् पाकिस्तानमा भएको कुरा गर्न सक्दैन। पन्जाबी बोल्नेलाई पाकिस्तानसँग जोडन डराउँछन् तर, इमान्दार राष्ट्रवादी भारतमा भएका गोर्खाजातिलाई भने हेपेर बोल्छन।

भारतीय जनताको सहयोगमा भुटानका जनताले निरङ्कुश राजतन्त्रबाट मुक्ति पाउनुपर्छ । त्यसले मात्र दीर्घकालीन समाधान र शान्ति गराउनेछ भन्ने सबैको सद्विचार छ। भारत-भुटान सम्बन्ध राम्रो होस्। त्यसैकोलागि **"पूर्णरूपमा जनताको सरकार भुटानीहरूको अधिकार"** भन्ने माग रहेको छ । आर के दोर्जी जस्ता प्रजातन्त्र एवं मानव-अधिकारवादी नेताहरूलाई जेलमा कैद गरी राजालाई खुशी तुल्याउनु भारतको लागि ठूलो कुरा होइन। त्यसरी नै जनतालाई दास सरह शोषन गर्ने निरङ्कुश राजा भएपनि भारतको सीमा-सुरक्षाको खातिर उसलाई खुशी राख्नु केही हद्सम्म सही हुनसक्छ । तर सामन्ती राजालाई साथमा लिएर भारतीय नेताहरूले देशको दीर्घकालीन हितमा मन-माफिकको विश्वसनीय कार्य गरेका छैनन् । उनीहरूले न त देशको सुरक्षाप्रति चिन्तित् भएर त्यसो गरेका हुन्,न कुनै राष्ट्रिय संकट आउँछ भन्ने डरले सुराक्षात्मक कार्य गरेका हुन्। यसो गर्ने कुनै आवश्यकता छैन। **'भारतको सिमाना सुरक्षा' भुटान सरकारसँग भएको कागजी सन्धिमा सिमित रहेर हुँदैन ।** जब भारतको निष्कपट शुद्ध भावना र मायाले भुटानी जनतामा खुशी छाउनेछ तबमात्र भुटानसँग भारत पूरापुर भरपर्न सक्नेछ ।

विश्वद्वारा सम्मानित शान्ति, अहिंसा र न्यायका प्रतीक महात्मा गान्धीले भारतद्वारा छिमेकी मूलुकका जनताहरूप्रति पापाँचर नीति कहिल्यै चाहनुभएको थिएन । यो गहन विषयमा यतिमात्र भन्न चाहन्छु 'भारतले भुटानी जनातामाथि विश्वास गर्न सक्नुपर्छ' । हामी मानिस सरह जीवन जिउनकोलागि मात्र न्याय मागिंरहेका छौं, हाम्रा ठूला-ठूला मागहरू केही छैनन । चाहे स्व. आर.के. दोर्जी होस् वा अरू कुनै व्यक्ति जसले भुटानी जनताको प्रजातन्त्र, न्याय र मानव-अधिकारकालागि भुटानको निरङ्कुश राजतन्त्रका किल्लाहरू तोडी असल शासन व्यवस्था स्थापित गर्न चाहन्छ, त्यस्तो विचार भएकोलाई भारतका नेता र जनताले साथ दिनुपर्छ। भुटानी राजाको कुरा सुनेर मानवता विरोधी राजनीतिक खेल खेल्न भारतले बन्द गर्नुपर्छ । कुनै पनि देशका जनता सरकारको दमन र अत्याचार सहेर सदैव बसिरहंदैनन्। भुटानका जनता पनि निरङ्कुश तानाशाहलाई सदैव सहेर बस्न सक्दैनन्। यस्तो परिवेशका जनभावनालाई नेतृत्व गर्न चाहाने, निरङ्कुश सरकार विरुद्धमा संघर्ष गर्ने कुनै पनि व्यक्तिलाई प्रजातन्त्र, न्याय र मानव-अधिकारका पक्षधरहरूले सघाउ पुऱ्याउनु परम कर्तव्य हो । भुटानका शोषित जनातालाई छिमेकी देशका बुद्धिजीवीहरू, अधिकारकर्मीहरू तथा सबैले सहयोग गर्नु अहम् जिम्मेवारी हुन्छ ।

भुटानी जनतालाई उठ्नै नसक्ने गरी वाङचुक राजाले शासन जमाएको कुरा सबैलाई ज्ञात छ । राजाले भुटानलाई टुक्रा-टुक्रा पारेर बेच्दा पनि हुने भएको छ। भुटानी नागरिक कसैले पनि यस्ता विषयहरूमा प्रश्न गर्न सक्दैनन्। राजाले स्पष्टीकरण पनि दिन पर्दैन तर आवाज उठाउनेलाई जिउँदै खोलामा बगाईन्छ वा गायब गरिन्छ । बाहिरबाट हेर्दा राजा दयालु देखिन्छ, जनतालाई भात पस्केर बाँड्छन्, भोजको अवसर पारेर लुगा-कपडा पनि दिन्छन्, धार्मिकता र देशभक्तीको सम्वाद गरेर जनतालाई फुरुक्क पार्छन् । तर भित्री हृदयमा भुटानी राजा त्यस्तो दयालु छैन। यदी वर्तमान राजाले म राम्रो मानिस हूँ राम्रो कर्मगर्छु भनेर बखान गर्नुहुन्छ भने नेपालीजाति-लोत्सम्पामाथि गरिएको बर्बर अत्याचारको न्याय गरियोस। भुटानी शरणार्थीहरू जहाँ जस्तो अवस्थामा छन्, तेस्रो देशमा पुनर्वास भएका, शरणार्थी शिविरमा देश फर्कन प्रतिक्षामा बसिरहेका अनि भारतका विभिन्न राज्यहरूमा बसोबास गरेका सबैले न्याय पाऊन । यसकोलागि राजा स्वयंले पहल गरे भने जनआक्रोसबाट बाँच्न सक्छन्।

**मिलेर बाँच्न चाहने राजा र देशका नागरिकका लागि यो धरती सुरक्षित, रमाईलो र आनन्दमय छ तर यही धरती अहंकारी र घमण्डी शोषकहरूले गर्दा नरककुण्ड पनि हुनसक्छ ।** भुटान त्यस्तै मार्गमा तम्तयार रहेकोछ । राजाले विषयको गम्भीरतालाई बुझेर बेलैमा उचित कदम उठाउनुपर्छ । जनताको सेवागर्ने राजा झुक्न सक्नुपर्छ जनतालाई कुल्चिनु हुँदैन । लम्पसार अवस्थामा जनतालाई आफ्नो खुट्टा ढोगाउने दासत्व-प्रथा त्याग्नुपर्छ । राजाले देश र जनताको माया र नाता सम्बन्धलाई बुझेर आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। यो समयको माग मैले अघि सारेको हूँ।

आज आर.के.दोर्जी हामी माझ हुनुहुन्न। सन् २०११ अक्टोबर १९ को दिन सिक्किममा उहाँको असामयिक निधन भयो। भुटानी जनताले एक असल व्यक्ति गुमाएका छन् । उहाँको निधनपछि भुटानको प्रजातन्त्र र मानव-अधिकारको आन्दोलन् पनि स्वत: कमजोर भएको छ । सन् १९९७ मा जब आर.के.दोर्जी दिल्लीको तिहार जेलमा कैद हुनुहुन्थ्यो त्यसबखत देखिनै भुटानी आन्दोलन शिथिल भईसकेको थियो। उहाँको निधनपछि शरणार्थीहरूबीच मनमानी शङ्का र मनमुटाबहरू उत्पन्न भए। हाम्रो आन्दोलन्लाई नैराश्यताले छोप्यो। शरणार्थीको सुरक्षाकोलागि यु.एन.एच.सी.आर. बाट विकल्पहरूको खोजी सुरु भयो । नेपाल-भुटान वार्ताको प्रयास भयो तर, वार्ता सफल हुन सकेन । शिविरमा धर्ना र जुलुसहरू सुरु भयो। ए.एम.सी.सी. ले स्वदेश फिर्ती पदयात्रा गरे। शरणार्थीहरूले

यु.एन.एच.सी.आर. र सी.डी.ओ. कार्यलयहरूमा धर्ना कार्यक्रमहरू गरे । देश फर्किन सकिन्छ भने सबैले केही गरौं भन्ने विचार भुटानीहरूमा प्रबल थियो ।

भुटानी शरणार्थीहरूसँग निरङ्कुश राजतन्त्रसँग संघर्ष गर्ने शक्ति र सामर्थ्य थिएन । कसैबाट सहयोग पाएका थिएनौं, कुनै न कुनै शक्ति औजारबिना सरकारसँग लड्न नसकिने यथार्थ हामी सबैको सामु प्रष्ट थियो । सबै क्षेत्रहरूमा कमजोर भएको हुनाले हाम्रो अघि बाँच्नसक्नु नै ठूलो कुरा भईसकेको थियो । हामीलाई थाहा थियो । अहिले पनि सम्झना छ - शरणार्थी शिविरहरूमा हाम्रा मानिसहरू कति पीडा र वेदना सहेर बाँचिरहेका थिए । विरामी शरणार्थीहरू उपचारको अभावमा ज्यान गुमाउनु परिरहेको थियो । *मीठो खान र राम्रो लाउन शरणार्थी जीवनमा नहोला तर पनि केही गरी खान पाउने ठाउँमा बास पाए धन्य हुन्थ्यो भन्ने विचार मेरो मनमा उत्पन्न भईरहेको थियो ।* आज धेरैको जीवन बाँचेको छ, धेरैले आफ्नै घरद्वार र सुख सम्पत्ति समेट्नु पाएका छन् । कोही अमेरिका, क्यानाडा, अष्ट्रेलिया आदि देशहरूमा पुगेका छन् भने कोही शिविरमा भुटान फर्कने आशामा बसिरहेका छन् । थोरै भएपनि यिनीहरूले भुटानीहरूको आन्दोलनलाई जीवन्तता दिएका छन् । यसमा सबै भुटानीहरू शारीरिकरूपमा सहभागी नभएपनि मानसिकरूपमा सबै भागीदार छौं । मलाई यसो भन्नु छ, 'जबसम्म हामी र हाम्रो सन्तान पृथ्वीमा रहन्छौं आफ्नो देश भुटान र भुटानका लोत्सम्पा तथा नेपाली-जातिको मान प्रतिष्ठाकोलागि केही गरिरहनुपर्छ । हामी जहाँ भएपनि जुनसुकै देशमा पुनर्वास भएपनि भुटानमा आमूल परिवर्तन गर्न जनताको सङ्घर्षलाई साथ र सहयोग गर्न उत्साहित भई रहनुपर्छ ।'



तेस्रो देश पुनर्वास सम्बन्धमा विचार प्रस्तुत गर्दै सन् २००७ ।


तेस्रो मूलुकमा पुनर्वासित भएका भुटानीहरू र भारत-नेपालमा भएका शरणार्थीहरू सबैको कथा-व्याथाहरू एकै छन् । हाम्रो लक्ष्य पनि एकै थियो । हामीले चाहेको विषय र हाम्रो माग पनि एकै थियो । भुटान फर्किनु र सबै भुटानीहरू बिना भेद्भाव एक-आपसमा मिलेर बस्नु थियो । आज पनि त्यही चाहना त्यही लक्ष्य छ । विश्वका विभिन्न देशहरूमा पुनर्वासित भएका हामी अलग-अलग परिस्थितिमा नयाँ जीवन शैलीलाई अपनाउन लागेका छौं । यो बाध्यता हो भुटानीहरूलाई जो विभिन्न देशहरूमा पुनर्वासित भएका छन् । हामी जहाँ पुगे पनि आफ्नो जन्मभूमि आमा-बुबाको देश, आफ्नो सृष्टिको माटो र त्यहाँको प्रकृतिलाई बिर्सन सक्दैनौं नमरुन्जेल सबैको अर्थबोध भईरहन्छ । हाम्रो देशको सुन्दर र स्वच्छ वातावरण प्रकृतिले सजिएको नदी-नाला, झरना र आफू जन्मेको गाउँ यो मनले बिर्सन सक्दैन ।

आफ्नो देशको गाउँ-घर, बाटो, शहर र त्यहाँको व्यवस्था अमेरिका, क्यानाडा, अष्ट्रेलिया जस्तो सफा, सुन्दर र आधुनिक ढङ्गमा झलमल्ल नहोलान् तर पनि भुटानीपन, हाम्रो मन, हाम्रो आचरणहरू र हाम्रो जीवनशैलीहरू ईश्वरीय वरदान् झैं रमणीय छन् । यो सृष्टिकर्ताको आशिष हो, यसलाई जीवनमा सजाउन सके अझ धेरै खुशी पाउने छौं । मानिसले आफ्नो जाति, आफू जस्तो संस्कारी र आफ्नो जस्तो मन् भएको समाजलाई कहिल्यै विर्सन सक्दैन । उसको थातथलो, खानपीन, भेष-भूषा र अन्य कुराहरूमा परिवर्तन आउन सक्छ तर, त्यो माटो बिर्सन पनि सक्दैन र त्यागन पनि सक्दैन । जहाँ वंशवृक्षको इतिहास हुन्छ । यी कुराहरू मानवजीवनसँग अटुट् सम्बन्ध राख्ने सांसारिक व्यवहारहरू हुन् जसलाई हामी भुल्न सक्दैनौं । यसबाट हामी प्रभावित मात्र छैनौं हामीले यिनै महिमाका तत्वज्ञानहरूबाट जीवनको बाटो तय गरेका हुन्छौं ।

**“भुटानको अपरिहार्य प्रज्ञाशील राजनीतिक परिवर्तन पूरा गरौं ।”** हाम्रा बुबा-आमा र पुर्खाहरूलाई लखेटेको, चेलीहरूलाई बलात्कार गरेको, जघन्य अत्याचार गरी सबै लुटेर देशबाट लखेटी शरणार्थी बनाउनेलाई बदला लिन होइन तर न्यायको तराजुमा उभ्याउन प्रयास गरौं । ती दिनहरू जब अपराधी सरकारको विरुद्ध लडने बाचा गरेका थियौं त्यो कार्य पूरागर्न अघि बढौं । भुटानीहरूको बलिदान्लाई स्मरण गरी आफूलाई एकताबद्ध गरौं । हामी एक भए अमेरिका, क्यानाडा, अष्ट्रेलिया जहाँ भएपनि भुटानको तानाशाहलाई उन्मूलन गर्न कसैले पनि रोक्न सक्नेछैन । हामी नरहँदा पनि भावी सन्तान्हरूले यसलाई पूरा गर्नसक्ने मार्ग तय गरौं ।

भुटान सरकारले जनतालाई देशबाट दानवले जस्तो आक्रमण गरी लखेटेको बारेमा जहाँ जहाँ हामीलाई आवाज उठाउने र हक-अधिकारको कुरा गर्ने अवसर मिल्छ त्यो हामीले गरिरहनु पर्छ । आफ्नो बासस्थान् त्यागेर भाग्न बाध्य पारिएका मानिसहरूको राष्ट्रियताको अधिकार र पुनर्वास भएका देशहरूबाट नागरिकले पाउने संरक्षण र नागरिकताका अधिकारहरू सबैलाई सन् १९४८ को मानव-अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रको धारा १५ ले प्रदान गरेको छ । हामी जहाँ भएपनि यिनै कानुनका धाराहरूलाई समेटेर न्यायको लागि अपिल गर्न सक्छौं ।

"कुनै पनि व्यक्तिको नागरिकता खोसिनु भनेको विश्व सभ्यताबाट अलग्याइनु हो । यो असभ्य वा जंगली मान्छे आफ्नै जंगली गुफाको जीवनमा फर्किनु जस्तै हो । यो मानिसको केही नभएको अवस्था मात्र नभई उसलाई अन्य व्यक्तिहरूले मानिस सरह व्यवहार गर्ने गुण नरहेको अवस्था हो ...। उनीहरू यो संसारलाई कुनै योगदान् नगरी पहिचानबेगर बाँच्न वा मर्न सक्छन् ।" *हान्ना एरेन्ड ।*




१८ औं सार्क सम्मेलन पिपल्स सार्कलाई सम्बोधन काठमाडौं सन्: २०१४

भुटानी राजाको एकल जतीय स्वार्थपरायण नीतिले भुटान अशान्त बनेको छ । साधारण अवस्थामा पनि जातिवादका तनावका कारण असुरक्षा भए मानिस पलायन हुन्छन् । विभिन्न जात-जातिबीच रहेको सद्भाव र मित्रतालाई एकअर्का

विरुद्ध प्रयोग गरी राजनीतिक स्वामित्व कायम राख्ने क्रममा देशको अखण्डता र जनताको एकतामा नकारात्मक प्रभाव परेको छ। राजदरबारले जनता विरुद्ध अपराध गरेको छ। 'जातिय सफाय' जसलाई अन्तर्राष्ट्रिय कानुनले दण्ड गर्नसक्छ त्यस्ता अमानवीय कार्य गर्ने देश भुटानलाई सार्कले केही भन्न नसक्नु सार्कको विडम्बना हो। सार्क किन र कस्कोलागि स्थापना गरिएको हो ? यसको औचित्यप्रति जनताको प्रश्न छ। **सार्क** स्वेच्छाचारी शासकहरूको अपराधिक चरित्रको रखवाला भएको छ । यी सबै विषयहरूमा आज, अहिले र जहिले पनि सार्क राष्ट्र प्रमुखहरूलाई चुनौतिका साथ प्रश्न गर्नसकिन्छ अभियोग लगाउन सकिन्छः 'के तपाईंहरू जातिय सफाया गर्ने उग्रपन्थी, प्रतिगामी शोषकहरू हुनुहुन्न र ? भुटानको अत्याचारप्रति सार्क राष्ट्रहरू मूकदर्शक बन्नु तानाशाहहरूकै साँठगाँठ हो । तपाईंहरूको राजनीतिक शोषणको कारण जनतालाई सार्कको आवश्यकता नरहेको अनुभूति भइरहेको छ ।' सार्क राष्ट्र प्रमुखहरूले किन सार्कको स्थापना गरेका रहेछन् यो एउटा गम्भीर चर्चाको विषय बनेको छ। यद्यपि, हामी आशा गर्दछौं सार्क राष्ट्रका सरकारहरूमा असल मानिसहरू आउनेछन् अनि सार्कले नीति र कार्यक्रममा आवश्यक परिवर्तन गरेर सार्क राष्ट्रका जनतालाई अन्याय र अत्याचारबाट मुक्त गर्नेछन् ।

म एक साधारण भुटानी नागरिक हूँ। मेरो आफ्नै जातिय पहिचान् र आदर्शहरू छन् । मेरो मातृभाषा, भेषभुषा, धर्म र संस्कृति आफ्नै छ । मलाई अरूको भाषा, धर्म, संस्कृति पनि मनपर्छ तर मेरो प्रतिष्ठा आफ्नै संस्कृतिले उच्च-राख्ने हुनाले मलाई आफ्नै जातिको समाज, कला र संस्कृति प्रिय लाग्छ। मेरो कथा-कहानीहरू सिब्सु भुटानको बेलबोटे गाउँ, दर्जीलिङको कुमाई र वरपरको ठाउँहरूबाट सुरु भएको छ । यी स्थानहरूको ढुंगा-माटो, पहाड-पर्वत, बन-जंगल, खोला-नाला, देवी-देउराली र भञ्ज्याङहरूको परिचय, महत्व र सोही अनुयायीका नामहरू हाम्रा पुर्खाहरूले देवनागरी लिपीमा जातिको-पहिचान्, धर्म, संस्कृति र अस्तित्व झल्काउँदै आफ्नो माटोसँग सुहाउने गरी लेखेको युगौंदेखिको नाता सम्बन्धको इतिहासलाई दोहोऱ्याएर भनिरहन पर्दैन । सबैले पढेका छौं राजाद्वारा निर्देशित् इतिहासमा हाम्रो कथा-व्यथाहरूको बारेमा कहीँ कतैपनि कथा कुथुङ्ग्री लेखिएको छैन । हाम्रो इतिहासका गौरवमय गाथा ढाक्छोप् गरिएको छ ।

**सन् १९९० को दमनमा नेपाली भाषाका किताबहरू हाम्रो गौरवमय इतिहासहरू सरकारले बदलाको भावनामा जलाएर नष्ट गरिदियो । सन् २००८ मा राजाले प्रजातान्त्रिक सरकार गठन गरेको अवस्थापछि पनि हाम्रो जातिको अस्तित्व मेटाउन पुर्खाहरूले राखेका देशका खोला-नाला, वनजंगल, गाउँ आदिको ऐतिहासिक नामहरू परिवर्तन गर्न थालेकोले विषय अझ उत्तेजक शत्रुतापूर्ण बनेको छ । भुटानको 'नस्तर राज्य व्यवस्थाले' देशको इतिहासमा नामर्द ढङ्गले फोहर पोति रहेकोछ । सृष्टिदेखि चलेको मानव सभ्यताका यादगार निशानाहरू तथा देशको रङ्गरूप ढुंगा-माटो प्रकृतिका विभिन्न रचनाका रगंरूपी मन लोभ्याउने फल-फूलका कोपिलाहरू निमोठिरहेको छ । असाध्य गुणहरूले युक्त वनस्पति बृक्षहरू विभिन्न खाद्यन्नका बोटहरू पत्तो लाएको दिनछदां देखि हाम्रा पुर्खाहरूले सम्हालेर राखेका हुन । आज तिनै पुर्खाका हातहरूले लेखेका प्रकृतिका नामहरू बदल्नु भनेको हाम्रा पुर्खाहरूको इतिहास नष्ट गर्नु हो । यसको अर्थ त्यो माटोमा पुष्पित वंश-जाति तथा प्रकृतिका पुजारीहरू जो अन्य कुनै मानवजातिको उपस्थिति हुनु अगावै त्यहीँ जन्मेर हुर्केका प्रेमिलो प्रकृतिका स्वामी थिए उनीहरूमाथि प्रहार गर्नु हो । आज ती ऐतिहासिक नामहरू परिवर्तन गर्नु भनेको ती मनुवाहरूको अस्तित्व र संस्कृतिलाई उदाउन नदिनु हो र भुटानमा भएका गोर्खा-लोत्सम्पाहरूको अस्तित्व मेटाउनु हो ।**

भुटानको राजदरबारले गरेका 'मानवजाति प्रतिकूल' दुष्कार्यहरू ढाक्छोप् गर्नको लागि कुटनीतिक व्यक्तिहरू तथा कृतध्न पात्रहरूले लेखेको इतिहास सत्य हुँदैंन । अब जन्मने विश्वका इतिहासविद्हरू तथा भुटानको इतिहास लेख्नेहरूले भुटानमा भएका हाम्रा पुर्खाहरूका समाधिहरूको उमेरको इतिहास पनि लेख्न नभुल्नुहोला । सबै तह र क्षेत्रका लेखकहरूले सत्यलाई नढाकीकन भुटानमा घटिरहेका विषयहरूलाई गम्भीर रूपमा ध्यान दिएर लेख्नुपर्नेछ । इतिहास सत्य र सबैलाई समेटिएको हुनुपर्छ । यस किताबमा थोरै भएतापनि सत्यमा आधारित इतिहास लेखिएको छ ।

यहाँ मैले यथासम्भव भुटानीहरूको सत्य इतिहास लेखिरहेको छु ।

देशविहीन भएदेखि असङ्ख्य पीडा सहेर जीवन बिताएको धेरै भयो । देश फर्कन सकेको छैन । मेरो इमान्दारिता, स्वच्छता र देशभक्ति जतिनै उच्च भएपनि मैले देशबाट न्याय पाउने अवस्था छैन । राजदरबार र उस्को सरकारले जे चाहान्छ त्यही मात्र न्यायिक ठहरिन्छ । म एक साधारण नागरिक हुँ ।

कमजोर छु सरकारसँग लड्नसक्ने शक्ति मसँग छैन । देशको न्यायलय, कानुन, प्रजातन्त्र र मानव-अधिकारको परिधिभित्र भरोसा गरी निष्फिक्री सभा र आवाज उठाउन भुटानीहरू सुरक्षित् छैनन् । जनतालाई न्यायदिन भनी प्रचलन्मा ल्याइएका भुटानमा न्यायपालिका, प्रजातन्त्र र मानव-अधिकारका संस्थाहरू स्वतन्त्र छैनन् । देशबाट लखेटिएको दिनदेखि बहु-डायस्पोरिक परिस्थितिहरूमा आफ्नो पहिचानसँग जिउने प्रयासमा छु। विद्यमान विषयलाई मूल्यगत महत्वको आधारमा समेट्ने गरी यो वृत्तान्त लेखिरहेको छु। भुटानीहरू विभिन्न देशहरूमा बसेका छन् । जहाँ भएपनि देश र जातिको मान्-सम्मान, पहिचान् र आदर्शहरू भुटानको माटो र पुर्खादेवसँगको आत्मीय सम्बन्धको इतिहास जीवनमा प्राण रहुंन्जेल बिर्सने छैनन् भन्ने विश्वास छ ।

भुटानी राजाले आफ्नो मूलको भाषा र भेष-भुसाको परिचयलाई मात्र राष्ट्रियताको परिचायक बनाउन र अन्य जातिहरूलाई राष्ट्र निमार्णको सवालमा बाधकको रूपमा लिएर उनीहरूको पहिचानलाई निमिट्यान्नै पार्नेगरी विभेदपूर्ण नीतिहरू निर्माण गरी अत्याचार गरिरहेकोप्रति भुटानमा भएका सबै देशबासीरुहरूले निष्ठापूर्वक अवलोकन गर्नुपर्छ। देशको अखण्डतालाई कमजोर बनाउने अनि देशबासीमाथि अन्याय हुने नीतिहरूलाई सच्याउनुपर्छ । सबै भुटानीहरू जुट्नुपर्छ र यस विषयलाई धर्म, मानवता, भुटानी जनता र भुटान राष्ट्रको हितमा समाधान गरिनुपर्छ । देशमा भेदभावपूर्ण परिस्थिति आईपर्दा विशेष गरी दक्षिण भुटानका लोत्सम्पाहरू जस्ले देशमा लागू गरिएका विभेदकारी नीतिहरू पुनः सच्याउन निवेदन गरेका थिए । तर उनीहरूमाथि दुश्मनलाई जस्तो आक्रमण गरी देश निकाला गरियो ।

यो विषयले न्याय नपाउन्जेल विश्राम लिनेछैन । जनविरोधी सरकारको जातीय-सफाय अमानवीय नीतिले देशमा सङ्कट निम्त्याईएको पक्का हो । “देशमा यस्तो अत्याचार भइरहे देश स्वतन्त्र र सार्वभौम अस्तित्वमा बाँचिरहन सक्दैन । यो प्रकृतिको नियम हो ।” यसको कारक र जिम्मेवार राजदरबार र उस्को सरकार हुनेछ । यद्यपि, हामी भुटानी जनसमुदायहरू जो जहाँ जस्तो अवस्थामा बसेका भएपनि देशलाई आईपरेको सामाजिक एवं गम्भीर राजनीतिक परिस्थिति जानेर र बुझेर पनि मौन बसे माटोको पाप हामीलाई पनि लाग्नेछ ।

त्यसैले देशको हितमा हामी सबै मिल्नैपर्छ र केही गर्न उठ्नैपर्छ ।

*****

# पुनर्वास तानाशाहलाई उन्मुक्ति होइन

"नेपालमा शरण लिएका भुटानी शरणार्थीहरू स्वदेश फर्कन्छु भन्दा भन्दै भुटानको कपटपूर्ण योजनासँग आबद्ध भएका यु.एन.एच.सी.आर., भारत र नेपालले लहस्याएर तेस्रो मूलुकमा पुनर्वास गराउनु तर पाशविक कुकर्म गरी मानिसलाई घरबारविहीन बनाउने **निरङ्कुशलाई क्षमागर्नु भनेको** इहलोक-परलोक दुवैमा अशुभ गर्नेले उन्मुक्ति पाउनु हो । मान्छे मार्नेसँग सम्झौता गर्नु हो, तानाशाहको पाप-मोचन गर्नु हो, संयुक्त राष्ट्रसंघको प्रतिज्ञा-पत्रको खिल्ली उडाउनु हो, विश्वका अलौकिक तानाशाही शासकहरूलाई आश्रय दिनु हो र रिसद्वेष मनोभावनाले नबिथोलिएको सुन्दर शान्त विश्वमा अशान्तिको बीजारोपण गर्नु हो ।"

**शक्ति** पूजाको कारण 'जसको शक्ति उसको भक्ति' भन्ने चरित्र मानव-व्यवहारमा प्राचीन कालदेखि प्रतिबिम्बित रहेको छ । यही प्रवृत्तिलाई लिएर मानव सभ्यतालाई नै तहसनहस गर्ने गरी दुई ठूला-ठूला विश्व युद्धहरू भएको थियो । यिनै युद्धहरूको प्रभावमा विश्वका साना असहाय देशहरूमाथि सामुहिक वा अन्तर्राष्ट्रिय दबाव प्रथा प्रचलन्मा आएको छ । दोस्रो विश्व युद्धपछिका विनाशकारी घटना तथा उत्पीडनबाट उत्पन्न मानसिक आघात विस्थापनका घटनाहरू नदोहोरियोस् भन्ने प्रतिबद्धतामा स्थापित संयुक्त राष्ट्रसंघ सबै देशहरूको साझा संस्था जसले मानव-अधिकार, शान्ति-सुरक्षा र न्यायकोलागि स्वतन्त्ररूपमा कार्य गर्नेछ भनी उद्देय र लक्ष्य निर्धारित गरिएको भए तापनि यो संस्था पहुचवाला र शक्तिशाली देशहरूकोलागि मात्र स्थापित भएको जस्तो छ । विश्वका धेरै देशहरूका जनताहरू अत्याचारी शाषकहरूबाट शोषित छन् । न्याय मांगिरहेका छन् तर, संयुक्त राष्ट्रसंघले जनताको पक्षमा भन्दा उही शासकहरूको

पक्षमा निर्णय गर्छ। शोषकहरूबाट जनतामाथि हुने गरेको अन्याय र अत्याचारमा ध्यान दिइन्न । जनताका शान्तिपूर्ण फिरादहरू प्रति बेवास्ता गरिन्छ। शक्ति र उग्रवादीहरूले मात्र संयुक्त राष्ट्रसंघको ध्यानाकर्षण गर्न सकेको छ।

विश्वमा अनेकौं प्रकारका समस्याहरू छन् जसको रोकथाम र समाधानप्रति राष्ट्रसंघले सशक्तरूपमा कार्य गर्न सकिरहेको छैन । धर्मका नाममा हुने अन्धविश्वासका कु-प्रवृत्तिहरू शोषण र दमनहरू मनिसले हटाउन नसक्ने व्यथा बनेको छ। भुटानी शरणार्थीको न्यायपूर्ण मागलाई दमनगर्न यस्तै शक्तिहरूको साँठगाँठ हुनाले बर्बरतापूर्वक जनता लखेटेर पनि भुटानी राजा निस्फिक्री छन्। सत्ताधारीहरू एकापट्टि भएर कोही नभएका शरणार्थीहरूको अपिललाई दबाउन सफल भएका छन्। शरणार्थीहरूको मांगप्रति राष्ट्रसंघले पनि आँखा चिम्लेको छ। भुटानले गरेको निन्दनीय जातीय-सफाय जस्तो पाशविक अपराध, मानव-अधिकारका सबै धाराहरूको उल्लङ्घन गर्दा पनि छिमेकी शासकहरू त्यही दुष्कर्मीप्रति नै लचिलो देखिन्छ। आठलाख जनता भएको देशबाट डेढलाख भन्दा बढीलाई निर्ममतापूर्वक लखेट्दा राष्ट्रसंघ मौन देखिन्छ किन....?

अमेरिकाले कुनै पनि देशमा अपराध गर्ने, मानव-अधिकार उल्लङ्घन गरी निर्दोष नागरिकहरूमाथि आतङ्क फैलाउनेहरूप्रति कडा शब्दमा खण्डन मात्र गर्दैन त्यसमाथि विभिन्न प्रकारका नाकाबन्दी गर्छ तर भुटान सरकारलाई किन केही गर्न सक्दैन् ? अन्तर्राष्ट्रिय नियमअनुसार दोषीलाई छलफलमा बोलाउन सकिदैंन र ? भुटानमा तेल र यूरेनियमको भण्डार हुँदा मात्र अमेरिकाले चासो लिने हो त ? वाह रे महाशक्तिशाली चरित्र ! शरणार्थीलाई पुनर्वास गराउँनु मानवीय कार्य हो तर, त्यसले शरणार्थीहरूलाई न्याय गर्दैन। भारतको भूमिका झनै सन्देहास्पद छ। भारतले आफ्नो स्वार्थमात्र हेरिरहेको छ। छिमेकी देशका जनतालाई त्यहाँका सरकारले अमानवीय तरिकामा लखेटेको देखेपछि भारतले भुटान सरकारलाई त्यसो नगर भन्न सक्थ्यो । तर भारत भुटानी जनताप्रति अनुदार बनिरहेको छ।

आफ्नो देश फर्कन्छौं । जुन बाटो आएका थियौं त्यही बाटो शान्तिपूर्ण तरिकामा घर फर्कन्छौं भनी हिड्दैं गर्दा भारतीय सुरक्षा फौजले भुटानी शरणार्थीहरूमाथि गोली चलायो । निहत्था कमजोरमाथि बन्दुकद्वारा जाईलाग्ने सरकारप्रति खेद प्रकट गर्दछु। भारतीय सुरक्षा फौजको गोली लागेर केहीको

मृत्यु भयो, धेरै शरणार्थीहरू घाइते भए। घर फकर्ने भुटानी शरणार्थीहरूको बाटो रोक्यो । तानाशाही राजाप्रति मित्रवत र सार्वभौमिकताका मालिक जनताप्रति बर्बररूपमा प्रस्तुत भयो। छिमेकी भारतको आड र उक्साईमा राजाले भुटानका गोर्खाजातिहरूको जीवन बर्बाद पारेको छ । आज पनि सत्तामा भएकाहरूले शक्तिविहीनहरूमाथि अत्याचार गरिरहेका छन् । शरणार्थीहरूको घर-फिर्ती आन्दोलनलाई दबाएर तेस्रो मूलुकमा पुनर्वास गराउन सफल भएका छन्।

हामी भुटानीहरू आफ्नो देशबाट टाढा भएको वर्षौं भईसकेको थियो । हाम्रो अवस्था दयनीय थियो। नेपालको शरणार्थी शिविरमा दिनहुँ मर्दै बाँच्नुपर्ने, भोक, अभाव र बेईज्जती सहेर बस्नुपर्ने। शिविर वरिपरी गाउँका मानिसहरूले शरणार्थीहरूलाई दाससरह व्यवहार गर्थे । उनीहरूको खेतमा कामगरे वापत केही ज्याला आशा गर्नेहरू एकमुट्ठी मकै खाएर फर्कन्थे, कोही भोकै दुःखी आँसु लिएर फर्कन्थे। परिश्रमी हाजिरा कसैले दिदैनथे, पछि दिउँला भन्दै हप्काउँथे । शरणार्थीहरूको पुकार सुन्ने कोही थिएन। यु.एन.एच.सी.आर., एल.डब्लु.एफ., क्यारिटास आदिमा कार्यरत नेपाली स्टाफहरूको हिपाहा व्यवहार र अनावश्यक दुःख दिएको कथा-व्यथाहरूको अर्कै फेहरिस्त छ। अरूले दिएको भरमा पेट भर्नुपर्ने, छोरा-छोरीको अन्धकार भविष्य टुलुटुलु हेरिरहनुपर्थ्यो । यस्ता पीडाहरूकाबीच शिविरहरूमा फैलिन थालेको एच.आइ.भी-एड्स महामारी, चेलीबेटी बेचबिखन, चोरी-डकैती, हत्या जस्ता अपराधहरूबाट मुक्त भई शरणार्थीहरूलाई बाँच्नकोलागि एउटा विकल्पको नितान्त आवश्यकता थियो ।

यु.एन.एच.सी.आर. र दातृ राष्ट्रहरूले छलफलमा ल्याएको तीनवटा बिकल्पहरूमध्ये तेस्रो देशमा पुनर्वास मात्र कार्यन्वन हुनसक्ने भयो कारण भुटानको पक्षमा सबै मिलिसकेका थिए। तेस्रो देशमा पुनर्वासप्रति धेरै नेताहरूले विरोधजनाए। हामीले महसुस गऱ्यौं अवसरवादीहरू तथा जनता र देशको लागि भन्दा आफ्नोलागि सोच्नेहरू जहाँ भएपनि, जुनसुकै देशमा पुनर्वास भई सुखी, सम्पन्न होउन त्यस्ताले केही गर्दैनन्। तर पनि हामीलाई विकल्पको आवश्यकता थियो कारण सबै शरणार्थीहरू त्यस्ता छैनन् । जनता र देशकोलागि केही गर्न चाहने तथा ईख भएकाहरूकालागि शरणार्थी शिविर वा जहाँ भएपनि केही गर्छन्। तर शिविरको असुरक्षित अवस्थामा उनीहरूले आफ्नो परिवारको सुरक्षा गर्न सक्दैनन् अनि आन्दोलनको लागि सहयोग पुऱ्याउन पनि सक्दैनन्। यस्तो परिस्थितिबाट शरणार्थीहरू बाँच्नु र केही गर्न सक्नु नै असल हुन्छ भनेर पुनर्वास शरणार्थीहरूको लागि बाध्यात्मक विकल्पको रूपमा अपनाएका हौं।

भुटानी शरणार्थीहरूको घर-फिर्ती आन्दोलन्को सन्दर्भमा उनीहरूको न्यायको मागहरू र अन्त्यमा गएर तेस्रो मूलुकमा पुनर्वासको सम्बन्धमा धेरै प्रकारका जिज्ञासा र प्रश्नहरू पनि खडा भएका छन् । ती जिज्ञासा र प्रश्नहरूको सही अवस्थामा विश्लेषण भइरहेको छैन । तेस्रो मूलुकमा पुनर्वास भएका भुटानी शरणार्थीहरूको भुटान र भुटानी जनताहरूसँगको सम्बन्ध बसाई सरेर गए जस्तो सजिलै मेटिएर जान सक्दैन । त्यसैप्रकारले भुटानीहरूको आन्दोलन पुनर्वासपछि समाप्त हुने पनि होइन । भुटान जबसम्म रहिरहन्छ शरणार्थीहरूको भुटानसँगको सम्बन्ध पनि रहिरहनेछ । पुनर्वास भुटानी शरणार्थीहरूले मागेका होइनन् । यो न्याय पनि होइन यो सित्तैमा पाएको हो अनि सित्तैमा पाएको पुनर्वास र पिता-पुर्खाको रगत र पसिनाको इतिहासले बनेको आफ्नो देशको बासको फरक मूल्य र मान्यता हुन्छ । कालीकुच्ची, निरक्षर र निर्बल नै भएपनि आफ्नै आमा राम्रो र ठूलो हुन्छ । अर्काको आमा र अर्काले विकास गरेको देशमा खुशी मनाउनु भन्दा आफ्नै देशको मौलिकताको आधारमा बाँच्न, रमाउन र स्वाभिमानी जीवन जिउनु उच्च हो ।

समय, काल र परिस्थिति अनुसार मानिसमा परिवर्तन आउँछ । यो प्रकृतिको अनिवार्य नियम हो । यस परिवर्तनभित्र उसको परिचयसँगै इतिहास लुकेको हुन्छ जसले उसलाई आफ्नो समाज र दुनियाँको अगाडि खडा गराउँछ । यही इतिहास र परिचय हाम्रो गौरव र सम्मानको प्रतीक हुनेछ । तसर्थ जुन देशमा बसेका छौं, त्यो देशप्रति बफादार, प्रेमीलो र पौरखी बन्न सक्नुपर्छ । तर पनि भुटानमा जन्मेकाहरूका लागि तथा भुटानलाई माया गर्नेहरूकालागि मृत्यु पर्यन्त भुटान बिर्सन सकिने विषय हुँदैन । भुटानका शासकहरूको चरित्र सुधारकालागि होस् वा भुटानमा आमूल परिवर्तनको आन्दोलन्कालागि होस् सबैको चासो रहेको हुन्छ । यसप्रकार पुनर्वासले भुटानीहरूलाई भुटानदेखि सदाको निम्ति अलग्याउँछ भनेर सोचेका छैनौं । हाम्रो पुस्ता एवं भुटानमा जन्मेकाहरूलाई पुनर्वासले भुटानको सम्झनालाई मेटाउन सक्दैन । पुनर्वास भएको कम्तिमा पनि एउटा पुस्ताको समयकाल बितिसक्दा मात्र पुनर्वास भएको देशमा उनीहरू स्थापित हुनसक्ने अवस्था आउन सक्छ । त्यसैले '**तेस्रो मूलुकमा पुनर्वास हुनु भुटानीहरूको पलायन होईन दमनकै अर्को सिलसिला हो भन्ने दृढरूपमा भन्न चाहान्छु ।**

शरणार्थीहरू तेस्रो मूलुकमा पुनर्वास हुँदा भुटानी आन्दोलन समाप्त भएको छैन । आन्दोलन पुनर्वास भएको छैन भन्ने कुरा बुझ्ने र केही गर्नेहरूको लागि

यो त फैलिएर अझ बलियो भएको छ । बुद्धि, विवेक र अवसरलाई सदुपयोग गर्नसक्ने असल र इमान्दार तथा केही गर्न चाहाने भुटानीको लागि पुनर्वासबाट ठूलो साथ मिल्नसक्छ। पुनर्वासले भुटानी आन्दोलनलाई सम्पूर्ण रूपमा नकारात्मक असर पारेको छ भन्नु उचित हुँदैन । मैले पुनर्वासलाई संकटमा परेका भुटानी शरणार्थीहरूको सुरक्षाको थलोको रूपमा मानेको छु । पुनर्वासले भुटानीहरूको शक्ति, ज्ञान् र संघर्ष गर्ने बाटो निमार्ण गर्नेछ भनी सम्झेको छु ।

**अवसरवादीहरूकोलागि 'विकसित मूलुकमा पुनर्वास' हुनु अहोभाग्य हुनसक्छ, । तर सबै भुटानीहरू अवसरवादी छैनन्** । समग्रमा भन्नुपर्दा पुनर्वास भुटानी शरणार्थीहरूको सुरक्षाकोलागि अपनाइएको विकल्प हो । यही सोच विचारमा पुनर्वास स्वीकार गरी यसको सफलताकोलागि कार्य गरेका थियौं । शिविरको विकराल परिस्थितिबाट मुक्तभई भुटानी शरणार्थीहरू राम्रो देशमा पुनर्वास भएपछि हामी बलियो हुनेछौं । तब हाम्रो सङ्घर्षमा सहयोग मिल्नेछ भन्ने मैले आशा गरेको पक्का हो । हामीले शिक्षकवर्ग, ज्येष्ठ नागरिकहरू, वुद्धिजीवीहरू र विद्यार्थीहरूको सहयोगमा पुनर्वास सम्बन्धमा शरणार्थीहरूलाई सचेत गराउन धेरै मेहनत गऱ्यौं । परिणामस्वरूप पुनर्वास सफल भएको छ अनि हामीले सोचेका पहिलो कदम पूरा भएको छ ।

तेस्रो मूलुकमा पुनर्वासका लागि बहुसंख्यक भुटानी शरणार्थीहरू जसरी एक भए त्यसरीनै आन्दोलनप्रति किन एक हुन सकेनन् भनी शरणार्थी समूहलाई दोष लगाउन भने उपयुक्त हुँदैन । शरणार्थीहरू सदैव एकतामा थिए । केही गर्न सदैव तयार थिए । आज पनि शिविरमा रहेकाहरू तयारीमा नै छन् । भुटानी राजनीतिक नेताहरू मात्र तयार थिएनन् । राजनीतिक नेताहरूले पुनर्वासलाई रोक्न धेरै विरोधगरे तर विकल्प दिएनन् । त्यसरीनै मानव-अधिकारवादी नेताहरूले पनि लिखितरूपमै विरोधगरे तर, उनीहरूले पनि बाटो देखाउन सकेनन् । उनीहरूले आन्दोलन विरोधी भन्दै पुनर्वास समर्थक शरणार्थीहरूमाथि आक्रमण गरे । मलाई, पुनर्वासको समर्थनमा ज्यादा नबोल्नु, हातखुट्टा भाचिँनु मात्र होइन ज्यान गुमाउनु पर्ला' भनी धम्क्याउने गर्थे । खुदुनाबारी शिविरमा **युरोपियन युनियनका** टोलीलाई पुनर्वास सम्बन्धमा भुटानी शरणार्थीहरूको विचार धारणा र शिविरमा उत्पन्न विकराल समस्याहरूको जानकारी गराएर फर्किदैं गर्दा म माथि आक्रमण भयो, भागेर बाँचे । काठमाडौंमा पनि केही व्यक्तिहरूबाट धम्की आईरहेको हुनाले यस विषयलाई नेपाल सरकारको गृह मन्त्रालयमा जानकारी गराउन बाध्य भएँ ।

बेलडाँगी शिविरका क्याम्प सचिव, पुनर्वास सम्बन्धका सक्रिय समर्थक हरि अधिकारीमाथि साङ्घातिक हमला गरे । उहाँ प्रहरी र केही शुभचिन्तकहरूको सहयोगमा बाँच्न सफल हुनुभो । यसरी भुटानी राजनीतिक दलहरूले पुनर्वासको विरोध गरे, खुबै निन्दा गरे । पुनर्वास समर्थकहरूलाई विभिन्न प्रकारका आरोपहरू लगाए । टेकनाथ रिजालले प्रेस कन्फ्रेन्स गरी म र मेरा सहयोगीहरूमाथि आरोप लगाउदैं पुनर्वासको विरोधगर्नुभयो । उहाँले 'तेस्रो मूलुक स्थानान्तरणको पासो र भुटानी तानाशाहलाई उन्मुक्ति दिनु हो' भनी सन् २००६ अगष्ट २० को कान्तिपुरमा लेख निकाल्नु भएको थियो । उहाँलाई जसो गरे पनि हाई सञ्चो थियो । सोही बखत रिजाललाई भुटानी शरणार्थीका मानव-अधिकारवादी नेता भनेर नेपाल सरकारले एकमुष्ट ३६ लाख दिईयो । त्यसपछि उहाँलाई बस्नकोलागि घर, सरुक्षा सहित गाडी र महिनावरी एक लाख रूपया दिने नेपाल सरकारको निर्णय भयो । बिर्तामोडमा उहाँको करौडौंको घर जग्गा छ । अन्य शरणार्थीहरूलाई जस्तो उहाँलाई चिन्ता थिएन । तर उहाँले भुटानी शरणार्थीहरूको निम्ति अजसम्म उपलब्धिमूलक कार्य रत्तिभर गर्नुभएको छैन । उहाँले केही गर्नुहुन्छ भन्ने आधार पनि देखिएन । शिविरमा रहेका शरणार्थीहरू भने स्वदेश फिर्ती आन्दोलनको लागि सदैव तयार थियौं र आज पनि तयार छौं ।

शरणार्थी शिविरमा तडप-जलनको जीवन बिताएको धेरै भईसकेको थियो । देशमा प्रजातन्त्र ल्याउँछु न्याय दिलाउँछु, **'अब जिग्मी सिगेंले घुँडा टेक्यो'** भन्ने बी.पी.पी. का नेताहरू अझै पनि एकै ठाउँमा उफ्रिरहेका थिए । जिग्मी सिगेंको तालुमा सुपारी फुटाउछु भन्दै भाषण गर्ने रिजालजी पनि नक्कली रहेछन् । आजसम्म भएका यिनीहरूको उपलब्धि भनेको आफ्नो **नाम र फोटो** सहितको **भाषण** र **'प्रेस-विज्ञप्ति'** पत्र पत्रिकामा छपाउनु बाहेक अरू केही छैन । मलाई क्षमा गर्नुहोला यदि मैले कुनै कारणबिना कसैको मान-मर्यादामाथि चोट पुऱ्याएको छु भने । सबै राजनीतिक दलका नेताहरूको अवस्था त्यस्तै थियो । शरणार्थीको नाम-काम लिएर नेताहरू विदेश घुम्ने, केही समयपछि शिविरमा टुप्लुक्क आईपुग्ने, नाता-गोताहरूसँग सल्लाह गरेर आफ्नो मतलब पूराहुने काइदाको प्रेस-विज्ञप्ति गर्ने अनि भाञ्जा-भाञ्जी, भाई-बहिनी, जुवाइँ आदि आफन्त्हरूलाई एक-एक गर्दै विदेशमा पुऱ्याउने कार्य भईरहेको थियो । साधारण अवस्थामा राजनीतिमा झुट्, गफ, तुक्का इत्यादि चल्छ, जनतालाई ढाँटेर पनि सत्ता हासिल हुनसक्छ **तर, हाम्रो लक्ष्य** झुट्, तुक्का र खिचातानीको राजनीतिले प्राप्त हुने होईन ।

हामी देशविहीन अवस्थामा छौं । देशभित्र प्रवेश गर्नसक्नु प्रथम लक्ष्य हो । जसको लागि संयुक्तरूपमा सशक्त आन्दोलन गर्नुपर्छ । एकअर्कालाई ढाल्ने र पल्टाउने राजनीति होईन । कोसँग भ्रुट्, तुक्का र गफको राजनीति गर्नु छ ? शरणार्थीलाई ढाँटेर कुन राजनीतिक लक्ष्य हासिल गर्नुछ ? आफ्नो स्वार्थ पूरा गर्नुको लागि शरणार्थीहरूको जीवनसँग खेलवाड गर्नु उचित हो र ? तानाशाहलाई यस्तो पाखण्डी राजनीतिले परास्त गर्न सकिन्छ र ? एकजुट भएर देशभित्र र बाहिर तानाशाहको अत्याचार विरुद्ध आवाज उठाउनुपर्छ, सक्रिय कार्यक्रम गर्नुपर्छ । तबमात्र सफलता मिल्ने हो । तर यस्तो भएन । एक भयौं भनेर राजनीतिक र मानवअधिकारवादी मिलेर धेरै मोर्चाहरू बनाए । केही समय नेताहरू सँगै बसेर कार्यक्रम गरेको जस्तो देखिन्थ्यो तर आ-आफ्नै भोला बोकेर हिँडिरहेका हुन्थे । नेताहरूले निस्वार्थरूपमा कार्यगर्न सकेनन् । भुटान फर्किनुपर्छ, आन्दोलन् गर्नुपर्छ, पुनर्वास जानु हुँदैन भनेर मात्र कसको चित्त बुझ्छ ? "आन्दोलन् गरे पो बलिदान दिनु पनि गौरवको विषय हुन्छ" भन्ने युवाहरूको दृढ निश्चयको आवाजलाई बेवास्ता गरिएको थियो । एकजुट भएर आन्दोलन् भईरहेको अवस्थामा तेस्रो मूलुक पुनर्वासको प्रसंग नै उठ्ने थिएन । शरणार्थीहरूले राजनीतिक र मानव-अधिकारवादी नेताहरूलाई धेरै वर्ष प्रतिक्षा गरिरहे ।

भुटानका राजजनीतिक दलहरू भित्रिरूपमा एकआपसका दुष्टचेतका थिए । केही महत्वाकांक्षी दलहरू राजाले वार्तामा बोलाउँछ भन्ने प्रतिक्षामा रहेछन् । त्यस्ता दलहरू राजा रिसाउँने डरले कुनै पनि प्रकारको सशक्त आन्दोलन गर्न चाँहदैनन्थे । प्राय सबै राजनीतिक दलका नेताहरू न आफू केही गर्न योजना बनाउथे न अरूलाई साथदिन चाहान्थे । नेताहरूको काम उग्रताले भरिएको अहंकारी गफ हाँक्नु अरूलाई बदनाम गर्नु र खुट्टा तान्नु बाहेक अरू थिएन । राजनीतिक दलका नेताहरूमाथि भुटानी शरणार्थीहरूको विश्वास हराईसकेको थियो । यसप्रकारको खोक्रो राजनीति देख्ने भुटानीहरू मात्र नभएर अन्य देशका सहयोगीहरू र शुभचिन्तकहरू समेत अघाईसकेका थिए । उनीहरूले सार्वजनिकरूपमा भन्नमात्र सकेका थिएनन् ।

नेपाल-भुटान वार्ताको कुनै औचित्य थिएन । भुटान सरकार 'भुटान पिपल्स पाटी' राजनीतिक दलको उग्रवादी गतिविधिहरूसँग कुनै पनि सम्झौता गर्न तयार थिएन । भुटानले प्रवासमा रहेका सबै शरणार्थीहरूलाई देशद्रोही र उग्रवादीको

दोष लगाएको छ तर त्यो आरोप, यो दोष सम्पूर्ण भुटानी शरणार्थीहरूलाई लाग्न सक्दैन भनी हामी भुटान सरकारलाई निवेदन गर्न चाहान्छौं । जसले मानिसहरूको निर्मम हत्या गरेको छ, जसले भुटानमा आतंक मच्चाएर निर्दोष जनतामाथि बर्बर अत्याचार गरेर लक्ष्यहीन राजनीतिक गतिविधि गरेको छ, जसले सुरुका दिनहरूमा जनतालाई देशबाट बाहिर आउन उक्साएको हो अनि जसले जुलुस गरेर जनतालाई सरकारको दमनमा छोडेर नेता कार्यकर्ताहरू भारतमा बसेर भुटानमा सरकार गठन गरी प्रधानमन्त्री र मन्त्रीहरूको भागबण्डा गरिरहेका थिए, त्यस्ता अपराधीहरूलाई दोष लाग्न सक्छ ।

भुटानी शरणार्थी समस्यालाई केलाएर हेर्दा राजनीतिक दलको कारण हामी शरणार्थी जीवन भोग्न बाध्य भएका छौं । **भुटान सरकारको अत्याचार** यस्तै राजनीतिक नेताहरू आर.के. बुढाथोकी र बलराम पौडेल जस्ता निर्बुद्धि मुर्खहरूको जमातको कारण सफल भएको थियो । तर, राजनीतिक अपराधीहरू आफूलाई सही र जनतालाई दोषी ठहराउँछन् । आज पनि यिनीहरूको अवस्था त्यस्तै छ । सबै शरणार्थीहरूको एकै बाचा थियो घर फर्किने । आफ्नो देश फर्किन सबैलाई चाहाना थियो । तर कसैको नेतृत्व थिएन अनि असहाय शरणार्थीहरूसँग कुनै उपाय पनि थिएन । आर्थिक स्रोतको अभाव सँगसँगै विभिन्न प्रकारका परिवारिक समस्याहरू दिनहुँ बढ्दो थियो । शिविरमा निस्सासिएर मर्नुभन्दा बाँचेर केही गर्न सक्नु नै ठीक हुन्छ भनी भुटानी शरणार्थीले पुनर्वासलाई अपनाएका हुन ।

भुटानी शरणार्थीहरू आठवटा देशहरूमा पुनर्वास भएका छन् । पुनर्वास भएको देशको नागरिकता लिइ सकेपछि उनीहरूले त्यो देशको कानुन र मान-मयार्दा विपरीत केही गर्नुहुँदैन । एक असल नागरिकको परिचय साथै भुटानीहरूले आफ्नो जातिको गौरवान्वित इतिहास भुल्नु हुँदैन । हामी नेपालीभाषी गोर्खाजाति हौं । हाम्रो वफादारितामा कहिल्यै आँच नआओस् । 'जुन देशको माटोमा सन्ततिको जग बसाउनुहुन्छ त्यहाँ आफ्नो वंशको शिर उच्च राख्ने कार्य सँगसँगै जातिको पहिचानलाई पनि इतिहासमा जोडनुहोस्' भन्ने मेरो सल्लाह छ - हामीले यस्तै कर्म गर्नुपर्छ अनि यसरी नै जीवन जिउनुपर्छ ।

यसप्रकारले विभिन्न देशहरूमा भिन्न-भिन्न अवस्थाहरू माझ पुनर्वास भएका भुटानीहरूको नयाँ जीवन सुरु भएको छ । नयाँ आशा र उमंगले भरिएको

देशमा पुनर्वास पछि जीवन आरामदायी हुनसक्छ । विकसित देशहरू भएकाले जीवनमा अवश्य पनि जोश, जाँगर र उत्साह भरिएको हुनसक्छ । दर्दभरी जिन्दगी बिताएको शरणार्थी शिविरबाट मुक्तभई आरामदायी बसाई, आर्थिक स्रोत पनि राम्रो र न्यायप्रेमी देशमा बास पाउनु वरदान नै हो । नयाँ परिवेशमा जीवनले आनन्द र उत्साह महसुस गर्छ र त्यसै अनुरूप जीवन गतिशील हुन्छ । यसरी नौलो ठाउँमा नयाँ जीवन सुरु हुँदा धेरै कुराहरूको अनुभूति हुन्छ । तर यस्तो हुँदाहुँदै पनि छोडेको घर, गाउँ र देशको याद आउँछ । जहाँ उसले यो जीवन पाएको थियो । नयाँ जीवन महत्वपूर्ण हुन्छ तर बितेको जीवनलाई त्यतिकै बिर्सन पनि सकिन्दैन । मलाई लाग्छ, जुनसुकै परिस्थितिहरूका कारण मानिस देशबाट टाढा भएपनि जबसम्म ऊ यस धरतीमा जीवित रहन्छ तबसम्म आफ्नो देशका गाउँहरू र आफू रमेको क्षणहरूको सम्झना बाँचिरहन्छ । **किनकि इतिहास बिनाको मानव जाति हुँदैन, हाम्रो जातिको इतिहास कम गौरवको छैन ।** पुनर्वासपछि जन्मिएका सन्तानहरूकालागि भने यी सबै कुराहरूमा फरक विचार र फरक बुझाई हुनसक्छ । उनीहरूलाई जे जति सुनाई बुझाई सचेत गराईएको छ र जतिसम्म जिम्मेवारी बोध गराईएको हुन्छ त्यसैमा निर्भर हुने हो । सास रहुन्जेल आश रहन्छ भनेझैँ, मलाई आशा छ पुनर्वास भएका भुटानीहरूले भुटानलाई भुल्ने छैनन् । बरु भुटानलाई अझ बढी माया गर्नेछन् ....।

मैले सपना देखेको छु, एकदिन सबै भुटानीहरू निरङ्कुश राजा र सामन्ती सरकार विरुद्ध सशक्तरूपमा एकभई खडा हुनेछन् । भुटानभित्र र बाहिरका सबै एकतामा हुनेछन् । विश्वका विभिन्न देशहरूमा बसोबास गर्ने भुटानीहरू एकजुट भई आवाज उठाउने छन् । पुनर्वास भएका भुटानीहरू स्वदेश फर्किनका लागि होइन तर भुटानको निरङ्कुश सरकार निर्मुल भएको देख्न चाहन्छन् । सबैलाई न्याय होस् भन्ने आवाज उठाउने छन् । हाम्रो इमान्दारिता, असल चरित्र र सहिष्णुताले गर्दा पुनर्वास दिने देशहरूबाट हामीलाई सुझाव र सहयोग अवश्य मिल्नेछ । हामीले स्वाभिमान र विचारलाई उच्च राख्नुपर्छ । नम्र र प्रेमिलो हुनपर्छ । जतिनै ठूलो भएपनि, धन सम्पति कमाएर उन्नति गर्नेहरू भएपनि अहंकारी र घमण्डी हुनुहुँदैन । पीर पर्‍यो भन्दैमा हतास् भई गलत् कदम चाल्नु पनि हुँदैन । शरणार्थी शिविरमा यतिका वर्षहरू केही नहुँदा पनि हामी मिलेर बाँचेका थियौँ भने अब पुनर्वास भएको देशमा सबै परिपूर्ण हुँदा आफूलाई एकलकांटे बनाई अलग्याउनु पनि उचित हुँदैन । अहङ्कार र घमण्ड

जब उत्पन्न हुन्छ । तब मानिसको जीवनमा अनिष्ट सुरु हुन्छ उसले आफ्नो परिचय पनि बिर्सन्छ । समाज, जाति र इतिहासदेखि टाढा रहनु ठीक होइन । यस्ता साना-साना कुराहरूको गल्तीले मान्छेलाई अधोगतीतिर धकेल्छ, एक्लो र कमजोर बनाउँछ ।

हामीमा भविता बोध हुनुपर्छ । आफ्नो इतिहासदेखि **अलग्गिए** मानिसको मनलाई नराम्रो सोच र कुपवबृत्तिहरूले उदासीन बनाउनेछ । हाम्रो इतिहास भनेको जातिको परिचय, संस्कार, संस्कृति र हाम्रा पिता पुर्खाहरूका विश्वव्यापी रूपमा स्थापित भएका बहादुरीका कीर्तिमानहरू हुन् । हामीले भोगेका दिनहरूबाट ऐतिहासिक शिक्षा पाईसकेका छौं कि हामी एकता अनि सत्यतामा रहिरहनु आवश्यक छ ।

राजाको अहङ्कार र घमण्डको कारण अदृश्य रूपमा देशमा भित्र-भित्रै राजतन्त्र नाशक धुवाँ सल्कि सकेको छ । लोत्सम्पाहरूलाई लखेटेर अरूमाथि आधिपत्य जमाएर राज गरौँला भनी चालेको कदमले राजा आफैंलाई खाडलमा पुऱ्याउन सक्छ । यो **पृथ्वीको माटोको कर हो राजाले तिर्नुपर्छ ।** समयले यसको उत्तर अवश्य दिनेछ । मान्छेको घरद्वार जलाई बिचल्ली पारेर लखेट्नेले न्यायका कठघरा सामना गर्नुपर्नेछ । बुद्धिष्ट राजाका अपराधहरू विश्वमा चर्चाको विषय बनेको छ । वर्तमान **राजा जिग्मी गेसर नाम्गेल वाङचुक** शरम पचाएर देश बाहिर घुम्नु परिरहेको अवस्था छ । अपराधीहरूले चम्किलो, सुकिलो, सफा र मूल्यवान पहिरहन लगाए पनि उसको अपराध छोपिदैन । भुटानी जनताले बिना हिच्किचाहट देश र जनताको हितमा अवाज उठाउनुपर्छ अत्याचार विरुद्ध बोल्नुपर्छ । हामी मानिस यस धरतीमा बाँची रहनुको अर्थ र मान्यता निरङ्कुश शासक र उसले गरेको अपराधहरू विरुद्ध खडा हुनु र भावी सन्ततिको रक्षागर्नु पनि हो ।

**भुटानी शरणार्थीलाई तेस्रो मूलुकमा पुनर्वास गराएर भुटानलाई अन्तर्राष्ट्रिय कानुनको कारवाहीबाट बचाउन सकिन्छ र शरणार्थीको आन्दोलन समाप्त हुनेछ भन्ने योजनामा पुनर्वास गराउने देशहरूले साथै यु.एन.एच.सी.आर. ले हामीलाई पुनर्वास गराएको अवश्य पनि होइन ।** राजाको अपराध ढाक्न यो कदम चालिएको हो भन्न सक्दैनौं । शरणार्थीप्रति सबै संवेदनशील छन् भन्ने आशा छ । भुटानी राजालाई बचाउनु भनेको अपराधीलाई उन्मुक्ति दिनु हो । 'यद्यपि, शरणार्थीका

पीडाहरू बुझ्नुहुन्न, उनीहरूमाथि भएको अत्याचार बेवास्ता गरी तानाशाह विरुद्धको कुनै पनि कार्यक्रमलाई सुझाव र सहयोग गर्नुहुन्न, अनि त्यसको विपरीत हाम्रो आवाजलाई दबाएर निरुत्साहीत गराउने प्रयास हो भने त्यसले हामीलाई शान्ति हुनेछैन' । तर पनि हामी न्यायको लागि शान्तिपूर्वक कर्म गरिरहनुपर्छ । आन्दोलन् वैचारिक र व्यवहारिक दुवै प्रकारका हुनसक्छन् । देशभित्र र पुनर्वास भएका भुटानीहरू सबैबाट जे-जस्ता सहयोगहरू हुन्छ सबैले गर्नुपर्छ । जीवनमा केही गर्नसक्ने भएपछि पछि हट्नु हुँदैन । हामी जहाँ भएपनि भुटानी जनताको साथ दिनुपर्छ । यो सबैको कर्तव्य हो ।

पुनर्वास भएका भुटानी शरणार्थीहरूको नयाँ संसार सुरु भएको छ । नयाँ देशको नागरिक भईसकेपछि भुटानलाई सम्झने र सोच्ने परिवेश पनि नरहला । नयाँ देशमा नयाँ आशा, उमंग र मिठा कल्पनाहरू पलाउनेछन् । यी सबै स्वभाविक तथा प्राकृतिक हुन् । यसले बिगतलाई केही हदसम्म बिर्साउन सक्छ तर मेटाउन सक्दैन । मलाई र हामी सबैलाई आशा छ, हाम्रा अभिभावकहरूले नमरुन्जेल भुटानको माटोलाई भुलेका हुने छैनन् । भुटानी भावना भएकाहरू, जातिको रगत भएकाहरू, रगतमा ईख भएकाहरू अनि इतिहासलाई माया गर्नेहरू जतिसुकै टाढा भएपनि भुटानको माटो र जनताको न्यायको पक्षमा हुनेछन् । अभिभावकहरूले भुटानी आन्दोलनको नालीबेली र हाम्रो इतिहास आफ्ना सन्तानलाई सुनाएर सचेत गराई जिम्मेवारी पूरा गर्नेछन् भन्ने आशा छ । अब लेखिने इतिहासमा भुटानका गोर्खाजाति-लोत्सम्पाहरूको कहानी; शरणार्थी जीवन, पुनर्वास र भुटानको तानाशाह उन्मूलन भएको विषयहरू विश्वले राम्ररी पढून् ।

विश्वका शक्तिशाली देशहरूका केही लेखकहरू र मानवअधिकारवादी भनाउँदाहरू साना देशका मानिसहरूभन्दा ज्यादै अवसरवादी, निर्दयी र धोकेबाज भएको मैले पाएको छु । त्यस्ताहरूका सहयोगमा भुटानी शरणार्थीहरूमाथि गरिएको दानवीय व्यवहार, अत्याचार तथा जिग्मी सिङ्गे वाङ्चुकको अपराधलाई छोप्ने प्रयास भईरहेको छ । त्यसैले हामी सत्य, न्याय, मानवता र प्रकृतिमाथि विश्वास गर्नेहरू कहिल्यै पनि डरपोक भएर बाँच्नु हुँदैन । आखिर मर्नु त छदैंछ एकदिन तर, इमान्दार र बहादुरीकै मरण मरौं ।

म फेरि भन्दछु तपाईँ हामी सबैको तथा पुनर्वास भएका भुटानीहरूको पनि पुनीत कर्तव्य हो, भुटानको तानाशाह जसले जनतालाई दाससरह थिचेको छ त्यसको विरुद्ध एकजुट भई न्याय माग्ने । पुनर्वास हाम्रो न्यायको विकल्प होइन यो एउटा मानवीय सहयोग मात्र हो । आफ्नो देशमा न्यायोचित परिवर्तन भएपछि कोही पनि भुटानीहरू चाहाना भए पुनः स्वदेश फर्कन सक्छन् । विश्वास छ पुनर्वासले भुटानी शरणार्थीहरूलाई नयाँ जीवन दिनुका साथै सामर्थ्यवान् बनाउनेछ तथा बनाएको पनि छ । पुनर्वास तानाशाहलाई उन्मुक्ति दिनु होईन तर तानाशाहको अन्त्य भई स्वतन्त्र एवं स्वच्छ भुटानको उदय गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हो ।

*****

# सकल राष्ट्रिय आनन्दः सर्न्दभ भुटान

Gross National Happiness तथा भुटानको सकल राष्ट्रिय आनन्दको वास्तविक अर्थ र महत्व के हो विश्वका बुद्धिजीविहरूले पढ्नुपर्छ अनि सिक्नुपर्छ। अमेरिकन र बृटिश हुँदैमा राम्रा र ज्ञानी भनेर त्यसै स्वीकार्न सकिन्दैन । मैले **राजा जिग्मी सिगें वाङचुक**ले प्रस्तुत गरेको 'सकल राष्ट्रिय आनन्द' सम्बन्धमा निम्न अनुच्छेदमा साधारण शब्द र शैलीमा स्पष्टसँग लेखेको छु। त्यसलाई सबैले पढ्न सक्नुहुनेछ ।

**'सकल राष्ट्रिय आनन्द'** सन् १९७२ मा राजा जिग्मी सिगें वाङचुकले भारतको मुम्बईमा एक अन्तर्वार्ताको क्रममा उनले सांसारिक भोगबाट ज्ञानार्जन भएको विवेचनात्मक दर्शन हो जसले भुटान सरकारलाई मार्गनिर्देश गर्दछ भनी उद्घोष गरेका थिए। यसमा एउटा विशेष अनुक्रमणिका समावेश गरिएको छ। जसद्वारा जनताको सामुहिक आनन्द र समृद्धि नापतौल गर्नसकिन्छ भनिएको छ । यो कस्तो विवेचना हो ? भुटानी जनता यसबाट किन उपेक्षित छन् ? वास्तवमा सन् १९७२ मा राजा जिग्मी सिगें वाङचुक केवल १७ वर्षको थिए त्यो उमेरमा उनको शिक्षादीक्षा, मानव जीवनसितको सम्बद्धता ईश्वरीयदृष्टि साथै राज्यव्यवस्थाका अनुभव देशका जनतालाई सचेत गराउनसक्ने रचनात्मक साधक थियो भनी विश्वास गर्न सकिने आधारशीला पाईदैंन । सन् १९०७ मा बृटिशको दाबेदारमा धर्मराजा साब्डुङ र अन्य प्रान्तका राज्यपालहरूलाई मारेर उनका खानदानले भुटानमा एकाधिपत्य शासन सुरु गरेका हुन्। एक स्वेच्छाचारी धर्मान्ध परिवारमा जन्मेर हुर्केका कुनै पनि शाहजादालाई सदाचारी जनलोकको उपासना र समुचित रक्षा बारेमा प्रशंसनीय अनुभव थियो भन्न उपयुक्त हुँदैंन । राजधर्म सम्हालेको अवस्थामा यदि उनमा गौतम बुद्धको जस्तो दया र मानवताले भरिएको वैशिष्ट्य हृदयको उदय भएको हुँदो हो त सन् १९९० मा भुटानका

नागरिकहरूले अमानवीय विपत्ति सहेर शरणार्थी हुनुपर्ने अवस्था आउने थिएन । राजघरानामा जन्मेका राजा-राजकुमार भएपनि सबै कुलीन हृदयका हुन्छन् भनी साँचो झुटो नपर्गेलीकन विश्वास गर्न सकिन्दैन । उहाँ बुद्ध धर्मवालम्बी राजा हुन् । बुद्धले मानिसहरूप्रति सदृश श्रद्धा राखी प्रेमगर्नु भनी उपदेश दिएका छन् - "एकराष्ट्र एक जाति" नीति अवलम्बन गरी आफ्नो जातिको पहिचान् र संस्कृति जोगाउन अन्य जातिका मानिसहरूका घरद्वार उजाड पारी आतङ्क फैलाएर देशबाट लखेट्न भनी बुद्धले उपदेश दिनुभएको छैन ।

भुटानका जन्मसिद्ध वा अङ्गीकृत नागरिकहरू को कहाँबाट आएको, को पहिला अनि को पछि आएको भनेर राजसत्तामा हुनेले निषेधात्मक बहस दाबीगर्नु जुनकुनै दृष्टिकोणबाट पनि मनासिब ठहरिदैंन । परन्तु उहाँले देशको शासनसत्ता आफ्नो पूर्णनियन्त्रणमा भएको अवस्थामा कसैको बदनियति परामर्शमा अल्मलिएर पिरमर्काबारे दुखेसो गर्ने नागरिकहरूमाथि अत्याचार गरी देशबाट लखेटेर जनसंख्या घटाएको पक्कापक्की हो । आज यस्ता सबै घटनाहरूको तारतम्य दबाउन दुनियाँलाई अलमल्याउन 'सकल राष्ट्रिय आनन्द' को चाण्क्य चाल चलिरहेका छन् । उहाँको आफ्नो भोग बन्धक भएको देशका जनतामा 'सकल राष्ट्रिय आनन्द' दर्शनको अनुभूति हुनुकोलागि जनताको सर्वाङ्गीण विकास, आनन्द अनि मनुष्योचित असल शासन व्यवस्था र उपयुक्त वातावरणको महसुस हुन अपरिहार्य हुन्छ । भुटानी जनतामा यसप्रकारका आनन्दको आभास कहिल्यै देखिएको छैन । भुटानीहरू राजकूलको स्वार्थकालागि आफ्नो दुःख लुकाएर हाँस्न बानी भईसकेका छन् । यी सबैको परिशिष्टमा लेख्नुपर्दा जसको शासन उसैको व्याख्यान मात्र मान्य हुन्छ भुटानमा । आजको दुनियाँमा आनन्दित् र सुरक्षित त्यही हुन्छ जसको हातमा राज्यको सत्ता र ढुकुटी अधिग्रहण रहेको हुन्छ । उनले देशमा मुकर्रर गरिएको कोर्काली शासन व्यवस्थालाई ढाकछोप गरेर बाहिरी दुनियाँमा 'मेरो देशका जनता आनन्दित र सुखी सम्पन्न छन् अनि खुशीको साथ 'सकल राष्ट्रिय आनन्द' विवेचक दर्शनको आधारमा हुने साझा, सुन्दर र सत्य धारणामा विश्वास गर्छन्' भन्नु आफै मुर्ख मण्डलीको मुर्खाधिराज हुनु हो ।

राष्ट्रको सामुहिक आनन्द तथा 'सकल राष्ट्रिय आनन्द' अनुमान गर्ने उद्देश्यमा भुटानी राजाको विश्लेषण सुन्नमा आएको धेरै वर्षहरू बितिसकेका छन् । 'सकल राष्ट्रिय आनन्द' कुन किसिमले अनुमान गर्न सकिन्छ भन्ने उहाँको सूत्र कुनै बखत सिद्ध हुनसक्ला तर, भुटान मूलतः आज पनि दासत्वको चपेटामा

छ । दुनियाँमा यसप्रकारका हावादारी भ्रम फैलाएर जनतामा शोषण गर्ने तथा राजाज्ञा कामयाब गराउने चतुरङ्गिनी खेल मात्र हो । यसरी परिभाषित प्रणालीले जनताका आनन्द र त्यो देश कति विकसित र मनोहर छ भनी अनुमान लगाउन सकिने आधार प्राप्त हुन्छ । केही विद्वानहरूले नराधम राजाको स्वार्थलाई चर्चामा ल्याउने गरेका छन् । यो एउटा विडम्बना नै हो । त्यसैले चाहना नहुँदा पनि आफ्नै देशको राजालाई अधिनायकवादी कबुल गर्नुको अर्थ उनका अन्य जाति, भाषा र अन्य धर्मका नागरिकहरूप्रति गरिने दुर्व्यवहारलाई दुनियाँको मुखेन्जी राजपत्राङ्कित गर्न प्रयास गरिएको हो । 'हामीले' सत्यदेखि टाढा रहेर कुनै पनि विषयलाई विश्व समुदायअघि राख्न र मानिसको आँखामा धुलोहाल्ने कार्य गर्नुहुँदैन । **भुटानीहरूप्रति अन्याय भएको देखेर अफवाह र चुनौतिहरूको जबाफी विचार व्यक्त गरेको छु ।** हाम्रा मानिसहरूसँग पनि मानवताको भावना र समाजशास्त्रीय ज्ञान र अनुभवहरू छन् ।

जसरी आमाको दुध र समुन्द्रको फिँज सेतै देखिए तापनि उनीहरूको वस्तुगत विशेषता फरक हुन्छ । आमाको दुध निश्चय अमृततुल्य हुन्छ तर, समुन्द्रको फिँज विषाक्त हुनसक्छ । त्यसैगरी मनुका सन्ततिले बोलेको र दनुका सन्ततिले बोलेका भाव-विचारमा फरक तात्पर्य हुन्छ । कसलाई विश्वासगर्ने अनि कसलाई नगर्ने यहीँबाट मानव-समाजले बुझ्नु र चिन्नुपर्छ । **आजको दुनियाँमा सत्यलाई कोही पनि सहजै स्वीकार गर्दैनन् । विद्या र धनका समृद्धहरू पनि आडम्बरी जीवन, शक्ति र सम्पतिप्रति रत्तिएका छन् कसैमाथि अन्याय भएको देखेर पनि उनीहरूबाट विस्मय र संवदेना व्यक्त हुँदैन । मनु संहिताप्रति अपघात भएको ठान्दैनन् ।** यद्यपि, 'सत्य' पराजित भई लुकिरहदैंन । यो सार्वभौम छ सत्यको निरूपण नभई रहन सक्दैन । राजा जिग्मी सिगें वाङचुकले सन् १९७० को दशकतिर देशको 'सकल राष्ट्रिय आनन्द' अनुमान लगाउन ल्याएको युक्तिपूर्ण विचार विर्मशमा सच्चाई होला तर मानिसको आनन्दको नापतौल स्वेच्छाचारी तराजुले तौलेर हेर्नु भुल हुन्छ । भुटानमा 'सकल राष्ट्रिय आनन्द' छँदैछैन । राजा आफैसँग पनि छैन ।

तत्कालीन राजा जिग्मी सिगें वाङचुकले विस्तार गरेको 'सकल राष्ट्रिय आनन्द' विवेचना कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने बारेमा बहस सुरु भएको सुन्नमा आएको छ । संयुक्त राष्ट्र संघ र केही विकसित देशहरूलाई समेत मानिसको आनन्द र सुखमय जीवनको बारेमा भुटानी राजाले पाठ सिकाई

रहेको सुन्दा उदेक लाग्छ । यस्तो कसरी हुन सक्छ जुन देशको कुल जनसंख्याको २१ प्रतिशत जनतामाथि बर्बतापूर्वक हमला गरी धनसम्पति लुटेर देशविहीन शरणार्थी बनाईन्छ ,त्यो देशको शासक असल हुन्छ होला र ? त्यस्ता तानाशाहका विचारहरू आँखा चिम्लेर स्वीकार गर्न सकिन्छ र ? यसप्रति देशका जनता, मानवअधिकार र न्यायकालागि स्थापित संस्थाहरू सजग हुनुपर्छ । विगतका समयमा भुटानी राजाहरूले आफ्नै वंश र जातिका परिवारहरू लगायत जसले भेद्भाव, अन्याय र अत्याचारको विरोध गरी न्याय माग गरेका थिए, उनीहरूको हत्या गरेका छन् । सन् १९९० मा निर्दोष नेपालीजाति भुटानीहरूलाई बर्बरतापूर्ण देश निकाला गरेका छन् । यस्ता अमानवीय कार्यगर्ने शासक विश्वसमुदायबाट सम्मानित हुन्छ भने हामी कुन अवस्थामा बाँचिरहेका छौं भन्ने अनुमान हुँदैछ । केही देशहरूले भुटानी राजाको दर्शनलाई अपत्यारिलो र काल्पनिक भनी खण्डन गरी तर्क राखेका पनि छन् । यसरी विश्वका विभिन्न मानव अधिकारवादी र बौद्धिक समुदायले खबरदारी गरिरहँदा केही अवसरवादीहरू भने निरङ्कुश राजाले गरेको तिरस्करणीय अपराधलाई ढाकछोप गर्न लगनशील छन् ।

विश्वका बुद्धिजीवीहरूले यहाँ उद्धृत खुलस्त एवं उद्देश्यप्रेरित विषयहरूको रूप, रंग, गन्ध, स्पर्श र शब्दहरूको अवश्यमेव गहिरिएर अध्ययन गर्नुपर्छ । एउटा चोर-तस्कर पनि वास्तविकरूपमा असल मानिस हुनसक्छ । एउटा पामर दुराचारी पनि समयानुकूल मिलनसार र प्रेमिलो साथी बन्न सक्छ । एउटा उग्रवादी पनि मनकारी हृदय भएको ज्ञानी, अनुभवी मानव-समाजलाई उपयोगी हुनसक्छ । उसको पनि सुन्दर अभिलाषाहरूले भरिएको मन हुनसक्छ । यद्यपि, कसैले पनि अपराध गरेको खण्डमा ओहदा, ज्ञान र पृष्ठभूमि हेरेर क्षमा दिने कुरा हुँदैन । व्यक्ति कुनै देशको राजा नै किन नहोस उसको अनुहार, धर्म, उसको नयाँ विचारको प्रतिपादनलाई हेरेर क्षमा दिन सकिदैन । पापको उचित सजाय मृत्यु हो । अपराधीले सजाय भोग्नुपर्दछ । यदि भुटानको तानशाही राजा जिग्मी सिगें वाङचुकले गरेको अपराधलाई क्षमा दिन सकिन्छ भने अपराधको परिभाषा के हो भन्ने विषय नै अन्योलमा पर्छ । तर यहाँ एउटा अपराधीमाथि कार्वाही हुन्छ अनि त्यस्तै अर्को अपराधी जसले जातीय-सफाई जस्तो घृणित अपराध गरेको छ,उसको 'सकल राष्ट्रिय आनन्द' को विवेचनालाई लिएर क्षमा गरिन्छ, । त्यस्तो अपराधीको आराधना गरिन्छ, । के यही हो शक्तिशाली देशको काम, कर्तव्य र रहश्य ? के यस्तै सिद्धान्तमा संयुक्त राष्ट्र संघको स्थापना भएको हो ?

जसले पापकर्म गर्ने दोषीको ओहदा र पृष्ठभूमिलाई हेरेर जस्तोसुकै अपराधहरू पनि क्षमा गर्छ ? आदरणीय विद्वान जनसमुदायहरू हो, भुटानी राजाले ल्याएको प्रासङ्गिक विषय 'सकल राष्ट्रिय आनन्द' को परिकल्पना तथा सूत्र विवेचनाप्रति कसैको डाहा आरिस छैन, उसको सिद्धान्त उपयोगी हुनसक्छ भुटानको लागि गौरवान्वित् विषय बन्नसक्छ तर पनि अपराध गर्नेले उन्मुक्ति पाउनु भनेको मानवसमाजको उपहास गर्नु हो, मानवता विपरित पातकी कुकर्म गर्नेहरूको सामर्थ्य मौलाउन दिनु हो, धरतीप्रतिको आस्था, विश्वास र सत्यको खिल्ली उढाउनु हो। यस सन्दर्भमा ओसामा बिन लादेनको अपराध र सजाय प्रति संयुक्त राष्ट्र संघको मौनता के हो ? भन्ने भ्रम पनि पैदा हुन्छ।

'सकल राष्ट्रिय आनन्द' नापतौल गर्ने सूची Alkire-Foster method को बहुआयमिक प्रतिभाशाली विधिद्वारा बनाइएको भनी छलफलमा बताईएको छ। 'सकल राष्ट्रिय आनन्द'को व्याख्या गर्ने चारवटा प्रमुख स्तम्भहरू बनाइएको देखिन्छ।

(क) उचित र दीर्घकालीन सामाजिक र आर्थिक विकास।

(ख) सांस्कृतिक एवं आध्यात्मिक धरोहरको संरक्षण र सम्बर्धन।

(ग) वातावरणिय संरक्षण र

(घ) असल शासन व्यवस्था रहेका छन्।

यी चारवटा प्रमुख स्तम्भहरूलाई लिएर अल्काइर-फोस्टर विधिअनुसार बनाईएका ३३ सिद्धान्त वा यन्त्रशास्त्रहरूलाई ९ वटा खण्डहरूमा विभक्त गरिएर 'सकल आनन्द' नापतौल गर्ने निर्णायक विधि तयार गरिएको छ। त्यहाँ भएका ९ वटा कार्य विवरण क्षेत्रहरूमध्ये मानिसको मनोवैज्ञानिक प्रसन्नता, स्वास्थ्य, शिक्षा, समयको उपयोगिता, सांस्कृतिक विविधताप्रति आस्था-मनोभावना, असल शासन, समाजिक जीवन शैली, पर्यावरणीय विविधताप्रति नमन् र मानिसको जीवनस्तरलाई प्रमुखतामा राखिईएको छ। यहाँ उद्धृत भएका विधिहरूले अन्ततः कुनै पनि देशका मानिसहरूको जीवन आनन्द, सुसम्पन्न र परम्परागत रूपमा चलिआएको छ छैन भन्ने कथनलाई उद्घोष गर्दछ। साथै 'सकल राष्ट्रिय आनन्द' को मूल्य र मान्यता तथा यससँग प्रतिपादित सिद्धान्तद्वारा यो विवेचना ल्याईएको भनी जिकिर गरिएको छ।

'सकल राष्ट्रिय आनन्द' नापतौल गर्ने विषयलाई लिएर भुटान देशको 'प्रजातन्त्रका उपलब्धीहरू' र 'सर्वाङ्गीण विकास' सम्बन्धमा केही देशहरूमा छलफल भएको सुनिएको छ। यी छलफलहरूमा भुटानको वनजंगल, जलवायु र पर्यावरणीय अवस्थाको जानकारी गराउँदै भुटानको संस्कृति, जीवनशैली र प्रकृतिका महिमाको विवरण गरिएको पाइन्छ। भुटानको वनजंगल र जलवायु स्वच्छ र सुन्दर छन् । भुटान वातावरणीय विषयमा कार्बनमुक्त देश भनी पहिचान गरिदा खुशी लाग्छ । प्रकृतिका महिमाहरूमा उम्दा धनी प्रदुषणमुक्त देश भएकोमा गौरव महसुस हुन्छ। तर भुटानको सुन्दर वनजंगल तथा प्रकृतिका सिर्जनाहरूले जस्तो भुटानी-जनताले सुखानुभुति गर्न सक्दैनन् । जनतालाई देशबाट लखेटेर देशको जनसङ्ख्या घटाएर प्रकृतिको संरक्षण गर्ने राजाको गुण गाउनेहरू मानवताबाट पतित छन् । प्रकृतिले आफ्नो गुनासो र दु:खहरू मानिसलाई सुनाउन सक्दैन ।

प्रकृतिका देनहरू माटो, पानी, आगो, वायु, वनस्पति र विभिन्न रंगरूप, आकार, स्वभाव र शैलीमा प्रफुल्लित भई जिउने जल-थल-नभमा जीवजन्तुहरू धेरै छन्। यिनै प्रकृतिका महिमाहरूको सजधजमा मानिसको सृष्टि भएको हो। प्रकृतिका देनहरू मानिसकै उपकारकोलागि भएको हुनाले मानिस यसको संरक्षक पनि हो। तर प्रकृतिको अवस्थामा दैनन्दिन भीषण परिवर्तन आईरहेको छ। सयुक्त राष्ट्र संघ लगायत विभिन्न देशहरूमा प्रकृतिमा नकारात्मक परिवर्तन आएकोले विश्वले विनाशकारी घटनाहरूको सामना गर्नुपर्ने सम्भावना प्रति खबरदारी गरिरहेको छ। यो राम्रो अभियान हो। यसले सकारात्मक बाटो अपनाओस भन्ने हामी सबैको अभीष्ट कामना पनि छ। परन्तु यो अभियान सफल हुन असम्भव देखिदैछ। यसको मूलकारण संसारका विद्वानहरूले कुन गलत र कुन सही बाटो हो भन्ने छुट्याउन सकिरहेका छैनन् ।

विकसित र सभ्य दुनियाँलाई भनिरहने विषय नभएपनि भन्न बाध्य भईन्छः **'यस धरतीमा मानिस भन्दा राम्रो अर्को केही होइन । प्रकृतिसँग मानिसलाई साटफेर गर्न सकिदैन'** । मानिसप्रति उदासीन रहेर प्रकृतिलाई बचाउन चाहानेहरूले मानिस स्वंयलाई विनाशमा होमिरहेका छन् । प्रकृति अधिकतर क्षयकृत भईरहेको छ । जहाँ प्रकृतिको संरक्षक मानिसलाई मानिसले नै कसिङगर सरह देशच्युत गरिन्छ त्यस्ता देशका निरङ्कुश शासकको गुणगान गरी बखान गर्नेहरू मानिसको सेवक नभएर प्रकृति विरोधी विध्वंसक हुन्छन् ।

त्यस्तो परिवेशमा प्रकृतिले पनि साथ दिँदैन । विश्वका केही साना देशहरूमा जहाँ राजाको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शासन चल्छ, जहाँ स्वेच्छाचारी राजनीतिज्ञहरूले अन्याय र अत्याचार विरुद्ध न्याय माग्ने नागरिकहरूलाई बर्बर अत्याचार गरिरहेका छन् । मानिसहरू लखेटिएर बहलाग्दो शरणार्थी जीवन बिताउन बाध्य भएका छन् त्यस्ता देशहरूका शासकप्रति राष्ट्रसंघ र शक्तिशाली देशहरू जसबाट मानवजातिप्रति उम्दा कुराहरूको अपेक्षा गरिएको हुन्छ उनीहरू आफ्नो कूटनीतिक दाउपेचलाई अचाक्ली महत्व दिएर मौन रहने र प्रतिकारमा ती देशहरूलाई ढालको रूपमा प्रयोग गरी गम्भीर अपराधहरू गरिरहेको दृष्टान्त हाम्रो सामु स्पष्ट छ । यसैको परिणाममा साधारण मानिसहरूको जीवन कहीँ कतै पनि कुनै पनि देशमा सुरक्षित छैन ।

सन् २०१२ मा संयुक्त राष्ट्र संघले 'सुख र कल्याण' तथा (Happiness and Welfare) सम्बन्धमा एउटा बृहत् गोष्ठीको आयोजना गरेको थियो जसमा भुटान पनि उपस्थित थियो । भुटानका तत्कालीन प्रधानमन्त्री Jigme Yoser Thinley ले राजा जिग्मी सिगें वाङचुकले ल्याएको **'सकल राष्ट्रिय आनन्द'** (GNH) को बारेमा खुबै चातुर्यताकासाथ कर्णप्रिय शब्दहरूमा प्रस्तुत् गरेका थिए । त्यहाँ उपस्थित केही राष्ट्रहरूले वाह वाह गरी ताली बजाएर स्वागत गरेता पनि भूतपूर्व UNHCR प्रमुख जापानकी Sadako Ogata ले भुटानका नागरिकहरूको वास्तविक बस्तुस्थिति त्यस्तो नरहेको भनी प्रष्ट पारेकी थिईन । Amnesty International ले पनि भुटानमा भएको मानव-अधिकार हनन् र भुटानमा भएका अन्य जातिका नागरिकहरूमाथि भईरहेको अत्याचारलाई अध्ययन् गर्दा राजा जिग्मी सिगें वाङचुकको GNH जस्तो विवेचनालाई सहजै स्वीकार गर्न सकिने अवस्था नरहेको तथा विरोधाषापूर्ण छ भन्ने आफ्नो विचार व्यक्त गरेका थिए । त्यसैगरी अष्ट्रेलियाले भुटानको Gross National Happiness भुटानी राजाले गरेको अपराध ढाकछोप गर्न प्रस्तुत गरिएको षड्यन्त्र मात्र हो, सोझो र सरल शब्दमा भन्नुपर्दा यो एउटा Gross National Hypocrisy अथवा “राष्ट्रिय पाखण्ड“ भनेका छन् ।

भुटान जस्तो सानो देशले पनि मानिसको जीवनमा अन्यायमाथि अन्याय गरिरहन्छ अनि संसारका असल, विद्वान, कर्मशील दार्शनिकहरू र शक्तिशाली देशहरू, संयुक्त राष्ट्रसंघ जस्ता सामर्थ्यवान शक्ति भण्डारहरूले अन्यायलाई चिन्दैनन् भने यस धरतीका समस्याहरूले अझ विकराल रूप लिनेछ ।

त्यस्तो अवस्थामा विश्वका मानिसहरूको सुरक्षा हुन सक्दैन । आज रुस र युक्रेनका मानिसमाथि भईरहेको कहालिलाग्दो आतङ्क पनि उनीहरू कै देशका शासकहरूबाट सुरु भएको हो । यो बाहिरी देशका शासकहरूद्वारा उक्साईएको अपराधी कार्य पनि हो । यस्ता युद्धहरूमा शासकहरू मर्दैनन् । साधारण जनताका छोरा, छोरी तथा निर्दोष मानिसहरू मारिन्छन् । चाहे यता पट्टिका वा उता पट्टिका आखिरमा मानिसहरू नै मारिन्छन् । यो कस्तो बिडम्बना, भुटानको राजा जिग्मे सिङ्गे वाङचुकको "Gross National Happiness" जस्तै विश्वका शक्तिशाली नेताहरूले पनि मानिस जातिको सुरक्षाको लागि देखौटा तुरही फुकिरहेका छन् । तर मानिसको सुरक्षा तबसम्म हुँदैन जबसम्म शासकहरू भित्र मानिस बसेको हुँदैन ।

अन्ततः मानिसलाई अवहेलना गर्ने कुनै पनि शासकको देशमा ज्ञानको स्रोत छ भन्नु, त्यस्तो शासकबाट मानिसको 'सकल राष्ट्रिय आनन्दको' नापतौल गर्ने विवेचना प्राप्त भएको उद्घोष गर्नु र भारत, अमेरिका, क्यानाडा, जापान, बेलायत जस्ता विकसित देशका बुद्धिजीवीहरूले त्यही शासकले लखेटेका शरणार्थीहरूको आवाजमा ढक्कन लगाउने खालका कार्ययोजना सञ्चालन गरिनु भनेको उनीहरूद्वारा निरङकुशताको मलजल हुनु हो । मानवतालाई कुल्चिनु हो । यस धरतीमा रहेका बौद्धिक र समझदार कहलाउने मानिसहरू परम्परागत मानव धर्म नियमको परिधिबाट बाहिर रहनु हो । जबसम्म प्रत्येक देशमा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूको समुचित रक्षा हरेक देशमा हुँदैन र संयुक्त राष्ट्रसंघ वा शक्ति राष्ट्रहरू समेतले गम्भीरतापूर्वक हेर्दैनन् तबसम्म विश्व शान्ति असम्भव हुन्छ ।

*****

# भुटान-भारत

**“भुटान र भारतबीच भएका सन्धी-सम्झौता र मैत्रीक-सम्बन्धहरू भुटानी जनताको हितको निम्ति कहिल्यै पनि भएको छैन, एक परिवार जो आफूलाई अजर ठान्दछ उसले आजन्म प्रशन्न भई भुटानमाथी राजगर्न हेतु उसको समृद्धिलाई मजबूत् राख्न भारतको संरक्षकत्व उचित लागेकोले सन्धि-सम्झौताका परम्परागत नीतिहरू बनाएका हुन् ।”**

सन् १९९२ को फरवरी महिनामा भुटानको गेलेफु जेलबाट मुक्त भए लगत्तै देशबाट लखेटिएपछि शरणार्थी जीवन बिताएको तीन दशक बिति सकेको छ । संसारमा कैयन परिवर्तनहरू आएका छन् । स्वतन्त्रता, मानव-अधिकार र प्रजातन्त्रको विश्वव्यापी लहरमा तानाशाहहरूको अवसान भईरहेको छ । नेपालमा पनि राजतन्त्र अन्त्य भई गणतन्त्र स्थापित भएको छ । विश्वका प्रायः सबै देशका जनता मौलिक हक-अधिकार, न्याय र प्रजातन्त्रका सम्बन्धमा स्वतन्त्र रूपमा विचार विमर्श गर्न र त्यसको सदृश उपभोग गर्न सक्छन् । भेद्भाव र अन्यायको विरुद्ध आवाज उठाउँछन् । परन्तु भारतको छिमेकी देश **भुटान** जसले चीन र भारत बीचको सिमानामा महत्वपूर्ण स्थान ओगट्दछ उसलाई भारत अधीनस्थ राख्नको लागि उसको सुरक्षा, विकास र परराष्ट्र नीतिहरूमा भारतको सर्वेसर्वा अधिग्रहण छ । त्यो देशमा आजको दिनमा पनि कोर्ाली राज छ, त्यहाँको सरकारको दमनबाट जनता विवश छन् । भुटानको सत्तासिन वाङ्चुक राजदरबारको यस्तो सनकी मानसिकता हुनुमा अनि भुटान आजसम्म अन्धकूप अवस्थामा रहिरहनुमा भारत पनि जिम्मेवार छ ।

भुटान र भारतको ‘सन्धि-सम्झौता’ बृटिशकालमा अनि भारत स्वतन्त्र भएपछि नेहरूकाल र वर्तमानमा पनि भुटानी जनताकोलागि स्थापित भएको होईन । यी दुई देशको सम्बन्ध मूलतः भुटानका स्थपति वाङ्चुक राजपरिवारको स्वार्थ अनि प्रतिकारमा भुटानमाथि भारतीय आधिपत्य उद्देश्य हेतु स्थायित्वमा

आएको हो । भुटानका शासकले भारतसँग सन् १९४९ मा गरेको राष्ट्रघातक सन्धिजस्तै धेरै जनविरोधी सन्धिहरू गरेको छ। वर्तमान भुटानी शासकवर्गमा देश विकास सम्बन्धमा ज्ञान नभएको शिथिल अवस्था हुनाले भारतले भुटानलाई एक शमित-शरण्य राज्यको रूपमा तुलना गर्दछ । भारतलाई भुटानको अस्तित्वप्रति नाटकीय खातिर गर्नुका अतिरिक्त अरू छैन । भुटानको प्रत्येक पञ्चबर्षीय योजनाको लागि भारतले लग्भग् ७० प्रतिशत बजेट दिन्छ। त्यसको बदलामा भुटानको मेरुदण्ड आफ्नो हातमा राख्दछ। भारतले भुटानमा जति पनि लगानी गर्दछ आफ्नै राज्यमा गरेको जस्तै ठान्दछ। भुटानमा भएका आयस्रोतहरू विद्युत, पानी तथा खनीज प्रदार्थहरूमाथि भारतको सर्वेसर्वा अतिक्रमण छ । त्यसैले अन्याय, अत्याचार र प्रजातन्त्रकोलागि सङ्घर्षरत जनतालाई भुटानले भारतकै भूमिमा आएर पशुपंक्षीलाई जस्तो वध गर्दा पनि भारत मौन बस्छ। मानवता एवं धर्मको मान्यतालाई चोट पुग्दैन। भारतीय नेतृत्ववर्गको हृदयमा कुनै असर पर्दैन। भारतमा ७० प्रतिशत हिन्दु धर्मवालम्बीहरू छन्। वर्तमान सरकारमा पनि हिन्दुहरूको बाहुल्य छ तर, भुटानबाट हिन्दुहरू लखेटिंदा भारतीय नेताहरूलाई प्रभाव परेन । समग्रमा भन्नुपर्दा भारतमा सक्कली हिन्दु धर्म छ भन्नु 'सनातन सन्यासी रामचरित्र' रामको अपमान हुनसक्छ। धर्मकै गलत विश्लेषण हुनसक्छ। **किन कि** हिन्दु परिवारजनमाथि अत्याचार भएको एक असली हिन्दु अपरिचित नै किन नहोस् हेरेर बसिरहुँदैन । उसले बचाउ र सहयोगको लागि मानवताको पृष्ठभूमिमा कर्म गर्छ।

जब कुनै पनि देशको सरकार बाहिरी शक्तिको आड-अडेसोमा चल्छ तब त्यो शक्तिले त्यस देशको सार्वभौमिकता र स्वतन्त्रतामाथि निर्धक्क कुल्चिन्छ। राजाका फोस्रा राजनीतिक नेताहरू देश र जनताको उत्तरोतर सम्मानप्रति उन्मुख हुँदैनन् भन्ने कुरा यहींबाट बोध हुन्छ। भित्रि रूपमा राजा निर्दयी जीवधारी वस्तु जस्तै हुन्छ । हामीले देखेका र भोगेका पनि छौं, उनीहरूले आफ्नैलाई समेत टुँगो लगाउँछन् । अन्य जातिको त कुरै नगरुँ उनीहरूलाई जिउँदै छालाको धोक्रोमा हालेर खोलामा बगाईदिएको घटनाहरू छन् । देशका जनता राजाको लागि पाहुना हो जहिले धपाउँदा पनि हुने । **मन नपरे जोसुकैलाई वध गर्दछ, लखेट्छ दयाधर्म तथा बुद्ध वाणीको मूल्य हुँदैन ।** गद्दी सुरक्षित राख्नबाहेक जनताका विषयहरू उद्देश्य प्रधान हुँदैन। देश र जनताको खुशीकोलागि विभिन्न प्रकारका सन्धि-सम्झौताहरू भारतसँग गरेको होईन । यसको तात्पर्य भुटानी शासक कुनै पनि मूल्यमा गद्दीको शान र उन्माद बचाउन चाहान्छ । भारत सारथी भएकोमा राजालाई पुगीसरी छ। भुटानको सार्वभौमिकता र देशहितको

लागि बोल्ने विद्वान नागरिकहरू, न्यायका लागि निवेदन गर्ने जोसुकैलाई पनि गायब गरिन्छ । राजाले जनतालाई देशबाट लखेट्न पातकी विधि अपनाएको छ । उसलाई सबै अपराधहरू पाच्य हुन्छन् । राजा निरङ्कुश पातकी हुनेकुरा सृष्टिदेखि नै प्रमाण सिद्ध छ ।

झुट शाश्वत हुँदैन । तथापि यो चलायमान हुन्छ र क्षणिक कालका लागि सर्वत्र व्यापक होला तर, यो धरैदिन चल्न पनि सक्दैन । त्यसैले राजा भएर दुनियाँलाई झुटो बोलेर बसिरहन नसक्ने भएपछि सन् २००६ मा जिग्मी सिगें वाङचुकले राजगद्दी त्यागगर्ने घोषणा गरेका हुन् । उसले प्रजातन्त्र, विकास र मानव-अधिकारकालागि आवाज उठाउने प्रगतिशील वर्गलाई सेना र प्रहरी लगाएर वर्वरतापूर्वक देशबाट लखेटेपछि अनाचारी स्वार्थ-परायणहरूको आडमा सन् **२००८ नोभेम्बर ६** मा छोरा जिग्मी गेसार नाम्गेललाई अघि राखेर दुनियाँको आँखामा छारो हाल्न प्रजातन्त्रको शङ्ख बजायो । **राजा जिग्मी सिगेंको बिवाह हुनुभन्दा ८ वर्षअघि काठमाडौंको थापाथली प्रसुति गृहमा जन्मेको बालक भुटानको राजकुमार कसरी हुनसक्छ ?** विदेशमा जन्मेका बच्चाहरू जसलाई छोरा या छोरीको रूपमा अपनाईन्छ वा गोद-लिइन्छ उनीहरू देशको नागरिकता कानुनको दफा **एफ-६ मा पर्दछन्** र भुटानी नागरिक भनी पहिचान हुँदैनन् । तर उहाँ नेपालमा जन्मेर पनि भुटानको राजकुमार त्यसपछि राजा हुनुभएको छ । यिनै व्यक्तिको हातबाट प्रजातन्त्रको सुरुवात गराउनु भयो । जनतालाई भोट हाल्न लगाउनु भयो । त्यसपछि नतिजा हार-जीत जे आउँछ त्यसलाई आफैंले चलाई रहनु भएको छ । यस्तो जान्दा-जान्दै विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक देश भारत सामन्ती प्रजातन्त्रलाई स्याबास भन्छ । नेपालमा भएको शरणार्थी शिविर र अन्य देशहरूमा भुटानी राजाको अत्याचारको बारेमा



स्व. प्र.म. राजीव गान्धी र जिग्मी सिगें वाङचुकः सन् १९८५

बर्षौंदेखि न्याय मागिरहेका भुटानीहरूको आवाज भारतले नसुनेको झैं ढोङ गरिरहेको छ । न्याय मागिरहेका भुटानी जनताको आवाज नसुन्नुको कारण तथा त्यसको बाधक भारत -भुटानको सन् १९४९ को मैत्री-सम्बन्ध होईन । भुटानीहरू मानव-अधिकारको संरक्षणमा स्वतन्त्र र शान्तिपूर्णरूपमा बाँच्न पाउँदा भारतलाई अप्ठ्यारो पर्ने पनि होईन । भारतले एक असल छिमेकीको भूमिका प्रदर्शन गर्दै निरपराध जनताको मागलाई छलफलमा राखिबक्सियोस् भनी भन्न सक्थ्यो । राजाको चण्डाल कुटनीतिलाई काँधहाल्दा भारत सुरक्षित भई चुप लागेर बस्ने अवस्था आउने पनि होईन । भुटानका गोर्खाहरूलाई लखेट्दा भारत सुरक्षित हुनुको साटो अझ असुरक्षित र संकटमा पर्न सक्नेछ । यस्तो अगोचर सम्बन्धले भारतको छविलाई दाग लगाउने कार्य गर्नुका साथै तानाशाही शासकलाई उन्मुक्ति दिनेछ । आज भारतको छविमा दाग लागिसकेको छ परिणामतः भुटानी जनताको भारतप्रति असन्तुष्टी बढ्दो छ ।

भारतले भुटानी शरणार्थीप्रति आजसम्म केही बोलेको छैन, एक असल छिमेकीको भूमिका पूरा गर्न सकेको छैन । राजाको चाप्लुसी गर्न बाहेक सकारात्मक कार्य गरेको छैन । भारतकै कारण अन्तर्राष्ट्रिय स्तरमा भुटानको छवि नाश भएको छ । राजधर्म, नीति, उद्देश्य र मानवताबाट भुटान पतित् भएकोछ । **देखावटमा मात्र भारत र अन्य केही देशहरूले भुटानी राजालाई फुर्क्याउने र भुटानको प्राकृतिक सुन्दरताको बढाइचढाई प्रशंसा गर्छन् ।** तीन दशक बितिसक्यो भुटानी राजाले जनतालाई देशबाट लखेटेको । सुरुका दिनदेखिनै भुटानीहरू भारत सरकारको आशामा न्याय मागिरहेका छन् । सारा दुनियाँले बोले; भुटानी राजालाई त्यसो नगर्न भनी चिट्ठी लेखे । राजदूतहरू खटाए शरणार्थीलाई आर्थिक सहयोग गरे तर, भारतले भुटानी शरणार्थीलाई एउटा सिटामोल पनि दिएको छैन । तेस्रो मूलुकहरूको तुलनामा भारतको भूमिका भुटानमा प्रशस्तै छ तर भारतले तानाशाहलाई काखी च्याप्यो । भुटानी जनताप्रति राम्रो गरेन ।

भारतसँग भएका सन्धि-सम्झौता र गोप्य वार्ताहरूबाट भुटानको भविष्य र भुटानी जनताहरू प्रभावित छन् । सन्धि र सम्झौतामा भुटानी जनताको सुरक्षा र विकासको लागि भनेर सहीछाप गर्छन् तर, यस्ता सम्झौता र आर्थिक सहयोगहरू देशको सार्वभौमिकता कमजोर गराउन र जनता दबाउने कार्यमा प्रयोग गरिन्छ । भारतले भुटानी राजालाई बर्षेनी अरबौं रुपिया देश विकास कार्यमा लगाउन भनी दिन्छ तर लभगभ ८००००० जनता भएको भुटानका गाउँहरूको अवस्था भने अझै पनि बन-जंगलमा बस्ने मानिसहरूको जस्तो अन्धकार छ । 'सकल राष्ट्रिय आनन्दको' पाठ पढाउने राजाको देशका जनताहरू घोप्टोपरी डर-त्रास सरी मुख छोपेर खुशी व्यक्त गर्छन् । ठाडो शिर गरेर अभिवादन गर्नु र खुशी व्यक्तगर्नु

भनेको राजा र राजपरिवारको अपमान गर्नु हो । राजाको कुलक्षण बौलठिपन जानी बुझिकन पनि भारतले भुटानी जनताको मुक्तिको लागि कहिल्यै पनि बोलेको छैन र छिमेकीको धर्म-कर्त्तव्य पनि पूरागर्न सकेको छैन ।

अन्तर्राष्ट्रिय सभाहरूमा धार्मिक भएर ठूला ठूला कुराहरू गर्ने भारतका नेताहरू धर्म र मानवताको प्रवचन छाट्ने गर्छन् । विश्वव्यापी रूपमा प्रजातन्त्र र मानव-अधिकारको सरक्षंण गर्ने, मानिसमाथि हुने अत्याचारी शासन हटाउने कुरा गर्छन् । आतङ्कवाद विरुद्ध लड्ने भारत सरकार, मानवता र धर्मको गुणगान गर्ने 'बसुधैव-कुटुम्बकुम, अहिंसा परमोधर्म र अतिथिदेवो-भवः' भनेर जिब्रो पढकाउँने भारतका प्रधानमन्त्री र ठूलावडा नेताहरूले भुटानका नागरिकहरू राजाको आतङ्कबाट भागेर भारतमा सुरक्षाको गुहार माग्दा उल्टो ती असहाय मानिसहरूमाथि दुश्मनलाई झैं व्यवहार गरे । भारतले अत्याचारी शासकको कुरा सुन्यो र मान्यो पनि । तब खोई कहाँ हरायो 'अतिथिदेवो-भवः' ? असुरक्षित मानिसहरूलाई सरुक्षा र शरण दिनुको बदलामा अमानवीय व्यवहार गरी लखेटेर नेपाल पुऱ्याए । भुटानी राजालाई संयमता कायम गरी समस्या समाधान गर्न भनी भारतले भन्न सक्थ्यो तर विडम्बना पीडितहरूलाई नै निर्ममतापुर्वक लखेट्यो । के यस्तै हो विश्वको ठूलो प्रजातान्त्रिक देशको चरित्र ? के यही हो **'बसुधैव-कुटुम्बकम्, अहिंसा परमोधर्म, अतिथिदेवा-भव'** को रहश्य ? के यस्तै छ महान भारत ? जनता मास्ने राजा **मित्र** होइन, **दुश्मन्** हुन्छ धोकेबाज हन्छ ।

भुटानी राजाको भारतँगको अपवित्र सम्बन्ध भुटानीहरूकोलागि दुःखको कारण बनेको छ । यस्तो सम्बन्ध रहिरहनु हुँदैन । यसमा जनपक्षीय परिवर्तन आउनै पर्छ । यसप्रकारको हेपाई र पेलाईले जनतामा दीर्घकालीनरूपमा नकारात्मक असर पर्नसक्छ, । मानिसमा भएको वैशिष्ट्य बोध र देशभक्तिको भावना भयाक्रान्त विद्रोहमा परिवर्तन हुन असम्भव हुदैन ।



राजकुमार जिग्मी गेसर नामगेल वाङ्चुक २००६ को दिसम्बर ०९ मा राजा घोषित भएका हुन् ।

भारतलाई **बृटिशको** अधिनबाट छुटाएर स्वतन्त्र बनाउन होस् या चीन र पाकिस्तान विरुद्धको युद्धमा हाम्रा गोर्खा सपुतहरूले धेरै रगत बगाएका छन्, हजारौं सहिद भएका छन् । सहिदहरू दलबहादुर गिरी, मेजर दुर्गा मल्ल, मेजर धनसिंह थापा, नायक नरबहादुर थापा, हेलेन लेप्चा, कृष्णबहादुर मुखिया, क्याप्टन् रामसिंह ठकुरी, गंगा छिरीङ डुक्पा, पुष्प कुमार घिसिङ, प्रेमसिंह बिष्ट, सुबेदार निरजंनसिंह छेत्री, श्यामबहादुर थापा, मोहनसिंह थापा, रामलाल उपाध्याय, महाविर गिरी, मास्टर मित्रसेन थापा, मायादेवी छेत्री, पुर्णसिंह ठाकुर, श्यामसिंह शाही, पदमप्रसाद ढुङगेल, विरबहादुर गुरुङ, सावित्री देवी, शिवसिंह थापा, समशेरसिंह भण्डारी जस्ता हजारौं गोर्खाहरूको बलिदानको रगतले भारतको माटो सिञ्चित छ । भारतीय गोर्खा फौजबाट युद्धमा सहिद हुनेहरूको लामो फेहरिस्त अर्कै छ । आज पनि देशको लागि बलिदान भईरहेका छन् । हाम्रा गोर्खा जातिको बलिदान, माटो र रगतको नाता-सम्बन्ध त्रिरङ्गा र भारतीयहरूको हृदयमा उच्च सम्मानका साथ स्थापित छ । अन्याय र दुश्मनसँग नझुक्ने, मर्नदेखि नडराउने गोर्खाजाति सुबास चन्द्र बोस र महात्मा गान्धीको पद्-चिन्हमा हिँड्ने स्वच्छ मन र मानवीय राजनीतिक वातावरणमा जिउँछन् । भारत स्वतन्त्र हुँदा भुटानी गोर्खा (लोत्सम्पाहरू) भुटानको राजा खलकहरू भन्दा धेरै रमाएका थिए, जसको मूलतत्व भुटानका नेपाली-भाषी लोत्सम्पाहरूका सन्तान गोर्खाहरू भारतको वंशवृक्ष सन्तानहरू छन् । उहाँहरूले भारत स्वतन्त्राका लागि बलिदान गरेका थिए । त्यसैगरी लोत्सम्पा तथा गोर्खाजाति वाङचुक राजकाल सुरु हुनुभन्दा धेरै पहिलादेखि भुटानका स्थायी नागरिकहरू हुन् । गोर्खाहरूबाट यी देशहरूप्रति कुभलो सोच्ने प्रश्न नै उठ्दैन ।

भुटानी जनताले सरकारको भेदभाव र अमानवीय नीतिहरूको विरोध गर्नुको अर्थ र उेश्य भुटानका सबै जातजातिका जनताहरू भारतमा जस्तै स्वतन्त्र र समानताका साथ बाँच्न पाउनुपर्छ भन्ने मात्र आशय हो । 'प्रजातन्त्र, स्वतन्त्रता, मानव-अधिकार, मानवता र सभ्यतामा भारतको नीति स्थापित रहेको हो भने भारतले भुटानलाई उज्यालोमा ल्याउनुपर्छ, । राजाको मनमानीलाई होईन जनताको प्रजातन्त्रलाई साथ दिनुपर्छ' । भारतको राजनीतिक चलखेलमा चासो राख्ने वरपरका मानिसहरूलाई थाहा नभएको होईन । भारतले भुटानको तानाशाहलाई उन्मुक्तिदिने कार्य गरिरहेको छ। भुटानको शोषकवर्गसँग मानवता-पतित राजनीतिक सम्बन्ध रहेको बुझेपछि भारतको प्रजातन्त्र र मित्रताप्रति प्रशस्त

प्रश्नहरू उठ्दछन् । कसैले पनि भुटानी जनताको बाध्यताले भरिपूर्ण अपरिहार्य राष्ट्रियताको आन्दोलनप्रति छिमेकी भारतले न्याय गऱ्यो भन्ने ठाँउ रहदैंन । भारतले यसो गर्नुका पछाडि विविध कारणहरू हुनसक्छन् तर, भारतको यस्तो अप्राकृतिक मानवताविरोधी मित्रताको कारण छिमेकी देश भुटानको तानाशाहद्वारा जनतालाई देशबाट लखेटिन्छ, शोषण गरिन्छ, हत्या गरिन्छ उनीहरूको नैसर्गिक अधिकारहरूको दमन गरिन्छ भने त्यहाँ भारतलाई चाहे जस्तो सुरक्षा कदापि हुँदैन । सत्तासँग सम्झौता गर्ने देशहरूको कठिनाई र समस्याहरू झन् झन् बडेर गएको छ । **भुटानमा राजाको अधीनमा शासन हुँदा भारत सफल र सुरक्षित रहन्छ भन्ने भारतीय विशेषज्ञहरूको ठहर हो भने त्यो गलत र नकारात्मक विश्लेषण हो ।** यसले भारतीय नेतृत्ववर्गको दिग्भ्रमित अवस्था सिवाय अरू पुष्टि गर्दैन । भारत-भुटान सम्बन्धमा भुटानी जनताको हित र सुरक्षा रहनुमा जुन भरोसा र विश्वास हुन्छ त्यो राजाले कालान्तरसम्म पूरागर्न सक्दैन् । जनतासँग प्राथमिक सम्बन्ध रहेको अवस्थामा सरकारसँग सकारात्मक सम्बन्ध स्वतः बन्ने गर्दछ । दोस्रो, भुटानमा सक्कली प्रजातन्त्र भए तथा सबै जात-जातिहरूको सहभागितामा बनेको सरकारबाट भारतले यथेष्ट सक्कली लाभ लिनसक्ने स्पष्ट छ ।

भुटानमा भएका गोर्खाजाति भारतीय संस्कार बोकेर भुटान पुगेका हुन् । यसको विपरीत ड्रैगन बोकेर वाङचुकहरू चीनको तिब्बतबाट आएर भुटानका नागरिक भएका हुन् । उनीहरूको वंशज-उत्पति, धार्मिक, सांस्कृतिक र खानपीनका रहन-सहन चीनी तिब्बतीहरूसँग मिल्छ । आफ्नो वंशसँग झुकाव हुनु र चीनसँग नजिक रहने मन हुनु एवम् देश विकास कार्यमा चीनको सहयोग लिने इच्छा भुटानको राजामा हुनु प्रत्यक्ष लक्षण हो । तर भारतीय प्रभाव, भौगोलिक परिस्थिति र अन्य विविध कारणहरूले गर्दा चीनसँगको सम्बन्ध बिस्तार हुन सकेको छैन । राजाले सिमानाका केही भूभागहरू चीनलाई सित्तैमा दिनुको वास्तविक अभिप्राय चीनसँगको दुरी कम गर्नु हो, जसले चीनप्रति झुकाव भएको पुष्टि गर्दछ । वाङचुक राजपरिवारले चीनलाई आफ्नो भविष्यको विकल्प ठानेका छन् । यसको विपरीत सार्छोप, आदिबासी, लोत्सम्पा-गोर्खा, डोया, ब्रोक्पा, खेङ र मधेशीहरू भारत र नेपालबाट भुटान पुगेकाहरूको वंशज इतिहास भार तसँग जोडिएकोले भुटानी राजपरिवारको सोच र चाहानाभन्दा उनीहरू फरक विचारका छन् । चीनप्रति उनीहरूको कुनै पनि प्रकारको सम्बन्ध र आधार भरोसा नभएकोले उनीहरूको ममत्व र झुकाव भारततर्फ छ, जो सत्यता हो ।

**भारतले भुटानको निरङ्कुश राजपरिवारलाई काँध हालेको छ जसको आडमा राजा यति कठोर भई मनमानी गर्न साहस गरेको हो भन्ने कुरा स्पष्ट पार्न यो विषय यहाँ बारम्बार दोहोरिने छ ।** ३१ अक्टोबर १९८४ मा जब प्रधानमन्त्री इन्दिरा गान्धीको हत्या भयो त्यही राती उहाँको छोरा **राजीव रत्न गान्धी** भारतको कान्छो उमेरका प्रधानमन्त्री बन्न पुगे। इन्दिरा गान्धीले भुटानलाई भारतमा गाभ्ने योजना बनाउनु भएको थियो तर, अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल नभएपछि त्यसो गर्न सकेनन् । यसको बदलामा राजालाई नाकडोरी लगाउन राजीव गान्धीसँग दाजु-भाइजस्तो देखावटी सम्बन्ध गाँसेर राजा जिग्मी सिगें वाङचुकलाई विश्वासमा लिईएको हो । सन् **१९८५** को अक्टोबर महिनामा प्रधानमन्त्री राजीव गान्धी भुटान भ्रमण गर्ने क्रममा राजा जिग्मी सिगें वाङचुकसँग बुमथाङमा ३ दिन गोप्य रूपमा बिताएका थिए। त्यतिबेला भुटान-चीन सिमाना विवाद र सुरक्षा विषयका कुराहरूको छलफल मात्र भएन, राजा जिग्मी सिगें वाङचुकले भुटानका लोत्सम्पा (गोर्खाजाति) भोलिको राजनीतिक शक्ति हुने अनि लोत्सम्पा र बर्षौंदेखि थिचिएका सार्छोपहरू मिलेर राजतन्त्रलाई चुनौति हुने सम्भावना देखेर राजीवको सल्लाह मागेंका थिए भनी बुझिएको छ। मेरा मित्र उनीहरूको सुरक्षामा खटिएका थिए। उहाँबाट रहस्य थाहा भएको हो। बुमथाङमा गोप्य रूपमा बस्दा यी दुई राष्ट्रप्रमुखहरूको अनाचारी क्रियाकलापहरू पनि देख्न पाईयो भनी मित्र भन्नुहुन्छ। त्यसको केही महिनापछि सन् १९८६ मा भुटानको पाँचौ पञ्चबर्षीय योजना सुरु हुनासाथ साम्ची भुटानको जनसभामा राजा जिग्मी सिगें वाङचुकले नयाँ नीतिहरूको घोषणा गरे । जसमा "One Nation One People" सबैभन्दा घातक थियो। जसले २० प्रतिशत नागरिकहरूलाई शरणार्थी बनायो। देशका विभिन्न जात-जातिहरूबीच भेद्भाव र अविश्वासी वातावरणको सिर्जना गरायो । राजीव गान्धीको सल्लाहले भुटानको परिस्थिति बिग्रेको र अशान्ति भित्रिएको अवश्य हो । भविष्यमा यो भारतको लागि राम्रो सङ्केत होईन । भुटानी जनतामा जसरी विद्रोह र असन्तुष्टीको प्रभाव बढिरहेको छ, त्यसको प्रमुख कारण भारतको छिमेकीप्रति हेपाहा र अहंकारी राजनीतिक चिन्तन र तिनका अनुयायीहरू नै हुन् ।

**राजीव गान्धीले** राजा जिग्मी सिगेंलाई गलपासो हुने राजनीतिक सल्लाह दिएर उक्साएका थिए। राजीव गान्धीको हृदयमा छिमेकीप्रति प्रेम र सद्भावको कमी देखियो। छिमेकीलाई शङ्काको दृष्टिले हेर्ने, संकुचित मन र उग्र राष्ट्रवादी

भावनाले देशको भलो हुँदैन । यस्तो व्यवहारले दीर्घकालीन समस्याहरू उत्पन्न गराउँछन् । जनता जुनसुकै देशको होस् ऊ एउटा मानिस हो उसको जीवन पनि अरूको जत्तिकै प्यारो र मूलयवान् हुन्छ । **देश, धर्म र राजनीति मानिस भन्दा ठूलो छैन** । कुनै पनि देशको धर्म र राजनीतिले मानव-जीवनको सुरक्षा नगर्ने भए त्यस्तो देशको पनि सुरक्षा हुँदैन । संसारका गहन विषयहरू धर्म, राजनीति, राष्ट्रियता आदि मानवताको अघि नगण्य विषयहरू हुन । देशको खातिर अन्धभक्त भई मानिसको समेत बली चढाउने राजनीति हुनसक्दैन । धर्मको नाममा यस्ता अपराधहरू हाम्रो अघि भईरहेको छ । मानिसहरूमाथि अत्याचार गर्दा त्यो देशको पनि भलो हुँदैन । भारतले भुटानको राजसत्तालाई साथदिँदा भुटान-चीन सिमानाबाट हुने चीनी गुसपेठ बन्द हुन्छ अनि भारतको सुरक्षा राम्रो हुन्छ भन्नु मुर्खता हो । *विषय गम्भीर छ, जब भडकिन्छ तब थाहा हुन्छ । राम्रो विचार र नीति भएको शासक जसले मानवता पतित कार्य गर्दैन त्यसतालाई साथदिँदा राम्रो हुन्छ । भुटानका (नेपालीभाषी-गोर्खा) नागरिकलाई देश निकाला गर्नमा वाङचुक राजालाई साथ दिएको हो भने यो भारतको आफ्नै खुट्टामा बन्चरोले हान्नु बराबर हो ।* भुटानमा राजतन्त्र रहँदासम्म भारत सुरक्षित हुन्छ भनी कल्पना गर्नु सङ्कट निम्त्याउनु हो ।

भुटानका निरङकुश राजा पराश्रयी भएर गरिने राजनीतिले भारतको हितकारी भावना पुष्टि गर्दैन निरङकुशता नै पुष्टि गर्दछ । भुटानमा वास्तव मै जनताको प्रजातान्त्रिक सरकार हुँदा छिमेकीलाई पनि राम्रो हुन्छ । राजालाई खुशी राख्न सन् २०१६ मा मोदी सरकारले **रु ७२९० करोड** दिएको थियो । यसको लगत्तै प्रधानमन्त्री छिरीङ तोब्गेले विकासको नाम गरेर **रु ६००० करोड** फेला पारे । त्यसरी नै प्रधानमन्त्री डा. लोटे छिरीङले सन् २०१९ मा **रु ५००० करोड** पाएको छ । सन् २०२१-२२ मा विकासकोलागि भारतले भुटानलाई थप् **३००४** करोड रूपया दिएको छ । त्यसरी नै सन् २०२३ मा भारतले **१०,०००** (दश हजार करोड) भारतीय रूपैयाँ र सन् २०२४ मा रु. **६,५४१.७९** करोड दिएको छ । भुटानी सेनाको लागि भारतले अलग्गै बजेट दिन्छ, जसको लेखाजोखा सार्वजनिक गरिन्दैन । भुटानलाई यति धेरै पैसा किन दिनु आफ्नै देशका जनता गाँस, बास र मकानको अभावमा भोकै मरिरहेका छन् । सरकारको ऋण, गरीबी र भोकको पीडा सहन नसकेर धेरै राज्यहरूमा किसानहरू आत्माहत्या गरिरहेका छन् । सरकारको यस्तो रवाफ देखेर भारतीय जनता पनि दुःखी छन् ।

**म** भारतको सदैव सम्मान गर्ने व्यक्ति हुँ । भारतप्रति कसैले नराम्रो सोच्दा ठिक लाग्दैन । मेरो युवावस्था, ज्ञान-बुद्धी सँगै जीवनको खुशी र अनुभवहरू भारतीय समाजसँग जोडिएको छ । भारतीय सेना, नेभी, एयरफोर्स र डिफेन्सका सर्वोच्च पदहरूमा र नागरिक समाजमा पनि मेरा घनिष्ट मित्रहरू छन् । उनीहरूसँग मेरो आत्मीय सम्बन्ध रहेकोछ । त्यसरीनै नेपाल, भारत, भुटान लगायत अन्य देशहरूमा भएका नेपाली-भाषी जनसमुदायहरूको नाता सम्बन्ध भारतसँग जोडिएको छ । उनीहरू भारतको सुरक्षा र उन्नति चाहान्छन् यसको परिणाममा भारत सरकारको बन्धुवर्ग दृष्टिकोण र संरक्षणको आशा गर्छन् । तर यसको विपरीत भारतका केही नेतृत्ववर्गले छिमेकी देशका जनतामाथि विष बमन गर्छन, उहाँहरूले आफ्नै देशको हित् विपरीत राजनीति गरेको ढाक्छोप गर्छन् । अतः 'राजनीतिमा देशद्रोहीलाई पनि छुट् हुँदो रहेछ' भन्ने सन्देश भारतीय राजनीतिले छिमेकीलाई पनि सिकाई रहेकोछ । **विशेष कुरा दोहोऱ्याउन चाहन्छु 'भुटानका अवसरवादी राजा भारतको पक्षमा बसिरहन सक्दैन, तर भुटानका जनता विशेष गरी गोर्खा-समुदाय भारतको दुश्मन हुन सक्दैनन् । यसबारे भारतका नेताहरूले राम्रोसँग बुझ्नु पर्दछ ।**

आफू ठूलो र बलियो छु, छिमेकी भन्दा सयौं गुणा ताकतवार छु, त्यो जाति भन्दा हाम्रो जातिको संख्या धेरै छ, त्यो देश भन्दा हाम्रो देश शक्तिशाली छ भन्ने जस्ता अहंकारमा राजनीति गर्ने कुनै पनि देशका राजनीतिज्ञहरूले देश र जनतालाई विकास र शान्तिको बाटोमा डोऱ्याउँदैनन् । अमेरिका, रसिया, भारत, चीन, पाकिस्तान, इरान, ईजरायल, प्यालेस्टाइन जुनसुकै देश हुन् अरूमाथि आक्रमण गर्नेहरू कहिल्यै पनि शान्ति र सुरक्षित भई बस्न सक्दैनन् । यसरी शक्तिशाली देशहरू आफ्नो घमण्ड र आक्रमक व्यवहारका कारण अर्को ठूलो देशबाट आउन सक्ने विपत्तिको आशङ्कामा हुन्छन् । यस्ता अब्यवहारिक राजनीतिक सिद्धान्त र उग्र राष्ट्रवादले शान्ति ल्याउँदैन भन्ने यथार्थलाई बुझ्नुपर्दछ ।

विश्वमा सबैभन्दा ठूलो प्रजातान्त्रिक कहलाईएको भारत परमाणु शक्ति सम्पन्न भएर पनि कुन त्यस्तो डर छ जसले गर्दा भुटानी जनतालाई देशबाट लखेट्दा भुटान सरकारलाई केही भन्न नसकेको ? भुटानी जनताले राजतन्त्रको अत्याचार विरुद्ध आवाज उठाएका थिए तर, राजाले भारतको आड आश्रयमा सेना र प्रहरीद्वारा जनताको सबै धनसम्पति लुटेर घर आगो लगाए, धेरैको हत्या

गरे, स्त्रीहरूको बलात्कार गरे, जेलमा यातना दिए अनि हजारौंलाई बर्बरतापूर्वक देशबाट लखेटे । न्याय माग्ने जनतालाई देशबाट लखेट्ने कार्यमा भारतले भुटानी निरङ्कुश राजालाई साथ दिँदा भारत सरकारको नीचमारा अधम चरित्र देखिएको छ । भारतको शान र शक्तिलाई कालो पोतेको छ । यस्ता दुष्ट राजनीतिले भारतीय जनता र छिमेकी देशका जनताबीच भएको विश्वासलाई टुटाउने कार्य गरेकोछ । छिमेकमा शान्ति भए आफ्नो देशका जनताले पनि शान्ति महसुस गर्न सक्छन् । शक्तिशाली देशले सानो र कमजोरलाई सहजै दमन गर्नसक्छ दुःख दिनसक्छ तर इतिहासले यही भन्दछ कि घमण्डी अहङ्कारी राजनीतिले शक्तिशाली देशलाई पनि विखण्डन गरेको छ । संयुक्त रसिया विखण्डन भएको धेरै समय बितेको छैन । त्यसबाट पनि शिक्षा लिन सकिन्छ । एउटा देशले अर्को देशसँग सम्बन्ध राख्दा त्यस देशको सत्तासँग सम्बन्ध हुनुपर्छ तर जनता माध्यम बन्नुपर्छ कारण, जनताले निरङ्कुश सत्ता परिवर्तन गर्नसक्छ । ठूलो र शक्तिशाली देशहरू भएर पनि शताब्दिऔंसम्म **बृटिशको अधीनमा** बस्नु परेको भारतको तितो इतिहासलाई कसैले भुल्न सक्दैन । सम्पूर्ण भारतीय जनता एवं राजनीतिज्ञहरूले मनन गर्नुपर्ने तितो सत्य हो ।

भारत स्वतन्त्र भएको **७७** वर्ष भईसक्यो । अझै पनि भारतीय नेताहरूमा देशमा भएका विभिन्न जात-जातिका जनताहरू बीचको एकता र अखण्डताप्रति ज्ञान र अनुभवको कमी देखिन्छ । दिल्ली, कलकत्ता, मुम्बई, युपी, महाराष्ट्र, गुजरात, मध्यप्रदेश, उत्तरप्रदेश आदि राज्यहरूमा भएका जनताहरू तथा केन्द्रमा मन्त्री हुनेहरूका जातिहरू मात्र खाँट्टी भारतीय नागरिकहरू हुन् । अरू त साधारण मानिसहरू हुन् भन्ने भारतको केन्द्रीय राजनीतिमा जुन सोच देखिएको छ, त्यसले देशमा फाटो पैदा गरी विखण्डनको अवस्था ल्याउन पनि सक्छ । राजनीतिज्ञहरूले देशको सिमाना, देशमा बसोबास गर्ने विभिन्न जाति, भेष-भुषा, धर्म र संस्कृतिका नागरिकहरूबारे पढनुपर्छ । नत्र एकदिन ठूलो समस्या भोग्नुपर्ने देखिन्छ जसलाई भारतीय राजनीतिज्ञहरूले समयहुँदै सोच्नुपर्नेछ ।

भारतमा आजको युगमा पनि विद्यमान रहेको जातजातिको प्रथा र राजनीतिक चरित्र **मुगल युगको पतन** र भारतमा **बृटिश राजको उदयको** क्रममा भएका घटनाक्रमको परिणाम हो भन्न सकिन्छ । मुगल युग र त्यसपछि बृटिश राजमा भारतमा शक्तिशाली मानिसहरूको जन्म भयो । उनीहरूले आफूलाई राजा, पुजारी र तपस्वीहरूसँग तुलनीय सम्बन्ध राखेर अन्य जनसमुदायहरूबीच

आफूलाई देशप्रेमी र विज्ञ ठहराए । आज त्यही वर्ग मानवबस्तीको प्रभावका कारण भारतको राजनीतिमा विभेदकारी नीति रहेको देखिन्छ ।

जसरी गोर्खाजाति भारत, म्यानमार, थाईल्याण्ड, इन्डोनेसिया, भुटान र नेपालमा छन् त्यसैगरी बंगाली बंगलादेशमा, तामिलहरू श्रीलंकामा छन्, बिहारी, राजस्थानी, गुजराती, पञ्जाबी, महाराष्ट्री, आन्द्रप्रदेशी तथा धेरै भारतीय मूलका मानिसहरू पाकिस्तानमा छन् । तर बंगाल र दिल्लीमा बस्ने नेताहरूले आफ्नो जातिको थात-थलोको कुरा गर्दैनन् । उनीहरू आफैंले देशको विरुद्ध कुकर्म गरेको, आफ्नो जातिको जरा बंगलादेश, श्रीलंका, पाकिस्तान तथा उग्रवादी संगठनहरूसँग संलग्न रहेको देख्दैनन्-जान्दैनन् र जानेर पनि कुरा गर्दैनन्, ढाक्छोप गर्छन् । उनीहरूले गोर्खाजाति नेपालमा पनि छन् भन्ने मात्र पढेका छन् । जसले देशप्रति इमान्दारीताका साथ कर्तव्य पूरा गर्छन्, जीवन बलिदान् गर्छन् उनीहरूकै खेदो गर्छन् । केन्द्र र राज्य सरकारमा आसीन नेताहरूले झुट बोलेर आफ्नै जातिको अनिष्ट-कारक दोषहरू ढाकछोप गर्नु कालान्तरमा भारतका लागि परिणाम राम्रो हुने लक्षण देखिदैन ।

जहाँबाट देश विरुद्ध षड्यन्त्र भईरहेको छ जसले आतङ्क फैलाईरहेको छ, त्यसको विरुद्ध उत्रिने तागत र दम विद्वान् नेताहरूमा हुनुपर्छ, हिम्मत गर्नुपर्छ। यो एउटा राजनीतिक नेताहरूको सचेतनाकोलागि सिक्नु र गर्नुपर्ने विषय र जिम्मेवारी हो । देश विरोधी तत्वहरू कुन समुदायबाट र किन जन्मिरहेको छ ? त्यसको अनुसन्धान गर्नुपर्छ। देशका जनतामाथि भेदभाव नगरी विश्वासमा लिएर त्यस्ता दुष्कर्मीहरूलाई निर्मुलगर्न सकिन्छ । दुईचार जना विदेशी आतङकवादीहरूको पछाडि लागेर हल्ला गर्नु पहिला देशभित्र आफ्नै समुदायभित्र भएका देशद्रोही तत्वहरू निर्मुल गर्न उचित कदम उठाउनु पर्छ । भाषण र प्रचारमा देशबाट भ्रष्टाचार मुक्त गर्छु, आतङ्कवादलाई समाप्त गरी विदेशमा भएको कालो धन ल्याउँछु भनी ढोल पिटेर मात्र हुँदैन। खेती-किसान गरी जीवन गुजारा गर्ने गरिब र अन्यायमा परेका निमुखाहरूलाई न्याय दिलाउँछु भनेर मात्र हुँदैन । समयमा ठिक कदम उठाउन सक्नुपर्छ न्याय हुनुपर्छ । भारतका किसानहरू ऋणको बोझमा छन् । घरमा अन्न नभएर आत्माहत्या गरिरहेका छन् । प्रजातन्त्र र मानव-अधिकारको संरक्षण गरी गरिब र अन्यायमा परेका निमुखाहरूलाई माथि उठाउँछु भन्छन् तर, देश स्वतन्त्र भएको ७७ वर्ष भईसक्यो मजदुर-किसानहरूको जीवनस्तर उस्तै छ । किसानहरूको आत्महत्या रोकिएको छैन । देशमा चोरी,

डकैती, हत्या, बलात्कार र आतङ्क बढ्दो छ । यस्तो अवस्थाका परिणाममा आतङ्कवादी संगठनहरूले गरिब, शोषित र केही विशेष धर्म र जातिलाई सहजै प्रयोग गर्छन् । बदलाको भावनामा पनि यस्ता तत्वहरू जन्मने अनि देशमा आतङ्क फैलाउँने काम गर्छन् । यो एउटा गम्भीर विषय हाम्रो अघि छ । यसलाई हटाउन सबैले मनुष्योचित कर्म गर्नुपर्छ ।

जीवनको सुरक्षा मागिरहेका जनतालाई निरङ्कुश राजाको मनोमानीको लागि अन्यत्रै लखेट्नु भारतीय नेताहरूको कार्य सही ठहरिदैन । भारतीय बन्धुहरूमा यही कुरा राख्न चाहन्छु कि निरङ्कुश शासकको चाकडी गर्नुहुँदैन । भारत विश्वमा सबैभन्दा ठूलो प्रजातांन्त्रिक मूलुक भएकोले पनि उसले प्रजातन्त्र र मानव-अधिकारको सम्मान गरी छिमेकी देशका जनताप्रति पनि उत्तिकै प्रजातान्त्रिक र मानवीय भावनाहरूमा संवेदनशील हुनु आवश्यक हुन्छ । छिमेकी देशका जनताको विश्वास नभए त्यस देशको सत्तासँग भएको सन्धि र सम्झौताले सिमानाको सुरक्षा हुँदैन । भुटानको सिमानामा हुने चीनको सैनिक कसरत तथा सुरक्षाका विविध विषयहरूमा भारतले भुटानी जनतालाई साथ दिनु उपयुक्त हो राजसत्तालाई होईन । म यो कुरा यहाँ जबरजस्त राख्न चाहन्छु *'भारतले छिमेकीलाई पहिला चोट लाग्न दिने त्यसपछि दबाई-पट्टी गर्नुभन्दा चोट नलाग्नको लागि बेलैमा सहायता गरिदिए भारतमाथि छिमेकी जनताको विश्वास बढ्नेछ'* ।

कुनै पनि देशको छिमेकसँगको सम्बन्ध सामाजिक, व्यवसायिक, धार्मिक, साँस्कृतिक र परिवारिक सम्बन्ध सँगसँगै राजनीतिक सम्बन्ध पनि रहेको हुन्छ । मानव समाजमा हुने यस्ता गुणहरूको मूल्याङ्कन गरी छिमेकी देशका सरकारहरू जनताप्रति उत्तिकै संवेदनशील हुनु आवश्यक हुन्छ । छिमेकी देशका जनतामाथि भरोसा हुनु जरुरी हुन्छ । **भुटानी शरणार्थी समस्या भुटानको सिमानाभित्रको मात्र होइन, यो समस्या छिमेकी भारतको पनि चासोको विषय हो । यो समस्या समाधानसँगै भुटानमा सुशासनको व्यवस्था गर्नु भारतीय र भुटानी जनताबीच मित्रता र विश्वास बढाउनु हो ।** यसकारण जुन विषयलाई ध्यान दिनुपर्ने हुन्छ त्यसलाई समयमै महत्व नदिएर अनावश्यकरूपमा भारतीय नेताहरूले भुटानी राजाको चाप्लुसी गरिरहन्छन् भने भारतको लागि अन्य बाधा-अड्चनहरू थपिन निश्चित छ ।

१. छिमेकी मूलुकहरूसँग राम्रो सम्बन्ध बनाउनु कुनै पनि देशकोलागि प्राथमिक विषय हो । यदि छिमेकीहरूसँगको सम्बन्ध बिग्रिएको छ भने

ठूला र शक्तिशाली देशको वैश्विक छवि पनि कमजोर र शंकास्पद रहनेछ । छिमेकीहरूसँगको शान्तिमय, स्थिर र मैत्रीपूर्ण सम्बन्ध आवश्यक सिद्धान्त हो । सानो छिमेकी देशका सिमानामा ठूला देशका सशस्त्र सेनाहरू परिचालन गरिएका हुन्छन् भने त्यो ठूला देशको दम्भ अहङ्कार हो, त्यसो गर्नु हुँदैन । भारत र यसका छिमेकी देशहरू बाहिरीरूपमा मैत्रीपूर्ण देखिएता पनि भारतमाथि छिमेकी देशहरू पूर्णरूपमा विश्वस्त रहन सक्दैनन । भारतले विकासको बहानामा छिमेकी देशलाई आर्थिक सहयोय प्रदान गर्दछ तर बदलामा त्यस देशको सार्वभौममाथि अतिक्रमण गर्ने गरेकोछ ।

२. भारतले छिमेकी देशहरूसँग कहिल्यै पनि सुमधुर सम्बन्ध राख्न नसक्नुको कारण भारतका राजनीतिज्ञहरू बृटिश उपनिवेशकको धङ्-धङीबाट अझ पनि मुक्त भईसकेका छैनन् । उनीहरूको राजनीतिक सिद्धान्त दिमागी हालत एवं कार्यशैलीमा सामन्तवादी विचारधाराले स्थान लिएको छ । छिमेकी देशहरू भन्दा ठूला हुनाको कारण उनीहरूमा दम्भ छ, घमण्डले फुलिएका छन् । नेपाल, भुटान, बंगलादेश, श्रीलङ्का जस्ता साना छिमेकी मूलुकहरूमाथि हैकम देखाउने गर्छ । यसको विपरित भारत र नेपालका जनसमुदायहरू भने हरप्रकारका नाता साइनो, सम्बन्धहरू सामाजिक, पारिवारिक, व्यवसायिक, धार्मिक, सांस्कृतिक इत्यादिले जोडिएका छन् उनीहरू शान्ति सुरक्षा चाहान्छन् । यस्तो मनुष्योचित परिदृश्यमा पनि नेपालप्रति भारतीय राजनीतिक नेताहरूको व्यवहार एक विश्वास गर्न सकिने मित्रको जस्तो छैन ।

३. सन् १९६२ मा चीनसँग युद्धमा परास्त भएर भाग्दैगर्दा भारतीय सेनाहरू नेपालको आधिकारिक स्वीकृतिबिना जबरजस्ती कालापानी, लिपुलेख, लिम्पियाधुरा कब्जा गरेर बसेका थिए । भारत सरकार एवं भारतीय सेना आज त्यो जमीन छोड्न तयार छैन । उनीहरूले आफ्नै जमीन भनी जबरजस्ती हडप्ने कोसिस गरिरहेका छन् । नेपालले विभिन्न स्तरका कुटनैतिक माध्यमद्वारा भारत सरकारलाई अनुरोध गरिरहेको छ तर भारतले सानो देश नेपालको कुरा नसुनेको झैं गरिरहेको छ । यसबारे भारतले सैन्य र राजनीतिक शक्तिको आधारमा नेपाललाई मजबुर पार्न रणनीति अपनाएको प्रष्टै देखिन्छ । यद्यपि, मजबुत न्यायिक अडान र देशको राजनीतिक एकतामा नेपालले आफ्नो भू-भाग सहजै फिर्ता गराउन सक्नेछ ।

४. भारतका पूर्वराजदुत मेलकुलानगारा भद्रकुमारले दोक्लाम चीनको भू-भाग भएको तर, सन् १९७० को दशक भारतले भुटानको नक्सा बनाउँदा

त्यसलाई भुटानमा पारिदिएको उल्लेख गरेका छन् । त्यसैगरी उहाँले सन् २०२० जुलाई १७ को एसिया टाईम्समा भारतीय सेनाले चीनको भू-भागमा पसेर उक्त दोक्लाम क्षेत्रमा चीनले अगावै निर्माण गरेको सडक आदि मर्मत गर्नमा अवरोध पुऱ्याएको कुरा र त्यसपछि भारतीय र चीनीया सेनाबीच एकआपसमा झडप भएको हो भनी उल्लेख गरेका छन् ।

५. यहाँमाथि उल्लेख भएका विषयहरू देखि अलग्गै एउटा ताजुबलाग्दो कुरा यस्तो पनि छ *'भारतले भुटानलाई सदैव ओडारमा राख्न चाहन्छ'।* भुटानलाई अन्य शक्तिशाली देशहरूसँग कुटनैतिक सम्बन्ध राख्नमा समेत भारतले छेकिरहेको अवस्था छ । चीन, अमेरिका जस्ता शक्तिशाली राष्ट्रहरूको उपस्थितिले भुटानमा आफ्नो प्रभुत्व समाप्त हुन्छ भन्ने आधारमा भारतले यस्तो गरिरहेको कुरा भुटानी जनतालाई पनि थाहा भएको कुरा हो । साथै भारत-भुटान सम्बन्धका विशेषज्ञहरू पनि यही बताउँछन् ।

६. सन् १९४९ को भारत-भुटान सन्धिको धारा २ असान्दर्भिक भएको कुरा भुटानले उठाएपछि सन् २००७ मा दुवै मूलुक उक्त सन्धिको धारा २ परिवर्तन गर्न तयार भए । नयाँ सन्धिमा धारा २ को सट्टा "दुवै मूलुक एकअर्काको राष्ट्रिय सुरक्षाका सवालमा एकअर्काको निकट रहेर सहयोग गर्न र आफ्नो भू-भागमा एकअर्काको सुरक्षा हितमाथि प्रतिकूल असर पर्ने गतिविधि हुनदिने छैनन्" भन्ने पदावली राख्न सहमत भएका छन् । तर भारतले छिमेकीमाथि एक असल मित्र झैं व्यवहार गरेको छैन । ऊ सदैव सशङ्कित छ ।

७. सन् २०१२ को २१ जुनमा ब्राजिलको रियो-दि-जेनेरोमा भुटानका तत्कालीन प्रधानमन्त्री जिग्मी वाई थिन्ले र चीनका प्रधानमन्त्री वेन जियाबाओबीच भएको भेट्वार्ताले भारत झन् सशङ्कित बनेको छ । भुटानले लगत्तै चीनबाट २० वटा बसगाडी खरीद गरे बापत भारतले भुटानलाई खबरदारी सँगै दण्ड पनि गऱ्यो । मनमोहन सिंहको सरकारले पेट्रोलियम, डिजल, ग्यास आदिको अनुदान बन्द गरिदियो । यसको परिणाम भुटानमा हाहाकार मच्चियो । प्रधानमन्त्री जिग्मी योन्तेन थिन्ले चुनावमा पराजित भए र अर्को पार्टी सरकारमा आयो ।

८. भारतका राजनीतिक नेताहरूको हेपाह प्रवृत्ति एकतर्फ छ भने अर्कोतर्फ भारतीय मिडियाहरूले पनि छिमेकी देशहरूबारे दिग्भ्रमित समाचारहरू प्रचारप्रसार गर्ने गर्दछ । भुटानमा भएको एउटा सन्सनीपूर्ण घटनामा सर्वोच्च अदालतका एक न्यायधीश, एक आर्मी ब्रिगेडियर र एकजना जिल्ला न्यायधीश

संलग्न थिए जसलाई लिएर भारतीय सञ्चार माध्यमले *"आखिर भुटान मे कौन करना चाहता था तख्ता पलट, जिसका असर भारत और चीनपर पड सकता था"* भनेर संत्रस्त समाचार प्रसारण गरेका छन्। हालैमा एकजना अवकाश प्राप्त भारतीय सेना अधिकृतले नेपाल र भुटानलाई युक्रेन बनाईदिने धम्की दिएका छन्।

**भुटान र छिमेकी भारतको** बारेमा केही हदसम्म चिन्तन र मनन् गर्दै अन्तमा यही भन्न चाहान्छु कि भुटानी जनताले अन्याय, अत्याचार र दासत्वबाट मुक्तहुन लक्ष्य तय गर्नुपर्दछ परचक्रीको षड्यन्त्रबाट देशलाई बचाउन सबै भुटानीहरू एक भएर सङ्घर्ष गर्नुपर्छ।

सक्कली प्रजातन्त्र र मानव-अधिकारको लागि आवाज उठाईरहेका भुटानी जनता राजतन्त्रको नारकीय जीवनबाट मुक्त हुन सशक्तरूपमा आवाज उठाउनुपर्छ। मलाई विश्वास छ सत्य र असत्यको लडाईमा सत्य केही समयसम्म ओझेलमा परे पनि अन्तिममा जीत सत्यकै हुन्छ। गोर्खाजाति-लोत्सम्पालाई लखेटेर वाङचुक राजाले भुटानका अरू जातिहरूमाथि जसोगर्दा पनि आफ्नै हातमा डाडु-पुनिँउ हुने व्यवस्था गरी सन् २००८ मा शाही प्रजातन्त्र घोषणा गरेको हो। जनताको आवश्यकता अनुसार र जनताद्वारा भुटानमा प्रजातन्त्र स्थापित भएको होइन। वास्तवमा भुटानमा प्रजातन्त्र र मानव-अधिकारकोलागि संघर्ष गर्ने समूहलाई देशबाट लखेटेर राजाले आफ्नो स्वार्थको प्रजातन्त्र स्थापना गरेको छ। जनताले स्थापित गरेका राजनीतिक दललाई भुटानको संविधान र चुनाव आयोगले प्रतिबन्ध गरी कानुन बनायो र चुनावमा भागलिन नपाउने भनी फैसला गरेपछि त्यस्तो अवस्थामा कसरी सक्कली प्रजातन्त्र छ भन्न सकिन्छ ?

प्रजातन्त्रकोलागि सङ्घर्ष गरिरहेका जनता र राजनीतिक दलहरूको सहभागितामा भुटानले असली प्रजातन्त्रको चुनाव गराएको भए निरङ्कुशताको धरातल समाप्त हुनेथियो। जनताले विजय हाँसिल गर्ने थियो। एकदिन त्यो समय आउनेछ जसलाई जनताले बुझेका छन्। साँचो प्रजातन्त्र स्थापित हुँदा निरङ्कुश राजामा पनि परिवर्तन आएको सबैले देख्नेछन्। राजालाई यो सद्वुद्धि र चेतना आओस् कि देशमा बसोबास गरिरहेका विभिन्न जात-जाति, धर्म र संस्कृति भएका मानिसहरूको जीवनमाथि खेलवाढ गर्ने र उनीहरूको जीवनमा कष्ट पुऱ्याउने कार्य गर्नु हुँदैन। राजाले आफ्नो शक्ति र अधिकारको प्रदर्शन जनता विरुद्ध गर्छ भने त्यसैबाट उसको पतन सुरु हुन्छ। जसरी राजा र रानीहरूलाई बाटोमा भेट्दा भुटानीहरू भुँईमा लम्पसार परेर ढोग गर्छन् त्यही जनताले उसको शासनका राजदण्डहरू नष्ट गर्नेछन्। म यो कुरा बारम्बार दोहोऱ्याउन चाहान्छु भारतले राजाभन्दा भुटानी जनतासँग विश्वासको विकास गर्नु नै असल हुन्छ।

जसद्वारा भुटानी जनता सचेत हुनेछन् तब मात्र भुटानमा साँचो प्रजातन्त्रको उदय हुनेछ । मानिस-मानिसबीच भएको सद्भावना, बन्धुत्व र आपसी हितका क्रन्दनहरू सत्य हुन्छन् यो मानिसको हृदयमा प्रबल रहिरहन्छ । यसलाई तोडेर निरङ्कुश शासन चलाउने कुनै पनि व्यक्ति, समूह वा राजाको नाम यो धरतीमा पुज्य हुँदैन । भारतीय नेतागणप्रति मेरो निवेदन छ भुटानी जनताको भावनालाई धरातलीय यर्थाथसँग जोडेर बुझ्ने कोसिस होस ।



डायना खोला भुटानः यहाँ सन् १९९० मा जनतामाथि
सरकारले गोली चलाएको थियो ।




भारतले भुटानी शरणार्थीमाथि गोली हानी मारेको र बाटो रोकेको दृश्यः १९९७ ।

**सेक ताला र मासुर बस्नेत**जस्ता व्यक्तिहरू जसले देशमा असल व्यवस्था चाहेका थिए उनीहरूलाई जिउँदै छालाको धोक्रोमा हालेर एउटालाई पुनाखा खोलामा र अर्कोलाई सुनकोशीमा बगाएर मारेको दर्दनाक मृत्युलाई भुटानी जनता र उनीहरूका परिवार एवं इष्टमित्रहरूले भुलेका छैनन् । त्यसरीनै राजा जिग्मी दोर्जी वाङचुकले सार्छोप जातिका वुद्धीजीविहरू, नेता र धर्मगुरु सावड्डङलाई समाप्त गर्न प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीलाई प्रयोग गरेका थिए । जसले गर्दा सार्छोपहरूको नजरमा प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जी दुश्मन देखिएका हुन् । तर जिग्मी पाल्देन दोर्जीको बारेमा सत्य कुरा बाहिर आउन नदिन तथा आफ्नो षड्यन्त्र खोलिने डरले राजा जिग्मी दोर्जी वाङचुकले प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीको पनि हत्या गरेका हुन् । आज जिग्मी पाल्देन दोर्जी जीवित भएको भए सबै कुराहरू थाहा हुन्थ्यो । दोर्जी परिवार बडामहारानी आजी केजाङ छोडेन वाङचुकको नजीकको हुनाले उनीहरूलाई मनाएर खुशी राख्न जिग्मी पाल्देन दोर्जीको भाई **लेण्डुप दोर्जी**लाई केही समयको लागि प्रधानमन्त्री बनाए तर उसलाई पनि हत्या गरिने योजना थाहा पाएपछि **लेण्डुप दोर्जी ज्यान जोगाउन भागेर नेपालमा शरण लिन पुगे ।** भुटानमा आज पनि प्रगतिशील विचार विरुद्ध षड्यन्त्र  भईहेको छ । भुटानी गोर्खाजाति तथा लोत्सम्पा शरणार्थीहरू एवं प्रगतिशील राजनीतिक विचारधारा भएका सार्छोप र ङालोङ वुद्धीजीविहरू पनि भारतमा शरण लिएर बसिरहेका छन् । उनीहरू पनि भुटानमा सक्कली प्रजातन्त्र चाहन्छन् र आशा गरेर बसेका छन् कि भारतले उनीहरूलाई पक्रेर भुटानी राजाको चाप्लुसी गर्दैन । भारतले दीर्घकालीन शान्ति र सुरक्षाकोलागि आफ्नो नीतिमा अवश्य पनि भुटानी जनताको पुकारप्रति सकारात्मक सोच बनाउनेछ भनी आशा गरेको छु ।

*****

# धर्म-भगवान र राजनीति

## पहिलो भाग : धर्म एउटा निराशा र आशा

**धर्म** शब्दबाट प्रकट हुने आशय अनुसार धर्म भनेको मूलतः विचारको धारणा हो । धर्मले यस धरतीका मानिस-मानिसबीच प्रेम र बन्धुत्वको मिश्रणसँग मानिसहरूको हृदयमा श्रद्धालु भावनाको अनुभूति गराउँदछ । धर्म मानिसको अन्तस्करणमा रहने मूल स्वभाव, लोकको हित वा व्यवस्थाका लागि अँगालिने परम कर्तव्य एवं सदाचारी गुण पनि हो । धर्म विशेषले मानिसको मन, मष्तिक र विचारहरूदेखि उसले जीवनमा पूरागर्न चाहेका अभीष्ट आकांक्षाहरू, प्रगतिशील सोच र उमंगहरूमा समेत गहन प्रभाव पारेको हुन्छ । धर्मले सबै अवस्थाका मानिसहरूलाई जीवनलाई बुझ्न सहयोग गर्छ । जीवनमा चुनौतीहरू सामना गर्न थालेको दिनदेखिनै मानिसहरू धेरै आशा, उमंग र विश्वास गरी तन्, मन्, धन् सगैं जीवनको अमूल्य समय धार्मिक कार्यमा लगाउने गर्दछ । धर्मप्रति नतमस्तक भई थरीथरीका सेवा र सँगतिहरूमा जुटिरहेका हुन्छन् । मानव जीवनकोलागि शान्ति, सुरक्षा र आनन्द आधारभूत् आवश्यकता हो । तदनुरूप धर्मनिष्ठहरू यही लोकमा जीवनमा सृष्टिकर्ताबाट खुशी र आनन्दका वरदान पाउने आशा गरिरहेका हुन्छन् ।

असल कार्य, कर्तव्य, नैतिकगुण, निष्पक्षता, पवित्रता, नीतिशास्त्र, प्रकृतिको नियम, स्वभाव, चरित्र, लाक्षणिक गुण, शालिनता तथा जाति सम्प्रदायका प्रचलित नियमहरूको पालना गर्नुलाई धर्म भनी बुझिएको छ। यसको साथमा **धर्म** भन्नाले त्यो **अदृश्य शक्ति** जो जस्तो, जहाँ, जसरी क्रियाशील छ जसद्वारा यो बैभवको रचना भएको भनी विश्वास गरिएको छ, जसद्वारा धरतीमा भएका सबै प्राणीहरू, सबै चल-अचल वस्तुहरूको सृष्टि भएको छ, जसद्वारा जन्म र मृत्यु तथा आदि

र अन्तको निर्णय हुन्छ, जसद्वारा मानव जीवनको सुख, आनन्द, शान्ति, खुशी, समृद्दि र सफलताहरू प्राप्त हुन्छ अनि जसद्वारा चिन्ता र हतोत्साही जीवनबाट मुक्तभई जीवन रहदां धरतीमा अनि जीवन नरहँदा मृत्युपछि स्वर्गमा पनि सुख पाईन्छ भनी मानिसहरू विश्वास गर्छन् । त्यो सृष्टि-कर्ताले देखाएको बाटोलाई आत्मसात गरी धार्मिक सेवामा आफूलाई समर्पित गर्नुलाई बुझाउँदछ ।

धार्मिक संस्थाहरूले मानिसलाई धर्मको बारेमा सही ज्ञान दिनुपर्छ । **स्वर्ग र नरकको** बारेमा सर्वज्ञाता झैं व्याख्यान गर्ने धर्मगुरुहरूले, स्वर्ग र नरक कस्तो छ ? स्वर्ग कहाँ छ, कसले देखेको छ ? स्वर्गमा पुगेर को आएको छ ? स्वर्गमा मानिसहरू जिउँदो हुन्छन् कि मरेकै अवस्थामा हुन्छन् ? मरेका अवस्थाका मानिसहरू कसरी स्वर्गमा हुन्छन् ? आदि सवालहरूको जबाफ दिन सक्दैनन् । उनीहरूसँग यसको उत्तर छैन । यसबारे उहाँहरू अन्धपरम्परामा विश्वास गरेर पथभ्रमित भएका छन् । सत्यता र वैज्ञानिक पृष्ठभूमि नभएको स्वर्ग र नरकको वास्तविक रहश्य नबुझी मानिसलाई तथ्यहीन कुरा पढाउनु धर्म होइन । संसारका हामी मानिस जातिलाई स्वर्ग र नरकको रहश्यबारे साधारण 'शाब्दिक ज्ञान' मात्र भएको हुनाले हामीले आफ्नो अपूर्णता, अज्ञानता र कमजोरीहरूलाई नलुकाईकन तथा मानिसलाई अन्धविश्वास् र अन्धकारमा नडोऱ्याई व्यवहारिक र सही ज्ञानदिने प्रयास गर्नुपर्छ । आफूलाई नै थाहा नभएको विषयमा काल्पनिक कुराहरू गरेर मानिसको प्रगतिशील सोच र बौद्धिक ज्ञानलाई अन्योलमा पार्नु भनेको मानव-जातिप्रति धोका हुनजान्छ । धर्म भन्नाले सत्यतामा रहेर निस्वार्थरूपमा असल कर्म गर्नुलाई बुझाउँदछ । धार्मिक संगठनमा रहेर सामाजिक कार्यहरू गर्दैमा मानिसले वैभवका सृष्टि-कर्तालाई चिन्न र प्राप्त गर्न सक्छन् भन्ने कुरा तार्किक छैन । धर्मगुरुहरूद्वारा मानिसलाई आफ्नो धर्ममा ल्याउने विभिन्न प्रकारका प्रयासहरू निरन्तर भईरहेको छ । तर धर्म-यज्ञ, सेमिनार र प्रचारकहरूद्वारा सृष्टिकर्ताप्रति भएको विश्वासलाई साबित गर्न भएका प्रयासहरू सबै असफल र उत्तरहीन छन् ।

*'स्वर्ग पनि नरक पनि कुनै क्षितिज सौरमण्डलमा नभएर यही धरतीमा नै छ'* भन्ने मानिसको युक्तिपूर्ण तार्किक विचारहरू पनि उत्तिकै सान्दर्भिक छन् । धर्मका संगठनहरूले गर्ने गरेका सांसारिक कर्महरू जो मानिसको हित विपरीत छ त्यसलाई युगौंदेखि चलिआएको तथा सदिऔंका पूर्वजहरूदेखि मानी आएको धर्मकर्म आदि-ईत्यादि भन्ने तर्क आजको प्रगतिशील युगमा मान्य नहोला ।

धर्मका विभिन्न प्रकृयाहरूद्वारा अधिकार जमाएर मानिसमाथि शोषण गर्ने होइन। तर अफसोच, आडम्बरी जीवन जिउन चाहानेहरूले धर्मलाई साधनको रूपमा प्रयोग गरी धर्मका विभिन्न विधि, नियम र कानुनहरूद्वारा समाज र देशमाथि शोषण गरिरहेको पाउँछौं। धर्मगुरुहरू आफ्नो बचाउमा यस्ता कार्यहरू धर्मका नियम अनुसार गरिएका समाजप्रति धर्मको योगदान नै हो भनी तर्क गर्छन्। तर धर्म त्यस्तो छैन, त्यस्तो होइन पनि। धर्मको जात, भाषा, रंग, रूप, नाम हुँदैन। धर्म सत्यको पहिचान हो। यो पारदर्शी, मनुष्योचित असल र वैज्ञानिक हुनुपर्छ।

सबै धार्मिक सम्प्रदायहरूले यस बैभवका सृष्टि-कर्ता एउटै छ भनी बोली मिलाउँछन। तर, सृष्टि-कर्ता कस्तो हुनुहुन्छ, के उहाँकै सृष्टि हौं त हामी भनी कसैले पनि मानिसलाई स्पष्ट पार्न सकेका छैनन्। सोही सृष्टिकर्ताले यो धरतीका मानिसहरूले के गरेको मन पराउनु हुन्छ, उहाँको इच्छा के छ त्यसबारे आ-आफ्नो धर्मग्रन्थमा कल्पित कथाहरू सुनाउन बाहेक कुनै पनि कुराको ठोस् प्रमाण लगाउन सकेका छैनन्। धर्मका संस्थाहरूले संसारका मानिसहरू कसैलाई हिन्दु बनाएका छन्, कसैलाई ईसाई, कसैलाई ईस्लाम, कसैलाई बुद्धिष्ट, सीक्ख, जैन आदि-इत्यादि बनाएका छन्। सबैले सृष्टिकर्ता एउटै छ भनी स्वीकार गर्छन् तर पराई धर्ममा नलाग्न भन्छन् आफ्नै धर्म ठूलो र असली हो भन्दै अलग-अलग बाटो हिड़िँरहेका छन्। आफू आफ्नो जाति, वर्ग र आफ्नो समाजले जसलाई भगवान भनी मानिल्याएको छ उसैको धुमधाम प्रशंसा गर्छन्। हिन्दुहरू भन्छन् श्रीराम ठूलो, ईस्लामले मोहम्मद, ईसाईले येशुखीष्ट, बुद्धिष्टले बुद्ध, सिक्खले गुरुनानक साहेबजी ठूलो भन्ने दावी गर्छन्। धर्मले समाज र विश्व मानव-समाजलाई जुन सेवा र साथ दिनुपर्ने हुन्छ त्यसबाट धार्मिक सम्प्रदायहरू टाढा छन्। यसको विपरीत धर्मले मानिसको हृदयमा स्वार्थको बिजारोपन गरेको छ। मानिसहरू निराश आशाको बोझमा थकित् छन्। एक सम्प्रदायले अर्कोलाई बहिष्कार गर्ने, आफूले अपनाएको धर्म अरूको भन्दा राम्रो भन्ने विचार मानिसको मस्तिष्कमा एकताको बाधकको रूपमा भरिदिएको छ। धर्म एउटा पहेली हो यही धर्मको नाममा धरतीका मानिसहरूको हृदयमा शंका, रिस, डाह, छल्कपट, धोखा, अविश्वास र अनेकताको सृष्टि भएको छ। मानव-समुदायलाई भगवानको नाममा खडा गरिएका संस्थाहरूले विभाजित् गरेको छ। धर्मका नाममा खडा गरिएका संस्थाहरू कार्यकारणी सिद्धान्तको विपरीत छ, यो सृजनशील क्षमताको विरोधी तत्व भएको छ।

## दोस्रो भाग: धर्म एउटा स्वार्थसाधक

हाम्रो यो विशाल ब्रह्माण्ड, यसको विशाल विस्तार एक निश्चित एवं लाभदायक उेश्यमा आधारित यसको समायोजनको अद्‌भुत प्रणालीले गर्दा सक्षम भन्दा सक्षम विचारकहरूको क्रियात्मक मानसिक शक्तिलाई पनि यसले चकित पारेको छ, जसमा धेरैजसो विचारकहरू यस्तो निष्कर्षमा पुगेका छन् कि *"जुनसुकै नामले पुकारेता पनि यो विशाल ब्रह्माण्डको सिर्जना र मर्मतको लागि त्यहाँ एक सर्व-शक्तिमान सर्व-विराजमान छ"* ।

**हजारौं** वर्ष पहिला जब यो विशाल ब्रह्माण्डमा पृथ्वी र मानिसको सृष्टि भएको थियो । त्यसको सँगसँगै संसारमा अहिले भएका धर्म-सम्प्रदायहरूको सृष्टि भएको भने होईन । त्यो समय मानिसहरूमा भेद्‌भाव थिएन शान्ति र सुख थियो । हिन्दु, ईसाई, ईस्लाम, सिक्ख कुनै पनि धर्मका संस्थाहरू थिएनन् । राम, येशूखीष्ट, सिद्धार्थ गौतम, मोहम्मद आदि जो कोही पनि थिए होलान् तर मोक्ष प्राप्तिको लागि यो बाटो र त्यो बाटो भनेर मानिसलाई विभाजित गरिएको अवस्था थिएन । मानिस-मानिसबीच एकता र सद्‌भावना कायम थियो । तर जुन मात्रामा मानिसको संख्या बढदैगयो त्यही मात्रामा मानिसहरू विभिन्न जात-जातिहरूमा विभाजित भए अनि मानिस-मानिसबीच भेद्‌भाव बढदैगयो । शासकहरूद्वारा स्वार्थ पूरागर्न आडम्बरी जीवन जिउन धर्मका संगठनहरू स्थापित् गरिए अनि मानव-समाजलाई धर्मका अनेक सम्प्रदायहरूमा विभाजित गराए । 'यस वैभवको कुनै एउटा **'सृष्टिकर्ता'** अवश्य छ अनि त्यो अदृश्य छ, जसलाई बुझ्न र चिनजान गर्न पनि सकिएको छैन' भनी भन्छौं, अनि त्यसलाई आ-आफ्नै विधि र भाषामा ईश्वर भनी मानिसहरूले पुकार गर्नथाले । विभिन्न नामहरू प्रभु, परमेश्वर, अल्लाह, गुरु, गाड आदि सबै एउटै हुन् भनी धार्मिक सम्प्रदायका धर्मविद्‌हरू भन्छन् । यी नामहरू त विभिन्न भाषाहरूका भिन्न-भिन्न पर्यायबाची शब्दहरू मात्र हुन् सबैको मालिक एउटै हुनुहुन्छ भनी स्वीकार गर्छन् । त्यसो हो भने धर्मका अलग अलग सम्प्रदायहरू किन ? मानिस सबै एकै हुन् भने धर्म अलग अलग किन ? धर्मको बारेमा सत्य र स्वीकारयोग्य वाणी वचन यस संसारको अघि ल्याईएको छैन ।

आज यस संसारमा एउटाले अर्को देशमाथि कसरी अधिपत्य जमाउने, कसरी महत्वाकांक्षी राजनीतिक लक्ष्य प्राप्त गर्न सकिन्छ र आफूले चाहेजस्तो

आघातीय अधिकार अर्को देशमाथि कसरी लागूगर्न सकिन्छ भनी कुटनीतिहरू धर्मको आडमा शासकहरूद्वारा प्रयोगमा ल्याएका छन् । राजनीतिसँग मिलेर धर्म प्रचारकहरूले मानिसलाई आफ्नो धर्ममा परिणत गर्न आकर्षक कार्यक्रमहरू गर्छन । कथा, श्लोक् र टुक्का जोडेर बनाईएका बिनसित्तिका कहानीहरू मानिसहरूलाई सुनाएर अल्मल्याउने कार्य गर्छन् । समाजमा व्याप्त धर्मका गतिविधिहरूलाई अध्ययन गर्दा पनि **धर्मका** किताबहरूले संसारका मानिसलाई अवैज्ञानिक कुराहरू सिकाईरहेको पाउछौं । हजारौं वर्ष पहिला लेखिएका धर्मका किताबहरूका लेखकहरू पनि सृष्टिकर्तादेखि अहिलेका मानिसहरू जस्तै टाढा, अनभिज्ञ र अपरिपक्व नै थिए । धर्मका किताबहरूमा यसो पनि भनिएको छ कि आदिम युगमा 'सृष्टिकर्ता' मानिससगैं बस्थे भनेर । मानिसहरू उहाँसँग सोझो कुराकानी गर्नसक्थे भनिएको छ । बाईबल, कुरान र हिन्दु धर्मका ग्रन्थहरूमा यसप्रकारका कथनहरू पाईन्छ ।

सृष्टिकर्ता अमर्त्य हुनु हो र उहाँले मानिसको सृष्टि गर्नुभएको हो, अनि सृष्टिको बखत उहाँ मानिससँगै हुनुहुन्थ्यो भने आज पनि उहाँ हामीसँगै हुनुपर्ने हो । के कारणले उहाँ आज हामीसँग हुनुहुन्न ? अमर्त्य, सर्वशक्तिमान यस वैभवका मालिकले आज पनि मानिससँग सोझो बात गर्न सक्नुपर्ने होईन र ?  'सृष्टिकर्ता' अमर्त्य छ भन्ने कुरा सही छैन । उहाँ पनि मृत्यु भएर धरतीबाट गईसक्नु भएको छ, होईन र ? उहाँ पनि हाम्रा बुवा-आमाजस्तै मानिस हुनुहुदो रहेछ भनी सम्झनु सक्छौं । हाम्रा तर्कहरूले यस सम्बन्धमा सारभूत अर्थ पूरा गर्न कठिन देखिए तापनि हामीलाई जन्मदिने **बुवा-आमालाई** सृष्टिकर्ता भन्न मनासिब हुन्छ, ।

यसैबीच एउटा कुराको भाव छर्लङग छ । त्यो हो विश्वमा भएका धर्मका किताबहरू मानिस आफैंले आफ्नो ईच्छा अनुसार, आफ्नो ज्ञान र क्षमतामा तथा आफ्नै विवेक अनुसार यस जगतका मानव जातिमा आफ्नो प्रभुत्व जमाउनको लागि खुबै मेहनत गरी चतुर्‍याँईका साथ लेखिएका हुन् । धर्म ग्रन्थहरूमा भएका सबै कथा-कहानीहरू काल्पनिक हुन् । **पहिलो कुराः** वैज्ञानिक आधारमा मानव-सृष्टिलाई बुझ्नु हो भने मानिसको सृष्टि भएपछि सृष्टिकर्ताको आवश्यकता आजको विश्वलाई अझ बढी आवश्यक छ, जसरी जन्मपछि बच्चालाई माता-पिताको आवश्यकता पर्छ । शुरुमा धरतीमा मानिसको संख्या नगण्य थियो त्यहाँ शान्ति थियो । आज धरती मानिसले खचाखच भरिएको छ, मानिसलाई शान्ति,

सुरक्षा, वैज्ञानिक सत्यता रहेको सृष्टिकर्ताको खाँचो छ । धार्मिक संगठनहरूको संख्या वृद्धि गर्न खाँचो परेको छैन । **दोस्रो कुरा:** धर्म ग्रन्थहरूमा लेखिएका सबै कुराहरू मानव-समाजलाई चाहिने राम्रा कुराहरू छन् भन्नु मुर्खता हुन्छ त्यसको विपरित संसारका विद्वानहरूद्वारा लिखित काव्यहरू धेरै सरल, असल, वैज्ञानिक र व्यवहारिक छन् । तर विडम्बना धर्म ग्रन्थहरू सही ठानी मानिसलाई पाठ सिकाईन्छ । धर्मका कथावस्तुहरूले मानव-समाजलाई सही बाटो डोऱ्याईरहेको छैन । सबै धर्म ग्रन्थहरू आफ्नो स्वार्थप्रयोजनका निम्ति लेखिएका छन् । कुनै पनि धर्मका किताबहरू निस्वार्थ सेवाको भावनामा आधारित छैनन् । यसको विपरीत धर्मका किताबहरूमा भएका विषयहरूले कसैलाई **ज्यानमारा र कसैलाई डरपोक** बनाईरहेको छ भन्ने कुराहरूप्रति विश्व समाजले ईमान्दारीताका साथ ध्यानदिन आवश्यक छ ।

हिन्दु धर्मको **गीताको** अध्याय २ को ४७ श्लोकमा यस्तो भनिएको छ “कर्मण्ये वाधिकारस्ते माँफलेषु कदाचन:” मा “कर्म फलहेतुभूर्मा ते सङ्गोस्त्वकर्मणि ।” तथा कर्म गर तर फल्को आशा नराख । यो एउटा विडम्बना हो फल नचाहिनेले कर्म गर्नु किन ? भगवान छ भने पनि उहाँले कर्मफलको आशा नभईकन यस वैभवको सृष्टिगर्नु भएको अवश्य होइन । कुनै पनि कर्म फलबिनाको हुन-सक्दैन । कर्म गरेपछि फल् राम्रो या नराम्रो, आफूलाई या अरूलाई, थोरै या धेरै तथा देखिने या अदृश्य तर फल्को आशा हुन्छ । ‘कर्म गर तर फल्को आशा नराख’ भन्नुको अर्थ बिना पारिश्रमिक काम गर । **यो शोषणको एउटा धार्मिक आडम्बरको चक्रब्यूह मात्र हो ।** दान दिनुलाई पनि **‘कर्म’** गरेको भनिन्छ । जुन वस्तु हामी दान गर्दछौं त्यो आफ्नो लागि पनि आवश्यक वस्तु हुन्छ र जसलाई दान दिन्छौं उसलाई त्यो वस्तुले भलो होस् भनी मनको अन्तस्करणमा कामना गर्नु पनि फलप्रतिको आशा विषय हुन् ।

धर्मका अगुवाहरू स्वार्थपरायण हुनुको अवस्थामा भक्तजनहरूद्वारा दिईएको दान्-दक्षिणा, धन-सम्पतिलाई सजिलै आफ्नो बनाउन यस्ता वचनहरूको प्रभावमा दाताहरूले केही पनि आशा नराख भनिएको बुझिन्छ । आफूले गरेको कर्म एवं दान् दिएको सम्पतिको परिणामको आशा गर्नु कसरी धर्मविपरीत हुन्छ ? फलको आशा नराखी कर्मगर्नु भनेको मूर्खता हो यसमा उनीहरूका भगवानहरू पनि सहमत् नहोलान् । शरीर बलिदान् सर्वश्रेष्ठ त्याग हो कर्म हो, यहाँ पनि हरेक सहिदले गरेको कर्मको लक्ष्य हुन्छ, फलको परिकल्पना गरेको हुन्छ । **‘फलको**

**आशा नराख'** जस्ता वचनहरू हिन्दु धर्मग्रन्थहरूमा धेरै छन् तर तार्किक छैनन् ती सबैलाई सभ्य र शिक्षित समाजले स्वीकार गर्दैनन् ।

**गीता** जसले कर्तव्य पालनाको रूपमा गरेको नै किन नहोस्, हिंसालाई धर्म मान्दछ भने, जुन गीताले कृष्ण र अर्जुनले गरेको युद्धलाई धर्मको रूप बताउँछ भने त्यो गीता धर्मको ग्रन्थ हुनसक्दैन । **हिन्दु धर्मभित्र** विभिन्न प्रकारका रुढीवादी परम्परा, अन्धविश्वास, अमान्य नीति र भेद्भावहरू छन् जस्ले हिन्दु समाज विभाजित छ । **भारत** विश्वको सबैभन्दा धेरै हिन्दुहरू भएको देश हो त्यहाँ महिलालाई केही मन्दिरहरूमा प्रवेश निषेध छ । 'शनि पुजा' गर्ने हक-अधिकार सबैलाई भएपनि महिलाहरूलाई मन्दिरमा प्रवेश गरी **'शनि पुजा'** गर्न प्रतिबन्ध छ । मन्दिरहरूमा प्रवेश सम्बन्धमा पुरुषलाई शुद्ध अनि महिलालाई अशुद्ध किन ठान्नु ? महिलालाई स्वतन्त्र रूपमा मन्दिरमा प्रवेशगर्न किन रोक ? पुरुषमात्र सबै क्षेत्रहरूमा सर्वेसर्वा किन ? धर्मग्रन्थहरूमा विवेचना गरिएका यस्ता अव्यवहारिक सिद्धान्तहरू सृष्टिकर्ताद्वारा आएको होईन । हिन्दुधर्म वैज्ञानिक, न्यायिक र कसैलाई पनि भेद्भाव नगर्ने मानव-जीवन जिउने सिद्धान्त सनातन् धर्म हो भनी सम्मेलन्हरूमा राजनीतिक नेताहरूले भन्ने गर्छन् । तर गीताको **अध्याय १८ को ४७** श्लोकमा भनिएको छ *"श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् । स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥"* अर्थात् अरूको धर्म जतिनै राम्रो भएपनि आफ्नै धर्म श्रेष्ठ हुन्छ भनी मानिसलाई घेराबन्दी गर्ने प्रयास बुझिन्छ । धर्मगुरुहरूका चिन्तनाहरू विश्व समुदायले सुनेको शताब्दिऔं भईसकेको छ तर हिन्दु धर्मभित्र अन्धविश्वासको अखाडा ज्यौं का त्यौं छन् ।

धर्म र भगवान विषय राजनीतिक व्यपारीहरूको थलो बनेको छ । विभिन्न आकार र प्रकारका देवी देवताहरूको भयप्रद रूपमा अकल्पित नक्शा, मुर्ति बनाएर बिक्री गर्ने, बच्चाका खेलौनाहरूदेखि लिएर मन्दिर, गुम्बाका नक्शा, रंगीविरंगी माला, बुट्टी, धनलाभ गर्ने यन्त्रहरू, फल प्राप्तिको मोहर लगाएर ठग्ने कार्य गरिरहेका छन् । मानिसलाई नासमझ मूर्ख तुल्याईएको छ । मुर्ति पूजागर्ने, ढुंगामा आफैले रातो तुल, धागो र सिंन्दुर लगाएर आफैं डराउने मानसिकता हिन्दु समाजमा व्याप्त छ ।

दृढ विश्वास र साहसका साथ मैले आफ्नो तात्विक तर्क लेख्नुपर्दा कुरान, गीता, बाईबल आदि ग्रन्थहरू धार्मिक होईनन् । यी ग्रन्थहरू यस

धरतीमा जन्म लिएका केही व्यत्तित्वहरूका बारेमा अतिरञ्जित गरी लेखिएका जीवनीहरू हुन् । उनीहरू कसैले पनि आफूलाई सृष्टकर्ता भनी परिचय गराएका होईनन उहाँहरू पनि हामी जस्तै मरणशील मानिस थिए । प्राचीनकालमा कुनै विशेष वर्गको महत्वाकाक्षीं स्वार्थ पूरागर्न हेतु उहाँहरूको जीवनीलाई साधान बनाएका हुन् । उहाँहरूले धार्मीकताको विषयलाई आ-आफ्नै कर्मकाण्ड अनुसार ब्याखान् गर्ने प्रयास गरेर धरतीबाट बिदा भए । गीतामा वर्णन गरिएका कौरव र पाण्डवबीच भएको युद्धले धर्मको उपदेश दिन सक्दैन । त्यस्तै प्रकारले कुरानमा गैरमुश्लिम मानिस जातिलाई डर, त्रास र हिसांद्वारा मुश्लिम बनाउनु भन्ने वचनहरू सृष्टिकर्ताको होईन । बाईबलमा पनि यस्ता भ्रामक वचनहरू धेरै छन् । धर्मले हिंसाको स्वरूप कुनै पनि अवस्थामा लिन सक्दैन । धर्म सुन्दर, कोमल, दयालु, अमृतमय तथा चरित्रवान ममतामयी आमाको स्वरूपझैं हुनुपर्छ । धर्म निस्वार्थरूपमा गरिने सेवा हो भन्ने सत्यता महामानवहरूको कर्मकाण्डहरूबाट थाहा हुन्छ । धर्म मानिसको गुण हो, हाम्रो चरित्र हो, मानिस भन्दा माथि धर्म हुनसक्दैन । तदनुरूप धर्म मानिसको चरित्र र सत्य सँगसँगै रहने प्रकृतिको अंग हो ।

धेरै देशहरूमा राजनीतिक नेताहरूले माथि उल्लेख गरिएका ग्रन्थहरूमाथि हात राखेर देशको सेवा गर्छु भनेर प्रतिज्ञा गर्ने प्रथा छ,जो सरासर अर्पूण छ । कारण यी ग्रन्थहरू धार्मिक छैनन् स्वतन्त्र र सत्य पनि छैनन् त्यसैले त उहाँहरूले कुनै धक नमानीकन हात राखेर प्रतिज्ञा गर्छन । यी ग्रन्थहरू कुनै एक वर्गको महत्वाकांक्षी स्वार्थमा आधारित छन् । देशको संविधान र कानुन भन्दा माथि यी ग्रन्थहरू हुन सक्दैनन् । यी ग्रन्थहरूमा प्रकृति विपरीत मानवतालाई कुल्चिने विचारहरू छन् र मानवता विभाजित गर्ने तत्वहरू लुकेको छ ।

पशुबली रोकिनुपर्छ, पशुहरूको सुरक्षा हुनुपर्छ भन्ने विषयमा विश्वका अधिकारवादी संघ-संस्थाहरू तथा सबै मानिसहरूको विचार एउटै छ । तर हिन्दुहरूको विचार र व्यवहार फरक छ । मानिस भन्दा पशुलाई पुज्य ठान्ने हिन्दुहरूको नाटकीय आतङ्कले समाजमा द्वन्द्व निम्त्याउन थालेको छ । भारत र नेपालमा आज पनि सानो जातिले छोएको नखाने, महिलाहरू मन्दिरभित्र पस्न नपाउने, स्कुल, स्वास्थ-केन्द्र तथा सरकारी नोकरीमा समेत सानो जातिलाई दमन गरिन्छ ।

जातिवाद वा अछूतबारे भारतका एकजना विशिष्ट व्यक्तिको बारेमा बताउन चाहान्छु जसले यसो भनेका छन् *"म हिन्दु परिवारमा जन्मिए, जो मेरो बाध्यता थियो तर म अब कहिल्यै पनि हिन्दु-धर्मी भएर मर्न चाहन्न ।"* उहाँ हुनुहुन्थ्यो **बाबासाहेब भीमराव अम्बेडकर,** जसले भारतको संविधान निमार्ण गर्नमा योगदान पुऱ्याउनु भएको छ। उहाँ सन् १८९१ अप्रेल १४ तारिक इन्दौरको एक गरीब हिन्दु माहार-परिवारमा जन्मनु भएको थियो । माहारलाई छुद्रजाति तथा अछुत भनी अवहेलना गरिन्थ्यो। उहाँ स्कुलमा बालुवाको बोरामा बस्नुपर्थ्यो अरू बेन्चमा बस्थे । स्कुलमा अरूलाई जस्तो उहाँलाई पिउने पानीको व्यवस्था थिएन । सरकारी नोकरी गर्दा कर्मचारीहरूले फाईलहरू उहाँको हातमा नदिएर भुँईमा फ्यांकिदिन्थे । बस्नकोलागि कोठा भाडामा पाउन गाह्रो थियो । उहाँले आफूलाई माहार नभनेर पारसी भनी परिचय गराएर होटलमा आश्रय लिएको कहानी बताउनु हुन्थ्यो । माहार समुदायबाट उहाँ एक शिक्षित व्यक्ति थिए । विदेशमा समेत शिक्षा हासिल गरी आफ्नो देशको सेवामा इमान्दारीका साथ लाग्नु भयो। उहाँ भारतको संविधानदाता हुनुहुन्छ। *"म हिन्दु परिवारमा जन्मिएँ, जो मेरो बाध्यता थियो तर, म अब कहिल्यै पनि हिन्दु-धर्मी भएर मर्न चाहन्न"* भनी उहाँले भन्नु भएको शब्दहरू धेरैले नरुचाउलान् । उहाँ जुन प्रताडनाको शिकार हुनुभएको थियो यो त्यसैको उपज हो भनी हामी बुझ्न सक्छौं । उहाँ सन् १९५६ मा हिन्दु-धर्म त्यागी बुद्ध धर्मको चोला लिएर संसारबाट बिदा भए ।

मान्छेले आफ्नै ज्ञान, क्षमता र विचारमा कथित धर्मका किताबहरूमा आश्चर्यजनक घटनाहरूको बखान गरी मानिसलाई विश्वास गर्न लगाउने अनि मानिसहरूलाई आफ्नो धर्ममा ल्याउने कार्य गरेर भगवानलाई बुझ्न सकिन्दैन, अरूलाई बुझाउन पनि सकिन्दैन भन्ने कुरा जानेका छौं । यस्ता नासमझ कार्यहरूले मानिसको आत्मबल्लाई कमजोर बनाउँछ । वास्तविक अर्थमा धर्मले मानिसको हृदयलाई सुकिलो, साहसिलो र असल कर्म गर्नुलाई उत्साहित् बनाउँनुपर्ने हो तर मानिस चिन्ताले ग्रसित दिशाहीन् छ। धार्मिक सम्प्रदायका सङकुचित विचारहरूले मानिसको सोच र विचारमा गलत धाराणाहरू उत्पन्न भएको पाउँछौं । मानिस व्यक्तिगत जीवनमा परिवार, समाज, राष्ट्र र विश्वमा मानव-कल्याणका लागि सेवारत हुनु पनि धार्मिक हुनु हो । धार्मिक संस्थाको सदस्यमा रहेर कर्म गर्दैमा यदि त्यो कार्यकर्म मानिसको बृहत् हितमा छैन भने धार्मिक भईदैन । **'धर्म** र **धार्मिकता'** भनेको मन्का विचारहरू मानिस र

अन्य सबै जीवजन्तुहरूप्रति जस्तो छ त्यसै अनुसार व्यवहारमा देखिने गुणहरू हुन् । तर धर्मका संस्थाहरूले सत्कर्म गरिरहेका छैनन् । यी संस्थाहरूले आफ्नो संगठनहरूको बढिबढाऊ मात्र गरिरहेका छन् । यिनीहरूबाट मानिसमा एकता हुनेवाला छैन, यिनीहरूले मानिस-मानिस बीचको शान्ति र प्रेमलाई तोडने कार्यमात्र गरेका छन् ।

धर्मका विभिन्न संगठनहरूले भिन्नभिन्न प्रकारका धार्मिक कार्यक्रमहरू देश र विदेशमा गर्छन, आफ्नो धर्मको बढी-बढाऊ गरी मानिसलाई उनीहरूको धर्मको अनुयायी बनाउने प्रयास गर्छन् । उनीहरूको धर्ममा विश्वास गरे चमत्कार हुन्छ तर अरूको धर्मबाट त्यो प्राप्त हुँदैन भनी ठोकुवा गर्छन् । त्यो भन्दा अझ गम्भीर विषय यस्तो छ कि भर्खर जन्मेको बालकलाई राम, कृष्ण, येशुख्रीष्ट, मोहम्मद, सिद्धार्थ गौतम, गुरुनानक कुनै पनि महात्माको बारेमा थाहा हुँदैन । उसलाई धर्मको बारेमा ज्ञान हुँदैन, बालकलाई आवश्यक पनि पर्दैन, तर त्यो बालकले स्वतन्त्र जीवन जिउन पाउँदैन । त्यो बालकलाई उसको बुबा-आमा र परिवारले मानिल्याएको धर्ममा जबरजस्ती परिणत गरिन्छ । कुनै अवस्थामा छोरा-छोरीले धर्मको नियम-विपरित स्वतन्त्र रूपमा जीवन जिउन चाहे, छोरीले अनुहारमा बुर्खा नलगाए, सानो जातिसँग तथा अन्य धर्मवालम्बीहरूसँग विवाह गरे त्यसता छोरा-छोरीहरूको आफ्नै बुबा-आमाले हत्या गरेको उदाहरणहरू विश्वमा प्रशस्त छन् । ईस्लाम धर्ममा महिलाहरूलाई आफ्नो इच्छाअनुसार जीउने अधिकार छैन, साधारण विषयमा पनि महिलाहरूलाई अशुद्ध ठहराईन्छ अनि त्यस महिलालाई सार्वजनिक स्थलमा राखेर सबैले ढुंगाले हिर्काएर मार्ने क्रूर धार्मिक परम्परा छ । निर्दोष बाल-बालिकाहरूमाथि आतङ्क फैलाएर धर्मको बिस्तार गर्न जसरी धर्मगुरुहरू र समाजका वुद्धिजीवीहरू लागि पर्छन् त्यसलाई बन्द गरी सुधार गर्न जरुरी छ ।

## तेस्रो भाग: धर्म एउटा अन्धविश्वास

धर्म भनेको मानवजातिलाई सत्यतामा आधारित सुरक्षात्मक रूपमा एकतामा राख्ने, एकाअर्काप्रति प्रेमिलो एवं पुण्यकर्म गराउने मानिसमा हुने शालीन आचरण हो । धर्मले मानिसको हत्या गर्नु भन्दैन । हिंसा धर्मको विपरीत अधर्म, पाप हो । यसको विपरीत धर्मको आडमा उग्रविचारलाई ग्रहण गरेर धर्मका अगुवाहरू दिग्भ्रमित भएका छन् । त्यस्ताहरूको धर्मका किताबमा अरूको

धर्मलाई उपहास गरिएको छ, । अर्को धर्मका अनुयायीहरूलाई आफ्नो धर्ममा परिवर्तन गर्न आततायीहरू खटाउने गर्छन । सबै धर्मले एकअर्काको निन्दा गर्छन् आफ्नो शक्ति प्रर्दशन गर्छन् । ईस्लाम धर्ममा **कुरानको २: १९१-१९३** मा भनिएकोछः "मानिसहरू सबैको हत्या गर्नु यदि त्यो मानिसहरूले अल्लाहलाई स्वीकार गर्दैन तथा गरेको छैन भने" । सरल-सुगम भाव विचारमा यस्तो वचन धर्मको हुनसक्दैन । अल्लाहबाट यो वचन आएको होइन । यसले ईस्लाम धर्मवालम्बीहरूलाई गलत बाटो डोर्‍याईरहेको छ, सन्देहात्मक कुरो सिकाइरहेको छ । अल्लाह नमान्ने गैर-मुश्लिमहरू सबैलाई मुश्लिम बनाउनु यदि मानेन भने गला काटेर हत्या गरिदिनु, हातखुट्टा काटिदिनु भनी कुरानको २: १९१-१९३ मा लेखिएको पढ्दा कुनै पनि मानिसको मन भयभीत हुन्छ । डर र त्रास देखाएर मानिसलाई धर्ममा परिणत गराउन सजिलो हुन्छ भनी कुरानमा यस्तो लेखेका हुनसक्छ तर यो विचार मानवता विपरित छ । यसप्रकारले मानव समाजमा शान्ति र सुरक्षाको अनुभूति हुँदैन । कुरानको केही पदहरूमा खीष्टियन र यहुदीहरूलाई मार्नु भनी लेखिएको पनि रहेछ । कुरान ३: १५१, ४: ९५, ५: ३३, ८: १२, ८: ३९, ८: ५९-६०, ९: ३०, ९: ७३, ९: १२३, १७: १६, ४७: ३-४, ६६: ९ त्यसैगरी बुखारी ५२: १७७, ५२: २५६, ५२: ६५ र मुश्लिम १: ३० मा अल्लाहलाई नमान्ने सबैलाई मार्नु भनी लेखिएको रहेछ । कुरानमा धेरै पदहरू यस्ता छन् जसले सोझै मानिसको हत्या गर्नु यदि उसले अल्लाहलाई स्वीकारेको छैन भने, अथवा यदि उनीहरू आफ्नै ईच्छाअनुसार जिउने प्रयास गरिरहेका छन् भने सबैलाई घरभित्र जलाउनु भनी लेखिएको छ ।

पवित्र धार्मिक ग्रन्थ मानिएको कुरानमा यस्ता वचनहरू हुँदाहुँदै मानिसहरू ईस्लाम धर्ममा किन लाग्छन् । यसबारे अध्ययन् गर्न जरुरी देखिन्छ । उनीहरू धार्मिक हुनुको लागि नभएर ईस्लाम धर्मगुरुहरूले मानिसको मन् र विचारलाई शारीरिक इन्द्रियहरूको सुख भोग गर्न चाहाने तथा आडम्बरी जीवन यापनाकोलागि आतुर बनाईएको हुनाकारणले यस धर्ममा लागेका हुनसक्ने सम्भावनाहरू प्रशस्त देखिन्छ । कुरानका यी वचनहरू निर्दोष मुश्लिमहरूलाई अर्कै अर्थ लगाई अन्धकारमा राखिएको पनि हुनसक्छ ।

माथि उल्लेख गरिएका कुरानका वचनहरू मध्ये केहीलाई यहाँ प्रस्तुत गरिएको छः

**कुरानः (८ः १२)** *"म विश्वास नगर्नेहरूको हृदयमा आतङ्क हालिदिनेछु । त्यसकारण उनीहरूको टाउको काट्नुहोस्, उनीहरूको प्रत्येक औंलाहरू काटिदिनुहोस्"* तर कुनै पनि उचित व्यक्तिले यसलाई आध्यात्मिक संघर्षको अर्थ लगाउने छैन ।

**कुरान (१७ः १६)** जब हामी एउटा शहर ध्वस्त पार्न चहान्छौं, तब हामी आफ्नो आदेशहरू त्यहाँका मानिसहरूलाई पठाउँदछौं जसले सजिलो जीवन जिउँदछ तर उनीहरू त्यसमा पाप गर्दछन्; त्यसकारण यो वचन त्यसको विरुद्ध सत्य साबित हुनेछ, त्यसैले हामी त्यसलाई पूर्ण विनासका साथ नष्ट गर्दछौं । *"याद गर्नुहोस् यो अपराध नैतिक अपराध हो र सजाय पूर्ण विनाश हो ।"* कुरानको यही वचन अनुसार ओसामा बिन लादेनले अमेरिकालाई ९/११ को आक्रमण पहिला ईस्लाम कबुल गर्न निम्तो दिईएको थियो ।

**अल-बकरा (२ः १९१)** तिनीहरूलाई जहाँ-जहाँ भेट्टाउँछौ मार्नुहोस् (जो तपाईंको विरुद्धमा छन्); तिनीहरूलाई लखेट्नु होस् जहाँबाट तिनीहरूले तपाईंलाई लखेटे, किनकि (फिट्नाह) बेईज्जती र सतावट हत्या भन्दा पनि खराब हो । अनि अल-मस्जिद अल-हराम मा उनीहरूसँग नलड्नुहोस् जबसम्म उनीहरूले तपाईंलाई आक्रमण गर्दैनन् । यदि उनीहरूले आक्रमण गर्छन् भने तिनीहरूलाई मार्नु । विश्वास नगर्नेहरूको इनाम यही हो ।

**अल-बकरा (२ः १९२)ः** यदि उनीहरू नासिन्छन् वा रोकिन्छन् भने जान्नुहोस् अल्लाह दयालु हुनुहुन्छ ।

**अल बकरा (२ः १९३)ः** अनि तिनीहरूमाथि तबसम्म आक्रमण गर्नुहोस् जबसम्म बेईज्जती र सतावटहरू हुँदैनन् । धर्म र पूजा अल्लाहको लागि हो । तर तिनीहरू समाप्त भएभने त्यहा दुश्कर्मीहरूमाथि बाहेक अरू कुनै प्रकारको दुश्मनी नहोस् ।

**अल-इम्रान (३ः १५१)ः** हामी अविश्वासीहरूको हृदयमा आतङ्क हालिदिनेछौं किनकि उनीहरूले आफूलाई अल्लाहको साझेदार बताउँछन् जसकोलागि कुनै अधिकार पठाईएको थिएन । अनि तिनीहरूको शरणस्थान आगो हुनेछ । दुष्ट भनेको अन्यायको वासस्थान हो ।

**अल-माईदा (५ः ३३)ः** वास्तवमा, अल्लाह र उसको शिष्य (मेसेन्जर) विरुद्ध लडने र पृथ्वीमा भ्रष्टाचार गर्नेहरूकोलागि अरू केही होइन उनीहरू मारिनु पर्छ,

क्रुसमा टागिंनु पर्छ, तिनीहरूका हातखुट्टा काटेर देशबाट निर्वासित गराउनुहोस् । यही नै तिनीहरूकोलागि बेईज्ती हो आखिरका यही नै ठूलो सजाय हो ।

**अल-अनफल** (८: १२): याद गर्नुहोस तपाईंको प्रभुले स्वर्गदूतहरूलाई प्रेरित गर्नुभयो, "म तिमीहरूसगैं छु, त्यसैले विश्वास गर्नेहरूलाई बलियो बनाउनुहोस् । म अविश्वास गर्नेहरूको हृदयमा आतङ्क हालिदिनेछु । त्यसैले उनीहरूको घाँटीमा प्रहार गर्नुहोस् अनि हरेक औंलाहरू भाँचीदिनुहोस् ।

**अल-अनफल** (८: ३९): उनीहरूसँग तबसम्म लड्नुहोस जबसम्म त्यहाँ फिट्नाह (बेईज्जती, सतावट) हुँदैन अनि यो सबै धर्म अल्लाहको लागि हो । यदि उनीहरू रोकिन्छन् वा संघर्ष गर्छन भने पनि वास्तवमा अल्लाहले उनीहरू के गरिरहेका छन् देख्नेछन् ।

**अल-अनफल** (८: ५९): अनि अविश्वासीहरू भागेर बाँच्छु भनी नसोच्नुहोला । वास्तवमा तिनीहरू अल्लाहको असफलताको कारण बन्ने छैनन् ।

**अल-अनफल** (८: ६०): र उनीहरूको विरुद्ध तयार गर्नुहोस, तपाईसँग जुन शक्ति र सामर्थ्यले युद्धकोलागि सक्षम हुनुहुन्छ जसद्वारा तपाईंले अल्लाहको शत्रु र तपाईंको शत्रुलाई डराउन सक्नुहुन्छ जसलाई तपाईं चिन्नुहुन्न तर अल्लाहले चिन्नुहुन्छ । र तपाईंले अल्लाहको कारणमा जे पनि खर्च गर्नुहुन्छ त्यो तपाईंलाई फिर्ता दिईनेछ, तपाईंमाथि अन्याय हुनेछैन ।

**मुश्लिम** (१: ३०): अल्लाहको मेसेन्जरले भने: "जबसम्म मानिसहरूले अल्लाह बाहेक अर्को कुनै ईश्वर छैन भनी घोषणा गर्दैनन् तबसम्म मलाई मानिससँग लड्नकोलागि आदेश गरिएको छ ।"

**अत-तौबाह** (९: ३०): यहुदीहरू भन्छन् "एज्रा अल्लाहको छोरो हो" अनि इसाईहरू भन्छन् "मसीहा अल्लाहको छोरो हो"। यो उनीहरूको मुखबाट निस्केको भनाई हो । अनि यस्तो भनाईहरूलाई ती मानिसहरूले अनुसरण गरे जस्ले विश्वास गरेनन् । कसरी तिनीहरू भ्रममा छन् अल्लाहले तिनीहरूलाई नष्ट गरुन ।

**अत-तौबाह** (९: ६३): के उनीहरूलाई थाहा छैन कि जसले अल्लाह र उसको मेसेन्जरको विरोधगर्छ त्यसकोलागि नरकको आगो छ भनेर, जहाँ त्यो अनन्तकालसम्म रहनेछ ? त्यही नै ठूलो अपमान हो ।

**अत-तौबाह (९: १२३):** हे विश्वास गर्नेहरू हो, तिमीहरू नजीकका जो अविश्वासीहरू छन् तिनीहरूसँग लडाई लड्नुहोस् तिनीहरूले तपाइँको कठोरता थाहा पाऊन । अनि याद गर अल्लाह धर्मीहरूको साथ छन् ।

**अल-इस्रा (१७: १६):** जब हामी एउटा शहर ध्वंस गर्ने योजना गर्दछौं, हामी त्यसको शक्ति र सम्पन्नतालाई आदेश दिन्छौं तर त्यसप्रति उनीहरू अवज्ञा गर्छन, तब वचन अनुसार त्यसलाई पूर्णरूपमा नष्ट गर्दछौं ।

**मोहम्मद (४७: ३):** यो किनभने अविश्वासले झूटलाई पछ्याउँछ, अनि तिनीहरू जसले विश्वास गर्छन् सत्यको अनुसरण गर्दछन् । यसरी अल्लाहले मानिसको तुलना प्रस्तुत गर्नुहुन्छ ।

**मोहम्मद (४७: ४):** त्यसोभए जब तपाइँले अविश्वासीहरूलाई युद्धमा भेट्नु हुन्छ तब उनीहरूको घाँटीमा तबसम्म प्रहार गर्नुहोस् जबसम्म त्यो मर्दैन । उनीहरूको हात बाँध्नुहोस् अनि यदि पछि युद्धमा बोझ नभए या त कृपा गर्नुहोस् वा फिरौति लिनुहोस् । यो आज्ञा हो । यदि अल्लाहले चाहानु भए बदला लिन सक्नुहुन्थ्यो, तर सशस्त्र संघर्षको माध्यमबाट तपाइँहरूको जाँच गर्न चाहानु हुन्थ्यो । र ती जो अल्लाहको नाममा मारिएका छन् उनीहरूको कर्म खेरा जानेछैन ।

**अत-ताहरिम (६६:९):** हे पैगेम्बर, अविश्वासी कपटीहरू विरुद्ध प्रहार गर्नुहोस् तिनीहरूप्रति कठोर हुनुहोस् । तिनीहरूको गन्तव्य नराम्रो छ, तिनीहरूको शरण नरक हो ।

कुरानमा यस्ता धेरै पदहरू छन् ती सबैलाई उल्लेख नगरिए तापनि यहाँ उद्धृत भएकाहरूबाट पनि मानिसहरूले यथार्थ कुरो बुझ्न र मनन् गर्न सक्छन् ।

**ईस्लाम** धर्मको नाम पाटीमा विभिन्न प्रकारका उग्रवादी संगठनहरू खडा भएर ईस्लाम धर्मका विद्वान समर्थकहरूले विश्वमा आतङ्क फैलाईरहेका छन् । आई.एस.आई.एस. संस्थाले अन्य जातिलाई मात्र नभएर ईस्लाम-धर्मवालम्बीहरू जसले उनीहरूको हुकुम अस्वीकार गर्छन् त्यस्ता समेतलाई हत्या गरिरहेका छन् । तानाशाही विचारधाराका आई.एस.आई.एस.ले विश्वका मानिसलाई ईस्लाम धर्ममा परिणत गर्ने उद्देश्यमा आतङ्कको सहारा लिएको छ । ईस्लाम धर्मको कुरानमा भएका माथि उल्लेखित वचनहरू अनुसार तालिबान, जमात-ए-ईस्लाम,

हिजबुल्ल-मुजाहिद्दीन, अल-सबाब, इण्डियन-मुजाहिद्दिन, जैस-ए-मोहम्मद, लस्कर-ए-तोयबा, बोको हराम, जमात-उद्-दावा, तहरीक-ए-तालिबान, अस-रुखा बगंला, जमात-उल-मुजाहिद्दिन जस्ता उग्रवादी संगठनहरूले मानिसको निर्मम हत्या गरिरहेको छ । धर्मले मानवजातिको संरक्षण गर्नुपर्ने, दुःखमा परेका र जीवनदेखि निराश भएकाहरूलाई सहारा दिई असल मानिस बनाउनु पर्नेमा यी संस्थाहरूले धर्मलाई **उ**ग्रवादी कार्यमा प्रयोग गरिरहेका छन् । बालबालिका साथै शिक्षित् युवाहरूको प्रगतिशील बौद्धिक क्षमतालाई उग्रवादी भावनामा विकास गरेर विश्वमा आतङ्क फैलाईरहेका छन् ।

खीष्टीयन् धर्मको बाईबलको पूरानो करारमा पनि मानिसहरूको हत्या गर्नु भन्ने बारेमा विभिन्न वचनहरू लेखिएको पाउँछौं । त्यहाँ अन्य धर्मवालम्बीका मानिसहरूलाई मार्नु नभनिएपनि परमप्रभुलाई निन्दा गर्नेहरूको हत्यागर्नु भन्ने लेखिएको पाउँछौं । पूरानो करारको **लेबी** २४: १४-१६ मा 'यदि कसैले परमप्रभुको नाममा निन्दा गर्छ भने त्यो मारियोस्' भनी प्रष्टसँग लेखिएको छ । त्यसैगरी **लेबी** २४: १८ मा 'यदि कुनै मानिसले कसैको प्राण लिन्छ भने प्राणको साटो प्राण लिनु' भनिएको छ । **लेबी** २६: ७-८ मा ईजरायलीहरूको शत्रुहरूप्रति कठोर शब्दमा भनिएको छ 'तिमीहरूले शत्रुहरूलाई खेद्नु तिमीहरूका शत्रुहरू तिमीहरूको सामुन्ने तरवारद्वारा ढल्नेछन्' भनी लेखिएको छ । यस्ता जानकारीहरूबाट सहजै अनुमान लगाउन सकिन्छ कि विश्वमा भएका धर्मका संस्थाहरू आडम्बरी जीवन जिउन चाहाने सामन्तीहरूको अखाडा हो ।

विश्वमा स्थापित भएका कुनै पनि धर्मका संगठनहरूद्वारा बराबर मानवीय कार्यहरू भईरहेको छैन । मानिसलाई शान्ति र संरक्षण गर्ने कुराको अनुभुति गराउनु पर्ने हो तर, त्यसो भईरहेको छैन । धर्मबाट सबैले सुख र चिन्ताबाट मुक्तभई आनन्दित जीवन जिउन चाहान्छन् तर, खोई कहाँ छ त्यो आनन्द ? आजसम्म त्यो आशीर्वाद र आनन्द कसैले पनि पाउन सकेका छैनन् । मानिस-मानिसबीचको प्रेमलाई उच्च राख्न अनि शान्ति र आनन्दकोलागि धर्मको ठूलो भूमिका हुनसक्छ तर, धार्मिक संगठनहरूले मानिसजातिको तन्, मन्, धन्, विवेक र व्यवहारलाई लगाम लगाउने कार्य मात्र गरिरहेको छ । कसैले खुशी र सुरक्षा महसुस गरेको हामी पाउँदैनौं । धर्मको खेती गरी धन्सम्पति बटुल्ने पोख्तहरू अनि धर्मको आड्मा राजनीति गर्नेहरू भने आनन्दित र खुशी भएको पाउँछौं ।

यसबारे उदाहरणहरू उल्लेखनीय छन् तर, सबैलाई थाहा भएकै विषयहरू हुनाले यहाँ लेखिरहने आवश्यकता म देख्दिन ।

संसारमा भएका कुनै पनि धर्म अपनाउँदैमा मृत्युपछि स्वर्गको अनन्त सुखमय जीवन प्राप्त हुनेछ भन्ने कुराको प्रमाण कहीँ-कतै छैन् । धर्मका संगठनहरू हिन्दु, बौद्ध, मुश्लिम, सीख, जैन, ईसाई आदिले गरेका पुजा, चंगाईका प्रार्थनाहरू र यज्ञहरूद्वारा वास्तविक मानव-समस्या समाधान हुँदैन । त्यसता कार्यले मानिसलाई धैर्यतापूर्वक शान्त रहन र दुःख निवारणको आशिष सबैले पाउनेछौ भनी विश्वास गरी जनम जनमभर प्रतीक्षा गर्न लगाउने र मन्द अवस्थामा जिन्दगीको सबै समय बिताईदिने कार्य मात्र गर्नसक्छ । मानिसहरू विश्वासको बोझ धारण गरी आशै आशमा साररहीन मरिरहेका छन् ।

**विश्वास केवल विश्वास एक्लैमा परिमित रहेर हुँदैन** । विश्वास गरेपछि प्रतिफल आउनुपर्छ, विश्वासको पनि निश्चित् अवधिमा टुङ्गो लाग्नुपर्छ, विश्वास गरे बापत मनमा लिइएको कुरोप्रति विस्मृत हुनु ठीक होईन । अनिश्चय जनाउने कुनै पनि कामकुरो बारेमा ज्ञान् नभएसम्म, त्यसबारे आवश्यक कुराहरू थाहा नभएसम्म विश्वास गरिहाल्नु मुर्खता हुन्छ, घातक हुनसक्छ । आगो छोए पोल्छ भनी हामी जान्दछौं कारण यो प्रमाणित छ र विश्वास गर्छौं 'आगोले पोल्छ' भनेर । तर भगवानको बारेमा पढाईएका कुनै पनि कुराहरू **प्रमाणित छैनन्** बिना-सवाल तथा यसबारे जानकारी लिने उत्सुकता नदेखाईकन निरन्तर 'विश्वास' गर मात्र भनिएका छन् जुन विश्वास **अर्थहीन्** र अनिष्टकारक हुनसक्छ । धर्मका किताबहरूमा लेखिएका भनिएका विश्वासका सोच र तर्कहरू मानिसलाई आवश्यक नहुन पनि सक्छन् । अव्यवहारिक, अवैज्ञानिक विश्वासघाती हुनसक्छ । धर्मविद्हरूले प्रमाणबिनाको विश्वास र कोरा कल्पनाका धर्ममा मानिसलाई डोऱ्याउनु घातक कार्य हो । कसैले नदेखेको, कसैले नभेटेको तथा कसैलाई पनि सत्य-ज्ञान नभएको विषयहरूमा मानिसलाई विश्वास गर्न लगाउनु उचित होईन त्यसले मानव समाजमा अशान्ति दुर्घात निम्त्याउँछ । "विश्वास गरेनौं भने तिम्रो जीवनमा अनिष्ट आउन सक्छ, परमेश्वरको परीक्षामा पर्न सक्छौ" भनी धर्मका अगुवाहरू डर-त्रास देखाउँदै मानिसको मनलाई अधिनमा ल्याएर स्वतत्व अप्नाएको धर्ममा विश्वास गर्न लगाईएको उदाहरणहरू छन् ।

धार्मिक संगठनहरूले मान्दै ल्याएको देवी, देवता तथा विभिन्न नाम गरेका डरलाग्दा मुर्तिहरूमा मानिसलाई समर्पित गराई धर्ममा परिणत गराईएको पनि पाउँछौ । स्त्रीहरूको नामै पिच्छेको देवीहरू छन् । रूपमा देवी, विद्या देवी, कालिमा देवी, ढुंगाको देवी, माटोको देवी, काठको देवी, घर-घरमा देवी, गाउँ-गाउँमा देवी, पानीमा देवी, हावामा देवी, पहाड-पर्वतको कुना-काप्चामा देवी, बाटैभरि देवी तथा जताभावी डरलाग्दा देवीहरू भएकोले विशेष गरी बाल-बालिकाहरू डराएका बेसुद्दी विभ्रम अवस्थामा पाउँछौं । यस्ता फट्टी उपद्रोहरू बाल-बालिकाहरूको प्रगतिशील चेतनाको बाधक भएको छ ।

धर्मको वशमा परेका मानिसहरू धर्म-कर्म गरेर भाग्यमानी हुने आशामा रमाउँछन् विभिन्न स्तरका प्रबोधक गुरुहरूको निर्देशन अनुसार जीवनभर त्यसै गर्छन । यसरी कसको कुरामा विश्वास गर्ने, कस्तो कर्मगर्दा धर्म हुन्छ अनि कसरी स्वर्ग र नरकको बाटो चिन्न सक्छि, के गऱ्यौं भने मरेपछि स्वर्ग पुगिन्छ इत्यादि कुराहरू बुझ्दा-बुझ्दै संसारका मानिसहरूले जीवनको महत्वपूर्ण समय गुमाई सकेका हुन्छन् । सोझा-साझा र अज्ञानी मात्र नभएर बलिष्ठ र ज्ञानीहरू पनि विश्वासको आधारमा शोषित पीडित छन् ।

जब मानिस वृद्ध अवस्थामा पुग्छ उसले बिताएका दिनहरूलाई एक-एक गर्दै सम्झिन थाल्छ । आफूले बिताएका दिनहरू काम कर्तव्यहरू, धार्मिक भनी गरिएका कर्महरू र जीवनमा भोगेका रहन-सहनलाई सम्झेर मानिसहरू निरास हुने गर्छन् । जीवन अस्ताउन लागेपछि धर्मगुरुहरूले बोलेका कुराहरू बुझ्न थाल्छन् अनि आफ्नो अज्ञानतालाई बुझेर आफैलाई धिक्कार्छन्, पश्चाताप् गर्छन् । धेरैले आफ्ना अनुभवका कुराहरू सन्तानलाई सुनाउँछन र उनीहरूलाई सही बाटोमा डोऱ्याउने प्रयास गर्छन् । धर्म के हो भनी आफूले देखेका, भोगेका र जानेका कुराहरू बताउँछन् ।

धर्ममा भएका दोषहरू क्रमशः हटाएर जीवन जिउन चाहाने मानिसहरू विश्वका सभ्य र विकसित देशका नागरिकहरू छन् । उनीहरूले नै विज्ञानको विकास गरी संसार झलमल्ल पारेका छन् र उनीहरू नै सन्तुष्ट, सुखी र खुशी छन् यस जगतमा । यदि धर्मको नाममा पूजापाठ गर्दा ज्ञान-बुद्धी आर्जन हुदों हो त मौलाना, पूरोहित, पादरी र भिक्षुहरूका छोराछोरीहरू नै विश्वमा वैज्ञानिक, इञ्जिनीयर, डाक्टर र शासकहरू हुन्थे । त्यसैकारण धोखाबाट बचौं, सन्तान्लाई शिक्षा दिलाऊ । आधारभूत शिक्षाले नै वैज्ञानिक, इञ्जिनीयर, डाक्टर र देशको

असल शासक बनाउँदछ, पूजापाठले बनाउँदैन । अभिभावक सचेत भएमात्र सन्तानलाई सचेत गराउन सकिन्छ । मन्दिर, मस्जिद, गिर्जा, गुम्बा र धर्मका नाममा भएका संस्थाहरू र त्यहाँ काम गर्नेहरू सबै असल र विश्वास योग्य नहुन पनि सक्छन्, धर्मको नाममा मानवविरोधी तत्वहरू पनि हुनसक्ने भएकोले समाजलाई सचेत गराउँन सबै शिक्षित र संगठित हुनुपर्छ ।

मानिसको सामु एउटा उत्तराकाङ्क्षी प्रश्न छः 'यदि यस वैभवको मालिक एउटै छ भनी युक्तिपूर्ण तर्क गर्छौं भने त्यसैको विभाजन किन ?' ईश्वरको नाममा मानिसको हृदयमा विश्वबन्धुत्वको भावना पुष्पित गराउनु पर्नेमा उल्टो राजनीतिक दलहरू जस्तो जथानाम संगठन खोलेर देश र विश्वमा तानातान् गर्ने, भेद्भाव ल्याउने अनि मानिसलाई दिशाहीन बनाउने संगठनहरू धार्मिक हुँदैनन् । संयुक्त राष्ट्रसंघद्वारा विश्वलाई आवश्यक भए बमोजिम मानवताको मूल्य र मान्यतामा अनुमोदित सामाजिक एवं राजनीतिक संगठनहरू स्थापित गरेजस्तो धर्मका विभिन्न संस्थाहरू स्थापित हुनु सोही संयुक्त राष्ट्रसंघले प्रदान गरेको अधिकार जस्तो मानिसको अधिकार हो भन्नु मिल्दैन । धर्मका संगठनहरूले विश्वमा अनेकताको वातावरण ल्याएको छ । धर्मको काम-गराई मानवता उपयुक्तता खिलाफ छ । मनुष्योचित कुनै पनि हैसियत नभएका तर ईश्वर भनी नामकृत गरिएका विभिन्न आकृतिहरूमाथि जसरी तर्क गरिरहेका छन् त्यो केवल अज्ञानता, भ्रम र अन्धविश्वास मात्र हुन् ।

*धर्म मानिसको चेतनामा बृद्धि हुनाले अनि अनुभवका ज्ञान् र आफ्नो आत्मीय शक्तिको आधारमा बुझ्न र प्राप्तगर्न सकिने जीवनको बाटो हो ।* जस-जसले त्यो बाटो हिड्न र पूरागर्न सक्छन् त्यस्ताहरूको कर्मलाई हामी धार्मिक कर्म भन्नसक्छौं । हुन त मानिस लगनशील छ, उसले सदैव केही न केही कार्यहरू गरिरहेको हुन्छ पुण्यकर्म गर्नेहरू धार्मिक हुन्छन् । त्यसैले राम, येशुख्रीष्ट, मोहम्मद, सिद्धार्थ गौतम, गुरुनानक आदिले मानवजातिप्रति समर्पण गरिएको जुन् मनुष्योचित कर्म गरेका थिए त्यसैले उनीहरू धार्मिक ठहरिएका हुन् ।

राम, येशुख्रीष्ट, मोहम्मद, सिद्धार्थ गौतम, गुरुनानक आदि सबै हामी जस्तै मरणशील मानिसहरू थिए कसैका छोरा, कसैका पिता तथा कसैका पति थिए । उनीहरू कसैले पनि 'म भगवान हूँ' भनेर दाबी गरेका छैनन् तर विडम्बना, उनीहरूको सन्देशलाई असल कार्यमा लगाउनुको साटो मानिसले उनीहरूको

नाममा अलगअलग धार्मिक संगठनहरू बनाएर स्वर्ग र नरकको बाटो देखाउँन थालेका हुन् । धर्मको नाममा संसारका मानिसजातिलाई भिन्न-भिन्न विचार धारामा विभाजन गरेका छन् । सही बाटो हो कि गलत् बाटो हो धर्मका संस्थाका मालिकहरू स्वयंमलाई पनि ज्ञान नभएको, कुनै आधारबिना उनीहरूको धर्मबाट स्वर्ग पुगिन्छ भनी ढोल् पिट्छन् । यहाँ एउटा कुरा दोहोऱ्याउन आवश्यक देखिन्छ त्यो हो 'कुनै आधार-प्रमाण नभईकन विश्वास गर्नुलाई धर्म भनिन्दैन' । त्यो त मानिसमाथि शोषण हो, पाप हो, अधर्म हो, विश्वलाई धोका हो । **धर्म अन्धविश्वासको अखडा** भएर मानव-समाजलाई गलत् बाटोमा डोऱ्याउनु अपराध हो । यस सन्दर्भमा अईश्वरवादी बुद्धलाई ईश्वर बनाउनुको उदाहरण नै पर्याप्त छ ।

## चौथो भाग: धर्म एउटा पाखण्ड

**भुटानका** वाङचुक राजाहरू भुटान एक बौद्ध देश र आफू पनि बौद्ध धर्मवालम्बी राजा भनी विश्वमा परिचय दिने गर्छन् । बौद्ध धर्मले मानिस-मानिसबीच प्रेम, मिलाप, शान्ति र सद्भावना सदैव कायम राख्नु भनेको छ । मानिस किन बुढो भएका, किन मर्छन, संसारका मानिसलाई किन दुःख, बिमार र मृत्युले सताउँछ आदि इत्यादि देखेर सिद्धार्थ गौतमको अन्तस्करण अशान्त भयो । त्यसपछि उहाँले तपस्या गरी प्राप्त ज्ञान र दर्शन मानव-कल्याणकोलागि छोडेर गएका छन् । उहाँले संसारका मानिसहरूलाई कसैले पनि तथा कुनै पनि शासकले भेद्भाव नगर्न भनी शान्ति र प्रेमको बाटोमा हिंड्न सन्देश दिएका छन् । यस्तो सन्देश दिनुहुने महात्माको सन्देशलाई व्यवहारमा ल्याउनु सबैको कर्तव्य हो । तर वाङचुक राजाहरू गौतम बुद्धले देखाएको बाटोमा हिंडने प्रयास गरेका छैनन् । असल शासक हो भने बुद्धले देखाएको बाटोमा हिंडेर मानिस-मानिस बीचको भिन्नतालाई हटाएर भेद्भावबिनाको देश बनाएर जनताको सेवा गर्नुपर्ने हो । तर त्यस्तो कर्म उहाँहरूले गर्नु भएको छैन । यस्को विपरीत सत्तामा लिप्त भईरहन वाङचुक वशींय राजाहरूले बौद्ध धर्मगुरु **साब्डुङ** समेतको हत्या गरे । भुटानको पूर्वी भागमा बस्ने सार्छोप जातिका निङ्मापा धर्मगुरुहरूलाई बारम्बार मार्दै आएका छन् । उहाँहरूले बौद्ध धर्मगुरु नवौं साब्डुङ सम्मको हत्या गरेका छन् । तर पनि उनीहरू आफूलाई बौद्ध राजा भनी विश्वमा परिचय गराउँन हिचकिचाउँदैनन् ।

भुटानका चौथो राजा जिग्मी सिगें वाङ्चुकको राज्यकालमा हजारौं मानिसहरू देशबाट लखेटिएका छन् । धेरैको हत्या भएको छ । उसको राज्यकाल त्रासदीपूर्ण रह्यो, जनतामा नैराश्य थियो । वर्तमान राजा जिग्मी गेसार नाम्गेल वाङ्चुकको राज्यकाल कस्तो हुने हो भुटानी जनताले अनुभव गर्नेछन् । भुटानी राजा, जनताको अवस्था जस्तोसुकै होस् बाहिरी दुनियाँमा मेरो देशका जनता 'सकल राष्ट्रिय आनन्दमा' छन् भनी प्रचार गर्दै आफूलाई धार्मिक र बुद्धिष्ट राजा भनी परिचय दिनु सरम मान्दैनन् । धर्म भनेपछि कर्म पनि धार्मिक हुनुपर्छ । देशको शासन व्यवस्था र न्याय प्रणाली जनतालाई न्याय दिनुकोलागि स्वतन्त्र र निष्पक्ष हुनुपर्छ तर भुटानमा त्यस्तो छैन । भुटानका न्यायधीशहरू पराश्रित् छन् शासकको इसारामा न्याय गर्छन् स्वतन्त्रता कहीँ-कतै छैन भुटानमा । मलाई जेलमा बर्षौसम्म कैदगरी यातना दिएर देशबाट लखेटेको अभियोगमा अदालत्मा न्यायकोलागि अपिल गर्न चाहान्छु तर म आफ्नै देशको सर्वोच्च अदालत् र सरकारमा भरोसा गर्न सक्दिन । हामीले भुटानको अदालत्मा न्यायकोलागि वकालत् गर्नु भनेको आफ्नै प्राणको जोखिम मोल्नु हो । सरकारका सदन र विभिन्न निकायका मुख्य हाकिमहरू सबै स्वेच्छाचारी छन् कोही पनि धर्मी छैनन् । **'बौद्ध धर्म'** भुटानी शासकवर्गकोलागि जनता शोषन गर्ने अनि विश्व समुदायमाथि आफ्नो आतङ्क ढाकछोप गर्ने राजनीतक माध्यम बनेको छ । शासकहरूकोलागि धर्म जनतामाथि नियोजित ढंगमा दबाव बनाई राख्ने यन्त्र मात्र हो, उनीहरू स्वयं अधर्मी, पापी हुन्छन् ।

आजभन्दा लगभग एकसय वर्ष पहिलासम्म भुटानका बुद्धिष्ट राजा तथा बुद्धिष्ट शासकहरूले राजदरबार, जोङ, मन्दिर, गुम्बाहरू र ऐतिहासिक भवनहरू निर्माण गर्दा जिउँदो बालकलाई बलि चढाउँने गर्थे । उदाहरणकोलागि यहाँ उटा **दुर्लभ तस्वीर** फेला परेकोछ जसमा जिउँदो बालकलाई लामाले बाकसमा जबर जस्ती हाल्दै गरेको दृश्य छ । यसरी जिउँदो बालकलाई बाकसमा राखेर जमीन मुनी गाडिन्छ अनि त्यसमाथि भवनहरू निर्माण गरिन्छ । यस्ता कार्यहरू तिब्बती परम्परा अनुसार ड्रयागन्लाई जिउँदो बालकको बलिदान् दिनुपर्ने हुनाले बुद्धिष्ट धर्मअनुसार भुटानमा पनि बलिदान् दिने प्रथा थियो । ड्रयागन्लाई खुशी पार्न यसरी बालकको बलिदान गर्दा ड्रयागन्को नक्शा भएको बाकस प्रयोग गर्दथे ।



लामाले बालकलाई बलिदान दिन बक्सभित्र हाल्दैछ ।

भुटानको भित्री तहमा छिपेर रहेको गुप्त भेद अत्यन्तै पाखण्डी छ । राजतन्त्र हुनु पहिला र राजतन्त्र भएपछि पनि यसप्रकारका पाशविक अति दर्दनीय कुकर्महरू भुटानमा हुन्थ्यो । राजालाई कसैको श्रीमती राम्रो लागेको खण्डमा केही समय आफूसँग राखेर मोज गर्थे । विरोधजनाए श्रीमानको हत्या गर्थे । दावा छिरीङ सन् १९७२ मा परराष्ट्र मन्त्री हुनु पहिला र मन्त्री हुँदाको अवस्थामा पनि राजाले छिरीङलाई विदेश पठाएर  उनकी श्रीमतीसँग रसलीला गर्दथे । त्यस्तै प्रकारले राजा र सरकारको गलत नीतिको विरोधगर्ने, न्यायको लागि आवाज उठाउने मानिसहरूलाई विभत्सपूर्ण तरिकाले हत्या गर्दथे । भुटानी शासकहरूद्वारा आफ्नै तिब्बती मूलका जनता जो राजनीतिक रूपमा भिन्न मत राख्दथे उनीहरू ज्यादै पीडित थिए । यसकारण कुनै पनि तिब्बतीहरू भुटान प्रवेश गरेको थाहा भए उनीहरूलाई पक्रेर मार्न लगाईन्थ्यो । मारिएका तिब्बतीहरूको छाला काडेर तर्साउन र आतङ्कित बनाउन देख्ने गरी बाटोमा टागिंन्थ्यो । यसबारे पनि एउटा **दुर्लभ तस्वीर** फेला परेको छ जसलाई यहाँ देखाईएको छ । यो तिब्बती शरणार्थीहरूको छाला हो जसलाई भुटानका शासकहरूले मारेर छाला काढी भित्तामा टाँसेका हुन् । यो देखेर तिब्बतीहरू भाग्दथे ।



तिब्बतीहरूलाई मारेर छाला काडी बाटोमा टागेंको तस्वीर ।

भुटानको उत्तरी भागमा रहेका केही गुम्बाहरूमा मानिसको हड्डीबाट बनाईएका विभिन्न प्रकारका सामग्रीहरू पाईन्छ। यहाँ तलतिर चित्रमा देखाईएको सामाग्रीहरू मानिसको हात र खुट्टाका हड्डीबाट बनाईएका पवित्र बाजाहरू हुन्। भुटानी गुम्बाका लामाहरू र शासकहरूले गुफा बस्न भनी गाउँबाट ल्याईएका कुमारी केटीहरूलाई गर्भवती नहुन्जेलसम्म बलात्कार गर्छन्। गर्भवती भएको खण्डमा बाहिर अरूले चाल नपाउने गरी हत्या गर्छन् र उनीहरूको हात र खुट्टाको पाँसुलाको हड्डीहरूबाट विभिन्न सामाग्रीहरू बनाउँछन्। यो चित्रमा देखाईएका कुमारी केटीहरूको हड्डीबाट बनाईएका बाजाहरू हुन् जसलाई पवित्र बाजा भनिन्छ। यी बाजाहरू भुटानको कुर्जे लाखाङ्मा आजसम्म पनि राखिएको छ।



कुमारी केटीहरूको हड्डीबाट बनाईएका पवित्र बाजाहरू

सृष्टिको सुरुदेखि नै यस जगतमा भएका प्रकृतिको रूप, अवस्था, व्यवहार, गुण आदि परिवर्तन भईरहेको छ। खोला, नाला, पहाड, पर्वत, समुन्द्र, बन-जंगल आदि भौतिक वस्तुहरू एउटा अवस्थादेखि अर्को अवस्थामा रूपान्तरित् भए जस्तै मानिसको विचार, रहन-सहन र आकाङ्क्षाहरूमा पनि विकासशील परिवर्तन भईरहेको छ। समाज, राष्ट्र र विश्वको विकास र सभ्यताकोलागि पनि व्यक्ति-व्यक्तिमा नयाँ विचार र व्यवहारमा परिवर्तन हुनु प्राकृतिक ठानिन्छ। यस्तो अवस्थामा दार्शनिक एवं विद्वानहरू मिलेर समाज र राष्ट्रको सेवामा मानिसलाई पनि सभ्यता र प्रगतिशीलताको बाटोमा अगुवाई गर्नुपर्छ। संसारमा जब कुनै पनि प्राणीको मृत्यु हन्छ, त्यो पनि परिवर्तनकै सिलसिला हो। हामीले विश्वास गरेर आज्ञा पालन गरिआएको व्यवस्था, परम्परा, कानुन र स्वयंका स्वभावहरूमा पनि परिवर्तन हुन्छन् त्यसलाई कुनै एक ठाउँमा रोकेर राख्न सकिन्दैन त्यसलाई रोक्ने प्रयास गर्नु यथार्थताको ज्ञान् नभएको बुद्धीहिन् हुनु हो, प्रगति विरोधी हुनु हो। तर भुटानको कथा-व्यथा अर्कै छ।

भुटानको उत्तरी गाउँहरूमा आज पनि मानिसहरू आदिम युगका जंगली अवस्थामा छन् । उनीहरूलाई संसारको सुख र वैज्ञानिक विकासबारे अत्तोपत्तो छैन । उनीहरू अत्यन्तै फोहोरी अवस्थामा बस्छन् । कसैलाई पनि श्रद्दा, सम्मान, इज्जत नगर्ने मुर्ख, झगडालु र अमानवीय व्यवहार गर्छन् । मानिसहरू पशुहरूसँगै एउटै घरमा बस्ने गर्छन् । घरको माथिल्लो तलामा उनीहरू बस्छन् र तलामुनी सुंगुर, कुखुरा आदि पाल्छन् । मान्छेले तलामाथिबाट हगेको गुहु र अन्य फोहोर तलामुनी हुने सुंगुर आदिको चारो हुन्छ । उनीहरूलाई गुहुको दुर्गन्ध र फोहोरको असर पर्दैन, घ्रिणा लाग्दैन । यसप्रकारको बसाई र रहनसहन् उनीहरूको जीवनको आदत् नै बनेको हुन्छ । आज पनि यस्तै दयनीय अवस्था छ ।

माथि उल्लेख गरिएकाहरू भन्दा अझ दुनियाँलाई चकित पार्ने रहष्य यस्तो छ कि **सन् १९४७** भन्दा अघि भारत स्वतन्त्र नहुँदासम्म **मेताप** गाउँका मानिसहरूले **मान्छेको मासु खान्थे** भन्ने जानकारीमा छ । भुटानको **'हा'** जिल्लाबाट करीब ३ दिनको बाटो, जानवरहरूको त्रासमा जोखिम लिएर उत्तर-पुर्व हिँडेपछि **मेताप** गाउँमा पुगिन्छ जो अपेक्षाकृत दयनीय अवस्थामा छ । त्यहाँका मानिसहरू सरकारको सूचना लिएर आउनेलाई दुश्मन् ठान्थे । त्यसलाई अभिशाप्को रूपमा लिन्थे । जब सरकारी मान्छे आउँथ्यो उसलाई थाहा नदिईकन विशेष व्यवस्था गरी लामालाई बोलाएर पूजा-अर्चना गर्दथे । उसलाई सरकारको हुकुम/उर्दी पढ्न समय दिईन्थ्यो । सरकारी हुकुम सुनाई सकेपछि उसलाई गाउँलेहरूले समातेर नजिकैको भीरबाट फ्याँकिदिन्थे । त्यसपछि मरेको लाश ल्याएर भोज गर्थे । एकजना **चेन्चो** नाम गरेको व्यक्तिले धेरै घटनावृत्तको जानकारी गराएका छन् । यो भुटानको वाङचुक राजाको देशमा हुनेगरेको घटना हो । मेताप गाउँको अवस्था आज अलिकति फरक छ भन्ने सुनेको छु, मान्छेको मासु खान छोडेका छन् अरे तर मानिसहरूको अवस्था भने अझै पनि पीडादायक नै छ । विकासका आधारहरू त्यहाँ पुगेका छैनन् । उत्तर-पूर्वका धेरै गाउँहरूको अवस्था पनि मेताप गाउँको जस्तै छ । “GNH” सकल राष्ट्रिय आनन्दको विद्वान् जिग्मी सिगें वाङचुकको देश भुटानको भित्री रहस्य र भुटानको बुद्ध धर्मको पाखण्डी कथा-व्यथाहरू यस्ता छन् ।

## पाँचौं भाग: धर्म एउटा हतेरो अखडा

भारत र **नेपाल**का हिन्दु धर्मवालम्बी राजनीतिक नेताहरू धर्मलाई समातेर ठूला-ठूला कुराहरू गरिरहेका छन् । हिन्दु धर्म बिना देश रहन सक्दैन भन्छन् । नेपालकाहरूले संविधानमा सनातन हिन्दु धर्म नेपाल हुनुपर्छ नत्रभए **खुनको खोलो बग्छ** भनी चेतावनी दिएका छन् । ८० प्रतिशत हिन्दु भएको देशको धर्म हिन्दु नै हुनुपर्छ अन्यथा जनताको **आँधीले सबैलाई बढार्नेछ** भनी फटकारपूर्ण भाषण पनि गर्छन् । यो कस्तो धर्म, कस्तो भगवान हिन्दुहरू मान्छन् अरूलाई मारेर रगतको खोलो बगाएर हिन्दुराष्ट्र बनाउने ? अरू बढारिदां आफू पनि बढारिन सकिन्छ भन्ने कुराको पनि ज्ञान हुनुपर्छ । सच्चा र इमान्दार राजनीतिक नेता र धर्मगुरुहरूको धर्मप्रतिको विचार यस्तो हुन सक्दैन । **"नेपालीजाति हिन्दु धर्मको कारण यस धरतीमा अस्तित्वमा आएका होइनन्"** । विश्वमा स्थापित् भएका धर्महरूले राजनीतिक दलले जस्तो देशको प्रशासन व्यवस्था, विकास, जनताको पालन-पोषण तथा सुरक्षाको उत्तरदायित्व वहनगर्न सक्दैन् । धर्मका संगठनहरूले अन्य सामाजिक संस्थाहरूले जस्तै मानिसलाई केही हद्सम्म अनुशासन् र असल आचरण सिकाउन सक्ला तर यस्ता कुराहरूको अभाव समाजलाई छैन ।

मानव जीवनलाई प्रगतिशील एवं परिवर्तित व्यवस्थामा डोऱ्याउन सक्ने असल ज्ञान भएका मार्गदर्शकहरू संसारमा प्रशस्तै छन् । मानव-शास्त्र ज्ञान भएका तथा विज्ञान वेत्ताहरूको मानवजीवनलाई लाभदायक दर्शनलाई अनुसरण गरी यस जगतमा मानव कल्याणकोलागि उद्देश्य प्रेरित भएर प्रत्येक परिवर्तनलाई मानिस सबैले आत्मसाथ गर्नु आवश्यक छ । सीमित ज्ञान भएका हामी मानिसले घमण्ड गर्नु उचित हुँदैन । यस संसारको रचना विषयमा आजसम्म हामी कोही पनि स्पष्ट छैनौं । मानिसको जीवन कुनै पनि कुराको बन्धनमा छैन । संसारका कुनै पनि देशमा बसोबास गर्ने मानिसहरू जस्तै नेपालका नेपाली-जनसमुदायहरू पनि धर्मको बन्धनमा छैनन् सबै स्वतन्त्र छन् । कुनै पनि प्रकारको बल-विवेक प्रयोग गरेर मानिसलाई धर्मको बन्धनमा राख्ने र उसको स्वतन्त्र जीवन जिउने अधिकार हनन् गर्ने धर्मको अधिकार छैन । मानवजातिको भलोगर्न चाहाने धर्मले मानिसमाथि कानुन थोपर्नु होईन, कसैको स्वार्थ पूरा गर्न होईन तर मानिसलाई स्वतन्त्र रूपमा जिउनकोलागि मानिसको सुरक्षा र सेवामा लाग्नुपर्ने हुन्छ ।

मानिस भएर राम्रो कामगर्नु समस्यामा परेकाहरूलाई सहयोग गर्नु र

मानिस-मानिसबीच एकताको सँगम बनाउनु अनि मन खुशी भएर रमाउनु पनि धर्म हो। समाजमा धर्मले असल कार्यहरू गर्नसक्छ। यद्यपि, धर्मले देशको शासन व्यवस्था चल्दैन। धार्मिक संगठनको सहारामा देशमा राजनीति गर्नाले देशलाई विभाजनतर्फ धकेल्नेछ। धार्मिकता भएको शासन व्यवस्था भएमात्र मानिसमा शान्ति हुन्छ देशको विकास हुन्छ। मानव-जातिको हित्मा धर्मले असल कार्य गर्नु हो भने मानिसलाई अन्धविश्वास र कुप्रथाहरूबाट मुक्त गर्नुपर्छ। मानिसलाई स्वतन्त्र रूपमा सर्वसमाजको हित्मा कार्यगर्ने वातावरणको निमार्ण हुनुपर्छ। धर्मका अप्राकृतिक रीतिरिवाजहरूका कारण मानिसले बाधा र अडचन् बेहोर्नु नपरोस। जुनकुरा कल्पना र विश्वासमा मात्र अडिएको छ जसको अस्तित्व छैन त्यस्ता कुराहरूमा जिद्दी गर्नु उचित होईन।

यहाँ एउटा तस्वीर देखाईएको छ त्यसलाई नियालेर हेर्नुहोस् जहाँ देख्नुहुनेछ पुजारीहरूले ढुंगाको मुर्तिमा दुध खन्याईरहेका छन्। यसरी मन्दिरहरूमा दिनहुँ चढाईएका हजारौं-लाखौं केजी मिठाईहरू, दुध, घिऊ र मिठो खानेकुराहरू कसले खान्छ र ढुंगामा खन्याएको हो ? यसरी ढुंगामाथि खन्याईएको हजारौं-हजार लिटर दुध कुन बालकको पेटमा जान्छ ? **भगवानले मिठो-मिठो खानेकुरा मागेका छन् र हामी यसरी दिन्छौं** ? यी सबै माटोमा मिल्छन्।



एकातिर बालकहरू भोकै रोईरहेका छन्, अर्कोतिर ढुंगाको मुर्तिमा
दुध, घिउ, महको खोला बगिरहेको छ।

कुनै शब्दलाई घोक्रो सुकुन्जेल पुकारेर, रुख र ढुंगामा सिन्दुर पोतेर, मुर्तिमा दुध खन्याएर, खोलामा पिण्ड बगाएर कसको कल्याण भएको छ ? मरेर

गएकाहरूकोलागि भनेर पृथ्वीमा हुने सन्तान्हरूले पूरोहित् र आसेपासे समाजलाई खुशीपार्न आफ्नो शिरको कपाल खौरेर नाङगै भुतुङगै भएर गाई, सुन-चाँदी, पैसा, लुगा, सुत्ने-खाट, खानेकुरा दान् गरेर केही हुँदैन यो अन्धपरम्परा हो भन्ने कुरा आजका सन्तान्हरूलाई थाहा छ। धर्मको रीतिरिवाज र प्रथा अनुसार शोक्मा परेकाहरूलाई 'धर्मको नाममा' यसो गर्न लगाईन्छ। शोक्मा परेकाहरू धर्मका परम्परागत कट्टरपन्थीहरू र समाजको आलोचना खेप्नु भन्दा धर्मसँगको अन्धविश्वासलाई निरन्तरता दिन विभिन्न तरिकामा पीडा सहन बाध्य छन् । दान् गरेका धन् सम्पति र उपयोगी बस्तुहरू गरीब र असहायहरूले पाउन सके त्यो असल हुन्थ्यो, त्यसो गर्दा पितृहरूबाट आशिष पाईन्थ्यो होला तर यसप्रति धर्मको चिन्तन वा अवलोकन भएको छैन । यसको विपरीत दान प्राप्त गर्नमा प्रयास हुन्छ ।

देशका कुनाकाप्चामा भएका गाउँघरदेखि लिएर ठूला ठूला मन्दिरहरू बानारास, काठमाडौँको पशुपतिनाथको आर्य-घाट आदिमा यस्ता दृश्यहरू प्रशस्तै देख्न पाईन्छ । एकातिर आफ्नै छर-छिमेक र मन्दिरको परिसरमा साना-साना बालकहरू खान नपाएर नाङगै र भोकै रुदैंछन्, अर्कोतिर ढुंगाको मुर्ती र ढुंगाले बनिएको शिवजीको विभिन्न आकारको लिंगमा हजारौं लिटर दुध, घिऊ र मह खन्याएर तमाशा देखाएर धार्मिकताको खिल्ली उडाईरहेका छन् । यस्तो देख्दा कुनै पनि सज्जन व्यक्तिलाई दिक्क लाग्छ । यो त सबै मान-मर्यादाहरूको सीमा नाघेको, अतिनै पागलपना हो । यस्तो मुर्खता, लाजमर्दो, अशिक्षित र समाजकोलागि आत्मघाति कार्यहरूलाई आजको युगसम्म आईपुग्दा पनि हिन्दु धर्मवालम्बीहरूले त्याग्न सकेका छैनन् । मुर्ति पुजा गरेर धर्मको नाममा भजन किर्तनले धर्म गरेको अर्थ लाग्दैन यो त भुलभुलैया मात्र हो । समाजमा व्याप्त यसप्रकारका धर्मका गतिविधिहरूले मानिसको भलाई गर्नुको साटो दुर्बल बनाएर शोषण गरिरहेको छ ।

संसारका प्राय: सबै मानिसहरूले विभिन्न जीव-जन्तुहरू जमीन र पानीमा हुने खसी, कुखुरा, राँगा, गोरु, हाँस, चरा, सुँगुर, कछुवा, माछा, आदिको मासु खान्छन् । बाईबल अनुसार यी जीव-जन्तुहरू मानिसको उपयोगकोलागि नै धरतीमा भएका हुन् भनी एउटा बुझाई पनि छ तर यी प्राणीहरू मारेर मासु खानु

कि अन्य प्रयोगमा ल्याउनु भन्ने कुरा स्पष्ट छैन । तर खीष्टीयन् धर्ममा जीव-जन्तुहरूलाई मारेर मासु खानमा रोक छैन । यस संसारका केही मानिसहरूलाई छोडेर प्रायजसो सबै धर्मवालम्बीहरूले मासु खान्छन् । अरूको ज्यान् मारेर आफ्नो पेट्भर्नु महापाप हुन्छ भनी मानव जीवन सम्बन्धित सबै शास्त्रहरूले भनेको छ । "कुनै पनि प्राणी वा कसैको पनि हत्या गर्नु गराउनु धर्मको विपरित पाप हो" बुद्धले भनेका छन् तर पनि बुद्ध धर्मवालम्बीहरू मासु खान्छन् । धर्मले पशु-पंक्षीको मासु खानु अधर्म हो, मानवता विपरित हो भनी ठोस रूपमा **सचेतना** ल्याउन सकेको छैन । त्यसको विपरितः अरूलाई दमन नगरिकन, अरूको हत्या नगरिकन, अर्कोलाई नहटाईकन आफू अगाडि बढ्न नसकिने संस्कार धर्मले व्यवहारमा ल्याएको छ ।

मानिसलाई तर्साएर हुन्छ कि फकाएर हुन्छ धर्मको बिस्तार गर्न धेरै प्रयास गर्छन् । खुन बगाएर पुजा गर्ने चलन तथा पशु-पंक्षीदेखि मानिसको बालकलाई समेत धार्मिक प्रथा अनुसार बलिदान् दिने कार्य दुनियाँलाई तर्साउनु मात्र हो, धर्म होईन, महापाप हो ।

**बाईबलको** उत्पति २२ मा एउटा दृष्टान्त् छ, जहाँ परमेश्वरले अब्राहमको आज्ञाकारिताको परीक्षा लिन छोरा **इसहाक**लाई मोरियाको देशमा भएको एउटा डाँडामा होमबली दिनु भनी आज्ञा गर्नुहुन्छ । परमेश्वरको आज्ञाकारी परमेश्वरको डर मान्ने अब्राहमले आफ्नो एकमात्र छोरालाई दाउरा बोकाएर केही सहयोगीसँग मोरियाको देशमा पुग्छन् । पहाडको फेदमा पुगेपछि अरू सहयोगीहरूलाई त्यहीं राखेर छोरालाई लिएर पहाडमाथि जानुहुन्छ । छोराले बुबालाई होमबलीकोलागि थुमाचाहिँ खोई त बुबा भनी सोध्दा, अब्रहमले होमबलीको निम्ति थुमा परमेश्वरले नै जुटाउनु हुनेछ भनी भन्नुहुन्छ । होमबलीको लागि बेदी तयार गरिसकेपछि छोराको हात खुट्टा बाँधेर जबरजस्ती बेदीमा चढाउनु हुन्छ । छोरालाई यसरी बेदीको दाउरामाथि राखेर बलीकोलागि छुरी उठाउँनु हुन्छ । त्यतिकैमा एक्कासी एउटा आवाज आएर बलि रोक्न हुकुम गर्छ । त्यो आवाज परमेश्वरको हुन्छ । नजिकै एउटा थुमा हुन्छ त्यसैलाई छोराको सट्टा होमबलि चढाउन आज्ञा हुन्छ । अब्राहमले त्यसैलाई होमबली चढाउनु हुन्छ । परमेश्वर अब्राहमको आज्ञाकारिताप्रति खुशी भएर आशिष दिनुहुन्छ । होमबली दिईएको त्यस ठाउँलाई

"परमप्रभुको पहाडमा जुटाईनेछ" भनी भनिएको छ । यद्यपि, यस दृष्टान्तको आधारमा कुनै पनि पशुको बलीदिने प्रथा भने खीष्टीयन् धर्मको प्रचलनमा भएको पाईदैन ।

**ईस्लाम धर्म** अनुसार **बकरीद** सबैभन्दा उत्साहपूर्वक मनाईने त्यौहार हो । यो त्यौहार रमादानको दुई महिनापछि मनाईन्छ । यहाँ बकरीद त्यौहारको पनि बाईबलमा जस्तै कथन छ । यहाँ पनि अब्राहमको परीक्षा लिन अल्लाहले अब्राहमको छोरा **ईस्माएल**को कुर्बानी मागेका थिए भनिएको छ । अब्राहमले पनि बाईबलमा भनिएको जस्तै आफ्नो छोरा ईस्माएलको कुर्बानी दिन धर्मको प्रचलित नियम अनुसार आँखामा पट्टी बाँध्नु हुन्छ अनि छोराको कुर्बानी गर्नुहुन्छ। तर अब्राहमलाई थाहा नदिई छोरा ईस्माएललाई हटाएर कुर्बानीकोलागि त्यहाँ एउटा बोकालाई राखिएको हुन्छ । अब्राहमले जब आँखाको पट्टी खोलेर हेर्नुहुन्छ त्यहाँ आफ्नो छोरा ईस्माएल जिउँदो अनि सुरक्षित देख्नु हुन्छ । तर छोराको साटो एउटा बोकाको कुर्बानी भएको देख्नुहुन्छ। अब्राहमको अल्लाहमाथि भएको विश्वासप्रति खुशी भएर अल्लाहले छोराको सट्टा बोकाको कुर्बानी कबुल गर्नुहुन्छ। त्यसै समयदेखि कुर्बानी चलिआएको भनी भनिएको छ जसलाई **बकरीद-उल-जुहा** को नामले जानिन्छ। यही दृष्टान्त्लाई लिएर ईस्लाम धर्ममा बकरीदको दिन सबैले खसी, बोका, भेडा, राँगा आदि जानवरहरूको कुर्बानी गरेर अल्लाहलाई खुशी पार्ने प्रथा छ ।


भारतमा ईस्लाम धर्मवालम्बी मुश्लिमहरूको बकरीद त्यौहार

हिन्दु धर्ममा पनि धेरै त्यौहार र चाढ-पर्वहरू छन् जहाँ जानवरहरूको बलिदिने चलन छ । नेपाली समाजमा धुमधामसँग मनाईने चाढ **विजय दशमी**

र **लक्ष्मी पूजा** हो । विजय दशमीको दुईदिन अघि अष्टमीको दिन खसी, भेडाको बलि चढाएर भोज गर्छन् । यसरी बलि चढाउनुको अर्थ दानवमाथि विजय भएको, अधर्म पखालिएर धर्मको राज भएको भनी मानिन्छ । तर विडम्बना यहाँ दानव प्रबृत्ति बढ्दो छ, अधर्मको राज बढ्दो छ । अनि पशुहरू सिधै स्वर्ग जान नसक्ने हुनाले देवीको अघि जुन् जुन् पशुको बलि चढाईन्छ ती सबै स्वर्ग जान्छन् र नयाँ जीवन पाउँछन् रे, पूराणमा भनिएको । के यो सत्य हुन सक्छ ?

नेपालको बारा जिल्लाको विरयापुर गाउँमा **गढी-माई** नाम गरेको मन्दिर छ जहाँ प्रत्येक पाँच वर्षमा मेला लाग्छ । उक्त मेलामा संसारकै सबैभन्दा बढी पशुबली गरिन्छ । गढी-माईमा विश्वासगर्ने र पुजागर्ने मानिसहरू नेपालमा भन्दा भारतमा ठूलो सख्यामा छन् । उनीहरू प्रत्येक पाँचवर्ष लाखौंको सख्यामा बली चढाउँन आउँछन् । विभिन्न किंवदन्तीहरू गढ़ीमाईको बारेमा पाईन्छ । मानिसहरू त्यसैलाई लिएर आफ्नो कल्याण होला कि भनी बली चढाई पूजा गर्छन् तर विश्वास गर्न सकिने आधार केहीछैन । तर पनि भक्तहरूको मनोकाक्षाँ पूरागर्ने जनविश्वास रहेकाले गढी-माईलाई पशुबली दिनेहरूको ठूलो भीड लाग्ने गर्दछ । गढी-माईको पुजामा सेतो मुसा, बाख्राको पाठो, सुँगुर, रागाँ आदिको बली दिईन्छ ।



नेपालमा गढीमाई पुजा पशुहरूको खुनको खोलो बगाएको एउटा दृश्य ।
यो सन् २००९ मा ५००००० (पाँच लाख) पशुहरूको बली दिईएको दृश्य ।

**गढी-माई**को पूजागर्दा लाखौं पशुहरूको हत्या गरेर खुनको खोलो बगाउँछन् । पशुहरूको टाउको र शरीर छुट्टिएर रगतमा डुबेको छरपष्ट अवस्था देख्दा मान्छेको मनमा असाहय पीडा हुन्छ । यसरी पशुहरूको विभत्सव हत्या भएको भयानक दृश्य सारा दुनियाँले देखेका छन् । सुन्दा नै डर लाग्ने कुरा,

नजिकबाट हेर्दा यो दृश्य कस्तो होला । हिन्दुहरूले गढी-माईलाई खुशीपार्न पशुहरूको हत्या गर्छन् ।






राँगालाई काटेर धर्म गर्दै भारत र नेपालका हिन्दुहरू गढीमाईसँग वरदान् मागिंरहेका छन् ।

**भारत सरकारले** यसप्रकारको पशुबली बन्द गरेपछि लाखौंको सख्यांमा भारतीय भक्तजनहरू नेपालमा आएर बली चढाउँछन् । यसरी बली चढाउनेहरू मध्येमा भारतीय नागरिकहरू ६० प्रतिशतभन्दा बढी हुन्छन् । जानवरहरूको यसरी हत्या नगर्न भनी सारा संसारले बिन्ती गर्दा पनि रोक्न सकिएको छैन । **के सनातन हिन्दु धर्मको विश्व-बन्धुत्व, दया, प्रेम, शान्ति र अहिंसाको सन्देश यही हो ? के यहाँ देखाईएका दृश्यहरूबाट मानिसले खुशी व्यक्त गर्न सक्छ ? के यस्तै पाशवी कामगर्न र यसलाई निरन्तरता दिन नेपाललाई हिन्दु राष्ट्र बनाउन आवाज उठाईएको हो ? कसलाई खुशी पार्न पशुहरूको विभत्स हत्या गरिएको हो ? मानिसले गरेको पाप खसी, बोका, पशु-पंक्षी र राँगाको खुनले पखाल्न सक्छ र ? भारतमा करोडौं मानिसहरू खान नपाएर दिनहुँ मरिरहेका छन् के गढी-माईको खुनको खोलाले उनीहरूको पेट भरेकोछ र ?**

कुनै पनि धर्ममा हुने जनावरको बली न हिन्दुहरूका राम, कृष्ण, शिवले मागेका हुन् न ख्रीष्टीयन्हरूका येशुख्रीष्टले मागेका छन् न ईस्लाम धर्मवालम्बीहरूका अल्लाहले चाहेका हुन् । यो त मानिसलाई मूर्ख र अन्धो बनाएर पापतर्फ धकेल्ने कार्य हो । धर्मका किताबहरू बाईबल, कुरान, रामायण, गीता आदिमा भएका कथाहरू, पशु बलीका बारेमा लेखिएका उट्पट्याङ कथा कुथुङ्ग्री सबै झुटो, असत्य र बनावटी हुन् ।

**पाखण्डी धर्मको कारण मानिसको आँखा उघ्रिएकै छैन** । होईन भने हेर्नुहोस् धर्महरूले कमजोरहरूमाथि नै शोषण गर्दछ । यी धर्महरूले कमजोर निमुखा पंक्षी र पशुहरूमाथि ज्यादै अत्याचार गरिरहेको छ । सबै धर्महरूले **बोका,**

**पाठा, राँगा, गाई, गोरु, कुखुरा, भेडा** जस्ता सिधा र निमुखाहरूको बलिदान गर्दछ । तर कुनै पनि धर्मले **बाघ, चितुवा, सिंह, हात्ती, गैंडा, एनाकोण्डा अजिंगर** जस्ताको बलिदान गर्न सक्दैन किनकि यी जानवरहरू शक्तिशाली हुन्छन् । यी जानवरहरूले उनीहरूलाई नै टोकेर मारिदिन सक्छन ।

## छैटौं भाग: धर्म एउटा मूर्खमण्डली

अन्धविश्वास् र अत्याचारको सीमा हुँदैन । एकजना विद्वान् मुश्लिम महिलाले राखेको विचारलाई सबैको जानकारीकोलागि यहाँ राख्न चाहान्छु । अलजजिरा विश्वविद्यालय काईरो, ईजिप्टका महिला प्रोफेसर साउद सलेह (Saud Saleh) ले अप्रिल १६, २०१७ मा अल्-हायत (Al-Hayat TV) लाई दिएको अन्तर्वार्तामा मुश्लिम पुरुषहरूले गैर मुश्लिम महिलाहरूलाई बलात्कार गर्नु ईस्लाम धर्मअनुसार जायज हो भनेकी छन् । प्रोफेसर साउद सलेहले युद्दमा कैदी बनाईएका महिलाहरूलाई मुश्लिम सेना र अन्य मुश्लिम पुरुषहरूले आफ्नो पत्नीलाई झैं सहबास गर्न सक्छन् जसलाई ईस्लाम धर्मअनुसार स्वीकार छ भनेर पनि भनेकी छन् । त्यसैगरी उस्ले इज्रायली महिलाहरूलाई दासी बनाउनु बलात्कार गर्नु अनि उनीहरूलाई सार्वजनिक रूपमा बेईज्ज्त गर्नु अल्लाहको आदेश एवं ईस्लाम धर्मअनुसार नै हो पनि भनेकी छन् । सलेहको यो अन्तर्वार्ता अल्-हायत टिभी च्यानलले १९ अप्रेल २०१७ मा सार्वजनिक गरेको थियो । उक्त टिभी च्यानलले सार्वजनिक गरेको अन्तर्वार्ता विषयलाई लिएर मानिसहरूले आपत्ति जनाए केही ईस्लाम धर्मगुरुहरूले विरोधपनि गरे । तर गैर मुश्लिम महिलाहरूमाथि यस प्रकारको अपराध गर्न चाहाने, **पाखण्डी** विचार भएका प्रोफेसर साउद सलेहलाई ईस्लाम धर्मका अगुवाहरूले केवल विरोधमात्र गरे कुनै पनि कार्वाही गरेनन गर्नपनि चाहेनन् । यी सबै घटनाहरूले पुष्टि गर्दछ ईस्लाम धर्ममा महिलाको कुनै ईज्जत हुँदैन, समाजमा स्थान छैन, सुरक्षा छैन महिला एउटा भोग् विलासको साधन मात्र हो । आफू स्वयं महिला भएर पनि महिलामाथि यस्तो विचार राख्ने विश्वविद्यालयका प्रोफेसर छन् । यस्ताले समाजलाई कस्तो शिक्षा देला सोझै अनुमान गर्न सकिन्छ । जन्मदा कोही पनि धर्मको छाप लिएर जन्मिन्दैन, साउद सलेह पनि मुश्लिम नभएर अरू कुनै धर्मको परिवारमा जन्मेको भए महिलाहरूमाथि यस्तो विचार सुन्दा कस्तो लाग्थ्यो होला ? उ आफैं सोच्न सक्छ ।

संसारमा भगवानको नाममा खोलिएका धार्मिका संस्थाहरू धेरै छन् । जुनसुकै

नामको धर्म भएपनि मानिस कल्याणकोलागि वैज्ञानिक तवरमा सकारात्मक सोचँ लिएर काम गर्नेले मानिसलाई सभ्यताको बाटोमा डोऱ्याउन सहयोग गर्न सक्नेछ । तर धर्मको नाममा समाजमा थोपरिएका अप्राकृतिक व्यवहारहरू, कुप्रथा, अन्धविश्वास, घमण्ड र अहंकारहरू जबसम्म उन्मूलन् हुनसक्दैन त्यहाँ राम्रो हुँदैन । टाढा जानु पर्दैन  नेपाली र भारतीय समाज तथा बगंलादेश, पाकिस्तान, भुटान, म्यानमार आदि देशहरूमा देखिरहेका छौं जो व्यक्ति वा जाति अविकसित, अशिक्षित तथा पछौटे गाउँहरूमा बसोबास गर्छन् उनीहरूको धर्मप्रति आवश्यकता अनुसार सुधार आएको छैन । उनीहरू अन्धविश्वासी र पिछडिएको अवस्थामा छन् । उदाहरणको निम्तिः नेपालको पश्चिमी जिल्लाहरू, तराई-मधेश तथा केही उत्तरी क्षेत्रहरूमा बसोबास गर्ने जनताहरू अनि त्यसैगरी भुटान र भारतका धेरै राज्यका गाउँहरूका जनता धर्मबाट हुनेगरेका शोषण र कुप्रथाहरूबाट मुक्त छैनन् । तर त्यही देशका जनता जो विकसित क्षेत्रमा बसोबास गर्छन् जसले विज्ञान र विकासको अनुभव गरेका छन् उनीहरू धेरै अघि छन् । ज्ञान र अनुभवले उनीहरूले धर्मको नाममा हुने गरेका अन्धविश्वास्का धेरै परम्पराहरूलाई त्याग्न सफल भएका छन् । तर पनि आफूले रुचाएको धर्म त्यागेका छैनन् उनीहरूको धार्मिक विश्वास घटेको छैन । यी सबै परिवर्तित जगतको शिक्षा र चेतनाको कारण भएका हुन् ।

बुद्ध जन्मेको २६१४ वर्ष भईसक्यो तर बुद्ध जन्मेको देश नेपालमा बुद्धको संस्कार भएका राजनीतिज्ञहरू तथा शासकहरू भेटिएको छैन । बुद्धको नाममा देशभरी विशाल भवन र गुम्बाहरू निर्माण भएका छन् । पशुपतिनाथले पनि ठूलै नाम र स्थान ओगटेको छ । लाखौं, करोडौं, अरबौं, खरबौं बत्तीहरू बलिसके, हजारौं टन घिऊ र चामल होम गरेर खरानी भईसके, खरबौं रुपियाँ पैसा दान् भईसके सुख, शान्ति र समृद्धिको लागि भन्दै गढीमाईमा गरिने लाखौं पशुहरूको बलि रोकिएको छैन तर पनि यो देशको अवस्था र यहाँ भएका मानिसहरूको जीवन स्तर ज्यौं का त्यौं छ। राम जन्मेको पनि हजारौं वर्ष भईसक्यो। हाम्रा सयौं पुस्ताहरूले सुख र शान्तिकोलागि रामको नाम जपेको जपेई छन् तर राम-राज्य राम जन्मेको देश भारतमा छैन् न त रामको श्रीमतीको देश नेपालमा नै छ राम-राज्य । धर्मको नाममा भेद्भाव, विवाद र आतङ्क झन् झन् फैलिदैछ ।

येशु खीष्ट जन्मेको पनि बाईबल अनुसार २०२४ वर्ष भईसक्यो, तर

उहाँको जन्मस्थान जेरुसलेमको बेथलेम ईज्रायल आज पनि युद्धमा होमिईरहेको छ त्यहाँ शान्ति छैन । धरतीमा धेरै परिवर्तनहरू भएका छन् तर मानिसको संस्कारमा सकारात्मक परिवर्तन भएको छैन, धेरै अस्तव्यस्त छ । मानव शासित धरतीमा पाप बढिरहेको छ । कसले मुक्ति पाएको छ ? कसको पाप क्षमा भएको छ ? अनि को स्वर्ग पुगेको छ ? यी सबै प्रश्नहरूको मूलयाङकन् त परै जावोस् मानिस-मानिसबीच रहने बन्धुत्व, प्रेम र सद्भावनामा दुष्टाचार भरिएको छ । विभिन्न जात जातिहरूबीच दुश्मनी र अविश्वास बढेको छ ।

येशू, मोहम्मद, राम, कृष्ण, मोसा, गुरुनानक जस्ताहरू धेरै जन्मे सबैले केही गरे अनि यस धरतीबाट बिदा भएर गए । जो जसरी यस धरतीमा आएका थिए अनि जे-जे गरेर गए फर्केर आउने होईनन् । महापुरुषहरूको मार्गलाई चरितार्थ गर्नुको साटो धर्मका झ्याम्टा बजाएर समय बिताउँन् । जो मरिसके उनीहरूलाई पुकार गर्दा, पूजा गर्दा, बत्ती बालेर खोजी गर्दा पनि भेट्टिने छैनन् । उनीहरूको नाममा जतिसुकै अग्लो मुर्ति बनाएपनि मन्दिर, गिर्जा, मस्जिद, झलमल्ल पशुपतिनाथ, मिनाक्षी अम्मान, लिङ्गराज, मक्का, काँशी, बानारस, लुम्बिनी, क्याथेड्रल चर्च र भारतमा राम मन्दिर बनाएपनि केही हुनेवाला छैन । यस्ता सबै भवनहरू मानिसहरू भेला हुने, सभा गर्ने र रमाईलो गर्नकोलागि सीमित हुन्छन् । यसले गरिब, निर्बल र असहाय मानिसको शोषण गर्छ, कल्याण गर्दैन । मरेर जानेहरूको कथाहरू सुनाएर, उनीहरूको पूजा-अर्चना गरेर, पशुहरूको बली चढाएर उनीहरू फर्केर आउने होईनन । कुनै चमत्कार हुँदैन अनि त्यसैगरी उनीहरूको नाममा आगोमा होम, पशु बली र पूजा-अर्चनाले संसारका मानिसहरूको जीवनमा प्रतिपादक प्रकाश पार्न सकिन्दैन । मानिसमा बुद्धीतत्व हाल्न पनि सकिन्दैन ।

## सातौं भाग: धर्म एउटा पथढाक

मैले धर्म, संस्कृति, परम्परा तथा धर्मका भावना र विभिन्न धर्महरूभित्र भएका मानव-जातिलाई उपयोगी तथा धर्मका केही सकारात्मक पक्षहरूलाई बिर्सन चाहेको अथवा त्यसप्रति मेरो ध्यान नभएको पनि होईन । मैले धर्मका बारेमा जेजति लेखें ती सबै मलाई चित्त नबुझेका र धार्मिक संगठनहरूले मानवजातिको मष्तिस्कलाई कहीँ कतै गलत विचार र गलत मार्गमा लगिरहेको त छैन ? भन्ने तर्फ सबै धर्म, वर्ग र समाजको चेतना होस भनी लेखेको हूँ ।

धर्मको बारेमा अध्ययन, अनुसन्धान र त्यसको प्रयोग र दुरूपयोगप्रति समाजमा सचेतना आउन आवश्यक भएको कुराप्रति विचार राख्न चाहेको मात्र हो। धर्मको संकुचित विचारको कारणले गर्दा हामीले आफ्नै घर, समाज र देशभित्र भएका नजिकका कुराहरूबाट समेत आजको बद्लिदों संसारको बद्लिदों जीवनलाई जान्न-बुझ्न सकिरहेका छैनौं। धर्मका झुटो शिक्षाको कारण आजका युवावर्ग आफ्नै बुबा-आमा तथा बृद्ध अभिभावकहरूप्रति गरिनुपर्ने हेर्चाह अनावश्यक र समयको बर्वादी ठान्छन् जसको उदाहरण दिईरहनु पर्दैन। जीवनका आर्दश र धर्म-कर्मबारे जतिनै भने पनि युवापिढी आफूलाई जे मनपर्छ त्यही गर्छन्। उनीहरू वैज्ञानिक चेतना बिनाको व्यवस्था र धर्मका अन्धविश्वासलाई मान्न तयार छैनन्। यसको मूल कारण परम्परादेखि धर्मको नाममा हुने गरेको कुप्रथाहरूले धर्मप्रति मानिसहरूको मनमा नकारात्मक सोच उत्पन्न गरिदिएको छ।

वास्तवमा किटानका साथ भन्नु हो भने धर्मको पक्षमा लेखिएका किताबहरू रामायण, कुरान, बाईबल, गीता आदि सबै काल्पनिक हुन्। यी किताबहरूमा लेखिएका केही कुराहरू राम्रा होलान् तर त्यहाँ भएका विषयहरू विश्वासगर्न र त्यसको पछि लाग्न योग्य छैनन् भनी यसभन्दा अघिका पृष्ठहरूमा पनि विस्तार गरेको छु। *धर्मका अगुवाहरूले समयको अन्तसम्म विश्वास गर फल् पाउँछौ भन्ने गर्छन्। कुन समयको अन्तको कुरा गरिएको हो, समयको अन्त कहाँ छ ? के मृत्यु समयको अन्त भनेको हो ? यदि फल मृत्युपछि पाईने हो भने मृत्युपछि कुन समयको कुरा हो ?* यी प्रश्नहरूको उत्तर कसैले दिन सक्दैनन्।

मरेपछि जीव-जन्तुको शरीर जस्तै मानिसको शरीर माटोमा विलय हुन्छ। मृत्युपछि शरीर माटो हुन्छ। तर फेरि मानव शरीरको आत्माको कुरा अलग्गै गरिन्छ। मरेपछि पनि मानिसको आत्मा जीवित रहन्छ भन्ने कथन गरिएको छ। देख्नु र जान्नु केही छैन मरेपछिको आत्माको नापतौल गर्छन्। यस्ता अनगन्ती भ्रामक कुराहरू संसारका मानिसहरूलाई पढाएर प्रभावित पारिएको छ। “मैलै आत्माको उपस्थिति भएको अनुभव गरेको छु भन्नेहरू यहाँ धेरै छन् तर यसरी जीवन र जगतमा भ्रमजाल फैलाउनेहरू स्वयं स्पष्ट छैनन्। उनीहरूले आफैंलाई धोखा दिईरहेका छन्।” *आत्मा र प्राण एकै हुन्।* मृत्यपछि आत्मा क्रियाशील रहदैंन, पुनरुत्थान हुँदैन। आत्मा नै प्राणको रूप हो। शरीरबाट प्राण निस्केर जानु नै आत्माको समाप्ति हो। आत्मा अमर छ भने मानिसको मृत्यु भयो भनेर भन्न मिल्दैन। हिन्दु विचारधारा अनुसार आत्मा अनन्तसम्म रहने मानव शरीरको

एक विशिष्ट प्राथमिक सिद्धान्त हो, यो स्थायी र अपरिवर्तनीय तत्व हो भनेर बुझाउने प्रयास गरिएको छ। तर यो केवल एउटा कपोल-कल्पित सिद्धान्त हो। यसको कुनै आधार छैन।

**मानिसको जीवनको अर्थ आफैंमा केही छैन**। मानिसको जीवनको उद्देश्य वा अर्थ यही हो भनी भन्नु व्यर्थ हुन्छ। धर्मले मानव जीवनको अर्थ लगाउन सक्दैन। धर्म आफैंमा पूर्ण छैन न यसले पूर्णता पाउन सक्छ यो स्वयम् विश्वासको भरमा अडिएको छ। जसको कुनै अर्थ निश्चित् हुन सक्दैन। मानिसले आफ्नो जीवनको अर्थ आफैंले निर्माण गर्नुपर्छ। शब्दमा बोलेर होईन कर्मले अर्थ लगाउने हो। आफू यस धरतीबाट के गरेर बिदा हुँदै हुनुहुन्छ, बाँचुन्जेल जीवन कसरी बिताउनु भयो, के के गर्नुभयो, कस्तो सोच विचारमा जीवन रसाउनु र रमाउनु भयो ती सबै आफ्नो जीवनको परिचयात्मक कर्ममार्गहरू हुन्। त्यसैमा जीवनको अर्थ हुन्छ। अनेक प्रकारका भगवानको पूजा अर्चना गरेर, उनीहरूको सन्देश प्रचार गरेर र त्यससम्बन्धित धर्मको अनुयायी बनेर आफ्नो जीवनको बाटो हिँडिदैन। हामीले शरीरद्वारा कर्म गरेर आफ्नो जीवनको व्यवहारिक अर्थ लगाउनु पर्छ। महानपुरुषहरूको भावना हेतु धर्म मार्गदर्शक बन्नसक्छ। *हाम्रो जीवन यो धरतीमा हुनु एउटा अवसर हो। यो जीवनको अर्थ आफैंमा केही छैन, तर हामीलाई यो जीवनको अर्थ निमार्ण गर्ने अवसर भने प्रशस्त छ।* मानिसको धर्म भनेकै **"कर्मण्ये वाधिकारस्ते"** हो **"माफलेषु कदाचनः"** होईन।

## आठौं भाग: धर्म र भगवान नशा

**भगवान र धर्म**को विषयमा संसारका विज्ञहरू वैज्ञानिक, दार्शनिक, इतिहासविद्, अर्थशास्त्रीहरूले आफ्नो विचार र तर्कहरू प्रकट गरेका छन्। भगवानको अस्तित्व र धर्मको व्यवहारबारे सकारात्मक र नकारात्मक टिप्पणीहरू छन् जसको केही अंशलाई यहाँ एक आवश्यक विषयको रूपमा प्रस्तुत गरेकोछु। **करेन आम्सट्रगं,** एक बृटिश विद्वान् महिला आफ्नो किताब "A Hostory of God" (ईश्वरको इतिहास) मा नाजी कन्सन्ट्रेशन क्याम्पमा भएको एउटा घटनाको विवरण लेख्नु हुन्छ, जहाँ एउटा १० वर्षको बालकलाई अति क्रुर तरिकाले झुण्डाएर मार्दै गरेको दृश्य अर्का एकजना कैदी बालकले हेरिरहेको हुन्छ। अति नै हृदयविदारक दृश्यले हेर्ने बालकको मन छियाः छियाः हुन्छ उसको आँखा आँसुले पुरिन्छ अनि उसले मनमनै उच्चारण गर्छ "भगवान कहाँ छ ?" "उहाँ कहाँ

हुनुहुन्छ ?" मानिसको सृष्टि भएको समयदेखि नै यति धेरै भयानक पाखण्डहरू मानिसमाथि भईरहेको छ तर भगवानले रोकथाम् केही पनि गरिरहेको छैन । करेन आम्सट्रगंले भगवानको अस्तित्व र धर्मको सम्बन्धमा आफ्नो विचार राख्ने क्रममा उदाहरण दिदैं यसरी लेखेकी छिन् । "मानिसमाथि भईरहेको यसप्रकारको हत्या र आतङ्क लिएर भगवानमाथि विभिन्न प्रश्नहरू उठेको पक्कै हो तर पनि भगवानको अस्तित्वको आभास सबै मानिसहरूमा रहेकोछ" । बेलायती डा. स्टीफन अनवीन, गणितका प्रख्यात् वैज्ञानिकले लेख्नु भएको किताब "Probality of God" (भगवानको सम्भावना) मा भगवानको अस्तित्व र आवश्यकतामा जोड दिएका छन् । त्यसरीनै रेने डेस्कार्टेस, फ्रान्सका गणितशास्त्री, वैज्ञानिक एवं दार्शनिकले यसरी भनेका छन् "मानिसहरूको मनमा भगवानको अस्तित्वप्रति उठेका विभिन्न प्रकारका प्रश्नहरू, अनुभव र शंकाहरूले नै भगवान हुनुहुन्छ भन्ने कुराको पुष्टि गरेको छ" । भगवान हुनुहुन्छ वा हुनुहुन्न भन्ने विषयमा आजसम्म निर्क्योल भएको छैन यद्यपि, भगवानको अस्तित्वमा अझै पनि बहुमत नै रहेको पाईन्छ ।

भगवान छैन भन्ने र धर्मप्रतिको विभिन्न कुराहरूको सन्दर्भमा विश्वका मानिसहरू आ-आफ्नै विचार र बुझाईमा अडिग रहेका छन् । जर्मनका दार्शनिक **जर्ज विल्हेल्म फ्रेडरिक हेगेल**, जसले जर्मनवादी सिद्धान्तको अविष्कार गरेका हुन् । उहाँ अन्धविश्वासी तथा अव्यवहारिक खीष्टीयन्हरू र यहुदीहरूको भत्सर्ना गर्दै भन्नुहुन्छ 'यहाँ कुनै पनि सर्वशक्तिमान् तथा भगवान छैन' सबै मानिस सरह हुन् । अनि उहाँ लेख्नुहुन्छ 'येशुखीष्ट ईश्वरीय र मानव दुवै हुनुहुन्छ' । यसरी भगवानको चर्चा गर्ने क्रममा फ्रान्सका प्रसिद्ध इतिहासकार, दार्शनिक तथा लेखक **भोल्टेयर**ले आफ्नो किताब **क्यान्डिड** मा भगवानको बारेमा महत्वपूर्ण प्रसंगहरूको उत्थान् गरेका छन् । उनले मानिसप्रति न्यायको आवश्यकता, प्रेम र सहिष्णुताको आधारमा नयाँ धर्मको परिकल्पना गरेका थिए । उहाँलाई भगवान र धर्मको अपमान गरिस भनेर धेरैपल्ट जेल सजाय भएको थियो । लुडविग एण्ड्रियास भान् फेउरब्याच, अर्का जर्मन दार्शनिक एवं मानवविज्ञानी भगवानको अस्तित्वप्रति प्रश्न गर्दै भन्नुहुन्छ "God was just a human projection" तथा **"भगवान विशुद्ध मानव प्रक्षेपण हो ।"** आर्थर स्कोपेनहायर, जर्मन दार्शनिकले आफ्नो किताब 'The World as Will and Representation' मा महत्वपूर्ण दर्शनहरू विवरण गर्नुभएको छ । **'यो उदेकलाग्दो मानव-जगत अन्धा र अतृप्त, लोभी भावविहीन् तत्वको उपज हो'** भनी चित्रण गरेका छन् । उनले भगवानको

उपस्थिति सम्बन्धमा पश्चिमका रुढीवादी विचारधाराहरूको खण्डन गरेका छन् । उहाँ हिन्दु र बुद्धिष्टहरूप्रति भने केही नरम देखिएका छन् । भगवान र धर्मप्रति उहाँको विचारमा संसारका धेरै विद्वान्हरू प्रभावित भएका छन् । फ्रेडरिक नित्शे, रिचार्ड वाग्नर, लियो टोल्सटाय, लुडविग विट्टजेन्स्टाइन, अर्विन स्रोडिगंर, कार्ल हेनरिक अलिक्स, ओट्टो रचाङ्क, गुस्ताव महलर, जोसेफ क्याम्पबेल, अल्बर्ट आइन्स्टाइन, कार्ल जंग, थोमस मान, इमिले जोला, जर्ज बर्नाड सा, जोर्ग लुइस बोर्जेस र सामूयल बेकेट आदि विद्वानहरूले उहाँको दर्शनलाई समर्थन गरेका छन् ।

जर्मन नागरिक **कार्ल मार्क्स** विश्व प्रसिद्ध दार्शनिक, क्रान्तिकारी समाजशास्त्री, इतिहासकार र अर्थशास्त्री थिए । उहाँ समाजवादी कम्युनिष्ट राजनीतिक दर्शनको ज्ञाता पनि हुनुहुन्छ । उनले कम्युनिष्टहरूको घोषणा पत्र लेखे । उनको किताब **'दास क्यापिटल'** समाजवादी आन्दोलन्को उत्पति हो । भगवानको अस्तित्वप्रति उनी पनि सहमत छैनन् । धर्मप्रति पनि उनको विचार अलग छ । उनी लेख्छन्,: "Religion is the opium of the people" धर्म मानिसकोलागि अफिमको **नशा** हो ।

सिग्मण्ड फ्रेउड, एक प्रसिद्ध अष्ट्रियान वैज्ञानिक हुन् । उनी भन्छन् **'एउटा बालकले प्रतिरक्षक पिताको जसरी अभिरुचि गर्दछ त्यसरीनै मानिसमा भगवानको अभिलाषा उत्पन्न भएको हो'** । फ्रेडरिक नित्से, अर्का जर्मन शास्त्रीय सँगीतकार, दार्शनिक तथा आधुनिक युगका महान विज्ञ थिए । उनले ठाडो शब्दमा भनेका छन्: "God is dead" भगवान मरिसक्यो । उनले यहुदीहरूको धार्मिक संस्कारलाई 'दास आचरण' भनी टिप्पणी गरेका छन् । खीष्टीयन्हरूप्रति उनी अझ कठोर शब्दमा आलोचना गर्छन् । उनले **'राष्ट्रियता मानवता विपरीत छ'** भनी भन्दथे । यहुदीहरूको अव्यवहारिक धर्म र राजनीतिको विरोधगर्दथे । शक्तिको आडमा गरिने राजनीति उनलाई स्वीकार थिएन । **चार्लस डारविन** बृटिश नागरिक, एक वैज्ञानिकले प्राणी तथा मानिसको उत्पतिको बारेमा नयाँ सिद्धान्त अविष्कार गरे जसलाई 'डार्विनको सिद्धान्त' भनिन्छ र अनुसुन्धान्कोलागि विश्वविद्यालयहरूमा पढाईन्छ । उनले धार्मिक ग्रन्थहरूमा भएका उत्पतिका कुराहरू तथा बाईबल र कुरानमा भएको उत्पतिको किताबहरूको पूर्णरूपमा खण्डन गरेका छन् ।

यहाँ प्रस्तुत विभिन्न क्षेत्र र विषयहरूमा विश्व प्रख्यात वैज्ञानिक र

दार्शनिकहरूको धर्म र भगवानको बारेमा सकारात्मक र नकारात्मक तर्क वितर्कहरू पढेर अनि त्यसको अर्थपूर्ण विश्लेषण गरी त्यसमा के कस्ता तत्वहरू छन् आदि कुराहरू बुझेर मानिसले आफ्नो जीवनको बाटो तय गर्नसक्छ । भगवानको अस्तित्वप्रति हाम्रो आफ्नो धाराणा जे जस्तो भएपनि भगवानको अस्तित्वको बारेमा अन्यौल कायमै छ । केही न केही रूपमा मानिसको हृदयमा भगवानको रूप, रंग र गुणहरूको परिकल्पना भईरहेको हुन्छ। हामी सबैले अनुभव गरिरहेका छौं धर्म र भगवानको बारेमा विचार-गोष्ठीहरू नयाँ शैली र आकारमा भइरहेको छ । साधारण अवस्थाका महिला र पुरुषहरूको हृदयमा भगवानको आशा र अभिलाषा स्थिर रूपमा बास गरिरहेको हुनाले पनि यहाँमाथि उल्लेख गरिएका तथा संसारमा उठेका अनेकौं विरोधका तर्कहरू निराधार देखिएका छन्। मानिस भगवानको कल्पनाबिना रहन सक्दैन भन्नेहरू उत्तिकै सक्रिय र सहज अवस्थामा छन् ।

## नवौं भाग: धर्म एउटा पौरखहीन्

म यहाँ धर्मकर्मसँग जोडिएको अर्को त्यस्तै विषय राख्न चाहान्छु ।

**'भाग्य** र **कर्म'** धर्मलाई प्रतिपादन गर्ने एउटा विषय बनाईएको छ । भाग्य, कर्म र धर्म जस्तो संवेदनशील विषयलाई लिएर समाजमा धेरै छलफलहरू भइरहेको पाउँछौं । पौराणिक कथावस्तुहरूका तर्क र कथा कुथुङ्ग्रीको आधारमा कर्म र भाग्यलाई लिएर शहरका बाटोहरूमा मानिसको भाग्यरेखा देखाउन तर्कहरू हुन्छन् । धर्म र कर्मलाई वास्तविक अर्थमा सतहसम्म जानेबुझे जस्तो गरी पाठ सिकाउँछन् । यसो गरे धर्म, उसो गरे अधर्म, यसरी भाग्यमानी होईन्छ, उसो गरे अभागी होईन्छ भनी प्रवचन छाट्छन् । मानिसजाति आफै सचेत छ कि भगवानमूलक धर्मका पथ प्रदर्शक हुँदा पनि नहुँदा पनि उ धर्मी भएर जीवन जिउन सक्छ । तर मानिसलाई मानिसलेनै ठगेका छन् ।

हाम्रो समाजमा बाहुन जातिलाई शुद्ध तथा विशिष्ट जाति भनी सत्कार गरिने चलन पनि रहिआएको हो । उहाँहरू धर्मका अग्रज, ज्ञाता, संरक्षक र प्रचारक पनि हुनुहुन्छ । हामीलाई आदिमकालदेखि नै यी बाहुनहरूले विशेष गरी **पुर्वजन्मको** कर्म र भाग्यमा भरपर्न सिकाउनु भयो । हामीले यो जन्ममा जे जति पाएका छौं त्यो अघिल्लो जन्मको कर्मले गर्दा भएको हो । अहिलेको हाम्रो पौरखले यो जन्ममा केही गर्दैन भन्ने यी बाहुनहरूको पढाईले हाम्रो मनमष्तिस्कसँगै

समाजमा छाप लगाईएको छ । हामीलाई आफ्नो शरीरमा भएका रेखाहरूलाई भाग्य रेखाको नाम दिएर यी रेखाहरूको हिसाब किताब गर्न पनि सिकाईएको छ र हामी पनि त्यसै गर्छौं । को कति भाग्यमानी छ भनी यी रेखाहरूबाट आफ्नो भाग्य तौलन्छौं । त्यसपछि कामकुरो छोडेर बाहुनले देखाएको भाग्यको प्रतिक्षा गर्छौं । यदि कहीँ कतै भाग्यमानी नभए उनै बाहुनलाई दान दिएर दुर्भाग्यलाई भाग्यमा प्रमाणित गर्न पनि पछि हट्दैनौं । तर यसबाट हामी कोही पनि सन्तुष्ट छैनौं । हामीलाई सत्य कुराको ज्ञान भएतापनि यसलाई अस्वीकार गर्ने, विरोध गर्ने हामी छैनौं । हामी नतमस्तक हुन्छौं । सबै भगवानको खटन हो, जे छ त्यो भगवानले गरेको हो भनेर जबसम्म भाग्यवादी सिद्धान्तलाई विश्वासमा लिन्छौं हामी पौरखी बन्न सक्दैनौं, पौरखहीन् हुन्छौं ।

हाम्रो समाज हाम्रो जाति पौरखी भनेर पनि प्रशंसा गरिन्छ तर पनि हामी किन शिथिल सामाजिक अवस्थामा छौं ? वास्तवमा हामीले जीवनको बहुमूल्य समय भाग्यवादी सिद्धान्तमा खर्चिने गर्नाले हाम्रो समाज र हामी स्वयं कमजोर एवं पौरखहीन् भएका हौं ।

मानिस पौरख नगरी कसरी खुशी हुन्छ र ? पौरखबिना आजसम्म कोही पनि भाग्यमानी भएका छैनन् । देशको सरकार पनि त्यस्तै पौरखहीन् छ । हामी अर्काले दिएको सिधा कतिञ्जेल थापेर खाने ? के आफ्नो पौरखमा यो देश चल्न सक्दैन र ? तर अर्काले दिन्छ र खाउँला भनेर झोली लिएर विश्वभरी हात फैलाउने बानी परेपछि जतिसुकै मजबुत सरकार आएपनि यही गरिरहेको देख्छौं । यस्तो हुनु देशकोलागि लाजमर्दो कुरो हो । पौरख शून्य भएकाहरूले यसरी मागी हिँडिरहेका छन् । मैले बाहुन जातिलाई उद्धृत गर्न चाहेको छैन तर जुन संस्कार हाम्रो समाजमा व्याप्त छ त्यसको खण्डन गरेको हूँ । अनि त्यसलाई बाहुनबाद भन्दा नै सबैले बुझ्ने अनि न्यापूर्ण तर्क हुनजान्छ । पूरोहितहरूको जजमानी बुद्धिकौशलसँग फैलिएको बेसरोकारको भाग्यवादी सिद्धान्तले समाजलाई पौरखशून्य बनाएको छ । जबसम्म समाजबाट **जजमानवाद** तथा भाग्यमानी सिद्धान्तको निर्मुल हुँदैन तबसम्म व्यक्ति, समाज एवं देशले पौरख गर्न सक्दैन ।

धर्म सँगसँगै संस्कृतिको विषयमा पनि समाज र सबै धर्मका अनुयायीहरूले जान्न र बुझ्न आवश्यक हुन्छ । आशा छ सबैले यस विषयलाई गम्भीरतापूर्वक विचार गरिरहेका छन् । धर्म र संस्कृतिको दुई छुट्टै पहिचान् र महत्वहरू छन्

यसकारण धर्म र संस्कृतिको बारेमा हामी प्रष्ट हुनुपर्छ। अबको युगमा समाजमा सदियौंदेखि धर्मको नाममा हुनेगरेको अन्धविश्वास र कुप्रथाहरूलाई हटाएर स्वच्छ, चेतनशील र एकताबद्द समाजको निर्माणमा लाग्नु अनिवार्य भएको छ। एकतामा रहंदा मात्र हामी बलियो हुनेछौं, एकताले नै हामीलाई लड्नबाट जोगाउने छ। घर-परिवार, गाउँ, समाज र देश तथा मानव समाजको शान्ति, सुरक्षा र विकास एकतामा रहनाले मात्र सम्भव हुनसक्छ। घर-परिवार, गाउँ, समाज तथा मानव समाजको एकता, शान्ति, सुरक्षा र विकासकोलागि हामीले आफ्नो कला र संस्कृतिको जर्गेना गर्नुपर्छ। हाम्रो संस्कृति हाम्रो एकताको प्रतिक हो, बल् हो। यो हामी सबैको खुशीयालीको मार्ग हो। हामीले आफ्नो कला, संस्कार र संस्कृतिलाई धर्मको हस्तक्षेपबाट जोगाउनु पर्छ र यसको रसपान गर्नुपर्छ।

## दशौं भाग: धर्म एउटा सत्य-सनातन

धर्मको बाटो सबैको लागि एउटै छ। हामीले अनुभव गरेका र देखे-जानेका हिन्दु, मुश्लिम, इसाई, बौद्ध, आदि सबै संस्कारहरू हुन् विभिन्न तह र मानव सम्प्रदायहरूका विचार-दर्शनहरू हुन् धर्मप्रति आ-आफ्नो आस्था र विश्वासका संगठनहरू हुन्। यसर्थ यिनीहरू सबै परिवर्तनशील छन्। सधैँ परिवर्तित भईरहन्छन्, सनातन् होइनन्। तर मानिसले मानवजातिप्रति र यस धरतीको प्रकृतिप्रति गर्ने सेवा, संरक्षण र सबै कर्महरू धार्मिक हुन् तथा त्यही नै धर्म हो र त्यो धर्म परिवर्तन हुँदैन। त्यो अपरिर्वतनीय छ, सधैं एकनास बगिरहने जन्मदेखि मृत्यु पर्यन्त लोक सम्बन्ध व्यवहारमा रहिरहने सनातन् विषय हो। **धर्मले परिवर्तन खोजेको चाहेको छैन**। धर्म विज्ञान जस्तै सत्य र सनातन् छ। हाम्रो समाजमा धर्मलाई आफ्ना पितापुर्खा, परम्परा, वंश र विभिन्न जात-जातिहरूको संस्कृतिसँग जोडिदिएको छ। धर्म र संस्कृति फरक विषयहरू हुन् तर धर्मका संगठनहरूले मानव-जातिका संस्कृतिलाई मास्ने कार्य गरेको छ। मन्दिर, मस्जिद, चर्च, गुम्बा आदिमा भएका आस्थाका मुर्तिहरू, विभिन्न चित्र र चिनुहरूप्रति श्रद्धासम्मान् टक्राउनु उनीहरूको प्रशंसा गरी प्रार्थना गर्नुले कुनै पनि व्यक्तिलाई त्यस धर्मको अनुयायी हो भनी भन्न सकिन्दैन। यो उसको आचारण, सदाचारी भावना, गुण र उसको संस्कृति हो यसलाई आस्था र विश्वासका धर्मसँग जोडेर हेर्न मिल्दैन।

**सदियौंदेखि हाम्रो समाजका सबै जात-जातिका पिता-पुर्खाहरूले मानिल्याएका**

**विभिन्न चाड पर्वहरू, समाजका संस्कारहरू हाम्रो समाजले रुचाएका परिवारको खुशी साथै समाजको एकता, उत्साह र उमङ्गलाई जीवित राख्ने सांस्कृतिक उत्सवहरूलाई कुनै पनि धर्मसँग जोडेर हेर्नु भूल हुनजान्छ।** परिवारिक भेट्घाट्सँग जोडिएका पर्वहरू तथा मनोरञ्जनका चाडहरू हाम्रो जातिको एकताका प्रतिविम्बहरू हुन् । समाजले खुबै गौरव र हर्सोउल्लाहसकासाथ मनाउने दशैं, तिहार, भाईटिका, उधौंली र उभौंली, ल्होसार, नदी र खोलानालाहरूको पुजा गर्ने चलनहरू विभिन्न एतिहासिक बौद्धिक वा लौकिक संस्कारहरूलाई धर्मको छाप लगाएर कसैले हिन्दुहरूको भन्ने, कसैले बुद्धिष्टको भन्ने, कसैले किराती, तामाङ, नेवारी र कसैले ईस्लाम, ईसाइ आदि भनेर अलग-अलग दृष्टिकोण राख्नु भूल मात्र नभएर आफ्नो समाज र जातिप्रतिको एकताकालागि नोक्सान हो । धर्मको स्थान यी सबै रमाइलो गरी मनाइने चाडपर्व खेल-तमासाहरूबाट माथि छ । **धर्मले मानिसलाई कुनै पनि नाम नलिइकन निस्वार्थ सेवा गर्नुपर्छ ।** हामीले जुनसुकै आधारमा समाजमा भएका धार्मिक सम्प्रदायहरूलाई अपनाएका भएतापनि यहाँ माथि उल्लेख गरिएका एवं हामीसँग भएका संस्कृतिहरूलाई एकतामा रहेर अपनाउन पछि नपरौं । **हाम्रो संस्कृति, सभ्यता र सचेतनाको विकासलाई आस्थाका धर्मले बाधागर्नु हुँदैन।** मेरो साधना वा प्रज्ञाचक्षुमा आधारित **धर्म** र समाजमा व्याप्त **संस्कृति** फरक फरक विषयहरू हुन् ।

मनव निर्मित सबै प्रकारका विषयवस्तुहरूको समयअनुकूल परिवर्तन भईरहन्छ । त्यसैगरी पितापुर्खाहरूको रहन-सहन र समाजको संस्कृतिमा पनि समय अनुकूल परिवर्तन स्वभाविक ठानिन्छ । तर धर्म सत्य र अटल हुनुपर्छ । सत्य नै धर्मको प्राण हो । धेरै पहिला पृथ्वी चेप्टो छ अनि सूर्य पृथ्वीको वरिपरी फेरो लगाउँछ र राहुले ग्रास गर्दा विभिन्न सूर्य ग्रहणहरू खण्डग्रास, खग्रास, सर्वग्रास लाग्थ्यो भन्ने अवधारणाहरू सब मित्थ्या थिए तर मानिसले त्यसैलाई विश्वास गर्दथे कारण त्यो समय सत्य अव्यक्त थियो । आज विज्ञानले सत्यताको पत्तो लगाएको छ । सुर्य, चन्द्र र अन्य सबै ग्रहहरू सत्य हुन् । विज्ञानले उनीहरूको निरन्तर अध्ययन गरिरहेको छ तर धर्मले अध्ययन र अनुसुन्धान केही नगरी यी ग्रहहरूको अनुचित ब्याख्यान गरेर मानिसलाई भ्रममा राखेका थिए । अविश्वसनीय गफगाफ, अकर्म र मिथ्यावादी प्रचारले धर्म हुँदैन, धर्म सत्य हुनुपर्छ । **विज्ञानले सत्यलाई मात्र मान्दछ, जो धर्मको रूप हो ।**

संसारका सबै धर्मका गुरुहरू धर्मविद्हरू सबै क्षेत्रका विद्वान्हरूलाई आग्रह

गर्न चाहान्छु हिन्दु, ईसाई, ईस्लाम, सीख, जैन, बोन ईत्यादि सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा **धर्मका नाममा** स्थापित संगठनहरू मात्र हुन् । यी धर्मका संगठनहरूभित्र मानिसजातिलाई अन्धविश्वास र अनेकतामा राख्ने तत्वहरू धेरै छन् । विश्व-मानवसमुदायहरूलाई धर्मले नासमझ मूर्ख बनाएर विभाजन गरेको छ । धर्मविद्हरू, समाजसेवकहरू तथा सबै क्षेत्रका साधारण मानिसहरूदेखि विद्वान्हरूले आफ्नो घर, जाति, समाज, राष्ट्र र विश्वदेखि नै अन्धविश्वास् र धर्मको नाममा हुनेगरेको अप्राकृतिक सोचहरू, कुप्रथाहरू जसले तपाईँ हाम्रो जाति र समाजलाई जन्मदेखिनै अन्धविश्वासको खाडलमा हाल्ने कार्य गरेको छ, जसले हामीलाई विश्वमा बद्नाम गरिरहेको छ त्यसलाई हटाउनुपर्छ । हिन्दु, ईसाइ, ईस्लाम आदि सबैले यस्तो कर्मगर्नु आवश्यक भएको छ जुन कर्मले आफू र आफ्नो जाति, समाज र धरतीका मानिसहरूको भलाई गरोस् । धर्म र भगवानको नाममा राजनीति गरी मानिस जातिलाई विभाजन होइन एकतामा ल्याउने कार्य गरौं । मानिसले बनाएको धर्मलाई पछ्याउनु हो भने सबै धर्महरूको सम्मिश्रणमा एउटा धर्म-संस्थाको निर्माण गरी मानिसको सेवामा जुटौं ।

हामी विवेकशील प्राणी हौं । त्यसैले निजको दिलैदेखि जागेको श्रद्धा र विश्वास भएपनि एकपल्ट स्वतन्त्र मनको अन्तस्करणमा पर्गेलेर हेरौं । सत्यतालाई बुझ्ने प्रयास गरौं । सत्य नै भगवान हो । सत्य अमृत झैं मिठो हुन्छ । सत्यभन्दा अर्को मिठो वस्तु केही छैन । जसले मानिसको मनमा करुणा जगाईदिन्छ मिठास भरिदिन्छ त्यहाँ भगवान हुन्छ । राम, येशूख्रीष्ट, मोहम्मद, बुद्ध, गुरुनानक यस धरतीमा मानिस जातिको कल्याणकोलागि आउनु भयो । सबैले सत्कर्म गरेर आ-आफ्नो परिचय र आ-आफ्नो जीवनको अर्थ लगाएर जानुभयो । उहाँहरू कसैले पनि 'म भगवान हूँ' भनेर प्रचार नगरेतापनि उहाँहरूको कर्ममा भगवानको आभास भएको अवश्य हो । हामी पनि उहाँहरूले जस्तै सदृश मानवजाति र प्रकृतिप्रति सत्कर्म गर्न सक्छौं, हामी पनि उहाँहरू जस्तै पुजयनीय मार्गदर्शक बन्न सक्छौं । मानवजातिलाई जीवनको मार्गनिर्देश गर्न हाम्रा अघि भएका पाद्री, ईमाम, योगी, सन्त, एवं तपस्वी सन्यासीहरूले आफ्नो ज्ञान क्षमता अनुसार जेजस्ता कर्महरू गरिरहेका छन् त्यसलाई हामीले शिरोधार्य गर्नुपर्छ तर सत्य त्यहाँ अढिएर रहदैंन सत्य हामी मानवजातिको एकता र आपसी सद्भावमा मात्र सम्भवत् प्राप्त हुन्छ ।

हामीले विद्याभ्यास गरेका र ध्यानसँग सुनेका गीता, बाईबल कुरान,

गुरुग्रन्थ साहिब, बेद-पूराण सबै मानिसले लेखेका मानव कल्याणकोलागि उत्तम मुद्रित ठेलीहरू हुन् यी सबैको सदुपयोग गर्नुपर्छ तर भगवानका विषयमा यी ग्रन्थहरू तथा मुद्रित ठेलीहरूलाई प्रतिद्वन्द्वीको रूपमा प्रयोग गर्ने होइन, सत्यको अनादर होईन सत्यको रक्षा गर्नुपर्छ । मानवजातिको एकता, सुरक्षा, आपसी सद्भाव, खुशी, प्रेम र मिलन नै सत्य हुन् । तदनुसार धर्म र भगवानको विषयलाई आफ्नो वर्ग, समाज र मानवजीवनको विकासमा बाधकको रूपमा स्थापित गर्ने होईन तर खबरदारीको रूपमा र मानवजातिको एकता र संरक्षकको रूपमा अनुशरण गर्नुपर्दछ । विश्वमा यस्तो भीषण परिस्थितिहरू देखापरिसकेको छ कि सबैले सँगसँगै एउटा दरिलो र साहसिलो कदम उठाउनु आवश्यक भएको छ यदि धर्मलाई मानिसले सही अर्थमा धारण गर्नु र धर्मबाट मानिसलाई कल्याण हुनु र धर्मले मानिसलाई शान्ति, सभ्यता र समृद्धितिर डोऱ्याउनु हो भने । अन्यथा धर्मको नामहरू प्रभु-परमेश्वर, अल्लाह, राम, येशुख्रीष्ट, गौतम बुद्ध, गुरुनानक तथा विभिन्न महात्माहरूको नाममा खोलिएका धर्मका अव्यवहारिक सोच, कुप्रथा, कुसंस्कार, रुढीवादी परम्परा, अन्धविश्वासका जबरजस्ती, अनेकौं बाधा-अडचन् र आतङ्कवादका चुनौतिहरूको कारण मानिसजाति यस धरतीमा चिन्ता र डरबाट मुक्तभई मानवजीवनको महिमालाई बुझ्न र खुशी र रमाईलो गरी शान्तिसँग सत्मार्गमा रही यो अमूल्य जीवनको रसपान गर्न पाउने छैनन् ।

*****

# ईश्वर र धर्ममाथि कोभिड-१९ को प्रहार

यस धरतीमा अविर्भाव भएका जीवजन्तुहरू मध्ये सर्वश्रेष्ठ जीव तथा सबैभन्दा चेतनशील ठानिएका मानवजाति नै हो । तर यो जाति उत्पत्तिको दिनदेखि नै मृत्युदेखि भाग्ने असम्भव प्रयत्नमा छ । मानिसलाई जीवनदिने भनी विश्वास गरिएको **'ईश्वरले'** उसको बचाउमा केही गर्दैन । वर्तमानमा पनि मानिसजातिमाथि यमराज कोभिड-१९ ले आक्रमण गरिरहेको छ । मानिसहरू मरिरहेका छन् तर कुनै पनि ईश्वरीय शक्ति मानिसको बचाउमा देखा परेका छैनन् । यसै अवसरमा ईश्वरको अस्तित्व अस्वीकार गर्ने विश्वका महामान्य विद्वानहरूको घोषणालाई समीक्षा गर्न "ईश्वर मानिस आफैंमा हुनसक्ने परम ज्ञान, अदम्य शक्ति, चरित्रवान परिपूर्ण अवस्थाको नामकीर्तन हो ।" यसको विपरीत रहेर "ईश्वर" को शक्ति र सहयोगको कल्पना गर्नु भनेको पृथ्वीमा भएका "मानिस आफैंको अस्तित्व अस्पष्ट हुनु हो, मुर्ख बन्नु हो" ।

कानले सुन्दा "ईश्वर" मानिस भन्दा अलग्गै पहिचान भएको महान् चमत्कारी, शक्तिशाली, दयालु र मानव-जीवनलाई आत्मविभोर गराउने साधक होला जस्तो आभास हुन्छ । कारण ईश्वर नाम त्यसरीनै हाम्रो मानसिकतामा भरिभराउ छ । तर त्यस्तो केही होईन, ईश्वर एउटा सुन्दर कल्पना मानवीय भावना मात्र हो । तथापि मानिसमा रहने यो ईश्वरीयशक्ति पराक्रमलाई दुष्कर्मीहरूले मानव-एकता विरुद्ध सनकी तानाशाही शक्तिमा स्थापित गरेका छन् । ईश्वर नाम कीर्तनलाई त्यस्तै धुताहा, दुराचारी र तानाशाही स्वभावका शोषकवर्गले पुकार्ने गरेका छन् । उनीहरू 'ईश्वर' नामद्वारा मानिसमाथि लगाम लगाउन र यसद्वारा आर्जन गरिएका सम्पतिले आफू र आफ्ना सेनाको पेटभर्ने

कार्य गर्दछन् र देश र जनताका शासक बनेका हुन्छन् । तदनुरूप 'ईश्वर' नाम मानिसलाई सम्मोहित गर्ने प्रच्छन्न मायाजाल भएको छ । यसप्रकारको भ्रमबाट मुक्तहुन मानिसमा अदम्य साहस र ज्ञान चाहिन्छ ।

दुष्कर्मीहरूले स्थापित गरेका ईश्वरलाई मान्ने मानिसहरूलाई "आस्तिक" भनिन्छ नमान्नेलाई "नास्तिक" भनिन्छ । **आस्तिक हुनुमा ज्ञान विवेकको आवश्यकता पर्दैन तर नास्तिक हुनु सजिलो छैन** । कुनै पनि अज्ञानी मानिस ईश्वरको अस्तित्वलाई स्वीकार गरेर स्वतन्त्र हुनसक्छ जसकोलागि बुद्धीको जरुरत पर्दैन । परन्तु नास्तिक हुनु तथा अन्धविश्वासको ईश्वरको अस्तित्व अस्वीकार गर्नुकोलागि "दृढ विश्वास र साहसको" जरुरत हुन्छ । त्यस्तो योग्यता ती मानिसहरूमा हुन्छ जसमा प्रखर तर्क-बुद्धी र प्राकृतिक चेतना र ज्ञानहरू हुन्छन् । अतएवः 'ईश्वर' नाम अन्धविश्वासको यस्तो रसायन हो जसले मानिसलाई मूर्ख बनाउनमा काम गर्दछ ।

अब हामी **कोरोना** महामारीलाई ईश्वरको नाममा स्थापित धर्मसँग जोडेर हेर्ने प्रयास गरौं ।

सन् २०१९ को अक्टुबर महिनामा चीनको वुहानमा देखा परेको **कोभिड-१९** महामारीको प्रभाव सन् २०२० को मार्च महिना सम्ममा सम्पूर्ण विश्वमा फैलिएको थियो । यो महामारीलाई सन् २०२१ मा मात्र विश्वले रोकथाम गर्न सकेको थियो यद्यपि, यो पूर्णरूपमा उन्मूलन भएको छैन । **विश्व स्वास्थ्य संस्था** अनुसार यो महामारीको कारण ०६ सेप्टेम्बर २०२३ सम्म **७७०४३७३२७** मानिस प्रभावित थिए, जसबाट **६९५६९००** जनाको मृत्यु भईसकेको छ । यसभन्दा पहिला भएको महामारी जस्तो नभई अनौठो प्रकारले मानिसहरू यसको शिकार भएका छन् । मानिसमा यस्तो प्रवृत्ति छ, जब सङ्कट आईपर्छ तब ऊ ईश्वरको गुफा खोज्दै जताततै दौडिन्छन् । जसले मानिसको साँघुरो मनोभाव तथा शिथिल मानसिकता प्रकट गर्दछ । मानिसले आजसम्म 'ईश्वरको गुफाको सुरक्षा' कहीँ कतै पनि पाएका छैनन् । कारण त्यस्तो गुफा कहीँ पनि छैन ।

कोरोना महामारीले धर्मलाई विभिन्न तरिकाले असर गर्‍यो । धर्मका सामूहिक पूजासेवा रद्द हुनु, प्रार्थना भवनहरू बन्द हुनुका साथ हर्षोल्लासका साथ मनाइने तीर्थयात्राहरू पनि रद्द भए । गिर्जाघर, मन्दिर, मस्जिद आदि सभाघरहरूले यस महामारीको बीच टेलिभिजन मार्फत प्रार्थनाहरू प्रस्तुत गरे । बदलामा मानिसलाई ढाडस् दिन धार्मिक संगठनहरूले माक्स, पञ्जा, भेन्टिलेटर

र खाद्यान्न पठाएर सहयोग गरे । धार्मिक संगठनहरूले कोभिड-१९ निशुल्क परीक्षणको प्रस्ताव राखेका छन् । यस महामारी विरुद्ध लड्न प्रार्थना गरिरहेका छन् । तात्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले १ मार्च २०२० को दिन "आफ्नो राष्ट्रका जनतालाई चंगाई गर्न हात राख्नुहोस" भनी ईश्वरसँग प्रार्थना गर्नुभयो ।

कोभिड-१९ ले किन लाखौं मानिसलाई मार्दैछ भन्ने प्रश्नको सबैभन्दा ईमान्दार जवाफ के हो ? किन संक्रामक रोगहरूले मानवतालाई तहसनहस गर्दैछ र मानिस किन दु:खकष्ट भोगिरहेका छन् ? यी दुवै प्रश्नहरूको जवाफमा "मलाई थाहा छैन" भन्नु नै सबैभन्दा इमान्दार र सही जवाफ हुनसक्छ । कतिले यस्तो भाईरसले मानिसको जीवनमा अदृश्य रूपमा सकारात्मक योगदान पुऱ्याउँदछ भनेर पनि सुझाव दिनसक्छ तर, त्यस्तो सुझाव सोही अनुरूपका व्यक्तिलाई ठीक होला जसले केही पनि गुमाएको छैन । तर जसले आफ्नो प्रियजनहरू र मित्रवरहरू गुमाएका छन् त्यस्ता दु:खीहरूलाई यस्तो सुझाव ठीक नहोला । विडम्बना, यस्तो अवसरको उपयुक्त फायदा उठाउन, दु:खकष्टको समयमा पनि धर्मका अनुयायीहरू पीडितप्रति भन्ने गर्छन - "यस्तो दु:खको बखत् के तिमी आफूले नचीनेको नबुझेको ईश्वरलाई विश्वास गर्न सक्नुहुन्छ ? विश्वास गऱ्यौ भने तिमीलाई शान्ति मिल्नेछ र दु:खबाट मुक्त हुनेछौ ।" यस्तो अत्यारिलो परिस्थितिमा दु:खको रहश्य उत्तरहीन छ भने त्यो पीडित कहाँ जाने त ! तसर्थ धर्मका प्रचारकहरू र पीडितकोलागि ईश्वर नै सजिलो विकल्प हुनसक्छ । यसरी कुनै साथ र सहयोग बिना, मानवताको रक्षाप्रति कुनै वास्ता फिक्री बिना पनि ईश्वरको नाममा जन्मेका धर्मका संस्थाहरूप्रति मानिस जोडिन बाध्य भएका छन् ।

शताब्दिऔंदेखि प्राकृतिक प्रकोपहरू सम्बोधन गर्ने क्रममा धेरैले आ-आफ्ना विचार राखेका छन् । साधारण रूपमा प्रकट हुने विचारहरूमा: 'दु:खकष्ट भनेको जीवनमा एउटा परीक्षा हो' भन्ने विचार राख्नेहरू धेरै छन् । क्रस्चियन धर्मप्रचारकहरू "दु:खकष्टले ईश्वरप्रति हाम्रो विश्वासलाई परीक्षा गर्छ यसले विश्वासीलाई अझ बलियो बनाउँछ । तपाईंमाथि भएको विश्वासको परीक्षाले धीरज उत्पन्न गराउँछ" भनी बाईबलमा भनिएको छ भन्ने गर्छन् । साधारण दु:खहरूले हाम्रो धैर्यताको परीक्षण गर्न सहयोग पुऱ्याउन सक्ला, तर ठूला-ठूला महामारी, मानव अनुभवका पीडादायी दु:खहरूले मानिसको धैर्यताको बाँध

तोडनेछ । त्यस्तो अवस्थामा धैर्यता असफल हुनेछ । उदाहरणमाः के ईश्वरले एउटा बच्चाको परीक्षा गर्न कोरोना जस्तो वैश्विक महामारी पठाउनु हुन्छ र ? हुनसक्छ त्यो बच्चाको बाबा-आमाले धैर्यता वा विश्वासको बारेमा केही सिक्नेछन् तर त्यो बच्चाको अनुभवमा ईश्वर एक यमराज राक्षस हो भन्ने बुझाउनेछ । के "ईश्वर नाम" जसकोलागि मानिस हृदयबाट पूजा गर्दछ, भरोसा गर्दछ उसले यस्तो भयानक पीडा मानिसमाथि खन्याउँछ र ? मानिसलाई व्याकुल गराउने विकराल आपद-विपदमा पनि प्रकट नहुने ईश्वर मानिसकोलागि कसरी मान्य र पूज्य हुनसक्छ ? यस्ता प्रश्नहरूको सही उत्तर हामी आफैंले खोज्नु पर्नेछ । ईश्वरसँग जोडिएको 'म' अथवा मेरो जीवनको अर्थ र मेरो धर्म 'म' आफैंले गरेको कर्मले लगाउने हो । कसैको सहानुभूतिको मलम र शब्दहरू क्षणिक ढाडस् सिवाय केही हुँदैनन् ।

इतिहास याद गराउँछ -चौधौं शताब्दीमा युरोपबाट फैलिएको **बुबोनिक प्लेग वैश्विक महामारी**ले विश्वमा २० करोड भन्दा बढी मानिसहरूको ज्यान लिएको थियो जसलाई "ब्लैक डेथ" भनिन्छ । त्यसबखत शुरुवातमा विभिन्न धर्मगुरुहरूले यो महामारी मानिसहरू व्यभिचारी भएर पृथ्वीमा पाप गरेका कारणले ईश्वरले सजाय गरेको हो भनेका थिए । उनीहरूले यस प्लेगबाट मुक्त भई बाँच्नकोलागि आफ्नो पापको प्रायश्चित गर्नुपर्छ अनि त्यसकोलागि ईश्वरमाथि विश्वास गरी प्रार्थना र तपस्या गर्नु भनेका थिए । तर जब यी सबै प्रयासहरूको बाबाजूज प्लेगको हाहाकार रोकिएन तब मानिसहरू धर्मका संगठनहरूप्रतिको विश्वासबाट बिस्तारै अलग्गिन थालेका थिए । यद्यपि, ईश्वरप्रतिको एकप्रकारको भावनात्मक प्रेम यथावत् रहेको थियो । बुबोनिक प्लेगले धार्मिक सम्प्रदायहरूप्रति क्रोध उत्पन्न गराएको थियो । धर्मको इतिहासमा यूरोपमा यसले सबैभन्दा ठूलो सुधारवादी क्रान्ति ल्याएको थियो ।

पन्ध्रौं शताब्दीमा **प्रिन्टिङ प्रेसको अविष्कार** भएको थियो जसलाई विचार गर्दा, त्यतिबेला त्यो एउटा प्राविधिक विकास मात्र थियो जसले सामुहिक साक्षरता र धार्मिक गतिलाई तीब्र बनाएको थियो । तर त्यो अविष्कारले जनसाधरणलाई धार्मिक पदानुक्रमका अभिमानी तथा भ्रष्ट व्यक्तिहरूसँग हुने गरेका भेट्घाट र अन्तर्क्रियालाई अलग्याउन मद्दत पुऱ्याएको थियो । तदनुरूप धर्मका संगठनहरू कमजोर भएका थिए । त्यसरीनै कोभिड-१९ ले पनि संस्थागतरूपमा रहेको धर्मको अस्तित्वलाई चुनौति दिएको छ । बुबोनिक प्लेग र प्रिन्टिङ प्रेसले युरोपका

क्याथोलिक चर्चहरू र अन्य धर्मका संस्थाहरूलाई जसरी प्रभाव पारेको थियो यो कोभिड-१९ र मोबाइल फोनले पनि आजको २१ औं शताब्दीमा मानिसको चेतनामा वृद्धि हुनुका साथै धर्मका संगठनहरूलाई प्रत्यक्ष असर गर्ने निश्चित देखिन्छ ।

यद्यपि, २०१९ मा शुरु भएको कोभिड-१९ महामारीले धर्मलाई कसरी असर गर्न सक्यो या गरिरहेको छ भन्ने महत्वपूर्ण विषय बनेको छ । यसले धार्मिकतालाई नयाँ उचाईमा पुऱ्याउनेछ वा यसले विभिन्न धर्महरूको जगलाई हल्लाउने र मानिसको चेतनामा कतिसम्म सुधार ल्याउन सकेको छ भन्ने विषय पनि हाम्रो अगाडि यक्ष प्रश्नको रूपमा आएको छ ।

दक्षिण कोरियामा सिन्चेओन्जी धार्मिक समूहबाट कोरोना भाईरस फैलिएको भन्ने आरोप लाग्यो । त्यहाँको सरकारको कार्ययोजनालाई समेत यसले असर पारेको थियो । चीनको वुहानबाट फैलिएको यो भाईरसबाट जोगिन भ्याटिकन सिटीदेखि इरानसम्मका मक्का-मदिनाका धार्मिक पूजा स्थलहरू पूर्णरूपमा बन्द गर्नु परेको थियो । धार्मिक अधिकारीहरूले पूजा-अर्चना गर्नेहरूलाई उनीहरूको मन्दिर, मस्जिद र गिर्जाघरहरूमा भेला हुनुको साटो आफ्नै घरभित्र बसी टिभी, फेसबुक आदि सोसियल च्यानलहरूबाट प्रसार भएका धार्मिक समारोहहरू हेर्न र घरमै बसी पूजा-अर्चना गर्न आग्रह गरे । यस्ता पहलहरूले धर्मका संगठनहरूमाथि कस्तो प्रकारको दीर्घकालीन असर पार्दछ त्यो पनि एउटा अध्ययनको विषय बनेको छ ।

हामीले अनुभव गरेका छौं कि मनुष्य सङ्कटको समय सदैव केही न केही रूपमा सुरक्षा र सहारा चाहन्छ । धर्मगुरुहरूले यस्तो विषम परिस्थितिलाई धर्मको महत्व र उपस्थिति मानिसलाई महसूस गराउने अवसरको रूपमा रूपान्तरण गर्दछन् । यसपालीको कोभिड-१९ को महामारीले धर्मको भेद खोलेर मानिसलाई धर्मबाट स्वतन्त्र बनाउने हो वा धर्मको कार्यरूपमा परिवर्तन हुने हो हामीले नियाल्नु पर्नेछ तर जे भएपनि मानिसले दुवैतर्फ जित हाँसिल गर्ने निश्चित देखिन्छ । कोभिड-१९ को कारण धर्मप्रति मानिसको विश्वास रातारात नमेटिएला तर, धर्मको व्यवसाय र यिनीहरूको प्रभाव पहिलाको जस्तो रहने अवस्था देखिन्दैन ।

सबैभन्दा पहिला धार्मिक संस्थाप्रतिको विश्वासमा ह्रास् आउने छ । सन् १९७० को दशकतिर सार्वजनिक स्थलहरूमा प्रार्थना गरिने प्रचलन सुरु भएको थियो । टेलिभिजनको आगमनले धार्मिक अभियानहरू प्रचार-प्रसार गर्न र प्रार्थना सभाहरू उत्कृष्ट बनाउन सजिलो भएको थियो । त्यसबखत धार्मिक अभियानलाई पछ्याउने मानिसहरूको ठूलो जमात हुन्थ्यो । तर कोभिड-१९ जस्तो महामारीको कारण यो अनुमान लगाउन कठिन हुँदैन कि त्यो जमात घटी सकेको छ । कोभिड-१९ महामारी पछि जब धर्मका नेताहरू देखा पर्नेछन उनीहरूमाथि यही प्रश्न हुनेछ कि तिमीहरू कहाँ थियौं जब हाम्रा बच्चाहरू, आमा र बाबा अनि मित्रवरहरू कोभिड-१९ को महामारीको कारण मर्दै थिए ? तिमीहरूको निको पार्ने शक्ति कहाँ थियो ? यी सबैको उत्तर उनीहरूसँग हुँदैन । तसर्थ कोभिड-१९ ले धर्ममा प्रतिकूल प्रभाव पारेको छ ।

धर्मका नेताहरूले सदैव आफ्नो समुदायको भावनाको रक्षात्मक वकालत गरेको पाईन्छ । उनीहरूले मानिसको विभिन्न समूहलाई एकआपसमा निस्वार्थ रूपमा मिलेर बसाउनुको साटो आफ्नो धार्मिक रीतिथीतिहरूद्वारा सामुदायिक बन्धनहरू खडा गर्दछ । धार्मिक संस्थाहरूले मानिसको विवश अवस्थाको फाईदा उठाउँछ । कोभिड-१९ ले यसप्रकारका धर्मका संगठनहरूको मूल विशेषतामाथि पनि प्रहार गरेको थियो ।

मोबाइल फोनको प्रवेशले अधिकांश मानिसहरू इन्टरनेट कनेक्टीभिटीद्वारा बनाईएको व्यक्तिगत दुनियामा छन् । हिजोसम्म धार्मिक समारोहहरू त्यस्ता थिए जहाँ मानिसहरूले मोबाइल फोनलाई अलग राखेर ध्यानपूर्वक बचन सुन्दथे र वरपरका मानिसहरूसँग कुराकानी गर्दथे । अब उप्रान्त काभिड-१९ ले गरेको विनाश, मानव संहारको कारण धार्मिक समारोहहरू जो धार्मिक अन्तर्क्रियाको लागि प्रभावकारी अवसरहरू थिए । त्यसमा निर्विवाद परिवर्तन आउने निश्चित छ ।

कोभिड-१९ को चुनौति लामो समयसम्म रही रहेको थियो भने सांगठनिक धर्मका समारोहहरू मोबाइल फोनमा सिमित हुने तथा मोबाइल फोन सांगठनिक धर्मका गतिविधिहरू हेर्ने र आफ्नो प्रतिक्रिया जनाउने माध्यम हुने निश्चित् थियो । यसप्रकारको नयाँ व्यवहार जसमा निकै कम प्रयासको आवश्यकता पर्दछ । यो सजिलैसँग मानिसको बानी व्यवहारमा आउन सक्छ किनभने परम्परागत

व्यवहार धेरै कठिन र अव्यवहारिक पनि छ। परन्तु व्यवहारिक विज्ञानले हामीलाई यस्तो बताउँछ कि कुनै पनि नयाँ कुरा व्यवहारमा आउनकोलागि मानिसको त्यो नयाँ विषयप्रतिको रुचि र त्यसलाई व्यवहारमा ल्याउन गरिएको मानिसको स्वयम्सिद्ध प्रयासमा भर पर्दछ। यदि सांगठनिक धर्मका कार्यक्रमहरूमा मानिसको उपस्थिति गराउने प्रयासहरू असफल हुन्छन् भने मानिसको धर्मप्रतिको रुचि तथा प्रतिबद्धता अनुपातिक रूपमा क्रमशः घट्दै जानु हो। धर्मका संगठनहरूको लागि यो शुभलक्षण होईन। धर्म र ईश्वरको बारेमा तर्कहरू यस्ता छन्:

१. जसले भ्रान्ति फैलाएर मानिसमा विभाजन ल्याउन अनेकन ईश्वरको रचना गऱ्यो त्यो बेवकुफ हो।

२. जसले ईश्वरको गलत प्रचार प्रसार गर्दछ त्यो दुष्कर्मी हो।

३. जसले ईश्वरको नाममा आदि इत्यादि जीव-निर्जीव वस्तुहरूको पूजा अर्चना गर्दछ त्यो असभ्य हो। र

४. ईश्वरको नाममा अन्धविश्वासलाई मान्नेहरू चाकरीबाज चेतनाहीन हुन्।

आउँदो दिनहरूमा मानिसहरू मन्दिर, मस्जिद, गिर्जा, गुम्बामा भन्दा अस्पतालमा ईश्वरको सम्झना गर्नेछन् भन्ने कुरा निश्चित् छ। समय र आवश्यक संसाधनको स्रोत अनुसार विश्वका स्वास्थ्यविज्ञहरूले यस्ता महामारीहरूको चुनौतिलाई समाधान गर्न अवश्य पनि प्रभावकारी उपायको खोज गर्नेछन् भन्ने विश्वास छ। "परन्तु ईश्वरका नाममा भएका धर्मका संगठनहरू कोभिड-१९ जस्ता महामारीबाट उत्पन्न भएको असामान्य मन्दीबाट अछुत रहन सक्छन् र ?" भन्ने एउटा गम्भीर प्रश्न खडा भएको छ।

*****

# सत्य अभिव्यक्ति र मनोविज्ञान

यस किताबभित्र भएका अध्याय-सामग्रीहरू: ‘किताबको आधारभूमि, श्रद्धाञ्जली र शुभकामना, आमाको सम्झना, शरणार्थी फिराद, गोर्खाजाति तथा भुटानी-लोत्सम्पा, सत्य निस्तार चिट्ठी, पुनर्वास तानाशाहलाई उन्मुक्ति होइन, सकल राष्ट्रिय आनन्द, भुटान-भारत, धर्म-भगवान र राजनीति, ईश्वर र धर्मप्रति कोभिड-१९ को प्रहार, सत्य अभिव्यक्ति र मनोविज्ञान, जीवनको यात्रा यहाँसम्म, प्रश्न र उत्तरहरू, नक्कली भुटानी शरणार्थी प्रकरण आदि अध्यायहरू एउटा शरणार्थीको जीवनसहित विश्वका मानवजाति केन्द्रित विषयहरू हुन् । यी विषयहरू मानिस देशविहीन भएको अवस्थामा उत्पन्न भएका फिरादहरू हुन् । देश गुमाउनु परेको पीडा निको नहुने मानसिक रोग हो । जसको कारण सृजना भएको शरणार्थी जीवन झनै अन्योल र मर्माहात हुन्छ । मैले मानिसजातिको मनोभावप्रति नै लक्षित सबै अध्यायहरू सम्पन्न गर्ने प्रयास गरेको छु । तर पनि मैले बुझेको र अनुभव गरेको देशको शासकवर्ग, विश्व परिवेश, मेरा मित्रहरू र हामीभित्रका मानवता र यसप्रतिको अनुगमनमा नरेन्द्रजंग पीटरजीको सुझावमा मनोविज्ञानका प्राविधिक विचारहरू थप सम्प्रेषण गर्न प्रस्ताव भएकोले यो अध्याय जोड्न लागिरहेछु ।

**श्री नरेन्द्रजंग पीटर** साम्राज्यवाद विरोधी मोर्चा नेपालका संयोजक, नेपाली कम्युनिष्ट राजनीतिक जगतका एक असल प्रभावशाली विश्लेषक र पत्रकारिता विषयका अनुभवी एवं विशिष्ट व्यक्तित्व तथा समाजसेवक अभियन्ता हुनुहुन्छ । राजनीतिक स्वच्छता र मानवजीवनप्रति उहाँको विचारहरू स्वस्थ र अनुकरणीय छन् । उहाँले यस किताबको पाण्डुलिपि हेर्दैगर्दा मानवजीवन तथा मनोविज्ञान सम्बन्धमा थप केही लेख्न भनी सल्लाह राख्नुभयो । मान्छेको मनोविज्ञान किन बदलिन्छ ? मान्छे किन सत्य बोल्न सक्दैन भन्ने बारेमा मेरो धाराना लेख्न मलाई

सुझाव गर्नुभयो । मलाई बडो गाह्रो भयो । समाजमा घटेको कुनै घटनाको विवरण गरे जस्तो सजिलो विषय थिएन। यस विषयलाई लिएर केही लेख्न खोज्दा मेरो कलम अघि बढेन । केही लेख्यो आफ्नै मनले 'भएन भन्छ', र कतिपय विषय 'अपूरो भयो' भन्छ । मानिसजातिको सांसारिक व्यवहार सम्बन्धमा लेख्नु पऱ्यो भनी कलम समाउँदा भने यो मन शान्त भयो । केही समयको चिन्तन पाश्चात मैले यसरी लेख्न थालेँः

मानिस भन्ने वित्तिकै सर्वप्रथम आफूलाई नै अवलोकन गर्न आवश्यक ठान्छु। आफैलाई बुझ्न नसके अरूको सम्बन्धमा सदृश मूल्याङ्कन गर्न सकिदैन। मानिसप्रतिको शुद्ध मनोवैज्ञानिक दृष्टिकोणहरूले उसको गुणस्तरको पहिचान र सम्भावनाहरूको विश्लेषण गर्न सक्दछ । व्यक्तिको आदर्शवाद भविष्यको मार्ग निधो गर्न पनि सक्दछ । तदनुरूप मानवजीवन अमूल्य छ यसको अवमूल्यन हुनुहुँदैन। धरतीको मूलप्रकृति र विशालताको संरक्षण गर्नकोलागि पनि मानिसको उपस्थिती सत्य हो । त्यसैले त मानिस आफ्नो लक्ष्य प्राप्तगर्न सक्षम छ । उसले आफूमा भएको अपार शक्तिको पहिचान गर्न र जागरुक हुन जरुरी हुन्छ। मैले आफ्नै विगतका इतिहासबाट यो विषयलाई खोतल्ने प्रयास गरेँ । संसार भताभुङ्ग भएको अवस्थामा पनि मनोभावलाई सम्हालेर सत्य बोलेर आफूलाई थाम्दै हिँडिहेको छु । म एक देशविहीन नागरिक । मसँग भएको शक्ति भनेको मेरा सत्य विचारहरू हुन् । मेरो विरुद्ध चौतर्फी अफवाह पनि फैलिएको छ । भुटानी शाहन्शाहको अमानुषिक मनोवैज्ञानिक विधिले लक्ष्य हासिल गरिरहेको अवस्था छ । उसले मेरो सत्यलाई छोपेर दुनियाँको आँखामा छारो हाल्ने भाषा बोली रहेको छ। कति विचित्र छ यो दुनिया ? जहाँ जनताको छोराले जनताकै छोराको हत्या गर्छ । त्यस बापत पदक प्रापक जनताकै छोरा हुन्छ । पदक प्रदानकर्ता भुटानी शासकको लागि छिमेक लगायत अन्तर्राष्ट्रिय स्तरमा बधाईका धुन्हरू बज्दछन् भुटानमा "सकल राष्ट्रिय आनन्द" छ अरे । मलाई लखेट्ने देश भुटानमा यस्तै धर्मचर्या चलायमान छ। यस्तै 'भाष्य' भएको देशको संविधान र जनताको मनोभावमा कोचारिएको छ। सामन्ती राजतन्त्रको मेधावान विशेषताले जनता मोहित छन् । **र यदि समयले मानिसको चेतनामा परिवर्तन नगरिदिए अब-उपरान्त जन्मने भुटानीहरू पनि राजाश्रित नै हुनुपर्ने छ।**

संसारका शासकहरू जो जतिले शासन गरे वा गरिरहेका छन् कोही पनि आफ्नो एक्लो ज्ञान्-क्षमताले त्यहाँ पुगेका होइनन् । साधारण मानिसको त्याग

र बलिदानमा शासक भएका छन् । तर विडम्बना श्रीयुक्त प्रतिफलित पछि शासकवर्गको व्यवहार दुष्टचेतामा परिवर्तित हुन्छ । मानिसको अस्तित्वप्रति शासकहरूले कुठाराघात गरिरहेका छन् । जसरी जानवरलाई मानिसले आफ्नो ईच्छाअनुसार उपभोग गर्छन् त्यस्तै प्रकारले नागरिकलाई शासकहरूले उपभोग गर्न थालेका उदाहरणहरू प्रशस्त छन् । यी सबै हुनुको मूलतत्व मानिसको धैर्यता, ज्ञान र दर्शनका अभावहरू हुन् । मानिसको 'क्षम' **विवेक वा शारीरिक** पराक्रमको होस् दुवै यथेष्ट छन् । तर पनि मन र ज्ञानको संयोगमा उब्जिएका सत्यताप्रति विस्मृत भएर शासकलाई सजिलो पार्न उसले वस्तुपरक परहितैषी जीवन पनि वरण गर्दछ । त्यसैले शासकहरू स्वार्थको बाटो हिंडछन् र अधिक दिग्भ्रमित् हुन्छन् । त्यस्ता शासकहरूले सत्यलाई स्वीकार्न सक्दैनन् अन्धताका कारण आफूलाई रित्तो देख्छन् । सत्यमा विद्यमान् हुन नसके मानिसमा मानवता रहदैंन । सत्य बिना धर्मको कल्पना हुनसक्दैन । निरङ्कुश शासकहरूले सत्यलाई स्वीकार गर्न नसक्नुको अभिप्राय मानवताको विसर्जन हो धर्मको पराजय हो । यस्तै दुर्जनहरूका कारण संसारमा दुःखहरू थपिईरहेका छन् ।

कसैले कुनै पनि प्राणीको जीवनमाथि शोसन गर्छ, चोट लगाउँछ वा त्यसको बध गर्दछ भने त्यो अधर्म हो त्यसले दुःख निम्त्याउँछ । तर मानिसले आफ्नै समाजमा दुश्मन्ले जस्तै विपक्षी विचारधारालाई जन्माउछन्, जानीबुझी **'पराय र आफ्नोपन'** मनमा हुर्काउँछन् । यस्ता विचारवादीहरूले प्रगतिशील व्यक्ति वा समूहको अनादार गरी त्यसलाई पराजित गराउने नीति अपनाउँदछ । संसारमा भएका कुनै पनि शाहन्शाह शासकहरूले आफ्नै मनमा भएको सत्यलाई पनि मान्दैनन् भन्ने यथार्थलाई यहाँ उजागार गर्ने प्रयास गरिएको हो । शासकवर्गकोलागि **सत्ता, धर्म र मानिसजाति** आडम्बरी जीवन जिउने उपभोग्य साधनहरू सिवाय अर्को होईनन् । सारांशमा भन्नुपर्दा, मानिसको मन तथा विशेष गरी शासकवर्गको मनमा स्थापित भएको चिन्तनीय मनोविज्ञानलाई सत्यले निराकरण गरी मनलाई निर्देश गर्नु हो भने विश्वमा विनाशकारी द्वन्द्वहरू हुने थिएनन्, मानिसजातिको कल्याण हुनेथियो ।

उत्पतिका सबै इतिहास तथा धर्मग्रन्थहरूमा पनि भनिएको छ मानिसको सृष्टि र उसको जीवन पद्धति सत्यमा आधारित रहँदा मात्र सफल, सुखी र सान्दर्भिक हुन्छन् । सत्य नै उसको जीवन हो । सत्य नै उसको कर्म हो र सत्य नै अनन्तकालसम्म रहिरहने मानव पहिचान हो । अनि सत्य नै धर्म हो । सत्यले

मानिसको मन र उसको शुद्ध आत्मीय शक्तिलाई कठिन भन्दा कठिन परिस्थितिमा पनि सही र गलत छुट्याउन अनि धार्मिकतामा रही मनासिब कदम चाल्न निर्देशित गरेको हुन्छ । सारमा भन्नुपर्दा, मानवजातिको एकतामा नै सत्यको घर बनिन्छ । *यस धरतीको कुनै पनि भूभागलाई मेरो र तेरो देश भनेर सीमा कोरेर अलग रहन चाहाने, अन्य जाति र क्षेत्रका मानिसलाई निषेध: र निष्कासन गर्ने तथा आफू र अर्को जातिमा फरक मानवता देख्ने क्षुद्र-अज्ञानी स्वार्थपरायण मानिसहरूले धरतीलाई च्यातचुते वस्तुको रूपमा उपभोग गरिरहेका छन् ।* विश्व इतिहासमा धेरै पानाहरू छन् जहाँ, मानिसले यो धरतीमा अशोभनीय, अमानवीय कार्यहरू गरेका छन् । विश्वका प्राय: सबै शक्तिशाली देशका शासकहरू, सबै धर्मका अगुवाहरू, धनी र शक्ति सम्पन्नहरू अनि विशेष गरी राजनीतिज्ञहरू सत्य बोल्न सक्दैनन् । आज हामी यस्तै विषयका **तिक्त इतिहास** पढिरहेका छौं ।

प्रथम विश्व युद्धका रचनाकारहरू राष्ट्रका नायकहरू नै थिए । 'उनीहरू' धर्ममा खोट, शासनको अहङ्कार तथा मानसिक असन्तुलनका कारण नै युद्धमा होमिएका थिए । अष्ट्रिया-हगेंरीका उत्तराधिकारी आर्कडुक फ्रान्ज फर्डिनान्ड र उनको श्रीमती सोफीको हत्या सर्बियाली राष्ट्रवादी ग्याब्रिलो प्रिन्सिपले गरेका थिए । जसको बदलामा सन् १९१४ देखि १९१८ सम्म प्रथम विश्व युद्ध चल्यो । त्यो युद्धमा जर्मनी, अष्ट्रिया-हंगेरी, बुलगेरिया र अटोम्यान साम्राज्य केन्द्रित शक्तिहरू एकातर्फ भएर ग्रेट-बृटेन, फ्रान्स, रसिया, इटाली, रोमानिया, जापान र अमेरिका तथा एलाइड पावर विरुद्ध लडे । यो विश्व युद्धले अभूतपूर्व नरसंहार गऱ्यो । युद्ध सकिएपछि एलाइड पावरले विजयको दावी गरे तर कसैले पनि खुशीभई देखाउन लायकको सम्मानार्थ उपहार पाएनन् । यस युद्धमा १ करोड ६० लाख भन्दा बढी मानिसहरू मरे ।

पहिलो विश्व युद्धले युरोपमा सृजना गरेको अस्थिरताले अर्को अन्तर्राष्ट्रिय द्वन्द्वकोलागि मन्च खडा गऱ्यो । दोस्रो विश्वयुद्ध दुई दशकपछि सुरु भयो तर, यो अझ विनाशकारी साबित भयो । आर्थिक र राजनीतिक दुवै क्षेत्रमा कमजोर जर्मनीले नाजी दल र एडोल्फ हिट्लरको नेतृत्वमा राष्ट्रलाई पुन: सशस्त्रीकरण गरेर सम्पूर्ण विश्वमाथि प्रभुत्व जमाउने अभिलाषामा इटली र जापानसँग रणनीतिक सम्झौताहरू गऱ्यो । जर्मनीले पोल्याण्डमाथि आक्रमण गरेपछि ग्रेट ब्रिटेन र फ्रान्सले जर्मनीमाथि युद्ध छेड्यो, यसरी दोस्रो विश्व युद्ध सुरु भयो । यो दोस्रो विश्व युद्ध सन् १९३९ देखि सन् १९४५ तथा ६ वर्षसम्म चल्यो । यो युद्धमा

लगभग ६ करोड मानिसहरूको ज्यान गयो जसमा ६० लाख यहुदीहरू मात्र हिट्लरको पैशाचिक नाजी कन्स्नट्रेसन् क्याम्पमा मारिएका थिए जसलाई अहिले **हलोकाष्ट** तथा प्रलय भनेर पनि चिनिन्छ । **के यसको विश्लेषण गरेर 'राष्ट्रसंघ' जस्तो एउटा संस्था बनाएर विश्वको दैनन्दिन अवस्था सौहार्दपूर्ण वातावरणतर्फ फेरिएको छ त ? छैन ।**

हिटलरले गरेको विनाशकारी विश्वयुद्धको इतिहास पढेर, थेसिस लेखेर परीक्षामा पास भएर शिक्षा हाँसिल हुँदैन । जबसम्म मानवताप्रति अवहेलना गरी मेरो देश, मेरो धर्म, मेरो सैन्यशक्ति, मेरो मान र प्रतिष्ठा भन्ने अहंकारमा डुबेर आफ्ना छिमेकी जो आफूभन्दा सानो, निर्बलहरू छन् उनीहरूप्रति दुश्मनलाई झैं व्यवहार गर्न बन्द गर्दैनौं तवसम्म संसारमा कसैको पनि आनन्दको निद पूरा हुनेछैन । त्यसैले मानवीय संस्कृति बोकेर यो धरतीका सबै जात-जातिका मानिसहरूलाई एकनास माया गर्न विश्वमञ्च बन्धुत्वको आधारमा प्रयासशील हुनुपर्छ । साम्राज्यवाद, पूँजीवाद, साम्यवाद, उदारवाद, राष्ट्रवाद आदिका अभिमानमा जलेर विनासकारी हतियारहरू निर्माण गरेर तथा खरीद गरी थुपारेर आफ्नै घरको पनि सुरक्षा हुँदैन ।

हामीले भोगेका दुवै विश्व युद्धहरूका कारक मानिस नै हुन् । उनीहरू एक साधारण मानिस नभएर देशका शासनकर्ताहरू हुन् । प्रथम विश्व युद्धको कारक अष्ट्रिया-हगेंरीका उत्तराधिकारी आर्कडुक फ्रान्ज फर्डिनान्ड र उनको श्रीमती सोफीको हत्यारामाथि कार्वाही गरेको भए विनाशकारी विश्व युद्ध गर्नुपर्ने आवश्यकता हुँदैन थियो । तर उज्यालोलाई अँध्यारोले ढाकेपछि, सत्यलाई असत्यले उछिनेपछि धर्मनै कहाँ बाँकी रहन्छ र ! त्यसैले शक्तिको घमण्डमा मैदानमा उत्रिएका शासकहरू जिताहा हुनैकोलागि युद्ध गर्छन् । तर वस्तुसत्यमा युद्धपछि जिताहालाई प्राप्त सौगातले सन्तुष्टि कहिल्यै दिँदैन । विश्वमाथि प्रभुत्व जमाउन हिटलरको कुण्ठित मनोभावना र शक्तिको अहंकार नभए विश्वले प्रलयको पीडा भोग्नुपर्ने थिएन । आज पनि विश्वले परमाणु बमद्वारा उत्पन्न हानिकारक प्रभाव खेप्नु परिरहेको छ । दशकौं वर्षहरू बितिसके पनि विश्व युद्धको सन्त्रास मानिसको मनबाट मेटिएको छैन । यी विश्व युद्धहरूलाई देख्ने धेरै मानिसहरूको हृदयमा गहिरो चोट लागेको छ । हिटलर जस्तो कठोर हृदय भएको मानिसले **५६ वर्षको उमेरमा किन आत्मा हत्या गऱ्यो** यसबारे उसको जीवनी अध्ययन गर्न आवश्यक हुन्छ । यसलाई हिटलरको प्रायश्चित भनेर पनि

बुझ्न सकिन्छ । सत्य र असत्यप्रति मनोआकाङ्क्षा, जीवनमा गरेका कर्महरू अनि भोगेका दिनहरूले मानिसलाई प्रभावित पारेको हुन्छ । त्यहाँ सकारात्मक र नकारात्मक दुवै प्रभावहरू हुन सक्छन् आशा र निराशाहरू हुन सक्छन् । मानिस अन्ततोगत्वा सत्यलाई पराजित गर्न नसकेकै कारण उ विस्मृत जीवन जिउन बाध्य हुन्छ अनि कुनै बखत दोषहरू ढाकछोप गर्न नसकेकै कारण उसले आफ्नो अमूल्य जीवन नै समाप्त गर्दछ । धेरै आत्माहत्या गर्नेहरूको पृष्ठभूमि यस्तै पाईएको छ । हिटलरको मनोवस्ता पनि यस्तै भएको हुनसक्छ ।

सत्य र असल मनोभावना सम्बन्धमा अब नजिकका देशहरू नेपाल र भुटानको बारेमा पनि कुरा गर्न सकिन्छ । नेपालको भौगोलिक अवस्था चीन, भारत र अन्य धेरै देशहरू भन्दा फरक छ । नेपाललाई प्रकृतिले दिएको प्रशस्त वरदानहरू छन् । जलस्रोत्, उर्वरा जमीन, उत्खनन नगरेका बहुमूल्य खनिज पदार्थहरू, यहाँको जलवायु र वनजंगलका सम्पदाहरूमा नेपाल धनी छ । यसको साथमा नेपालीहरू मेहनती इमान्दार छन् तर पनि नेपाल विकासका दृष्टिले धेरै पछाडि छ । चीन र भारत आजभन्दा ६० वर्ष पहिला दुःख, पीडा र अभावमा थिए यी देशहरू अविकसित थिए । भारत एक उपनिवेश २०० वर्ष अंग्रेजको अधीनमा थियो । तर चीन र भारत नेपाल भन्दा धेरै अगाडि छन् । नेपाल भने अझै त्यही अविकसित अवस्थामा छ ।

विकास र सभ्यता देशको आकारले गर्ने होइन । देशमा बसोबास गर्ने मानिसहरूको मनोआकाङक्षा र निरन्तर मेहनतमा भरपर्छ । देशको शासकले स्वाभिमानी छु भनी बोलेर हुँदैन, बनेर देखाउनु पर्छ । **"मैले चौदह वर्ष जेल सजाय खटेको छु, "म चारपल्ट जेल बसेको छु, "जेलमा कुटाई खाएर राजनीतिक नेता भएको छु, "म १६ वर्षदेखि स्कुल छोडेर राजनीतिक दलमा खटेको मान्छे"** जस्ता पृष्ठभूमि भएका मानिसहरूले आफूलाई देश चलाउने शिक्षा हाँसिल गरेको जस्तो ठान्दछन् । कसैले प्रदान गरेको मानार्थ शिक्षा प्रमाणपत्र पाउँदा आफू साँच्चिकै शिक्षित भएको ठान्दछन् । आज यस्ता विपरीत वुद्धी भएकाहरूले राजनीतिक क्षेत्र ओगटेका हुनाले नेपालको विकास हुन सकेको छैन ।

वर्तमान अवस्थामा देखिएका नेपालका कांग्रेस, कम्युनिष्ट र अन्य दलका नेताहरू प्रायः सबै अल्पशिक्षित् छन् । राष्ट्रको कार्यकारी जिम्मेवारी सम्हाल्न उनीहरू अयोग्य छन् । उनीहरूले नेपाली जनताको सोझोपना र कमजोरीको फाइदा उठाएर **धन्सम्पति कमाउन र आडम्बरी जीवन जिउन** राजनीतिलाई

पेशाको रूपमा अपनाएका छन् । उनीहरूमा देशभक्ति भावना रत्तिभर छैन । इमान्दार, शिक्षित र देश चलाउन सक्षम जनसमुदायलाई पाखा लगाईएको छ । यसप्रकारका अयोग्य राजनीतिज्ञहरू, भ्रष्टचारी र देशद्रोहीको पहिचान गरेर नेपाली जनताले त्यस्को अवशेष नरहने गरी जबसम्म मेटाउन सक्दैनन् अनि देशभक्त र सक्षम नेतृत्वलाई साथ दिन सक्दैनन् तबसम्म नेपालको उत्तरोतर प्रगति हुनेछैन ।

भुटानको इतिहास भारत स्वतन्त्र हुनुभन्दा पहिला जस्तो प्रकारसँग अन्धकुपी थियो, आज पनि त्यस्तै छ । सम्प्रदायवादी राजाको निर्वाह जस्तो भएपनि देशको आयस्रोतमा सरकार चल्थ्यो । भुटान जलस्रोतको धनी छ । वनजंगल र खनीज पदार्थहरू धेरै छन् । शासकले चाहेको भए भुटानको विकास धेरै पहिला हुन सक्थ्यो तर भएको छैन । यसको कारण निरङ्कुश राजनीतिक आचारण र जनताका मनोवैज्ञानिक कमजोरी हो । देशको गौरवप्रति जनताको चासो हुन्छ । सबैको वुद्धितत्वमा प्रगतिशील सोच हुन्छ तर, डरका कारण सामाजिक प्रगतिमा विश्वास गर्ने जनताका उच्चाकाङ्क्षाले स्थान पाउँदैन । **डरको कारण प्रगतिशील हात र कलमहरू बन्द छन् । प्राण नै नरहने भए समृद्धि केका लागि भन्ने जनभाव छ ।** अकर्मण्य नेतृत्व यी दुवै देशका विकासको बाधक हो ।

मानिसको मनोदशा भेडा बाखाको जस्तै हुँदो रहेछ । जताततै दौडिने, उसलाई मनलागे जेजसो गर्दा पनि हुँदो रहेछ । भुटानी राजपरिवारको जीवन पद्धति अनुसार धर्म-अधर्म, पाप-पुण्य, हत्या-मृत्यु सबै उस्तै जस्तो छ । जस्तो मनलाग्यो त्यस्तै गर्ने । अतएवः त्यहाँका राजपरिवारले अपनाएको बुद्धधर्म अनुसार कुनै पनि प्राणीलाई मारेर खानु हुदैनं तर 'आफैं मरेकोलाई खाँदा हुन्छ' भन्ने चलन छ । यसो नियाल्दा उनीहरू निकै धर्मी छन् कि क्या हो जस्तो देखिन्छन् । तर यहाँ रहस्य अर्कै छ । भुटानी शासकले कुनै पनि प्राणीलाई मार्नु हुँदैन तर मरेको गाई, गोरु, खसी बाखा खानुहन्छ भन्ने कुरा जनतालाई सिकाएको छ । त्यसैकारण खसी, भेडा, गाई, गोरुको चारै खुट्टाहरू बाँधेर भीरबाट खसाल्छन् । यसरी भीरबाट लडेर मरेपछि त्यस्को मासु खान्छन् । उनीहरूलाई यस्तो अपराध किन गरेको भनी प्रश्न गरे "हामीले भीरबाट खसालेको मात्र हो मारेको होईन, आफैं मरेको हो" भन्छन् । जब मानिस मन, विवेक र आँखाको पनि अन्धो भएर हत्या र मृत्युलाई पनि बुझ्न नसक्ने स्वार्थसाधक भएपछि त्यहाँ मानवता र धर्मका भावनाहरू मासिएर **हिरण्यकश्यपुको जन्म** हुन्छ । इतिहासमा यस्ता सत्यकुराहरू प्रसस्त छन् ।

भुटान र नेपालका जनताले आफ्नो अस्तित्वको इतिहास बारेमा आधारहीन गफ धेरै गर्छन् । शताब्दीऔं पहिलादेखि हाम्रो देशमा असल शासन व्यवस्था थियो । 'राम-राज्य' थियो भन्छन् । कोही साब्ड्डुङको कथा सुनाउँछन् । हामी सदैव सार्वभौम रह्यौं कसैको उपनिवेश थिएनौं भन्छन् । विश्वमा भएका सभ्यताहरूको इतिहास एवं धर्मग्रन्थहरूमा वर्णन गरिएको छ जहाँ हाम्रो देशको नाम पनि उल्लेख छ भनी हुङ्कार गर्छन् । बुद्ध जन्मेको शान्तिको देश भन्छन् । तर यी सबै गफ गर्नकालागि मात्र सीमित छन् । यी दुवै देशहरू विभिन्न काल खण्डहरूमा राजा र रजौटोहरूको अधिनस्थ थिए । भुटान भारतीय राजाहरूको अधीनमा पनि थियो । आज पनि भुटान र भुटानी जनता स्वतन्त्र छैनन् । उनीहरूको मानसिक सोच विचार दासत्व अवस्थामा नै छ । **राजा-रानी 'यो' मनुष्य जीवनदिने यसको संरक्षक हुन् भनेर उनीहरूको मानसिकतामा स्थापित छ ।** जसको दयामा भुटानी जनता आफ्नो र्सवस्व अधिकार सुम्पिएर राजा-रजौटो अघि लम्पसार पर्छन् । जबसम्म दासत्व मनस्थिति उदार प्रगतिशील सोचमा रूपान्तरित हुँदैन भुटानीहरूले सदैव उपेक्षित जीवन नै जिउनु पर्नेछ । नेपालमा भने राजतन्त्र अवसान भएर गणतंन्त्र आएको छ यहाँका जनता स्वतन्त्र भई निर्भीकताकासाथ जिउँने भएका छन् । तर पनि विकासले गतिलिन सकेको छैन । विकासको अवस्था अन्य देशहरू भन्दा धेरै तल छ ।

नेपालको क्षेत्रफल १४७,१८१ वर्ग कि.मि. छ । भुटानको क्षेत्रफल भने ४७,५०० बाट घटेर ३८,३६४ वर्ग कि.मि. भएको छ । विश्वमा भएका कैयंन साना-साना देशहरू नेपाल र भुटान भन्दा विकसित छन् । मोनाको १.९५ वर्ग कि.मि., स्यानम्यारिनो ६१.२ वर्ग कि.मि., माल्दिभ्स २९७.८ वर्ग कि.मि., माल्टा ३१६ वर्ग कि.मि., सिंगापुर ७२१.५ वर्ग कि.मि., स्लोभेनिया २०,२७३ वर्ग कि.मि., इजरायल २२,०७२ वर्ग कि.मि., फिनल्याण्ड ४१,२८५ वर्ग कि.मि., द निदरल्याण्डस ४१,५४३ वर्ग कि.मि., डेनमार्क ४३,०९४ वर्ग कि.मि. मात्र क्षेत्रफल भएका देशहरू हुन् । तर यी देशहरू भुटान र नेपाल भन्दा सुन्दर र विकसित छन् । त्यसरीनै क्रोएसिया ५६,५९४ वर्ग कि.मि., अष्ट्रिया ८३,८७९ वर्ग कि.मि. क्षेत्रफल भएका देशहरू नेपालभन्दा धेरै साना छन् । तर पनि स्वावलम्बी एवं शक्तिसम्पन्न छन् । विकास, सभ्यता र विज्ञानको सन्दर्भमा यी देशहरूले विश्वमा आफ्नो उत्कृष्ट पहिचान् स्थापित गरेका छन् । **कुनै पनि देशको माटोले आफै विकासको फूल फुलाउँदैन मानिसका हातहरू चाहिन्छ ।** यी सबै देशका शासक र जनताले आफ्नो देशप्रति सकल माया गरेका हुनाले नै समृद्ध भएका हुन् । देशप्रतिको सच्चा माया जबसम्म शासकको मनमा पलाउँदैन त्यो देशका

जनतामा नैराश्य छाउँदछ, देश पछौटे रहन्छ । यही मनोविकारका कारण नेपाल लगाएत धेरै देशहरू सबकुरा भएर पनि केही नभएको जस्तो विकलाङ्ग, दयनीय अनि **मगन्ते** जस्ता भएका छन् ।

मानिस सर्वगुणसम्पन्न एवं चेतनशील प्राणी हो । राम, येशुख्रीष्ट, मोहम्मद, बुद्ध आदि सबै मानिसका सन्तान थिए । तर यी नामहरू पुकारेर आलाप विलाप गाउन जरुरी छैन । उहाँहरूको मनोभाव मानिसको कल्याणप्रति नभएर आफ्नो कीर्तिस्तम्भ स्थापनाको लक्ष्यमा थियो । उहाँहरूको प्रयासाध्य असल कर्म हुनसक्छ तर, निष्पक्ष धर्म थिएन । आज यो धरतीमा जेजति अद्भूत कार्यहरू भएका छन् ती सबै मानिसले गरेका हुन् । सृजनामूलक कार्यनिष्ठहरूले धरतीलाई उज्यालोमा राखेर गएका इतिहासहरू छन् । त्यसैले हाम्रो मनको सोच र जीवनको कर्म-लक्ष्यमा सुवास छाउनुपर्छ । यो 'मन' मानिसलाई प्रेमगर्ने प्रियतम हुनुपर्छ । सकल जीवन जिउनकोलागि हाम्रो जिउने संस्कार व्यवहारिक र मानवीय हुनुपर्छ । विभिन्न कालखण्डमा जन्म लिएका विद्वान्हरूको अथक प्रयास र उनीहरूले दिएको वरदान्लाई हामीले सर्वोपरी राखेर कर्मगरे धरतीमा बास बस्ने प्राणीहरू सबै मोहित भई रमाउन सक्नेछन् । **यहाँ फेरि संसारलाई नौलो सुबिधा दिनसक्ने विज्ञानको सृष्टि हुनेछ ।** यहाँ कसैले पनि आत्माहत्या गर्न चाहँदैन, कोही पनि मर्न चाहँदैन । सबैलाई बाँचुन्जेल आनन्दसँग बस्न मन छ । मनुका सन्ततिले कसैलाई मार्न चाहँदैन । मानिस सबैमा यस्तो मनोभावको विकास भएको अवस्थामा यो धरती सृष्टिको दिनमा सोचेको र भएको अवस्थामा फर्कनेछ । त्यस्तो अवस्थामा सृष्टिका सबै शक्तिहरूको प्रेमपूर्ण व्यवहार हुनेछ मानिस पनि त्यहीं हुनेछ । यही नै हो मरणोपरान्त सकल आनन्दको जीवन ।

सत्यमाथि असत्यले राजगर्नु र मानिस यस धरतीको सर्वश्रेष्ठ प्राणी भएर पनि अमर्यादित निकृष्ट जीवन जिउनु परेको कारण **मानवता पराजित** भएर हो । विश्वविद्यालयहरूमा पढाईने 'मानवीय मनोविज्ञान' तथा **मानवतावादी मनोविज्ञान** यस्ता दृष्टिकोणहरू हुन् जसले मानिसको व्यक्तित्व विचार, व्यवहार, मूल्य र व्यक्तिको विशिष्टताको अध्ययन गर्दछ । व्यवहारबाट नै थाहा हुन्छ व्यक्तिको आचरण र उसको भित्री भावनाहरू कतिसम्म आत्मा-छविसँग जोडिएको छ । तर विश्वको बदलिँदो परिस्थितिलाई हेर्दा 'मानवतावादी दृष्टिकोण' मानिसको भित्री आत्मालाई नै आघात पार्ने एक विद्रोहको रूपमा विकसित भएको पाउँछौं । मानवतावादी दृष्टिकोण स्वार्थपरायण मानिसको "तेस्रोशक्ति" भनी पहिचान गरिएको पनि छ । मानवतावादीले व्यवहारवादी धारणालाई

अस्वीकार गर्दछ । मनोगत दृष्टिकोण पनि खारेज गरेको छ । व्यवहारवाद र मनोविश्लेषण दुवैलाई मानवतावादी मनोवैज्ञानिकद्वारा अमानवीय ठान्दछन् । आज विश्व मानवसमाज यस्ता विभिन्न विचारधाराहरू र एकलकाँटे स्वभावका कारण मानसिक तापले उद्विग्न अनि विभाजित छ ।

मानवतावादी मनोविज्ञान मानिसको अस्तित्वको मान्यताबाट सुरु हुन्छ, । यो उसको स्वतन्त्र इच्छा र व्यवहार हो । मानवतावादी विचारधाराले अन्य प्राणीहरूसँगको मानिसको तुलानात्मक मनोविज्ञानलाई अस्वीकार गर्दछ । यसले मानवजातिको **अनुपम** गुणहरूको बारेमा केही पनि बताउँदैन । मानवतावादले मानिसलाई अन्य प्राणीहरू भन्दा फरक रूपमा लिन्छ, किनभने मानिस सचेत हुन्छ, उ अन्य प्राणीहरू भन्दा जगतको बारेमा भाषाको माध्यमबाट आफ्नो उद्देश्य र भावना सञ्चार गर्न सक्षम छ । मनोवैज्ञानिकहरूको अनुसन्धान अनुसार पशु प्राणीहरूको गुण, महत्व र मूल्य मानिसको भन्दा कम भएको बताईएको छ । तर मानवताको गहिराई, चरित्र र यसको गुणतत्व सीमाङ्कन गर्ने विधि भने बताउन सकेका छैनन् ।

कुनै पनि देशका जनतामा राजनीतिक वर्गको प्रभाव अत्यन्त बढी हुने गर्दछ । त्यसैले देशको विकास र समाजमा ज्ञान र चिन्तनको विकास वा पतनबारे पनि राजनीतिक दृष्टिकोणको आधारमा नै अध्ययन गरिनु पर्दछ । **असल वा कुलीन वर्ग** सत्तासिन भईरहँदा देहायको समाजमा पनि कुलीन वर्गीय चिन्तन र मनोविज्ञानको विकास हुने गर्दछ । तथापि कतिपय सन्दर्भमा निम्न वर्गको चिन्तन पनि कुलीन वर्गीय स्वरूप जस्तै शोषण र भ्रष्टाचारलाई सर्वेसर्वा र अनिवार्य ठान्ने मनोविज्ञान रहनु पनि कुनै अस्वाभाविक होईन । सत्तासिन वर्गले सदैव तल्लो वर्गलाई दबाउन प्रयास गरिरहेको हुन्छ । उसले धर्म, शिक्षा, राजनीति, कानुन र समाजिक दर्शनमा समेत आफूलाई सहयोग पुग्ने गरी कार्य गरिरहेको हुन्छ । नेपालको राजनीतिमा शक्तिपूजाको जुन मनोविज्ञान छ, जसरी विभिन्न जात-जातिका देवी देउताहरूको नाममा मारकाट गरी शक्ति पूजा गरिन्छ त्यसले जनतामा पनि मनोवैज्ञानिक असर पुगेको प्रष्टै छ ।

मनोविज्ञान दर्शनशास्त्रबाट उब्जिएको एउटा आधुनिक विज्ञान हो जसले मानिसको वस्तुगत अवस्था बारेमा अध्ययन गर्दछ । मानिसको आत्मा, मन, चेतना र व्यवहार मुख्य विषयहरू हुन् । यिनीहरूको वरिपरी मानिसको भविष्य रहेको हुन्छ भन्दा अत्युक्ति नहोला । कुनै पनि व्यक्तिको 'मन' बारे अध्ययन गर्दा स्वभाविक रूपमा उसको चिन्तन-विम्ब र व्यवहारबारे अध्ययन गर्नु आवश्यक

हुन्छ । सामान्यतया मनोविज्ञानले जीवन पद्दति र व्यवहारमा कस्तो प्रभाव पार्दछ भन्नेबारे चर्चा गर्दछ । जीवन पद्दति मूलत् मानिसको व्यवहारिक रूप पनि हो । कस्तो जीवन पद्दति अपनाउने, कुन प्रकारको जीवन पद्दति ठीक हो भन्ने विषय बेग्ला बेग्लै व्यक्ति वा समूहका बेग्ला बेग्लै धारणा वा विचार हुनसक्छन् तर त्यहाँ कुन चिन्तन, बाटो वा कुन दृष्टिकोणले काम गरेको छ त्यो मुख्य हुन्छ । उदाहरणको रूपमा मानिस एकै परिवारका सदस्य भएर पनि कसैले 'सरल र सहज' जीवन शैली अपनाउँछन् भने त्यसै परिवारका कुनै सदस्ले 'उच्च' जीवन शैली अपनाउँछन् । त्यसैले वर्ग र विचार रहेसम्म मानिस स्वभावैले स्वार्थी हुन्छ । तर उसको स्वार्थ केका लागि त्यो महत्वपूर्ण विषय हो । हामी आनन्द खोज्छौं अनि सुरक्षा पनि खोज्छौं भने ती सबै प्राप्त गर्न र त्योसँग रहन हाम्रो मनोविज्ञानले कार्य गर्नुपर्छ ।

मानिसले निष्पक्षरूपमा मानवता, सुन्दरता र प्रकृतिको कुरा गर्छ भने त्यो स्वार्थ 'मानवीय एवं व्यवहारिक' पनि हो । माओत्सेतुङले मानिसको मनोविज्ञान वर्गभन्दा माथि नभई त्यस अन्तर्गत नै हुने बताएका छन् । त्यसैले मनोविज्ञान एउटा विशिष्ट विज्ञान भएकोले यो मार्क्सवादभित्र पनि एउटा शिक्षाको रूपमा रहन सक्छ । मार्क्सवादीहरू सकारात्मक चिन्तनको विकासमा जोड दिन्छन् । त्यसैले गलत मनोविज्ञान र अन्धविश्वासका प्रभावहरू विरुद्ध संघर्ष गर्दै सकारात्मक र उन्न्त दृष्टिकोण निर्माणका पक्षमा पाईला बढाउँदै जानुपर्छ । मानिसको मानवीय स्वभाव फरक फरक हुनाको कारणले नै मनोविज्ञान विशिष्ट छ । तर यो मानिसको स्वभाव स्थिर रहदैंन । समय र परिस्थिति अनुकूल परिवर्तन भईरहन्छ । त्यसका विविध कारण र तर्कहरू छन् । त्यसैले विश्व परिवेशमा रहेर आफ्नो राष्ट्र र समस्त विश्वको मानवीय भावना र मनोविज्ञानलाई स्वस्थ राख्न मानिसले सत्य बोल्न र गुणाकर कदम उठाउन सर्वथा आवश्यक छ । **अनि त्यो परिवेश तब प्राप्त हुन्छ जब एउटा मानिसको शरीर भित्र मानिस नै बसेको हुन्छ** तब त्यहाँ मानिसको कल्याण हुन्छ । तबमात्र त्यहाँ मानिस सत्य बोल्छन् मानिसप्रति सकल व्यवहार गरिन्छ तब त्यहाँ करुणा हुन्छ । यही नै मानिस र समाजको परिभाषा पनि हो ।

यो मानवीय संवेदनाको साँचो र यथार्थ दर्शनशास्त्र पनि हो ।

*****

# जीवनको यात्रा यहाँसम्म

म बुबा सिरे गिरी र आमा कुमारीमाया भारतीको कोखबाट जन्मेको साइँला छोरा हूँ । मेरा पुर्खाहरूको ऐतिहासिक रासोबासो खाँवाहरू उहाँहरूको जीवनी बारेमा केही उत्प्रेरक विषयहरू बटुलेर यहाँ प्रस्तुत गरेको छु । मेरा वंशावली पूर्वजहरू अद्वैत वेदान्त परम्पराका आदि शकंराचार्यका शिष्यवर्ग **दशनामी सन्यासीहरू** हुन् । उदाहरणार्थः स्वामी विवेकानन्द पुरी, स्वामी प्रणवनन्द गिरी, स्वामी गोविन्द गिरी, शिवनन्द सरस्वती, चीनमायानन्द सरस्वती, सत्यानन्द सरस्वती दशनामी सन्यासीहरू हुन् । दशनामीहरू एकादन्डी हुन् जनै लगाउँदैनन् । क्रमागतः **गिरी, पुरी, भारती, बन, तिर्थ, आरण्य, सागर, आश्रम, सरस्वती र पर्वत** दशनामी सन्यासीहरू हुन् । ब्रह्मचर्य जीवन अपनाएर सांसारिक सुखभोग त्यागी मानिस र प्रकृतिको सेवा नै सन्यासीहरूको सारगर्भित धर्मकर्म हो । सन्यासीहरूको इतिहास महत्वपूर्ण र लेखनयोग्य भएकोले यी पुर्खाहरूको बारेमा केही चाख लाग्दा अंशहरू लेख्न चाहान्छु ।

भारतको विभिन्न राज्यहरूमा सन्यासीहरूको उपस्थिति रहेको पाइन्छ । सोऱ्हौं शताब्दीको अन्तमा कोचबिहारमा धेरै सन्यासीहरूको बसोबास गरेको तथ्याङ्कहरू छन् । जहाँ मेरा पुर्खाहरू पनि रहेछन् । **युरोपियन** व्यपारीहरू सँगै ईसाइ बृटिशको आगमनपछि कोचबिहारमा भएका सन्यासीहरूमाथि अत्याचार हुन थाल्यो । तिब्बत-भोटबाट आएर भुटानमा व्यापार जमाउन चाहाने भोटेहरूले लुटमार गर्ने र बृटिश कम्पनीबाट पनि असुरक्षित भएपछि **दशरथलाल गिरी सत्रौं शताब्दीमा** अन्य केही सन्यासीहरूको साथ नेपाल बसाई सरेका रहेछन् । उहाँ नै हाम्रो पुर्खा हुनुहुन्छ । त्यसबखत दशरथलाल गिरी नेपालको ताप्लेजुङ जिल्लामा स्थायीरूपमा बसोबास गर्न थालेपछि रहँदाबस्दा नेपालका नागरिक भएका रहेछन् ।

दशरथलाल गिरीको छोरा **रामलाल** अनि रामलालको छोरा **पर्तु** हुन् । तदनुरूप पर्तु गिरी नेपालको ताप्लेजुङ जिल्लाको फाकुम्बा भन्ने ठाउँमा बसोबास गर्नुहुने रामलाल गिरीको जेठो छोरो भएको आधिकारिक इतिहास प्राप्त छ । नेपालमा त्यसबखत राणाहरूको शासन थियो । **सन् १८६०** मा १५ वर्षको उमेरमा पर्तुको विवाह गरिदिएका थिए। राणाहरूको जालझेलमा युवाहरू पक्राउ पर्ने सम्भावना भएकोले केही महिनापछि श्रीमतीलाई लिएर पर्तु गिरी फेदङबा सुब्बा-मित्रहरूको साथ भारत पसेका रहेछन्। उहाँको पुर्ख्यौली जन्मथलो भारतको कोचबिहार पुग्नु भएछ र सन्यासीहरूको साथमा केही समय त्यतै बस्नु भएछ। यसरी विभिन्न ठाउँहरूको शीतलता अनुभव गर्दैजाँदा **सन् १८७१** मा दार्जीलिङ जिल्लाको पाटेन-कुमाईमा पुग्नु भएछ । कुमाईमा बृटिश सरकारले चियाखेती सुरु गरेको हुनाले साथै हावापानी पनि राम्रो भएकोले कुमाईमा स्थायीरूपमा बस्नु भएको रहेछ। त्यही वर्ष उहाँको जेठो छोरा **कञ्चने** जन्मनु भएछ, जो मेरो हजुरबुबा अर्थात **पितामह** हुनुहुन्छ। हजुरबुबा कञ्चनेको जन्मदर्ता इष्टइण्डिया कम्पनीका डाक्टरले कुमाई याखा गाउँको अस्पतालमा गरिदिएको पुष्टि हुन्छ । छोरा **कञ्चनेको सन् १९०२** मा विवाह गरिदिएर पर्तु गिरी पुनः ताप्लेजुङ फर्किनु भएको र जीवनको अन्तिम समयसम्म ताप्लेजुङमा नै बिताउनु भएको बुझिन्छ।

कुमाईमा रहँदा हजुरबुबा **कञ्चने गिरीले** सिलिगुडी नजिक सिभोकमा जग्गा फडनी गरी बन विभागबाट पट्टा-रसिद लिएर खेती सुरु गर्नुभएछ तर, मानिसको बसोबास न्यून भएको हुँदा जानवरहरूको डरको कारणले छोडिदिनु भएछ ।

हजुरबुबा कञ्चने गिरीले स्कुलको शिक्षा पाउनु भएन। तर उहाँको ज्ञान, आदर्श र विचारलाई सबैले भरोसा गर्थे । **सन् १९०३** मा ३२ वर्षको उमेरमा कुमाईदेखि लगभग एक घण्टा हिडेर पुग्ने सिब्सु भुटानको ताहछे, बेलबोटे, हाँगे, पिन्जुली, जोगीमारा गाउँहरूमा पुग्नु भएछ । त्यहाँका मानिसहरूको समस्या बुझेपछि साथीहरूसँग मिलेर जङ्गल फडनी गरी मानिसहरूलाई व्यवस्थित गर्ने कार्य गर्नुभएछ। घना-जंगल भएको जग्गाहरू खेतीपाती गर्न उपयुक्त बनाएपछि बेलबोटेमा घर निर्माण गरी प्रचलित कानुन मुताबिक दर्ता गराउनु भएछ। यसरी आफूले भोग-चलन गरेको माटोको दातव्यका रूपमा दिनुपर्ने चारदाम तथा सबै काम कर्तव्य पूरा गरेको खुन र पसिनाले सिंचित भुटानको माटोमा सन् **१९०३**

देखि आधिकारिकरूपमा हाम्रो परिवारको अस्तित्व एवं भुटानी नागरिकको परिचय रहेको हो ।

मेरो हजुरबुबा **कञ्चने गिरी** अग्लो, बलियो, मेहनती, अत्यन्तै सहयोगी, मिलनसार तथा वैशिष्ट्य गुणहरूले भरिएको हुनुहुन्थ्यो भन्ने धेरैको अभिव्यक्ति छ । मानिसहरू उहाँप्रति गम्भीर अभिरुचि राख्दथे । उहाँले आफ्नो संस्कृति, समाज र मानव-जीवन सम्बन्धमा बोलेका उत्तम सार तत्वहरू सुनेको छु । यसप्रकारले शरणार्थी भएर नेपाल बसोबास गर्न थालेपछि पुर्खाहरूको इतिहास र उनीहरूमा भएको विषय बस्तुहरूको बारेमा जान्ने प्रबल इच्छा जागृत भएकोले यो लेखमा मेरो वंश परम्पराको केही तथ्यहरू प्रस्तुत गर्ने प्रयास गरेको छु ।

हाम्रा पुर्खाहरूले भुटानमा प्रशसंनीय मेहनत गर्नुभएको हो । परन्तु उत्तरका तिब्बती मूलका लामाहरूले ज्यादै दुःख दिने, मान्छे नभएको घरमा पसेर खानेकुराहरू चोर्ने, दान दिए पनि खुशी भई प्रसन्नता प्रकट नगर्ने यस्ताहरूको दुष्टाचारले गर्दा हजुरबुबा धेरैजसो कुमाईमा बस्नु हुँदोरहेछ । **सन् १९०८** मा मेरो बुबा **सिरे गिरीको** जन्म भएको हो । बुबापछि काका कविराज गिरी जन्मनु भयो । हजुरबुबाले सिब्सु भुटानमा भएको सबै जग्गा-जमीनहरू प्रचलित नियम अनुसार बुबाको नाममा दर्ता गराउनु भएछ । भुटानमा सरकारी व्यवस्था विकसित भएको थिएन । जोङ्खा भाषा पनि प्रचलन्मा थिएन । सरकारका सबै काम-काजहरू नेपाली भाषामा हुन्थ्यो । हजुरबुबाले साम्ची, फुन्चोलिङ र छुखासम्म पुगेर कृषकहरूलाई सहायता गर्नुभएको इतिहास छ । त्यसबखत दक्षिण भुटानका गाउँहरूको वातावरण अनुकूल थिएन जंगली जनावर र औलोको कारण आफ्नो खुन पसिनाले सिँचिएको जग्गा-जमीन त्यागेर मानिसहरू सुरक्षित ठाउँमा जाने गर्थे । हजुर बुबाले बसाई सर्नेहरूलाई सम्झाई बुझाई त्यहीँको जमीनमा बसाएको कुरा मानिसहरू गर्नुहुन्थ्यो । विभिद परिस्थितिहरूमा सद्गुण सम्पन्न हाम्रा पुर्खाहरूको खुन् र पसिनामा यी भूभागहरूको विकास भई मानिस बस्न योग्य बनाईएको सत्कीर्ति इतिहासलाई भुटानीहरूले शिरोधार्य गर्नुपर्छ ।

हजुरबुबाका साथीहरू सिब्सु, साम्ची, चेङमारी, न्याउली, हात्तीसार-गेलेफु र भारतको विभिन्न ठाउँहरूमा बसाई सरेछन् । तर उहाँ सिब्सुमा बस्नु हुन्थ्यो । सन् १९०७ मा **उगेन वाङचुक** भुटानको राजा भए । तर पनि दक्षिण भुटानमा

राजाको पूर्ण प्रभाव परेको थिएन । दक्षिण भुटानको शासन व्यवस्था परम्परागत रूपमा पारो पेन्लप्ले सम्हाल्थ्यो । त्यसमा राजाले केही परिवर्तन गराए भनिन्छ । **राजा उगेन** वाङचुकले **दालचन्द गुरुङ**लाई दक्षिण भुटानको शासन सम्हाल्न (कासो) अधिकार दिएपछि गुरुङ कुलपतिद्वारा शासन-व्यवस्था चल्थ्यो । तर आफ्नो शक्ति कटौति भएकोमा पारो पेन्लप् **दावा पेन्जोर** खुशी थिएनन् । राजा उगेन वाङचुकको कासोपछि दालचन्द गुरुङ र गर्जमान गुरुङको नाम सर्वत्र चलेको थियो ।

राजा उगेन वाङचुकको सन् १९२६ मा देहान्त भएपछि **जिग्मी वाङचुक** राजा भए । उहाँले पनि देशको शासन व्यवस्थामा थप संशोधन गराए । नेपालीभाषी दक्षिण भुटानी जनताहरूको समस्या समाधान गर्न कार्यालयहरू निमार्ण गराए । उक्त समय नेपालीभाषी भुटानी नागरिकलाई लोत्सम्पा भनिन्दैन्थ्यो । साम्चीको उत्तरमा रहेको सौरेनीमा बाउन्न (५२) ढोका दरबार तयार गरिएको थियो । जहाँबाट गुरुङ कुलपतिहरूले प्रशासन सम्हाल्थे । दालचन्द गुरुङ पछि उहाँकै छोरा **गर्जमान गुरुङ**लाई दक्षिण भुटानको शासन व्यवस्था सम्हाल्न मनोनित गरिएको थियो । तर दुःखको कुरो सन् १९३१ मा पारोमा निर्मित **उगेन पेल्री थाङ** दरबारको उद्घाटन्मा बोलाएर दावा पेन्जोरका भाई छिरिङ पेन्जोर जो पारो पेन्लप् हुनुहुन्थ्यो उहाँले गर्जमान गुरुङलाई षड्यन्त्र पूर्वक हत्या गरेपछि दक्षिण भुटानी जनताहरूको हृदयमा शासकहरूप्रति नकारात्मक छाप बस्न गयो । उनीहरूले भुटानका नेपालीभाषी हिन्दु धर्मवालम्बी नागरिकहरूप्रति कुदृष्टि राखेको प्रष्ट हुनगयो । यद्यपि, भुटानका नेपालीभाषी नागरिकले राजा, देश र आफ्नो सामाजिक कर्तव्यप्रति कहिल्यै भूल गरेनन्, राजाको भक्त बनी रहे । तर विडम्बना त्यही जातिको अस्तित्व मेटाउन विद्यमान राजाले सौरेनीमा भएको बाउन्न ढोका 'ऐतिहासिक दरबार' पनि नष्ट गराए ।

सन् १८९४ मा भारत स्वतन्त्रताको आन्दोलनमा सहभागी हुन मानिसहरू भेला हुन थालेपछि हजुरबुबा **कञ्चने गिरी** पनि सिलिगुडी गएर आन्दोलनकारीमा नाम लेखाउनु भएछ । आन्दोलनको बारेमा के-कसो गर्नुपर्छ भन्ने विषयहरू सिक्नुभएछ । भाषाको समस्या र गाउँको विभिन्न जिम्मेवारीले गर्दा अन्य राज्यहरूमा आन्दोलनगर्न जान समस्या भएपछि केहीदिन विभिन्न कार्यक्रमहरूमा खटिए पछि घर फर्कनु भएछ । त्यसपछि कुमाई र सिब्सुका खेतीहरू जगेर्ना

गरी बस्नुभएको रहेछ । हजुरबुबा र उहाँका साथीहरूले आफूले उर्वरा बनाएको माटो सम्बन्धी र आफूले भोगेका अतीतका विभिन्न रोचक घटनाहरू हर्षका साथ सुनाउनु हुन्थ्यो । त्यसरीनै ङालोङ र सार्छोप लामाहरूबीच मारामार भएको घटनाहरू सुनाउनु हुन्थ्यो । पेन्लपहरूबीच पनि झगडा भएको अनि केही पेन्लपहरू मारिएको घटनाहरू सुनाउनु हुन्थ्यो । राजा हुनु पहिला टोङ्सा पेन्लप् उगेन वाङचुक आफूभन्दा ज्ञानी र सक्षम बन्न चाहाने विज्ञहरूलाई पन्छाएर उहाँ आफू श्रेयस्कर बन्न निपुण थिए । उहाँले यस्तै कार्यको लागि एकहुल लडाकुहरू पालेका थिए । सन् १९०५ तिर दक्षिण भुटानका केही गण्यमान्य मानिसहरूले उहाँलाई एक होनाहार क्रान्तिकारी नेताको रूपमा चर्चा गरेको सुनिन्थ्यो भन्ने विवरण गाउँका हजुरबुबाहरू बताउनु हुन्थ्यो ।

मेरो हजुरबुबा वृद्ध भएपछि कुमाईमा बस्न रुचाउनु भएछ । तर बुबा-आमा भने प्रायःजसो बेलबोटेको घर खेती सम्हाल्नु हुन्थ्यो । केही महिना कुमाईमा बस्नुहुन्थ्यो । त्यहाँको खेती सम्हाल्नुका साथै चियाबगानमा पनि कामगर्नु हुदोंरहेछ । भुटान सकारको विभिन्न झार्लागींहरूबाट मुक्त हुन सन् १९५१ मा दाजु रितुमान जन्मिएको केही वर्षपछि बुबाले सिब्सुमा भएका घर, जग्गा-जमीन दाजुको नाममा सार्नु भएछ । घर, जग्गा-जमीन स्कुल जाने विद्यार्थीको नाममा दर्ता भएको अवस्थामा सप्तोलेमीबाट मुक्त हुनेहुँदा त्यसो गरिएको रहेछ । सिब्सु र कुमाईमा मेरो बालकपन बितेको छ । बुबा-आमा प्रायःजसो सुन्तला र धान खेतीमै ब्यस्त हुनुहुन्थ्यो । हजुरबुबाले दुवैतिर देखरेख गर्नुहुन्थ्यो । कुमाई चिया बगानका बडा-साहेब, छोटा-साहेब, मुन्सी तथा सबैसँग हजुरबुबाको हितैषी सम्बन्ध थियो । सबैले उहाँलाई इमान्दार र परिश्रमी मानिस भनी आदर गर्थे । एक समय कुमाई चिया बगानको तलब बाँड्न ढिलाई हुँदा हजुरबुबाले एक गाग्री खुजुरा पैसाको व्यवस्था गर्नुभएको रहेछ जस्को फलस्वरूप उहाँलाई महाजन भनी भन्न थालेछन् । हाम्रो परिवारलाई **महाजन** परिवार भनी परिचित भएको दृष्टान्त हो यो । वास्तवमा यो महाजनको उपाधि धन सम्पतिको नभएर हृदयको महाजन् हुनुहुन्थ्यो हजुरबुबा ।

बृटिशको दाबेदारमा सन् १९०७ मा जब उगेन वाङचुक भुटानको एकाधिपति राजा हुनुभयो त्यो समय भुटानमा धेरै विद्वान्हरूको हत्या भएको कुरा त्यतिबेलाका मानिसहरूले सुनाउनु हुन्थ्यो । हत्याको कारण धेरैपछि मात्र बुझ्नु

भएको कुरा गर्नुहुन्थ्यो । बृटिश सरकारले उगेन वाङचुकलाई राजा बनाउन सहयोग गरेको मौकामा यी हत्याहरू भएका थिए । जहाँ सार्छोप नेताहरू, लामाहरू अनि केही डालोङ परिवार र तिब्बतीहरू मारिएका थिए । यस्ता अनेकौं भयावह परिस्थितिहरू झेल्दै पुर्खाहरूले जीवनको धेरै समय बिताउनु भएको छ । कठिन भन्दा कठिन परिस्थितिमा पनि मानिसहरूलाई सहायता गर्न जसरी कार्य गर्नुभएको थियो, त्यसलाई सुनेर गौरव महसूस हुन्छ । हजुरबुबा निकै पाको भएपछि अस्पताल र अन्य सुबिधाहरू प्राप्त हुने र हितैषी मित्रहरूको साथमा जीवन बिताउन आफ्नो जन्मथलो कुमाई बस्नु भयो । म भर्खरै जन्मेको थिएँ । मैले हजुरबुबासँग धेरै समय बिताउन पाइन, त्यति याद पनि छैन तर, मैले हजुर बुबासँग खेल्ने रमाउने अवसर नपाए पनि मेरो दिदी र दाजुहरूले हजुरबुबाको प्रशंसा गरेको र हजुरबुबासँग बिताएका समयको प्रशंसा गरेको सुन्दा ज्यादै हर्ष लाग्छ ।

सन् १९६० मा कुमाईमा मेरो हजुरबुबा **कञ्चने गिरीको** स्वर्गारोहण भयो । दार्जीलिङ जिल्ला अन्तर्गत कुमाई चिया बगान, उहाँको जन्म स्थान १० नम्बर गाउँमा सरकार र चिया बगानको अनुमति लिएर उहाँको स्मृतिमा **समाधि** स्थापना गरिदिएका छौं ।



स्व. कञ्चने गिरीको समाधिमा श्रद्धाञ्जली चढाउँदै सन्: २०१५ ।
कञ्चने गिरी: १८७१-१९६०






स्व. कञ्चने गिरी (सन्यासी) को समाधि, कुमाई सन्: २०२१

बुबा सिरे र आमा कुमारी मायाको कोखबाट हामी दाजु-भाई र दिदी-बहिनीहरू गरी ११ जना सन्तान जन्मेका थियौं । जेठी दिदी-भिनाजु, जेठा दाजु-भाउजू र काइला भाई-बुहारी अमेरिकामा छन् र माईला दाजु-भाउजू, साँइली बहिनी-जुवाँई र काँइली बहिनी-जुवाँईहरू भुटानमा छन् । माइली बहिनी कुमाईमा र कान्छी बहिनी हैदराबादमा छन् ।

बुवाले पनि हजरबुबाले जस्तै भुटानमा धेरै प्रकारका दुःख कष्टहरू भोग्नु भएकोछ । सन् १९६० को दशक सरकारको कष्टकर सप्तोलेमी पूरागर्नु पर्थ्यो । घरबाट एकजना मान्छे सेनाको सामानहरू बोकेर भुटान-चीन सिमानामा भएका भारतीय सेनाहरूलाई सुम्पिएर फर्किनु पर्थ्यो । आफ्नो घरमा भारी बोक्नसक्ने

मान्छे नभए हाजिरामा भारतबाट ल्याएर भएपनि पठाउनु पर्थ्यो । यो काम अत्यन्तै जोखिमपूर्ण थियो । भारी बोकेर जानेहरूमा कोही-कोही घर फर्किदैन थिए । भीरबाट भारीसँगै खसेर नदीको खोँचमा परेर मरेको घटनाहरू सुनाउनु हुन्थ्यो । त्यसरीनै कोहीबेला फलामको साङ्लो बोकेर विभिन्न ठाउँहरूमा अमिनहरूसँग जमीन नापी गर्न जानुपर्थ्यो । सबै प्रकारका सरकारी कार्यहरू गर्नुपर्थ्यो तर, सरकारले हाजिरा दिँदैनथ्यो । सबै कुराहरूको बन्दोबस्त रैती आफैले गर्नुपथ्यो भनी बुबा र गाउँलेहरू बताउनु हुन्थ्यो ।

मेरो जीवनको पहिलो स्कुल सिब्सुको पिन्जुली प्राइमरी स्कुल हो । हर्ष र उमंगकासाथ सानैमा पिन्जुली स्कुलमा भर्ना भएँ । स्कुलको वातावरण बुझ्न केही समय लाग्यो । त्यसपछि एल.के.जी., यु.के.जी. गर्दै म कक्षा १ मा पुगें । सन् १९६३ मा स्कुल भर्ना भएँ तर १९६७ मा उक्त स्कुल छोड्न बाध्य भएँ । हामीलाई जोङ्खा पढाउने एकजना शिक्षक हुनुहुन्थ्यो । उसको अत्याचारले गर्दा स्कुल छोड्नु परेको थियो । जोङ्खा शिक्षक तथा लेबेको नाम थाहा छैन तर, सबैले उहाँलाई **लेबे** भनी बोलाउँथे । स्कुलको हेड्-मीस् भारतको केरालाबाट आउनु भएको थियो । उहाँको नाम **एल.सुन्दरी बाई** हो । उहाँको छोरी सुलेखाले पनि त्यही पढाउनु हुन्थ्यो । नेपाली भाषा पढाउने शिक्षक **पण्डित देवीभक्त पराजुली** हुनुहुन्थ्यो ।

चार वर्षसम्म सिब्सुको पिन्जुली प्राइमरी स्कुल गएँ तर, कक्षा १ मा पुगेपछि जोङ्खा शिक्षक **लेबे**को कारण स्कुल जान सकिन । लेबेले ज्यादै अत्याचार गर्थ्यो । टाउकोमा हिर्काउथ्यो, सानो-तिनो गल्ती हुँदा पनि सुम्ला बसुन्जेल कुट्थ्यो । तीनवटा मसिनो ढुंगामा नाङ्गो घुँडा टेकाएर घण्टौं बसाउँथ्यो । घुँडाबाट खून आउँदासम्म पनि सहेर बस्नुपर्थ्यो । रगतसरी घर आउँदा बुबाले मलाई नै गाली गर्नुहुन्थ्यो । स्कुलमा फुटबल खेल्नु पर्थ्यो । फुटबल खेल्दा पनि लेबेले ग्राउण्डमा पसेदेखि खेदी-खेदी बाँसको भाटाले हिर्काउयो । अति नै भएपछि स्कुल जान छोडिदिएँ । बुबाले प्रधान अध्यापिकालाई भेटेर सबै कुरा बुझ्नु भएछ र घरमा आएर बताउनु भयो । 'पढाइमा राम्रो छ, सबै विषयहरू एकदम ठीक छ, केवल जोङ्खामा कमजोर हुँदा लेबेले अलिक कडा सजाय दिन थालेकोले स्कूल नआएको हो, तर लेबेलाई सम्झाउँछौ, स्कुल पठाउनु भनी हेड्-मीसले सल्लाह दिनु भएछ' । तर म पटक्कै मानिन ।

बुबाले धेरै सोचेपछि मलाई कुमाई स्कुलमा पढाउने निर्णय सुनाउनु भयो। सन् १९६७ को जुन महिना चल्दै थियो, भोलिपल्ट नै बुबासँग कुमाई गएर त्यहाँको **स्कटिश मिशनद्वारा संचालित कुमाई प्राईमरी स्कुल**मा भर्ना भएँ। यसरी सिब्सु पिन्जुली प्राइमरी स्कुल अनि कुमाई प्राइमरी स्कुलमा सुरु भएको मेरो बालकपन असमञ्जस परिस्थितिमा हुर्किंदै गयो र एकपछि अर्को मोड्हरू आउँदै मेरो जीवनमा विभिन्न हलचल आएको छ।



सिब्सु गोला-बजार, जलढाका नदी र झोलुङको दृश्य।

बेलबोटे गाउँबाट करिब एक घण्टामा कुमाई पुगिन्छ। जलढाका नदी तरेर नक्शाल, मान्द्रेफारी हुँदै अलिकति जंगल हिँडेपछि कुमाईको ११ नम्बर चिया बगान पुगिन्थ्यो। हामी साना-साना भएपनि हिँडेर वारिपारी गर्थ्यौं। कहिले बेलबोटे, कहिले दिदी-भिनाजुको घर जोगीमारा र कहिले कुमाई गर्दै हाम्रो दिनहरू बित्थ्यो।

सिब्सु भुटानको बाँडा, टेण्डु बेलबोटे, गोला, हाँगे, गिरीगाउँ, शिवालय, ताहछे, जोगीमारा, खोपी, पिन्जुली, नैनीताल, च्याङ्मारी, गोम्टु आदि गाउँहरूबाट धान, मकै, कोदो, चामल, फलफुल र तरुलको भारी बोकेर कुमाईको सोमबारे हाट्बजार आउने भुटानी कृषकहरूको ताँत हुन्थ्यो। प्रायःजसो सिब्सु, साम्चीका कृषकहरू खेतीको उब्जनी बिक्री गर्न कुमाईको सोमबारे हाट् नहुँदा मटेली पुग्थे। मटेलीमा पनि बजार लाग्थ्यो। सरकारले आधिकारीक मान्यता दिएपछि कुमाईको सोमबारे-हाट् प्रमुख भयो। त्यहाँ सबैतिरबाट व्यापारीहरू आउन थाले जसले गर्दा भुटान र वरिपरीका मानिसहरूलाई सजिलो भयो। यसरी शदिऔंदेखि भुटानी र भारतीयहरूमा आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा परिवारिक सम्बन्ध रहिआएको छ। **भारतीय प्रशासन**हरू झोलुङ थाना, मटेली, चाल्सा,

नगरकाटा, थालजोडा आदि ठाउँहरूबाट आवश्यकता अनुसार सुरक्षा प्रदान गर्थे। भुटानी र भारतीय नागरिक भनेर खासै भिन्नता थिएन । भारतीय प्रशासनले सबैलाई बराबर हेरचाह गर्थे । भुटानबाट आउने धान, चामल, मकै, कोदो, सुन्तला, अलैंची, तरुल र सब्जीहरू सबैको लेखाजोखा र कागजपत्रहरू कारबारी र मण्डलहरूले गर्दथे र त्यही दरभाउ भएको कागजपत्रलाई सोमबारे हाट्का अधिकृतहरूले अनुमोदन गरिदिन्थे ।

दक्षिण भुटानका सबै कामकाज कालिम्पोङको **भुटान हाउसद्वारा** गरिन्थ्यो । साम्ची-सिब्सुमा झै-झगडा हुँदा तथा प्रशासनिक कार्य आईपर्दा झोलुङ थानालाई गुहार्नु पर्थ्यो । कालिम्पोङबाट सरकारी कागजपत्रहरू, जमीनको खजाना रसीद, उजुरीपत्र, फाइलहरू तथा सबै प्रकारका कागजातहरू नेपाली भाषामा प्रिन्ट भएर आउँथ्यो । इतिहास बताउँछ नेपाली जातिको बाहुल्यता रहेको दक्षिण भुटान र आस्पास्का भारतीय नागरिकहरू नै यहाँका आदिबासीहरू हुन् भन्नेमा कसैको पनि भिन्न मत हुनसक्दैन । आज यस क्षेत्रका प्रशासनिक विषयहरूमा विकास भई केही फरक भएतापनि यहाँका मानिसहरूको सामाजिक, आर्थिक र परिवारिक सम्बन्ध अझ चेतनशील भएर उनीहरू बीचको युगौंदेखिको नाता-सम्बन्ध प्रगाढ भएको छ । भुटान सरकारले सिब्सु साम्चीका मानिसहरूलाई अत्याचार गरी सन् १९९० मा लखेटेको बखत् यिनै छिमेकीहरूले भुटानी र भारतीय पुलिसको पकडबाट बचाएर आश्रय दिएका थिए । यसरी लखेटिएका केही भुटानीहरू तोदे, गैरीबास, कुमाई, चाल्सा, चमर्ची, विरपाढा, सामसिङ, चलौनी, नगरकाटा आदि ठाउँहरूमा बसेका छन् । उहाँहरू नेपालमा भएको शरणार्थी शिविरमा दर्ता भएनन् र तेस्रो मूलुकमा पुनर्वास पनि भएनन् ।




दार्जीलिङ जिल्ला, सिब्सु भुटान र जलढाका आसपासका गाउँहरू ।

**कुमाई** एउटा साधारण कृषक र चियाबगानमा काम गर्ने मजदुरहरूको ठाउँ भएपनि अतिनै रमणीय स्थान् छ । सन् १९७० को दशकसम्म कुमाईको अस्पताल धेरै ब्यवस्थित् र उपयोगी थियो । स्कुलमा विद्यार्थीहरूको पठन-पाठन अनुशासित ढंगमा हुन्थ्यो । एक गाउँदेखि अर्को गाउँ जाने बाटोहरू ठूला-ठूला चप्लेटी ढुंगाहरू छापेर बनाईएको थियो । कृषक मजदुरका घरहरू कसैका खरको छाना भएका अनि कसैका जस्ताको छाना भएका सुन्दर र सफा हुन्थे । चियाबगानका बडा साहेब, छोटा साहेब, मुन्सी आदिका बंगलाहरू बृटिश डिजाइनमा बनेका थिए जो भग्नवाशेष अवस्थामा भएतापनि सुन्दर देखिन्छन् । गाउँ-घरमा जतातते फलफूलहरू पाइन्थ्यो । आँप, सुन्तला, लिची, अलैंची, केरा, अम्बक, मेवा, ऊखु, काँक्रा, अनारस, कटहर, दारिम, कागती आदि फलफूलहरू प्रशस्तै हुन्थ्यो । कुमाईको हावापानी र वातावरण मानिसको स्वास्थ्यका लागि धेरै राम्रो छ भन्ने कुरा बृटिश सरकारले परीक्षण गरी बताएका छन् ।

**सन् १९६७** मा कुमाई प्राथमिक पाठशालाको कक्षा १ मा भर्ना भएको केही महिनापछि फाईनल परीक्षामा सामेल भएँ । ढिलो गरी क्लासमा बसेको भएर पनि परीक्षामा प्रथम भएँ । जसले गर्दा मलाई कक्षा ३ मा पदोन्नती गरियो । स्कूलका साथीहरूसँग रहँदा मलाई आनन्द लाग्थ्यो । म चञ्चले स्वाभावको तन्दुरुस्त थिएँ । कुनै पनि कामगर्न अघि सर्थे । आफूले जानेको होस् या नजानेको, जुनसुकै विषयमा अघिसर्ने मेरो तत्परतालाई सबैले मनपराउँथे । शिक्षकहरू मेरो स्वभाव देखेर खशी हुन्थे । पढ़ाईमा सबैभन्दा तेज थिएँ । सबै कक्षाहरूमा प्रथम भएर शिक्षकको मन जितेको थिएँ । बुबा-आमा पनि खुशी थिए ।

आज पश्चिम-बंगाल सरकारको भेदभावका कारणले दार्जिलिङ पहाड, डुर्वस तथा कुमाईको अवस्था पहिलाको जस्तो राम्रो छैन । बृटिशले जति गरेको थियो त्यो पनि भग्न अवस्थामा छ । यद्यपि, मेरो बाल्यकालको विद्यार्थी जीवन यो ठाउँमा बितेको हुनाले कुमाई मेरोलागि सदैव सुन्दर छ । जसरी पुर्खाहरूसँग रगतको सम्बन्ध हुन्छ, यहाँको मानिस र माटोसँग मेरो त्यस्तै सम्बन्ध छ । कुमाई र बेलबोटे एकै लाग्छ उत्तिकै माया लाग्छ । छुट्टीको समय बुबा-आमाको सल्लाहमा कोही समय सिब्सुमा खेतीको काम सघाउँथे । तर साथीहरूको प्रेम, पढाई र अन्य विविध कारणहरूले गर्दा म प्रायः कुमाईमा बस्न रुचाँउथे ।

कुमाईमा रहंदा घाँस, दाउरा काट्नु, गाईबस्तु चराउनु, खेतीमा कामगर्नु अनि गाउँमा दुध पुऱ्याउन जानुपर्थ्यो । जस्तोसुकै काम भएपनि आफूले सक्ने र भ्याउने जति सबै खुशीका साथ गर्थे । एकजना लेप्चा कम्पाउण्डर हुनुहुन्थ्यो र म उहाँको घरमा दुध पुऱ्याउन जानुपर्थ्यो । उहाँलाई **काबो कम्पाउण्डर** नामले चिनिन्थ्यो । उहाँको छोरा कासो काबो भुटानमा हुनुहुन्छ भन्ने सुनेको छु । 'रबर्ट' नाम गरेको उहाँको एकजना नाति पनि थियो । उहाँको छोरीले अस्पतालमा बिरामीको उपचार गर्नमा सघाउँथिन् । धेरै पहिलादेखि कुमाईमा बसेको हुनाले त्यहाँका मानिसहरूले उहाँलाई राम्ररी चिन्दथे । उहाँ एक ईमान्दार र अनुशासित व्यक्ति हुनुहुन्थ्यो । मानिसलाई ईमान्दार र कर्मयोगी बन्नुपर्छ भनी शिक्षा दिनुहुन्थ्यो । मेरो बुबा उहाँको विचारबाट प्रभावित हुनुहुन्थ्यो र उहाँलाई आदर गर्नुहुन्थ्यो । उहाँबाट केही ज्ञान हाँसिल गर्नका लागि मलाई दुध पुऱ्याउने बहानामा उहाँको घरमा पठाउनु हुन्थ्यो ।

यसप्रकार म, अन्य गाउँहरूमा पनि कोहीबेला दुध पुऱ्याउन जानुपर्थ्यो अनि कोहीबेला बुबाको पैसाको कारोबार विषयमा जानुपर्थ्यो । मेरो हजुर बुबा र बुबाका पालाका **कुमाईका केही यादगार मानिसहरूको नामावली** यहाँ राख्न चाहान्छु । जसमध्ये टपलाइनका शम्सेर राईको हजुरबुबा किताबसिंह राई अनि बुवा मनबहादुर राई दोस्रो विश्व युद्धका बृटिश लाहुरे हुनुहुन्थ्यो । धननारायण राई (मितबाउ), जे.बी. राई, बैदार, मनबहादुर राई, सि.बी.राई, आर.के. राई, रसाईली काका । मुन्सीलाईनको पृथ्वीबहादुर लाहाबर, हस्तनारायण प्रधान, नरबहादुर ढोली, मकरध्वज मकने खतिवडा, ह्याङबोले राई (मामा), डम्बरसिंह थापा (लाफा मितबाउ), मकरध्वज राई (नौले-दबाईवाला, मेरो मित्र जे.बी. चामलिङ राईको बुबा), पेमासिंह लामा । याखा गाउँका दुर्योधन राई (मित बाउ), चन्द्रबहादुर देवान, अम्बरबहादुर देवान तथा सुरेश देवानको हजुरबुबा र बुबा, फुदुके सुब्बा, पदमसिंह आचार्य (होमस आचार्यको हजरबुवा), १० नम्बरका जसबहादुर सुब्बा, दलबहादुर कामी, ९ नम्बरका मणिकुमार थापा, जे.बी. छेत्री, २ नम्बरका नरविर राई (च्यान्टे सरदार), गारतका मानधोज गिरी (बढाबाऊ), मानसिंह गिरी (काका), पदमलाल गिरी (काका), मानविर गिरी (काका), अदलसिंह छेत्री (मामा) धेरैको सम्झना छ । हाल आदिबासी-गाउँ घर भएको बी.के प्रधान मेरो बुबाको प्रिय नातेदार हुनुहुन्थ्यो । उहाँ अहिले हुनुहुन्न तर उहाँका छोरा मुन्नामनि प्रधान हुनुहुन्छ ।

कुमाई मुन्सीलाईनका **श्री जगत सिंह थापा,** छोटा-साहेब बृटिशकालदेखि चियाबगानको देखभाल गरिरहनु भएको थियो। उहाँसँग हजुरबुबादेखिको पारिवारिक सम्बन्ध रहिआएको छ। समाजका इमान्दार र स्वभिमानको चर्चा गर्दा उहाँको नाम पहिला आउँछ। मानिसलाई समस्याहरू हुँदा सहायता गर्नुहुन्थ्यो। उहाँ सत्कर्ममा विश्वास गर्नुहुन्थ्यो। मुन्सीलाइन नाम उहाँकै सम्झनाकोलागि राखिएको हो। उहाँका जेठा छोरा गणेश बहादुर थापा हुन्। साईला छोरा श्री टिका थापालाई दार्जीलिङका मानिसहरू इमान्दार व्यक्तित्वका रूपमा चिन्दछन्। त्यसरी नै खडगबहादुर थापा छोटा मुन्सी र उहाँका छोराहरू कुमारसिंह थापा, जापान थापा जो भारतीय सेनामा थिए, **पङ्कज थापा पुलिस ओसी** र दाजु धनबहादुर थापा हुन्। स्व कर्णबहादुर लामा हाई स्कुलका प्रधान अध्यापक हुनुहन्थ्यो, उहाँको छोरा **देउकुमार लामा** र म सँगै पढेका हौं। त्यसैगरी होमबहादुर छेत्री, मङपु निवासी स्व ईन्द्रबहादुर छेत्रीको छोरा कुमाई उच्च माध्यमिक विद्यालयको अवकाश प्राप्त प्रधान अध्यापक हुनुहुन्छ, उहाँ स्व. कर्णबहादुर लामाको घडेरीमा घर बनाएर बस्नु भएकोछ।

मेरो आत्मीय भाई वर्तमान ४४ न. समस्टीको सभासद अमर छेत्री तथा हर्कमान छेत्रीको बुवा स्वर्गीय बलबहादुर छेत्री (लाप्चे मामा) ज्यादै मिलनसार हुनुहुन्थ्यो। उहाँलाई धेरैले सम्झना गर्छन्। जुवाई स्वर्गीय प्रदीप छेत्री र बहिनी मायादेवी छेत्रीप्रति श्रद्धा सम्झना छ। स्वर्गीय जयनारायण प्रधान र उहाँको परिवारजनप्रति पनि सादर प्रणाम छ। सामसिङ फारी निवासी कमल गिरीको हजुरबुबा चन्द्रबहादुर गिरी र बुबा मोहनलाल गिरीको नाम सुवास समाजमा प्रिय छ। **यसरी हाम्रा पिता-पुर्खाहरू तथा पूर्वजहरूको नाम लिनुको अर्थ उनीहरूप्रति श्रद्धाभक्ति अर्पण गर्नु हो।** यसरी सम्झनामा रहिरहने मिठा-मिठा कुराहरू छन् जसले हाम्रो अस्तित्व र पहिचान गर्दछ। यसलाई बिर्सन सकिदैन जीवनमा प्रेरणाका स्रोतहरू बनिरहन्छन्। धेरै नामहरू सम्बोधनीय छन् ती सबै नामहरू यहाँ नभएपनि सबैलाई बराबर श्रद्धा सम्झना चढाउँदछु। कुमाईमा हुर्के, बढें र त्यहाँ पढेको हुनाले यी नामहरू प्रति हार्दिक **अभिवादन** टक्राउन चाहेको हूँ।

भुटानका ठूला-ठालु डासोका छोरा-छोरीहरू पनि म जस्तै कालिम्पोङ, दार्जीलिङ, खर्साङका राम्रा स्कुलहरूमा पढ्दथे। मेरो जस्तो बाल्यकालको जीवन कहानी उनीहरूको पनि छ। स्कुल सम्बन्धका समस्याहरू आइपरेको खण्ड

डुङ्पा र मण्डलले समाधान गरिदिन्थे । भुटानमा शिक्षाको विकास हुँदै गरेको अवस्था भएतापनि विभिन्न परिस्थितिहरू तथा परिवारका समस्याहरूले गर्दा धेरैका छोरा-छोरीहरूले भारतीय स्कुलहरूबाट शिक्षा हाँसिल गरेका छन् । आज हामीलाई आफ्ना छोरा-छोरीहरू पढाउन जति सजिलो छ त्यतिबेला हाम्रा बुबा-आमाहरूलाई सजिलो थिएन । यसको लागि सबैका बुबा-आमाहरूलाई धन्यवाद टक्राउन चाहान्छु ।

**सन् १९६७** मा जब म कुमाई प्राथमिक पाठशाला मा भर्ना भएको थिएँ त्यतिबेला भारत-पाकिस्तान बीच युद्ध चर्किरहेको थियो । भारत र चीनबीच भएको **१९६२** को युद्धको धङ्धडी भर्खरै सकिएको थियो । यी क्षेत्रहरूमा फाईटर जहाजहरूको कर्कश आवाज सुनिन्थ्यो । कुमाई, सामसिङ, रोगों, गैरीबास, झोलुङ, तोदे, ताङता, बिन्दु, मटेली, चाल्सा, मालबजार, थालजोडा, नगरकाटा आदि क्षेत्रका मानिसहरू यी दुवै **१९६२ र ६७** को युद्धहरूबाट प्रभावित थिए । मानिसहरू सेनाहरूसँग घुलमील गर्न र सेनाहरूलाई सघाउन उत्साहित हुन्थे । गाउँलेहरू सेनाहरूसँग घुलमिल गरेको दृश्य देख्दा रमाईलो लाग्थ्यो । गाउँको बाटोमा हातहतियारहरूले सुसज्जित फौजीहरूको लामोताँती देख्न पाइन्थ्यो । कुमाईको दक्षिणमा भएको **मुर्ति चिया** बगान तथा मुर्ति खोला नजीक **हेलिकप्टर** बस्दथ्यो । सिब्सु-भुटान वरिपरी वनजंगलका पाखाहरू हुँदै फाईटर जहाजहरू उढेको देखिन्थ्यो । युद्ध समाप्त भएपनि देशको सुरक्षा सम्बन्धमा परिवारका प्रत्येक व्यक्ति मानसिक र शारीरिक रूपमा सचेत एवं जागरुक भई युद्धकोलागि तयार थिए । धेरैका छोराहरू दुश्मनको सामना गर्न बोर्डरमा तैनाथ थिए । देशको रक्षा गर्न चारै दिशाबाट सबै उठ्नुपर्छ भन्ने नारा स्कुलमा, चियाबगानमा, हाट्-बजार र घर-घरमा गुञ्जायमान थियो ।

सन् १९७१ मा कुमाई स्कुलमा पढदै गर्दा भारत-पाकिस्तान बीच युद्ध चलिरहेको थियो । युद्धको लक्ष्य पूर्व पाकिस्तान तथा पूर्व बंगाललाई पाकिस्तानबाट अलग्याएर छुट्टै राष्ट्रको निर्माण गर्नु रहेको थियो । यस युद्धमा गोर्खा रेजिमेन्टको विशेष भूमिका रहेको छ । यही समय हो **फिल्डमार्सल मानेक शाहले** भनेका हुन्: **"यो संसारमा कसैले मलाई मर्नदेखि डर छैन भन्छ भने उसले कि त झुट बोलिरहेको छ नत्रभए उ गोर्खा हुनसक्छ ।"** यो बचनलाई उहाँले स्मारकमा लेखेर सजाउन लगाए ।

जाग जाग नौजवान हो,
देशका नौजवान तयार होऊ तयार होऊ ।
देशको रक्षा गर्नलाई देशको निम्ति मर्नलाई,
तयार होऊ तयार होऊ,
देशका नौजवान तयार होऊ तयार होऊ ।
लाल चीन आईलाग्यो सिमाना हाम्रो नाघेर,
धपाउनु छ त्यसलाई सारा प्राण त्यागेर,
तयार होऊ तयार होऊ,
देशका नौजवान तयार होऊ तयार होऊ ।

यस गीतको रचनाकार दार्जीलिङ निवासी भारतीय-गोर्खा कवि हुनुहन्छ । देशभक्तिले ओतप्रोत भएको यो गीत **अखिल भारतीय गोर्खा लीगको** तर्फबाट प्रचारमा ल्याईएको थियो । देशभक्तिको भावना नौजवानहरूमा ब्युताँउन र देशकोलागि मर्नुपरे पनि तयार रहन भनी रचना गरिएको गीतले सबैको शरीरमा आत्मीय शक्ति भरिदिएको थियो । गीतको शब्द-शब्दहरूले देशप्रेमको भावनालाई बिउँझाउने काम गरेको छ । आफ्नो देशमाथि दुश्मनले आक्रमण गर्छ भने त्यसको सशक्त रूपमा प्राणको बाजीमा जवाब दिन सारा देशबासीहरूको कर्तव्य हो र देशका युवाहरूलाई जागरुक गराउने काम यो देशभक्ति गीतले गरेको छ । दुश्मनको सामना गर्न देशका नौजवानहरूलाई तयार रहन कविले आह्वान गर्नु भएको हो । यसरी अनन्तकालदेखि गोर्खा समुदायहरूले आफ्नो देशप्रति कर्तव्य पूरा गरिरहेका छन् । यो देशभक्ति गीतले भारतीय गोर्खाजाति आफ्नो देशको सुरक्षाका विषयहरूप्रति तन, मन, धन अर्पण गर्न हरदम तयार छन् भन्ने सत्यतालाई प्रतिबिम्बित गर्दछ ।

म कुमाई स्कुलमा पढिरहेको बखत मेरा दाजु-भाईहरू भुटानकै स्कुलमा पढदथे । जेठा दाजु रितुमान गिरी, सिब्सु-गोला हाईस्कुलमा पढ्नुहुन्थ्यो । दाजु कक्षा ८ पछि पोष्टल विभागमा कामगर्न नियुक्त हुनुभयो । सरकारले उहाँलाई भारतको सहरानपुरमा पोस्टल अनि टेलिग्राफ विषयमा तालिम गर्नको लागि पठाएको थियो । दाजुले सरकारी नोकरीमा लागेर पनि आफ्नो अध्ययन जारी राखी ‘स्नातक’ हाँसिल गर्नुभयो । माईला दाजु पनि कक्षा १० पछि देवथाङ

पोलिटेक्निकल कलेजमा भर्ना भई 'सिभिल इन्जिीनियरिङ डिग्री' हाँसिल गर्नुभयो । मलाई कुमाई स्कुलबाट ट्रान्सफर गरी रोगों हाईस्कुलमा भर्ना गराउनु भयो ।

रोगों सुन्दर ठाउँ छ जहाँ विश्व प्रख्यात सिन्कोना र क्युनाईन दबाईको खेती हुन्छ । रोगों हाई स्कुलका शिक्षकहरूबाट मैले किताबी ज्ञानसँगै नैतिकता र इमान्दारिताको शिक्षा पाएको छु । हामीलाई पढाउने प्रध्यापकहरू नगेन्द्र लामा (हेड मास्टर), एल.एम. शर्मा, हरी प्रसाद शर्मा, एम.बी. राई, आर.बी. छेत्री, रोमा शर्मा आदिप्रति मेरो श्रद्धासम्मान् अटुट् छ । त्यसरीनै रोगों हाईस्कुल पढ्दाको मित्रहरू भीम गुरुङ (विजय गुरुङ), सोनाम लेप्चा, नरेन्द्र शर्मा (अवकाश प्राप्त प्रधान अध्यापक), डा.भरत राई, कैलाश गुरुङ, खर्पु लेप्चा, बेनु छेत्री, दाङमित लेप्चा, प्रतिमा राई, जे.बी. चामलिङ, के.बी. गुरुङ, गोपाल छेत्री, डी.बी. सुब्बा, एन.के. छेत्री, दिलीप थापा, रमेश थापा, आर.के. खवास आदि धेरैको सम्झना छ ।

सन् १९७४ मा पशिचम बंगाल बोर्डबाट १५ वर्षको उमेरमा कक्षा १० पास गरेको हूँ । प्रत्येक वर्षको परीक्षा परिणाम शिक्षा विभागलाई बुझाउनुपर्थ्यो । मेरो परीक्षा परिणाम सधैं राम्रो हुन्थ्यो । दश कक्षापछि दाजु रितुमानले छात्रवृत्तिको लागि स्कुलका आवश्यक कागजातहरू शिक्षा विभागलाई बुझाईदिनु भयो । मेरो योग्यताको बारेमा छानवीन गरी अन्तर्वार्ता गरिसके पश्चात भारतका राष्ट्रपतिद्वारा भुटानी विद्यार्थीहरूलाई प्रदान गरिएको छात्रवृत्ति मलाई पनि दिईयो र लगत्तै सन् १९७५ मा उच्च शिक्षाकोलागि पन्जाब विश्वविद्यालय, चण्डीगढ भर्ना भएँ । मलाई गौरव महसुस भईरह्यो । खुबै मेहेनत् गर्ने र ठूलो मान्छे हुने, असल कर्म गरी सम्मान प्राप्तगर्ने मेरो सपना पूराहुने भएकोमा मनमनै सबैलाई धन्यवाद चढाएँ । **यसरी पन्जाब विश्वविद्यालय चण्डीगढ भर्ना भएको समयदेखि रमाईलो भविष्यको कल्पनामा मेहनत गर्न थालें ।**

पन्जाब विश्वविद्यालय चण्डीगढ विश्वको एउटा प्रसिद्ध विश्वविद्यालय हो । त्यसबखत पन्जाब विश्वविद्यालयमा पढ्ने भुटानी विद्यार्थीको संख्या धेरै थियो । हामी विभिन्न कलेजहरूमा, भिन्न-भिन्न कक्षा र भिन्न-भिन्न विषयहरू लिएर पढ्न आएका थियौं । भिन्नभिन्नै विषय, कलेज र अलग अलग होस्टेलहरूमा बसोबास भएपनि हामी सबैको भेटघाट भईरहन्थ्यो । साँस्कृतिक कार्यक्रमहरू, खेलकूद फुटबल, भलिबल आदिमा भुटानको प्रतिनिधित्व गर्थ्यौं । हामी सबै

भुटानी भएपनि कोही थिम्पु स्कुलबाट, कोही काङ्लुङ कलेजबाट, दार्जीलिङ, कालिम्पोङ, आसाम, कलकता तथा विभिन्न कलेजहरूबाट आएका थियौं । हामीमा भुटानीपन, एकता र आपसी सद्भावना प्रगाढ थियो । त्यतिबेला चण्डीगढमा भएका विद्यार्थीहरूको सम्झना आउँछ । Kipchu Namgyal Wangchuck (Retd. RBP Chief), S. K. Pradhan, Sangey Wangchuck, Laxmi Sharma, Dawa Lama, Bhimsen Giri, Tashi Tshering, Kinley Tshering, Naina Subba, Sherab Wangchuck, Dao Tenzin, Karchung Drukpa, Dilliram Sharma, Tilak Acharya, Nima Tshering, Kezang Wangmo, Meena Subba, Khadga Bahadur Basnet, Tirtha Chhetri, Dago Bidha, Harka Bahadur Gurung, Sangey Dem, Tilchand Adhikari आदि नामहरू यहाँ मैले लिएको छु । मलाई सबैको नाम याद नभएपनि उहाँहरूसँग स्वर्णिम समय बिताएको याद आउँछ । आज हामी सबै भिन्नभिन्न परिवेशमा टाढा भएपनि एकअर्काप्रति उत्तिकै माया र सम्मान गर्दछौं ।



भुटान शिक्षा विभागका प्रतिनिधिमण्डलको साथमा, चण्डीगढ : १९७६

आज यी साथीहरू जहाँ भएपनि सँगै बिताएको स्वर्णिम समय, सँगै पढेको, खेलेको र देशको सेवा गरी असल जीवन जिउने भनी जसरी रमाइलो भविष्यको सपना देखेका थियौं, त्यसलाई भुल्न सक्दैनौ । म भन्दा वरिष्ठ तर अतिनै मिलनसार **दाजु कार्चुङ डुक्पालाई बिर्सिन सक्दिन ।** चण्डीगढमा रहँदा हामी प्रायःजसो सँगै हुन्थ्यौं । भुटान र भुटानीहरूलाई कसैले नराम्रो बोले त्योमाथि जाई लाग्थ्यौं । फुटबल मैदानदेखि कलेज, होस्टेल तथा चण्डीगढको मुख्य बजारमा समेत कसैले पनि हामीलाई हेप्ने प्रयास गर्दैनथ्यो । होस्टेलमा अन्य देशका

विद्यार्थीहरू पनि थिए । उनीहरू हामीसँग अनावश्यक तर्कबाट टाढा बस्थे । प्रहरी, सुरक्षा गार्ड, होस्टेल वार्डेन, कलेजका प्रोफेसर सबैलाई हाम्रो बारेमा थाहा थियो तर, कसैले पनि हाम्रो व्यवहारप्रति नराम्रो सोच्दैनन् थिए । त्यसको मूल कारण हामी कसैमाथि अन्याय गर्दैन्थ्यौं र कसैको अन्याय पनि सहदैंन्थ्यौं । आफ्नो देशप्रति कसैले आँच आउने खालका बोली व्यवहार गरेमा त्यसको विरोध गर्थ्यौं । हामीलाई सबैले बुझ्केका थिए । दाजु कार्चुङ डुक्पासँग मैले धेरै समय बिताउँन नपाएपनि उहाँ मेरोलागि आफ्नो दाजु जस्तो हुनहुन्थ्यो । मलाई आशा छ उहाँले मलाई सम्झिनु हुन्छ होला । हामीमा धेरै चेतना नभएपनि एक असल भुटानी नागरिक भएर भुटानी विद्यार्थीहरूको नाम रोशन गरेका थियौं ।



एन.बी. गिरी, देवराज गुरुङ हर्कबहादुर गुरुङ, दावा लामा र कार्चुङ डुक्पा,
चण्डीगढः १९७६

चण्डीगढमा सँगै पढेका साथीहरू र सिनियर दाजुहरू देशको विभिन्न निकायहरूमा छन् । कोही सेनामा, कोही प्रहरीमा, कोही राजदुत छन् अनि कोही मन्त्री भएका छन् । उनीहरूको जीवन सुन्दर र आनन्दमा छ । तर म भने सन् १९९० देखि जेलको यातना, कुटाई र तिरस्कार सहेर शरणार्थी जीवन बिताइरहेको छु । जुन देशकोलागि शरीर कुर्बान गर्न तयार हुने म, आज त्यही देशको सरकारबाट भागी रहेको छु । यो कस्तो विडम्बना, एकै देशका नागरिकमाथि भिन्न-भिन्न कानुन ! कस्तो अनौंठो सरकार जहाँ एकै परिवारका सदस्यहरू कोही देशका नागरिक कोही अनागरिक छन् । म निर्दोष, सबैकुरा थाहा हुँदाहुँदैं बिनाकारण देशबाट लखेटिएको छु । मेरो के गल्ती थियो र सरकारद्वारा

ममाथि यस्तो अत्याचार ? म जेलमा बन्दी भएको समय मेरा बृद्ध आमा-बुबा, निर्दोष श्रीमती र कलिला छोरा-छोरीहरूलाई देशबाट लखेटी शरणार्थी बनाई दियो । किन सरकारले जनता विरुद्ध दुराग्रही कार्य गरिरहेको छ ? मेरो गुनासो सबै मित्रहरू सबै भुटानीहरूमा पुगोस् । न्यायकोलागि सबै एक होऊँ । मेरो मात्र समस्या होईन, यो म एक्लैको आवाज होईन सबैले बुझ्नुपर्छ ।

मेरो जीवनको प्रत्येक खुडकिलाहरू अप्ठ्यारा रहेछन् । आफूले कहिल्यै नसोचेको चुनौतिहरूको सामना गर्नुपर्ने अवस्था आउँथ्यो । जीवनमा कहिल्यै नसोचोको मोड आउँथ्यो । सन् १९७५ चण्डीगढ विश्वविद्यालयमा एम.बि.बि.एस. पढन भर्ना भएको थिएँ । तर सन् १९७७ मा प्रि-मेडिकल पढ्दा-पढ्दै बीचमै 'लोकसेवा आयोगबाट' (आर.सी.एस.सी) शाही सेनामा अफिसर केडेटका लागि भर्ना हुनु भन्ने सुझाव आयो । मलाई डाक्टर हुने इच्छा थियो तर आर.सी.एस.सी सचिव, डासो जिग्मी योन्तेन थिन्ले -भुटानको प्रथम प्रधानमन्त्री) को हुकुम नमान्ने कुरै भएन । 'अफिसर भएपछि डासो हुन्छौ तिमीलाई राम्रो हुन्छ गिरी भाई' भन्दै सम्झाउनु भयो ।

सरकारको सुझाव मैले नकार्न सकिन र १९७७ को जुलाई महिनामा भारतको 'राष्ट्रिय सुरक्षा अकादमी' मा भर्ना भएँ । त्यहाँको प्रशिक्षण सकेपछि 'भारतीय सैन्य अकादमी' बाट १९८१ मा आर्मी अधिकृतको दक्षता हाँसिल गरेर 'भुटान शाही सेनाको' अधिकृत भएँ । यही समयकालमा जवाहारलाल नेहरू विश्वविद्यालय दिल्लीबाट स्नातक डिग्री हाँसिल गरेर शाही सेनामा कार्यरथ् थिएँ । मेरा अन्य मित्रहरू इन्जीनियर, कृषि विज्ञ, भूगर्भविद्, डाक्टर, प्रशासन तथा विभिन्न क्षेत्रमा आ-आफ्नो जिम्मेवारी पूरागर्न व्यस्त थिए । शाही सेनामा हुनाले भुटानको शाही परिवारको झुण्ड, मन्त्रीहरू तथा सरकारका प्रमुख व्यक्तिहरूसँग सहकार्य गर्ने र परिचिय हुने अवसर मिलेको थियो । उहाँहरूसँग देश कसरी विकसित र सुन्दर हुनसक्छ भन्ने विषयहरूमा चर्चा हुन्थ्यो । सबैजना दार्शनिकजस्तै कर्तव्यका कुराहरू गर्दथे । यस्ता प्रसंगहरूमा छलफल हुनेगर्दा मेरो सम्बन्ध उहाँहरूसँग राम्रो थियो । मेरो पहिलो पदस्थान **साम्डुपजोङ्खर** आर्मी सप्लाई डिपोटमा भयो । जुन पूर्वी भुटान-भारत सिमानामा पर्दछ । सप्लाई डिपोटमा केही समयको अनुभव भएपछि सन् १९८२ मा मेरो **असली पोष्टिङ Wing II, दामथाङमा** भयो । जसले सिन्चुलुम्बा, साक्ते, ड्रामाना, छरिथाङ र दोकलम भुटान-चीन सिमाना हेर्नु पर्दथ्यो ।



एन.डी.ए. /५८ घोरपुरी फुटबल टीमः १९७७



एन.डी.ए. /५८ घोरपुरी, भुटानी र तान्जानिया क्याडेट् सन्: १९७७




एन.डी.ए.बाट छुट्टीमा मित्र
जे.बी. चाम्लिङसँग: १९७८



एन.डी.ए. /५८ चिण्डिट क्याम्प सन्: १९७९



एन.डी.ए. /५८ मित्रहरूसँग सन्: १९८०



एन.डी.ए. /५८ चिता स्क्वाड्रन: १९८०



आई.एम.ए./६८, केही घनिष्ट मित्रहरूसँग देहरादुन मसुरीमाः १९८१



आई.एम.ए. देहरादूनः १९८१
भुटान शाही सेनामा कमिसन

मेरो जीवनको यात्रा यसरी **दामथाङ** आईपुग्छ । यहाँ मलाई मेरो देशको बारेमा जान्ने बुझ्ने अवसर मिल्दछ । आफ्नो देशको सिमाना, वरपरका चिसो पहाडहरू, तलतल सम्म देखिने फाँटहरू अनि निकै टाढामा देखिने दयनीय अवस्थामा जीवन बिताईरहेका हाम्रा भुटानी कृषक बन्धुहरूको काठ र माटोले बनेका घरहरू देख्दा हामी कति कमजोर अनि जोखिममा रहेछौं जस्तो महसुश हुन्थ्यो । हामी प्रायः जसो भुटान-चीन सिमानामै बस्नु पर्थ्यो । हिउँले सेताम्मे ढाकिएको डाँढाकाँडा चारैतिर फैलिएका थिए, असाध्यै चिसो हुन्थ्यो तर पनि आफ्नो जिम्मेवारी सहजताकासाथ पूरा गर्थ्यौं । भुटान र चीन सिमानाको क्षेत्रहरू चुम्बी, दोकलम, छरीथाङ, साक्ते र सिन्चुलुम्बादेखि निकै परसम्म घुम्ने, हेर्ने र अध्ययन गर्ने मौका पाएँ । सेनाको स्तर जस्तो भएपनि हामीलाई हिउँमा बास बस्न, ड्युटी गर्न र कुनै पनि परिस्थितिकोलागि तयार रहन राम्रो व्यवस्था थियो । चीनीया सिपाहीहरू हामी भएको छेउमै आउँथे हामीलाई घुर्थे, नियाल्थे । जिस्काउने निहुँमा राईफल तेर्स्याउँथ्यो । हामीलाई चीनीयाहरूको कुनै पनि हरकतप्रति प्रतिक्रिया नजनाउने आदेश थियो । नजानेको र नदेखेको जस्तो गनुपर्थ्यो । कोहीबेला टिबेटन भाषामा हामीलाई केही कुराहरू सोध्थे । भुटानी सेनाहरू टिबेटन भाषा बुझ्थे । बोल्न पनि सक्थे । भुटानीहरूलाई हतियार लिएर पेट्रोलिङ गर्न मनाही थियो । अफिसरले मात्र लुकाएर पिस्तोल बोक्थ्यौं । चीनीयाहरू रिसाउँछन् भनेर हामीलाई यस्तो स्ट्याण्डिङ अर्डर थियो । **सन् १९८४** मा चीनीया सेनाहरू दामथाङ, दोकलम र आसपासका क्षेत्रहरूमा पसेर भुटानको भूभागलाई हाम्रो भूभाग हो भनी जबरजस्ती बसेका थिए । हामी

कुनै पनि प्रकारको प्रतिक्रिया जनाउदैन्थ्यौं । उनीहरू रिसाएको जस्तै गरी हतियार लहराउदैं लडाई गर्ने धम्की दिन्थे र तयारीमा रहेको जस्तो देखाउँथे । हामीलाई जानकारी गराईएको र आफ्नो ज्ञान-क्षमता अनुसार बुझे अनुसार सिमानामा भारतीय सेनाको उपस्थितिलाई देखेर चीनीयाहरू क्रोधित भएका थिए ।

एकदिन हाम्रो पेट्रोलिङलाई चिनीया फौजीहरूले बाटो छेकेर जबर्जस्ती फर्काई दियो । एउटाले 'तिमीहरूसँग भारत पनि छ ?' भनेर सोध्यो । हामीले केही पनि जवाब दिएनौं । 'तिमीले लगाएको बुट भन्दा राम्रो दिन्छौं, सबै दिन्छौं तर भारत नराख्नु ....' भनी ठूलो स्वरमा भन्यो । 'तिमीहरूको ड्र्यागन चिनारी भएको राजा चीनको **दरसन्तान्** हो' राजालाई सम्झाउनु' भन्यो । भलिबल म्याच खेलौं भन्दै चीनीया सेनाहरू हामी भएको ठाउँमा आउँथे । यसप्रकारका घटनाहरू साधारण भईसकेका थिए ।

मनमा अनेकौं प्रश्नहरू उठ्थे, यो दुनियाँ कति निष्ठुरी रहेछ । बलियोले सानो र कमजोरलाई हेप्ने प्रभुत्ववादी दबदबा भएको । चीन ठूलो छ, बलियो छ, तर पनि उसलाई डर किन ? **के विश्वका ठूला-ठूला देशहरू सबै डरपोक छन् त ?** ठूलाले साना-साना छिमेकी देशहरूमाथि यस्तो किन गरिरहेका छन् ? आफ्नो देशको सिमानामा खुलस्त रूपमा हिँडन, घुम्न पनि नपाउनु, यस्तो किन ? चीनबाट भुटानलाई किन यस्तो दबाब आउँछ, अचम्म लाग्थ्यो । भुटान र चीनबीच कुट्नीतिक सम्बन्ध नभएपनि एकआपसबीचको समझदारी राम्रै छ । **'ड्र्यागन्'** चीन र भुटानी राजतन्त्रको परिचयात्मक चिन्ह हो । भौगोलिक अवस्थाले विवश भएर मात्र भारतसँग भुटानी राजा नतमस्तक छ नत्रभने भुटानी राजसंस्था भारत भन्दा चीनप्रति बढी आस्था राखी बसेको देखिन्छ । भुटानी राजसंस्था चीनसँग दीर्घकालीन एवं हितैषी सम्बन्ध चाहान्छ । **यद्यपि, भारतीय सेना भुटानमा मनलागी शैलीमा रहनाले चीनले भारतीय गतिविधिलाई छिमेकी देशमाथिको अतिक्रमण भनी विरोध जनाएको छ ।** चीनले भुटानलाई बिनाशर्त भरमग्दुर सहयोग गर्नको लागि साम्तेलिङ महलमा आफ्ना दुतहरू पठाएर धरैपल्ट कुरा गरिसकेको छ । राजनीतिक, कुटनीतिक तथा अन्य व्यवसायिक सम्बन्ध सँगसँगै चीनीया र भुटानी जनताबीच सामाजिक सम्बन्ध बढाउन चाहान्छ । तर देशको अस्तित्व जोगाउन भन्दा राजतन्त्रको सुरक्षा गर्न वाङ्चुक राजपरिवार **बाध्यताको जालोमा फसेको छ ।** राजतन्त्रको स्वार्थको कारण भुटान पूर्णरूपमा सार्वभौम छैन । तसर्थ जनता पनि स्वतन्त्र र सार्वभौम छैनन् ।



चीनिया सेनाहरूको क्याम्पमा भुटानी सेना **दोकलमः** १९८४

सन् **१९८४** मा दामथाङ, दोकलम क्षेत्रहरूमा घटेको घटनाहरूबाट भुटानले पाठ सिक्नुपर्छ । चीनीया सिपाहीहरूबाट जसरी दोषारोपणको प्रयास भएको थियो त्यसमा अवश्य पनि दीर्घकालीन योजनाको रहश्य हुनुपर्छ । आज पनि यस विषयमा धेरै जान्नु छ हामीले । हाम्रो देश भुटान सानो भएपनि यसको मान-मर्यादा र नाम सानो थिएन । त्यसैले आफ्नो देशप्रति गौरव लाग्थ्यो । एउटा सिपाही, देशको सुरक्षाकोलागि पछि कहिल्यै नहट्ने कसम धारण गरेर सिमानामा खटिरहेको छोरो, मेरो मन र शरीर आफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्न हरदम तयार थियो । हामीलाई थाहा थियो चीनसँग युद्ध गर्न भुटान-चीन सिमानामा भुटानी सेना खटिएका थिएनन् । हाम्रो जिम्मेवारी देशको शान र श्रृङ्गार बनाई राख्न, तस्करी गर्ने अपराध नियन्त्रण गर्न र चीनीया सेनाहरू सिमाना मिचेर आएमा सौर्हादपूर्ण वातावरणमा स्थितिलाई सम्हाल्नु थियो ।

यसरी सन् १९८४ मा भुटान-चीन सिमानामा घटेको घटनाहरूबारे धेरै ठाउँहरूमा चर्चा भयो । हाम्रो विङ्ग मुख्यालय दामथाङदेखि सेना मुख्यालय लुङतेन्फु अनि राजादेखि भारतीय दुतावास र दिल्लीसम्म चीनी सेनाको खबर पुगेको थियो । **'दोकलम'** भुटान र चीनको सिमानामा भएको भुटानको भूभाग हो । चीन र भारतको यहाँ कुनै सम्बन्ध छैन । यद्यपि, भौगोलिक अवस्थाको कारण सुरक्षाको सन्दर्भमा भारत र चीन दुवै देशलाई **दोकलम** महत्वपूर्ण छ । यही दोकलम क्षेत्रलाई आफ्नो अधिनमा राख्ने उद्देश्यमा सन् २०१७ मा भारतीय सेना र चीनीया सेनाहरू एक आपसमा भिडने अवस्थामा पुगिसकेका थिए । आज पनि यो दोकलम विवाद कायमै छ ।

भुटान-चीन सिमानामा यस्तै विभिन्न गतिविधिहरूको साथ समय बित्थ्यो । तर मलाई भने जीवनमा केहीगर्नु थियो । मनमा नयाँ सोंच र चाहानाहरूको हल्चल् भईरहन्थ्यो । यो रुखो सिमानामा बसेर अनावश्यक रूपमा आफ्नो शरीरलाई सुकाएर केही हुनेवाला छैन भन्नेमा पुगें । श्रीमतीसँग सल्लाह गरेर

इन्जीनियर पढ्ने निश्चय गरैँ । आर.बी.ए.को ट्रेनिङ अफिसर मार्फत भारतमा मेरो सेलेक्सन टेष्ट भयो । टेष्टमा पास भएर इन्जीनियर पढ्नकालागि **१९८४** मा 'कलेज अफ मिलिटेरी इन्जिनियरिङ' (सि.एम.ई) पुणेमा भर्ना भएँ ।

यसरी इन्जिनियरिङ डिग्री हासिल गर्ने अवसर पाउँदा खुशी थिएँ । पुणेबाट सी.एम.ई पाठ्यक्रम र **१९८७** मा सिकन्द्रवादको 'मिलिटेरी कलेज अफ एलोक्ट्रोनिक्स एण्ड मेकानिकल इन्जिनियरिङ' (एम.सी.एम.इ) बाट इन्जीनियरिङ डिग्री हाँसिल गरैँ । मेरो खुट्टाको अप्रेसन भएअनुसार डाक्टरको सल्लाहमा मलाई गरम ठाउँमा पोस्टिङ दिईयो । केही समय थिम्पुको सामाजिङ्खा वर्कसपमा डिउटी गरैँ । सामाजिङ्खामा साधारण मर्मत कार्यहरू मात्र हुन्थ्यो । त्यहाँबाट गाडीहरूको विभिन्न काम विषय युनिटहरूमा पोष्टिङ हुन्थ्यो । मलाई त्यसतो कामगर्न मन लागेन । इन्जिनियरिङ प्रोफेसनको सदुपयोग गर्न र जीवनमा केही असल कामगरी सन्तुष्टी हाँसिल गर्न मलाई फौजीदेखि निस्किएर सिभिल डिपार्टमेन्ट जहाँ टेक्नीकल विषयमा कार्य हुन्थ्यो त्यसतोमा कार्यगर्न ईच्छा थियो ।

आफूले चिताए झैं भयो । त्यही वर्ष सरकारलाई संविधान र कानुन अनुसार 'राष्ट्रिय परियोजना' सम्हाल्न भुटानी नागरिक मेकानिकल इन्जिनियर चाहिएको हुनाले सरकारबाट सोझै मलाई छनौंट भयो । आर.सी.एस.सी.मा मित्र एस.के. प्रधान सचिव हुनुहुन्थ्यो । उहाँको सहयोगले मलाई कागजातहरू तयार गर्न सजिलो भयो । कागजातहरू तयार भएपछि आर्मीबाट स्थानान्तरण लिएर 'मिनिष्ट्री अफ डेभलोप्मेन्ट' अन्तर्गत 'डिपार्टमेन्ट अफ रोड्स' थिम्पुमा नियुक्त भई परियोजनाबारे जानकारी लिनथालैँ । केही समयपछि गेलेफुमा निर्माण गर्न लागिएको (राष्ट्रिय-योजना) सेन्ट्रल वर्कसप निर्माण गर्नका लागि त्यहाँको सम्पूर्ण टेक्निकल कार्यहरूको देखभाल गर्न मलाई जिम्मेवारी दिएर पठाइयो ।



एम.सी.इ.एम.इ. इन्जिनियरिङ डिग्री लिदैं सन्: १९८७

'गेलेफु सेन्ट्रल वर्कसप' अन्तर्राष्ट्रिय स्तरको सम्पूर्ण क्षमता भएको 'रोड मेकानाईजेसन प्रोजेक्ट' अन्तर्गत निर्धारित योजना अनुसार निर्माण गर्ने भनी सुरु भएको थियो । योजनाको लागि UNCDF ले आर्थिक सहयोग प्रदान गरेको थियो । प्रोजेक्ट म्यानेजर, SMEC अष्ट्रेलियाका James Wyne Carnie हुनुहुन्थ्यो, उहाँसँग इन्जीनियरहरूको अलग्गै टिम थियो । संयुक्त राष्ट्रसंघका William Eddie Gadabore, Ghana बाट हुनुहुन्थ्यो, जापानिज इन्जीनियर Akira Saito, भारतीय इन्जिनियर M D Nair र अन्य चारजना भुटानी इन्जीनियरहरू खटिएका थिए । योजनाको टेक्निकल प्रमुख साथै सम्पुर्ण निर्माण कार्यहरू रेखदेख गर्नकालागि मलाई नियुक्त गरिएको थियो । वर्कसपको प्रशासन र अन्य जिम्मावरीकोलागि जेनरल म्यानेजर लेण्डुप दोर्जी हुनुहुन्थ्यो । यसरी कामगर्न मलाई जाँगर चल्थ्यो आफूले गरेको कामप्रति सन्तुष्टी लाग्थ्यो । साना-साना मर्मत कार्यहरूदेखि डोजर, क्रेण तथा विभिन्न प्रकारका मशिनहरूको मर्मत गर्न र नयाँ-नयाँ इन्जीनहरू देखेरेख गर्नु उत्साहित् हुन्थें । मसँग भएका मेकानिकल स्टाफहरू धेरैजसो विदेशमा तालिम लिएका सक्षम र अनुभवीहरू थिए । जेनरल म्यानेजर लेण्डुप दोर्जी स्वयम् एक अनुभवी मेकानिकल इन्जीनियर हुनुहुन्थ्यो । उहाँ आफैं फिल्डमा गएर मेकानिकहरूलाई काम सिकाउनुहुन्थ्यो । संयुक्त राष्ट्रसंघको स्वयंसेवक साथै अष्ट्रेलियाको SMEC इन्जीनियरहरू पनि अनुभवी थिए, हामी एक सँगठित टोली भएर राष्ट्र विकासको एउटा उत्कृष्ट कार्य गरिरहेका थियौं ।

सन् १९९० को सुरुमा राजा जिग्मी सिँगे वाङचुक स्वयम्ले वर्कसपको अवलोकन गरी त्यहाँ भएको उन्नतिप्रति खुशी भई हामीलाई उपहार दिएका थिए । वर्कसपलाई नमूनाको रूपमा निर्माण गर्नुपर्छ भनेर लगनशिल भई लागिपरेका थियौं । मेहनत् गरी वर्कसपको डिजाइन अनुसार प्रायः जसो निर्माण कार्य पूरा गरेका थियौं । केही महिनाको काम, निरक्षण र त्यसपछि यसले पुर्णता पाउनेछ भनी हामीमा विश्वास थियो ।

म आफ्नो इन्जीनियरिङ प्रोफेसन्लाई अनुभवी र सक्षम बनाउन चाहान्थे, इन्जीनियरिङ विषयका जटिल कामहरू गनसक्ने क्षमता हाँसिल गर्न चाहान्थे । यस सन्दर्भमा मलाई 'संयुक्तराष्ट्र संघमा' कामगर्ने ईच्छा भयो र 'मेकानिकल इन्जीनियरिङ' विषयमा केही ज्ञान छ भनी निवेदन चढाएँ । सन् १९९० को

अक्टोबर महिनामा संयुक्त राष्ट्र संघको 'स्वयंसेवकमा' छनौट भएँ । परिवार सहित सन् १९९१ को फेब्रुवरी महिनामा 'संयुक्त राष्ट्र संघ' को सेवामा जाने र केही वर्षहरू विभिन्न देशहरूमा कामगरेपछि त्यहाँबाट टेक्नीकल, विकासका योजना र सुशासनका ज्ञानहरू सिकेर देश फर्की पुनः देश सेवामा रहन पाउने उत्साह र उमंगले खुशी थिएँ । त्यही वर्ष AMIMI UK, London ले इन्जीनियरिङ योग्यताको आधारमा मलाई Associate Members of the Institute (AMIMI) को Diploma र सदस्यता प्रदान गर्‍यो । त्यसपछि सन् १९९१ फेब्रुवरीमा संयुक्त राष्ट्र संघको सेवामा रवाना हुने निश्चित् थिएँ ।

**सन् १९९०** जुन-जुलाई महिनादेखि गेलेफु सेन्ट्रल वर्कसपमा समस्या सुरु भयो । अन्य कुनै समस्या होइन । वर्कसपभित्र कामगर्ने केही स्टाफहरू बी.पी.पी. को सदस्य भएको र सेप्टेम्बर महिनामा जुलुस गर्ने तयारीमा लागेका छन् भन्ने खबर सुनियो जसले वर्कसपमा अन्योल्को वातावरण सृजना गरेको थियो । छानवीन गर्दा वर्कसप स्टाफ, सेक्सन अफिसर **गणेश सुवेदी** बी.पी.पी.को सदस्य भएको थाहा भयो । तर यसबारे कार्वाही गर्न आवश्यक थिएन । हामीले वर्कसपको कामकुरो र वर्कसपको मशिनहरूको सुरक्षा गर्नुपर्ने हुनाले केही कार्य योजनाहरूलाई स्थगित गर्ने निर्णय गर्‍यौं । दिन-दनै पार्टी र जुलुसको बारेमा चर्चा बढ्न थाल्यो । 'सेप्टेम्बर १९ देखि २२ सम्म जलुश हुने, यो जुलुसमा सबै जानुपर्छ' भनी गाउँ-शहरमा पर्चाहरू बाँडिएको पाइयो । भुटानी जनताकोलागि राजनीति र जुलुस भनेको एकदमै नयाँ विषय भएकोले साधारण मानिसलाई यसले उत्साहित बनाएको थियो । उनीहरूमा कौतुहलता पनि थियो । भुटानको कानुनमा राजाको विरोधगर्न र प्रजातन्त्र र मानव-अधिकारको आवाज उठाउन पाईदैन भन्ने ज्ञान भुटानी जनतालाई जानकारी गराईएको थिएन । यद्यपि, मलाई यी कुराहरूले किञ्चित् पनि बिचलित बनाएको थिएन ।

गेलेफुका मानिसहरूबाट धेरै कुराहरू सुनियो । सरकारले साम्ची जिल्लाका स्कूल, अस्पताल, कारखाना बन्द गरेको खबर सुनाए । दक्षिणका अन्य जिल्लाहरूमा पनि त्यसतै भईरहेको थाहा पायौं । तर मैले बुझ्न सकिन किन बन्द गर्ने, कोसँग डराउने भनेर मनमा प्रश्न उठ्थ्यो । जुनसुकै समस्याकोलागि जनताले आवाज उठाएको भएतापनि सरकारले शान्तिसँग समस्यालाई समाधान गर्नेछ अनि जनताले न्याय पाउनेछन् भनी विश्वास थियो । यो समस्या दक्षिणका लोत्सम्पा तथा गोर्खा-समुदायको मात्र होईन यस्तो समस्याहरू अन्य समुदायका

नागरिकहरूमाथि पनि आउँन सक्छ । जब त्यहाँ पनि जनगनना गरिन्छ । यसकारण, निर्दोष जनताको शान्तिपूर्ण प्रदर्शनलाई राजाले राजतन्त्र विराधी र देशद्रोहीको रूपमा लिनेछैन भनी सोचेको थिएँ । राजनीतिक दलको जोड जबर जस्तीमा जनताले सरकारले कार्यन्वनमा ल्याएको नीतिहरूको विरुद्ध जुलुस गरेर बिराए पनि राजा भ्रममा परी भुल गर्नु हुनेछैन भनी विश्वास गरेको थिएँ । सबै जनताप्रति राजाको हृदयमा बराबर दया-माया छ सँगसँगै परिवर्तित जगतलाई राजाले पनि स्वीकार्नु हुन्छ भन्ने आस्था र विश्वास थियो ।

भुटानको राजनीतिक व्यवस्थामा परिवर्तित विश्व परिवेश अनुसार सकारात्मक परिवर्तन आउनुपर्छ भन्ने राजनीतिक विचार भएका भुटानी बुद्धिजीवीवर्ग समाजमा विद्यमान् थिएनन् । कोही भएतापनि सरकारबारे सार्वजनिक स्थलबाट खुलस्त रूपमा बोल्न सक्दैनन्थे । बुद्धिजीवीहरूको विचारहरू सार्वजनिक रूपमा नसुनुन्जेल नबुझ्नुन्जेल सरकार विषयक विचारधारा साधारण जनतालाई थाहा हुने कुरा पनि भएन । यस्तो परिस्थितिमा भुटानका ती वरिष्ठ व्यक्तिहरूका राजनीतिक विचारहरू त्यो समय मैले बुझ्न् सकेको थिइन । हामीले उठाएका राजनीतिक परिवर्तनका कुराहरू 'ती' वरिष्ठहरूले त्यतिबेलादेखिनै उठाउन चाहेका थिए । 'जातीय भेद्भाव र साम्तेलिङ महलबाट गरिने एकाधिपत्य शासनको अन्त्य हुनुपर्छ, देशमा मानव-अधिकार र पूर्णरूपमा जनताबाट निर्मित सरकार हुनुपर्छ र भुटानमा बसोबास गर्ने सबै नागरिकहरूले स्वतन्त्र र सम्मानपूर्ण जीवन जीउन पाउँनुपर्छ' भनी राजनीतिक दर्शन व्यक्त गरेका थिए । यस्ता हिदायत राजनीतिक दर्शन भएकाहरूमा सरभाङको ठ्रिम्पेन सोनाम, गेलेफुको सोनाम छिरीङ, सुरेको चिपेन वाङदी र अर्का एकजना राजनीतिक दलको **वरिष्ठ व्यक्ति** हुनुहुन्छ (आज नाम गोप्य राखेको छु) । अनि अर्का एकजना होटलका म्यानेजर पनि हुनुहुन्थ्यो ।

एकदिन ती **वरिष्ठ** व्यक्ति र अन्य चारजना वर्कसपमा आएर देशको बारेमा विचार राख्नु भयो । वर्कसपको मिटिङमा वरिष्ठज्यूले भन्नु भयोः 'भुटानमा लोत्सम्पालाई मात्र होइन हामी ङालोङ, सार्छोप र राजाको छोरालाई पनि प्रजातन्त्र चाहिएको छ । हामी सबै मिल्यौ भने मात्र यो सम्भव हुन्छ । सरकारको कार्वाहीमा पर्नुभन्दा बी.पी.पी.ले अहिले जुलुस नगरेको राम्रो । कम्तिमा ५ वर्ष जनतालाई सचेत गराउन र आन्दोलनको रूपरेखा तयार गर्न लाग्नेछ । सेप्टेम्बरमा गर्ने भनेको जुलुस रोक्नुपर्छ । लोत्सम्पामाथि लगाईएको कानुन अन्य जातिमाथि लगाउँदा उनीहरूलाई पनि समस्या हुन्छ । भेदभाव राम्रो होईन

भनेर म तपाईंहरूसँग आफ्नो विचार राख्न आएको हो' भन्नु भएको थियो । त्यहाँ भएका सबैले कुरा राखे अनि बी.पी.पी.लाई जुलुस नगर्न सल्लाह दिएर आवश्यक छलफल गर्नेमा सहमत भए । उहाँहरूको कुरा सुन्दा डर लागेको थियो । कतै मेरो परीक्षा लिन यो सब भईरहेको त होइन भन्ने आशङ्का जाग्यो । उहाँ भन्दै हुनुहुन्थ्यो: 'आजको अवस्थामा लोत्सम्पाहरूले मात्र आवाज उठाएर मानव-अधिकार प्रजातन्त्र हुँदैन । डालोङ, सार्छोप सबै आउनुपर्छ । लोत्सम्पामाथि यो राजाले नराम्रो गर्नेछ, मैले बुझे अनुसार ।' वरिष्ठज्यूले भन्नु भएको थियो । उहाँको विचारलाई ध्यानमा राख्दै मैले भने 'डासो जे गर्नुपर्छ सरकारले गर्नेछ । मलाई विश्वास छ जनतालाई राजाले अन्याय गर्नुहुन्न ।'

तर उहाँले मलाई यसो भन्नुभयो: *'डासो गिरी, तपाईंको ईमान्दारीपना र राजाप्रतिको श्रद्धा भोली तपाईंको जीवनको बर्वादी हुनेछ । राजा हाम्रो डालोङ जातको भएर पनि हामी सुरक्षित् छैनौं । राजा भनेको आततायी नरभक्षी जस्तै हो कसैलाई पनि आक्रमण गर्नसक्छ । तपाईंको प्रेमिलो हृदय भोली घृणामा परिणत हुनेछ' ।* **वरिष्ठज्यूले** भनेका यी कुराहरू अहिले सत्य साबित भएका छन् ।

डासोहरूको छल्फल्मा बी.पी.पी.को अध्यक्ष आर.के. बुढाथोकीलाई चिठ्ठी लेखी जुलुस रोक्न लगाउने र भविष्यको योजना बनाउन छलफल गर्ने निर्णय भयो । कम्तिमा ५ वर्षसम्म गाउँ-गाउँमा गएर जनतालाई भेट्नुपर्छ, लिफ्लेट, पुस्तक आदि पढनकालागि दिनुपर्छ । डकुमेन्ट्रि फिल्मबाट मानव-अधिकार र प्रजातन्त्रको बारेमा ज्ञान दिनुपर्छ । जनतालाई आवश्यक र व्यवहारिक कुराहरूमा सचेत गराएर समर्थन जुटाउनुपर्छ भन्ने योजना तय थियो । "भुटान जनताद्वारा निर्मित प्रजातान्त्रिक देश हुनुपर्छ, यसको लागि सबै जुट्नपर्छ" भन्ने वरिष्ठज्जूको विचारमा सबै सहमत थिए ।

उहाँहरू सबैका कुरा सुने बुझेपछि मैले आफूलाई अलग राख्न चाँहे । म वर्कसपको डिपुटी निर्देशक मात्र नभएर राष्ट्रको शाही सेनाको एक जिम्मेवार अधिकृत पनि थिएँ । आफ्नो देशको सरकार विरुद्ध कुनै पनि कार्य गर्नु हुँदैन भनी स्पष्ट थिएँ । त्यसैले म उहाँहरूको साथमा रहन सकिन । केही दिनपछि सुन्नमा आयो कि गैरगण्डामा बी.पी.पी.लाई लेखेको चिठ्ठी लिएर जाने सोनाम छिरीङलाई जासुस भनी सन्तलाबारीमा बी.पी.पी.का केही कार्यकर्ता र नेताहरूले कुटेछन् र पैसा पनि खोसेछन् । झोलाको बख्खु चाहिँ फर्काइदिएछन् । यो घटनापछि

उहाँहरूको योजना अघि बढेन । सबै उलट्पुलट् भयो, कसले कुरा बुझ्केन । किन बुझ्केनन् ? बी.पी.पी.का नेताहरूले कुरा बुझ्ने प्रयास किन गरेनन् । यसकारण पनि बी.पी.पी.को नियतप्रति शंका लाग्छ । यसरी एउटा गम्भीर विषय ओझेलमा परेर हरायो । फलस्वरूप जुलुस भयो र त्यसपछि भुटानमा सरकारद्वारा सुनियोजित आतङ्क सुरु भयो ।

सन्तलाबारीको घटनापछि वरिष्ठज्यू र अन्य सहयोगीहरू भेद खोलिने डरले चुपचाप भए । वारिष्ठज्यू आफ्नो कार्यभार सम्हाल्न टाशीगाङ फर्किनु भयो । अरू तीनजनामध्ये एकजना थिम्पु स्थानान्तरण हुनुभयो, अर्का एकजना सुरेमा हुनुहुन्छ । सोनाम छिरीङ १६ वर्ष जेल सजायपछि रिहा हुनुभयो । उहाँ 'गोप्य राजनीति' तथा वरिष्ठज्युको संगतले गर्दा जेल परेका होइनन् अर्कै कारण जेल परेका थिए । टाशीगाङ पुगेका वरिष्ठज्युले दक्षिण भुटानमा भएका जुलुसहरूको कडा शब्दमा निन्दा गर्नुभयो । लोत्सम्पाहरूलाई राजा विरोधी, देशद्रोही (ङोलोप) भनी क्युन्सेलमा विचार राख्ने उहाँ पहिलो व्यक्ति थिए । *"जुन व्यक्तिले लोत्सम्पालाई राजा बिरोधी र देशद्रोही भने त्यही व्यक्तिले राजतन्त्र हटाएर प्रजातन्त्र बनाउनुपर्छ भनी लोत्सम्पा, ङालोङ, सार्छोप सबै एक हुनुपर्छ भनी उद्घोष गरेका थिए ।"* उहाँले भुटानमा सकल प्रजातन्त्र हुनुपर्छ, जनताले बिना भेद्भाव स्वतन्त्र जीवन जिउन पाउनुपर्छ, राजतन्त्र उन्मूलन् हुनुपर्छ भन्ने विचारसँगै भुटानको उज्यालो भविष्यलाई लिएर छलफल गर्नुभएको थियो । तर त्यही मानिस रातारात परिवर्तन भए । राजाको अघि घुढा टेकिहाले, राजाको भक्त भईहाले यसको मूल प्रभाव उहाँलाई आफ्नो प्राण प्यारो थियो । उहाँले सबै कुराहरू पन्छाएर राजाको नजरमा ठीक रहन लोत्सम्पामाथि दोष थोपर्न सुरुगरे । उहाँको राजनीतिक दर्शन आजसम्म सार्वजनिक भएको छैन, गोप्य नै छ ।

गेलेफुको जुलुस, सिब्सु-साम्चीको जुलुस, चिराङ-डम्फुको जुलुस अनि त्यसपछिको कहालीलाग्दो भुटानको वातावरणलाई विस्तृत रूपमा वर्णन गरिरहन आवश्यक नहोला । राजा पराश्रयीहरूले लोत्सम्पाहरूको खेदो गर्नथाले । राजाका जासुसहरू ब्वाँसोको चालमा गाउँका मानिसलाई टोक्न थाले । आफूसगैं पढेका, सगैं काम गरिरहेका साथीहरू पनि उल्टो फर्किदा मलाई मानिस देख्दा पनि शङ्का लाग्न थाल्यो । भुटानका जिल्लाहरू जहाँ-जहाँ नेपालीजाति (लोत्सम्पाहरू) थिए त्यहाँ घटनाहरू घट्न थाल्यो । राजाका **मलमूत्र** थाप्नेहरूले लोत्सम्पाहरूको घर लुटे, घरहरू आगो लगाउन थाले । सरकारको पक्षपाती नीतिलाई जनतामा

गएर असल र आवश्यक नीति भन्दै गुनगान गर्न थाले । राजाको मलमूत्र थाप्नेहरूमा सबैभन्दा पहिला राजाले नियुक्त गरेका डासोहरू, व्यापारीहरू र ससुराली पर्छन् । त्यसपछि दलालहरू जो केवल पेट भर्नकालागि बाँचेका छन् । उदाहरणका लागि लोत्सम्पाहरूको तर्फबाट पनि मलमूत्र थाप्नेहरू छन् । जसमा नेपालीजाति लोत्सम्पाहरूको तर्फबाट सर्वप्रथम भूतपूर्व मन्त्री ओम प्रधानको नाम आउँछ । हुन त एक जनाको मात्र नाम लिदां अन्याय होला तर पनि मैले यहाँ सत्यकुरा औंल्याउने प्रयास गरेको छु । ओम प्रधानको पिता **भ्रुलेन्द्र बहादुर प्रधानले** भुटान स्टेट कांग्रेसका **२२** जना समर्थकहरूलाई सन् **१९५२** मा सरभाङमा हत्या गरेर राजाको विश्वासी पात्र बनेका थिए । त्यसैले यो परिवार र यसका आसेपासेहरूलाई भुटानमा आनन्द छ । यस्ता पाप चित्तका मानिसहरूको कारण राजा शोषक बनेको हो । भुटानको भित्री सत्य-तथ्य वास्तविक इतिहास यस्तै अपराधहरूले भरिएको छ । यस्ता दृष्टान्तहरूका विषयमा जनता सचेत छन् तर, अमानवीय सोच भएका राजाका कमारोहरूको कारण भुटानीहरू सुरक्षित भई स्वतन्त्र रूपमा जीवन जिउन पाईरहेका छैनन् ।

देशका विभिन्न गाउँहरूबाट दुःखद घटनाहरू सुन्नमा आउन थाले । चारैतिर चिन्ताका विषयहरू खडा हुन थालेपछि अकस्मात् देशमा यस्तो भयाकूल परिस्थितिको सृजना कसरी भयो भन्ने मनमा अनेकौं प्रश्नहरू उठ्न थाले । जे-जस्तो कठिन परिस्थितिहरू आईपरे पनि आजको यस्तो अवस्थामा हामी पुग्छौं भनी कहिल्यै सोचेका थिएनौं । गेलेफु सेन्ट्रल वर्कसप पूर्णरूपमा बन्द भयो । **सबै विदेशी कर्मचारीहरूलाई** थिम्पु बोलाएर उतैबाट स्वदेश फिर्ता गराईयो । भुटानी इन्जीनियरहरू मात्र वर्कसपको देखभालमा रह्यौं ।

गेलेफु आसपासका गाउँहरूबाट मान्छेहरू गाडीमा ल्याएर 'नेशनल इन्सटीच्युट अफ फेमिली हेल्थ' (एन.आइ.एफ.एच.) भित्र हुलेर कुटेको दृश्यहरू दिनहुँ देखिन्थ्यो । आर्मी, पुलिस, डुङ्पा र जोङ्दाहरूले कुट्पिट् गरेको, गाउँमा गएर कैद गरिएका मानिसहरूको श्रीमती, छोरी अबला महिलाहरूलाई बलात्कार गरेको सुन्नमा आउँथ्यो । चारैतिर हाहाकार मच्चिएको थियो । यस्तो विषम अवस्था देखेपछि मलाई आफ्नो आमा-बुबाको याद आयो, तुरुन्त बेलबोटे गाउँको अवस्था बुझ्ने प्रयास गरेँ तर खबर राम्रो थिएन । काईला भाई **धनबहादुर गिरी** जेलमा छ भन्ने सुनें, मेरो भाई साम्डुपजोङखर जिल्ला स्कूलमा शिक्षक थियो । आमा-बुबालाई आफ्नै मान्छे **सहदेव गिरीले** डर-त्रास देखाई मानसिक सासना

दिएको सुनें । 'जग्गा-जमिनको पैसा लिईहाल्नुहोस् र तुरुन्त देश बाहिर जानु' भनी सल्लाह दिईरहेका रहेछन् । केही मानिसहरू यसरी आफ्नैलाई देशबाट बाहिर पठाउने कार्य गरी धनी भए । परन्तु यसरी अर्कोलाई शिकार बनाएर सम्पन्न भएकाहरू पनि कालान्तरमा उही सरकारद्वारा देशबाट लखेटिएका छन् ।

यसप्रकार विभिन्न अप्ठ्याराहरूबीच समय बितिरहेको थियो । शान्ति, सुरक्षा कतै थिएन । जीवनमा एकपछि अर्को परीक्षाहरू आइरहेका छन् । कल्पना पनि नगरेको आफूले अपराध नगरेको सजायहरू भोग्नु पर्‍यो । सन् १९९० को २० डिसेम्बरमा मलाई सरकारले जेल हाल्यो । मेरो अपराध केही थिएन । तर जेलमा तड्पिनु परेको थियो । ममाथि ज्यादै अत्याचार गरे, कुटे, अपशब्दमा गाली गरे । मलाई चौध महिनासम्म हतकडी नखोलीकन कैदमा राखियो । मेरो निसहाय परिवार अलपत्र परेको श्रीमती र नाबालक छोराछोरीहरूलाई म जेलभित्र हुँदा नै देशबाट लखेटे । छोराछोरीलाई लखेटेको सुन्दा शरीरमा कम्पन हुन्थ्यो । चैतन्य शक्ति पनि हराई सकेको थियो । असंख्य पीडाहरू बोकेर, शिथिल शरीर लिएर नेपाल र भारत-भुटान सिमानाहरूमा जेलमुक्त भएको दिनदेखि आज पनि घुमिरहेको छु ....।



जेलबाट छुटेपछिको फाटोः बेलडाँगी शरणार्थी शिविर सन्: १९९३

सरकारको यातनाको कारण वृद्ध बुबा र श्रीमतीको असामयिक निधन भयो । मेरा जस्ता पीडाहरू अरूको पनि होलान् । यस्तो पीडा कुनै पनि मान्छेले भोग्नु नपरोस् भनी कामना गर्दछु । राजा यति धेरै निर्दयी हुन्छ जस्तो कहिल्यै सोचेको थिइन । "म राजा हूँ, सरकार मेरो हो, सेना, प्रहरी र राष्ट्रको शक्ति मेरो हुकुममा चल्छ । देशको ढुकुटी मेरो हकमा छ, मेरो नीति विरुद्ध खडा हुने कोही बाँच्न

सक्दैन । यसका अतिरिक्त चीनको कारणले पनि भारत सरकार मेरो लागि घुडा टेक्छ । जसलाई मारे पनि काटे पनि, जेल हाले पनि, देशबाट लखेटे पनि, मैले जे-जसो गरे पनि भारतले साथ दिन्छ” भनी हुंकार गर्दै राजाले घोर अत्याचार गरेका छन् । तर, भारतको वंशीकरण राजनीति भुटानको शाहन्शाहले बुझ्केका छैनन् ।

**देशको** सेवामा अहोरात्र खटिरहेको अवस्थामा सरकारले यस्तो अत्याचार गर्छ भन्ने कुनै पनि इमान्दार नागरिकले कल्पनासम्म पनि गरेको हुँदैन । र मलाई पनि शंका थिएन । परिश्रम गरी जिउने किसानलाई कुट्पिट् गर्ने, हत्या गर्ने, देशबाट लखेट्ने अनि दुनियाँको अघि साधु-बिरालो जस्तो गर्नु भुटानका शासकहरू चुपिचन्डाल देखिएका छन् । अपराधहरू ढाक्छोप गर्न भारत सारथी बनेकोले ‘भुटानी राजा’ जघन्य अपराधहरू निस्सङ्कोच गर्दछ । शासकका कुकार्यले सबैलाई दुःखमा होमिदिएको छ । भुटान देश र जनताप्रेमी राजा हो भने भुटानको भू-भाग चीन र भारतलाई जति बिक्री गरेको छ सबै फिर्ता गर्नुपर्दछ र यो किताबमा भएका प्रश्न् र आरोपहरूको जवाफ दिनुपर्छ ।

आफ्नो कलुषित स्वार्थ पूरागर्न जनताका छोरा-छोरीहरूलाई सेना बनाएर त्यही जनता विरुद्ध खटाउने राजा असल हुँदैन । लुच्चो, तस्कर भन्दा पनि सनकी दिमागी पापिष्ट हुन्छ । एकदिन सबै संसारबाट बिदा हुनुछ राजाले जस्तो पापको दोजीया भारी बोकेर मर्ने हाम्रो मन छैन । सबैको प्यारो र असल राजा होईबक्सिने मन छ भने, र पापबाट मुक्तभई मृत्युपछि पनि आदरणीय र श्रद्धेय राजा भई स्मृति स्वरूप पुजिन चाहानुहुन्छ भने जनतामाथि अत्याचार बन्द गर्नुहोस् । एक असल न्यायप्रेमी, जनताप्रेमी तथा विश्वासीलो राजाको परिचय गराउन सक्ने राष्ट्रिय कदम उठाएर जनताको राजा बन्ने काम गर्नुहोस । म यस पुस्तक मार्फत राजा जिग्मी सिगें वाङचुकलाई यही सन्देश सहित चुनौति पनि दिन चाहान्छु ।





भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र भुटानी राजा जिग्मी गेसार नाम्गेल वाङचुक ।
दृश्यमा राजमुकुटको लाचार अवस्था देख्न सकिन्छ ।

एक असल सन्तुष्ट देशप्रेमी मान्छे म, असंख्य पीडा बोकेर न्यायको लागि दौडिरहने मानिस भएको छु । निरङ्कुश राजतन्त्रको विरोधी भएको छु । आफूमा भएको शिक्षा, अनुभव र ज्ञानलाई बढाएर देश विकासका असल कार्यगरी सम्मान कमाउँछु र देशको उन्नति गर्दै असल नागरिक बन्ने सपनाहरू साँचेर हिडने मान्छे अत्यन्तै दुःखित भएको छु। मसँग भौतिक शक्ति छैन। उमेरले डाँडा काटिसक्यो तर पनि सेवाको भावनामा असल प्रजातान्त्रिक व्यवस्थामा राजालाई पनि चेतना दिलाउन सक्ने मेरो सामर्थ्य पुरुषार्थमा मलाई विश्वास छ। त्यसैले भुटान वास्तवमा नै एक सार्वभौम देश हो भन्ने कुराको गौरव बोध कहिले गर्ने ? कसरी चित्त बुझाउने ? अत्याचार गर्ने दानवीय मानसिकतालाई कसरी मानवीय बनाउने भन्ने विषयले मन उद्वेलित भईरहेछ।

सन् २००० मा मेरो श्रीमती अनुकाको निधनपछि म अत्यन्तै विचलित अवस्थामा थिएँ । श्रीमतीको असम्भाव्य र असामयिक निधनको कारण भुटान सरकारको यातना र आफ्नै समाजका अपमान र दीनताका कारण उब्जेका मानसिक बोझहरू पनि थिए । मलाई चारैतिरबाट शारीरिक र मानसिक वेदनाहरूले थिचिरहेको थियो । म किङ्कर्तव्यविमूढ थिएँ । जीवन उदासीन बनेको थियो। मेरो यस्तो बिरसिलो व्याकुल अवस्था बुझेर मित्रहरूले जीवनमा पुनः उत्साह र उमंगको वातावरण ल्याउन र खुशी भई जिउन पुनः विवाह गर्नुपर्छ भनी सल्लाह दिए। यसबारे धेरै तर्कहरू भयो। धरतीमा जीवन रहुन्जेल परिवारिक सुखासन पनि प्राप्त हुने बुझेर नेपाल हेटौंडा निवासी श्री टकंनाथ पराजुली र श्री सुर्यकुमारीको नातिनी (लक्ष्मी पराजुली 'जोशी' को छोरी) **प्रतिभा शर्मासँग** विवाह गरें । अत्यन्तै शालीन **प्रतिभा शर्मा** मलाई मात्र होइन मेरा सबै छोरा छोरीलाई माया गर्ने जीवनसाथी पाएकोमा म खुशी छु। मेरो श्रीमती **प्रतिभा शर्मा** दिवङ्गत श्रीमती तथा पितृहरूबाट वरदानस्वरूप प्राप्त भएको मैले महसूस गरेको छु।

जीवनको यात्रामा यसरी भिन्नभिन्न प्रकृतिका अप्ठयाराहरू आईपर्दा सोचाईमा पर्दछु। संसारका अन्य देशहरूका शरणार्थीहरूको टिठलाग्दो जीवनको दुःखपूर्ण घटनाहरू समाचारमा पढेर र बुझेर आफ्नो अवस्थाको प्रति चित्त बुझाउँछु। अल्बर्ट आइन्सटाइन जस्ता शरणार्थीहरूको विचारहरू पढें। जुनसुकै देशमा बसे पनि देशविहीन भएर शरणार्थीको रूपमा बस्नु पर्दा मरण पनि शरणार्थी भएरै नै हुने कुराले अत्यन्त मर्माहत बनाउने रहेछ। अहिले म यही पीडा

र आक्रोसले छट्पटिएको छु। कहाँ कुन देशमा बसुँ। कसलाई आफ्नो भनुँ ? कुन देशलाई मेरो देश भनुँ ? यस्तो अवस्था कसैको नहोस, यसबारे विश्वका असल मानिसहरूको सोचाँई र व्यवहारमा आमूल परिवर्तनको आवश्यकता देख्छु।

भारत र नेपालमा भएका राजनीतिज्ञहरू, बिद्धान लेखकहरू तथा शुभचिन्तकहरूसँग पनि धेरै कुराहरू गरेको छु। उहाँहरूलाई भुटान सरकारले गरेको अन्याय र अत्याचारबारे जानकारी गराएको छु। नेपालका भुतपूर्व प्रधानमन्त्रीहरू स्व. गिरिजा प्रसाद कोईराला, मातृकाप्रसाद कोईराला, कीर्तिनिधी विष्ट, मनमोहन अधिकारी, लोकेन्द्र बहादुर चन्द, सुशील काईराला, पशुपतिशम्सेर जबरा तथा नेपाली कांग्रेसका धेरै नेताहरू लगायत श्री चन्द्रदेव जोशी (भूतपूर्व मन्त्री), नरेन्द्रजगं पिटर, डाक्टर, इञ्जिनीयरहरू, समाजशास्त्री, इतिहासविद, राजनीतिक विश्लेषक, सेनाप्रमुखहरू जस्ता विशिष्ट व्यक्तित्वहरूसँग भेटवार्ता गर्न सकेँ। विभिन्न देशका राजदुतहरूसँग पनि भेटवार्ता गरेँ। त्यसरीनै भारतका विभिन्न पेशागत सरकारी अधिकृतहरू एवं विभिन्न राज्यहरूमा रहेका विशिष्ट व्यक्तित्वहरू, सुरक्षाविदहरू, राजनीतिक विश्लेषकहरू, लेखक, साहित्यकार, मानवअधिकारवादी, पेशागत मित्रहरू तथा राज्य र केन्द्र सरकारका मन्त्रीहरूसँग पनि भुटानको समस्या बारे कुराकानी गरेँ। उहाँहरूमध्ये केहीसँग मेरो विशिष्ट सम्बन्ध अझै पनि छ। त्यसैले भुटानी शरणार्थीलाई न्याय दिलाउन केही ठोस कार्यहरू अझै गर्नुपर्ने महसूस गरेको छु।

आज विश्वका धेरै देशहरूबाट लाखौं मानिसहरू देशविहीन अवस्थामा दर्दनाक जीवन ब्यतित गरिरहेका छन्। आफ्नै देशका शासकहरूले उनीहरूमाथि गरेको आक्रमण र शारीरिक पीडाहरूलाई देख्दा र उनीहरूका पुकार सुन्दा कुनै पनि मानिसलाई भयभीत तुल्याउँछ। भुटानका लोत्सम्पा (गोर्खा), म्यानमारका रोहिङ्ग्या, सिरिया, अफगानिस्तान, प्यालेस्टाईन, बुरुण्डी, सुडान, सोमालिया, कोङ्गो, बगंलादेश, युक्रेन आदि देशका शासकहरूले लाखौंको जीवन बर्बाद पारेका छन्। यसरी लखेटिएका मानिसहरूलाई केही देशहरूले शरण दिएर उनीहरूको जीवन सुरक्षा गरेका छन्। **तर विश्वमा यसरी उत्पन्न हुने मानव समस्या अर्को देशले शरण दिएर समाप्त हुन सक्दैन।** त्यो न्याय सँगत पनि होईन। दोषी सरकारमाथि कार्वाही नहुँदासम्म र पीडित मानिसहरूले न्याय नपाउन्जेल विश्वमा शान्ति आउने छैन। विश्व मानव-समुदायले यस विषयलाई अत्यन्त गम्भीर भएर सोच्नु पर्नेछ।

यस अध्यायको विभिन्न अनुच्छेदहरूमा उल्लेख भएका अमानवीय घटनाहरू तथा देशका शासकहरूद्वारा गरिएका जातिय सफायजस्ता बर्बर अत्याचार, गृहयुद्ध, धर्म र जातिबीचको द्वन्द आदिबाट मानिसको जीवन-सुरक्षा गर्नकोलागि संयुक्त राष्ट्रसंघ अर्न्तगत विश्व्यापी रूपमा लागू गराउन सकिने शक्तिशाली कानुनद्वारा संरक्षणको व्यवस्था हुनु अपरिहार्य भएको छ । कुनै पनि देशका राष्ट्रप्रमुख जसले देशका जनतामाथि यतिधेरै अमानवीय अत्याचार गर्दछ, जसले मानिसलाई आतंङ्कित बनाएर ज्यानै लिने गरी विस्थापित गर्दछ त्यस्ता शासकलाई अन्तर्राष्ट्रिय कानुनको दायरामा ल्याएर आवश्यक कार्वाही गरिनु पर्दछ अनि पीडितहरूले न्याय पाउनुपर्छ । त्यसैले पनि संयुक्त राष्ट्रसंघको प्रभावकारिता आवश्यक देखेको छु ।

*हामी सबै भुटानी शरणार्थीहरू लगायत तेस्रो मूलुकमा पुनर्वास भएका भुटानीहरू पनि यस्ता धेरै दुःखत्रय खपेर बाँचिरहेका छन् । तर जुन दुःख र वेदनाहरू छन् ती हाम्रो जीवनमा शिक्षा र सचेतनाको रूपमा स्थायित्वमा आएको छ । हाम्रो जीवनलाई यसले आत्मबल उच्च राख्न दीक्षा दिएको छ । समय बलवान छ त्यसैले समयले सबैको न्याय गर्नेछ । हामीले जे जति सक्छौं त्यति मात्र प्रयास गरिरहनु पर्नेछ ।*

हामी सत्कार्यमा अडिग रही अघि बढदै जानुछ । जसले जे-जस्तो भोग्नुछ त्यो समयअनुसार हुनेछ । भुटानका प्रतिगामी शासकको पनि छानवीनको समय आउनेछ । यो धरतीको कहिल्यै नबदलिने रहस्य हो 'सत्य हो', भनिएको छ 'मानिसमाथि पाप गर्नेहरू मरेर गएपनि पापहरूको सुनवाई भएर मात्र विषयहरूको समापन हुनेछ' । विश्वका शक्तिशाली शासक हिटलरले पनि ५६ वर्षको उमेरमा आत्मा हत्या गर्ने कारण के थियो ? त्यसलाई हेरेर प्रकृतिले एकदिन सबैको न्याय गर्नेछ भन्ने हामी आशा र विश्वास गर्न सक्छौं । अत्याचारीले पश्चाताप सहित सजाय भोगेपछि मात्र भुटानमा शान्ति आउनेछ । चिन्ता यतिमात्र हो, हामी मानिसको आयुको कुनै भर छैन ।

*हाम्रो यो जीवन विद्यमान रहदैं भुटानको परिवर्तित इतिहास लेखिएको पढ्न पाए हुन्थ्यो भन्ने चाहना छ । यो अवसर हामीले पाउन नसके पनि हाम्रा सन्ततिहरूले यसलाई पूरागर्न सकुन । उनीहरूले भुटानको परिवर्तन देख्न र सत्य इतिहास पढ्न पाउन, यही सन्देशसँगै र थाँती रहेका पुनीत कर्म सबैका छोराछोरी तथा भुटानी सन्तानहरूलाई सुम्पेर जानुछ ।*

यसरी यतिसम्म भएपनि भुटानीहरूको जयस्तम्भ स्थापित भई पीडाको अन्त्य हुनेछ भन्ने आशा छ । हामीले यही कर्मको लागि समय र स्रोत खर्चिनु पर्नेछ । मेरो यात्रा टुङ्गिएको छैन अझै हिँड्नुछ, । एक्लै हिँडिरहेको भए पनि एक्लो महसुस गरेको छैन । मानसिक र शारीरिक रूपमा आफूलाई कहिल्यै कमजोर ठान्दिन । म एक नेपालीभाषी भुटानी नागरिक जबसम्म जीवित रहन्छु तबसम्म भुटानी जनता र लोत्सम्पामाथि भएको राजकीय दमनका विरुद्ध अझै लडिरहने प्रतिज्ञा गर्दै विश्वका पीडित जनता तथा मानव कल्याणका लागि हिँडिरहने प्रण गरेको छु ।

*****

# प्रश्न र उत्तरहरू

भुटानबासी जनताले प्रकृतिबाट आईपर्न सक्ने विभिन्न प्रकारका आपद-बिपदहरू, त्यस्तै प्रकारले अन्य देशहरूले जस्तो युद्ध र उग्रपन्थीहरूको त्रास आजसम्म सामना गर्नु परेको छैन । भूपरिवेष्ठित देश भएपनि प्राकृतिक साधन र स्रोतहरूले भुटान धनी छ । हावा-पानी, प्राकृतिक सम्पदाहरू र खेती-पाती गर्न मलिलो माटो भएकोले कृषकहरूले उन्नति गरेका छन् । सन् १९९० को शुरुका दिनहरूसम्म विभिन्न जाति, भाषा र संस्कृति भएका भुटानीहरू मिलेर बसेका थिए । तर आज, मिलेर बसेका भुटानीहरू सरकारको भेदभाव र अत्याचारको कारण दुःखी छन् । दरबारका सन्तान र आत्म-सम्मान नभएका दरबारियाहरू जसको दरबारसँग नाता सम्बन्ध कायम रहेको छ, उनीहरूले राजाले गरेका दमनका कर्महरूको ढाकछोप गरी राजाको बचाउमा वकालत गर्छन् । तिनीहरू भने खुशी छन् । १२२४ किलोमिटर टाढाको छिमेकीको उल्टो उक्साईमा थिम्पुमा बस्ने शासकले आफ्नो जनतालाई बलि चढाएको अवश्य हो । तर यो छिमेकीबाट लिएको '**उक्साईएको**' पैँचो एकदिन उसैलाई चुकाउनुपर्छ ।

सन् १९९० मा सरकार व्यवस्थामा छलफल नगरी ल्याईएको नागरिकता कानुन भेदभावपूर्ण भएको हुनाले त्यसलाई सच्याउन जनताले आवाज उठाएका थिए तर सरकारले सेनाद्वारा जनतामाथि आक्रमण गर्‍यो । न्याय माग्ने दक्षिणका हिन्दु धर्मवालम्बी जनसमुदायलाई बर्बरतापूर्वक देशबाट लखेट्यो । "**जनताले न्यायसङ्गत् उठाएका प्रश्नलाई राजतन्त्र-विरोधी घोषित गरेर राजाले जनतामाथि यति धेरै अत्याचार गर्छ भने त्यस्तो राजा कश्यप ऋषिका दनु नामकी पत्नीबाट जन्मेको सन्तान झैं राक्षस हुन्छन् भनी शास्त्रमा भनिएको छ ।**" भुटान सरकारले गरेको जातीय-सफाई भुल्न नसकिने, क्षमा दिन पनि नसकिने अपराध भएकोले

विश्वमा यो चर्चाको विषय बनेको छ। त्यसैले भुटानी शरणार्थी समस्या सम्बोधन नहुँन्जेल यो जनआवाज बुलन्दं गरिरहन आवश्यक छ।

प्राकृतिक प्रकोपहरू बाढी, पहिरो, भुकम्प आदिबाट उत्पन्न हुने समस्याहरू समाधान गर्न सकिन्छ। त्यसलाई भुल्न पनि सकिएला तर, यो समस्या त्यस्तो होइन यस्को सम्बोधन नहुँन्जेल भुल्न सकिदैन। यो आलो घाउको रूपमा दुखी रहने छ। यसका प्रभावहरू गतिशील रहिरहन्छन्। भुटान सरकारले गरेका अत्याचारहरूको मूल्याङ्कन गरी जनतालाई न्याय दिन विभिन्न बौद्धिक क्षेत्रहरूबाट भिन्न भिन्न प्रकृतिका जिज्ञासा, सुझाव र प्रश्नहरू भुटान सरकारमाथि देखापरेका छन्। तदनुरूप सरकारको अत्याचार र झुटो प्रचारहरू, उत्ताउलो आक्रमक राजनीतिक व्यवहार र देशको मौजुदा अन्योल परिस्थितिलाई सामान्यीकरण गर्नको लागि जनताले के गर्नुपर्छ भनी मलाई लिखितरूपमा थुप्रै प्रश्नहरू सोधिएका थिए। विभिन्न ठाउँबाट आएका प्रश्नहरूको उत्तर यसरी प्रष्टसँग दिएको छु।

**प्रश्नः १.** एन.बी. गिरीज्जू, सर्वप्रथम मेरो प्रश्न छ, नेपाली भाषा लेख्न, बोल्न कहाँ कसरी सिक्नु भयो ? भुटानमा नेपाली भाषा पढाईदैन भनेर सुन्नमा आएको छ, यसबारे केही बताउन चाहानु हुन्छ कि ?

**उत्तरः** सबैभन्दा पहिला आमा-बुबा र नेपाली समाजले मलाई नेपाली भाषा बोल्न सिकाएको हो। त्यसैले मेरो मातृभाषा नेपाली हो। सन् १९८८ सम्म भुटानका स्कुलहरूमा नेपाली भाषा पढाईन्थ्यो, सरकारका कामकाजहरूमा पनि नेपाली भाषा प्रयोग गरिन्थ्यो। सन् १९५० को दशकपछि जब भुटानमा स्कूलहरू स्थापना भए त्यस बखतदेखि भुटानमा नेपाली पढाईन्थ्यो। सन् १९६३ मा जब म 'सिब्सु पिन्जुली प्राईमरी स्कुलमा' भर्ना भएँ त्योबेलादेखि मेलै अन्य भाषा जस्तै नेपाली भाषा सिकेको हो। 'सिब्सु पिन्जुली प्राईमरी स्कुलमा' नेपाली शिक्षक **'पण्डित देवीभक्त पराजुली'** हुनुहुन्थ्यो। एल-केजी, यू-केजी गरी मैले कक्षा 'एक' सम्म मात्र तथा चार वर्षसम्म भुटानमा पढेको हो। त्यसपछि दार्जीलिङको विभिन्न स्कूलहरूबाट शिक्षा प्राप्त गरेँ। मैले नेपाली विश्वविद्यालयहरूमा साहित्यहरू पढ्ने अवसर पाइन। आफ्नै प्रयासमा नेपाली साहित्यहरू पढ्ने गर्थे। भाषा भनेको कुनै पनि प्राणीले महसूस् गर्नसक्ने उस्को हृदयको अन्तस्करणमा रहेको मानसिक प्रतिकिया हो। मातृभाषामा जस्तो अन्य भाषामा आफूलाई प्रष्ट तुल्याउनु सकिन्दैन अनि अरूलाई बुझ्न पनि सकिन्दैन

भनेर नै आफ्नो भाषाप्रति रस भिजेको हो। मलाई आफ्नै नेपाली भाषा बोलेर र लेखेर आफ्नो भावना र जिज्ञासाहरू अरूको सामु राख्न मन लाग्छ। मलाई मेरो मातृभाषा **'नेपाली'** बोल्न, लेख्न र यसको संरक्षण गर्न प्रकृतिले पनि सिकाईरहेको छ।

**प्रश्नः २**. गिरीज्यू, तपाईं भुटानबाट किन र कसरी आउनु भयो ?

**उत्तरः** मैले आफ्नो देश छोडेर बाहिर आउने कहिल्यै सोचेको थिईन। देशको सुरक्षा हेतु उच्च स्तरीय तालिम प्राप्त शाही सेनाको अधिकृत भएको नाताले ममाथि सरकारको पूर्ण विश्वास थियो। कुनै पनि प्रकारको झुटो अभियोग लाग्ने छैन भन्नेमा म विश्वस्त थिएँ। राजा, सरकार र देशको हित विपरित कहिल्यै सोचेको थिईन र केही गरेको पनि छैन। राजाका भारदारहरूको डरले गर्दा मात्र म आफ्नो जीवन बचाउँन र बुबा-आमाको सुरक्षा र उपचार गर्न देश बाहिर आउन बाध्य भएको हूँ। जेलबाट निस्कनसाथ देश छोड्न म बाध्य भएँ। मेरो अवस्था दयनीय थियो। पीडा र वेदनाले भरिएको अशान्त मन् लिएर, शारीरिक र मानसिक रूपमा पनि कमजोर अवस्थामा तिरस्कार, थुकाई, कुटाई र असंख्य चोटहरू बोकेर देशबाट निस्केको हूँ।

**प्रश्नः ३**. भुटानबाट निस्किने बित्तिकै तपाईंले आफू र आफ्नो परिवारको न्यायको लागि के गर्नु भयो ?

**उत्तरः** सर्वप्रथमः मेरो श्रीमती यातनाको कारण अस्वस्थ थिइन। बुबा पनि बिमार हुनुहुन्थ्यो। उनीहरूलाई बचाउँन उपचारको खोजीमा थिएँ। त्यसपछि मैले सबै कुराहरू जनाएर देशका जनतामाथि आईपरेको समस्यालाई संवेदनशील भएर समाधान गरिदिन भनी **राजालाई बिन्ती** गरी चिट्ठी लेखेँ। त्यो चिट्ठीको प्रतिलिपि म प्रस्तुत गर्न सक्छु। सरकारलाई आफ्नो अवस्थाको बारेमा जानकारी गराएँ। आफू निर्दोष भएर पनि जेल सजाय भोग्नु परेको बारेमा जानकारी गराई न्यायको लागि बिन्ती गरेँ। तर मेरो चिट्ठी र अपिलहरूको हेर विचार गरिएन। त्यसपछि थिम्पुको **भारतीय दुतावास** मार्फत ममाथि न्याय गरियोस् भनी चिट्ठी लेखें। भारतीय राजदुतावासबाट तुरुन्त जवाब पाएँ। मेरो निवेदनमाथि आवश्यक न्याय गरिदिनु भनी भुटान सरकारलाई दुतावासबाट लेखेको चिट्ठीको प्रतिलिपि पनि पाएँ। त्यसरी नै **संयुक्त राष्ट्र संघ** जहाँ मेरो नोकरी भुटानमा हुँदा नै निश्चित् भएको थियो। पुनः नोकरी दिनुहुन भन्दै भुटान सरकारले गरेको

अन्याय र अत्याचारको जानकारी गराई निवेदन पठाएँ । **मानव-अधिकारवादी** संस्थाहरूलाई पत्र लेखें । परिवारको दयनीय अवस्थाले म ज्यादै चिन्तित् थिएँ । आफूसँग केही नभएपछि बुबा र श्रीमतीको उपचार गर्न नसक्दा दुवैको निधन भयो । पागल जस्तो धेरै समय बिताएँ । मन बुझाउने सन्तोषजनक उपाय केही छैन ।

**प्रश्नः** ४. देशबाट लखेटिंदा तपाईँको मनमा कस्तो विचार थियो ? सेना अधिकृत, एक जिम्मेवार नागरिकलाई सरकारले देशद्रोही भनी देश निकाला गरेको अवस्थामा भुटानको भविष्यबारे तपाईँको विचार कस्तो छ ?

**उत्तरः** जसरी मजस्ता धेरै नागरिकहरूलाई देशबाट लखेटेको छ उनीहरू पनि मजस्तै दुःखी छन् र यस विषयमा गम्भीर पनि छन् । "मलाई यो संसार केही समयको व्यर्थैको अखाडा मात्र रहेछ जस्तो लाग्छ । हाम्रो देश, हाम्रो इतिहास, सरकार, राजा-रानी भनेर देशभक्ति भावनामा अन्धो भएर बलिदान हुनु तथा त्यस्तो परिवेशमा मानिस जिउनु व्यर्थ रहेछ त्यो त पापी शासकको मनमौजकोलागि जीवन खर्चिनु मात्र रहेछ जस्तो लाग्छ ।" यसरी देशबाट लखेटिंदा त्यो देशको अस्तित्व नै के को लागि जस्तो लाग्छ । "तँ लोत्सम्पाहरू, हक्-अधिकार खोज्ने, न्याय माग्ने, देशद्रोही हौ, भारतीय ज्यागा (Indian Dogs) हौ" जस्ता कटु वचन बोलेर अत्याचार गरी देशबाट लखेटेको सम्झँदा मनले नयाँ इतिहासको कल्पना गर्दो रहेछ । देशविहीन भुटानी जनताहरू भुटानका आततायीहरूले लगाएको कलङ्क सहेर बसी रहनुपर्छ जस्तो लाग्दैन यसको अन्त हुनुपर्छ जस्तो लाग्छ । एउटा परिवारको खुशीकोलागि मानिसहरू सारथी बनी उसको पापको भारी बोक्नु अनि देशविहीन भई **मूल्यहीन मृत्यु** मर्नुपर्छ भन्ने छैन । जुन देशमा मानिसहरू आत्म गौरव भई स्वतन्त्र रूपमा बाँच्न सक्दैनन् त्यस्तो देशको अस्तित्व सदा सर्वदा रहिरहन्छ जस्तो पनि लाग्दैन । त्यसैले आफ्नो भुटानको सार्वभौम र भविष्यप्रति पनि चिन्ता लाग्छ ।

**रबिन्द्रनाथ टेगोर र अल्बर्ट आईन्सटाइन्** जस्ता पुरुषहरूको उपदेशहरू पढ्दा गम्भीर विचारहरूको मन्थन् हुन्छ । रबिन्द्रनाथ टेगोरले भनेका छन्: "Patriotism cannot be our final spiritual shelter; my refuge is humanity. I will not buy glass for the price of diamonds, and I will never allow patriotism to triumph over humanity as long as I live." । "देशभक्ति हाम्रो अन्तिम

आध्यात्मिक शरण हुनसक्दैन । मेरो शरण मानवतामा छ । म हिराको मूल्यमा काँच खरिद गर्नेछैन, र म बाँचुञ्जेल मानवतामाथि देशभक्तिको विजय हुन दिनेछैन ।" टेगोरले यसो पनि भनेका छन्: "Nationalism is the greatest menace. It is the particular thing which for years has been at the bottom of India's troubles." "राष्ट्रवाद सबैभन्दा ठूलो खतरा हो । यो विशेष चिज हो जो वर्षौंदेखि भारतको समस्याहरूको मुख्य जड बनेको छ ।" त्यसैगरी अल्बर्ट आईन्सटाइन्ले भन्नु भएको छः "Nationalism is an infantile disease. It is the measles of mankind." "राष्ट्रवाद शिशुलाई लाग्ने रोग हो । यो मानवजातिको दादुरा हो" । उहाँले यसो पनि भन्नु भएको छः "I am against any nationalism, even in the guise of mere patriotism." "देशभक्तिको आडमा नै किन नहोस, म सबै प्रकारको अन्धराष्ट्रवादको विरोधमा छु ।"

यहाँ माथि उद्धृत अंशबाट आफूलाई सम्हाल्ने ज्ञान प्राप्त भएको महसुस हुन्छ । म देशभक्ति भावनाले ओतप्रोत भुटानी हूँ । देशको सुरक्षा र सार्वभौमिकताप्रति त्यागको भावना उत्तिकै छ । तर देशभक्तिको अर्थ मेरो अस्तित्व विपरीत हुन सक्दैन् भन्ने ज्ञानले आत्मिय शक्ति प्रदान गरेकोछ । जब म सेनामा थिएँ, इमान्दारीपूर्वक कर्तव्य पूरा गरिरहेको थिएँ । सेनाबाट नागरिक सेवामा स्थानान्तरण भएर पनि उत्तिकै इमान्दारीताका साथ व्यस्त हुन्थें । सरकारको कानुन कहिल्यै पनि उलङ्घन् गरिन । तर पनि मेरो मूल्य भएन, मलाई जेल हाल्यो, कुट्यो, बेईज्जती गरी देश निकाला गऱ्यो । *मलाई देश निकाला गर्ने त्यो देश मेरो लागि के को आवश्यक हुन्छ जस्तो लाग्छ ।*

कुनै पनि विषयले जब सिमा नाघ्छ त्यहाँ परिवर्तनको सुरुवात हुन्छ, । पक्ष-विपक्षका प्रतिक्रियाहरू हुन्छन् । त्यस्तो अवस्थामा देशमा ठूलाठूला घटना घट्नसक्छ, मेरो अनुमानमा 'भुटान' प्राकृतिकरूपमा नै मानव संरक्षणको लागि परिवर्तनको दिशातिर उन्मुख भईरहेकोछ । राजाको ईच्छाबिना जनता देशमा बस्न नपाउने, राजाले नचाहे अरूको सुरक्षा नहुने तर राजाको स्वार्थको लागि जनता बलि चढनुपर्छ भने त्यस्तो देश मानिस बस्न योग्य हुँदैन । दरबारको आडम्बरी जीवनका लागि विदेशबाट आएको आर्थिक सहयोग साथै किसानले कमाएका राजस्वबाट पनि अरबौं खर्च हुन्छ । त्यही जनताले दुःखेसो पोख्दा कुटाई सहँदै जेलमा जीवन बिताउँनु परिरहेको छ ।

"अत्याचार कहिलेसम्म सहेर बस्नु सहनशीलताको पनि सीमा हुन्छ । मानिसकोलागि सबैभन्दा प्रिय वस्तु उसको जीवन हो, उसको प्राण हो अनि सुख, शान्ति, स्वतन्त्रता र सुरक्षा उसको आधारभूत आवश्यकता हो । अतएव यो संसारमा अनन्तकालसम्म रहिरहने मानिसले गरेका कार्यहरू र संसारलाई दिएका योगदान्हरू हुन् । तर एउटा परिवारको खुशीकोलागि धरतीको कुनै पनि भौगोलिक क्षेत्र जसलाई सीमाङ्कन गरी आफ्नो देश भनी रक्षा गरिरहन्छौं, आफ्नो कर्तव्य सम्झी बलिदान हुन्छौं त्यो परिवारलाई सत्तामा राखिरहन कुनै पनि देशका नागरिकलाई आवश्यक पर्दैन यदि त्यो देशमा उ असुरक्षित् हुन्छ अनि बस्न पनि पाउँदैन भने ।"

संसारका वैज्ञानिक र दार्शनिकहरूले राष्ट्रियता र देशभक्तिबारेमा दिएका सन्देशहरूलाई यहाँ जोडेर हेर्दा अनुमान गर्न सकिन्छ कि भुटानको अस्तित्व कमजोर अवस्थामा पुगेको छ र देशको भविष्य वर्तमान राजा जिग्मी गेसर नामगेल वाङचुकको हातमा छ। देशका जनतालाई दुश्मनलाई जस्तो व्यवहार गर्ने, सिंहासनको आडमा अहंकारी भई जनताका घरहरू आगो लगाएर निर्ममतापूर्वक देशबाट लखेटेर पनि शासक निष्फिक्री रहने, जनतामाथि न्यायगर्न नचाहाने हो भने त्यस्तो अवस्थामा जनताले विकल्प खोज्ने अनि कठोर निर्णय गरेको इतिहास पनि छ । भुटानी राजाको कुकर्मको फल यस्तो पनि हुनसक्छ ।

**प्रश्नः ५**. तपाईंको वर्तमान अवस्था कस्तो छ ?

**उत्तरः** धेरै वर्षहरू बितिसके । समयले विभिन्न मोडहरू ल्याएको छ । आफन्तहरू, मित्रहरू र आफ्नै परिवारका सदस्यहरू पनि यताउता लागिसके । शरणार्थीहरूमा धेरै परिवर्तन आईसकेको छ । विकसित देशहरूमा पुनर्वास भई आर्थिक रूपमा पनि सम्पन्न भईसकेका छन् । मेरो अवस्था भने नाजुक छ । मेरो दैनिक जीवन, खानपीन, शारीरिक र मानसिक पीडाहरू उत्तिकै पीडादायक छन् । आर्थिकरूपमा पनि मेरो जीवन अतिनै दयनीय अवस्थामा छ । केही गर्ने मन छ तर मसँग धन छैन । त्यसैले मलाई एक्लो महसुस हुन्छ । मन मिल्ने साथीहरू छैनन् । सबैलाई आफ्नै परिवार र आफ्नै प्रगति मात्र महत्वपूर्ण भएको देख्छु । छोरा-छोरीको भविष्य बनाउन भौतिक आवश्यकताहरूको जोड्जाम गर्नमा सबै व्यस्त देखिन्छन् । नगरुँन पनि कसरी, सन्तानको भविष्यको लागि केही त गर्नैपर्छ । यस्तो अवस्थामा कतै उनीहरूले भुटानलाई भुलिसके कि भनी

मन झसङ्ग झस्किन्छ। यस्ता कुराहरूले मनमा पीडा हुन्छ। उनीहरूका छोरा-छोरीहरूले जस्तो सबैका छोरा-छोरीहरूले साथ र सहयोग पाउन सकेका छैनन्। तर पनि यो शरीर थाकेर कोल्टे मोड् लिएको छैन । यहाँ जसरी हुन्छ भुटानको अमानवीय शासनलाई निर्मुल गरी जनतालाई तानाशाहको अखडाबाट मुक्त गरी स्वतन्त्र र स्वच्छ जीवन दिनसके यो जीवन धन्यको हुन्थ्यो भन्ने भावनाहरू मनमा उर्लिएका छन् । चाहे दुनियाँले जेसुकै भनुन् यो हातले भुटानको नयाँ इतिहास लेख्ने मन छ। मैले लेख्न मौका नपाए पनि यो मेरो विचार कुनै समय कसैद्वारा पूरा होस् भन्दछु। यस्तै छ मेरो वर्तमान शारीरिक र मानसिक अवस्था।

**प्रश्नः ६.** आफ्नो देश भुटानमा तपाईँ के गर्न चाहनु हुन्छ ?

**उत्तर**ः सर्वप्रथमः म भुटान सरकारले गरेको अत्याचार र अपराधहरूलाई विश्वसामु उजागार गरेर जनतालाई न्याय दिलाउन चाहान्छु। दोस्रोः भुटानको निरङ्कुश राजतन्त्रलाई निर्मुल गरी जनताको हित र सुरक्षाको ग्यारेण्टी गर्नसक्ने व्यवस्था स्थापना गर्न कठिन भन्दा कठिन परिश्रम गर्न तयार छु। त्यतिमात्र होईन भुटानका सबै जातजातिका जनताहरूको सुरक्षा गर्न अनि भुटानी जनतालाई नरभक्षकहरूको शोषणबाट मुक्त गराई स्वतन्त्र र असल प्रजातान्त्रिक व्यवस्थामा राख्न जुनसुकै निर्णय गर्न पनि तयार छु । मेरोलागि धर्म, राजनीति, राष्ट्र, राष्ट्रियता तथा देशभक्ति भन्दा मानिस ठूलो हो मानवता ठूलो हो ।

**प्रश्नः ७.** भुटानमा सन् २००८ मा नै प्रजातन्त्र स्थापना भएको हो, प्रजातन्त्र भएपछि राजा तथा उसको प्रजातान्त्रिक सरकार विरुद्ध किन लडने ?

**उत्तरः** सन् २००८ को प्रजातन्त्र राजा जिग्मी सिगें वाङचुकको आफ्नो बचाउका लागि ल्याईएको हो । भुटानी जनताका लागि होईन । छिमेकी देश भारत र विश्वका केही नराम्रा देशहरूले मात्र भुटानको प्रजातन्त्रलाई स्वीकार गरेका छन् । अन्य देशहरूले भुटानको प्रजातन्त्रलाई अपूर्ण, असत्य र नक्कली भनेर मूल्याङकन गरेका छन् । जबसम्म देशबाट लखेटिएका जनताहरूको न्याय हुँदैंन तबसम्म भुटानमा जनताको प्रजातन्त्र भएको हुँदैन। भुटानी जनताहरूमाथि गरिएको बर्बर अत्याचार र अपुरणीय क्षतिको बारेमा छानवीन गरी अपराध गर्नेलाई जबसम्म कार्वाही हुँदैन तबसम्म भुटानी जनताको न्याय हुँदैन । राजाले बनाएको प्रजातन्त्र राजाको लागि हो। त्यस्तो प्रजातन्त्रले देश र जनताको होइन

राजाको सुरक्षा गर्छ। यदि कसैले भुटानमा **जनताद्वारा, जनताकोलागि** र **जनताको** प्रजातन्त्र स्थापित भएकोछ भन्छ भने त्यो देश वा त्यस्ता देशहरूको शासकहरू जनतालाई शोषण गर्ने व्यक्ति वा वर्ग मात्र नभएर पागल पनि हुनुपर्छ।

**प्रश्नः ८.** तपाईँ यतिका वर्षहरू के गरिरहनु भयो ? के छ उपलब्धीहरू ?

**उत्तरः** सुरुका समय आफ्नै परिवार, शरणार्थी परिवेश र अन्तर्राष्ट्रिय कानुनको बारे बुझ्नमा बित्यो । त्यसपछि केही समय विश्वसमुदायलाई भुटान सरकारले गरेको अन्याय र अत्याचारको जानकारी गराउनमा बित्यो । केही मित्रहरू तथा सामाजिक कार्यकर्ताहरूसँग मिलेर विश्वका विभिन्न देशहरूमा पत्रहरू पठायौं । धेरै देशहरूबाट हामीलाई सहयोग गर्ने प्रतिबद्धता भएको जवाफहरू पायौं । हाम्रो विषय राजनीतिक भएको हुनाले कार्यगर्न सजिलो बनाउन संस्थाहरू स्थापना गर्‍यौं । जसमध्ये 'भूतपूर्व सैनिक संगठन', 'भुटान प्रजातान्त्रिक समाजवादी दल' (BDSP), 'मानव अधिकार संरक्षण केन्दः भुटान' (CPHRB) प्रमुख थिए । हामीलाई (Socialist International) 'अन्तर्राष्ट्रिय समाजवाद' को न्युयोर्कमा हुने सन् १९९६ को जनसभाबाट भुटानी शरणार्थी समस्या बारेमा हाम्रो धारणा राख्न निमन्त्रणा पाएका थियौं । उक्त सभामा जानको लागि नेपाली कांग्रेसले सहयोग गर्ने भएको थियो। दुर्भाग्यवश हामी जान सकेनौं । कारण भुटानका राजनीतिक दलहरूले विरोधगरेर महासचिव, लुईस आयला (Luis Ayala) लाई पत्र लेखेछन् । यसबारे हामीलाई लुईस आयलाले पत्रद्वारा जानकारी गराउनु भयो। हामी जान सकेनौं। हामी आफ्नै मन-मुटाब तथा मनोविकारको कारण असफल भएका हौं। मैले सोचेको थिएँ सबै भुटानीहरू एक छौं। हाम्रो आन्दोलन एउटै छ र हामी एकअर्कामा सल्लाह गरेर कार्य गर्दा राम्रो हुन्छ भन्ने विश्वास थियो। तर भुटानी राजनीतिक दलहरू र संस्थाहरूसँग सल्लाह गर्नु भुल भएछ। सफलताको बाटोमा कदम राख्दैगर्दा प्राप्त उपलब्धिहरू निराधार भएर गए। हामीले केही त गरेकै थियौं। केही पनि गर्न नसकेको चाहिँ होईन । यो घटनापछि राजनीतिमा आफ्नैसँग सर्तक रहनुपर्नेछ भन्ने अनुभव भएको छ। यस्तो बाधा र षड्यन्त्रहरूको सामना गर्दै धेरै समय बित्यो। हामीलाई विरोध गर्नेहरूले पनि विरोध र षड्यन्त्र बाहेक केही गरेनन् । आज भुटानी शरणार्थीहरू तेस्रो मूलक पुनर्वास भईसकेका छन् । अत्यन्त पीडामा छट्पटाई रहेका भुटानीहरू सुरक्षित भएकोमा खुशी छु। मभित्र अझै पनि केही गर्ने ईच्छा, आकांक्षा र उमंग भने जीवितै छ।

**प्रश्नः ९.** शरणार्थीहरू तेस्रो मूलुक गईसके अब कसरी हुन्छ आन्दोलन ? के गर्न सक्नुहुन्छ ?

**उत्तरः** हो, भुटानी शरणार्थीहरू प्रायःजसो तेस्रो मूलुक पुनर्वास भईसके । केही शरणार्थी मात्र घर फिर्तीको लागि प्रतिक्षा गरिरहेका छन् । तर भुटानी आन्दोलन समाप्त भएको छैन । आन्दोलन मानिसको भीडले मात्र हुँदैन, जहाँ जसलाई जसरी दुःखेको हुन्छ आन्दोलन पनि त्यसरीनै अघि बढ्छ । पुनर्वास भएका शरणार्थीहरूलाई नेपालको शिविरमा भए जस्तो पीडा छैन । उनीहरूलाई पुनर्वास भएको देशहरूमा धेरै आराम र शान्ति मिलेको छ तर पनि राजाको अत्याचारलाई भुलेका छैनन् होला भन्ठान्छु । आफ्नो देश छोडेर अर्काको देशमा पुनर्वास हुँदा गौरव गर्ने विषय पनि होईन । उनीहरू धेरैको हृदय मेरो जस्तै दुःखीरहेको हुनसक्छ । पुनर्वास हुनुभन्दा पहिला हामी बाँचेर केही गर्नुपर्छ भन्ने कुरा मुख्य थियो । आशा छ भुटान सरकारले गरेको अपराधहरूको विरुद्ध फेरि आवाज उठ्नेछ । त्यो आवाज भुटानमा गुञ्जनेछ । त्यो आवाजले भुटानी जनतालाई जागृत र सचेत गराउनेछ ।

भुटानमा आन्दोलन विभिन्न प्रकारले हुनेछ । हिजोका राजाका पृष्ठपोषकहरू दास सरह राजाको सेवा गर्नेहरू पनि निरङ्कुश राजाको विरुद्ध बोल्ने छन् । तब राजाले सबैमाथि शंका गर्नेछ । सुरुमा उसले आफ्नो सैन्य शक्तिको प्रदर्शन गर्नेछ । केहीलाई फाइरिङ स्क्वाड्द्वारा मार्नेछ जसरी ब्रिगेडियर छाब्दालाई मारे, जिग्मी पाल्देन दोर्जीहरूलाई मारेको थियो । राजाले क्रुर तरिकाले मान्छे मार्छ जसरी मासुर छेत्री र सेकतालालाई हातखुट्टा बाँधेर छालाको धोक्रोभित्र हाली जिउँदै खोलामा बगाएको थियो । राजाका नजिक मानिएका सेनाप्रमुख, अंगरक्षक, राजनीतिक सल्लाहकार र राजाको गोप्यकुरा जान्नेहरू, गाडीको ड्राईभरदेखि खाना-पकाउनेहरू सबै शंकाको घेरामा हुनेछन् । जिग्मी सिगें वाङचुकको पिता स्व. राजा जिग्मी दोर्जीको समयमा धेरै मानिसहरू भागेर नेपालमा शरणलिई ज्यान जोगाएका थिए, त्यसरी नै भाग्न सफल हुनेहरू बाँच्नेछन् । शान्तिपूर्वक रहन हामीले जनतालाई जागृत गराउनु पर्नेछ । सबैलाई एकभई रहन सल्लाह र सुझाव सहित सचेत गराउनु पर्नेछ । केही समय लाग्छ तर मलाई विश्वास छ सत्य स्थापित हुनेछ र असत्यको पर्दाफास हुनेछ । भुटानी जनता निरङ्कुशताको पिंजडाबाट निश्चितरूपमा मुक्त हुनेछन् ।

**प्रश्नः १०.** तपाइँलाई कसले सहायता गर्छ ? पुनर्वास भएकाहरूले बिर्सिसके भुटानलाई । भुटानी शरणार्थीहरू माझ हिम्मत भएको र केहीगर्ने मन भएकाहरू देखेका छैनौं । डाक्टर भम्पा राई एक भरपर्दो अभियन्ता थिए । उहाँको पनि निधन भईसकेको अवस्था छ ।

**उत्तरः** सर्वप्रथम डाक्टर भम्पा राईप्रति हार्दिक श्रद्धाञ्जली चढाउँदछु । उहाँ एक देशभक्त र हामी सबैको प्रिय अभिभावक हुनुहुन्थ्यो । उहाँले भुटानी शरणार्थीहरूलाई असल बाटो देखाएर जानु भएको छ । आज उहाँ हामी माझ हुनुहुन्न तर सँगै हुदाँ हामीले सुरु गरेका वैचारिक आन्दोलनको लक्ष्य र उद्देश्यमा परिवर्तन हुने छैन कमी पनि आउने छैन । यो त झन् सशक्त भई अघि बढ्नुपर्छ ।

भुटानी शरणार्थीहरू माझ केही गर्ने मन भएकाहरू छैनन् भन्नु उचित नहोला । मलाई लाग्छ भुटानी भावना भएकाहरू जसले भुटानलाई आफ्नो अस्तित्वसँग जोडिएको माटो भनी चिन्दछन् बुझ्दछन् उनीहरूले साथ दिनेछन् । जसले यो जीवनमा केही गर्न चाहेका छन् उनीहरूकोलागि जीवनको यो पुनित अवसर पनि हो । **भुटानभित्र भएका ङालोङ, सार्छोप तथा सबै जनसमुदायहरूका बुद्धिजीवीहरूबाट पनि यस कार्यको नेतृत्व हुनसक्छ ।** त्यसरीनै पुनर्वास भएको देशमा धेरै ऐतिहासिक कार्य गरे पनि भुटानलाई तानाशाहबाट मुक्त गर्नु जस्तो ठूलो ऐतिहासिक कर्म अर्को हुनेछैन । जसलाई भुटानीहरूले बुझेका छन् । पुनर्वास भएकाहरूकोलागि यो एउटा पुरुषार्थी र न्यायिक कार्य पनि हुनेछ ।

मानिसजाती सबैलाई आर्थिक रूपमा स्वतन्त्र भएर बाँच्ने मन हुन्छ । संसारका सुखहरू प्राप्त गर्न मानिस सदैव उत्साहित् हुन्छन् । भुटानीहरूको मन पनि त्यस्तै ईच्छा र आकांक्षामा बाँधिनु स्वभाविक हो । तर ईख भएका र आफ्नो इतिहासको माया भएका व्यक्ति, परिवार र सन्तानहरूले पुनर्वास भएको देशमा आफ्नो परिचय लुकाएर, शिर झुकाई जीवन बिताउँदैनन् जस्तो लाग्छ मलाई । केही त गर्नैपर्छ भन्ने सोच भएकाहरू अवश्य देखा पर्नेछन् । यसरीनै आन्दोलनले साथ पाउनेछ भन्ने मलाई विश्वास छ । **अनुभवी एवं वरिष्ठ भुटानी युवाहरू जसले मलाई चिनेका छन् र जसले भुटानको बर्बर अत्याचारलाई बिर्सेका छैनन्** आन्दोलनमा उनीहरूको साथ रहनेछ । अनि जो संसारिक सुखभोग र आडम्बरी जीवन भन्दा माथि छन् उनीहरूको अगुवाई रहनेछ । यो आन्दोलन मजस्ता मानिसहरू मरेर गएता पनि निरन्तर रूपमा चलिरहने छ । जबसम्म भुटानी

जनताले न्याय पाउँदैनन् तबसम्म यसले विश्राम लिने छैन भन्ने मलाई आशा छ ।

**प्रश्नः ११.** तपाइँ बाल्यकालदेखि भारतमा पढनु भएको रहेछ । सन् १८७१ मा तपाइँको हजुरबुबा कञ्चने गिरी दार्जीलिङमा जन्मनु भएको रहेछ तब तपाइँ कसरी भुटानको नागरिक हुनुहुन्छ ?

**उत्तरः** मानिस जन्मको आधारमा मात्र कुनै देशको नागरिक भनी पहिचान हुँदैन । भुटानी आमा-बाबाका सन्तानहरू अन्य देशमा जन्मदा गैर भुटानी हुँदैनन् । भुटानी राजा 'जिग्मी गेसार नाम्गेल वाङचुक' पनि रहश्यमय तरिकामा एक अबिवाहित महिला छिरिङ याङडोनबाट सन् १९८० फरवरी २१ मा काठमाडौंको नर्भिक अस्पतालमा जन्मनु भएको हो । जन्मदाको परिस्थिति, ठाउँ र समय जन्मने बालकको दोष हुँदैन । म भुटान बाहिर जन्मेको भएपनि त्यसले मेरो नागरिकता प्रमाणित हुँदैन । म भुटानी हुँ, मलाई थाहा छ । **सन् १९६३-६७** को पिन्जुली प्राईमरी स्कुलको रिकर्डमा मेरो बारेमा लेखिएको छ त्यसबाट प्रष्ट हुन्छ । उदाहरणमाः भारतको भूतपूर्व प्रधानमन्त्री **डा. मनमहोन सिंह** पाकिस्तानको पंन्जाब प्रान्तको 'गाव' मा २६ सेप्टेम्बर १९३२ मा जन्मनु भएको थियो । भारत स्वतन्त्र भएपछि सन् १९४७ मा भारत आएका हुन् । बलीउड हिरो बिनोद खन्ना पाकिस्तानको पेशावरमा ६ अक्टोबर १९४६ मा जन्मनु भएको थियो । उहाँ BJP को सांसद र भारत सरकारको मन्त्री पनि हुनुभयो । भुटानको शासकवर्ग र प्रायः सबै जनसमुदायहरू बाहिरबाट आएका हुन् । भुटानको पहिलो पेन्लप **छोग्याल मिन्जुर तेम्पा** तिब्बतको दाम्चो लेण्डुप मीन-चुदमा जन्मनु भएको हो । उहाँलाई (१६६७-१६८०) साब्ड्रुङले टोङ्सा पेन्लपमा नियुक्ति गरेका थिए । उगेन वाङचुक सन् १८६२ मा वाङदीफोलिङमा जन्मनु भएको हो । उगेन वाङचुकको पिता देसी जिग्मी नाम्गेल लुन्सी जोङमा जन्मेको (१८२५-१८८१) भनी बताईएको छ । देसी जिग्मी नाम्गेलको पिता डासो फिला गोन्पो वाङ्ग्याल वाङ्चोलिङ प्यालेसमा जन्मेको भनिएतापनि कुनै यथेष्ट प्रमाण छैन ।

भुटानको पुनखा, पारो आदि ठाउँहरूमा भएका जोङहरू नेपाली कालीगड तथा शिल्पकर्मीहरू जो गुरु पद्मसम्भवले आठौं शताब्दीमा तिब्बतबाट ल्याएका थिए र साब्ड्रुङको पालामा नेपालबाट ल्याएका थिए । तिनै नेलाली कालीगड तथा शिल्पकर्मीहरूले बनाएका हुन् । त्यो समयदेखि ती नेपालीहरूलाई भुटानमा

बसोबास गराएका थिए । भुटानका जोङ तथा दरबारहरू नेपालका नेवारी शिल्पकला तथा बौद्धधर्म सम्बन्धी वास्तुकलामा आधारित छन् ।

वाङचुकहरूको शासनकालमा कुनै पनि ऐतिहासिक भवनहरू बनिएको छैन । वाङचुक राजतन्त्रपछि भुटानको इतिहासमा झुट बढी लेखिएको छ । उहाँहरूले दक्षिण भुटान र पूर्वी भुटानका मानिसहरूको अस्तित्व लोप गराउन इतिहासलाई केरमेट गर्नुमात्र होइन सत्यलाई ढाक्न धेरै साधनहरू प्रयोग गरेका छन् । दक्षिणका घोण्डे गुरुङहरू तथा गर्जमान गुरुङको इतिहास लेखिएको छैन । साम्ची सौरेनीको बाहुन्न ढोका दरबारको केही नलेखिनु इतिहासको गला दबाउनु हो । वाङचुकका पुर्खाहरू छेड्रूप क्युन्गा वाङ्पोका वंश तथा टेरतो गुरु छेवाङका सन्तानहरू तिब्बतबाट आएर भुटानका नागरिक भए । उनीहरू भुटानको माटोबाट उम्रेका होईनन् । **मेरा पुर्खाहरू पनि भारतीय हुन् भन्नुमा मलाई अप्ठयारो हुँदैन ।** मलाई भारतीय नागरिक भनी दर्ता गरिदिएको भए म गर्व गर्दथेँ । तर पनि प्रश्नको उत्तर भन्नुपर्ने भएकोले म भुटानी नागरिक हुँ भन्ने कुरामा म स्पष्ट छु । यस्ता उदाहरणहरू सबै देशहरूमा पाईन्छ । कसैले अधर्म चिताएर नकरात्मक् टिप्पणी गर्नचाहे मलाई केही भन्नु छैन ।

**प्रश्नः १२**. भुटान पिपल्स पार्टीको अध्यक्ष आर.के. बुढाथोकीको हत्यामा संलग्न भएको भन्ने बलराम पौडेल, डम्बरसिंह काफ्ले र हरि पोखरेलले तपाईं विरुद्ध मुद्दा हालेका रहेछन् । दोषी नभए मुद्दाको अवस्था कस्तो छ, केही बताउन सक्नुहुन्छ ?

**उत्तरः** भुटान पिपल्स पार्टीको अध्यक्ष आर.के. बुढाथोकीको हत्या उहाँकै केन्द्रीय नेताहरूको गैरजिम्मावरीको कारण भएको देखिन्छ । आर.के. बुढाथोकीपछि पार्टी अध्यक्षको प्रमुख दाबेदार बलराम पौडेल भएकोले उहाँले यो घटना हुनबाट रोक्नलाई कुनै पनि चासो नदिईएकोले उहाँमाथि पनि प्रशासनले सोधपुछ गर्नुपर्ने हो । अध्यक्ष बुढाथोकीलाई मार्ने धम्की बारे थाहा भएर पनि त्यसप्रति ध्यान नदिई गोप्य मिटिङको आयोजना गरियो । जुन व्यक्ति र समुहबाट मार्ने धम्की आएको थियो त्यही व्यक्ति **रामचन्द्र सुबेदी** र उसको समुहलाई बिना चेकजाँच गोप्य मिटिङ कोठामा निम्त्याईयो । हत्यापछि रामचन्द्र सुबेदीलाई सहजै भाग्न दिएकोले पनि त्यहाँ भएका पार्टीका नेताहरू लगायत बलराम पौडेलमाथि शंका गर्न सकिन्छ । हत्यापछि त्यो मिटिङको आयोजक बलराम पौडेल र त्यहाँ उपस्थित केन्द्रीय

नेताहरूले भुटानी शरणार्थीहरू जस-जसमाथि रिस राग थियो उनीहरूमाथि मुद्धा हाले । यो कस्तो विडम्बना, नेपालका प्रहरी प्रशासन र वकीलहरू पनि विवेकहीन देखिएका छन् । कोठाभित्रकाहरूलाई नदेखेको झैं गरी बाहिर भएकाहरू जस-जसको नाममा बलराम पौडेलले उजुरी गऱ्यो उनीहरूमाथि कार्वाही गर्नथाल्यो । जसको कारण ३० जना भन्दा बढी निर्दोष शरणार्थीहरूको जीवन बर्वाद भएको छ । हत्या गराउने योजनाकारहरू कोठाभित्रका पनि हुनसक्थे तर नेपालका प्रहरी प्रशासनले आफूमा भएको दक्षता र विवेकको प्रयोग गरेनन् । आर.के.बुढाथोकी आफ्नै पार्टीको षड्यन्त्रमा पर्नुभयो यसमा कुनै सन्देह नै छैन । यसमा नेपालका प्रहरी प्रशासन र कानुनी निकायको कमजोरी छ । *प्रहरी प्रशासनले हत्या भएको कोठा, मार्छु भनी धम्की दिने व्यक्तिहरू, पार्टीको गोप्य मिटिङको आयोजना गर्ने व्यक्ति महासचिव बलराम पौडेल र हत्यारा रामचन्द्र सुबेदी माथि छानवीन नगरी पौडेलले जसो भन्यो त्यसैको आधारमा मुद्दा हालियो अनि कार्वाही सुरु भयो ।* मृतक आर.के. बुढाथोकी परिवारलाई अन्धकारमा राखिएको छ। उनीहरूले न्याय पाएका छैनन् । पौडेलले निर्दोषहरूमाथि मुद्दा हालेको विषय नेपाल सरकार र भुटानी शरणार्थीहरूलाई थाहा छ ।

म निर्दोष छु यसमा कुनै शंका छैन । मलाई बर्वाद गर्न बलराम पौडेलले उसको पार्टीको नेता **डम्बरसिंह काफ्ले**लाई नक्कली कागज बनाएर ममाथि मुद्दा हालेको स्पष्ट छ। **हरि पोखरेल** भन्ने अर्को व्यक्तिले डम्बर सिंह काफ्लेसँग मिलेर मेरो विरुद्ध झुटो अभियोग तयार गर्न कार्य गरेको छ । डम्बरसिंह काफ्लेलाई सोधपुछ् गर्दा 'बलराम पौडेलले एन बी गिरीमाथि पनि मुद्दा हाल्नुपर्छ भनी हुकुम गरेको हुनाले हामीले त्यसै गऱ्यौं' **भनी** उहाँले बताउनु भएको छ ।

झुटो मुद्दा हालेर बलराम पौडेलले अन्याय गरेको बारेमा जानकारी गराई बि.स. २०६६ गृहमन्त्रालय मार्फत नेपाल सरकारमा निवेदन गऱ्यौं । गृहमन्त्रालयले हामी निर्दोष भएको कुरा बुझेपछि नेपाल सरकारले २०६७ श्रावण २८ गते तथा सन् **२०१० अगष्ट १३** तारिक मुद्धा फिर्ता गरिदियो । तर झापा अदालतका वकीलहरूले मिसिल हराएको भनी ६ महिनासम्म मुद्दा फिर्ताको कार्य भएन। बलराम पौडेलले रिट् हाल्यो र झापा अदालतले २०६९ साल जेष्ठ २ गते तथा सन् २०१२ मई १५ तारिक मुद्दाको फैसला गऱ्यो । जसमा केहीको हकमा मुद्दा तामेलीमा यथावत राखियो र केहीलाई सजाए तोकियो । त्यसपछि नेपाल सरकार र अदालतलाई म निर्दोष छु भन्ने कुरा स्पष्ट गर्न अदालतमा जाने निर्णय

गरेँ । अदालतमा उभिएर न्याय मांगिरहेको अवस्थामा **२०७३ फागुन ९ गते** तथा सन् **२०१७ फेब्रुवरी २०** तारिक झापा जिल्लाको सम्मानित अदालतले बलराम पौडेलले ममाथि लगाएको अभियोगहरूको छानवीन गर्दा ती सबै अभियोहरू झुटो ठहर गऱ्यो । त्यसपश्चात सबै पक्षको बहस सकिएपछि म पूर्णरूपमा निर्दोष ठहरिएकोले यस मुद्दाबाट सम्माननीय अदालतले मलाई ससम्मान् मुक्त गरिदिएको छ ।

**प्रश्नः १३.** भुटान, राजा र जनताको बारेमा तपाईंको दर्शन र भविष्यबारे केही बताउन चाहानु हुन्छ कि ?

**उत्तर**: देश, कुनै एक विशिष्ट भूभागको माटोले बनेको हुँदैन । मानिसको बसोबास हुँदामात्र एउटा देश अस्तित्वमा रहने हो, साथै मानिस हुँदामात्र देश पनि रहने हो । एउटा देश अस्तित्वमा आएपछि एक असल शासन प्रणाली अन्तर्गत त्यहाँ बसोबास गर्ने सबै जात-जातिका मानिसहरू सबैको इच्छा र आवश्यकता अनुसार देशको देश विकास गरिन्छ । यसरी व्यवस्थित भएको देशमात्र शान्ति र सुव्यवस्थित भई मानिस बस्ने योग्यको हुन्छ । शासन प्रणालीको पदभार सम्हाल्ने शाषनकर्तालाई जनताको प्रगतिशील विवेक र समयानुकूल परिवर्तन र उसको स्वतन्त्रतालाई शक्तिको भरमा आधिपत्य जमाउने अधिकार हुँदैन । देशको शासन पद्धतिमा सकारात्मक् परिवर्तन गर्न र देश हितमा नागरिकहरूले आफ्नो अनुभव र ज्ञानलाई प्रयोगमा ल्याउन पाउनु उसको सार्वभौम अधिकार हो । देशको प्रगति गर्ने जनताको सार्वभौम अधिकारप्रति शासनकर्ता सहयोगी बन्नुपर्छ ।

मानिस यस धरतीमा सधैंभरी अत्याचार सहेर बाँच्न सक्दैन । जहाँ शासकद्वारा जनतामाथि अमानवीय व्यवहार गरिन्छ त्यहाँ जनताले विकल्पहरूको खोज गर्दछ । मानिसको सर्वोच्चताको महत्वमा उसलाई जन्मदेखि नै समाज, देश तथा विश्वमा कुनै कष्टकर आपद्बिना स्वतन्त्र रूपमा जिउने अधिकार हुन्छ । यो अधिकार कुनै सरकार, संघ संस्था तथा राष्ट्रसंघले तय गर्ने होइन । यो मानिसको जन्मसिद्ध अधिकार हो यसको संरक्षण हुनुपर्छ ।

भुटान भूपरिवेष्ठित विकासोन्मुख देशमा वाङचुक राजाहरूको स्वेच्छाचारी शासन छ । विकासको सन्दर्भमा भुटानीहरू अझै अन्धकारमा छन् । निरङ्कुश राजाले देशको जनता बाठो, बलियो र स्वतन्त्र देख्न चाँहदैन । भुटानी जनता दुनियाँको सामु **आडम्बरी खुशी** व्यक्त गर्न बाध्य छन् । भेदभाव नीतिले गर्दा

जनताको एकता, सदभावना र संस्कृतिमा विकृति आएको छ । जब सभ्यता र संस्कृतिमा विकृति आउँछ समाज विभाजन हुन्छ । सन् १९९० मा नेपालीभाषी लोत्सम्पामाथि गरिएको अमानवीय अत्याचारले देशको अखण्डतालाई कमजोर बनाएको छ । एक-आपसमा मिलीजुली बसेका भुटानी जनसमुदायहरू एक अर्को समुदायबाट पृथक् हुन थालेका छन् । राजालाई सायद **'मैले जे गरैं ठीक गरैं'** जस्तो लाग्दो होला तर यो उहाँको पराभव मानसिक अवस्था हो । देशका जनता जो सुकैलाई पनि राष्ट्रियताको अधिकारबाट वञ्चित गर्न सरकारलाई अधिकार छैन ।

राज्यविहीन बनाईएका भुटानीहरूलाई राजा र उसको सरकारले गर्नसक्ने कार्यहरू गरेर उठेका प्रश्नहरू र सम्भाव्य समाधानप्रति ध्यानाकृष्ट हुनुपर्ने हो । तर आजसम्म यसबारे केही भएको छैन । भुटानमा वाङचुक राजतन्त्र स्थापित भएको समयकालदेखि भुटानीहरू राजाका आक्रमक व्यवहार र थिचोमिचोहरू सहेर बाँचीरहेका छन् । राजपरिवारमा पराश्रित ङालोङजातिका एउटा समुहलाई मात्र भुटान राम्रो छ । तर तिनै ङालोङहरू आफ्नो कर्तव्यमा सारिक हुने, देशप्रति सग्लो प्रेम गर्ने, परिवर्तनशील बौद्धिक समाज र कर्मनिष्ठ ङालोङहरूमाथि पनि गम्भीर घटनाहरू घटिरहेका छन् । राजाको वैरभावको कारण भुटानीहरू सुरक्षित छैनन् । भुटानीहरू राजतन्त्रबाट पूर्णरूपमा मुक्ति चाहान्छन् ।

सन् १९६४ अप्रेल ५ मा प्रधानमन्त्री जिग्मी पाल्देन दोर्जीको हत्या गरेपछि दोर्जी परिवारलाई खुशी राख्न उसको भाई लेण्डुप दोर्जीलाई प्रधानमन्त्री बनाए । दाजुको हत्या गरेकोमा लेण्डुप खुशी थिएनन् । त्यही समय **लेण्डुप दोर्जीले** राजालाई हटाउन भारतका प्रधानमन्त्री नेहरूको मद्दत् मागेका थिए । श्री रस्गोत्रासँग पनि अनुरोध गरेका थिए । त्यस बखत भारतको परिस्थिति ठीक नभएकोले त्यो प्रस्ताव स्वीकार भएन । श्री रस्गोत्राको किताब 'A Life in Diplomacy' मा यसबारे लेखिएको छ । मैले विभिन्न प्रसंगहरूमा भुटान र भुटानी शरणार्थीहरूको बारेमा उठेका प्रश्नहरूको विषयमा आफ्नो विचारहरू राखेको छु ।

भुटान देश कसैको आर्शीवादले गर्दा अस्तित्वमा आएको होईन । राजा नभए पनि देश रहन सक्छ । तर राजा भएरपनि जनता खुशी नभए, भेदभाव कायम रहे देश नरहन सक्छ । यो अवश्यम्भावी विषय हो । **'बल् भन्दा बुद्धी ठूलो अनि राजत्व भन्दा मानवता ठूलो हो'** भन्ने ज्ञानलाई राजाले बुझ्ने प्रयास

गर्दैन, उसले मानिसलाई बल प्रयोग गरेर चोट् पुऱ्याउँछ भने राजाले आफ्नो पतन गर्दै देशलाई पनि हानी गर्नेछ। भुटानको भविष्यकोलागि भुटानबासीहरू एक-आपसमा मिलेर बस्नुपर्छ। हामी अन्धकूप अवस्थामा रही रहने मानिस जाति होईनौं। हामीले वैज्ञानिकीकरण गर्दै देशको विकास गर्नुपर्छ। देशका युवावर्गमा भएका प्रगतिशील सोच र ज्ञानलाई मौलाउन भरमग्दूर सहयोग गर्नुपर्छ। देशको मान मर्यादालाई उच्चराख्न राजाद्वारा होईन तर जनताद्वारा प्रतिपादित जनताको प्रजातान्त्रिक सरकार व्यवस्था स्थापित गर्नुपर्दछ।

**प्रश्नः १४.** छोटकरीमा भन्नुहोला नेपालबाट के कस्ता सहयोग पाउनु भयो ?

**उत्तरः** नेपाली नेतागण र सरकारले सहयोग गर्नु हुनेछ भनी सुरुका दिनहरूमा मलाई ज्यादै आशा र भरोसा लागेको थियो तर समयकाल फेरिदै जाँदा ती आशा र भरोसाहरू सबै चकनाचुर भए। सन् २००५ को अन्ततिर जब नेपाली कांग्रेसले चुनाव खर्च भनी भुटानका नरेशबाट पैसा लिएको कुरा मैले सुने म आश्चर्यचकित भएँ। यो कुरा सही हो या गलत् भनी पत्तो लगाउन म गिरिजाप्रसाद कोईरालासम्म पुगें तर मलाई उहाँको कुरामा विश्वास भएन। अझ उहाँमाथि नै शंका उत्पन्न भयो। त्यसै वर्षदेखि नेपालका राजनीतिक नेताहरूप्रति मेरो विश्वास टुटेको हो। त्यसपछि मैले खुलेर राजनीति गर्न पनि छोड़ें। नेपालका मेरा मित्रहरू, केही विद्वानहरू र साधारण जनताप्रति भने मेरो आशा र विश्वास यथावत् रहिरहेको छ।

**प्रश्नः १५.** अन्तमा, नक्कली भुटानी शरणार्थी प्रकरणमा भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजाल पनि पक्राउ परेर जेलमा छन्, यसबारे केही भन्न चाहानु हुन्छ ?

**उत्तरः** मलाई उहाँबारे खासै केही भन्नु छैन। तर उहाँ नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परी जेलमा हुनुहुन्छ, भन्ने सुनेपछि मलाई पनि दुःख लाग्यो। एक भुटानी शरणार्थी भएको र मानवताको नाताले पनि उहाँ जेलबाट सकुशल र सुस्वास्थ्य भई रिहाई भएको देख्न चाहान्छु।

तर, उहाँमाथि मलाई कुनै पनि प्रकारको आशा, विश्वास र भरोसा भने छैन। भुटानमा रहँदा उहाँले नेपालीभाषी भुटानी जनताको उपकार भन्दा उनीहरूको अपकार गर्नु भएको हुनाले म उहाँलाई एक असल मानवअधिकारवादी भनेर

स्वीकार गर्दिन । उहाँले भुटानको जेलमा भोग्नु भएको दुःख र पीडाका कुराहरू फरक हुन् त्यसले कसैलाई पनि मानवअधिकार र राजनीतिक नेताको उपाधि प्रदान गर्दैन । दुनियाँले उहाँलाई जेसुकै भनेर स्वीकार गरुन, म यर्थाथता बाहेक मिथ्याचारीलाई स्वीकार्न सक्दिन । यो नक्कली भुटानी शरणार्थी प्रकरणले भुटानी शरणार्थीहरूमाथि विश्वासघात भएको छ । यस घटनाबारे म, नेपाल सरकारमाथि क्षोभ प्रकट गर्दछु । यसबारे मैले आफ्नो धारणा अर्को पृष्ठमा प्रस्तुत गरेको छु ।

*****

# नक्कली भुटानी शरणार्थी प्रकरण

नेपाल सरकार, जसले भुटानबाट बर्बरतापूर्ण लखेटिएका नागरिकहरूलाई सन् १९९२ देखि आधिकारिकरूपमा शरण दिएको थियो, उसैले भुटानी शरणार्थीहरूमाथि अपघात गरेको पाउँदा भुटानी शरणार्थीहरू साथै विश्व जनसमुदायको नेपाल सरकारमाथि विश्वास टुटेको छ । सन् २०१६ को अन्तमा भुटानी शरणार्थी 'तेस्रो मूलुक पुर्नवास योजना' पूर्ण रूपमा बन्द भएको आधिकारिक सूचना (UNHCR) "शरणार्थीहरूको लागि संयुक्त राष्ट्र उच्च आयोग" ले नेपाललाई जानकारी गराएको जानीबुझी पनि नेपाल सरकार आफ्ना नागरिकहरूलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पुनर्वास गराउने भनी अरबौं रूपैया संकलन गरी मानव बेचबिखन जस्तो घृणित कार्यमा लागेकाले विश्वमा नेपालको छवि धमिलिएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणले भुटानी शरणार्थीहरूको मात्र होइन स्वाभिमानी नेपालीहरूको हृदय पनि छियाः छियाः भएको छ ।

नेपाल सरकारले भुटानी शरणार्थीहरूमाथि गरेको विश्वासघातका अतिरिक्त भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजाल पनि नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको आरोपमा पक्राउ परेको देखेर भुटानी शरणार्थीहरू स्तब्ध भएका छन् । टेकनाथ रिजाल यी राज्यद्रोही अपराधीहरूका षड्यन्त्रमा फसेका हुन् भन्ने केही भुटानी शरणार्थीहरूको ठहर छ । यस काण्डले भुटानी शरणार्थीहरूमाथि भावनात्मक घाउ मात्र लगाएन, नेपाल राज्यको लागि यो अपराधको परिमाण अकल्पनीय र अपचनीय छ । प्रवासी जीवन बिताउनु पर्दा भुटानीहरू अत्यन्तै दुःखी छन्, फेरि नक्कली भुटानी शरणार्थी प्रकरणले उनीहरूको हृदयमा झन् गम्भीर चोट थपिएको छ । नेपालका नेताहरूले गरेका

मानव बेचबिखन् जस्ता क्षमा गर्न नसकिने अपराधिक कार्यले गर्दा शिविरहरूमा रहेका शरणार्थीहरू सबै भुटानी होइनन् भन्ने भुटान सरकारको दाबीलाई पनि पुष्टि गर्न सहयोग पुगेको छ। वास्तविक भुटानी शरणार्थीहरूको पहिचानमा शंका उत्पन्न गरिदिएको छ।

यसै सिलसिलामा भुटानी नेताहरूको चरम राजनीतिक भुल (Extreme Political Blunder) बारेमा पनि केही कुरा लेख्न अवश्यक ठानेको छु। नेपाली-भाषी भुटानीहरू देशबाट बेदखल भई प्रवासी जीवन जिउन बाध्य हुनुको कारण जो नेताहरू जनताका **मसीहा** बनेका थिए, तिनीहरू त **यहूदा** रहेछन् भन्ने कुरा वास्तविक रूपमा पीडित भुटानी शरणार्थीहरूले महसुस गरेका छन्।

सन् १९८८-८९ मा भुटानी राजाद्वारा कार्यन्वयनमा ल्याईएका नीतिहरूको गम्भीरतापूर्वक मनन् गरी सरकारलाई सकारात्मक सुझाव प्रस्तुत गर्न एउटा सक्षम र **दूरगामी नेतृत्व प्रदान गर्नसक्ने मान्छेको जरुरत थियो**। "मानवजाति सम्बन्धी लेखिएका इतिहासका पानाहरूमा ईमान्दार, नैतिकतावन, सक्षम र त्यागी मान्छेहरूले गरेका सफल संघर्षका गाथाहरूमा यस्ता नेतृत्वका उदाहरणहरू पाईन्छन्। तर, इतिहासमा भएका महामान्यहरूले हाम्रा संघर्षका लडाई लडदैनन् हाम्रा संघर्षका लडाई हामी आफैंले लडनु पर्छ।" भुटानी जनतालाई एउटा त्यस्तै मान्छेको जरुरत थियो (**आज पनि त्यतिकै जरुरत छ**) जसले प्रस्तुत नीतिहरूमा समायोजनको विचार प्रस्तुत गरी राजालाई विश्वास दिलाउनु थियो। यस्ता संवेदनशील विषयहरूमा जनताको सुरक्षालाई ध्यानमा राखी कदम उठाउनु पर्ने हुन्छ। अधिनायकवादी शासक समक्ष गुनासो पोख्न चौतर्फी छलफल् गरी परिस्थिति अनुकूल कदम उठाउनुको विकल्प जनतासँग हुँदैन। तर, हाम्रा नेताहरूले आक्रोशित मानसिकता लिएर जनतालाई निरङ्कुश शासकको षड्यन्त्रमा होमिदिए।

सन् १९८८ मार्च महिनामा पार्षद टेकनाथ रिजालले राजा जिग्मी सिगें वाङ्चुकलाई मनाउन उत्प्रेरित भएर निवेदन चढाउने कुरा गरेको सूचना पाएँ। निवेदन तयार गर्न सहयोग मागेका कुराहरू पनि सुनें। कुरा सुनेपछि आफूले जानेबुझेका 'एकाधिकार राजतन्त्र' ले गर्नसक्ने रक्षात्मक कार्य योजना सम्बन्धमा सर्तक रहन मेरो घनिष्ट आदरनीय दाजु *हुलाक तथा दुरसञ्चार विभागका निर्देशक* **रनबहादुर बस्नेत**लाई जानकारी गराएँ। "दाजु हामीले धैर्यता कायम

गरी दूरगामी असर पर्ने कुराहरू बारेमा सोच्नुपर्छ । मेरो विचारमा यो राष्ट्रिय समस्या हो, हाम्रो जातिको मात्र समस्या होइन । यसलाई डालोङ र सार्छोप पार्षदहरूको सल्लाह, सुझाव र उनीहरूकै अगुवाईमा राजा समक्ष जानुपर्छ है" भनेर सुझाव गरेँ ।

चाङ्लिमिथाङ टेनिस कोर्टमा राजा टेनिस खेल्न आउनु हुन्थ्यो । हामीलाई पनि राजासँग टेनिस खेल्न मौका मिल्थ्यो । एकदिन टेनिस खेलिरहेको बेला राजा आईपुग्नु भयो, तुरन्त कोर्ट खाली गरी हामी अलिक परको कुर्सीमा बस्यौं, अनि मैले उक्त कुराहरू दाजुलाई भनेको हो । सन् १९८८ को सुरुदेखि नै दक्षिण भुटानमा नागरिकता विषयमा समस्या उत्पन्न भएको कुरा सबैलाई थाहा थियो । रनबहादुर बस्नेत निवेदन तयार गर्ने मस्यौदा समितिमा हुनुहुन्थ्यो र नै मैले आफ्ना विचारहरू दाजुलाई भनेको थिएँ । दाजुले "म रिजालसँग सबै कुरा गर्छु" भन्नु भयो । त्यसदिन पछि हाम्रो भेट भएन । पाँच वर्षपछि दाजुसँग बिर्तामोडमा भेट हुँदा भन्नु भयो "भाई, टेकनाथ रिजाल पदको दम्भले मात्तिएर अन्धो भएको थियो । निवेदन चढाउन जांदा पनि भूतपूर्व मन्त्री **ओम प्रधान**लाई अनुवादकको रूपमा लगेछ । हाम्रो सल्लाहको पर्वाह गरेन । अनुवादक ओम प्रधानले निवेदनको सारांशमा "श्री ५ महाराजधिराज सरकारद्वारा यदि यो निवेदनको सुनवाई भएन भने हामी भारतीय राजदुतावासमा गुहार माग्न बाध्य हुनेछौं" भनी राजालाई भनेछ । "यहीँबाट राजाले हामीमाथि कोल्टे नीति अप्नाएको हो । हामी बर्वाद भयौं भाई । पक्राउ पर्ने डर भएको कारण हामी देश छोड्न बाध्य भएका हौं" भन्दै दाजुले आँखा रसाउँदै आफ्ना दुखेसोहरू सुनाउनु भयो ।

त्यस्तै प्रकारले, राजकुमार बुढाथोकी जो सन् १९८७ मा भ्रष्टाचारी अपराधका कारण पदबाट बर्खास्त गरिएका व्यक्ति थिए । उनले भुटानी लोत्सम्पाहरूको जीवनमा झन् ठूलो विपत्ती निम्त्यायो । उसले उग्र विचारधारा भएका अवसरवादीहरूको सल्लाहमा, राजनीतिक क्षेत्रमा अनभिज्ञहरूको निर्भरमा रही, देशमा भएका बौद्धिक समुहबाट पनि अलग रही कट्टरपन्थी हिंसात्मक भावनामा उत्प्रेरित सन् १९९० को जुन २ तारिक **"भुटान पिपल्स पार्टी"** नामक राजनीतिक दलको स्थापना गर्‍यो । यही राजनीतिक दल हो जसले भुटानी लोत्सम्पा विरुद्ध प्रलय निम्त्यायो ।

देशमा आतंक फैलाउन सर्वप्रथम यस दलले समाजका दुईजना बुद्धिजीवीहरू **"डुङ्पा कैलास दाहाल र मण्डल बलराम गिरी"** लाई अपहरण गरी दुवैको टाउको काटेर झोलामा राखी भारत-भुटान सीमाको गम्टु भुटानको गेटमा झुण्डाएर राखेको थियो । त्यसपछि यसले गाउँका मानिसहरूबाट पैसा असुल्ने, लुट्ने र धम्की दिदै देशमा आतंक मच्चाउन थाल्यो । यसले राज्य विरुद्ध अपराध गरेकै कारण लोत्सम्पाहरूको देशभक्ति भावनामाथि पनि प्रश्न उठ्न थाल्यो । यस दलले देशमा आतंक फैलाउन थालेको लगत्तै सन् १९९० को सेप्टेम्बरमा निर्दोष जनता, लोत्सम्पाहरूलाई जबरजस्ती जुलुसमा होमेको थियो ।

जुलुस पछि जनतालाई तानाशाहको हातमा सुम्पेर यस पार्टीका नेताहरू सिक्किम, गैरगण्डा र सिलीगुडीमा "जिग्मी सिगें वाङचुकले घुँडा टेक्यो" भन्दै विजयको जश्न मनाउँन थाले । थिम्पुमा सरकार गठन गर्न मन्त्रीहरू पनि बाँडफाँड गर्दै थिए । जनताबाट लुटेका पैसामा होटलहरूमा मस्त थिए । उता देशमा जनताहरू भने आईया र आत्था गर्दै जेलमा रुँदै थिए, कोही मर्दै थिए, कोही बलात्कार हुँदै थिए । दक्षिण भुटानमा हाहाकार मच्चिएको थियो । कोही आफ्नै छिमेकीहरूका कारण पक्राउ पर्दै थिए । **यही दलको निर्देशनमा मानिसहरू देशबाट बाहिरिन सुरु भयो ।** पाखण्डीहरूका आतंकवादी गतिविधिका कारण लगभग ३९ प्रतिशत जनसंख्या भएको नेपालीभाषी लोत्सम्पाहरूमाथि दमन गर्न सरकारलाई सजिलो भयो । यो दलको सत्य तथ्य वृत्तान्त अति नै निन्दनीय छ ।

"विश्वका केही विद्वानहरूको विश्लेषण र केही भारतीय बुद्धिजीवीहरूले पनि स्वीकारोक्त विचार व्यक्त गरेका छन् कि भारतको योजना र स्वर्गीय राजीव गांधीको कुटनीतिक षड्यन्त्रमा दक्षिण भुटानका नेपाली भाषी नागरिकहरूलाई भुटानले लखेटेको हो भनी आशंका गरिएको पनि छ ।" जसले जे जस्तो आशंका गरे पनि मानवजातिमाथि यसरी गरिएको बर्बर अत्याचारको न्याय हुनुपर्छ । एकदिन यसको अवश्य मूल्याङ्कन हुनेछ भन्ने मेरो आत्माविश्वास छ ।

यसरी लोत्सम्पाहरूको प्रवासी जीवनको यात्रा सन् १९८८ मा टेकनाथ रिजालले जानीबुझी वा अन्जानमै **अनुमोदन** गऱ्यो र लगत्तै सन् १९९० मा भुटान पिपल्स पार्टीले यात्राको **पर्दा** उठायो । यिनै नेताहरूका नकारात्मक कदम र अपरिपक्व राजनीतिक सोचमा गरिएको हिंसात्मक गतिविधिहरूका कारण हामी राष्ट्र विरोधी भयौं र लखेटिएर प्रवासी भएका हौं ।

अर्को दृष्टान्त: सन् १९८८ मा राजालाई गैरजिम्मेवाररूपमा निवेदन चढाएकोले गृहमन्त्री दागो छिरिङले रिजाललाई हिरासतमा लिएको बावजुद रिजाललाई घरमै बस्नु, देश बाहिर नजान निर्देशनसहित राजाले आममाफि दिएर घर पठाएका थिए । तर, उनी नेपाल आएर बिर्तामोड घरमा बसेर भुटान विरुद्ध अपरिपक्व गतिविधि सुरु गरे । जसको फलस्वरूप भुटान सरकारको अनुरोधमा नेपाल सरकार रिजाललाई भुटान सुपुर्दगी गर्न बाध्य भएको थियो । यसमा नेपाल सरकारलाई दोष लगाउन पर्याप्त आधार बन्दैन । त्यसपछि भुटानमा १० वर्षको जेल सजाय पश्चात रिजाल रिहाई भए । उनी एक दूरगामी सोच भएका विश्वसनीय नेता हुनुहुन्थ्यो भने, उहाँ भुटान मै बसी बिस्तारै, हतार नगरी अन्य मुलका पार्षद र बुद्धिजीवीहरूसँग भलाकुसारी गर्दै काम गर्नु पर्थ्यो । तर नेपाल आएर विभिन्न प्रकारका उट्पट्याङ् र उत्तेजित कुराहरू नेपालको सञ्चार माध्यमहरूद्वारा प्रसार गर्न थाले । त्यस्ता उट्पट्याङ् कुराहरू आज पनि गर्नुहुन्छ । भुटानी शरणार्थीहरूबीच अविश्वास बढ्नु र भुटानी नेताहरूमा एकता नहुनुको प्रमुख कारक उहाँ एक हुन् भनी पीडित शरणार्थीहरू गुनासो गर्छन् ।

स्वाभिमानी नेपालीहरूको असिमित बहादुरीको अन्तर्राष्ट्रिय चित्रणलाई पनि खलल् पार्ने नक्कली भुटनी शरणार्थी प्रकरणमा संलग्न नेपालका राष्ट्रघातीहरूको गठबन्धनलाई जानीबुझी वा अन्जानमै सहयोग गरेको कारण रिजालको बारेमा भुटानीहरूको दृष्टिकोणमा पनि परिवर्तन भएको देखिन्छ ।

इतिहासका कुनै पनि कालखण्डमा भएका अप्रिय घटनाक्रमहरूलाई हामीले बुझ्न जरुरी हुन्छ । त्यस्ता निन्दनीय घटनाका पात्रहरूलाई पछ्याउनु हुँदैन । *मानवअधिकारवादी नेता टेकनाथ रिजालप्रति मेरो कुनै पनि प्रकारको अरूचि वा विरोधी भावना छैन । अन्य भुटानीहरू जस्तै म पनि उहाँको सुस्वास्थ्य र सफल जीवनको शुभचिन्तक हूँ । तर मेरो अभिभावकत्व, मलाई मन पर्ने मान्छे र मेरा संघर्षका सहकर्मी भन्दैमा अतार्किक र विकृत प्रवृत्तिलाई हामीले समाजमा पुनरुत्थान गर्नुहुँदैन । राजनीतिक वा मानवअधिारवादी नेताको गलत व्याख्या गरेर हामीले आफ्नै बौद्धिक गुणस्तर र समाजलाई अपमानित गराउने दृष्टिकोणलाई सच्याउनु पर्दछ । भुटानीहरू आफ्ना आँखाअघि घटेका गम्भीर प्रकृतिका घटनाहरूबारे मौन रहेर अवसरवादी प्रवृत्तिलाई बचाउन चाहान्छन् भने त्यो हाम्रो इतिहासको लागि कलङ्क मात्र नभएर देशको लागि अथाह गद्दारी*

*हुनेछ ।* **मार्टिन लुथरले यस्ता घटनाक्रमहरू उदृत गर्दै भनेका छन्, "इतिहासले आज यो लेख्नुपर्नेछ कि सामाजिक सङ्क्रमणकालको सबैभन्दा ठूलो त्रासदीपूर्ण घटना खराब मानिसहरूको चर्को नारा होइन, तर असल मानिसहरूको अवाञ्छित कठोर मौनता हो ।"**

सबै भुटानीहरूका भावी सन्ततिहरूले त्यस्ता महान् मानिसहरूको इतिहासलाई रोजेर जीवन र संघर्षको बाटो तय गर्नु पर्दछ । जुन बाटोले निर्बाधरूपमा ईमान्दारिताका साथ सत्यमा रहेर न्यायको संघर्ष गर्दछ, जुन बाटोमा स्वाभिमानी, नैतिकतावान र सद्गुणी मानिसहरूको इतिहास लेखिएको हुन्छ । नक्कली शरणार्थी, मानव बेचबिखनजस्ता अपराधिक कार्यमा संलग्न आत्म-मग्न मानिसहरू जो नैतिकरूपमा पतन भई सकेका छन् त्यस्ताहरूको कुप्रवृत्तिहरूलाई नयाँ युगमा प्रवेश गरिरहेका आम नेपाली समाज एवं भुटानीहरूले अस्वीकार गर्नु पर्दछ । गलत मानिसहरूको पदचापमा हाम्रा समाजका सन्ततिहरू नपरुन् भनी मैले यी कुराहरूलाई सचेतनाको रूपमा लेख्न आवश्यक ठानेको हूँ ।

*****

# शब्दार्थ/परिशिष्ट

| | | |
|---|---|---|
| दबाईएको | = | शोषण गरिएको, थिचेर राखिएको, न्याय नपाएको । |
| जनरव | = | जनतामा मर्का पर्दा व्यवस्थामा परिर्वतन ल्याउन जन-आवाज । |
| फिराद | = | मर्का पर्दा सम्बन्धित अदालतमा प्रार्थना, नालिस पत्र, इजहार । |
| लोत्सम्पा | = | दक्षिण भुटानमा बसोबास गर्ने नेपालीजाति भुटानी नागरिक । |
| ङालोङ | = | उत्तर दिशामा बसोबास गर्ने तिब्बती मूलका भुटानी नागरिक । वाङचुक राजपरिवार यही जातिका हुन् । |
| सार्छोप | = | पुर्व दिशामा बसोबास गर्ने नागरिक । बर्मा र अरूणाचल प्रदेशबाट । |
| ङोलोप | = | देशद्रोही । सरकारको नीतिको विरोध गर्ने देशद्रोही हुन्छ । |
| सप्तोलेमी | = | झार्लांगी, श्रमदान् (हाजिरा बिना सरकारको कष्टकर कार्य) । |
| लेबे | = | महाशय, उस्ताद, शिक्षक । |
| CRP | = | Central Reserve Police (of India). |
| NIFH | = | National Institute of Family Health. |
| डुङपा | = | सहायक जिल्ला प्रमुख (Sub-Divisional Officer). |
| जोङ | = | गुफा (आजकाल यही शब्दले कार्यालय, दरबार बुझाउँछ) । |
| जोङदा | = | जिल्ला प्रमुख अधिकृत (Chief District Officer). |
| डासो | = | सम्माननीय पद, राजाद्वारा मनोनित उच्च सरकारी अधिकृत । |

आजी = राजकुमारी, राजपरिवारका स्त्रीहरू, महारानी ।

गेसार = राजकुमार ।

लेन्पो = मन्त्री ।

चावासुम = राजा-राज्य-राजतन्त्र

मण्डल = गाउँ, ब्लकको लेखाजोखा राख्ने निर्वाचित अधिकृत ।

दिवान = Collector (कलेक्टर)

पेन्लप् = गवर्नर तथा राज्यपाल जस्तै भुटान राज्यको पूरानो शासन व्यवस्थाको पद ।

ज्यागा = भारतीय/भारतीयहरूलाई अपशब्द, 'दुष्ट भारतीय' ।

काग्युर्पा = ङालोङ समुदायले मानिलिएको बौद्ध मार्ग ।

निङ्मापा = सार्छोप समुदायले मानिलिएको बौद्ध मार्ग ।

जेखेम्पो = काग्युर्पा ङालोङहरूको धर्मगुरु ।

ठ्रिम्पेन = Magistrate, जिल्ला अधिकृत ।

चिपेन = आर्मीको मेजर ।

*****

# सन्दर्भ सूची


१. सोनामः वाई. डी. याङ्चीद्वारा लिखित ब्रोक्पाहरूको संस्कृति। सन् १९५२।

२. नयाँ दृष्टिः डुवर्स विशेषाङ्क्, श्री गोपालसिंह विश्वद्वारा सम्पादित्। सन् २०१५।

३. आदिबासी जनतातिको मूलबाटोः हिमालधन राई। सन् २०१२।

४. Bhutan and Its Agonized People: डाक्टर भम्पा राई। सन् २०१३

५. भुटानका भुतपूर्व सांसदहरूः श्रीमान केबी चुव्हान्, श्रीमान नारदमुनी सन्यासी, टिकाराम रेग्मी।

६. भुटान मेताप गाउँका बासिन्दाः श्रीमान चेन्चो।

७. The Land of Silent Terror: Shiva Pradhan, Sikkim, India.

८.. Voice of the Voiceless: DIPRO, Bhutan.

९. Britannica Encyclopedia: 2013.

१०. Bhutan: Nagendra Singh (राजदुत् एवं राजनीतिक विद्वान्)।

११. A History of God: Karen Armstrong, एक वृटिश विद्वान् महिला।

१२. Candide: Voltaire, फ्रान्सका प्रसिद्ध इतिहासकार, दार्शनिक तथा लेखक।

१३. The World as Will and Representation: Arthur Schopenhauer, जर्मन दार्शनिक।

१४. Probality of God: Dr. Stephen Unwin, Quantum Theory का वैज्ञानिक।

१५. René Descartes: फ्रान्सका एक गणित शास्त्री, वैज्ञानिक।

१६. Georg Wilhelm Friedrich Hegel: German Ideolism।

१७. Das Kapital, Karl Marx (Karl Heinrich Marx) जर्मनका नागरिक, विश्व प्रसिद्ध दार्शनिक, क्रान्तीकारी समाजशास्त्री, इतिहासकार एवं अर्थशास्त्री ।

१८. भुटानी राजनीतिक एवं समाज शास्त्रीः श्रीमती दिछेन वाङमोः

१८. Friedrich Nietzsche, जर्मन शास्त्रीय संगीतकार, आधुनिक युगका दार्शनिक ।

१९. Darwin's Theory of Charles Darwin (Charles Robert Darwin) वृटिश, महान् वैज्ञानिक ।

*****